

लिच्छवि लिपि



डा. नयनाथ पौडेल

लिच्छवि लिपि

डा. नयनाथ पौडेल

प्रकाशक : प्रमिला पौडेल
कालीमार्ग, मीनभवन, नयाँ बानेश्वर, काठमाडौं
सर्वाधिकार : © ग्रन्थकारमा
संस्करण : प्रथम
प्रकाशन मिति : २०७८ चैत्र २७, रामनवमी
प्रकाशन प्रति : ५००
आकृतिविन्यास : रमेश दाहाल
मूल्य : १२००।–
मुद्रक : श्री प्रेस, एकान्तकुना, जावलाखेल, ललितपुर
ग्रन्थ प्राप्ति सम्पर्क : मल्लजी, ९८४११९०९९६
ISBN : 978-9937-1-1630-5

समीक्षात्मक प्रयोजनबाहेक यस पुस्तकको कुनै अंश वा पूरै पुस्तक कुनै माध्यमद्वारा अनुमतिविना पुनरुत्पादन वा फोटोकपी गर्न पाइने छैन । गरेमा प्रतिलिपि अधिकार ऐनअनुसार कारवाही हुनेछ ।

LICHCHHAVI LIPI : *A Book on Epigraphy by* **Nayanath Paudel**

समर्पण !

गुरु-शिष्यमा



गुरु – पं. नयराज पन्त (१९७०-४-२६ – २०५९-७-१८)
शिष्य – पं. भोलानाथ पौडेल (हामीहरूका पिताज्यू)
(पछि ज्ञानानन्द पुरी)
(१९७८-२-२९-७ – २०६६-१-२-४)

विनीत
नयनाथ

(फोटो : वि.सं. २०४२ जेठ १३ गते प्रा. करुणाकर वैद्यज्यूबाट प्राप्त)

विजयी भव !

पूर्ण, पूर्ण, पूर्ण भनी भन्छन् सबै,
तर, त्यो पूर्ण कहाँ छ र खै ?
म त देख्तिनँ, कहीँ पूर्ण भएको
जतातत्तै अपूर्ण नै पाउँछु म ।

अपूर्णताको अनुभूति हुनु पनि पर्छ
यदि त्यसो भएन भने
विकासको गति रोकिन्छ,
त्यस्तो अवस्थामा न केवल आफू,
वल्कि पूरै देश प्रगतितिर होइन,
अगतितिर उन्मुख नहोला भन्न सकिन्न !

यसै यथार्थलाई अङ्गीकृत गरी
हामीले आफ्नो कार्यलाई
अझ ऊर्ध्वोन्मुखको गति दिनु जरूरी छ
अनि मात्र प्रगति हुने हुन्छ ।

यसैले त हो नि !
हाम्रा पूजनीय पूर्वजहरूले
'चरैवेति' 'चरैवेति' भन्दै
सबैलाई अगाडि लम्क भनी उत्प्रेरित गरेको !

उपर्युक्त सत्य सन्देशलाई आत्मसात् गरी
पूर्णता प्राप्ति-पथमा
अझ दृढताका साथ
अग्रसर होऔँ।

मित्र नय !
समराङ्गणमा तिम्रो विजय निश्चित छ
विजयी भव !

अनि प्रस्तुत कृतिसमान तिम्रा
अनेकन् कृतिहरू निःसृत भइरहेका
मेरा यी वृद्ध नेत्र पुनः पुनः हेर्न लालायित छन्

मेरो आशामा विश्वास छ–
तिम्रो नयनाथ नाम नै
विश्रामविनाको सदावहार
सफल आरोही हुनेछ,
मेधावान् व्यक्तित्वका रूपमा
विद्वन्मण्डलीमा स्थापित हुनेछ।

हरिराम जोशी
वि. सं. २०७८।१२।११।६

मन्तव्य

डा. नयनाथ पौडेलको लिच्छवि लिपि नामक पुस्तक हाम्रो अगाडि छ। लेखनकलाको उत्पत्ति र विकास, लेखनकलाको प्राचीनता, ब्राह्मी लिपिको उत्पत्ति र विकास, लिच्छवि लिपिको वर्णमाला, लिच्छवि लिपिको वर्णमा आकारको मात्राचिह्न, लिच्छवि लिपिको वर्णमा इकार तथा ईकारको मात्राचिह्न, लिच्छवि लिपिको वर्णमा उकार, ऊकार तथा ऋकारको मात्राचिह्न, लिच्छवि लिपिको वर्णमा एकार तथा ऐकारको मात्राचिह्न, लिच्छवि लिपिको वर्णमा ओकार तथा औकारको मात्राचिह्न, लिच्छवि लिपिमा उत्कीर्ण सर्वप्राचीन अभिलेख, लिच्छवि लिपिको विकासक्रम, लिच्छवि कालका संवत् –शकसंवत् र मानदेव संवत्, लिच्छवि लिपिमा संख्यालेखनपद्धति, लिच्छविकालका अभिलेखमा विविध चिह्नहरू, प्राचीन अभिलेख अध्ययन गर्ने परम्परा, प्राचीन कालका लेखन-सामग्री नामक १६ अध्यायमा यो सामग्री विभक्त छ।

लिच्छवि अभिलेखका मूल सामग्रीमा पुगेर गरिएको विश्लेषण यस पुस्तकको विशेषता हो। मूल सामग्रीमा पुगेर प्रामाणिक ढङ्गले लेखिएको यस पुस्तकको नीरक्षीर विवेकीहरूबाट समुचित मूल्याङ्कन हुनेछ भन्ने आशा मैले लिएको छु।

दिनेशराज पन्त

विं. सं २०७८ चैत्र ८ गते

आफ्ना कुरा

प्राचीन अभिलेखहरूले कुनै पनि देशको तात्कालिक समाजको प्रतिनिधित्व गरिरहेका हुन्छन् । त्यस समयको शासन-व्यवस्था, इतिहास, संस्कृति, पुरातत्त्व, कला एवं वास्तुकला, आर्थिक उन्नति र अवनति, धर्म, दर्शन, आचार-विचार एवं व्यवहार आदि सम्पूर्ण विषयहरूमा गहन अध्ययन एवं अनुसन्धान गर्नको निमित्त प्रमुख आधार भनेका सोही समयमा लेखिएका अभिलेखहरू नै हुन् । प्राचीन समयमा विभिन्न किसिमका प्रस्तर, चट्टान, धातुका पाता, मुद्रा, माटाका चक्का, भुर्जपत्र, ताडपत्र, रूखका बोक्रा, कागत, रेशम (सिल्क), कपडा, काष्ठलगायतका साधनहरूमा उत्कीर्ण/लेखिएका, कोरिएका चित्रलेख/अभिलेखहरूको पाठ पढ्ने, अनुवाद गर्ने, व्याख्या गर्ने आदि कार्य प्रामाणिक एवं शुद्ध तरीकाबाट हुन सकेमा मात्र देशको राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, कला एवं वास्तुकला-सम्बन्धी सर्वपक्षीय इतिहास प्रामाणिक रूपमा लेख्न सकिने हुन्छ । यसैले तात्कालिक अभिलेखहरू नै मुलुकको सर्वाङ्गीण इतिहास-निर्माणका मेरुदण्ड हुन्छन् भन्ने कुरा यस क्षेत्रमा लागेका हामी सबैले मनन गरिआएकै विषय हो ।

पुरालिपिको अध्ययन भन्नाले यिनै अभिलेखहरूमा लेखिएका/कोरिएका प्राचीन अक्षरहरूलाई मिहीन तरीकाले पढ्नुपर्ने विषयलाई बुझाउँछ । जुनसुकै विद्वान्, इतिहासकार एवं शोधार्थीका लागि पनि पुर्खाहरूले लेखेर गएका प्राचीन अभिलेखहरूको परिशीलन गरी अध्ययन गर्नका लागि अनिवार्य रूपमा प्राचीन लिपिहरूको ज्ञान हुनैपर्छ । हुनत, प्राचीन भारतवर्षीय वाङ्मयको विविध विद्यात्मक विशाल ग्रन्थ-भण्डारमाभने लिपिशास्त्रको विषयमा कुनै शास्त्रीय ग्रन्थ लेखिएको पाइँदैन । जे भए पनि, प्राचीन लिपिमा लेखिएका अभिलेखहरू यथार्थ रूपमा शुद्धसँग पढ्न सकिएनभने देशको समष्टिरूपको इतिहास प्रामाणिक रूपमा तयार पार्न सकिँदैन भन्ने कुराचाहिँ ध्रुवसत्य छ । यिनै प्राचीन अभिलेखहरूको पाठ पढ्ने कार्यमा अलिकति पनि त्रुटि भयोभने

अर्थको अनर्थ हुन सक्छ। यसैले पुराना अभिलेखहरू शुद्धसँग पढेर तिनको प्रकाश गर्नु यस क्षेत्रमा लागेका सबैको लागि प्रमुख दायित्व हुन आउँछ।

यस प्रसङ्गमा भारतीय प्राचीन अभिलेखविद्, पद्मश्रीविभूषित, प्रसिद्ध जापानी विद्वान् प्रा. Noburu Karashima लाई सम्झन मन लाग्ने रहेछ। उनले भनेका छन्–"Unless knowledge of epigraphy develops, no ancient or medieval history of this country can be studied" (पुरालेखन विद्याको ज्ञान विकसित नभएसम्म यस देशको प्राचीन अथवा मध्यकालिक इतिहासको अध्ययन गर्न सकिँदैन।)

नेपालको सन्दर्भमा भन्ने होभने अहिलेसम्म पनि पुरालिपिका सम्बन्धमा लेखिएका ग्रन्थहरूको संख्या साह्रै न्यून नै छ। हुन त पन्नाप्रसाद जोशीले वि.सं. २००७ मा **नेपाल देशया अक्षरबोध** नाम गरेको पुस्तक प्रकाश गरी नेपालका प्राचीन लिपिहरूको अध्ययन गर्ने कार्यको शुरुआत गर्नुभएको हो; भए पनि यतातिर थोरै मात्र विद्वान्हरूले कलम चलाएको देखिन्छ। हाम्रो देशको प्राचीन लिपिको अध्ययनका विषयमा हेमराज शाक्य र शङ्करमान राजवंशीको योगदान उल्लेखनीय रहेको छ। यसपछि डा.दिनेशचन्द्र रेग्मीले आधुनिक दृष्टिकोणबाट तुलनात्मक अध्ययन गरी पुरालिपिका विषयमा ग्रन्थ लेख्नुभएको छ। यसरी अग्रजहरूले तयार पार्नुभएको यही मार्गलाई पछ्याउँदै अहिले यस ग्रन्थको रचना गरिएको हो। यसैले यो ग्रन्थ अनुसन्धानकर्त्ताहरूका लागि लिच्छविकालका अभिलेखहरूको पाठ शुद्ध एवं प्रामाणिक रूपले पढ्नको निमित्त उपयोगी हुनेछ भन्ने अपेक्षा गरिएको छ।

पुरालिपि-अध्ययनको विषय, अलि जटिल नै हुने रहेछ। लिच्छवि अक्षरकै कुरा गरौं। यस लिपिमा एउटा वर्ण छ, त्यसमा एकथरीको मात्र मात्राचिह्न लाग्ने होइन। उदाहरणको लागि, अहिलेको देवनागरी लिपिको कुनै पनि वर्णमा आकारको मात्राचिह्न लगाउनुपर्‍योभने वर्णको पाठकले पढ्दा दायाँपट्टि आकारचिह्न (ा) लगाए पुगिहाल्छ। यसै गरी सबै वर्णमा आकारको मात्राचिह्न लगाउन सकिन्छ। परन्तु लिच्छवि कालको लिपिमा आकारको मात्राचिह्न लगाउने कार्य यति सजिलो थिएन। वर्णको आकृति एवं विन्यास हेरी विभिन्न स्थानमा विभिन्न किसिमका आकारको मात्राचिह्न लगाउनुपर्ने हुन्थ्यो। फेरि एक वर्णमा एकथरी मात्र आकारको मात्राचिह्न लाग्ने पनि होइन, वर्णको आकृतिअनुसार फरक किसिमको आकारको मात्राचिह्न लगाउनुपर्ने पनि हुन्थ्यो। यस्तै किसिमले स्वर मात्राका अन्य चिह्नहरू पनि अक्षरको आकृतिअनुसार फरक फरक किसिमले लगाउने गरिन्थ्यो। यस ग्रन्थमा, लिच्छविकालका अभिलेखहरूमा उत्कीर्ण

वर्ण, अङ्कचिह्न एवं शब्दहरूको फरक फरक किसिमका आकृतिहरूलाई तत्सम्बन्धी अभिलेखको प्रतिच्छविबाट दुरुस्त उतारी उदाहरणको रूपमा प्रस्तुत गरिएको छ। प्राचीन ग्रन्थमा रहेका वर्णका उदाहरणलाई पनि यसै गरी समावेश गर्ने प्रयास गरिएको छ। यसो भनिरहँदा सबै आकृतिका उदाहरणलाई समाहित गरिएको छ भन्न खोजिएकोचाँहि होइन।

यस ग्रन्थका तालिकाहरूमा उदाहरणको रूपमा प्रस्तुत गरिएका वर्ण एवं शब्दहरूको प्रतिच्छवि खास गरेर डा.डिल्लीरमण रेग्मीको पुस्तक Inscriptions of Ancient Nepal र Raniero Gnoli को पुस्तक Nepalese Inscriptions in Gupta Characters बाट लिइएका हुन्। एउटै अभिलेखको दुवै पुस्तकमा प्रतिच्छवि भए पनि दुवै पुस्तकको प्रतिच्छविलाई पल्टाएर जुन पुस्तकमा जुन वर्णको राम्रो प्रतिच्छवि आएको छ, त्यसैलाई स्रोतको आधार मानेर तालिकाहरूमा उतार गरिएको छ। यी दुई पुस्तकका अतिरिक्त हालसम्म प्रकाशित लिच्छविकालका अन्य अभिलेखहरूलाई पनि यस ग्रन्थमा उपयोग गरिएको छ। यी सबै स्रोतको उल्लेख तालिकाको यथास्थानमा गरिएको छ। यसो गर्दा पाठकहरूलाई आवश्यक परेको अवस्थामा स्रोत पुस्तक एवं पत्रिकाको तत्सम्बन्धी प्रतिच्छवि पल्टाएर आफैंले अक्षरहरूको विषयमा सम्पूर्ण जानकारी हासिल गर्न सजिलो पर्ने हुन्छ। यस ग्रन्थ-निर्माणको लागि आवश्यक परेका अभिलेखहरूको प्रतिच्छवि खास गरेर यिनै दुई ग्रन्थबाट लिइएको हुँदा डा. डिल्लीरमण रेग्मी र रेनिइरो नोलीलाई यस प्रसङ्गमा कृतज्ञता प्रकट गर्नुपर्छ।

डा. डिल्लीरमण रेग्मीको पुस्तक Inscriptions of Ancient Nepal मा अभिलेख-संख्याको अङ्क कुनै स्थानमा फरक पर्न गएको देखिन्छ। उदाहरणको लागि Inscriptions of Ancient Nepal को पहिलो भागमा अभिलेख-संख्या ५५ (LV) मा बनेपाको अभिलेखको पाठ राखिएको छभने Inscriptions of Ancient Nepal को तेस्रो भागमा संख्या ५५ (LV) मा प्रतिच्छवि राख्दाचाहिँ भक्तपुर गोलमढीटोलको शिवदेव+अंशुवर्माको अभिलेखको प्रतिच्छवि छापिएको छ। यसैले दुविधा नहोस् भन्ने उद्देश्यले Inscriptions of Ancient Nepal को तेस्रो भागमा सरासर अङ्क हाल्दै गएर संख्या कायम गरिएको छ। यस किसिमको संख्याको संकेतबाट पाठकहरूलाई अभिलेखको प्रतिच्छवि फेला पार्न असुविधा हुनगएमा यस ग्रन्थको प्रत्येक तालिकाको तलपट्टिको भागमा व्याख्या गर्दा अभिलेखको स्थानविशेषको वर्णनसमेत भएको हुँदा यही स्थान-परिचयबाट आफूले चाहेको अभिलेखको प्रतिच्छवि पत्ता लगाउन सजिलो पर्ने हुन्छ।

यस ग्रन्थका रचयितालाई केही वर्षदेखि मनमा तीन विषयमा पुस्तक लेख्ने विचार आइरहेको हुँदा त्यस सम्बन्धी टिपन-टापन गर्ने काम पनि भइरहेको थियो। वि.सं.२०७२

सालको भूकम्पले गर्दा, जस्तोसुकै भए तापनि मन अलि विचलित हुने रहेछ ! त्यसैले कुनचाहिँ पुस्तकलाई पहिले पूर्णता दिनेहोला भन्ने विषयमा सल्लाहका लागि एकदिन मित्रवर प्रा. एवं प्राज्ञ दिनेशराज पन्तलाई भेट्न प्रज्ञाप्रतिष्ठानमा गएँ। केही बेरको छलफलपछि उहाँले 'लिपिको विषय, तुलनात्मक रूपमा, श्रमसाध्य नै हुन्छ, अरूभन्दा म त यही विषयमा ग्रन्थ लेख्ने सल्लाह दिन्छु' भन्नुभयो। यो सल्लाह मलाई ठीकै लाग्यो। त्यही दिनदेखि अहिलेसम्म निरन्तर लागेको लाग्यै छु, पुस्तक पूरा गर्न पनि समय लागिरहेकै छ। यो विषय अलि परिश्रमसाध्य नै रहेछ। बल्ल यो ग्रन्थ अहिले, कोरोना कहर अलि मस्याङ्ग्रिएको समयमा, यस रूपमा प्रकाशित हुन सकेको छ।

यस ग्रन्थको पहिलो अध्यायमा **लेखनकलाको उत्पत्ति र विकास** शीर्षकमा भ्रूण लिपि, चित्रात्मक लिपि, सूत्रात्मक लिपि, सांकेतिक लिपि, ध्वन्यात्मक लिपिलगायतका लेखनहरूको विषयमा परिचय दिइएको छभने दोस्रो अध्यायमा **लेखन-कलाको प्राचीनता** शीर्षकमा विभिन्न स्रोतहरूको आधारमा नेपाललगायत भारतवर्षमा प्राचीन कालदेखि नै लेखन-कलाको विकास भइआएको कुरामा छलफल गरिएको छ। तेस्रो अध्यायमा **ब्राह्मी लिपिको उत्पत्ति र विकास** शीर्षकमा लिच्छवि, गुप्त, कुटिला, नागरी, शारदा एवं बङ्गालीलगायतका धेरै लिपिहरूको जननीको रूपमा रहेको ब्राह्मी लिपिको उत्पत्ति र विकास तथा नेपालमा रहेका ब्राह्मी लिपिमा लेखिएका अभिलेखहरूको विषयमा उदाहरणसहित विवेचना गरिएको छभने चौथो अध्यायमा **लिच्छवि लिपिको वर्णमाला** शीर्षकमा लिच्छवि लिपिको स्वर वर्ण, व्यञ्जन वर्ण एवं संयुक्त वर्णहरूको आकृति-विन्यासको बारेमा अभिलेखहरूबाट उदाहरणहरूसहित प्रस्तुत गरिएको छ।

यसैगरी पाँचौं अध्यायमा **लिच्छवि लिपिको वर्णमा आकारको मात्राचिह्न** शीर्षकमा लिच्छवि लिपिको स्वर वर्ण, व्यञ्जन वर्ण एवं संयुक्त वर्णहरूमा लगाइएका आकारको मात्राचिह्नको फरक फरक आकृति-विन्यासको बारेमा उदाहरणसहित प्रस्तुत गरिएको छभने छैटौं अध्यायमा **लिच्छवि लिपिको वर्णमा इकार तथा ईकारको मात्राचिह्न** शीर्षकमा लिच्छवि लिपिको वर्ण एवं संयुक्त वर्णहरूमा लगाइएका इकार तथा ईकारको मात्राचिह्नको आकृति-विन्यासको बारेमा उदाहरणहरूसहित छलफल गरिएको छ। सातौं अध्यायमा **लिच्छवि लिपिको वर्णमा उकार, ऊकार तथा ऋकारको मात्राचिह्न** शीर्षकमा लिच्छवि लिपिको वर्ण एवं संयुक्त वर्णहरूमा लगाइएका उकार तथा ऊकारको मात्राचिह्नको आकृति-विन्यासको बारेमा र लिच्छवि लिपिको ऋकार एवं ॠकारको मात्रा चिह्नहरूको आकृति-विन्यासको विषयमासमेत उदाहरणसहित प्रस्तुत गरिएको छभने आठौं अध्यायमा **लिच्छवि लिपिको वर्णमा एकार तथा ऐकारको मात्राचिह्न** शीर्षकमा लिच्छवि लिपिको वर्ण एवं संयुक्त वर्णहरूमा लगाइएका एकार

तथा ऐकारका मात्राचिह्नहरूको आकृति-विन्यासको बारेमा उदाहरणसहित विवेचना प्रस्तुत गरिएको छ।

नवौँ अध्यायमा **लिच्छवि लिपिको वर्णमा ओकार तथा औकारको मात्राचिह्न** शीर्षकमा लिच्छवि लिपिको वर्ण एवं संयुक्त वर्णहरूमा लगाइएका ओकार तथा औकारको मात्राचिह्नको आकृति-विन्यासको बारेमा उदाहरणसहितको विवेचना प्रस्तुत गरिएको छभने दशौँ अध्यायमा **लिच्छवि लिपिमा उत्कीर्ण सर्वप्राचीन अभिलेख** शीर्षकमा नेपाल उपत्यकामा हालसम्म पाइएका लिच्छविकालका अभिलेखहरूमध्ये सर्वप्राचीन अभिलेखको रूपमा रहेको जयवर्माको अभिलेखको संवत्को विषयमासमेत छलफल गरी निर्णय प्रस्तुत गरिएको छ। एघाह्रौँ अध्यायमा **लिच्छवि लिपिको विकासक्रम** शीर्षकमा लिच्छविकालका अभिलेखहरूमा देखिएका वर्ण एवं शब्दहरूको विषयमा पहिलो चरणबाट दोस्रो चरणमा, दोस्रो चरणबाट तेस्रो चरणमा तथा तेस्रो चरणबाट चौथो चरणमा विकसित हुँदै गएको अवस्थालाई देखाउने प्रयास गरिएको छभने बाह्रौँ अध्यायमा **लिच्छविकालका संवत्** शीर्षकमा लिच्छविकालमा चलेका दुईथरी संवत्मध्ये पहिलो संवत् शक संवत् हो र दोस्रो संवत् अंशुवर्माले चलाएको संवत् हो भन्ने विषयमा छलफल गरी स्पष्ट पारिएको छ।

तेह्रौँ अध्यायमा **लिच्छवि लिपिमा संख्यालेखन-पद्धति** शीर्षकमा एकदेखि नौसम्मका नौ ओटा अङ्क; दश, बीस, तीस, चालीस, पचास, साठी, सत्तरी, असी र नब्बे जनाउने नौ ओटा अङ्क; एक सय, दुई सय, तीन सय, चार सय, पाँच सय, छ सय, सात सय, आठ सय र नौ सयका नौ ओटा अङ्क एवं एक हजारको एक अङ्क समेत जम्मा अट्ठाईस किसिमका अङ्कचिह्नहरूद्वारा लिच्छविकालमा अङ्कलेखन-पद्धति प्रचलनमा रहेको थियो भन्ने कुराको विवेचना प्रस्तुत गरिएको छभने चौधौँ अध्यायमा **लिच्छविकालका अभिलेखमा विविध चिह्नहरू** शीर्षकमा लिच्छविकालका अभिलेखहरूमा देखिएका हलन्तचिह्न, अनुस्वारचिह्न, विसर्गचिह्न, काकपदचिह्न, विरामचिह्न, एकदण्डचिह्न, द्विदण्डचिह्न, समाप्तिचिह्नहरूका साथै अभिलेखहरूको शिरोभागमा रहेका कलश, शङ्ख, चक्र, वृष, मृग, पुष्प, रथचक्र लगायतका आकृति एवं चिह्नहरूको विषयमा छलफल गरिएको छ। पन्ध्रौँ अध्यायमा **प्राचीन अभिलेख अध्ययन गर्ने परम्परा** शीर्षकमा ब्राह्मी एवं गुप्त लिपिहरू पढ्न भारतीयहरूलाई धेरै समय लागेको थियो; नेपाल स्वतन्त्र राष्ट्रको रूपमा कायम रहिरहन सकेको हुनाले प्राचीन लिपिहरू पढ्न सक्ने ज्ञान यहाँ लोप हुन पाएको थिएन भन्ने विषयमा स्पष्ट पारिएको छभने सोह्रौँ अध्यायमा **प्राचीन कालका लेखन-सामग्री** शीर्षकमा पाषाणलेख, सुवर्णलेख, ताम्रलेख, विविध धातुलेख, चट्टानलेख, ताडपत्र, भुर्जपत्र, काष्ठलेख,

मृत्तिकालेखहरू प्राचीन समयदेखि नै लिपिको अध्ययनको लागि महत्त्वपूर्ण स्रोतको रूपमा रहिआएका छन् भन्ने विषयमा छलफल प्रस्तुत गरिएको छ।

ग्रन्थको लेखन-कार्य समाप्त भएपछि कसरी प्रकाशित गर्ने भन्ने समस्या आइहाल्ने रहेछ। यस किसिमको ग्रन्थ नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रि.वि., नेपाल प्रज्ञा-प्रतिष्ठान, पुरातत्त्व विभाग जस्ता संस्थाहरूबाट प्रकाश गर्न पाए हुन्थ्यो भन्ने विचार मनमा नआएको पनि होइन; परन्तु खोइ, आफ्नो सीमित जनसम्पर्कले गर्दा हो कि, त्यस्ता संस्थाका पदासीन व्यक्तिहरूसमक्ष कुरै पुऱ्याउन सकिएन। साथीहरूले एउटा बलियो व्यक्ति समाएर लाग्नुपर्ने भन्ने सल्लाह दिए पनि आफू त्यतातिरसमेत लाग्न सकिएन; प्रकाशक पाइएन। यसैले आफैंले व्यवस्था मिलाउनुपर्ने भयो।

प्रारम्भमा यस ग्रन्थको नाम **पुर्खाका आखर** राख्ने विचार आएको थियो। यस ग्रन्थको तयारी गर्दागर्दै करीब तीन वर्षजति अघि शताब्दीपुरुष सत्यमोहन जोशीकहाँ आफ्नो लेखन-कार्यको विषयमा जानकारी गराउन पुगेको थिएँ। यस समयमा उहाँले लिपिको विषयमा ग्रन्थ लेख्न लागेकोमा प्रसन्नता व्यक्त गर्नुभयो। उहाँले 'अब परम्परागत दृष्टिकोणबाट मात्र नहेरी तुलनात्मक रूपले लेखिएको पुस्तक आउने भयो' भन्नुभयो र 'किताबको शीर्षक अलि सरल राख्नुपर्छ, **लिच्छवि लिपि** राखे भइहाल्छ नि' भनेर सल्लाह पनि दिनुभयो। यसरी किताबको नाम जुऱ्यो, सोहीअनुसार नाम राखियो। किताबको काम सकिएपछि एक पटक उहाँकहाँ फेरि जाने विचार आयो। भर्खरै अस्पतालबाट डिस्चार्ज भइआउनुभएका विद्यावयोवृद्ध व्यक्तिलाई भेट्न जान उचित होला कि नहोला भनी बुझ्दा उहाँले भेटघाट शुरू गरिराख्नुभएको कुरा थाहा भएपछि यही फागुन २२ गते भाइ रुक्मनाथसँग गई किताबको एक प्रति मस्यौदा (डमी) उहाँसमक्ष प्रस्तुत गरियो। उहाँले खुशी भएर सरसर्ती पुस्तक हेर्नुभयो। प्रसन्न मुद्रामा 'आजभोलि म धेरै लेखपढ गर्न सक्दिनँ, यस्ता ग्रन्थका स्रष्टालाई मेरो धेरै आशीर्वाद छ, ग्रन्थकारको उत्तरोत्तर प्रगति होस्' भन्नुभयो। सर्वप्रथम, म यस्ता विद्यावयोवृद्ध विशिष्ट विद्वान्प्रति विनम्र भावले कृतज्ञताज्ञापन गर्दछु।

प्रसिद्ध संस्कृतिविद्, मान्यवर हरिराम जोशीले आफूसँग भएका पुस्तक पढ्न दिएर अनि समय-समयमा यस कार्यमा प्रोत्साहन दिँदै मन्तव्यसमेत लेखिदिनुभएकोमा विशेष आभार व्यक्त गर्दछु। यस ग्रन्थको लेखन-कार्य प्रारम्भ भएदेखि नै आवश्यक सरसल्लाह दिनुहुने अनि संक्षिप्त भए पनि विद्वत्तापूर्ण मन्तव्यसमेत लेखिदिनुहुने मित्र, प्रा. एवं प्राज्ञ दिनेशराज पन्तप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यो ग्रन्थ शुरू गर्दा प्रा. डा. मुकुन्दराज अर्याल (हालः स्वर्गीय) ले आवश्यक निर्देशन एवं परामर्श दिनुभएको

थियो । अब उहाँप्रति भक्तिपूर्वक श्रद्धासुमन अर्पण गर्दछु । यो ग्रन्थ तयार हुँदै गर्दा विविध विषयमा आवश्यक परामर्श दिनुभएकोमा आदरणीय मित्र डा.जनार्दनराज लामिछानेप्रति आभार प्रकट गर्दछु। सदैव सिर्जनात्मक कार्यका लागि प्रेरणा दिनुहुने आदरणीय देवीप्रसाद चापागाईंलाई यस कार्यमा सहयोग पुऱ्याउनुभएकोमा कृतज्ञता-ज्ञापन गर्दछु ।

मित्रवर रमेश दाहालले लिच्छवि लिपिको अक्षर-विन्यास-सम्बन्धी कार्यमा उल्लेखनीय योगदान गर्नुभएको छ, उहाँले यति सहयोग गरिदिनुभएको हुनाले नै यो ग्रन्थ यस रूपमा प्रकाशित हुन सकेको छ। उहाँलाई विशेष धन्यवाद-ज्ञापन गर्दछु। अध्ययनको क्रममा मान्यवर मित्र काशीनाथ तमोटले आवश्यक सरसल्लाह दिनुका साथै ग्रन्थ/सामग्रीहरू अध्ययन गर्न दिनुभएको छ। मित्रवर योगेशराजले उचित परामर्श दिनुभएको छ। पुराना आत्मीय मित्र पार्थमणि भट्टराईले पनि यस कार्यमा सघाउनुभएको छ। यसै गरी मित्रवर श्यामसुन्दर राजवंशी तथा नयाँ पुस्ताका मित्र गोविन्द न्यौपानेले पनि यस कार्यमा सहयोग पुऱ्याउनुभएको छ। यसै गरी अर्का मित्र रवि शाक्यले पठनसामग्रीहरू उपलब्ध गराई सहयोग गर्नुभएको छ। यस सम्बन्धमा भाइ शङ्कर पौडेलको सहयोग पनि उल्लेखनीय रहेको छ। उहाँहरू सबै जना मित्र एवं बन्धुहरूमा यथायोग्य कृतज्ञता-ज्ञापनसहित धन्यवाद अर्पण गर्दछु।

यस ग्रन्थको प्रकाशन कार्यमा सहयोग गर्ने भाइहरू सामनाथ पौडेल, रुक्मनाथ पौडेल, गुहनाथ पौडेलहरूलाई धन्यवाद दिन्छु। यस कार्यमा विशेष गरी साहिँला भाइ रुक्मनाथको योगदान उल्लेखनीय रहेको छ। आफ्नो पठन-पाठनमा सधैँ सहयोग पुऱ्याउने अर्धाङ्गिणी प्रमिला पौडेलले यस ग्रन्थको प्रकाशनको भारसमेत वहन गरिदिएकोमा उनलाई स्नेहपूर्वक धन्यवाद दिन्छु। यस पुनीत कार्यमा सहयोग गर्ने छोराहरू बोधनाथ पौडेल, हेलिनाथ पौडेल, पुत्रबधूद्वय उमा पौडेल र सुधिरा पौडेल, छोरी डा.उपमा पौडेल दाहाल, ज्वाइँ डा.सुजत दाहाल, नातिनीहरू उरुषा पौडेल, नविका दाहाल, नातिहरू सुहेल पौडेल, आर्यन् पौडेल एवं प्रबोध पौडेलसमेत सबैलाई यथोचित आशीर्वाद एवं धन्यवाद दिन्छु।

अन्त्यमा, यस ग्रन्थमा केही त्रुटि रहन गएका हुन सक्छन्, यसमा पाठकहरूले क्षमा गर्नुहुनेछ भन्ने आशा गर्दै अहिलेलाई विदा हुन्छु। विज्ञेषु किमधिकम् ।

नयनाथ पौडेल
कालीमार्ग, मीनभवन,
नयाँ बानेश्वर, काठमाडौँ

रामनवमी, चैत्र २७ गते, २०७८ ।

विषयसूची

अध्याय : एक – लेखनकलाको उत्पत्ति र विकास 1
अध्याय : दुई – लेखन-कलाको प्राचीनता 11
अध्याय : तीन – ब्राह्मी लिपिको उत्पत्ति र विकास २५
अध्याय : चार – लिच्छवि लिपिको वर्णमाला ५७
अध्याय : पाँच – लिच्छवि लिपिको वर्णमा आकारको मात्राचिह्न १२९
अध्याय : छ – लिच्छवि लिपिको वर्णमा इकार तथा ईकारको मात्राचिह्न २०९
अध्याय : सात – लिच्छवि लिपिको वर्णमा उकार, ऊकार तथा ऋकारको मात्राचिह्न २६५
अध्याय : आठ – लिच्छवि लिपिको वर्णमा एकार तथा ऐकारको मात्राचिह्न ३१९
अध्याय : नौ – लिच्छवि लिपिको वर्णमा ओकार तथा औकारको मात्राचिह्न ३६९
अध्याय : दश – लिच्छवि लिपिमा उत्कीर्ण सर्वप्राचीन अभिलेख ४३५
अध्याय : एघाह – लिच्छवि लिपिको विकासक्रम ४५५
अध्याय : बाह – लिच्छविकालका संवत् ४९१

अध्याय : तेह्र – लिच्छवि लिपिमा संख्यालेखन-पद्धति ५२१

अध्याय : चौध – लिच्छविकालका अभिलेखमा विविध चिह्नहरू ५७९

अध्याय : पन्ध्र – प्राचीन अभिलेख अध्ययन गर्ने परम्परा ६४५

अध्याय : सोह्र – प्राचीन कालका लेखन-सामग्री ६६३

सन्दर्भ-सामग्री ६७५

⁂

अध्याय : एक

लेखनकलाको उत्पत्ति र विकास

लेखन-कलाको विकास हुनु विश्वभरका मानवमात्रको निमित्त अभूतपूर्व आविष्कार हो। मानव सभ्यताको इतिहास हेर्ने होभने सर्वप्रथम मनुष्यले आफ्ना विचारहरू प्रकट गर्नको लागि चिह्न वा भाषाको प्रयोग गरेको देखिन्छ। भाषाको अर्थ विभिन्न माध्यमद्वारा विचारलाई अभिव्यक्त गर्नु हो। विचार भाषाको आत्मा हो। विचारलाई धेरै प्रकारबाट अभिव्यक्त गर्न सकिन्छ; जस्तै– आँखाको ईशाराबाट, मुखको भावभङ्गीबाट, हात एवं औंलाहरूको परिचालनबाट तथा आबाजको उच्चारणबाट। आफ्ना अनुभव, विचार एवं आफूले जानेका ज्ञान तथा शीपलाई स्थायित्त्व प्रदान गरी आगामी पुस्ताहरूको जानकारीको निमित्त सुरक्षित राख्न सकियोस् भन्ने परिकल्पनालाई साकार रूप दिन लेखनकलाको माध्यमबाट मानवलाई सफलता मिल्न सक्यो। लेखन शुरू हुनुभन्दा धेरै अगाडि मानिसहरू हजारौं वर्षसम्म एक-अर्कासँग बोलीचाली एवं कथा-वाचनको माध्यमबाट विचार तथा भावनाको आदान-प्रदान गर्थे। यसैले लेखनको विकास हुनु मानवमात्रको लागि एक महत्त्वपूर्ण उपलब्धि हो।

संसारमा लिपिको आविष्कार भएको हुनाले नै मानवमात्रलाई टाढा टाढा सन्देश पठाउन सहज भयो; भाषाको विकास गर्न सकिने भयो; प्राचीन कालको उपलब्धिलाई अभिलेखको रूपमा राखी सुरक्षित गर्न सजिलो भयो; विविध विषयमा अध्ययन अन्वेषण गरी प्रकाश गर्न सकिने भयो; कला, दर्शन, विज्ञान र

शिल्प आदि विषयमा प्रगति गर्न सम्भव भयो; भावी सन्तानलाई प्रगतिर्फ अग्रेसर गर्न/गराउन उत्प्रेरणा मिल्यो, अनि अनेक विषयका ग्रन्थहरूलाई सुरक्षित गर्नसमेत सकिने भयो । लिपि भन्नाले विचारलाई लेखनमा उतार्नको निमित्त प्रयोग गरिने चिह्नहरूलाई जनाउँछ । लिपि र भाषा दुई फरक फरक चीज हुन् । भाषा बोलिन्छ; लिपिले भाषालाई अभिव्यक्त गर्ने काम गर्छ । भाषाको मेरुदण्ड लिपि नै भएको हुनाले यस अध्यायमा लेखनकलाको उत्पत्ति, यसको विकास एवं लिपिविकासका चरणहरूमा संक्षिप्त विवेचना गर्ने प्रयास गरिएको छ ।

१. भ्रूण लिपि (Embryo Script)

पाषाणयुगका आदिमानवहरूको प्रतीकात्मक लिपिलाई पूर्वाभ्यासका रूपमा प्रारम्भिक चरणमा लिने होभने भ्रूणलिपि लेखनकलाको शुरुआत हो । यसमा कुनै रेखा, चिह्न वा संकेत कोरिएका हुन्छन् । आदिमानवहरूले आफ्नो दैनिक जीवनमा भोग्नुपरेका, खास गरेर शिकार गर्दा परिआएका समस्या अनि शिकारलाई निशानामा कसरी लगाउने जस्ता विषयमा गुफाहरूमा चिह्न कोरेर गएका छन् । प्राचीनतम प्रतीकको रूपमा रहेका विविध चिह्न – प्रहारको चिह्न (Strokes), वृत्तको चिह्न एवं रेखाचिह्नहरू आदिमानवहरूले वसोवास गर्ने गुफाहरूमा कोरिएका, कुँदिएका, खिँचिएका (रेखा) तथा रङ लगाइएको अवस्थामा रहेका प्रमाणहरू भेटिएका छन् । यस किसिमका चिह्नहरू मिश्र, इटली, स्पेन एवं अमेरिकालगायतका मुलुकहरूमा उल्लेखनीय रूपमा लेखिएका/कोरिएका पाइन्छन् । यस्ता चिह्नहरूले भाषाविकासमा ठोस योगदान गरे-नगरेको विषयमा विद्वान्हरूमा मतैक्य भएको देखिँदैन तापनि यी चिह्नहरूलाई नै भ्रूण लिपि भनेर मानिएको छ ।

२. चित्रात्मक लिपि (Pictographic Script)

आदिम कालका मानिसहरूले आफ्ना विचार व्यक्त गर्नका लागि तथा कतै दूरदराजमा सन्देश पठाउनका लागि पनि आफ्नो दैनिक जीवनमा प्रयोगमा आइरहने वस्तुहरूको चित्र बनाई पठाउने गर्थे । उदाहरणको लागि रूखको चिह्न, अनि मानिसले रूखतर्फ हात बढाएको चिह्न अनि त्यसपछि रूखको मुनितिर

फल खसेको आकृतिको चिह्न बनाइएको छभने त्यसको अर्थ मानिसले रूखबाट फल टिप्यो भन्ने हुन्थ्यो । यसै गरी अन्य सन्देशका लागि पनि चित्रलिपिको प्रयोग गरिन्थ्यो ।

चित्रकलाको प्रारम्भ लेखनको प्रारम्भिक सिँढी हो। पाषाणकालमा चित्रकलाको शुरू भइसकेको हुनाले त्यतिखेर गुफाहरूमा लेखिएका चित्रहरूमा चित्रात्मक लिपिको आभास पाइन्छ। पहिलो लेखन चित्रात्मक नै थियो, पछि यिनै चित्रहरूले आबाजको प्रतिनिधित्व गर्न थाले। यसमा एक चित्रात्मक लिपिको अर्को चित्रात्मक लिपिसँग सम्बन्ध भएको हुनुपर्छ। मिश्री सभ्यतामा देव-देवीका मन्दिरका भित्ताहरूमा आ-आफ्नो संस्कृति र पहिचान झल्किने गरी चित्र कोर्ने प्रचलनसमेत रहेको थियो । करीब पाँच हजार वर्षअघि लेखिएका चित्र र तस्बीरको माध्यमबाट सुमेरियन को थिए भन्ने कुराको प्रतिनिधित्व भइरहेको छ । यस समयका चित्रहरू माटोको चक्कामा कोरिएका हुन्थे र आगोमा पोलिएका पनि हुन्थे । यस्ता चित्रलाई चित्रात्मक लिपि मानिएको छ ।

३. सूत्रात्मक लिपि

प्राचीन कालमा कतिपय देशहरूमा डोरीमा गाँठो पारेर सन्देश पठाउने कार्य गरिन्थ्यो। खास गरी अफ्रिका एवं दक्षिण अमेरिकाका देशहरूमा तथा चीनमासमेत यस किसिमको प्रचलन रहेको देखिन्छ । उतिखेर रातो डोरीले सैनिक, पहेंलो डोरीले सुवर्ण, सेतो डोरीले चाँदी तथा हरियो डोरीले अनाजलाई जनाउने गरेको पाइन्छ। डोरीमा गाँठो पारेर गाँठोअनुसारको सन्देश प्रवाहित हुन्थ्यो। उदाहरणको लागि एउटा गाँठोले १०, दुइटा गाँठोले २० अङ्कचिह्नलाई जनाउने चलन पनि थियो । चीन तथा तिब्बतमासमेत प्राचीन कालमा सूत्रात्मक लिपिको व्यवहार भएको पाइन्छ।

४. सांकेतिक लिपि (Ideographic Script)

मानवले लिपिको विकासमा प्रगति गर्दै गएपछि दैनिक प्रयोगमा भइरहेका वस्तुहरूको चित्र लेखेर भाव एवं संकेतका रूपमा प्रकट गर्न थाले । यसरी चित्रकै माध्यमबाट विभिन्न कुराहरूको वर्णन गर्ने प्रसङ्गमा सांकेतिक लिपिको विकास

भएको हो। पहिले सूर्यको चिह्नले सूर्यलाईमात्र जनाउँथ्योभने अब सूर्यचिह्नले गर्मी तथा प्रकाशलाई पनि बुझाउन थाल्यो। यसरी चित्रद्वारा भावार्थको निर्धारण गरेर सन्देश पठाउन थालियो। यसो हुँदा वातावरणलाई बुझाउन रूख, रातलाई जनाउन चन्द्रमा, गाईको समूहलाई जनाउन गाईको सांकेतिक चिह्नको प्रयोग हुन थाल्यो। मानिसको क्रियाशील बुद्धिको विकास हुँदै गएपछि यस्तै किसिमले लिपिको पनि विकास हुँदै गएको देखिन्छ।

Ideographic को प्राचीनतम Picture writing system को नमूना Jiahu symbol हो। यो ६६०० ईशापूर्वमा कछुवाको पीठमा लेखिएको हो। यसरी सांकेतिक चिह्नद्वारा मनोभावनालाई लेखनमा उतार्नको निमित्त प्रयोग गरिने चिह्नहरूलाई सांकेतिक लिपि मानिएको छ।

५. ध्वन्यात्मक लिपि (Phonetic Script)

आदिमानवका लागि दैनिक जीवनमा प्रयोग हुने वस्तु प्रारम्भमा दशओटामात्र थिएभने अब बढेर धेरै भए। यसैले मानवलाई आफूले प्रयोग गरिरहेको शब्दभण्डार अपर्याप्त हुन थाल्यो। त्यसैले उनीहरूले शब्दभण्डारमा वृद्धि गर्नुभन्दा पनि अक्षर-पद्धतिको विकासतर्फ आफ्नो बुद्धि लगाए। यही आवश्यकता पूरा गर्नको लागि मनुष्यले ध्वन्यात्मक लिपिको आविष्कार गऱ्यो। चित्रात्मक लिपिमा चित्रले कुनै वस्तुविशेषलाई जनाउँथ्योभने ध्वन्यात्मक लिपिमा चित्रले कुनै ध्वनि विशेषलाई प्रकट गर्ने हुन्छ। बोल्दाखेरि जुन शब्दको प्रयोग गरिन्छ, त्यसबाट एक विशेष ध्वनि निस्कन्छ। त्यही ध्वनिलाई विशेष प्रकारको आकार पनि दिन सकिन्छ। लिपिको आविष्कारमा यसैलाई मूल प्रेरणा मानिन्छ। निश्चित विषयको निश्चित चिह्न दिने र त्यसबाट ध्वनि निकाल्ने कार्यले लिपि र भाषाको उत्पत्तिमा सहयोग पुगेको देखिन्छ। ध्वन्यात्मक लेखनमा रेखाको बदलामा चिह्नलाई महत्त्व दिइयो, जुन चिह्नको विशेष प्रकारले उच्चारणसमेत हुने भयो। यस आविष्कारबाट मनुष्यले आफ्नो मनको भावनालाई लिपिको चिह्नमा उतार्नका लागि सफलता पायो; यही नै यस लिपिको सबैभन्दा ठूलो विशेषता हो।

सर्वप्रथम लिपिको विकास गर्ने सुमेरियनहरू मेसोपोटामिया अहिलेको इराकका निवासी थिए । लेखन-क्षेत्रमा छ हजार वर्षअघि यिनीहरूले ठूलो प्रगति गरे । यिनीहरूले ई.पू.लगभग तीन हजार वर्षमा नै व्यञ्जन अक्षर भएको, स्वरवर्ण नभएको लिपिको विकास गरेका थिए । यसपछि छिमेकी देश फिनिशियाले लिपिको विषयमा अझ बढी सुधार गरी प्रचलनमा ल्याउन सफलता पायो । चित्रात्मक लिपिमा चित्रले कुनै वस्तुविशेषलाई प्रकट गर्थ्योभने ध्वन्यात्मक लिपिमा चित्रले कुनै ध्वनिविशेषलाई प्रकट गर्ने हुन्छ । यिनीहरूले करको अभिलेख राख्न शुरू गरे, कानून बनाए, पात्रो बनाए । यिनीहरूले दिनलाई २४ घण्टामा विभाजन गरेर ६० मिनेटको १ घण्टा कायम गरे । आफूसँग भएका वस्तुहरू – जस्तै जनावर, भूमि, अन्नबाली, ऐंचो पैंचो जस्ता कुराहरूको अभिलेख राख्न थाले । यस्ता कुराहरूको गणनाको लागि पोलेका माटोका चक्काहरूको प्रयोग गर्न थाले ।

यस ध्वन्यात्मक लिपिको तीन भेद देखिएका छन् – १. शब्दाक्षरात्मक (Logographic), २. अक्षरात्मक (Syllabic), तथा ३. वर्णात्मक/वर्णमालात्मक (Alphabetic) ।

शब्दाक्षरात्मक लेखन (Logographic)

शब्दाक्षरात्मक लेखनमा भाषाको एक वा बढी शब्दको निमित्त सामान्यतया एक चिह्न निर्धारण गरिएको हुन्छ । यसको एक चिह्न वा वर्णले पूरै शब्दलाई बुझाउँछ । यसको उदाहरणको रूपमा चीनीयाँ लिपिको अक्षरलाई लिन सकिन्छ ।

अक्षरात्मक लेखन (Syllabic)

अक्षरात्मक लेखनमा सामान्यतया भाषाको एक वा बढी अक्षरको लागि कुनै एउटा चिह्न निर्धारित गरिएको हुन्छ । यसमा निश्चित शब्दलाई निश्चित चिह्नबाट संकेत गर्ने लेखन भनिन्छ । यसमा ध्वनिको एकल प्रयासले शब्द वा शब्दांशको उच्चारण गर्न सकिन्छ । हजारौं शब्दचिह्नहरूको प्रयोग गरी लेखिने लेखन-पद्धतिको तुलनामा कम संख्याका अक्षरचिह्नहरूको मात्र उपयोग गरिने अक्षरात्मक लेखनपद्धति निकै सजिलो र छरितो मानिएको थियो ।

वर्णात्मक/वर्णमालात्मक लेखन (Alphabetic)

वर्णमालात्मक लेखनमा भाषाको एक वा बढी ध्वनिको लागि अलग अलग चिह्न निर्धारण गरिएको हुन्छ। यस लेखनमा स्वर र व्यञ्जनमा स्पष्ट भेद हुन्छ तथा स्वर र व्यञ्जनका लागि अलग अलग चिह्न (अक्षर) हरू हुने गर्दछन्। स्वरको सहायताले सहि रूपमा लेख्न र पढ्न सकिन्छ। यसमा निर्धारित वर्णहरूको समूह एवं वर्णमाला हुन्छ। यिनीहरूको संयोजनबाट शब्द एवं वाक्य बन्ने गर्दछन्।

पवित्रलेखन (Hieroglyphic Script)

प्राचीन सुमेर (मेसोपोटामिया ३१०० ई. पू.) र मेसोमेरिका (३०० ई. पू.) समेत गरी यी दुई ठाउँमा लेखनको अवधारणा आ-आफ्नो क्षेत्रमा स्वतन्त्र रूपमा विकास गरिएको थियो। लिपिविकासको कुरा गर्दा मिश्रवासीहरूको पवित्र लेखन र सुमेरियनहरूको क्युनिफर्म लिपिको विशेष महत्त्व छ। हुनत लिपिहरू थुप्रै प्रकारका छन्, तर ती सबैको उद्‌भव र विकासबारे चर्चा गर्ने उद्देश्य यहाँ होइन, तर प्राचीनतमका हिसाबले दुई लिपिहरू सुमेरियनहरूको क्यूनिफर्म (Cuneiform Script) कीलाक्षर लिपि र मिश्रको पवित्रलेखन (Hieroglyphic Script) को बारेमा केही प्रकाश पार्नु सान्दर्भिक हुने देखिन्छ।

मिश्र देशका निवासीहरूले चित्रमय चिह्नहरूको माध्यमबाट मिश्रको धार्मिक एवं सार्वजनिक स्थानमा लेखिने आफ्नै लेखन-प्रणालीको विकास गरे। यस किसिमको लिपिलाई पवित्र वा धार्मिक लेखन (Hieroglyphic Script) मानिएको थियो। मिश्र देशका निवासीहरू यस लिपिलाई देवताको सिर्जना हो भनी मान्थे। यस्तो लेखन मिश्रमा २६०० ई.पू. आसपासदेखि प्रचलनमा रहेको देखिन्छ। यस लिपिमा व्यञ्जन-प्रधान वर्णमाला थियो। विशेष गरेर उनीहरूले यस्तो लिपिको लेखन माटोको चक्कामा होइन कि वनस्पतिबाट उत्पादित कागजमा गरे। मिश्री साम्राज्यलाई कायम राखिराख्नको लागि लेखनकला ज्यादै महत्त्वको कुरा थियो। साक्षरता मिश्रका उच्च वर्गका शिक्षित तथा सम्भ्रान्त व्यक्तिहरूमा केन्द्रित थियो। केही व्यक्तिहरू – पुजारी, राजकर्मचारी र सैनिक

अधिकृतहरूमात्र साक्षर भएर लेखनको लागि तालीम लिन उपयुक्त मानिन्थे। पवित्रलेखन (Hieroglyphic Script) भन्नाले वस्तु वा चित्र नै हुन्थे, परन्तु यिनले आबाजलाईसमेत प्रतिनिधित्व गर्न सक्थे। मिश्रमा प्रचलित यो पवित्रलेखन (Hieroglyphic Script) को लेखनशैली एकै प्रकारको थिएन। कुनै अभिलेखमा दायाँबाट बायाँ लेखिएको पाइएको छभने कुनै अभिलेखमा बायाँबाट दायाँ लेखिएको पाइएको छ। अनि कुनै अभिलेखमाचाहिँ मिश्रित शैली अर्थात् दायाँबाट बायाँ तथा बायाँबाट दायाँ पनि लेखिएको पाइएको छ।

क्यूनिफर्म (Cuneiform Script)

मेसोपोटामियामा आफ्नो प्रभुता स्थापना गरेका सुमेरियनहरूले करीब चार हजार वर्षअघि शब्दाक्षरात्मक लेखनको चरणमा कीलाजस्ता आकारका त्रिकोणात्मक चिह्नहरूद्वारा लेखिने प्रणाली चलाए, जसलाई क्यूनिफर्म (Cuneiform Script) कीलाक्षर लिपि भनिन्छ। क्यूनिफर्म लिपिमा लेखिएका अभिलेखहरूबाट थाहा हुन्छ कि यस लिपिको विशेष सम्बन्ध सेमेटिक भाषासँग थियो। क्यूनिफर्म लिपिको सबैभन्दा प्राचीन उदाहरण मेसोपोटामियाबाट नै प्राप्त भएको हो। क्यूनिफर्म लिपिमा चित्रचिह्नको माध्यमबाट वस्तुविशेषलाई बुझाइन्थ्यो।

सुमेरियनहरूको माटोको चक्काहरूमा वस्तुहरूको प्रतिनिधित्व जनाउने लेखनप्रणालीबाट कीलाक्षर लिपिको विकास भएको हो। यो लिपि चित्रात्मक लेखनको रूपमा एउटा तीखो कलम वा वस्तुले गीलो माटाको पाटीमा लेखिन्थ्यो। कीलाक्षर लेखनमा चिह्नहरूको लेखाइ कोणात्मक भएको र छेउछाउमा यस्तो रेखा दोहोरिन जाँदा अन्त्यमा त्रिकोण स्वरूपको विकास भएको मानिन्छ। ई.पू. २६०० आसपासमा कीलाक्षर लिपिले सुमेरियन भाषाको सिलेबिक लिपिको प्रतिनिधित्व गरेको मानिएको छ। यही क्यूनिफर्म लिपिमा सुमेरियनहरूले साहित्यिक रचना पनि तयार गरेका थिए। सुमेरियन क्यूनिफर्म लिपिमा लेखिएका विविध प्रकारका लेखनहरू, जस्तै – विधिव्यवहारका कुरा, न्यायालयको निर्णय एवं बन्द-व्यापारका कुराहरू पनि पाइएका छन्। यसैले समाजमा एक प्रतिष्ठित

लिपिको हिसाबले यस लिपिको मान्यता रहेको थियो । यही समयदेखि एकडेमिन, हाइटी एवं पर्सियन लगायतका विभिन्न भाषाहरूमा यस कीलाक्षर लिपिले स्थान पाएको देखिन्छ। जुन समयमा असीरियनहरूले यस क्यूनिफर्म लिपिलाई प्रयोगमा ल्याउन शुरू गरेका थिए, त्यतिखेर यस लिपिमा ५७० अक्षरचिह्न थिए ।

हम्मूराबीको प्रसिद्ध अभिलेख

बेबीलोनका सम्राट् हम्मूराबीले आफ्नो शासनकालमा एक विधि-संहिता (कानून) को निर्माण गरेका थिए। उनले यसलाई सूर्यदेवताको वरदान मानेका थिए। संसारको यो पहिलो उच्च कोटिको विधान थियो । यसका कारण हम्मूराबी विश्वविख्यात राजा भए। यस विधिसंहितालाई उनले शिलामा उत्कीर्ण गरेर मुख्य मुख्य स्थानमा राख्न लगाएका थिए। यो शिलालेख क्यूनिफर्म (कीलाकार) लिपिमा उत्कीर्ण गरिएको थियो ।

असीरियन संस्कृतिमा यो लिपि बहुमुखी रूपमा प्रकट भएको देखिन्छ। असीरियनहरूले यसको प्रयोग धार्मिक, पौराणिक एवं तान्त्रिक साहित्यमा प्रयोग गरे। सुमेरियन, बेबीलोनियन, असीरियन तथा एलमाइटहरूले यही लिपिलाई प्रयोगमा ल्याएका थिए।

यसरी प्रारम्भिक लेखनमा आदिमानवले आफ्ना विचारहरू अभिव्यक्त गर्नको लागि विभिन्न प्रकारका रेखा, चिह्न वा संकेतहरू कोर्न शुरू गऱ्यो। खासमा यी चित्रहरू भइसकेका थिएनन्, मानव-विचारको अभिव्यक्ति गर्ने माध्यमको रूपमा रहेका चिह्न वा संकेतहरू थिए। त्यसपछि मानवले आफ्ना विचार व्यक्त गर्नका लागि तथा कतै खबर पठाउनका लागिसमेत आफ्नो दैनिक जीवनमा प्रयोगमा आइरहने वस्तुहरूको चित्र बनाई पठाउने गर्न थाले। यसो गर्दा लिपिको आविष्कारका लागि विचार गर्न सहज भयो। यसलाई चित्रात्मक लिपिका रूपमा लिइयो। यसपछि कतिपय देशहरूमा डोरीमा गाँठो पारेर सन्देश पठाउने कार्य शुरू भयो। यसलाई सूत्रात्मक लिपि भनियो। यस सम्बन्धमा मानवले विकास गर्दै लग्यो। अनि दैनिक प्रयोगमा भइरहेका वस्तुहरूको चित्र लेखेर भाव एवं संकेतका रूपमा प्रकट गर्न थालेपछि सांकेतिक लिपिको विकास

हुन गयो। अब मानवलाई आफूले प्रयोग गरिरहेको शब्दभण्डार अपर्याप्त भएको महसूस भएपछि ध्वन्यात्मक लिपिको विकासतर्फ दृष्टि गयो। सांकेतिक लिपिमा चित्रसंकेतले कुनै वस्तु-विशेषलाई जनाउँथ्योभने ध्वन्यात्मक लिपिमा चित्रले कुनै ध्वनिविशेषलाई प्रकट गर्ने हुन्छ। बोल्दाखेरि प्रयोग गरिने शब्दबाट निस्कने ध्वनिलाई विशेष प्रकारको आकार पनि दिन सकिने भएपछि यसलाई लिपिको अविष्कारको मूल प्रेरणाको रूपमा लिन थालियो। यसपछि शब्दाक्षरात्मक लेखन (Logographic), अक्षरात्मक लेखन (Syllabic) वर्णात्मक/वर्णमालात्मक लेखन (Alphabetic) लगायतका विभिन्न चरणहरू पार गर्दै अक्षरात्मक लेखनको शुरुआत भयो। अक्षरात्मक लेखनको शुरुआत भएपछि मानवले विभिन्न स्थानमा अनेकौं प्रकारका लिपिहरूको विकास गर्दै लगे।

स्रोत ग्रन्थ

David Diringer, **The Alphabet , A Key to the History of the Mamkind, London:** Hutchinson's Scientific and Technical Publications, 1953.

Naresh Prasad Rastogi, **Origin of Brahmi Script,** Varanasi : Chowkhamba Saraswati Bhawan, 1980.

ईश्वर चन्द्र राही, **लेखन कला का इतिहास**, लखनौ : उत्तरप्रदेश हिन्दी संस्थान, १९८३।

गौरीशङ्कर हीराचन्द ओझा, **भारतीय प्राचीन लिपिमाला**, नयाँ दिल्ली : मुन्सीराम मनोहरलाल पब्लिशर्स प्रा. लि., १९९३।

जर्ज बूलर, अनु. मङ्गलनाथ सिंह, **भारतीय पुरालिपिशास्त्र**, वाराणसी : मोतीलाल बनारसीदास, १९६६।

दिनेशचन्द्र रेग्मी, **पुरालेखन र अभिलेख**, काठमाडौं : हिमालय बुक स्टल, २०६०।

राजबली पाण्डेय, **भारतीय पुरालिपि**, इलाहाबाद : लोकभारती प्रकाशन, १९९८ ।

शिवस्वरूप सहाय, **भारतीय पुरालेखों का अध्ययन**, वाराणसी : मोतीलाल बनारसीदास, २००० ।

सिद्धेश्वरी नारायण राय, **भारतीय पुरालिपि एवं अभिलेख**, इलाहाबाद : शारदा पुस्तक भवन, २००८ ।

⁂

अध्याय : दुई

लेखन-कलाको प्राचीनता

हाम्रो समाजमा नवजात शिशुको न्वारन (नामकरण संस्कार) भएपछि मात्र बल्ल सामाजिक मान्यता प्राप्त हुने परम्परा रहिआएको छ। कतिपय समुदायमा ज्योतिषीहरूले शिशुको जन्मराशि-अन्तर्गत नक्षत्रका पाउको आधार-अनुसारको अक्षरबाट न्वारनको दिनमा शिशुको नाम जुराउँछन्। जन्मलग्न, जन्मनक्षत्र, जन्ममास तथा कुलदेवता एवं इष्टदेवताहरूलाई स्मरण गरी राखिएको यही नामलाई शिशुका पिताले पीपलवृक्षको पातमा श्रीखण्ड चन्दनद्वारा लेखी विधिपूर्वक अग्निस्थापना र हवन कार्य गरेर सोही यज्ञ-मण्डपमा नवजात शिशुको कानमा सानो स्वरले पढेर नाम सुनाउँछन्। यसरी नामकरण-संस्कार अनुरूप नवजात शिशुको नाम निश्चित भएपछि समाजमा उसको अस्तित्व कायम हुन जान्छ र सामाजिक व्यवहार सञ्चालन गर्न पनि सजिलो पर्न जान्छ।

यसरी मानिसको यस धरतीमा पदार्पण भएपछि पहिलो कार्य नै उसको नाम-लेखन हो। यस्तो नाम-लेखन वा अन्य लेखन-कार्य मनुष्यले कहिलेदेखि प्रारम्भ गरेको होला, मानवसभ्यताको विकासको इतिहासको पानामा कुन समयदेखि लेखन कार्य प्रारम्भ भयोहोला भन्ने कुराको जानकारी प्राप्त गर्नको लागि नै लेखन-कलाको प्राचीनताको विषयमा अध्ययन गर्नुपर्ने हुन आउँछ। मानवले आफ्नो मनको भावनालाई अभिव्यक्त गर्ने, आफ्ना मनका विचारहरूलाई चिरस्थायी गर्ने, आफ्ना सुख-दुःखका खबरहरू अरूलाई सम्प्रेषण गर्ने, अभिलाषा एवं आकांक्षा भएर नै लेखनकलाको क्रमिक विकास भएको देखिन्छ।

प्राचीन साहित्य, इतिहास एवं संस्कृतिको विषयमा अध्ययन अनुसन्धान गर्ने विद्वान्‌हरूको बीचमा पनि यस विषयमा फरक फरक मत रहेको देखिन्छ। भारतवर्षका विद्वान्‌हरू भारतीय लेखन-कला ज्यादै प्राचीन भएको बताउँछन्‌भने यूरोपीय विद्वान्‌हरू यो कुरा मान्न तयार छैनन् र उनीहरू लेखन-कला भारतवासीहरूले धेरै पछि मात्र सिकेका हुन् भन्ने विचार राख्दछन्।

प्राच्य विद्याविशारद म्याक्स मूलर (Max Muller) ले "पाणिनिको पारिभाषिक शब्दावलीमा लेखनको अस्तित्वलाई पूर्वकल्पना गर्ने खालका एउटै पनि शब्द पाइँदैनन्" (पृ.२६९) भनी आफ्नो विचार अभिव्यक्त गरेका छन्। उनको विचारमा पाणिनिको समय ई.पू.चौथो शताब्दीको भएकोले भारतमा लेखनकलाको प्रारम्भ ४०० ईशापूर्वपछि मात्र भएको हो भन्ने देखिन्छ। अर्का विद्वान् बर्नेल (A.C. Burnell) ले पनि भारतीय ब्राह्मी लिपिको उत्पत्ति फिनिशीयन लिपिको प्रभावबाट भएको हो र यसको प्रारम्भ चौथो शताब्दीभन्दा अगाडिको हुन सक्तैन भन्ने विचार राखेको देखिन्छ। (पृ.९)। डा.जर्ज बूलर (J. George Buhler) यस सम्बन्धमा आफ्नो विचार यसरी अभिव्यक्त गरेका छन् – "ब्राह्मी लिपिको विकास ई.पू. ५०० को लगभग तथा यसभन्दा अगाडि नै भइसकेको थियो। भारतमा सेमेटिक लिपिको आगमनको वास्तविक तिथि ई.पू. ८०० मान्न सकिन्छ। यो अनुमान अन्तिम नहुन पनि सक्छ। भविष्यमा भारत तथा सेमेटिक देशहरूमा पुरालिपिसम्बन्धी अन्वेषण भएपछि नयाँ प्रमाणहरूको आधारमा यसमा परिवर्तन गर्नुपर्ने पनि हुन आउँछ। अहिलेसम्मको खोजको आधारमा मेरो विश्वास छ कि भारतमा सेमेटिक लिपिको आगमनको तिथि ई.पू. ८०० सिद्ध हुन सक्छ। यसलाई संभवतः ईसापूर्व १००० वा यसभन्दा अगाडि पनि राख्न सकिन्छ।" (पृ.३५) यताबाट जर्ज बूलरले ब्राह्मी लिपिलाई भारतको पुरानो लिपि मान्नुपर्ने भनी आफ्नो मत प्रकट गरेको देखिन्छ।

लेखन परम्पराको प्राचीनताको विषयमा अध्ययन गर्नको लागि निम्नलिखित स्रोतहरूलाई लिनुपर्ने हुन्छ।

१. परम्परागत स्रोत
२. साहित्यिक स्रोत
३. यात्रा विवरण
४. पुरातात्त्विक स्रोत

१. परम्परागत स्रोत

भारतीय परम्परा

विश्वका सबैजसो लिपिहरूको आविष्कारको पछाडि कुनै-न-कुनै मिथकसँग जोडेर त्यसलाई स्थायित्व प्रदान गर्ने कोशिस गरिएको पाइन्छ। लिपिको आविष्कार भएपछि आफ्ना विचारहरू तथा भावहरूलाई लिखित रूपमा प्रस्तुत गर्न पाइने भएको हुनाले समाजमा यसको महत्त्वपूर्ण योगदान रहनु स्वाभाविकै हो। यसैले यस आविष्कारलाई ब्रह्माको मिथकसँग जोडिएको देखिन्छ। नारद-स्मृतिमा लेखन कार्यको सिर्जना ब्रह्माद्वारा भएको हो भन्ने कुरा यसरी लेखिएको छ –

नाकरिष्यद् यदि ब्रह्मा लिखितं चक्षुरुत्तमम्।
तत्रेयमस्य लोकस्य नाभविष्यच्छुभा गतिः॥ (नारदस्मृति ४/७०)

(यदि ब्रह्माले लेखनद्वारा उत्तम नेत्रको विकास नगरिदिएको भए यस लोकको शुभ गति प्राप्त हुँदैनथियो।)

यसै गरी वृहस्पतिस्मृतिमा यस्तो लेखिएको छ-

षाण्मासिके तु समये भ्रान्तिः सञ्जायते पुनः।
धात्राक्षराणि सृष्टानि पत्रारूढान्यतः पुरा॥

छ महीना बितेपछि कुनै पनि विषयमा भ्रान्ति उत्पन्न हुन सक्छ, यस कारण (सम्झनाको लागि लेखेर राख्नको निमित्त) ब्रह्माले पत्ररूप अक्षरहरूको सिर्जना गर्नुभयो।

याज्ञवल्क्यस्मृतिमा लिखत लेख्दा के-कस्तो तरीकासँग लेखिनुपर्छ भन्ने विषयमा विस्तृत चर्चा गरिएको छ। ऋणीले ऋण लिंदा लेखिने तमसूकको बेहोरा पनि कस्तो हुनुपर्छ भन्ने बारेमा त्यहाँ यसरी स्पष्ट पारिएको छ –

समाप्तेऽर्थे ऋणी नाम स्वहस्तेन निवेशयेत्।
मतं मेऽमुकपुत्रस्य यदत्रोपरि लेखितम्॥
उभाभ्याभ्यर्थितेनैतन्मया ह्यमुकसूनुना।
लिखितं ह्यमुकेनेति लेखकोऽन्ते ततो लिखेत्॥ (व्यवहाराध्यायको छैटौं प्रकरण)

यसरी स्मृतिशास्त्रलगायतका ग्रन्थहरूका आधारमा प्राचीन कालदेखि नै भारतवर्षमा लेखनकलाको विकास भइआएको देखिन्छ। अहिलेभन्दा करीब पाँच हजार वर्षअघि विकसित सिन्धु सभ्यताका मानिसहरू पनि लेखनकलासँग परिचित नभएका होइनन्, परन्तु अझै पनि तिनको लेखनलाई प्रामाणिक रूपमा पढ्न सकिएको छैन।

चीनी परम्परा

पुरातन विश्वमा केवल तीनवटा मात्र लिपिहरूको प्रचलन थियो भनेर वि.सं. ७२५ मा चीनमा रचना गरिएको विश्वकोष फा–युअन्–चु–लिन् (Fa yuan chu lin) मा लेखिएको छ। ती लिपि हुन्– १. बायाँतर्फबाट दायाँतर्फ लेखिने ब्राह्मी लिपि, २. दायाँतर्फबाट बायाँतर्फ लेखिने खरोष्ठी लिपि, र ३. माथिबाट तलतिर लेखिने चीनीयाँ लिपि। यी तीन लिपिहरूमध्ये ब्रह्माले आविष्कार गर्नुभएको, बायाँबाट दायाँ लेखिने यो ब्राह्मी लिपि सबै लिपिहरूमध्ये सर्वोत्तम थियो। (राजबली पृ.४)

विक्रमको सातौं शदीमा भारतको भ्रमणमा आएका चीनीया यात्री ह्वेन त्साङ्गले पनि आफ्नो यात्राविवरणमा लेखनकलाको प्रादुर्भाव सबैभन्दा पहिले भारतमा नै भएको हो भनी लेखेका छन्। (Samuel Beal पृ.७७)

अरबी परम्परा

अरबी विद्वान् अबलेरुनीले लेखनकलाको प्राचीनताको विषयमा लेखेका छन्- “हिन्दूहरूले एक पटक लेखनकलालाई बिर्सिसकेका थिए। यसको पुनराविष्कार परासरका पुत्र व्यासले दैवी प्रेरणाबाट गरेका थिए।” यस कथनअनुसार वर्णमालाको इतिहास कलियुग (ई.पू.३१०१) देखि प्रारम्भ भएको मान्नुपर्ने देखिन आउँछ। (राजबली पृ.५)

यूनानी परम्परा

सम्राट् सिकन्दरको साथमा भारतमा आएका यूनानीहरूले यहाँको कतिपय परम्परा एवं अनुश्रुतिहरूलाई आफ्नो भाषामा वर्णन गरेका छन्। नियार्कस नामक

सिकन्दरका एक सेनापतिले पञ्जाबमा रहँदा भारतवासीहरू कपास र फाटेका लुगाहरूबाट कागज बनाउन जान्दछन् र यसैमा उनीहरू लेख्छन् भनी वर्णन गरेका छन्। कर्टियस नामका अर्को यूनानी यात्रीले भारतीयहरू रूखका बोक्राहरू तथा भुर्जपत्रमा लेख्छन् भन्ने कुराको वर्णन गरेका छन्।

चन्द्रगुप्त मौर्यको दरबारमा रहेका यूनानी राजदूत मेगास्थनीजले आफ्नो **इण्डिका** नामक पुस्तकमा पटनाका सडकहरूमा दूरी जान्नको लागि दश दश स्टेडियाको फरक पारेर ढुङ्गाहरू गाडिएका हुन्छन् भनी लेखेका छन्। यही ग्रन्थमा राजदूतले उतिखेर समाजमा जन्मकुण्डली लेख्ने प्रचलन पनि थियो र जन्मकुण्डलीअनुसार वर्षफल बताउने परम्परा पनि विद्यमान थियो भनेर लेखेका छन्। (सहाय पृ.८) यी कुराहरूबाट अवश्य पनि उतिखेर लेखपढको परम्परा विद्यमान थियो र मानिसहरू गणना गर्न पनि सक्तथे भन्ने देखिन्छ।

श्रीलङ्काली परम्परा

श्रीलङ्कामा सुरक्षित प्राचीन त्रिपिटक साहित्यमा लेखा, लेखक जस्ता शब्दहरूको उल्लेख पाइन्छ। समाजमा लेखन-परम्परा विकसित भइसकेपछि मात्र यस किसिमका लेखकहरूको अस्तित्वलाई स्वीकार गरिएको हुन्छ। यसैले सिद्धहस्त लेखकहरूले प्राचीन कालदेखि नै त्यहाँ लेखन पेशा अपनाइआएको देखिन्छ।

२. साहित्यिक स्रोत

वैदिक

वेद विश्व-साहित्यको सबभन्दा पुरानो ग्रन्थ हो। यसलाई श्रुतिपरम्पराबाट नै कण्ठस्थ पारेर जोगाई ल्याएको हुनाले यसलाई श्रुति पनि भनिन्छ। वेद लिखित रूपमा नभएको भए यसका विषयमा भाष्य लेखिनु सम्भव थिएन। (ओझा पृ.१०) ऋग्वेदमा गायत्री, बृहती, विराज, अनुष्टुप् आदि छन्दहरूको उल्लेख भएबाट उतिखेर गुरु लघु आदि मात्राको संयोजनबाट छन्दको रचना हुने भएकोले यतिखेर लेखन-विधिको प्रचलन भइसकेको स्पष्ट हुन्छ। ऋग्वेदको **सहस्रं मे ददतो**

अष्टकर्ण्य भन्ने मन्त्रअनुसार कानमा आठ अंकको चिह्न लगाइएका गाईहरू भन्ने उल्लेख भएको देखिएकोले उतिखेर लिपि अस्तित्वमा आई राम्रो विकास भइसकेको देखिन्छ भनी कतिपय संस्कृतसम्बन्धी भाषावैज्ञानिकहरूले आफ्नो राय व्यक्त गरेका छन् ।

ऋग्वेदको एक मन्त्रमा 'एकपाद', द्विपाद' 'त्रिपाद', 'चतुष्पाद' आदि शब्दको साथमा 'पंक्ति' शब्द पनि रहेको छ। पंक्ति वेदको एक विशेष छन्द हो । पंक्तिको अवधारणा रेखागणितीय अथवा लिपिमूलक पनि हुन सक्छ। यसै गरी वेदमा दश अङ्गुलको नापोको विषयमा पनि उल्लेख गरिएको छ। अङ्गुलको नापो अंगुलमा बनेको रेखाको आधारमा हुन्छ। जहाँ अङ्गुलको नापोको अवधारणा हुन्छ, त्यहाँ रेखाको प्रतीकात्मकता अवश्य हुन्छ। अनि जहाँ रेखाको परिचय हुन्छ, त्यहाँ लिपिको अस्तित्व पनि अवश्यै हुन्छ। यसप्रकार ऋग्वेदकालमा लिपि निश्चित रूपले थियो र यो चित्रात्मक नभएर रेखात्मक वा कोणात्मक थियो भन्ने एकथरी विद्वान्‌हरूको राय छ।

यजुर्वेदमा वाजसनेयसंहितामा गणकको उल्लेख आएको छ। गणक भनेको गन्ने मान्छे हो। यसमा दश = दश (१०), सय=शत (१००), हजार =सहस्र (१०००), दश हजार=अयुत (१०,०००), लाख=नियुत (१,००,०००), दश लाख=प्रयुत (१०,००,०००), करोड=अर्वुद (१००,००,०००), दश करोड=न्यर्वुद (१०,००,००,०००), अरब= समुद्र (१,००,००,००,०००), दश अरब=मध्य (१०,००,००,००,०००), खरब=अन्त (१,००,००,००,००,०००) तथा दश खरब=प्रार्ध (१०,००,००,००,००,०००) शब्दहरूको उल्लेख गरिएको छ। यसरी लिपिको विकास नभएको भए यति ठूला संख्याका अंकहरू व्यवहारमा चल्नु सम्भव नै हुँदैनथ्यो।

अथर्ववेदमा गाईको कानमा स्त्रीपुरुषको चिह्न अंकित गरिएको हुन्थ्यो भन्ने कुरा उल्लेख गरिएको छ। यस्तै वर्णन मैत्रायणी संहितामा पनि पाइएको छ। यस ग्रन्थमा स्थूणाकर्णी अर्थात् कानमा खाँमोको चिह्न लगाएको, दात्राकर्णी अर्थात् कानमा दाँतीको चिह्न लगाएको तथा कर्करीकर्णी कानमा वीणाको चिह्न

लगाएको भनी गाईहरूको वर्गीकरण गरिएको छ। लिपि नै नभएको भए कसरी गाईहरूको कानमा लेख्ने काम सम्भव हुन्थ्यो र ?

अथर्ववेदमा **कितयवधकाम** नामक सूक्तमा स्पष्टतया **संलिखितम्** शब्द उल्लेख गरिएको छ। यो शब्द जूवा खेल्दाखेरि प्रयोग हुने शब्द हो। जूवामा जितिएको रकमको हिसाब गर्न लेखिएको धनलाई संलिखित र बाजीमा लगाएको धनलाई संरुध भनिएको मन्त्र यस प्रकारको छ -

अजैषं त्वा संलिखित मजैषमुत संरुधम् (अथर्व ७/५०/५)

(मैले तिम्रो संलिखित तथा संरुध दुवै प्रकारको धन जितें)

यस सन्दर्भबाट पनि यस बखत लिपिको व्यापकता रहेको थियो भन्न सकिन्छ। यसका साथै यो पनि स्पष्ट हुन्छ कि लिपि अङ्कात्मक तथा अक्षरात्मक दुवै थरीको थियो। किनभने जुवाडेहरूले जूवामा जितेको रकम तथा जित्ने व्यक्तिको नाम संकेत गरी अभिलेख राख्ने कार्य लिपिको सहाराविना सम्भव हुने थिएन।

सामवेदको पंचविश ब्राह्मणमा यज्ञको दक्षिणाको व्यवस्था गरिएको छ। यसमा सबभन्दा थोरै दक्षिणा १२ (कृष्णल) भर सुन हुन्छ भनेर बताइएको छ। अनि त्यसपछि दक्षिणाको द्विगुणित हुँदै जाने कुरा पनि उल्लेख गरिएको छ। यसरी दक्षिणाको क्रम २४, ४८, ९६, १९२, ३८४, ७६८, १५३६, ३०७२, ६१४४, १२२८८, २४५७६, ४९१५२, ९८३०४, १९६६०८, ३९३२१६ सम्म हुने कुरा उक्त ब्राह्मणमा उल्लेख गरिएको छ। यस प्रकार लाखौंको अंकसम्म लेख्ने कार्य लिपिको विकासविना तथा गणितको ज्ञानविना सम्भव हुने कुरा होइन।

ब्राह्मणसाहित्य

ब्राह्मणसाहित्यमा खास गरी (१) वेदाङ्ग, (२) उपनिषद् एवं आरण्यक, (३) महाकाव्य तथा (४) विविध ग्रन्थहरू पर्दछन्।

वेदाङ्ग- वेदाङ्गमा व्याकरणको स्थान प्रमुख हुन्छ। आचार्य पाणिनिले **अष्टाध्यायी** नामक संस्कृत व्याकरण-सम्बन्धी ग्रन्थको निर्माण गरेका थिए। पाणिनिले आफ्नो यस ग्रन्थमा लेख्ने प्रयोजनका निमित्त लिपि शब्दको प्रयोग गरेका छन्। यसै गरी यस ग्रन्थमा लिपिकर जस्ता शब्दहरू पनि परेका छन्। अष्टाध्यायीमा उत्कीर्ण यवनानी शब्दले यवन (यूनानी) हरूको लिपिलाई बुझाउँछ भनी कात्यायन तथा पतञ्जलिले अर्थ गरेका छन्। यसका साथै पशुहरूको कानमा ५ अथवा ८ अंकहरूको चिह्न अंकित गर्ने कुराको पनि यस ग्रन्थमा उल्लेख गरिएको छ। यसैले लेखन-कलाको विकास नभईकन यस किसिमको व्याकरण-सम्बन्धी वैज्ञानिक अध्ययन सम्भव हुने थिएन। धेरै विद्वान्हरूले पाणिनिको समय ईसापूर्व चौथो शदी मानेका छन्, पाणिनिले आफूभन्दा अगाडिका वैंयाकरणहरू भारद्वाज, काश्यप आदिको नाम उल्लेख गरेका छन्। यसैले पाणिनिभन्दा धेरै पहिलेदेखि नै लेखन-कलाको विकास भइसकेको स्पष्ट हुन्छ।

उपनिषद् एवं आरण्यक - **ऐतरेय आरण्यक** तथा **ऐतरेय ब्राह्मण**मा अक्षर उच्चारण गर्ने विषयमा प्रकाश पारिएको छ। यसै गरी छान्दोग्य उपनिषद्मा अक्षरहरू लेख्ने विधिको उल्लेख पाइन्छभने तैत्तरीय उपनिषद्मा वर्णको मात्रासम्बन्धी व्यवस्थाको वर्णन गरिएको छ।

महाकाव्य - महर्षि वाल्मीकि-विरचित **रामायण**मा अशोक वनमा पुगेपछि हनूमान्ले सीतासमक्ष आफ्नो परिचय दिने क्रममा भगवान् श्रीरामले पठाएको रामनामाङ्कित औंठी प्रस्तुत गरेको कुरा लेखिएको छ। यदि यस समयमा लेखन-कला नभएको भए श्रीरामजीको औंठीमा कसरी राम लेख्न सकिन्थ्यो र त्यो अक्षरलाई सीताजीबाट कसरी पढिन्थ्यो ? महाभारतको आदिपर्वको अनुक्रमणिका नामक उपपर्वमा महाभारतको रचनाको प्रसङ्गमा व्यासले कहेको र श्रीगणेशले लेखेको भन्ने कुरा वर्णन गरिएको छ। यसमा रमाइलो कुरा के पनि छभने गणेशजीले व्याससन्मुख महाभारत लेख्ने कार्यलाई स्वीकार त गर्नुभयो – तर एउटा शर्तमा। त्यो शर्त थियो – भन्ने वेलामा खरर्र भन्नुपर्छ, बीचमा रोक्न पाइन्न।

यसै गरी महाभारतमा लिख, लेखन, लेखक जस्ता शब्दहरूको धेरै ठाउँमा उल्लेख भएको पाइन्छ। यसैले यस समयमा लेखन-कलाको पूर्ण विकास भइसकेको स्पष्ट हुन्छ। महाकवि कालिदासका समयमा लेखन-कलाको राम्रो

विकास भइसकेको थियो। उनका समयमा प्रेमी र प्रेमिकाबीच प्रेमपत्र पठाउनको लागि अनि राजनीतिक, प्रशासनिक तथा न्याय-सम्पादन-सम्बन्धी कार्यहरूको कार्यान्वयनको लागि पत्राचार हुने गर्दथ्यो भन्ने कुरा कालिदासलिखित **कुमारसम्भव** नाटकमा लेखिएको छ।

यसै गरी **मालविकाग्निमित्र** नाटकमा **सेनान्ये वीरसेनाय लेख्यताम्** तथा **सेनापतेः पुष्यमित्रस्य सकाशात् सोत्तरीयप्राभृतको लेखः प्राप्तः** भनेर सेनानी वीरसेनलाई चिठी लेख्ने र सेनापति पुष्यमित्रबाट पत्र प्राप्त भयो भन्ने कुराको उल्लेख गरी पत्राचार भएको कुराको वर्णन गरिएको छ।

विविध ग्रन्थ

कौटलीय अर्थशास्त्र- आचार्य चाणक्य अथवा कौटल्यले आफ्नो अर्थशास्त्रमा **वृत्तचौलकर्म लिपिसंस्थानं चोपयुञ्जीत** (चूडाकर्म संस्कार भएपछि लिपि तथा गणना-सम्बन्धी ज्ञान हासिल गर्नुपर्छ) भनेर लिपिको महत्ताको विषयमा लेखेका छन्। यसै गरी राजाले आफूले कार्यसम्पादन गर्नुपर्ने कार्यतालिका अनुसार **पञ्चमे मन्त्रिपरिषदा पत्रसम्प्रेषणेन मंत्रयेत्** (पाचौं प्रहरमा मन्त्रिपरिषद्को साथमा पत्र पठाउने सम्बन्धमा सल्लाह गर्नू) भनिएको छ। यसै गरी एक कुशल लेखकले तीन ओटा विशेषतामा दक्षता हासिल गर्नुपर्छ भनी कौटल्यले भनेका छन्। ती विशेषता हुन् - १) **आशुग्रन्थ** (छिटो छिटो लेख्न सक्ने) २) **चार्वक्षर** (सुन्दर अक्षर लेख्न सक्ने ३) **लेखवाचन समर्थ** (लेखेको कुरा राम्ररी पढ्न समर्थ)। यसरी आचार्य कौटल्यको समयमा उच्च स्तरको कृतिहरूको सिर्जना भएको थियो र यी कृतिहरू रचना गर्नको लागि सरल लिपिको पनि व्यवहारमा प्रयोग हुन्थ्यो भन्ने स्पष्ट हुन्छ।

बौद्ध साहित्य

बौद्ध ग्रन्थ **विनयपिटक**मा भिक्षुहरूको लेख्ने व्यवसाय थियो भन्ने कुरा उल्लेख गरिएको छ। यस ग्रन्थमा लेख गणना आदि शिक्षाको विधान भएको कुराको उल्लेख गरिएको छ। **ललितविस्तर** ग्रन्थमा भगवान् बुद्धले सुनको कलमले चन्दनको पाटीमा लेखेर अक्षरारम्भ गरेको कुराको वर्णन गरिएको छ। यसै गरी **अंगुत्तरनिकाय**मा लेखनी (कलम), पोत्थक (पुस्तक) आदि लेखन-व्यवसायसँग

सम्बद्ध शब्दहरूको उल्लेख गरिएको पाइन्छ। **ललितविस्तर** ग्रन्थमा त ६४ओटा लिपिहरूको नामोल्लेख गरिएको पाइन्छ। तिनमा प्रारम्भमा ब्राह्मी, खरोष्ठी, पुस्करसारी, अङ्क, आदि लिपिहरूको नामोल्लेख गरिएको पाइन्छ।

बौद्धहरूको प्रसिद्ध धर्मग्रन्थ **सुत्तंत**को प्रथम खण्ड प्रथम अध्यायमा भगवान् बुद्धका उपदेशहरूको संकलन गरिएको छ। यस ग्रन्थलाई बुद्धधर्मावलम्वीहरू शील अर्थात् आचारको उपदेश भन्छन्। रीज डेविड्जले यसको समय ४५० ईसापूर्व मानेका छन्। यस ग्रन्थमा एक ठाउँमा अक्खरिका नामक खेलको उल्लेख गरिएको छ। यस खेलमा औंलाहरूको सहायताले आकाशमा संकेतरूपी अक्षरहरू बनाइने गरिन्थ्यो। बौद्ध भिक्षुहरूका लागि यो खेल वर्जित थियो। यसैले यस समयमा नै लेखनकलाको पूर्ण रूपमा विकास भइसकेको देखिन्छ।

कटाहक जातकमा काशीको कुनै एक व्यक्तिले जाली पत्र देखाएर आफूलाई कुनै साहूको छोरा हुँ भनी प्रमाणित गर्न खोजेको कुरा उल्लेख गरिएको छ। यसै गरी **महासुतसोम** जातकमा तक्षशिला विद्यापीठका एक जना अध्यापकले आफ्ना पुराना विद्यार्थीलाई पत्र लेखेको कुराको वर्णन गरिएको छ। **रुरु** जातकमा इणपण पट्टको उल्लेख आएको छ। इणपण शब्दको संस्कृत रूपान्तर ऋणपर्ण हुन्छ। यसैले इणपण पट्टले पछिसम्म सम्झना हुनको निमित्त ऋणको विवरण लेखिएको पट्टालाई जनाउँछ। यसैले विभिन्न किसिमका जातकहरूको रचना गर्ने समयमा लेखन-व्यवसायको राम्रो विकास भइसकेको देखिन्छ।

जैन साहित्य

जैन परम्परामा दुई किसिमको अक्षरको तालिका पाइन्छ - १२ अक्षरहरूको लिपि तथा १८ अक्षरहरूको लिपि। धार्मिक ग्रन्थ **भागवतीसुत्त** ब्राह्मीको वन्दनाबाट प्रारम्भ हुन्छ - 'नमो वम्भिये लिखिए'। यसरी जैन साहित्यबाट भारतीय लेखनकलाको प्राचीनताबारेमा जानकारी पाउन सकिन्छ। दृष्टिवाद ग्रन्थ जैन धर्मावलम्बीहरूको निमित्त अप्राप्य भए पनि महत्त्वपूर्ण स्रोतको रूपमा रहिआएको छ। यस ग्रन्थको एक अवतरणमा ब्राह्मी लिपिमा ४६ ओटा वर्णका मूल चिह्नहरू हुन्छन् भनिएको छ।

३. यात्रा विवरण

प्राचीन समयमा विभिन्न देशबाट विदेशीहरूले भारतवर्ष एवं नेपालमा यात्रा गरेको पाइन्छ। यिनमा विशेष गरेर चीनीयाँ यात्रीहरूले आफ्नो यात्राविवरण लेखेका थिए। यिनीहरूको यात्राविवरणबाट लेखन-कला सम्बन्धी जानकारी पनि पाउन सकिन्छ।

चीनियाँ यात्री ह्वेनत्साङले भारतवर्षमा बसेर प्राच्य विद्याको अध्ययन गरेका थिए। उनले आफ्नो यात्रा-वृत्तान्तमा भारतीय लिपि सबभन्दा पुरानो लिपि हो भनेर वर्णन गरेका छन्। उतिखेर भारतमा ताम्रपत्र, ताडपत्र एवं भुर्जपत्रहरूमा लेख्ने प्रचलन थियो भन्ने कुरा पनि उनले आफ्नो यात्रावृत्तान्तमा उल्लेख गरेका छन्।

यी विभिन्न स्रोतहरूको विवेचनाबाट यो कुरा निश्चित रूपले भन्न सकिन्छ कि लेखन-कला वैदिक कालमा नै पूर्ण रूपमा विकसित भइसकेको थियो। भए पनि यो लिपि कस्तो आकृतिको थियो भन्ने कुराचाहिँ अझै थाहा पाउन सकिएको छैन भन्नुपर्ने हुन्छ।

४. पुरातात्त्विक स्रोत

यी स्रोतहरू सबैजसो साहित्यिक हुन्। प्रमाणद्वारा कुनै पनि कुरा सिद्ध गर्नको निमित्त पुरातात्त्विक स्रोतलाई बढी महत्त्व दिनुपर्ने हुन्छ; किनभने साहित्यिक स्रोतहरूबाट उपलब्ध प्रमाण परोक्ष हुन्छन्भने पुरातात्विक स्रोतहरूबाट उपलब्ध प्रमाणचाहिँ प्रत्यक्ष हुन्छन्।

अहिलेसम्म सम्राट् अशोकभन्दा अगाडिका दुई स-साना शिलालेख पाइएका छन् १) भारतको अजमेर जिल्लाको बडली गाउँमा प्राप्त अभिलेख २) नेपाल-भारत सीमानाछेउ पिपरहवा गाउँमा एक स्तूपको भित्रपट्टि भेटिएको पात्र (जसमा भगवान् बुद्धको अस्थि राखिएको थियो) मा उत्कीर्ण अभिलेख। यसमा वडली गाउँमा प्राप्त अभिलेखचाहिँ स्तम्भमा उत्कीर्ण अभिलेखको एक टुक्रा हो। यस अभिलेखको पहिलो पंक्तिमा '**वीर (ा)य भगव (त)**' लेखिएको छभने

दोस्रो पंक्तिमा '**चतुरासिति व (स)**' लेखिएको छ। यस लेखमा उत्कीर्ण चतुरासिति जैनहरूका अन्तिम तीर्थकर श्रीमहावीरको निर्वाण संवत् ८४ हुनुपर्छ। यदि त्यसो होभने यो अभिलेख ई.पूर्व (५२७-८४) ४४३ को हुनुपर्छ। यस अभिलेखको लिपि अशोकको अभिलेखहरूको लिपिभन्दा पहिलेको प्रतीत हुन्छ।

पिपरहवाको अभिलेखचाहिँ पाषाणको अस्थिकलशको घाँटीमा एक पंक्तिमा उत्कीर्ण गरिएको छ। यसको लिपि ब्राह्मी होभने भाषाचाहिँ प्राकृत। यो लेख बुद्धको निर्वाणकालको नजीकै लगभग ४८३ ई.पू. को हो भनेर मानिएको छ। **महापरिनिर्वाणसूत्रमा** उल्लेख गरिएको छ कि भगवान् बुद्धको निधन भएपछि उनको अस्थिको निमित्त वैशालीका लिच्छवि, कपिलवस्तुका शाक्य, अल्लकप्पका बूलिय, रामग्रामका कोलिय, पिप्पलिवनका मोरिय, पावापुरीका मल्ल, कुशीनाराका मल्ल तथा द्रोणकका ब्राह्मणहरूवीच ठूलो झगडा भएको थियो। पछि बुद्धको अस्थिलाई ८ भाग लगाएर बाँड्ने सहमति भएपछि यस समस्याको समाधान भएको थियो। सोहीअनुरूप भगवान् बुद्धको अस्थिधातु राखिएको कलशमाथि राजगृह, वैशाली, कपिलवस्तु, अलकप्प, रामग्राम, बेठद्वीप, पावापुरी तथा कुशीनारामा आठओटा प्रमुख स्तूपहरू बनाइएका थिए। यस कलशमा उत्कीर्ण अभिलेखअनुसार कपिलवस्तुको यो प्रमुख स्तूप बुद्धका भाइले आफ्ना पुत्र, बहिनी तथा पत्नी भएर स्थापना गरेका थिए भन्ने देखिन्छ। यो एक सामाजिक तथा धार्मिक कार्य भएको हुनाले महिलाहरूले पनि पुरुषकै समान भाग लिएको देखिन्छ।

मध्यप्रदेशको एरणमा पाइएका सिक्काका लेख– यिनमा ब्राह्मीका उल्टा वर्ण कुँदिएका छन्। यिनलाई बूलरले ईसापूर्व चौथो शताब्दीको मानेका छन्।

तक्षशिलामा पाइएका सिक्काका लेख – पाकिस्तानको रावलपिण्डी जिल्लाको टाक्सिला (जुन प्राचीन तक्षशिला नगर मानिएको छ) मा केही सिक्काहरू प्राप्त भएका छन्। यिनलाई बूलरले ईसापूर्व चौथो शताब्दीको मानेका छन्।

सोहगौराको ताम्रपत्र – गोरखपुरको बासगाउँ जिल्लाको सोहगौरामा एक ताम्रपत्र पाइएको छ। यसमा ७२ वर्ण र तीमाथि सातओटा प्रतीक चिह्न कुँदिएका छन्। यसलाई राजबली पाण्डेयले अशोकपूर्वको मानेका छन्।

प्रस्तर अभिलेख – पाकिस्तानको बोगरा जिल्लाको महास्थानमा एक प्रस्तर अभिलेख पाइएको छ। यसलाई डी. आर. भण्डारकरले लगभग ३०० ईसापूर्व भनी मानेका छन्।

यस किसिमका विभिन्न स्रोतहरूको आधारमा भारतवर्षमा लेखन-प्रणाली कहिलेदेखि शुरू भयो भन्ने कुरा निश्चित रूपमा भन्नचाहिँ कठिन नै देखिन्छ। भए पनि माथि छलफल गरिएअनुसार भारतमा वैदिक कालदेखि नै लेखनको प्रचलन थियो, व्याकरणशास्त्रको अध्ययन अध्यापन हुन्थ्यो, व्यवहारमा अङ्कगणितको प्रयोग हुन्थ्यो, समाजमा परिआउँदा जनावरहरूको कानमा र जूवा खेल्ने पाशामा अङ्क लेखिएको हुन्थ्यो भन्ने कुरा स्पष्ट रूपमा भन्न सकिन्छ। यसरी विभिन्न देशहरूको परम्परा, अनुश्रुति, वेद एवं ब्राह्मण ग्रन्थहरूको परिशीलन, बौद्ध एवं जैन साहित्यमाथिको विवेचना, विदेशी यात्राविवरण, पुरातात्त्विक स्रोत तथा विविध समयका लेखिएका कृतिहरूको अध्ययनबाट नेपाललगायत भारतवर्षमा प्राचीन कालदेखि नै लेखन-कलाको विकास भइआएको देखिन्छ।

स्रोत ग्रन्थ

A. C. Burnell, **Elements of South Indian Paleography**, London : 1978.

Max Muller, **History of Ancient Sanskrit Literature.**

Naresh Prasad Rastogi, **Origin of Brahmi Script,** Varanasi : Chowkhamba Saraswati Bhawan, 1980.

Samuel Beal, **Buddhist Records of the Western World** (Translated from the Chinese of Hiuen Tsiang AD 629) New Delhi : Munsiram Manoharalal Publishers , 1983.

गौरीशङ्कर हीराचन्द ओझा, **भारतीय प्राचीन लिपिमाला**, नयाँ दिल्ली : मुन्सीराम मनोहरलाल पब्लिशर्स प्रा. लि., १९९३.

जर्ज बूलर, अनु. मङ्गलनाथ सिंह, **भारतीय पुरालिपिशास्त्र**, वाराणसी : मोतीलाल बनारसीदास, १९६६ ।

नीहारिका, **प्राचीन भारतीय पुरातत्त्व, अभिलेख एवं मुद्राएँ**, वाराणसी : विश्वविद्यालय प्रकाशन, २०१७ ।

राजबली पाण्डेय, **भारतीय पुरालिपि**, इलाहाबाद : लोकभारती प्रकाशन, १९९८ ।

शिवस्वरूप सहाय, **भारतीय पुरालेखों का अध्ययन**, वाराणसी : मोतीलाल बनारसीदास, २००० ।

सिद्धेश्वरी नारायण राय, **भारतीय पुरालिपि एवं अभिलेख**, इलाहाबाद : शारदा पुस्तक भवन, २००८ ।

दिनेशचन्द्र रेग्मी, **पुरालेखन र अभिलेख**, काठमाडौं : हिमालय बुक स्टल, २०६० ।

⁂

अध्याय : तीन

ब्राह्मी लिपिको उत्पत्ति र विकास

लिच्छवि, गुप्त, कुटिला, नागरी, शारदा एवं बङ्गालीलगायतका धेरै लिपिहरूको जननीको रूपमा रहेको ब्राह्मी लिपिको उत्पत्तिको विषयमा विद्वान् हरूमा खास गरी दुई मत रहेको देखिन्छ –१. भारतबाहिरका विदेशी मुलुकमा प्रचलित लिपिहरूको समन्वयबाट उत्पत्ति भएको, २. भारतीय आर्यहरूद्वारा भारतवर्षमै उत्पत्ति भएको ।[१] एकातिर, भारतीय परम्पराको अध्ययनअनुसार यस लिपिको आविष्कार उत्तरवैदिक कालका मुख्य देवता ब्रह्माले गरेको हुँदा यसको उत्पत्ति भारतवर्षमा नै भएको हो भन्ने रहेको देखिन्छभने[२] अर्कोतिर, कतिपय विद्वान्हरूले ब्राह्मी लिपिको उत्पत्ति विदेशी लिपिहरूको आधारमा भएको हो भनेर सिद्ध गर्ने प्रयास गरेको पनि पाइन्छ ।

१. भारतबाहिरका विदेशी मुलुकमा प्रचलित लिपिहरूको समन्वयबाट उत्पत्ति

यूनानी उत्पत्ति

ब्राह्मी लिपिको उत्पत्तिको विषयमा कतिपय विद्वान्हरूले यो लिपि विदेशमा प्रचलित लिपिहरूको समन्वयबाट उत्पन्न भएको हो भनेर आ-आफ्ना

---

[१] Richard Salomon, **Indian Epigraphy,** New Delhi: Munshiram Manoharalal, 1998, p.19.

[२] शिवस्वरूप सहाय, भारतीय पुरालेखों का अध्ययन, दिल्ली : मोतीलाल बनारसीदास, २०००, पृ. १३ ।

तर्कहरू दिएका छन्। अल्फ्राइड मूलर, स्माइल सेनार्ट, जेम्स प्रिंसेप तथा विल्सनलगायतका केही यूरोपीय विद्वान्हरूले ब्राह्मी लिपि तथा यूनानी लिपिमा समानता रहेको तर्क गर्दै ब्राह्मी लिपिको उत्पत्तिको मूल स्रोत यूनानी वर्णहरूबाट भएको हो भन्ने कुरा स्पष्ट पार्ने प्रयास गरेका छन् ।[३] यी विद्वान्हरूले यस्तो संभावना व्यक्त गरेका छन् कि भारतमाथि सिकन्दरले आक्रमण गरेपछि पाश्चात्त्यहरूसँग संस्कृतीकरण भएर भारतका निवासीहरूको सम्पर्क ग्रीसका जनतासँग भएको हुँदा यसपछि भारतीयहरूले लिपिको ज्ञान सिकेका हुन्। त्यसैले यो लिपिको ज्ञान भारतवर्षमा यूनानीहरूको सम्पर्कबाट आर्जित हो। परन्तु सिकन्दरको साथमा आएका उनका सेनापति निआर्कसले भारतीयहरू कपडा एवं कपासद्वारा कागत बनाउन जान्दथे भन्ने कुरा लेखेका छन्। लेखनको लागि कागत बनाउन सक्ने ज्ञान भइसकेको देख्दा सिकंदरको आक्रमण हुनुभन्दा पहिले नै भारतमा लिपिको ज्ञान भइसकेको देखिन्छ भन्ने पक्ष पनि बलियो देखिन्छ।

अर्को तर्क यो पनि छ कि फोनेशियन व्यापारीहरूको माध्यमद्वारा यो लिपि भारतवर्षमा आइपुगेको हो। फोनेशियनहरू व्यापार गर्दै-गर्दै भूमध्य सागरको किनारामा बस्न पुगेका थिए र यही स्थानमा उनीहरूले आफ्नो लिपिको विकास गरे। जतिखेर यूनानीहरूले भारतवर्षमा आक्रमण गरे, त्यतिखेर यी यूनानीहरूले फोनेशियनहरूसँग लिपिको ज्ञान सिके र यही ज्ञान यूनानीहरूले भारतवर्षका मानिसहरूलाई सिकाए भन्ने एकथरी विद्वान्हरूको राय रहेको देखिन्छ। परन्तु फोनेशियनहरू पनि भारतीय मूलका नै थिए। ऋग्वेदमा यिनीहरूलाई 'पणि' (भारतवर्षका आदिवासी) भनेर सम्बोधन गरिएको छ भन्ने कुरा प्रस्तुत गर्दै अर्काथरी विद्वान्हरूले यस कुरालाई त्यति प्रामाणिक मानेको देखिँदैन।

सेमेटिक उत्पत्ति

सन् १८०६ मा सर विलियम जोन्सले ब्राह्मी लिपिको उत्पत्तिको सिद्धान्त प्रतिपादन गरेका थिए। उनले ब्राह्मी लिपिलाई सेमेटिक मूलबाट विकसित भएको लिपि हो भन्ने कुरा माने।[४] सेमेटिक मूलको विषयलाई लिएर विद्वान्हरूमा फरक फरक धारणा रहेको पाइन्छ। उनीहरूले सेमेटिक मूललाई निम्नबमोजिम वर्गीकरण गरेको देखिन्छ –

---

[३] गौरीशङ्कर हीराचन्द ओझा, **भारतीय प्राचीन लिपिमाला**, दिल्ली : मुन्शीराम मनोहरलाल , १९५९, पृ. १८।

[४] Indian Antiquary, Vol. 35. p.253.

उत्तरी सेमेटिक मूल

यस मतलाई सर्वप्रथम व्यक्त गर्ने श्रेयः मुख्यतः डा.बूलर (George Buhler) लाई जान्छ। बूलरले “प्राचीन उत्तरी सेमेटिक वर्णहरू फोनेशियादेखि लिएर मेसोपोटामियासम्म समान रूपका देखिन्छन्। ब्राह्मीका २२ ओटा वर्णहरू उत्तरी सेमेटिक अक्षरचिह्नहरूबाट बनाइएका हुन्” भन्ने कुराको जानकारी प्रस्तुत गर्दै ब्राह्मी लिपिलाई उत्तरी सेमेटिक लिपिको भारतीयकरण गरिएको हो भनेर लेखेका छन्।[५]

फोनेशियन मूल

ब्राह्मी लिपिका वर्णहरू तथा फोनेशियन लिपिका कतिपय वर्णहरूमा साम्यता रहेको देखिन्छ। उदाहरणको लागि क, ग, झ, ट, ठ, थ वर्णहरूमा केही समानता रहेको देखिन्छ। यसो भए पनि जुन समयमा भारतवर्षमा ब्राह्मी लिपिको उत्पत्ति भयो, त्यतिखेर भारतवर्ष र फ़िनीशियाबीच खास सम्बन्ध रहेको कुरा प्रमाणबाट पुष्टि हुँदैन। यसैले ब्राह्मी लिपिको उत्पत्ति भारतवर्षमा नै भएको थियो तथा भारतवर्षका निवासीहरूले यसलाई आफ्नो आवश्यकता अनुसार परिष्कार गरेका थिए भन्ने एक पक्ष छ।

दक्षिणी सेमेटिक मूल

टेलर, ड़ीक कैनन लगायतका कतिपय विद्वान्‌हरू ब्राह्मी लिपिको उत्पत्ति दक्षिण सेमेटिक मूलबाट भएको हो भनेर मान्दछन्। किन्तु भारत र भूमध्य सागरको बीचमा अरब सागर अवस्थित भएको कारणले भारत तथा अरबबीच सम्बन्ध हुनु स्वाभाविक मान्न सकिन्छ, भए पनि भारतवर्षमाथि इस्लाम आक्रमणभन्दा पूर्व भारत र अरबका बीच सम्बन्ध स्थापित भएको खास उल्लेख नपाइएको हुनाले यस प्रकारको मतलाई पनि स्वीकारिहाल्न उपयुक्त हुने देखिँदैन भन्ने अर्काथरी विद्वान्‌हरूको राय रहेको देखिन्छ।

भारतीय आर्यहरूद्वारा भारतवर्षमै उत्पत्ति भएको

भारतवर्षका विद्वान्‌हरूले ब्राह्मी लिपिलाई भारतीय मूलको हो भनेका छन्। विश्वका अन्य लिपिहरूको अध्ययन गर्ने होभने पनि लिपिको आविष्कारकर्ताको

---

[५] जर्ज बूलर, अनु. मङ्गलनाथ सिंह, भारतीय पुरालिपिशास्त्र, बनारस : मोतीलाल बनारसीदास, १९६६, पृ. ।

रूपमा एक-न-एक मिथक कुनै-न-कुनै देवताको नाममा जोडिएको पाइन्छ। यसै गरी भारतवर्षीय परम्परामा ब्राह्मी लिपिलाई ब्रह्माको नामसँग जोडिएको देखिन्छ र यस लिपिलाई ब्रह्माले नै आविष्कार गरेको भन्ने मान्यता रहिआएको छ।

बौद्ध धर्म ग्रंथ **ललितविस्तर**मा ६४ लिपिहरूको वर्णन पाइन्छ। यिनमध्ये प्रथम लिपिको रूपमा ब्राह्मी लिपिको नामोल्लेख आउँछ। यसै गरी जैन ग्रन्थ **समवायांग सूत्र**मा आदिनाथले आफ्नी छोरी **बम्भी**लाई पढ़ाउनको निमित्त लिपिको आविष्कार गरेका थिए। यही नामको आधारमा लिपिको ब्राह्मी नामकरण भएको हो भनेर कतिपय विद्वान्‌हरूले लेखेका छन्।

एडवर्ड थोमस लगायतका कतिपय विद्वान्‌हरूले यस ब्राह्मी लिपिलाई भारतीय मूलको हो भनेर यसको उत्पत्तिको श्रेयः द्रविडहरूलाई दिएका छन्। उनीहरूको विचारमा – 'यो द्रविड़ प्रजाति आर्यहरूले भारतमा आक्रमण गर्नुभन्दा अगाडि भारतमै वसोवास गरिरहेका जाति हुन्। यी द्रविडहरूको अवस्था आर्यहरूको भन्दा उन्नत रहेको थियो। यही समृद्ध अवस्था भएको हुनाले उनीहरूले आफ्नो सभ्यताको इतिहासलाई सुरक्षित राख्नको निमित्त लिपिको आविष्कार गर्न सफल भए भन्ने देखिन्छ।[६]

अलेक्जेण्डर कनिंघमको विचार पनि ब्राह्मी लिपिको जन्म भारतमा नै भएको हो भन्ने रहेको देखिन्छ। उनी ब्राह्मी लिपिको प्रारंभिक स्वरूप चित्र लिपिबाट उत्पन्न भएको हो भन्ने कुरा मान्दछन्। ब्राह्मी लिपिका अक्षरहरूमा प्रत्येक समूहको नाम मानव शरीरको विभिन्न अंगहरूका नामबाट राखिएको पाइनाले यस कुरालाई बलियो पुट मिल्छ भन्ने उनको विचार रहेको देखिन्छ।[७]

जान डाउजन पनि ब्राह्मी लिपिलाई भारतवर्षकै आविष्कार हो भनेर मान्दछन्। ब्राह्मी लिपिको उत्पत्ति गंगा नदीको तटवर्ती क्षेत्रमा भएको हो, यसै स्थानबाट यस लिपिको उल्लेखनीय विकास भएको हो भन्ने उनको धारणा रहेको देखिन्छ।

---

[६] Edward Thomas, **Journal of the Royal Asiatic Society**, 1981, p.102.

[७] Alexander Cunningham, **Coins of Ancient India, Vol.1**, Varanasi : Indological Book House, 1963, p.52.

जैन ग्रन्थ **पन्नवणासूत्र** तथा **समवायाङ्गसूत्र**मा ब्राह्मी लिपिको साथै निम्न १८ थरी लिपिहरूको नामोल्लेख गरिएको पाइन्छ –

तालिका नं.३:१

अष्टादश लिपिहरूको उल्लेख

१.	वंभी	२.	जवणालि या जवणालिया	३.	दोसापुरिया या दोसापुरिसा
४.	खरोट्टी या खरोष्ठी	५.	पुक्खरसारिया	६.	भोगवइया
७.	पहाराइया	८.	उपअंतरिक्खिया या उयंतरकरिया	९.	अक्खरपिट्टिया या अक्खरपुंठिया
१०.	तेवणइया या वेणइया	११.	गि [णि ?] ण्हइया या णिण्हत्तिया	१२.	अंकलिबि या अंकलिक्खा
१३.	गणितलिवि या गणियलिवि	१४.	गंधव्वलिवि	१५.	आदंसलिवि या आयसलिवि
१६.	माहेसरी या माहेस्सरी	१७.	दामिली	१८.	पोलिंदी

यताबाट प्राचीन कालमा ब्राह्मी तथा खरोष्ठी लिपिका अतिरिक्त थुप्रै लिपि विकसित अवस्थामा लोकमा प्रचलनमा रहेका देखिन्छन् ।

बौद्ध धर्मावलम्बीहरूको प्रमुख ग्रन्थ **ललितविस्तर**मा भगवान् बुद्धको चरित्रवर्णन गरिएको छ। यस ग्रन्थको निर्माण कहिले भएको हो, निश्चित रूपले भन्न सकिएको छैन तापनि यस ग्रन्थको चीनी अनुवाद वि.सं. ३६५ मा भइसकेको देखिएकोले यसभन्दा अघि यस ग्रन्थको निर्माण भएको कुरा स्पष्टै देखिन्छ। यस ग्रन्थमा निम्नलिखित ६४ लिपिहरूको वर्णन गरिएको छ।

तालिका नं.३:२

चौसठ्ठी लिपिहरूको उल्लेख

१.	ब्राह्मी	२.	खरोष्ठी	३.	पुष्करसारी	४.	अंगलिपि
५.	बंगलिपि	६.	मगधलिपि	७.	मांगल्यलिपि	८.	मनुष्यलिपि
९.	अंगुलीयलिपि	१०.	शक्रारिलिपि	११.	ब्रह्मवल्ली लिपि	१२.	द्राविडलिपि
१३.	कनारिलिपि	१४.	दक्षिणलिपि	१५.	उग्रलिपि	१६.	संख्यालिपि
१७.	अनुलोमलिपि	१८.	ऊर्ध्वधनुर्लिपि	१९.	दरदलिपि	२०.	खास्यलिपि
२१.	चीनलिपि	२२.	हूणलिपि	२३.	मध्याक्षर विस्तर लिपि	२४.	पुष्पलिपि
२५.	देवलिपि	२६.	नागलिपि	२७.	यक्षलिपि	२८.	गन्धर्वलिपि
२९.	किन्नरलिपि	३०.	महोरगलिपि	३१.	असुरलिपि	३२.	गरुडलिपि
३३.	मृगचक्रलिपि	३४.	चक्रलिपि	३५.	वायुमरुलिपि	३६.	भौमदेव लिपि
३७.	अंतरिक्षदेवलिपि	३८.	उत्तरकुरुद्वीप लिपि	३९.	अपरगौडादि लिपि	४०.	पूर्वविदेह लिपि
४१.	उत्क्षेपलिपि	४२.	निक्षेपलिपि	४३.	विक्षेपलिपि	४४.	प्रक्षेपलिपि
४५.	सागरलिपि	४६.	वज्रलिपि	४७.	लेखप्रतिलेख लिपि	४८.	अनुद्रुतलिपि
४९.	शास्त्रावर्तलिपि	५०.	गणावर्तलिपि	५१.	उत्क्षेपावर्त लिपि	५२.	विक्षेपावर्त लिपि
५३.	पादलिखितलिपि	५४.	द्विरुत्तरपद सन्धि लिखित लिपि	५५.	दशोत्तर पदसन्धि लिखित लिपि	५६.	अध्याहारिणी लिपि
५७.	सर्वरुत्संग्रहिणी लिपि	५८.	विद्यानुलोम लिपि	५९.	विमिश्रित लिपि	६०.	ऋषितपस्तप्त लिपि
६१.	धरणीप्रेक्षणा लिपि	६२.	सर्वौषध निष्यन्दलिपि	६३.	सर्वसार संग्रहिणी लिपि	६४.	सर्वभूत रुद्ग्रहणी लिपि

यसरी ललितविस्तर ग्रन्थले ६४ ओटा लिपिहरूको उल्लेख गरेको देख्दा यी लिपिहरू प्राचीन कालमा विभिन्न स्थानहरूमा प्रचलनमा रहिरहेका देखिन्छन् ।

वि.सं. ७२५ मा चीनमा बौद्ध विश्वकोश फा–युअन्–चु–लिन् (Fa yuan chu lin) को रचना गरिएको थियो । यस कोशमा ब्राह्मी तथा खरोष्ठी लिपिको समेत चर्चा चलाइएको छ। यस ग्रन्थमा लेखनकलाको विकास तीन जना दैवी शक्ति भएका आचार्यहरूले प्रारम्भ गरेका हुन् भनिएको छ। ती हुन्– १. बायाँतर्फबाट दायाँतर्फ लेखिने सबैभन्दा प्रख्यात ब्राह्मी लिपि – ब्रह्माले, २. दायाँतर्फबाट बायाँतर्फ लेखिने खरोष्ठी लिपि – खरोष्ठ (किअ–लु–से–टो) (K'(i)a-lu-she-to) ले, र ३. माथिबाट तलतिर लेखिने चीनीयाँ लिपिचाहिँ – त्सं की ले । यसमा ब्रह्मा र खरोष्ठले आ-आफ्नो लिपि देवलोकबाट पाएको तथा चीनीयाँ लिपिचाहिँ त्संकी ले पक्षीका पञ्जाहरूको चिह्नबाट बनाइएको समेत उल्लेख गरिएको छ। यताबाट ब्राह्मी लिपि प्राचीन समयदेखि नै चलिआएको तथा अन्य लिपिहरूभन्दा महत्त्वपूर्ण रहेको देखिन्छ।

यस लिपिलाई किन ब्राह्मी लिपि भनी नामकरण गरियो भन्ने सम्बन्धमा विद्वान्हरूले निम्न तर्कलाई प्रस्तुत गर्ने गरेको पाइन्छ।

१. ब्राह्मणहरूले प्रारम्भमा यस लिपिको विकास गरी प्रचलनमा ल्याए, त्यसै कारण ब्राह्मी लिपि भनिएको हो ।

२. भारतवर्षका निवासीहरूले ब्रह्म (वेद वा ज्ञान) प्राप्तिका लागि यस लिपिको आविष्कार गरेका थिए। त्यसै अर्थमा यस लिपिलाई ब्राह्मी भनिएको हो ।

३. वि.सं.७२५ मा रचना गरिएको चिनीयाँ शब्दकोष फा–युअन्–चु–लिन् मा ब्राह्मी लिपिको आविष्कारक ब्रह्मा हुन् भनिएको छ। त्यही नामबाट यस लिपिलाई ब्राह्मी भनिएको हुनुपर्छ।

४. भारतवर्षमा ब्राह्मी लिपि प्राचीन कालदेखि नै प्रचलनमा आइरहेको हो। ब्रह्माण्डका सम्पूर्ण चराचर जीवजन्तुहरूको सृष्टि ब्रह्माजीले गरेजस्तै यस लिपिको सृष्टि पनि ब्रह्माजीबाट नै भएको हो ।

तालिका नं.३:३

ब्राह्मी लिपिमा स्वरवर्ण

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
अ		आ		इ		उ	
ए		ओ					

माथिको तालिकामा अ वर्ण लेख्दा अंग्रेजी वर्ण K को उल्टो आकृतिको रूपमा प्रस्तुत गरिएको छभने आ लेख्दा यही अ वर्णमा शिरोरेखाबाट दायाँपट्टि छोटो रेखा तानिएको छ। यसै गरी इ वर्ण लेख्दा दुई बिन्दुको माथिबाट बीचमा अर्को बिन्दु राखी त्रिबिन्दुको आकृति बनाइएको छभने उ वर्ण लेख्दा सीधा रेखामा तलबाट दायाँतर्फ छोटो रेखा तानी कोणात्मक बनाइएको अर्थात् अंग्रेजी वर्ण L को आकृतिको रूपमा प्रस्तुत गरिएको छ। ए वर्ण त्रिभुजस्वरूपको छभने ओ वर्णका लागि उ वर्णको शिरोरेखामा माथिबाट बायाँपट्टि छोटो रेखा तानिएको देखिन्छ।

तालिका नं.३:४

ब्राह्मी लिपिमा व्यञ्जन वर्ण

कु (क, ख, ग, घ, ङ)

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
क		ख		ग		घ		ङ	

माथिको तालिकामा क वर्ण धनचिह्न-स्वरूपको जस्तो छभने ख वर्ण बायाँपट्टि मोडिएको अङ्कुशे आकृतिको देखिन्छ। यसै गरी ग वर्ण दायाँ बायाँ

समान रेखा भएको कोणात्मक आकृतिको अथवा अहिलेको अंग्रेजी वर्ण **V** को उल्टो स्वरूपको देखिन्छभने **घ** वर्ण एउटा सीधा रेखामा दायाँपट्टि साना साना दुइटा रेखा उठाइएको अवस्थामा देखिन्छ। **ङ** वर्णभने दायाँ फर्किएको अहिलेको वक्र कोष्ठकजस्तो आकृतिको देखिन्छ।

तालिका नं.३:५

ब्राह्मी लिपिमा व्यञ्जन वर्ण

चु (च, छ, ज, झ, ञ)

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
च		छ		ज		झ		ञ	

माथिको तालिकामा **च** वर्ण एउटा सरल रेखामा बायाँपट्टि तल अर्द्धवृत्तात्मक आकृति जोडिएको अर्थात् अंग्रेजी वर्ण **d** को आकारको रूपमा प्रस्तुत गरिएको छभने **छ** वर्ण यही **च** वर्णको आकृतिमा दायाँपट्टि पनि अर्द्धवृत्तात्मक आकारको चिह्न थपी पूर्ण वृत्तको आकारको बनाइएको देखिन्छ। **ज** वर्ण एउटा सरल रेखामा दायाँपट्टि शिरमा, बीचमा र तलसमेत गरी स-साना तीन ओटा रेखा तानिएको आकृतिमा अर्थात् अंग्रेजी वर्ण **E** को आकारको रूपमा प्रस्तुत गरिएको देखिन्छभने **झ** वर्ण एउटा सरल रेखामा बीचबाट दायाँपट्टि छोटो रेखा तानी माथि शिरोरेखासम्म पुर्‍याइएको आकृतिमा देखिन्छ। यसै गरी **ञ** वर्ण एउटा सरल रेखामा बीचबाट दायाँपट्टि छोटो रेखा तलसम्म तानिएको अवस्थामा रहेको देखिन्छ।

तालिका नं.३:६

ब्राह्मी लिपिमा व्यञ्जन वर्ण

टु (ट, ठ, ड, ढ, ण)

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
ट		ठ		ड		ढ		ण	

माथिको तालिकामा **ट** वर्ण अंग्रेजी वर्ण **c** को आकारको रूपमा प्रस्तुत गरिएको छभने **ठ** वर्ण सानो वृत्तको आकृतिको देखिन्छ। **ड** वर्ण खुड्किलो जस्तो आकृतिको देखिन्छभने **ढ** वर्ण बायाँतर्फ ढल्किएको रेखामा दायाँपट्टि तल घुमाइएको देखिन्छ। यसै गरी **ण** वर्ण एउटा सानो सरल रेखामा तल पनि माथि पनि स-साना रेखा जोडिएको आकृतिको देखिन्छ।

तालिका नं.३:७

ब्राह्मी लिपिमा व्यञ्जन वर्ण

तु (त, थ, द, ध, न)

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
त		थ		द		ध		न	

माथिको तालिकामा **त** वर्ण एउटा सरल रेखाको तलपट्टि दायाँ बायाँ दुवैतिर स-साना ठाडो रेखा जोडिएको आजभोलिको काकपदचिह्नजस्तो आकृतिको देखिन्छभने **थ** वर्ण सानो वृत्तको बीचमा बिन्दु लगाइएको स्वरूपको देखिन्छ। **द** वर्ण दायाँपट्टि अर्द्धवृत्ताकार चिह्नमा तलमाथि साना सरल रेखा जोडिएको आकृतिमा, भनौंन, देवनागरीको **द** वर्णको उल्टो स्वरूपको देखिन्छभने **ध** वर्ण

आजभोलिको अङ्ग्रेजी वर्णको Capital D जस्तो देखिन्छ। यसै गरी **न** वर्ण एउटा सानो सरल रेखाको तलपट्टि अर्को सानो रेखा आधारको रूपमा राखिएको जस्तो देखिन्छ।

तालिका नं.३:८

ब्राह्मी लिपिमा व्यञ्जन वर्ण

पु (प, फ, ब, भ, म)

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
प		फ		ब		भ		म	

माथिको तालिकामा **प** वर्ण एउटा सरल रेखाको तलबाट दायाँपट्टि अलिकति उठाइएको उल्टो अङ्कुशेको आकारको देखिन्छभने **फ** वर्ण यही **प** वर्ण को दायाँपट्टिबाट अलिकति घुमाइएकोजस्तो देखिन्छ। **ब** वर्ण चतुष्कोण स्वरूपको देखिन्छभने **भ** वर्ण खुड्किलो जस्तो आकृतिमा बीचको भुजाबाट तल सानो रेखा तानिएको आकृतिको देखिन्छ। यसै गरी **म** वर्ण तलपट्टिको आधारमा गोल गाँठो रहेको आजभोलिको देवनागरी लिपिको चार (४) को अङ्कचिह्नजस्तो देखिन्छ।

तालिका नं.३:९

ब्राह्मी लिपिमा व्यञ्जन वर्ण

(य, र, ल, व, श, ष, स, ह)

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
य		र		ल		व		श	
ष		स		ह					

माथिको तालिकामा **य** वर्ण सानो सरल रेखाको तलको बिन्दुबाट दायाँ बायाँ दुवैतर्फ अलिकति रेखा उठाइएको आकृतिमा रहेको देखिन्छभने **र** वर्ण सानो सरल रेखास्वरूपको रहेको छ। **ल** वर्ण सानो तेर्सो रेखाको दायाँपट्टिको बिन्दुबाट अलिकति तल झारी माथिसम्म उठाइएको आकृतिमा रहको छभने **व** वर्ण सानो वृत्तको मध्यभागबाट माथि छोटो सरल रेखा जोडिएको अवस्थामा रहको देखिन्छ।

यसै गरी **श** वर्ण काकपद चिह्नजस्तो आकृतिको बीचबाट तलपट्टि छोटो रेखा तानिएको, भनौंन, वाणको स्वरूपजस्तो देखिन्छभने **ष** वर्ण एउटा सरल रेखाको तलको बिन्दुबाट दायाँपट्टि अलि माथिसम्म उठाएर बीचबाट पनि त्यस्तै किसिमले दायाँपट्टि माथि उठाइएको देखिन्छ। **स** वर्ण एउटा सरल रेखामा तलको बिन्दुबाट दायाँपट्टि माथि उठाइएको अवस्थामा सरल रेखाको तलको बिन्दुबाट बायाँपट्टि पनि तल अलिकति झारिएको स्वरूपको रहेको देखिन्छभने ह वर्ण एउटा सरल रेखामा तलको बिन्दुबाट बायाँपट्टि माथि अलिकति उठाएर त्यसपछि दायाँपट्टि नै सानो तेर्सो रेखा जोडिएको पाइन्छ।

तालिका नं.३:१०

ब्राह्मी लिपिको वर्णमा आकारको मात्राचिह्न

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
का		खा		गा		घा	
चा		छा		जा		झा	
टा		ठा		डा		ढा	
णा		ता		था		दा	

धा		ना		पा		फा	
बा		भा		मा		या	
रा		ला		वा		शा	
षा		सा		हा			

ब्राह्मी लिपिको वर्णमा आकारको मात्राचिह्न वर्णका शिरोरेखाबाट दाहिनेपट्टि सानो रेखा खिंचिएको पाइन्छ। परन्तु **ज**, **ट**, **ठ**, **ण**, **थ** एवं **ब** वर्णहरूको सम्बन्धमाचाहिँ सो रेखा वर्णको मध्यभागमा दिने गरेको पाइन्छ।

तालिका नं. नं.३:११

ब्राह्मी लिपिको वर्णमा इकारको मात्राचिह्न

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
कि		खि		गि		घि	
चि		छि		जि		झि	
टि		ठि		डि		ढि	
णि		ति		थि		दि	
धि		नि		पि		फि	

बि		भि		मि		यि	
रि		लि		वि		शि	
षि		सि		हि			

ब्राह्मी लिपिको वर्णमा इकारको मात्राचिह्न साधारणतया वर्णको दाहिनेपट्टि शिरोरेखाभन्दा माथि सानो रेखा जोडिएको स्वरूपमा रहेको पाइन्छ। वर्णको आकृतिअनुरूप कुनै-कुनै वर्णमा अलि फरक स्थानमा पनि यो चिह्न जोडिएको पाइन्छ।

तालिका नं.३:१२

ब्राह्मी लिपिको वर्णमा ईकारको मात्राचिह्न

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
की		खी		गी		घी	
ची		छी		जी		झी	
टी		ठी		डी		ढी	
णी		ती		थी		दी	
धी		नी		पी		फी	

बी		भी		मी		यी	
री		ली		वी		शी	
षी		सी		ही			

ब्राह्मी लिपिको वर्णमा ईकारको मात्राचिह्न वर्णको दाहिनेपट्टि शिरोरेखाभन्दा माथि दुईओटा स-साना रेखा जोडिएका पाइन्छन्। वर्णको आकृतिअनुरूप कुनै-कुनै वर्णमा अलि फरक स्थानमा पनि यी दुई स-साना रेखा जोडिएका पाइन्छन्।

तालिका नं.३:१३

ब्राह्मी लिपिको वर्णमा उकारको मात्राचिह्न

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
कु		खु		गु		घु	
चु		छु		जु		भु	
टु		ठु		डु		ढु	
णु		तु		थु		दु	
धु		नु		पु		फु	

बु		भु		मु		यु	
रु		लु		वु		शु	
षु		सु		हु			

ब्राह्मी लिपिको वर्णमा उकारको मात्राचिह्न वर्णको तल्लो भागबाट तलपट्टि सानो रेखाले जोडिएको पाइन्छ। वर्णको तल्लो भाग सरल रेखामा रहेको अवस्थामा सो तल्लो भागको दायाँपट्टि यस्तै किसिमको सानो रेखाले पनि जोडिएको देखिन्छ।

तालिका नं.३:१४

ब्राह्मी लिपिको वर्णमा ऊकारको मात्राचिह्न

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
कू		खू		गू		घू	
चू		छू		जू		झू	
टू		ठू		डू		ढू	
णू		तू		थू		दू	
धू		नू		पू		फू	

बू		भू		मू		यू	
रू		लू		वू		शू	
षू		सू		हू			

ब्राह्मी लिपिको वर्णमा ऊकारको मात्राचिह्न लेख्दा ह्रस्व उकारको मात्राचिह्न जस्तै दुईओटा मात्राचिह्न वर्णको तल्लो भागमा जोडिएको पाइन्छ। वर्णको तल्लो भाग सरल रेखामा रहेको अवस्थामाभने सो तल्लो भागको दायाँपट्टि यस्तै किसिमका साना दुईओटा रेखा जोडिएका पनि देखिन्छन्।

तालिका नं. ३:१५

ब्राह्मी लिपिको वर्णमा एकारको मात्राचिह्न

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
के		खे		गे		घे	
चे		छे		जे		झे	
टे		ठे		डे		ढे	
णे		ते		थे		दे	
धे		ने		पे		फे	

बे		भे		मे		ये	
रे		ले		वे		शे	
षे		से		हे			

ब्राह्मी लिपिमा एकारको मात्राचिह्न लेख्दा वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा जोडेर बनाइएको पाइन्छ। वर्णको आकृतिअनुरूप कुनै-कुनै वर्णको मध्यभागबाट बायाँपट्टि सानो रेखा जोडिएको पनि देखिन्छ।

तालिका नं.३:१६

ब्राह्मी लिपिको वर्णमा ऐकारको मात्राचिह्न

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
कै		खै		गै		घै	
चै		छै		जै		झै	
टै		ठै		डै		ढै	
णै		तै		थै		दै	
धै		नै		पै		फै	

बै		भै		मै		यै	
रै		लै		वै		शै	
षै		सै		है			

ब्राह्मी लिपिको वर्णमा ऐकारको मात्राचिह्न लेख्दा एकारको मात्राचिह्नजस्तै दुईओटा मात्राचिह्न वर्णको शिरोरेखाबाट बायाँपट्टि जोडेर बनाइएको पाइन्छ। वर्णको आकृति अनुरूप कुनै-कुनै वर्णको मध्यभागबाट बायाँपट्टि यस्तै दुईओटा साना रेखा जोडिएका पनि देखिन्छन्।

तालिका नं.३:१७

ब्राह्मी लिपिको वर्णमा ओकारको मात्राचिह्न

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
को		खो		गो		घो	
चो		छो		जो		झो	
टो		ठो		डो		ढो	
णो		तो		थो		दो	
धो		नो		पो		फो	

बो		भो		मो		यो	
रो		लो		वो		शो	
षो		सो		हो			

ब्राह्मी लिपिको वर्णमा ओकारको मात्राचिह्न लेख्दा वर्णको शिरोरेखाबाट दायाँ बायाँ दुबैतिर साना तेर्सा रेखा जोडिएका, भनौंन, वर्णमा आकारको मात्राचिह्नका साथै ऐकारको मात्राचिह्नसमेत लगाइएका पाइन्छन् । वर्णको आकृतिअनुरूप कुनै-कुनै वर्णको मध्यभागबाट पनि यस्ता रेखा जोडिएका देखिन्छन् ।

तालिका नं.३:१८

ब्राह्मी लिपिको वर्णमा औकारको मात्राचिह्न

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
कौ		खौ		गौ		घौ	
चौ		छौ		जौ		झौ	
टौ		ठौ		डौ		ढौ	
णौ		तौ		थौ		दौ	
धौ		नौ		पौ		फौ	

बौ		भौ		मौ		यौ	
रौ		लौ		वौ		शौ	
षौ		सौ		हौ			

माथि बताइएबमोजिम ब्राह्मी लिपिको वर्णमा आकारको मात्राचिह्नका साथै ऐकारको मात्राचिह्नसमेत लगाएपछि औकारको मात्राचिह्न हुने प्रचलन रहेको देखिन्छ।

तालिका नं.३:१९

ब्राह्मी लिपिमा संयुक्ताक्षर

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
क्य		ख्य		ग्य		च्य	
त्य		त्व		द्व		ध्य	
न्य		प्त		भ्य		म्य	
व्य		स्त		स्प		स्म	
स्य		ह्म		ह्य		ह्व	

माथिको तालिकामा ब्राह्मी लिपिमा लेखिएका संयुक्ताक्षरका केही वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । यसमा संयुक्ताक्षर बनाउँदा पहिले उच्चारण हुने वर्ण पहिलेबाट लेखी त्यसको तलतिर अर्को वर्ण लेख्ने प्रचलन रहेको देखिन्छ । उदाहरणको लागि **क्य** वर्ण लेख्नको लागि पहिले **क** वर्ण लेखी त्यसको तलतिर **य** वर्ण लेख्ने गरिन्थ्यो । यसै गरी अरू संयुक्त वर्णहरू पनि लेख्ने गरिन्थ्यो ।

तालिका नं.३:२०

ब्राह्मी लिपिमा संख्यालेखन

देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी	देवनागरी	ब्राह्मी
१		२		३		४	
५		६		७		८	
९		१०		२०		३०	
४०		५०		६०		७०	
८०		९०		१००		२००	
३००		४००		५००		६००	
७००		८००		९००		१०००	

माथिको तालिकामा ब्राह्मी लिपिको तथा त्यसपछिको सङ्ख्याका उदाहरणहरू दिइएका छन् । यस समयमा अङ्कलेखन-पद्धति सरल र बोधगम्य थिएन। यतिखेर एकदेखि नौसम्मका नौ ओटा अङ्क; दश, बीस, तीस, चालीस, पचास, साठी, सत्तरी, असी र नब्बे जनाउने नौ ओटा अङ्क; एक सय, दुई सय, तीन सय, चार सय, पाँच सय, छ सय, सात सय, आठ सय र नौ सयका नौ ओटा अङ्क एवं एक हजारको एक अङ्क समेत विविध किसिमका अङ्कचिह्नहरू प्रचलनमा रहेका पाइन्छन् ।

नेपालमा ब्राह्मी लिपिका अभिलेख

यही ब्राह्मी लिपिमा लेखिएका, सम्राट् अशोकका दुईओटा अभिलेख नेपालमा पाइएका छन्– १.अहिलेको रुपन्देही जिल्लाको लुम्बिनीमा २.कपिलवस्तु जिल्लाको निग्लिहवामा। यी अभिलेखहरूमा उत्कीर्ण लिपिको बारेमा छलफल गर्नुभन्दा अगाडि यी स्थानहरू कसरी पत्ता लगाइएका हुन् भन्ने विषयमा छोटो जानकारी गराउनु पनि उपयुक्त हुने नै देखिन्छ।

सम्राट् अशोकले आफ्नो राज्याभिषेकको बीसौं वर्षमा भगवान् बुद्धको निर्वाण भएको २३८ वर्षपछि बुद्धजन्मस्थल लुम्बिनी तीर्थको दर्शन गरेका थिए। यस समयमा उनले स्थानीय बासिन्दाहरूलाई एक लाख असर्फी बाँडेका थिए। स्थानीय जनताको लागि करमा केही छूट पनि गरिदिएका थिए। उनले भगवान् बुद्ध जन्मनुभएको स्थानमा एउटा विशाल स्तूपको निर्माण गरे अनि अभिलेख सहितको प्रस्तरको स्तम्भ ठड्याए। उनले कपिलवस्तुमा पनि विभिन्न स्तूपहरू बनाए तथा शिलाका स्तम्भहरूसमेत राख्न लगाए। निग्लिहवामा र गोटिहवामा अहिले पनि यस्ता स्तम्भका अवशेषहरू देख्न पाइन्छन्।

ब्राह्मी लिपिमा उत्कीर्ण अभिलेख-प्राप्तिको दृष्टिकोणले विचार गर्दा यस क्षेत्रमा सम्राट् अशोकका तीन ओटा शिलास्तम्भहरू पाइएका छन्– १. अहिलेको रूपन्देही जिल्लाको लुम्बिनीमा २. कपिलवस्तु जिल्लाको निग्लिहवामा र ३. कपिलवस्तु जिल्लाकै गोटिहवामा। लुम्बिनीको स्तम्भलेखमा र निग्लिहवाको स्तम्भलेखमा अभिलेखहरू उत्कीर्ण देखिन्छन्भने गोटिहवाको स्तम्भलेखमा चाहिँ अभिलेख देखिँदैन।

भगवान् बुद्ध जन्मनुभएको धेरै वर्ष पछिसम्म पनि बुद्धको जन्मस्थल लुम्बिनीमा हो भन्ने कुराको जानकारी जन-मानसमा रहिआएको थियो। वि.सं. १३६९ मा खस राजा रिपु मल्लले यस तीर्थस्थलको यात्रा गरेका थिए र अशोकको यही स्तम्भमा आफ्नो छोटो अभिलेख पनि कुँदाएका थिए। यस समयसम्म भगवान् बुद्धको जन्मस्थल लुम्बिनी हो भन्ने कुरा जनताको बिर्सिसकेका थिएनन्। यस तीर्थको दर्शन गर्ने क्रम यथावत् चलिरहेको थियो। परन्तु समयचक्रले कोल्टो फेर्दै गयो। भारतमा विदेशी शासकहरूको शासन चल्न थाल्यो। यसले गर्दा शदीयौंदेखि श्रद्धालुहरूको हृदयमा रहिआएको भगवान् बुद्धको जन्मस्थल रहेको यो लुम्बिनी-क्षेत्रलाई पनि मानिसहरूले बिर्सँदै गए। हुँदा-हुँदा हजारौं वर्षसम्म प्रसिद्धि पाइरहेको यो लुम्बिनी–क्षेत्र खण्डहर एवं जङ्गलमा परिणत भयो। यहाँका स्तूपहरू पनि छोपिए, मन्दिरहरू पनि भग्नावेषमा परिणत भए, पाषाणस्तम्भ पनि ढले।

अब विस्तारै आधुनिक युगको थालनी भयो। विभिन्न विद्वान्हरूले यस सम्बन्धमा अनुसन्धान कार्य शुरू गरे। अनुसन्धानकर्ताहरू, प्राचीन ग्रन्थमा वर्णित लुम्बिनी एवं कपिलवस्तु जस्ता स्थानहरू पत्ता लगाउने कार्यमा जुटे। शासकहरूमा पनि आफ्नो देशको इतिहास, संस्कृति एवं पुरातत्त्वका विषयमा रुचि बढ्दै गयो। यसै समयमा श्री ३ वीरशमशेरले आफ्ना भाइ खड्गशमशेरलाई पाल्पाको बडाहाकिममा नियुक्त गरी पठाए। यी नयाँ बडाहाकिमलाई आफ्नो देशको इतिहासका विषयमा जानकारी हासिल गर्ने जिज्ञासा पलाएको हुँदा उनले यस क्षेत्रमा भ्रमण गरेर पुरातात्त्विक महत्त्वका कलाकृतिहरूको अन्वेषण गरी तिनका बारेमा पत्र-पत्रिकाहरूमा लेख पनि छपाए। पुरातात्विक महत्त्वले भरिएका यस्ता क्षेत्रहरूको भ्रमण गर्दा उनले रुम्मिनदेई (स्थानीयहरू लुम्बिनीलाई यही नामले सम्बोधन गर्दथे/गर्दछन्) मा एउटा पाषाणस्तम्भ जमीनमुनि गाडिएको छ भन्ने कुराको जानकारी पाए। यसपछि उनले वि.सं. १९४३ को मुङ्सीर महिनामा त्यस स्तम्भलाई जमीनबाट माथि ल्याउनको लागि उत्खनन कार्य शुरू गरे। यसरी उत्खनन गर्न लागेको वेलामा करीब तीन फीटमात्रै माटो खनेर स्तम्भलाई बाहिर निकाल्न बाँकी रहेको अवस्थामा आर्कियोलजिकल सर्भे अफ् इण्डियाका कर्मचारी जर्मन नागरिक एलोइस एन्टोन फुहरर (Alois Anton Fuhrer)

बडाहाकिम खड्गशमशेरलाई भेट्न डिसेम्बर १ तारिख १८८६ का दिन उत्खनन गरिरहेकै ठाउँमा आइपुगे। फुहररले खम्बामा रहेको अभिलेखको फोटो खिंचे र अभिलेखको लिपि ब्राह्मी हो भन्ने कुरा पत्ता लगाए। उनले अभिलेखको प्रतिच्छवि अष्ट्रियाको भियना विश्वविद्यालयका प्राच्य भाषाका प्राध्यापक जर्ज बूहलरलाई पठाए। त्यसपछि उनको समेत सहयोगमा फुहररले भगवान् बुद्धको जन्मस्थल नेपालकै लुम्बिनीमा भएको हो भन्ने जानकारी सहितका लेखहरूको प्रकाशन गरे। यति भएपछि बुद्धको जन्मस्थल लुम्बिनीमा सम्राट् अशोकले स्थापना गरेको विशाल शिलास्तम्भ यही हो भनेर विश्वभर प्रचार-प्रसार भयो।

बुद्ध-जन्मस्थलको विषयमा ब्रिटिश राज रहेको भारतका तीनजना विद्वानहरूले इ.सं.१८९७ (वि. सं.१९५४) मा लेखहरू प्रकाशित गरेका छन्। ती हुन्–

1. Fuhrer, A. (1897) "Monograph on Buddha Sakyamumi's Birthplace in the Nepalese Tarai", **Archaeological Survey of Northern India** (Vol.VI)
2. Smith, Vincent, A. (1897) "The Birthplace of Gautam Buddha", **Journal of Royal Asiatic Society**
3. Waddel L. A. (1897) "The Discovery of the Birthplace of the Buddha", **Journal of Royal Asiatic Society.**

यसमा स्मिथले आफ्नो लेखको शीर्षकमा 'गौतम बुद्धको जन्मस्थल' भनेका छन्भने बाडेलले चाहिँ लेखको शीर्षक 'बुद्धको जन्मस्थलको खोजी' लेखेका छन्। फुहररलेभने 'बुद्ध शाक्यमुनिको जन्मस्थल नेपाल तराईमा' भन्ने शीर्षक राखेर बुद्धको जन्मस्थल नेपालको लुम्बिनीमा नै भएको हो भनी किटेरै लेखेका छन्।

भिन्सेट स्मिथ लगायत ब्रिटिश राजका कतिपय अध्येताहरूलाई यो विषय त्यत्ति प्रिय भएन। उनीहरूको भित्री मनसाय लुम्बिनी र कपिलवस्तु दुवै तीर्थस्थल भारतीय भूमिमा नै पर्छन् भन्ने कुरा देखाउनु रहेको थियो। त्यसैले

उनीहरूले उत्खननको नाममा फुहररले स्तूपका भग्नावशेषहरूलाई भत्काइदिएको, पुरातात्त्विक सामग्रीहरू लाई नष्ट पारिदिएको समेत लाञ्छना लगाई डा.फुहररका विरुद्ध धेरै लेख एवं पुस्तकहरू प्रकाशित गरे । यही मतको पछि लागेर एक जना अध्येता भुवनलाल प्रधानले डा. फुहररप्रति आफ्नो धारणा यसरी प्रस्तुत गरेको पाइन्छ –

"सगरहवास्थित हाम्रा अमूल्य, अनुपम पुरातात्त्विक सम्पत्ति सधैंको लागि नष्ट पारिदिने डा. फुहरर नै हुन् । यसमा कुनै शङ्का छैन । पुरातात्त्विक सर्वेक्षणका विशेषज्ञ भएको नाताले उनले यी दुर्लभ वस्तुहरू अज्ञानवश बिगारेको सम्भावना देखिन्न । यसो गर्नामा उनको मनसाय के थियो होला ? यी पुरातात्त्विक सम्पदाहरूको त्यसरी विनाश गरिनदिएको भए कपिलवस्तु क्षेत्रका कतिपय नयाँ कुराहरू अहिले पत्ता लागिसक्थे होलान् । निश्चय पनि डा.फुहरर हाम्रो राष्ट्र, हाम्रो पुरातात्त्विक सम्पदा, हाम्रो बौद्धिक संस्कृति र बौद्ध धर्मकै अपूरणीय क्षतिको लागि जिम्मेबार छन् । उनको जति निन्दा गरे पनि पुग्दैन ।"[८]

परन्तु वास्तविकताभने यस्तो थिएन । बुद्धजन्मस्थल लुम्बिनी एवं सिद्धार्थ गौतमले बाल्यकाल बिताएको राजा शुद्धोदनको दरबार रहेको कपिलवस्तु यी दुवै तीर्थस्थल भारतमा नै पर्दछन् भन्ने कुरा देखाउन लागिपरेका कतिपय विद्वान्हरूले लुम्बिनी एवं कपिलवस्तु नेपालमै पर्छन् भनी प्रमाणसहित लेख्ने डा. ए.फुहररप्रति असत्य लाञ्छना लगाउने चेष्टा गरेका थिए ।[९] डा. ए. फुहररले लुम्बिनी तथा कपिलवस्तु नेपालकै भूमिमा पर्छन् भन्ने कुरा प्रमाणसहित लेखिदिएपछि उनीहरूले फुहररलाई दुःख दिने नियत राखेर उनको चरित्रहत्या गर्ने प्रयास गरेको देखिन्छ ।

यस सम्बन्धमा भिक्षु सुदर्शन महास्थविरको राय यस्तो रहेको देखिन्छ – "फुहररको २३ डिसेम्बर १८९६ मा इलाहाबाद पायनियर पत्रिकामा प्रकाशित प्राचीन भारतको भौगोलिक मानचित्र र बौद्धहरूको पवित्र इतिहासको लागि लुम्बिनी-स्तम्भ अभिलेखको ठूलो महत्त्व भएको तथ्य दर्शाउने रचना शायद यस किसिमको पहिलो प्रकाशन हो । श्रेयसम्बन्धी वादविवादको क्रम वाडेलको

---

[८] भुवनलाल प्रधान, नेपालमा बौद्ध धर्म, काठमाडौँः नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, २०४५, पृ.५२ ।

[९] केदार वाशिष्ठ, नेपाल विद्या, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०७१, पृ.१२४ ।

भनाइको प्रकाशनपछि एसियाटिक सोसाइटी अफ बंगालको पत्रिकामा प्रकाशन स्थगित भयो।... वि.सं. १९५२ (इ.सं. १८९६) मा जर्मन पुरातत्त्वविद् डा.ए.फुहररले यो नै हो भनी ठोकुवा गरे। सारांशतः अघि नै देखिसकेका अशोकस्तम्भको १८९६ को उत्खननमा अशोकको शिलास्तम्भको अभिलेख पत्ता लाग्यो। रिकेटस् (Ricketts) को त्यस स्थलमा उपस्थितिको कुरा पनि छ। पहिलो प्रतिलिपि डा. फुहररद्वारा १८९७ मा प्रकाशित गरे। यस उसले फुहररलाई अशोकस्तम्भ पत्ता लगाउने श्रेय दिने अनुचित भन्ने पक्ष र गोलमटोल गोश्वारा भाषामा खड्गशमशेरसँगै फुहररको नाम गाभेर दुवैलाई श्रेय दिने पक्षको बीचमा अन्तर्राष्ट्रिय स्तरमा बुद्धको जन्मस्थल प्रख्यात गर्नेतिर फुहररको देन विचारणीय छ भन्ने पक्ष पनि छ। वास्तवमा अशोकको शिलास्तम्भ अभिलेखको उतारछाप लिने र यसको व्यापक प्रचार गर्ने अनि लुम्बिनी-सम्बन्धी अभिलेखको वर्णनका साथै सिङ्गो पुस्तक प्रकाशित गर्ने दिशामा फुहररको देन उल्लेखनीय छ"।[१०]

यसबारे साफल्य अमात्यको विचार यस्तो रहेको देखिन्छ– "इ.सं. १८९६ मा नेपाल सरकारको पाल्पा जिल्लाका जनरल खड्गशमशेर र आर्क्योलजिकल सर्भे अफ् इण्डियाका कर्मचारी डा. ए.फुहररले शाक्यमुनि भगवान् बुद्धको जन्मस्थल हो भनी उल्लेख गरिएको सम्राट् अशोकको स्तम्भाभिलेखलाई पत्ता लगाएर जनसमक्ष प्रस्तुत गरे।"[११]

यस सम्बन्धमा विस्तृत अध्ययन गर्नुहुने केदार वाशिष्ठले "खड्गशमशेर र फुहररले संयुक्त रूपमा बुद्धको जन्मस्थल प्रमाणित गर्ने अशोक स्तम्भ र त्यसको शिलालेख पत्ता लगाएको तथ्यले प्रमाणित गरेको पाइन्छ"[१२] भनी खड्गशमशेर र फुहरर दुवै जनालाई यसको जस दिन खोजेको देखिन्छ।

जे भएपनि नेपाल सरकारले आफ्नै खर्चमा आफ्नै प्रशासक खड्गशमशेरको नेतृत्वमा गरिएको उत्खननमा सम्राट् अशोकको स्तम्भलेख पाइएको र त्यसमा

---

[१०] भिक्षु सुदर्शन महास्थविर, **लुम्बिनीको काखमा**, ललितपुरः हिमाली बौद्ध प्रशिक्षण संस्थान, २०५५, पृ.५।

[११] Saphalya Amatya, "Lumbini : The Abode of Peace and Nirvana," **Ancient Nepal** (Journal of the Department of Archaeology) Kathmandu: Number 182-183, Feb-May, 2013, P. 7.

[१२] केदार वाशिष्ठ, **नेपाल विद्या**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०७७, पृ. १२७।

‘हिद भगवंजातेति लुंमिनीगामे’ भनी बुद्धको जन्मस्थल यही हो भनी उल्लेख गरिएबाट विश्वले अहिले नेपालको लुम्बिनी नै भगवान् बुद्धको जन्मस्थल हो भनी मान्यता दिइसकेको छ। यसैले नेपाली खड्गशमशेर राणा र जर्मन एलोइस एन्टोन फुहररलाई यस महत्त्वपूर्ण कार्य गरी बुद्धको जन्मस्थल नेपालको लुम्बिनी नै हो भन्ने कुरा प्रमाणित गरी नेपालको नाम विश्वसामु प्रचार-प्रसार गरिदिएकोमा कृतज्ञता प्रकट गर्नुपर्छ।

अब जाऊँ – लुम्बिनीको अभिलेखतर्फ।

सम्राट् अशोकको लुम्बिनी-अभिलेख



स्रोत : गुगल

१. देवाना पियेन पियदसिन लाजिंन वीसतिवसाभिसितेन

२. अतन आगाच महीयिते हिदबुधे जाते सक्यमुनी ति

३. सिला विगडभीचा कालापित सिलाथमे च उसपापिते

४. हिद भगवं जातेति लुमिनिगामे उबलिके कटे

५. अठभागिये च

(देवताहरूका प्रिय प्रियदर्शी (अशोक) राजा राज्यकालको बीसौं वर्षमा आफैं आउनुभयो। यहाँ शाक्यमुनि बुद्धको जन्म भएकोले (बुद्ध जन्म) संकेतक शिलामा पूजा गरी यो शिलास्तम्भ स्थापना गर्नुभयो। यहाँ भगवान्को जन्म भएकोले गाउँको बलि (कर) घटाई आठौं भाग मात्र कायम गर्नुभयो।)

(लुम्बिनी अशोकस्तम्भ नजीकै राखिएको नेपाली अनुवाद)



उत्खननका क्रममा अशोकस्तम्भ। स्रोत : गुगल

सम्राट् अशोकको निग्लिहवाको अभिलेख



स्रोत : गुगल

१. देवानं पियेन पियदसिन लाजिन चोदसवसाभिसितेन

२. बुधस कोनाकमुनस थुबे दुतियं बढिते

३. (बीसतिव) साभिसितेन च अतन आगाच महीयते

४. (सिलो थमे च उस)पापिते[१३]

(देवताहरूका प्रिय प्रियदर्शी राजाले राज्याभिषेकको चौधौं वर्षमा बुद्ध कनक मुनिको स्तूप बढाए (बढाएर दोब्बर ठूलो बनाए)। राज्याभिषेकको बीसौं वर्षमा आफैं आएर पूजा गरे (शिलास्तम्भ) को स्थापना गरे।)



स्रोतः गुगल

---

[१३] परमेश्वरीलाल गुप्त, प्राचीन भारत के प्रमुख अभिलेख, वाराणसी : विश्वविद्यालय प्रकाशन, १९९६, पृ. ७५।

उपत्यकामा ब्राह्मी लिपिको उल्लेख

प्रसिद्ध पुरातात्विक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक पशुपति क्षेत्रको उत्तरपश्चिमतर्फ चावहिल स्थानमा रहेको धन्दोचैत्य प्राचीन समयमा उपत्यकाबाट तिब्बततर्फ व्यापार गर्न जाँदा बाटोमै पर्दथ्यो। वि.सं.२०५९ सालमा यही धन्दो चैत्यको जीर्णोद्धार गर्दा चैत्यको गर्भगृहमा ब्राह्मी लिपिमा लेखिएका माटाका छापहरू तथा इँटाहरू पनि पाइएका थिए। यहाँको इँटामा ब्राह्मी लिपिमा **चारुवती थूप** लेखिएको पाइएको[१४] हुँदा उक्त इँटा प्राचीनकालमा चारुमती स्तूप बनाउन प्रयोग भएको देखिन्छ।



जम्मा ६ अक्षर लेखिएको यो इँट नेपालको अभिलेखविद्याको दृष्टिकोणले निकै महत्त्वपूर्ण मानिएको छ। किनभने ब्राह्मी लिपिमा लेखिएको यो लिखत उपत्यकामा पाइएका अभिलेखहरूमध्ये सर्वप्राचीन ठहरिएको हो।

यसरी ब्राह्मी लिपिमा लेखिएका, सम्राट् अशोकका, नेपालको लुम्बिनी तथा निग्लिहवामा रहेका अभिलेखहरू प्राचीन लिपिको अध्ययनको दृष्टिकोणले विचार गर्दा निकै महत्त्वपूर्ण मानिन्छन्। यसका साथै उपत्यकामा पाइएको ब्राह्मी लिपिमा अभिलेख लेखिएको इँटाको पनि विशिष्ट स्थान रहेको छ।

---

[१४] प्रकाश दर्नाल, "चाबहिलस्थित धन्दोचैत्यको जीर्णोद्धारबारे केही चर्चा" **प्राचीन नेपाल**, २००५ (वि.सं.२०६२), पूर्णाङ्क १५९, पृ.३५–७८।

हुन त कतिपय विद्वान्हरूले "सम्राट् अशोक विदेशी राजा भएको हुनाले तिनका अभिलेखको गणना हुँदैन"[१५] भनी यिनलाई आत्मसात् नगरेको पनि पाइन्छ। भए पनि भगवान् बुद्धको जन्मस्थलवरिपरि आफ्नै देशमा रहेका यी पुराना अभिलेखहरूलाई पुरालिपिको अध्ययनको प्रसङ्गमा पन्छाउनभने मिल्ने देखिँदैन।

यसरी यस अध्यायमा लिच्छवि, गुप्त, कुटिला, नागरी, शारदा एवं बङ्गालीलगायतका धेरै लिपिहरूको जननीको रूपमा रहेको ब्राह्मी लिपिको उत्पत्ति र विकास तथा नेपालमा रहेका ब्राह्मी लिपिमा लेखिएका अभिलेख हरूको विषयमा उदाहरणसहित विवेचना प्रस्तुत गरिएको छ।

लिपिका लागि स्रोत-ग्रन्थ

Ahmad Hasan Dani, **Indian Paleography,** New Delhi. Munshi Ram Manoharlal Publishers, Pvt.Ltd, 1986

Egbert Richter- Ushanas, **The Indus Script and the Rig-veda,** Delhi : Motilal Banarsidas Publishers Private Limited, 1997.

ईश्वर चन्द्र राही, **लेखन कला का इतिहास**, लखनौ : उत्तरप्रदेश हिन्दी संस्थान, १९८३।

गौरीशङ्कर हीराचन्द ओझा, **भारतीय प्राचीन लिपिमाला**, नयाँ दिल्ली : मुन्सीराम मनोहरलाल पब्लिशर्स प्रा. लि., १९९३।

जर्ज बूलर, अनु. मङ्गलनाथ सिंह, **भारतीय पुरालिपिशास्त्र**, वाराणसी : मोतीलाल बनारसीदास, १९६६।

सोमप्रसाद खतिवडा, **नेपालका लिपि र मुद्राहरूको परिचय**, काठमाडौँ : एम्. के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स, २०५८।

⁂

---

[१५] त्रिरत्न मानन्धर, दिनेशराज पन्त, **नेमुनि**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०७४ पृ. ९।

अध्याय : चार

लिच्छवि लिपिको वर्णमाला

हाम्रो देशको इतिहासमा लिच्छविकाललाई महत्त्वपूर्ण युग मानिएको छ। राजनीतिक उत्थान मात्र होइन, कसरी प्रजाहरूलाई सुख दिन सकिन्छ भनी हरबखत चिन्तन गरिरहने शासकहरूद्वारा व्यवस्थित जनकल्याणमुखी स्थानीय शासन-व्यवस्था, धार्मिक समन्वयको भावनालाई आत्मसात् गर्ने समाज, कला एवं वास्तुकलाको विकास, अर्थ एवं बाणिज्यमा समुन्नति तथा विद्याको उच्चतम तह आदि कुराहरूले गर्दा यस समयमा मुलुक अत्यन्त समृद्ध र विकसित रहेको पाइन्छ। हुन त उतिखेर समाजमा प्रचलित अड्डा, अदालत, कर-भन्सार-सम्बन्धी कार्यालयका नामहरू, बसोबास गर्ने ठाउँका नामहरू तथा नदी र पर्वतका नामहरूसमेत स्थानीय किरात-परिवारका भएकाले लिच्छवि-पूर्वको नेपालमा पनि व्यवस्थित शासनप्रणाली भएको कुराको आभास नपाइने होइन; भए पनि यस समयको लिखत नपाइएको र लिच्छविकालदेखिको मात्र लेख पाइएकोले हाम्रो देशमा पुरालिपिको विकासक्रम यसै समयदेखि विकसित हुँदै गएको मान्नुपर्ने हुन्छ।

लिच्छवि लिपिको अध्ययन गर्ने प्रसङ्गमा लिच्छविकाललाई पनि परिभाषित गर्नुपर्ने हुन आउँछ। लिच्छवि राजा जयदेव द्वितीयले पशुपतिको अभिलेखमा आफ्नो वंशावली लेखाएका छन्। लिच्छवि राजाबाट १२ राजाहरूलाई छाडेर सुपुष्प राजा भएका, यसपछिका २३ राजाहरूलाई छाडेर जयदेव राजा भएका, यसपछिका १२ राजाहरूलाई छाडेर वृषदेव राजा भएका, यसपछि शङ्करदेव,

यसपछि धर्मदेव, यसपछि मानदेव, यसपछि महीदेव, यसपछि वसन्तदेव, यसपछि तेह्रौं राजामा उदयदेव भएको कुरा उक्त वंशावलीमा उल्लेख गरिएको छ। उदयदेवका छोरा राजा नरेन्द्रदेव, उनका छोरा राजा शिवदेव द्वितीय र उनका छोरा जयदेव द्वितीय राजा भएको कुरा समेत उक्त अभिलेखमा वर्णन गरिएको छ।[१] आफ्नो वंशलाई रघुवंशसँग जोडेर यस अभिलेखमा राजा जयदेव द्वितीयले पहिलेका लिच्छवि राजाहरूको समेत वर्णन गरे-गराएका छन्। लिच्छविहरू नेपालमा भारतको वैशालीबाट आएका हुन्। कुन लिच्छवि राजाले यहाँ पहिले शासन गरेका हुन् भन्ने कुरा यस अभिलेखमा स्पष्ट खुलाइएको छैन।

गोपालराजवंशावलीको प्रारम्भमा राजा श्री पुष्पदेव वर्ष ७६। **तेन हि नेपाल भूमिश्चातुर्वर्ण कृता ॥ श्रीपशुपति भट्टारकस्य देवालय कृतं सृङ्खलीसंछादनम् ॥**[२] (राजा श्रीसुपुष्पदेव वर्ष ७६। तिनले नेपाल भूमिमा वर्णव्यवस्था कायम गरे। श्रीपशुपति भट्टारकको देवल बनाए। श्रृङ्खलाले छोप्ने काम गरे, छाना लाए) भन्ने उल्लेख भएबाट लिच्छवि राजा सुपुष्पदेवले नेपालमा शासन गरेको स्पष्ट देखिन्छ। राजा जयदेव द्वितीयको पशुपतिको अभिलेखमा लेखाइएको वंशावलीअनुसार राजा सुपुष्पबाट राजा जयदेव द्वितीय ५९ औं पुस्तामा पर्न आउँछन्। भारतका इतिहासविद् भगवानलाल इन्द्रजीले एक पुस्ताको भागमा २६ वर्ष पर्ने भनी लेखेका छन्[३] तापनि अहिलेलाई एक पुस्तालाई सालाखाला २५ वर्षको समय दिने होभने पनि ५९X२५ = १४७५ वर्ष हुने देखिन्छ।[४] राजा जयदेवले भगवान् पशुपतिनाथलाई सुनको केशर भएको चाँदीको कमल चढाई राखिएको यो अभिलेख वि.सं. ७९० को हो। यताबाट इतिहास-सम्बन्धी अध्ययनका लागि राजा सुपुष्पसम्म पुग्न १४७५ वर्ष अगाडि जानुपर्ने हुन्छ। यो भनेको विक्रमपूर्व सातौं शदी हुने देखिन्छ। यसो भए पनि अहिलेको अध्ययनको

---

[१] धनवज वज्राचार्य, **लिच्छविकालका अभिलेख** काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र, द्वितीय संस्करण, २०५३, पृ-५५३.

[२] Dhanavajra Vajracharya, Kamal P. Malla, **The Gopalrajvamshavali,** Franz Steiner Verlag Wiesbaden GmbH, 1985, P.75.

[३] The **Indian Antiquary** – 1884. Page 417.

[४] राजा पृथ्वीनारायण शाहको जन्म वि.सं. १७७९ मा भएको हो। राजा वीरेन्द्रवीरविक्रम शाहको निधनचाहिँ वि.सं. २०५८ मा भएको हो। राजा पृथ्वीनारायणदेखि राजा वीरेन्द्रसम्म एघाह्र पुस्ता बितेको छ र अवधिचाहिँ २०५८-१७७९ अर्थात् २७९ वर्ष रहेको छ। यताबाट एक पुस्तालाई सालाखाला २५ वर्षको समय भन्न सकिन्छ।

विषय लिपिसम्बन्धी भएकोले यसको प्रयोजनको निमित्तचाहिँ जयवर्माको अभिलेख प्राप्त भएको वर्ष शक संवत् १०७ अर्थात् वि.सं. २४२ देखि नेपाल संवत् प्रारम्भ हुँदासम्मको समय वि.सं. ९३६ सम्मको अवधि अर्थात् ६९४ वर्षको समयलाई लिच्छविकाल मानी यसै अवधिमा प्रचलित लिपिको विषयमा यो अध्ययन अघि बढाइएको छ।

लिच्छविकालको लिपिको अध्ययनका लागि मुख्य स्रोत यस समयमा राखिएका अभिलेखहरू नै हुन्। हालसम्म लिच्छविकालका करीब २४० ओटा अभिलेखहरू प्रकाशित भएका छन्। संस्कृत भाषामा काव्यात्मक पदावलीहरूद्वारा लेखिएका स्तम्भलेख, सनदको रूपमा लेखिएका शिलालेख, देव-देवीहरूका पादपीठमा अङ्कित अभिलेख, सुवर्ण-पत्र, तात्कालिक मुद्राहरूमा टङ्कित शब्दावलीहरू एवं त्यस समयमा सारिएका सीमित हस्तलिखित ग्रन्थहरूको परिशीलनबाट नै यस समयको लिपिको विषयमा विशद रूपमा अध्ययन गर्न सकिन्छ।

लिपिको विषयमा चर्चा चलाउँदा गोपालराजवंशावलीकारलाई पनि यहाँनेर सम्झनुपर्ने हुन्छ। उनले "**राजा श्रीभूमिगुप्त वर्ष ४५ तेन नेपाले गोली नाम अक्षर प्रवर्तते ॥**" (राजा श्रीभूमिगुप्त भए, वर्ष ४५। तिनले नेपालमा गोली नाम भएको अक्षर (लिपि) चलाए।)[५] भनेर लेखेका छन्। यतिखेर चलाइएको यो लिपि कुन हो भनेर अझै ठम्याउन सकिएको छैन। त्यसैले अहिलेको विषय लिच्छवि लिपितर्फ नै लाग्नुपर्ने भएको छ।

यस लिपिलाई विद्वान्हरूले विभिन्न किसिमले नामकरण गरेका छन्। सर्वप्रथम नेपालको लिच्छविकालको अभिलेख छपाउने कार्य भगवानलाल इन्द्रजी र गेओर्ग बूलरले वि.सं. १९३७ मा गरेका हुन्। ती अभिलेखहरूलाई छपाउँदा उनीहरूले यस लिपिलाई गुप्त लिपि भनी लेखेका थिए।[६] सिलविं लेभीले पनि यस लिपिलाई गुप्त लिपि नै भनेका छन्।[७] रेनिइरो नोलीले त झन् पुस्तकको नाम

---

[५] Dhanavajra Vajracharya, Kamal P. Malla, **The Gopalrajvamshavali,** Franz Steiner Verlag Wiesbaden GmbH, 1985, P.78.

[६] Pandit Bhagavanlal Indraji, "Inscriptions from Nepal." **The Indian Antiquary** Vol 9, 1880, p.163

[७] Sylvain Levi, Nepal: Historical Study of a Hindu Kingdom, **Ancient Nepal,** No 98-99, February-May, 1987,p.18 .

नै Nepalese Inscriptions in Gupta Characters भन्ने राखेर यहाँका लिच्छवि शासकहरूले प्रचलनमा ल्याएको लिपि गुप्त लिपि हो भनी स्पष्ट रूपमा भनिदिए।[८] प्रसिद्ध लिपिविद् गौरीशङ्कर हीराचन्द ओझाले राजा अंशुवर्माका अभिलेखहरू कुटिल लिपिमा लेखिएका हुन् भनी यस लिपिलाई कुटिल लिपि भनेका छन्।[९] कृष्णदेव अग्रवाल 'अरविन्द' ले पनि यस लिपिलाई गुप्त लिपि नै भनेका छन्।[१०]

नेपाली विद्वान्हरूको भनाइतर्फ विचार गरी हेर्दा इ.शि.बाबुराम आचार्य र पं.नयराज पन्तले यस लिपिलाई गुप्त र कुटिला लिपिको सम्मिश्रण भनी लेखेको पाइन्छ।[११] ज्ञानमणि नेपालले यस लिपिलाई लिच्छवि लिपि भनेको देखिन्छभने[१२] हरिराम जोशीले चाहिँ ब्राह्मी लिपि हो भनी लेखेको पाइन्छ।[१३] धनवज्र वज्राचार्य,[१४] गौतमवज्र वज्राचार्य[१५] एवं महेशराज पन्तहरूले[१६] चाहिँ यस लिपिलाई गुप्त लिपि नै भन्न रुचाएको देखिन्छ। डिल्लीरमण रेग्मीले चाहिँ यसलाई पछिल्लो ब्राह्मी लिपि मानेका छन्।[१७] यस विषयमा प्रा.डा. वेणीमाधव ढकालको राय यस्तो रहेको छ- "ब्राह्मी लिपिको विकसित रूप पूर्वलिच्छवि र उत्तरलिच्छविको प्रयोग नेपालका अभिलेखहरूमा पाइन्छ"।[१८]

---

[८] Raniero Gnoli, **Nepalese Inscriptions in Gupta Characters**, Roma: Istituto Italiano Per I1 medio ED Estremo Oriente, 1956.

[९] गौरीशङ्कर हीराचन्द ओझा, **भारतीय प्राचीन लिपिमाला**, नयाँ दिल्लीः मुंशीराम मनोहरलाल, १९९३ (पुनर्मुद्रण) पृ.६३।

[१०] कृष्णदेव, अग्रवाल 'अरविन्द' **नेपाली संस्कृत-अभिलेखों का हिन्दी अनुवाद**, दिल्लीः इष्टर्न बूक लिंकर्स, १९८५ पृ.४।

[११] लिच्छविसमयाभिलेखः, **संस्कृत सन्देश** १ वर्ष ८ अङ्क पृ.१६।

[१२] ज्ञानमणि नेपाल, **नेपाल निरूपण** काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५, पृ.५५।

[१३] हरिराम जोशी, **नेपालको प्राचीन अभिलेख**, काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३०, पृ.९।

[१४] धनवज्र, वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३ द्वितीय संस्करण, वक्तव्य ट पृष्ठ।

[१५] Gautamavajra Vajracharya, "Recently Discovered Inscriptions of Licchavi Nepal" **Kailash**, P.112.

[१६] महेशराज पन्त, **जनैपूर्णिमादेखि रानीपोखरीसम्म** काठमाडौँः खिलशर्म-राजीवलोचन जोशी स्मारक प्रतिष्ठान, २०७४ , पृ.४२।

[१७] D.R. Regmi, **Inscriptions of Ancient Nepal**, Vol 3, New Delhi: Abhinav Publications, 1983, P.8 .

[१८] वेणीमाधव ढकाल, **लिच्छविकालिकानामभिलेखानां साहित्यिकमनुशीलनम्**, काठमाडौँः प्रभालक्ष्मी राणा, २०५९, पृ.७।

लिपिविशेषज्ञ हेमराज शाक्यले यस सम्बन्धमा यस्तो लेखेका छन्- "पूर्वलिच्छवि लिपि (गुप्ताक्षर) पछिको उत्तरलिच्छवि लिपि (कुटिलाक्षर) ब्राह्मी लिपिको तृतीय रूप हो। यस लिपिको लेखनशैली शीर्षचिह्न प्रायः त्रिकोणरूप लेखिने र अक्षरको आकार केही मात्रामा पछिल्तिर ढल्किने गरी लेखिने भएकोले नै यसलाई कुटिला भन्ने नाम दिइयो। यही कुटिला लिपिलाई 'विकटाक्षर' पनि भनिन्छ। पुरातत्त्वविद् विद्वान्‌हरूले सिद्धमातृका लिपि भनेर पनि यसको नवीन नामकरण गरेका छन्। कारण ब्राह्मी लिपिको तृतीय परिवर्तन हुँदाखेरि यस लिपिको आकारप्रकार पूर्णरूपेण अक्षर र मात्रा सुसम्पन्न हुन थालेकोले यसको नाम सिद्धमातृका हुनुपर्छ भन्ने सिद्धान्त स्थिर गरिएको हो"[१९]। यताबाट यस लिपिलाई हेमराज शाक्यले सिद्धमातृका नामकरण गरेको देखिन्छ।

अर्का लिपिविशेषज्ञ शङ्करमान राजवंशीले यस सम्बन्धमा यस्तो लेखेका छन् - "गुप्त साम्राज्यताकाका भारतका शिलालेख र नेपालका लिच्छविकालका शिलालेखको तुलना गरी हेरेमा लिपिमा उत्तिको अन्तर पाइँदैन। लिच्छविकालमा नेपालमा चलेको लिपिलाई गुप्त लिपि नै भन्ने चलन थियो। वि.सं. २०१७ देखि नेपाल सरकार पुरातत्त्वविभागबाट आफ्नै ढङ्गको नाम राख्नुपर्छ भनी लिच्छविकालको लिपिको लिच्छवि लिपि भन्ने नामकरण भयो। ...तर मात्रामा कुटिलता आएपछिको लिपिलाई उत्तरलिच्छविलिपि र त्यसभन्दा अघिको लिपिलाई पूर्वलिच्छवि भनी दुई भागमा विभाजन गरे।"[२०] यताबाट नेपाल सरकारले नै यस लिपिलाई लिच्छवि लिपि नामकरण गरेको तथ्यउपर प्रकाश पार्दै यस लिपिलाई पूर्वलिच्छवि र उत्तरलिच्छवि भनी दुई भागमा विभाजन गरिएको कुरा शङ्करमानले पनि उल्लेख गरेका छन्।

यस किसिमको नामकरणको विषयमा डा. दिनेशचन्द्र रेग्मीले चाहिँ विमति जनाएको पाइन्छ। उहाँको विचार यस्तो देखिन्छ – "पूर्वलिच्छवि भन्ने शब्दले लिच्छविपूर्व वा प्राक्‌लिच्छवि भन्ने र उत्तरलिच्छवि भन्ने शब्दले लिच्छविपश्चात् भन्ने आशय व्यक्त गर्ने भएकोले यहाँ तिनको ठाउँमा प्रारम्भिक लिच्छवि र

---

[१९] हेमराज शाक्य, **नेपाल लिपि-प्रकाश**, काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३०, पृ. ५।

[२०] शङ्करमान राजवंशी, **नेपाली लिपि विकास**, काठमाडौँः श्यामसुन्दर राजवंशी, २०५९, पृ. ३।

परवर्ती लिच्छवि भन्ने शब्द बढी उपयुक्त ठानिएका छन् ।[२१] राजा मानदेवको समयभन्दा एक शताब्दी पहिलेदेखि विशाल गुप्त साम्राज्यमा प्रचलित नाना थरिका लेखनशैलीहरूलाई गुप्तलिपि भन्ने नाम दिइएको छ। तीमध्ये कुनै एक स्वाभाविक रूपमा नेपाली लिपिको उत्पत्तिको कारण हुन सक्छ, सबै होइन। यसकारण लिच्छविकालमा प्रचलित लिपिलाई गुप्तकालीन लिपिको एउटा प्रकार भन्नु धेरै गलत हुँदैन " ।[२२] यसो भए तापनि अर्को ठाउँमा "निम्नलिखित तथ्यहरूका आधारमा विचार गर्दा त्यसको लागि लिच्छवि लिपि भन्ने नाम उपयुक्त देखिन्छ"[२३] भन्ने कुरा लेखी यस लिपिलाई डा. दिनेशचन्द्र रेग्मीले लिच्छवि लिपि नै भन्न रुचाएको पनि पाइन्छ ।

यस विषयमा वाङ्मय शताब्दीपुरुष सत्यमोहन जोशीको भनाइ यस्तो रहेको छ- "पाँचौं शताब्दीका लिच्छविकालका मुद्राहरूमा भने लिच्छवी लिपि (गुप्त लिपि, जुन ब्राह्मी लिपिको विकसित रूप हो) कै प्रचलन देखिन्छ । ...... लिच्छवीकालीन पशुपति मुद्रामा पनि 'पशुपति' भन्ने जुन चार अक्षर अंकित छन् ती अक्षर लिच्छवी लिपि अर्थात् कुटिला लिपिका हुन् । कुटिला भन्नुको अर्थ गुप्ता लिपिपछि विकसित भएको लिपि हो । ... लिच्छवीकालीन शिलालेखहरू पनि यही लिच्छवी लिपि र कुटिला लिपिमा संस्कृत भाषामा उत्कीर्ण भएका पाइन्छन् ।"[२४]

यस सम्बन्धमा डा. महेशराज पन्तको धारणा चाहिँ यस्तो रहेको छ- "भारत र नेपालमा धेरै कुरा फरक छ भनी देखाउने इच्छा श्री ५ महेन्द्रको भएपछि राजाको इच्छा अनुकूलको काम गरेर पुरातत्त्व विभागले वि.सं. २०१७ देखि अंशुवर्माभन्दा अगाडिको लिपिलाई पूर्वलिच्छवि लिपि र अंशुवर्माको पालादेखिको लिपिलाई उत्तरलिच्छवि लिपि भन्न थालेको हो। यस कारण शास्त्रीय ढङ्गले भन्ने होभने 'पूर्वलिच्छवि लिपि' र 'उत्तरलिच्छवि लिपि' भन्ने नाउँको कुनै तुक छैन" ।[२५]

---

[२१] दिनेशचन्द्र रेग्मी, **पुरालेखन र अभिलेख** काठमाडौँः हिमालय बुक स्टल, २०६०, पृ.८३ ।

[२२] रेग्मी, उही पृ.१५७ ।

[२३] रेग्मी, उही पृ.१५८ ।

[२४] सत्यमोहन जोशी, **नेपाली राष्ट्रिय मुद्रा**, ललितपुरः जगदम्बा प्रकाशन, २०१९, पृ.३२ ।

[२५] महेशराज पन्त, "लोकसेवा आयोगको पुरातत्त्व समूहका प्रश्नपत्र हेर्दा" **राजधानी** २०७२ असार १ गते मङ्गलवार ।

अब निष्कर्षमा भन्नुपर्दा नेपालको प्राचीन राजवंश लिच्छविवंशका राजाहरूसहितले शासन गरेको समयावधिलाई इतिहासकारहरूले लिच्छविकाल भनेजस्तै उनीहरूले प्रयोगमा ल्याएको लिपिलाई पनि लिच्छवि लिपि भन्नु नै उपयुक्त हुने देखिन्छ।

अब लिच्छवि लिपिको वर्णमालाको विषयमा छलफल गरौँ।

तालिका नं. ४:१

लिच्छवि लिपिमा ॐ स्वरवर्ण

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ॐ		रे.३:१	ॐ		नो.१६:१
ॐ		रे.३५:१	ॐ		रे.७७:१
ॐ		रे.७९.१	ॐ		नो.५०:१
ॐ		नो.६४.१	ॐ		नो.६६:१
ॐ		नो.६९:१	ॐ		यो.०:१
ॐ		व.०: १			

ॐ वर्ण अ, उ तथा म समेत तीन अक्षर मिलेर बनेको हुन्छ। यसमा अ ले विष्णुको उ ले शिवको तथा म ले ब्रह्माको प्रतिनिधित्व गरेर त्रिमूर्तिको रहस्यात्मक मन्त्र बनेको हुन्छ।[२६] ॐ मन्त्र वेदपाठको प्रारम्भ वा अन्त्यमा उच्चारण

---

[२६] त्रयो वर्णा अजायन्ताकार उकार मकार इति तानेकधा समभरत् तदेतदोमिति। ऐतरेय ब्राह्मण ५/३२।

हुने पवित्र ध्वनि हो। वेदाध्ययनको प्रारम्भ गर्दा वा वेदाध्ययन सकिइसकेपछि ॐ को उच्चारण गर्नुपर्छ। यदि प्रारम्भमा उच्चारण गरिएनभने विद्यामा प्रेम हुँदैन, यदि अन्त्यमा उच्चारण गरिएनभने पढेको विद्या बिर्सिने हुन्छ।[२७]

कतिपय उपनिषद्हरूमा ओङ्कारको लिपिगत स्वरूपको वर्णन गरिएको छ। यसमा एउटा उदाहरण हेरौं–

ॐ अकारो दक्षिणः पक्षः ऊकारस्तूत्तरः स्मृतः।
मकारं पुच्छमित्याहुरर्धमात्रा तु मस्तकम्॥

(नादबिन्दूपनिषद् ९)[२८]

(ॐ वर्ण तीन अक्षर मिलेर बनेको हुन्छ। यसमा दाहिनापट्टि अ को चिह्न, बायाँपट्टि ऊ को चिह्न (यसमा दीर्घ ऊकार लेखिएको छ) तथा म वर्ण पुच्छरको रूपमा र अर्धमात्राचाहिँ शिरमा हुन्छ।)

यिनै आर्षवचनलाई अनुसरण गरेर होला, नेपालमा उपलब्ध कतिपय लिच्छविकालका अभिलेखहरूको प्रारम्भमा यो ॐ चिह्न लेखिएको पाइन्छ। यसलाई एकथरी विद्वान्हरूले सिद्धम् वा सिद्धिरस्तु बुझाउँछ भनेर पनि लेखेका छन्।[२९] यस चिह्नलाई धनवज्र वज्राचार्यले **लिच्छविकालका अभिलेख** भन्ने ग्रन्थमा ॐ भनेर पढ्नुभएको छ।

राजा मानदेवले स्थापना गरेको लाजिम्पाटको वामनमूर्तिको पादपीठको अभिलेख (रे.३:१) को प्रारम्भमा अहिलेको देवनागरी लिपिको ७ को अङ्कचिह्न जस्तै ॐकारको चिह्न दिइएको छ। आभीरी गोमिनीको पशुपतिको अभिलेख (नो.१६:१) मा ॐकारको यो चिह्न पूरै घुमेर वर्णको शिरसम्म दायाँपट्टि आइपुगेको छ। धरहराबाट लगन जाने बाटोमा अवस्थित अवलोकितेश्वरको पादपीठमा

---

[२७] ब्राह्मणः प्रणवं कुर्यादादावन्ते च सर्वदा।
स्रवत्यनोङ्कृतं पूर्वं पुरस्ताच्च विशीर्यति॥७४॥
मनुस्मृति अध्याय २ श्लोक ७४।

[२८] बिन्ध्येश्वरीप्रसाद मिश्र 'विनय', **वातायन**, दिल्लीः परिमल पब्लिकेशन्स, २००५, पृ. ११।

[२९] महेशराज पन्त, "शरभपुरका नरेन्द्रको चौबीसौं राज्यभोग-वर्षको ताम्रपत्र" **पूर्णिमा** पूर्णाङ्क १२७, २०६४, पृ.१७५।

रहेको अभिलेख (रे.३५:१) को शुरूमा पनि ॐकारको चिह्न यस्तै ७ को अङ्कचिह्न जस्तै दिइएको छ।

अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१) को शुरूमा चाहिँ ॐकारको यो चिह्न बायाँपट्टि अलि परैसम्म तानिएको छ। अंशुवर्माको नक्साल भन्सारहिटीको अभिलेख (रे.७९:१) को शुरूमा चाहिँ ॐकारको यो चिह्न बायाँपट्टि अलि परैसम्म तानिएको छ। यसै गरी ध्रुवदेव+जिष्णुगुप्तको पाटन छिन्नमस्ताको अभिलेख (नो.५०:१) मा ॐकारको यो चिह्न पूरै घुमेर दायाँपट्टिसम्म आइपुगेको छ। पाटन यम्पिवहीको अभिलेख (नो.६४:१) को प्रारम्भमा चाहिँ ॐकारको यो चिह्न बायाँपट्टिबाट माथि दायाँसम्म घुमेको पाइन्छ। अझ नरेन्द्रदेवको यङ्गालहिटीको अभिलेख (नो:६६:१) को प्रारम्भमा ॐकारको यो चिह्न बायाँबाट माथि दायाँपट्टि निकै परसम्म घुमेको देखिन्छ। राजा नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:१) को शुरूमाभने ॐकारको यो चिह्न बायाँपट्टि घुमेर दायाँतर्फ नगई सीधै माथि गएको समेत पाइन्छ। भक्तपुर भैरवस्थानको अभिलेख (यो.०:१) मा ॐकारको यो चिह्न बायाँपट्टि माथि निकै परसम्म तानिएको पाइन्छ।[३०]

अंशुवर्माको पालाको काठमाडौँ टुँडिखेलको अभिलेख (व.०:१) मा ॐकारको यो चिह्न बायाँपट्टिबाट माथि उठेर दायाँपट्टि शिरोभागसम्मै तानिएको पाइन्छ।[३१]

यसरी लिच्छविकालका अभिलेखहरूमा ॐकारको आकृतिको लेखाइमा साधारणतया अलि-अलि फरक पर्दै गइरहेको पाइन्छ।

जानकारी - *माथिको तालिकामा ॐ वर्णको स्रोतको महलमा (रे.३:१) लेखिएको छ। यसमा रे. अक्षरले डा. डिल्लीरमण रेग्मीको Inscriptions of Ancient Nepal Volume 3 भन्ने ग्रन्थलाई जनाउँछ। त्यसपछिको ३ को अङ्कले उक्त ग्रन्थमा प्रकाशित लिच्छविकालका अभिलेखहरूको प्रतिच्छविको प्लेट नम्बरलाई जनाउँछ। त्यसपछि अर्थात् विसर्गपछि लेखिएको अङ्क १ ले उक्त अभिलेखको पंक्ति १ लाई जनाउँछ। यसैले अब माथिको तालिकाको स्रोत महलमा*

---

[३०] यस अभिलेखको फोटो मित्रवर योगेशराजले उपलब्ध गराइदिनुभएको हो।

[३१] Gautama V. Vajracharya, "Sculpted Spouts of Nepalesee Fountains and Vedic Evidence: Dolphin Deified – Review Article" **Electronic Journal of Vedic Studies** Vol. 25 (2020) Issue 3, p.23.

उल्लेखित (रे.३:१) भन्ने संकेतले डा. डिल्लीरमण रेग्मीको *Inscriptions of Ancient Nepal Volume 3* मा प्रकाशित लिच्छविकालका अभिलेखहरूको फोटोको प्लेट नं. ३ मा रहेको अर्थात् राजा मानदेवको लाजिम्पाटको अभिलेखको पंक्ति १ मा उल्लेख गरिएको ॐ वर्णलाई जनाउँछ भन्ने कुरा बुझ्नुपर्छ। यसै गरी (नो.१६:१) भन्ने संकेतले पनि *Raniero Gnoli* को *Nepalese Inscriptions in Gupta Characters* भन्ने ग्रन्थमा प्रकाशित लिच्छविकालका अभिलेखहरूको प्लेट नं १६ अर्थात् आभीरी गोमिनीको पशुपतिको अभिलेखको पंक्ति १ मा उल्लेख गरिएको ॐ वर्णलाई जनाउँछ भन्ने कुरा बुझ्नुपर्ने हुन्छ। यसैले अन्य तालिकाहरूमा पनि यहीअनुरूप संकेत वर्ण एवम् अङ्क लगाइएको व्यहोरा पनि पाठकवर्ग-समक्ष अनुरोध गरिएको छ। यसबाट आवश्यक परेको अवस्थामा संकेतमा उल्लेख गरिएबमोजिम पुस्तक पल्टाई मूल अभिलेखको प्रतिच्छवि अवलोकन गर्नसमेत सजिलो पर्ने हुन्छ। यी दुई ग्रन्थको अतिरिक्त अन्य पुस्तक एवं पत्र-पत्रिकाहरूमा प्रकाशित अभिलेखहरूको प्रतिच्छविको हकमाचाहिँ यथास्थानमा नै ती स्रोतहरूको उल्लेख गरिएको छ।

तालिका नं. ४:२

लिच्छवि लिपिमा अ स्वरवर्ण किसिम नं. – १

दुई साना दण्डलाई बीचमा छोटो रेखाले जोडिएको आजभोलिको अंग्रेजी अक्षर एच (H-Capital) जस्तो आकृति भएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
अ		नो.१.१	अ		नो. १:२१
अ		नो.९:३	अ		रे.१८:२
अ		रे.६९:११			

स्वरवर्ण **अ** को विषयमा छलफल गर्दा लिच्छविकालको लिपिमा **अ** वर्णको आकृतिलाई खास गरेर तीन किसिममा वर्गीकरण गर्नु उपयुक्त हुने देखिन्छ – १. दुई साना दण्डलाई बीचमा छोटो रेखाले जोडिएको आजभोलिको अंग्रेजी अक्षर एच (H-Capital) जस्तो आकृति भएको, २. लिच्छवि लिपिको **प** जस्तो अक्षरको बायाँ भागमा आधा ᵶ जस्तो आकृति जोडिएको, ३. करीब करीब आजभोलिको देवनागरी लिपिको **अ** जस्तै आकृतिको देखिने।

विभिन्न चरणहरूमा विकसित हुँदै गएर अक्षरहरूको विन्यासमा अलिअलि फरक पर्दै जानु स्वाभाविक कुरा हो। यस विषयमा लिपिको विकासक्रम नामक अध्यायमा प्रकाश पारिएको छ। अहिलेलाई यहाँ खास फरक देखिएका अक्षरहरूको विषयमा मात्र प्रकाश पार्ने प्रयास गरिएको छ।

माथिको तालिकामा किसिम नं. १ अर्थात् दुई साना दण्डलाई बीचमा छोटो रेखाले जोडिएको आजभोलिको अंग्रेजी अक्षर एच (H-Capital) जस्तो आकृति भएको **अ** वर्णका उदाहरणहरू प्रस्तुत गरिएका छन्।

राजा मानदेवको चाँगुनारायणको स्तम्भलेख (नो.१:१) मा **अस्त्रापास्त्र** लेख्दा दुई दण्डलाई बीचमा सानो रेखाले जोडिएको आजभोलिको अंग्रेजी अक्षर **H** जस्तो आकृतिको **अ** वर्ण उत्कीर्ण गरिएको देखिन्छ। यही स्तम्भलेखको २१ पंक्ति (नो.१:२१) मा **अद्यैव** लेख्दा **अ** वर्णको आकृति-विन्यास उही भए तापनि पहिलो पंक्तिको **अ** वर्णको दुवै लम्बरेखा करीब करीब समान देखिन्छन्‌भने यस पंक्ति (नो.१:२१)को **अ** वर्णकोचाहिँ बायाँपट्टिको रेखा अलि छोटो देखिन्छ।

निरपेक्षको चाँगुको अभिलेख (नो.९:३) मा **अन्यत्र** लेख्दा **अ** वर्णको द्विदण्डको बीचमा जोडिएको रेखा साधारण देखिन्छ। विजयवतीको सूर्यघाटको अभिलेख (रे.१८:२) मा **अनुपहत** लेख्दा **अ** वर्णको बायाँपट्टिको दण्ड निकै छोटो भई झण्डै **प** को आकृति जस्तो देखिएको छ। हाँडिगाउँको अंशुवर्माको अभिलेख (रे.६९:११) मा **अभिषेकाश्वस्य** लेख्दा **अ** वर्ण यस्तै किसिमको अर्थात् बायाँपट्टिको दण्ड छोटो नै रहेको आकृतिको देखिन्छ।

तालिका नं. ४:३

लिच्छवि लिपिमा अ स्वरवर्ण किसिम नं. – २

लिच्छवि लिपिको प जस्तो अक्षरको बायाँ भागमा आधा τ जस्तो आकृति जोडिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
अ		नो.६:३	अ		रे.१२:७
अ		नो.१६:२	अ		रे.९७:११
अ		रे.१०८:१			

माथिको तालिकामा दोस्रो किसिमको अर्थात् लिच्छवि लिपिको प जस्तो अक्षरको बायाँ भागमा आधा τ जस्तो आकृति जोडिएका अ वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

राजा मानदेवको पालाको रत्नसङ्घको देउपाटनको अभिलेख (नो.६:३) मा **शतस्य भूमिः** पछि १०० को अङ्कचिह्न लेख्दा अ वर्णको आकृति लिच्छवि लिपिको **प** जस्तो अक्षरको बायाँ भागमा आधा τ जस्तो चिह्न जोडिएको पाइन्छ। राजा मानदेवको समयको चावहिलको अभिलेख (रे.१२:७) मा **अस्यान्दिवसपूर्व्वायाम्** लेख्दा पनि अ वर्णको आकृति यस्तै किसिमको लेखिएको छभने यसमा बायाँपट्टिको दण्ड अलि वक्र किसिमको पाइन्छ। आभीरी गोमिनीको पशुपतिको अभिलेख (नो.१६:२) मा **अनुपरमेश्वर** लेख्दा पनि अ वर्णको आकृति यस्तै किसिमले लेखिएको र यसमा बीचमा जोड्ने रेखा अलि सरल आकृतिको देखिन्छ।

ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:११) मा **अपि** लेख्दा सो अ वर्ण लिच्छवि लिपिको **प** जस्तो अक्षरको बायाँ भागमा आधा τ जस्तो चिह्न जोडिएको देखिन्छ। भीमार्जुनदेव+विष्णुगुप्तको यङ्गालहिटीको

अभिलेख (रे.१०८:१) मा **अनन्तनागाधिप** लेख्दा पनि सो अ वर्ण यस्तै किसिमले लेखिएको पाइन्छ।

तालिका नं. ४:४

लिच्छवि लिपिमा अ स्वरवर्ण किसिम नं. – ३

करीब करीब आजभोलिको देवनागरी लिपिको अ जस्तै आकृतिको देखिने

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
अ		रे.१४:१	अ		नो.५९:१७
अ		नो.५९:२३	अ		रे.१३१:३
अ		रे.१४०:१८	अ		नो.८१:१०
अ		नो.८१:१६	अ		नो.८१:३५

माथिको तालिकामा तेस्रो किसिमको अर्थात् करीब करीब आजभोलिको देवनागरी लिपिको अ वर्णजस्तै आकृतिको देखिने लिच्छवि लिपिका अ वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

राजा मानदेवको पालाको विजयस्वामिनीको पलाञ्चोकको अभिलेख (रे.१४:१) मा **अस्यान्दिवस** लेख्दा अ वर्णको बायाँपट्टि आजभोलिको उ वर्णजस्तो चिह्न जोडिएर अ वर्ण करीब करीब आजभोलिको देवनागरी लिपिको अ वर्णजस्तै आकृतिको देखिन्छ। पशुपति छत्रचण्डेश्वरको अभिलेख (नो.५९:१७) मा **अशीति** लेख्दा अ वर्णको बायाँपट्टि आजभोलिको उ जस्तो आकृति जोडिएको देखिन्छ। परन्तु यसमा बायाँपट्टिको चिह्न एउटामात्र देखिन्छ। यसै अभिलेख (नो.५९:२३) मा **अथान्या** लेख्दा अ वर्णको बायाँपट्टि आजभोलिको उ जस्तो आकृति जोडिएको देखिन्छ। यसमाचाहिँ बीचको संयोजन गर्ने रेखा तुलनात्मक रूपमा अलि लामो देखिन्छ।

राजा शिवदेव द्वितीयको पालाको नालाको अभिलेख (रे.१३१:३) मा **अणङ्गशील** लेख्दा **अ** वर्ण बायाँपट्टि आजभोलिको **उ** जस्तो अक्षर लेखी त्यसलाई बायाँतिरबाट अलि लामै तानी शिरोरेखासम्म पुऱ्याइएको करीब करीब आजभोलिको देवनागरी लिपिको **अ** जस्तै लेखिएको देखिन्छ। मीननाथको अभिलेख (रे.१४०:१८) मा संवत्पछि १४८ लेख्नको लागि १०० को अङ्कचिह्न लेख्दा **अ** वर्णको आकृति करीब करीब आजभोलिको देवनागरी लिपिको **अ** वर्णजस्तै आकृतिको देखिन्छ।

जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१०) मा **अस्यान्तरे** लेख्दा तथा यही अभिलेख (नो.८१:१६) मा **अङ्गश्रिया** लेख्दा पनि अ वर्णको बायाँपट्टि आजभोलिको **उ** जस्तो वर्ण जोडिएको देखिन्छ। पशुपतिको जयदेव द्वितीयको अभिलेख (नो.८१:३५) मा संवत्पछि १५७ लेख्नको लागि १०० को अङ्कचिह्न लेख्दा **अ** वर्ण करीब करीब आजभोलिको देवनागरी लिपिको **अ** वर्णजस्तै आकृतिको देखिन्छ।

तालिका नं. ४:५

लिच्छवि लिपिमा आ स्वरवर्ण किसिम नं. – १

अ वर्णको शिरोरेखाबाट दायाँतर्फ सानो रेखा तानेर त्यसको टुप्पोबाट तल छोटो रेखा खिँचिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
आ		नो.६:३	आ		नो.६:४
आ		रा.०:५	आ		रा.०:६
आ		स्क.०:१			

लिच्छविकालका अभिलेखहरूको अध्ययन गर्दा स्वरवर्ण **आ** को आकृतिलाई खास गरेर तीन किसिममा वर्गीकरण गर्नु उपयुक्त हुने देखिन्छ – १. **अ** वर्णको शिरोरेखाबाट दायाँतर्फ सानो रेखा तानेर त्यसको टुप्पोबाट तल छोटो रेखा खिँचिएको, २. **अ** वर्णको मुख्य दण्डको तलको बिन्दुबाट आजभोलिको देवनागरी लिपिको उकार-चिह्नजस्तो (ु) आकारको मात्राचिह्न लगाइएको, ३. करीब करीब आजभोलिको देवनागरी लिपिको **अ** जस्तै देखिने **अ** वर्णको मुख्य दण्डको तलको बिन्दुबाट आजभोलिको देवनागरी लिपिको उकार-चिह्न (ु) जस्तो आकारको मात्राचिह्न लगाइएको।

माथिको तालिकामा पहिलो किसिमको अर्थात् **अ** वर्णको शिरोरेखाबाट दायाँतर्फ सानो रेखा तानेर त्यसको टुप्पोबाट तल छोटो रेखा खिँचिएका लिच्छवि लिपिका **आ** वर्णका उदाहरणहरू प्रस्तुत गरिएका छन्।

मानदेवको पालाको रत्नसङ्घको देउपाटनको अभिलेख (नो.६:३) मा **द्व्यर्द्धस्य शतस्य भूमिः** २०० ५० लेख्दा २०० को अङ्कचिह्न **अ** वर्णको शिरोरेखाबाट दायाँतर्फ सानो रेखा तानेर त्यसको टुप्पोबाट तल छोटो रेखा खिँचिएको देखिन्छ। यसै गरी यही अभिलेख (नो.६:४) मा **अर्द्धतृतीयस्य भूमिः** २०० ५० लेख्दा २०० को अङ्कचिह्न **अ** वर्णको शिरोरेखाबाट दायाँतर्फ सानो रेखा तानेर त्यसको टुप्पोबाट तल छोटो रेखा खिँची **आ** वर्ण लेखिएको देखिन्छ।

देवपाटनको विमलसंघको अभिलेख (रा.०:५) तथा (रा.०:६) मा[३२] **शतद्वयस्य भूमिः** २०० एवं **पूर्व्वप्रदेशे शतद्वयस्य भूमिः** २०० लेख्दा पनि माथि उल्लेख गरिएबमोजिम २०० को अङ्कचिह्न **अ** वर्णको शिरोरेखाबाट दायाँतर्फ सानो रेखा तानेर त्यसको टुप्पोबाट तल छोटो रेखा खिँची **आ** वर्ण लेखिएको देखिन्छ।

महेन्द्र संस्कृत विश्वविद्यालयबाट वि.सं. २०४५ मा प्रकाशित, पं. कृष्णप्रसाद भट्टराईद्वारा सम्पादित, **स्कन्दपुराणस्य अम्बिकाखण्डः** (पृ.३९) (स्क.०:१) मा पनि २०० अङ्क जनाउनको लागि अ वर्णमा आकारको मात्राचिह्न यस्तै किसिमको लगाइएको ब्लक छापिएको पाइन्छ।

---

[३२] श्यामसुन्दर राजवंशी, “देवपाटनको विमलसंघको अभिलेख” **Rolamba Millennium Issue,** (2000), पृ.१८१।

तालिका नं. ४:६

लिच्छवि लिपिमा आ स्वरवर्ण किसिम नं.– २

अ वर्णको मुख्य दण्डको तलको बिन्दुबाट आजभोलिको देवनागरी लिपिको उकार-चिह्नजस्तो (ु) आकारको मात्राचिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
आ		नो.१:१९	आ		नो.१६:१
आ		नो.१८:२	आ		रे.५९:३
आ		रे.९७:७	आ		नो.६७:२

माथिको तालिकामा दोस्रो किसिमको अर्थात् अ वर्णको मुख्य दण्डको तलको बिन्दुबाट आजभोलिको देवनागरी लिपिको उकार-चिह्नजस्तो (ु) आकारको मात्राचिह्न लगाइएका **आ** वर्णका उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

मानदेवको चाँगुको शिलालेख (नो.१:१९) मा **आहूतो** लेख्दा अ वर्णको मुख्य दण्डको तलको बिन्दुबाट आजभोलिको देवनागरी लिपिको उकार-चिह्नजस्तो (ु) आकारको मात्राचिह्न अ वर्णको दायाँपट्टिको दण्डमा लगाइएको देखिन्छ । यसैगरी आभीरी गोमिनीको पशुपतिको अभिलेख (नो.१६:१) मा **आभीरी** लेख्दा पनि यस्तै प्रकारको आकारको मात्राचिह्न लगाइएको देखिन्छ । यसमा आकारको मात्राचिह्न अलि सानो देखिन्छ । शिलापत्र कुँद्नेले **भी** अक्षर पंक्तिबद्ध रूपमा कुँद्न छुटाएको र **भी** अक्षरलाई **आ** को तल कुँद्नुपरेकोले ठाउँ नपुगेर पनि यसो भएको हुन सक्छ ।

धरोहराबाट लगन जाने बाटोको अभिलेख (नो.१८:२) मा **आर्य्या (व) लोकितेश्वर** लेख्दा अ वर्णमा यस्तै प्रकारको आकारको मात्राचिह्न लगाइएको छ, परन्तु अक्षरको अनुपातमा आकारको मात्राचिह्न ज्यादै नै ठूलो

देखिन्छ। शिवदेव+अंशुवर्माको बूढानीलकण्ठको अभिलेख (रे.५९:३) मा **आङ्लाबकसपिता** लेख्दा यस्तै प्रकारको आकारको मात्राचिह्न लगाइएको देखिन्छ। ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:७) मा **तिलमक आनीतो** लेख्दा पनि अ वर्णमा यस्तै प्रकारको आकारको मात्राचिह्न लगाइएको देखिन्छ। साधारणतया अ लेख्नको लागि द्विदण्ड लेख्दा दायाँतिरकोभन्दा बायाँतिरको दण्ड अलि छोटो हुने गर्छ। परन्तु यस अभिलेख (रे.९७:७) मा अ वर्णको बायाँतिरको दण्ड पनि दायाँकै समान देखिन्छ र आकारको मात्रा पनि बायाँतर्फ तन्किएकै पाइन्छ। नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:२) मा **आसागर** लेख्दा पनि अ वर्णको मुख्य दण्डको तलको बिन्दुबाट आजभोलिको देवनागरी लिपिको उकार-चिह्नजस्तो (ु) आकारको मात्राचिह्न लगाइएको देखिन्छ। यो आकारको मात्राचिह्न वर्णको अनुपातमा निकै ठूलो देखिन्छ।

तालिका नं. ४:७

लिच्छवि लिपिमा आ वर्ण– किसिम नं.– ३

करीब करीब आजभोलिको देवनागरी लिपिको अ जस्तै देखिने अ वर्णको मुख्य दण्डको तलको बिन्दुबाट आजभोलिको देवनागरी लिपिको उकार-चिह्न (ु) जस्तो आकारको मात्राचिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
आ		नो.६:२	आ		रे.४८:२
आ		रे.७४:२३	आ		रे.८३:६
आ		रे.१०४:५	आ		रे.१३६:१४
आ		व.०:१			

माथिको तालिकामा तेस्रो किसिमको अर्थात् करीब करीब आजभोलिको देवनागरी लिपिको **अ** जस्तै देखिने **अ** वर्णको मुख्य दण्डको तलको बिन्दुबाट आजभोलिको देवनागरी लिपिको उकार-चिह्न (ु) जस्तो आकारको मात्राचिह्न लगाइएका **आ** वर्णका उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

यसअघिको तालिका नं. ४:६ मा देखाइएको आकारको मात्राचिह्न र यस तालिका (नं.४:७) मा देखाइएको आकारको मात्राचिह्नचाहिँ एकै किसिमका हुन् । यसमा फरक किसिमको भनी वर्गीकरण गर्नुको आशय के होभने किसिम नं.२ मा दुईओटा ससाना रेखालाई बीचमा जोडेर बायाँपट्टिको सानो रेखा तेर्सो पारेर दायाँपट्टि जोडिएको **अ** वर्णको आकृति-विन्यास देखिन्छभने किसिम नं. ३ माचाहिँ **अ** वर्ण करीब करीब आजभोलिको देवनागरी लिपिको **अ** अक्षरजस्तै आकृतिको देखिन्छ । यी दुवै किसिमको **अ** वर्णमा आकारको मात्राचिह्नचाहिँ मुख्य दण्डको तलको बिन्दुबाट बायाँपट्टि आजभोलिको देवनागरी लिपिको **उ** वर्णको चिह्नजस्तो आकृति जोडिएको पाइन्छ । त्यसैले यी दुई थरीको विन्यासलाई यहाँ दुई किसिमको भनी वर्गीकरण गरिएको हो ।

मानदेवको पालाको रत्नसङ्घको देउपाटनको अभिलेख (नो.६:२) मा **आषाढमासे** लेख्दा **अ** वर्णमा आकारको मात्राचिह्न करीब करीब आजभोलिको देवनागरी लिपिको **अ** जस्तै देखिने **अ** वर्णको मुख्य दण्डको तलको बिन्दुबाट आजभोलिको देवनागरी लिपिको उकार-चिह्न (ु) जस्तो आकारको मात्राचिह्न लगाइएको देखिन्छ । यो आकारको मात्राचिह्न अक्षरको अनुपातमा निकै सानो देखिन्छ । शङ्खमूल सिकुवहीको अभिलेख (रे.४८:२) मा **आसीत्तद्गोत्र** लेख्दा **अ** वर्णको दायाँपट्टिको दण्डको तल आकारको मात्राचिह्न लगाउँदा वृत्तचिह्न जस्तो देखिन पुगेको छ । यसलाई फरक किसिमको आकारको मात्राचिह्न भनी वर्गीकरण गर्न सकिने हो, भए पनि यस किसिमको उदाहरण थोरै मात्र पाइएको र आकारको मात्राचिह्न लगाउँदा यसमा जोडिन गएको देखिएकोले यसलाई पनि यसैमा वर्गीकरण गरिएको छ ।

अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२३) मा **आषाढ** लेख्दा **अ** वर्णमा आकारको मात्राचिह्न यस्तै किसिमको लगाइएको देखिन्छ। यसमा अक्षरको अनुपातमा आकारको मात्राचिह्न अलि लामै देखिन्छ। फर्पिङ्को अभिलेख (रे.८३:६) मा **आय्यावासस्य** लेख्दा **अ** वर्ण आजभोलिको जस्तो देखिन्छ र आकारको मात्राचिह्न यस्तै किसिमको लगाइएको पाइन्छ। यसमा पनि अक्षरको अनुपातमा आकारको मात्राचिह्न अलि लामै देखिन्छ। आजभोलि देवनागरी लिपिमा **अ** लेख्नको लागि पहिले **उ** वर्ण लेखी त्यसमा दायाँपट्टि दण्ड लेखी बीचमा जोड्ने गरिन्छ। फर्पिङ्को यस अभिलेखमा बायाँपट्टिको दण्डमा अहिलेको **उ** वर्णको पूर्वरूप आउन खोजेकोजस्तो देखिन्छ।

पशुपति छत्रचण्डेश्वरको अभिलेख (रे.१०४:५) मा **आजीव्यं** लेख्दा **अ** वर्णमा आकारको मात्राचिह्न यस्तै किसिमको लगाइएको पाइन्छ। यस अभिलेखमा पनि आकारको मात्राचिह्न वर्णको अनुपातमा निकै ठूलो देखिन्छ। शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:१४) मा **आरामखरप्रदेशे** लेख्दा **अ** वर्णमा आकारको मात्राचिह्न यस्तै किसिमको लगाइएको पाइन्छ।

काठमाडौँ हनूमान्ढोकाको अभिलेखको फोटो हेर्न पाइएको छैन। माथि प्रस्तुत २०० को अङ्कचिह्नको ब्लक (व.०:१) **पूर्णिमा** पत्रिका पूर्णाङ्क १९मा प्रकाशित "लिच्छविकालका अभिलेखमा देखापरेका संवत्का अङ्कको निर्णय" भन्ने लेखबाट लिइएको हो। त्यस लेखमा धनवज्र वज्राचार्यले "लेलेको अभिलेखमा **आश्वयुजशुक्लदिवा** लेख्दा र अनन्तलिङ्गेश्वरको अभिलेखमा **आनरस्तम्भानाम्** लेख्दा यस्तै आकारको मात्राचिह्न लगाइएको छ" भनी लेख्नुभएको छ। अहिले ती अभिलेखहरूको राम्रो फोटो देख्न नपाइएकोले तिनलाई यहाँ समावेश गर्न सकिएको छैन।

तालिका नं.४:८

लिच्छवि लिपिमा इ स्वरवर्ण– किसिम नं.– १

विसर्ग जस्तो चिह्न लेखी दायाँपट्टि एक दण्ड दिइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
इ		नो.१:१६	इ		नो.२४:९
इ		नो.५२:१७	इ		नो.५४:१०
इ		रे.१०२:१४	इ		रे.११६:२३

लिच्छविकालका अभिलेखहरूको अध्ययन गर्दा स्वरवर्ण **इ** को आकृतिलाई खास गरेर तीन किसिममा वर्गीकरण गर्नु उपयुक्त हुने देखिन्छ – १. विसर्गजस्तो चिह्न लेखी दायाँपट्टि एक दण्ड दिइएको, २. विसर्ग जस्तो चिह्न तेर्सो पारेर माथिबाट लेखी त्यसको मुनिबाट आजभोलिको देवनागरी लिपिको दीर्घ ऊकारकोजस्तो (ू) चिह्न लगाइएको, ३. तीनओटा स-साना वृत्तजस्तो चिह्नद्वारा त्रिकोणको आकार दिन खोजिएको।

माथिको तालिकामा पहिलो किसिमको अर्थात् विसर्गजस्तो चिह्न लेखी दायाँपट्टि एक दण्ड दिइएका **इ** वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

मानदेवको चाँगुको स्तम्भलेख (नो.१:१६) मा **सिंह इवा** लेख्दा विसर्ग जस्तो चिह्न लेखी दायाँपट्टि एक दण्ड दिइएको **इ** वर्ण लेखिएको पाइन्छ। भक्तपुर गोलमढीटोलको अभिलेख (नो.२४:९) मा **प्रवेश इति** लेख्दा यस्तै **इ** वर्ण लेखिएको देखिन्छ। यसमा इ वर्णमा बायाँपट्टि विसर्ग जस्तो चिह्न स्पष्टसँग देखिँदैन र यो चिह्न अगाडिको **श** वर्णनजीकै टाँसिएको जस्तो पनि देखिन्छ।

ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणको अभिलेख (नो.५२:१७) मा **कार्य इत्येषो** लेख्दा विसर्ग जस्तो चिह्न लेखी दायाँपट्टि एक दण्ड दिइएको पाइन्छ। ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख (नो.५४:१०) मा **भूमगुप्त इत्येतैः** लेख्दा पनि यस्तै किसिमको स्वरवर्ण इकार लेखिएको छ। भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूको अभिलेख (रे.१०२:१४) मा **इत्येतत्सीम लेख्दा** विसर्ग जस्तो चिह्न लेखी दायाँपट्टि एक दण्ड दिइएको पाइन्छ। नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (रे.११६:२३) मा **इति स्वयमाज्ञा** लेख्दा विसर्ग जस्तो चिह्न लेखी दायाँपट्टि एक दण्ड नै दिइएको इ वर्ण लेखिएको पाइन्छ।

तालिका नं.४:९

लिच्छवि लिपिमा इ स्वरवर्ण– किसिम नं.– २

विसर्ग जस्तो चिह्न तेर्सो पारेर माथिबाट लेखी त्यसको मुनिबाट आजभोलिको देवनागरी लिपिको दीर्घ ऊकारकोजस्तो (ू) चिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
इ		नो.६२:१६	इ		नो.६२:२०
इ		नो.७३:३४	इ		नो.७४:२४
इ		नो.७६:२४	इ		नो.७६:२७
इ		नो.८०:१३	इ		नो.८३:४१

माथिको तालिकामा दोस्रो किसिमको अर्थात् विसर्ग जस्तो चिह्न तेर्सो पारेर माथिबाट लेखी त्यसको मुनिबाट आजभोलिको देवनागरी लिपिको दीर्घ

ऊकारकोजस्तो (ू) चिह्न लगाइएका **इ** वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

भीमार्जुनदेव+विष्णुगुप्तको भृङ्गारेश्वरको अभिलेख (नो.६२ः१६) मा **कर्तव्य इत्ययं** लेख्दा विसर्ग जस्तो चिह्न तेर्सो पारेर माथिबाट लेखी त्यसको मुनिबाट आजभोलिको देवनागरी लिपिको दीर्घ ऊकारकोजस्तो (ू) चिह्न लगाइएको **इ** वर्ण लेखिएको पाइन्छ। सोही अभिलेख (नो.६२ः२०) मा **स्वकृता इव** लेख्दा पनि यस्तै किसिमको **इ** वर्ण लेखिएको पाइन्छ। नरेन्द्रदेवको वज्रघरको अभिलेख (नो.७३ः३४) मा **प्रसाद इति** लेख्दा विसर्ग जस्तो चिह्न तेर्सो पारेर माथिबाट लेखी त्यसको मुनिबाट आजभोलिको देवनागरी लिपिको दीर्घ ऊकारकोजस्तो (ू) चिह्न लगाइएको **इ** वर्ण लेखिएको पाइन्छ। नरेन्द्रदेवको यागवहालको अभिलेख (नो.७४ः२४) मा **प्रणालीभ्रम इत्येतद्** लेख्दा पनि यही किसिमको **इ** वर्ण लेखिएको पाइन्छ।

शिवदेव द्वितीयको बलम्बूको अभिलेख (नो.७६ः२४) मा **इत्येतत्सीमान्तः** लेख्दा **इ** वर्ण विसर्ग जस्तो चिह्न तेर्सो पारेर माथिबाट लेखी त्यसको मुनिबाट आजभोलिको देवनागरी लिपिको दीर्घ ऊकारकोजस्तो (ू) चिह्न लगाइएको आकृतिमा लेखिएको पाइन्छ। शिवदेव द्वितीयको बलम्बूको यही अभिलेख (नो.७६ः२७) मा **इति स्वहित** लेख्दा **इ** वर्ण विसर्ग जस्तो चिह्न तेर्सो पारेर माथिबाट लेखी त्यसको मुनिबाट आजभोलिको देवनागरी लिपिको दीर्घ ऊकारकोजस्तो (ू) चिह्न लगाइएको आकृतिमा लेखिएको पाइन्छ।

बलम्बूको मीननाथको अभिलेख (नो.८०ः१३) मा **भाग इत्येव** लेख्दा विसर्ग जस्तो चिह्न तेर्सो पारेर माथिबाट लेखी त्यसको मुनिबाट आजभोलिको देवनागरी लिपिको ह्रस्व उकारकोजस्तो (ु) चिह्न लगाइएको पाइन्छ। नक्साल नारायणचौरको अभिलेख (नो.८३ः४१) मा पनि **समादिष्टा इति** लेख्दा विसर्ग जस्तो चिह्न तेर्सो पारेर माथिबाट लेखी त्यसको मुनिबाट आजभोलिको देवनागरी लिपिको ह्रस्व उकारकोजस्तो (ु) चिह्न लगाइएको पाइन्छ।

तालिका नं.४:१०

लिच्छवि लिपिमा इ स्वरवर्ण– किसिम नं.– ३

तीनओटा स-साना वृत्तजस्तो चिह्नद्वारा त्रिकोणको आकार दिन खोजिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
इ		नो.६०:१	इ		रे.१२५:२
इ		नो.७२:१५			

माथिको तालिकामा तेस्रो किसिमको अर्थात् तीनओटा स-साना वृत्तजस्तो चिह्नद्वारा त्रिकोणको आकार दिइएका इ वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

आचार्य प्रनर्दनको पशुपति छत्रचण्डेश्वरको अभिलेख (नो.६०:१) मा **प्रनर्दन इह** लेख्दा वृत्ताकारको विसर्गजस्तो चिह्नको मुनि सानो रेखा बायाँबाट दायाँतर्फ तानिएको इ वर्ण लेखिएको देखिन्छ। बलम्बूको अभिलेख (रे.१२५:२) मा **इत्येवं विदितार्थैः** लेख्दा तीनओटा स-साना वृत्तजस्तो चिह्नद्वारा त्रिकोणको आकार दिइएको इ वर्ण लेखिएको पाइन्छ। यसै गरी नरेन्द्रदेवको च्यासलटोलको अभिलेख (नो.७२:१५) मा **इमामाज्ञाम्** लेख्दा तीनओटा स-साना वृत्तजस्तो चिह्नद्वारा त्रिकोणको आकार दिइएको इ वर्ण लेखिएको पाइन्छ। यसमा अलि फरक के देखिन्छभने विसर्गजस्तो चिह्न सीधा परेर रहेको देखिन्छ।

तालिका नं.४:११

लिच्छवि लिपिमा उ स्वरवर्ण– किसिम नं.१

अहिलेको देवनागरी लिपिको ट वर्णजस्तै आकृतिको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
उ		रे. ९:१	उ		रा.०:२
उ		रे. २०:१६	उ		नो.३४:१९
उ		रे.५८:१५	उ		रे. ७५:३
उ		रे. १०२:१२	उ		रे. १०४:१६

लिच्छविकालका अभिलेखहरूको अध्ययन गर्दा स्वरवर्ण **उ** को आकृतिलाई खास गरेर चार किसिममा वर्गीकरण गर्नु उपयुक्त हुने देखिन्छ – १. अहिलेको देवनागरी लिपिको **ट** वर्णजस्तै आकृतिको, २. अहिलेको देवनागरी लिपिको **टु** वर्णजस्तै आकृतिको, ३. अहिलेको देवनागरी लिपिको **उ** वर्णसँग मिल्दोजुल्दो आकृतिको, ४. एउटा सीधा दण्डको तलको बिन्दुमा आजभोलिको उकारको मात्राको आकृतिजस्तो चिह्न जोडिएको ।

माथिको तालिकामा पहिलो किसिमको अर्थात् अहिलेको देवनागरी लिपिको **ट** वर्णजस्तै आकृतिका **उ** वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

मानदेवको पालाको देउपाटनको अभिलेख (रे.९:१) मा **उरुधीः** लेख्दा **उ** वर्ण अहिलेको देवनागरी लिपिको **ट** वर्णजस्तै आकृतिको देखिन्छ । मानदेवको

पालाको, विमलसङ्घको देउपाटनको अभिलेख (रा.०:२)[३३] मा **उरुधीः** लेख्दा **उ** वर्ण अहिलेको देवनागरी लिपिको **ट** वर्णजस्तै आकृतिको देखिन्छ। वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:१६) मा **उत्तरेणापि** लेख्दा **उ** वर्ण अहिलेको देवनागरी लिपिको **ट** वर्णजस्तै आकृतिको देखिन्छ।

शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:१९) मा **उदल्मकसेतु** लेख्दा **उ** वर्ण अहिलेको देवनागरी लिपिको **ट** वर्ण जस्तै लेखिएको पाइन्छ। शिवदेव+अंशुवर्माको बनेपाको अभिलेख (रे.५८:१५) मा पनि **उत्तरेण** लेख्दा **उ** वर्ण अहिलेको **ट** वर्ण जस्तै देखिन्छ। अंशुवर्माको साँगाको अभिलेख (रे.७५:३) मा **उच्चैर्** लेख्दा **उ** वर्ण यस्तै किसिमको लेखिएको पाइन्छ। भीमार्जुनदेव+विष्णुगुप्तको बलम्बूको अभिलेख (रे.१०२:१२) मा **उत्तरेण** लेख्दा पनि **उ** वर्ण अहिलेको **ट** वर्ण जस्तै देखिन्छ। पशुपति छत्रचण्डेश्वरको अभिलेख (रे.१०४:१६) मा **उमसोम** लेख्दा चाहिँ **उ** वर्ण अहिलेको **ठ** वर्ण जस्तो अलि जोडिन खोजेको पनि देखिन्छ।

तालिका नं.४:१२

लिच्छवि लिपिमा उ स्वरवर्ण– किसिम नं.– २

अहिलेको देवनागरी लिपिको टु वर्णजस्तै आकृतिको देखिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
उ		रे.१०६:१४	उ		रे.१०६:१८

माथिको तालिकामा दोस्रो किसिमको अर्थात् अहिलेको देवनागरी लिपिको **टु** वर्णजस्तै आकृतिको देखिएका **उ** वर्णका उदाहरणहरू प्रस्तुत गरिएका छन्।

भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:१४) मा **उत्तरपूर्वेण** लेख्दा **उ** वर्ण अहिलेको देवनागरी लिपिको **टु** वर्ण जस्तै आकृतिमा

---

[३३] श्यामसुन्दर राजवंशी, “देवपाटनको विमलसंघको अभिलेख” **Rolamba Millennium Issue,** (2000), पृ.१८१।

लेखिएको पाइन्छ। यसमा **उ** वर्ण लेख्दा अहिलेको देवनागरी लिपिको **ट** वर्णजस्तो आकृतिको भईकन मुख अलि फराकिलो देखिन्छ। यही अभिलेख (रे.१०६:१८) मा **लुम्बञ्चो उत्तरेण** लेख्दा पनि **उ** वर्ण अहिलेको देवनागरी लिपिको **टु** वर्ण जस्तै आकृतिमा लेखिएको पाइन्छ।

तालिका नं.४:१३

लिच्छवि लिपिमा उ स्वरवर्ण– किसिम नं.– ३

अहिलेको देवनागरी लिपिको उ वर्णसँग मिल्दोजुल्दो आकृतिको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
उ		नो.७०:१६	उ		रे.१३६:१५
उ		नो.८३:४९			

माथिको तालिकामा तेस्रो किसिमको अर्थात् अहिलेको देवनागरी लिपिको **उ** वर्णसँग मिल्दोजुल्दो आकृतिको **उ** वर्णका उदाहरणहरू प्रस्तुत गरिएका छन्।

नरेन्द्रदेवको ललितपुर गैह्रीधाराको अभिलेख (नो.७०:१६) मा **उपलेपने** लेख्दा **उ** वर्ण आजभोलिको देवनागरीको **उ** वर्णको आकृतिजस्तै मिल्दोजुल्दो देखिन्छ। शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:१५) मा **उपलेपने** लेख्दा **उ** वर्ण आजभोलिको देवनागरीको **उ** वर्णको आकृतिजस्तै देखिन्छ। नक्साल नारायणचौरको अभिलेख (नो.८३:४९) मा **लंखुलंउट्टणे** लेख्दा **उ** वर्ण आजभोलिको देवनागरीको **उ** वर्णको आकृतिसँग मिल्दोजुल्दो रूपको देख्न पाइन्छ।

तालिका नं.४:१४

लिच्छवि लिपिमा उ स्वरवर्ण– किसिम नं.– ४

सीधा दण्डको तलको बिन्दुमा आजभोलिको उकारको मात्राको आकृतिजस्तो चिह्न जोडिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
उ		शा.०:१	उ		नो.७४:१३

माथिको तालिकामा चौथो किसिमको अर्थात् सीधा दण्डको तलको बिन्दुमा आजभोलिको उकारको मात्राको आकृतिजस्तो चिह्न जोडिएको **उ** वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ भक्तपुर बाघहिटीको अभिलेख (शा.०:१)[३४] मा **उद्योतकाख्ये** लेख्दा **उ** वर्ण एउटा सीधा दण्डको तलको बिन्दुमा आजभोलिको उकारको मात्राको आकृतिजस्तो चिह्न जोडिएको रूपमा देख्न पाइन्छ। यसै गरी नरेन्द्रदेवको यागबहालको अभिलेख (नो.७४:१३) मा **उत्तरङ्गत्वा** लेख्दा **उ** वर्ण एउटा सीधा दण्डको तलको बिन्दुमा आजभोलिको उकारको मात्राको आकृतिजस्तो चिह्न जोडिएको रूपमा नै देख्न पाइन्छ ।

तालिका नं.४:१५

लिच्छवि लिपिमा ए स्वरवर्ण– किसिम नं.– १

सानो त्रिकोणात्मक चिह्नजस्तो आकृतिको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ए		रे.२०:१८	ए		नो.४७:२

---

[३४] यस अभिलेखको फोटो मित्रवर श्यामसुन्दर राजवंशीले उपलब्ध गराइदिनुभएको हो ।

ए		रे.९७:१२	ए		रे.१०९:१७
ए		नो.७३:३०	ए		रे.१२८:३४
ए		रे.१३६:१५	ए		नो.८१:२५

लिच्छविकालका अभिलेखहरूको अध्ययन गर्दा स्वरवर्ण **ए** को आकृतिलाई खास गरेर दुई किसिममा वर्गीकरण गर्नु उपयुक्त हुने देखिन्छ – १. सानो त्रिकोणात्मक चिह्नजस्तो आकृतिको, २. बायाँपट्टि गोल आकृतिको भएर लिच्छवि **व** वर्णसँग मिल्दोजुल्दो आकृतिको ।

माथिको तालिकामा पहिलो किसिमको अर्थात् सानो त्रिकोणात्मक चिह्नजस्तो आकृतिका ए वर्णका उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

राजा वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:१८) मा **मार्ग्ग एवा** लेख्दा ए वर्ण सानो त्रिकोणात्मक चिह्न जस्तो देखिन्छ। ललितपुर बहिलीटोलनिरको अभिलेख (नो.४७:२) मा **एतां स्थितिं** लेख्दा ए वर्ण यस्तै किसिमको देखिएको छ। ध्रुवदेव+जिष्णुगुप्तको ललितपुर छिन्नमस्ताको (रे.९७:१२) मा **एतद्ग्राम** लेख्दा ए वर्ण यस्तै किसिमको देखिएको छ। भीमार्जुनदेव+विष्णुगुप्तको ललितपुर भृङ्गारेश्वरको अभिलेख (रे.१०९:१७) मा **एवंवेदिभिः** लेख्दा ए वर्ण यस्तै किसिमको देखिएको छ।

नरेन्द्रदेवको वज्रघरको अभिलेख (नो.७३:३०) मा **एवार्यभिक्षु** लेख्दा ए वर्ण सानो त्रिकोणको चिह्न आकारको जस्तो नै देखिन्छ। वज्रघरको यही अभिलेख (रे.१२८:३४) मा **एव यतो** लेख्दा ए वर्ण सानो त्रिकोणको चिह्न आकारको जस्तो नै देखिन्छ। शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:१५) मा **एवोपरिष्टाद्** लेख्दा ए वर्ण सानो त्रिकोणको चिह्न आकारको जस्तो नै देखिन्छ। जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२५) मा **एषा**

भाति लेख्दा ए वर्ण सानो त्रिकोणको चिह्न आकारको जस्तो नै देखिन्छ, परन्तु यो चिह्नचाहिँ तलतिर फर्किएको जस्तो पनि देखिन्छ।

तालिका नं.४:१६

लिच्छवि लिपिमा ए स्वरवर्ण– किसिम नं.– २

बायाँपट्टि गोल आकृतिको भएर लिच्छवि व वर्णसँग मिल्दोजुल्दो आकृतिको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ए		रे.७४:६	ए		नो.५२:२
ए		रे.१०२:९	ए		रे.१०६:१९
ए		नो.५७:१५	ए		रे.१३६:१५

माथिको तालिकामा दोस्रो किसिमको अर्थात् बायाँपट्टि गोल आकृतिको भएर लिच्छवि **व** वर्णसँग मिल्दोजुल्दो आकृतिका ए वर्णका उदाहरणहरू प्रस्तुत गरिएका छन्।

अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:६) मा **कृत एतेन** लेख्दा ए वर्ण बायाँपट्टि गोल आकृतिको भएर लिच्छवि लिपिकै **व** वर्णको जस्तो आकृतिको देखिएको छ। ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणनिरको अभिलेख (नो.५२:२) मा **एतच्चान्यत्** लेख्दा पनि ए वर्ण यस्तै किसिमको देखिन्छ। भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूको अभिलेख (रे.१०२:९) मा **एवानुपालनहेतोः** लेख्दा पनि **ए** वर्ण बायाँपट्टि गोल आकृतिको भएर लिच्छवि लिपिकै **व** वर्णको जस्तो आकृतिको देखिन्छ। भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:१९) मा **एवोत्तरपूर्व** लेख्दा पनि ए वर्ण यस्तै किसिमको देखिन्छ। विष्णुगुप्तको मालिगाउँको अभिलेख (नो.५७:१५) मा **एवं द्वितीयं** लेख्दा पनि ए वर्ण यस्तै किसिमको देखिन्छ।

शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:१५) मा **एव सीमानं** लेख्दा पनि ए वर्ण यस्तै किसिमको अर्थात् बायाँपट्टि गोल आकृतिको भएर लिच्छवि **व** वर्णसँग मिल्दोजुल्दो आकृतिको नै देखिन्छ। यही अभिलेख (रे.१३६:१८) मा **एवोपरिष्टाद्** लेख्दाभने ए वर्ण माथि तालिका नं.४:१५ मा उल्लेख गरेबमोजिम किसिम नं.१अनुसार सानो त्रिकोणको चिह्नको आकृतिकोजस्तो नै देखिन्छ। यसैले एउटै अभिलेखमा दुई ठाउँमा ए वर्ण लेख्दा दुई किसिमको लेखिएको पाइन्छ।

तालिका नं.४:१७

लिच्छवि लिपिमा ऐ स्वरवर्ण

ए वर्णमा एकारको थप मात्राचिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ऐ		रे. ५:४			

माथिको तालिकामा ए वर्णमा एकारको थप मात्राचिह्न लगाइएको ऐकार स्वरवर्णको उदाहरण प्रस्तुत गरिएको छ। लाजिम्पाटको क्षेमसुन्दरीको अभिलेख (रे.५:४) मा **ऐशानं** लेख्दा ए वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिँचिएको एकारको थप मात्राचिह्न लगाई ऐकार स्वरवर्ण लेखिएको पाइन्छ।

तालिका नं. ४:१८

लिच्छवि लिपिमा व्यञ्जन वर्ण

कु (क, ख, ग, घ, ङ)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क		नो.१:२२	ख		नो.१:१५

ग		नो.१:२०	घ		रे.७५:११
ङ		रे.७७:१०			

माथिको तालिकामा लिच्छवि लिपिको **क** देखि **ङ** सम्मका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यसमा **क** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२२) मा उत्कीर्ण **स्मितकथः** शब्दावलीबाट लिइएको हो । यस वर्णको आकृतिको वर्णन गर्दा **क** वर्ण एउटा सीधा दण्डमा दायाँ बायाँ छोटा दुई भुजाहरू तलतिर झुकेर जोडिएको हुँदा हात जस्तो देखिई मनुष्यको रूप आउने जस्तो किसिमको लेखिएको देखिन्छ र शिरोरेखाचाहिँ त्रिकोण आकारको देखिन्छ । **ख** वर्णको उदाहरण पनि सोही अभिलेख (नो.१:१५) मा उत्कीर्ण **इत्येवम्मुख** शब्दावलीबाट लिइएको हो । **ख** वर्ण लेख्दा एउटा दण्डमा बायाँपट्टि तल **व** जस्तै गोलाकार बनाई दण्डलाई शिरोरेखाबाट बायाँपट्टि नै अलिकति तलसम्म पुऱ्याई छाडिएको देखिन्छ ।

यसैगरी **ग** वर्णको उदाहरण पनि सोही अभिलेख (नो.१:२०) मा उत्कीर्ण **गदितैः** शब्दबाट लिइएको हो । **ग** वर्ण करीब करीब अहिले देवनागरी लिपिको **ग** जस्तै देखिन्छ । यसमा अलिकति फरक के देखिन्छभने देवनागरी लिपिको **ग** वर्णमा दुवै भुजा बराबरीजसो देखिन्छ अनि लिच्छवि लिपिमाचाहिँ दायाँपट्टिको भुजा तलपट्टि अलि लामो देखिन्छ । **घ** वर्णको उदाहरणचाहिँ अंशुवर्माको साँगाको अभिलेख (रे.७५:११) मा उत्कीर्ण **तैलघटाः** भन्ने शब्दबाट लिइएको हो । **घ** वर्ण अहिलेको अङ्ग्रेजी वर्ण Capital W जस्तो देखिन्छ । **ङ** वर्णको उदाहरणचाहिँ अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१०) मा उत्कीर्ण **ब्रह्मुङ** भन्ने शब्दबाट लिइएको हो । **ङ** वर्ण वर्तमान देवनागरी लिपिको ८ को अङ्कसँग मिल्दोजुल्दो देखिन्छ ।

तालिका नं. ४:१९

लिच्छवि लिपिमा व्यञ्जन वर्ण

चु (च, छ, ज, झ, ञ)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
च		नो.१:२२	छ		नो.१:२८
ज		नो.१:२२	झ		शा.०:२
ञ		नो.१:८			

माथिको तालिकामा लिच्छवि लिपिको **च** देखि **ञ** सम्मका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यसमा च वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२२) मा उत्कीर्ण **चञ्चल** शब्दबाट लिइएको छ । यस वर्णको आकृतितर्फ ध्यान दिँदा **च** वर्ण एउटा सानो भुजाको बायाँतिर तल देवनागरीको **व** वर्णको जस्तो रूप जोडिई बायाँपट्टि चरीको चुच्चो जस्तो चिह्न निकालिएको देखिन्छ । छ वर्णको उदाहरण पनि सोही अभिलेख (नो. ०१:२८) मा उत्कीर्ण **प्रयच्छ** शब्दबाट लिइएको हो । छ वर्ण एउटा दण्डको तल दुवैतिर आँखा जस्ता दुइटा शून्य चिह्न जोडिएका देखिन्छन् । **ज** वर्णको उदाहरण पनि सोही अभिलेख (नो.१:२२) मा उत्कीर्ण **चञ्चलजला** शब्दबाट लिइएको हो । **ज** वर्ण एउटा भुजाको बायाँतिरबाट बीचमा अलिकति बाङ्गिएको रेखामा तलपट्टि अलिकति झुकेका दुई भुजाहरू सहित दायाँपट्टि तीन भुजा जोडिएका देखिन्छन् । भनौंन, **ज** वर्ण अहिलेको अंग्रेजी वर्ण Capital E सँग मिल्दोजुल्दो देखिन्छ ।

झ वर्णको उदाहरण भक्तपुर बाघहिटीको अभिलेख (शा.०:१) पंक्ति २ मा उल्लेखित **झसस्य** शब्दबाट लिइएको हो ।[३५] **झ** वर्ण अहिलेको अंग्रेजी वर्ण

---

[३५] यस अभिलेखको फोटो मित्रवर श्यामसुन्दर राजवंशीले उपलब्ध गराइदिनुभएको हो ।

Capital N को उल्टो आकृतिकोजस्तो देखिन्छ। **ञ** वर्णको उदाहरण चाहिँ चाँगुको मानदेवको अभिलेख (नो.१:८) मा उत्कीर्ण ये **चाज्ञा** भन्ने पदावलीबाट लिइएको हो। लिच्छविकालमा **जञोर्ज्ञः** अर्थात् **ज र ञ** वर्ण मिलेपछि **ज्ञ** वर्ण बन्छ भन्ने मान्यतालाई लिखतमा कायम गरिएको हुन्थ्यो। यसैले **ज र ञ** मिलेर लेखिएको **ज्ञा** अक्षरबाट यहाँ **ञ** अक्षरको उदाहरण लिइएको हो। **ञ** वर्ण आजभोलिको देवनागरी लिपिको **उ** वर्णसँग करीब करीब मिल्दोजुल्दो देखिन्छ।

तालिका नं. ४:२०

लिच्छवि लिपिमा व्यञ्जन वर्ण

ट्ु (ट, ठ, ड, ढ, ण)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ट		नो.१:१६	ठ		नो.१:१३
ड		रे:९७:२०	ढ		नो.१:१५
ण		नो.१:१७			

माथिको तालिकामा लिच्छवि लिपिको **ट** देखि **ण** सम्मका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यसमा **ट** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा उत्कीर्ण **कटसटः** शब्दबाट लिइएको हो। यस वर्णको आकृतितर्फ छलफल गर्दा **ट** वर्ण अहिलेको देवनागरी लिपिकै **ट** वर्ण जस्तै बायाँपट्टि अलिकति ढल्किएको देखिन्छ र शिरोभागचाहिँ अलि छोटो देखिन्छ। **ठ** वर्णको उदाहरण पनि यही अभिलेख (नो.१:१३) मा उत्कीर्ण **शठाः** भन्ने शब्दबाट लिइएको हो। **ठ** वर्णचाहिँ वृत्ताकार देखिन्छ।

यसै गरी **ड** वर्णको उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:२०) मा उत्कीर्ण **कडम्प्रिङ्प्रदेशे** शब्दावलीबाट लिइएको हो। **ड** वर्ण शिरोरेखाबाट दण्ड खिंची बीचमा पुगेपछि दायाँतर्फ अलिकति झुकाइएको रेखाको आकृति जस्तो देखिन्छ। **ढ** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१५) मा उत्कीर्ण **दृढम्** शब्दबाट लिइएको हो। **ढ** वर्ण करीब करीब अहिलेकै देवनागरी लिपिकै **ढ** जस्तै देखिन्छ। **ण** वर्णको उदाहरणचाहिँ मानदेवको चाँगुको अभिलेख (नो.१:१७) मा उत्कीर्ण **सत्पुत्रेण** शब्दावलीबाट लिइएको हो। अहिलेको देवनागरी लिपिमा तीनधर्के **ण** भनेजस्तै लिच्छविकालको **ण** वर्णचाहिँ चारओटा स-साना भुजा मिलेर बनेको हुन्छ र यसमा शिरोरेखा लगाइएकोचाहिँ देखिँदैन।

तालिका नं. ४:२१

लिच्छवि लिपिमा व्यञ्जन वर्ण

तु (त, थ, द, ध, न)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त		नो.१:२२	थ		नो.१:२२
द		नो.१:२८	ध		नो.१:२६
न		नो.१:२६			

माथिको तालिकामा लिच्छवि लिपिको **त** देखि **न** सम्मका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ प्रस्तुत गरिएका तु अर्थात् **त, थ, द, ध, न** को उदाहरण सबै नै मानदेवको चाँगुको अभिलेखबाट लिइएका हुन्। **त** वर्ण (नो.१:२२) तथा **थ** वर्ण

(नो.१:२२) मा उत्कीर्ण **स्मितकथः** शब्दबाट लिइएका हुन्भने **द** वर्ण (नो.१:२८) मा उत्कीर्ण **हृदया** शब्दबाट लिइएको हो । त्यसैगरी **ध** वर्ण र **न** वर्ण (नो.१:२६) मा उत्कीर्ण **धनम्** शब्दबाट लिइएका हुन् ।

यी वर्णको आकृतितर्फ ध्यान दिंदा **त** वर्ण पनि करीब करीब देवनागरी लिपिकै **त** वर्णजस्तै देखिन्छ । देवनागरीमा सरल दण्डमा बीचबाट बायाँपट्टि सानो रेखा तानी तलतिर झुकाइएको हुन्छभने लिच्छवि लिपिमा करीब करीब शिरोरेखाको नजीकैबाट सानो रेखा तानी तलतिर झुकाइएको हुन्छ । **थ** वर्ण अण्डाकार वृत्तको बीचमा रेखाले काटेको देखिन्छ । **द** वर्ण आजभोलिको देवनागरी लिपिको **ट** वर्ण जस्तो देखिन्छ । **ध** वर्ण दुई साना रेखामा तल माथि जोडिएको लाम्चो आकारको देखिन्छ । **न** वर्ण सानो दण्डमा बायाँपट्टि घुमाएर गाँठो पारी दायाँपट्टि ल्याएर बायाँपट्टि पुच्छर जस्तो छाडिएको आकृतिको देखिन्छ ।

तालिका नं. ४:२२

लिच्छवि लिपिमा व्यञ्जन वर्ण

पु (प, फ, ब, भ, म)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
प		नो.१:१५	फ		नो.८१:२१
ब		नो.१:१४	भ		नो.१:८
म		नो.१:२१			

माथिको तालिकामा लिच्छवि लिपिको **प** देखि **म** सम्मका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यसमा **प** वर्ण मानदेवको चाँगुको अभिलेख (नो.१:१५) मा उत्कीर्ण **नरपतिः** शब्दबाट लिइएको हो । यस वर्णको आकृतिलाई छलफल गर्दा **प** वर्ण

शिरोरेखामा नजोडिएको तीनैतिर ससाना समान भुजाहरूले जोडिएको सानो बाकसको आकारको जस्तो देखिन्छ। **फ** वर्ण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२१) मा उत्कीर्ण **फणावलिः** शब्दबाट लिइएको हो। **फ** वर्णचाहिँ **प** वर्णको दायाँपट्टिको भुजा बायाँ भित्र घुमेर तलपट्टि जोडिएको आकारको देखिन्छ।

ब, भ एवं **म** वर्णहरूका उदाहरणहरू पनि चाँगुको अभिलेखका नै हुन्। **ब** वर्ण (नो.१:१४) मा उत्कीर्ण **बन्धु** शब्दबाट लिइएको होभने **भ** वर्ण (नो.१:८) मा उत्कीर्ण **भर्त्तुः** शब्दबाट लिइएको हो। **म** वर्ण चाहिँ (नो.१:२१) मा लेखिएको **विक्रम** शब्दबाट लिइएको हो। **ब** वर्ण चारैतर्फ ससाना समान भुजाहरू जोडिएर चतुष्कोणाकार रहेको देखिन्छ। लिच्छविकालका अभिलेखमा **भ** वर्ण करीब करीब उतिखेरको **त** वर्णजस्तै देखिन्छ। यसमा खास फरकचाहिँ के देखिन्छभने **भ** वर्णको बायाँतर्फ तलतिर झुकेको सानो रेखाको अन्त्यमा चुच्चो नभईकन मुठारिएको हुन्छ, अनि **त** वर्णचाँहि सरक्कै तल गएको हुन्छ। **प** वर्ण पनि **म** वर्ण जस्तै देखिन्छ, यसमा अलि फरकचाहिँ के हुन्छभने **म** वर्णमा बायाँपट्टिको सानो रेखाबाट दायाँपट्टिको सानो रेखामा जोडिँदा बायाँपट्टि अलिक चुच्चो परेको देखिन्छ भने **प** वर्णमा यस्तो देखिँदैन।

तालिका नं. ४:२३

लिच्छवि लिपिमा व्यञ्जन वर्ण

य – ह

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
य		नो.१:३	य		रे.२०:८
य		रे.१०४:१०	र		नो.१:१७
ल		नो.१:१	ल		नो.७३:१४

व		नो.१:१९			
श		नो.१:८	ष		नो.१:२१
स		नो.१:२०	स		नो.७३:११
ह		नो.१:८	ह		नो.७३:१०

माथिको तालिकामा लिच्छवि लिपिको **य** देखि **ह** सम्मका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ **य** वर्णको उदाहरण तीनओटा प्रस्तुत गरिएका छन्। पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:३) मा उत्कीर्ण **यस्याञ्जात** शब्दावलीबाट लिइएको हो। यसमा **य** वर्ण आकृतिमा लिच्छवि लिपिकै **घ** वर्ण जस्तै देखिन्छ। फरकचाहिँ के छभने यी तीन भुजा भएका अक्षरमध्ये **घ** मा तीनै भुजा तलबाट जोडिएको हुन्छ, **य** माभने पहिलो भुजामा बायाँपट्टि बाटुलो पारेर घुमाईकन शून्यको आकार जस्तो गाँठो पारिएको हुन्छ। दोस्रो उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:८) मा उत्कीर्ण **वोस्तु यथा** शब्दावलीबाट लिइएको हो। यसमा तीन भुजा भएको **य** वर्णको पहिलो भुजाको माथिपट्टि बनाइएको गाँठो बाहिरपट्टि होइन कि भित्रपट्टि फर्किएको पाइन्छ। तेस्रो उदाहरण पशुपति छत्रचण्डेश्वरको अभिलेख (रे.१०४:१०) मा उत्कीर्ण **विजयराज्ये** शब्दावलीबाट लिइएको हो। यसमा **य** वर्ण विकसित हुँदै गएर अहिलेको देवनागरी लिपिको **य** वर्णसँग मिल्दोजुल्दो दुई भुजा भएको आकृतिको भइसकेको देखिन्छ।

यहाँ **र** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१७) मा उत्कीर्ण **शिरः** शब्दबाट लिइएको हो। यो **र** वर्ण शिरोरेखा त्रिकोणात्मक भएको

दण्डको रूपमा रहेको देखिन्छ। यहाँ **ल** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१) मा उत्कीर्ण **कौशल** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (नो.७३:१४) मा उत्कीर्ण **सरलवनगामी** शब्दावलीबाट लिइएको हो। पहिलो उदाहरणमा **ल** वर्ण शिरोरेखा अलि लामो भएको, बायाँतर्फ फर्किएको अङ्कुशेको चिह्नजस्तो देखिन्छ। दोस्रो उदाहरणमा **ल** वर्ण बायाँपट्टि अलि उचालिएको करीब करीब आजभोलिको देवनागरी लिपिको **ल** वर्णसँग मिल्दोजुल्दो आकृतिको हुन लागेको देखिन्छ।

यहाँ **व** वर्ण चाँगुको अभिलेख (नो.१:१९) मा उत्कीर्ण **विक्रमवशाद्** भन्ने शब्दबाट लिइएको हो। **व** वर्ण तलसम्म रेखा नतानिएको देवनागरीकै **व** वर्णसँग मिल्दोजुल्दो आकृतिको देखिन्छ। **श** वर्णको उदाहरण चाँगुको अभिलेख (नो.१:८) मा उत्कीर्ण **चाज्ञावश** भन्ने शब्दावलीबाट लिइएको हो। दुई दण्डमा लेखिएको **श** वर्ण शिरमा तथा बीचमा जोडिएको हुन्छ। यसमा बायाँपट्टिको रेखा केही छोटो हुन्छ र बायाँपट्टि नै अलिकति झुकेको पनि हुन्छ, दायाँपट्टिको रेखाचाहिँ अलि लामो हुन्छ। **ष** वर्णको उदाहरण चाँगुको अभिलेख (नो.१:२१) मा उत्कीर्ण **विषम** शब्दबाट लिइएको हो। दुई भुजा भएको **ष** वर्णको बायाँपट्टिको भुजाको तल गोलो गाँठो परी अलिकति छड्के परेर दायाँपट्टिको भुजामा जोडिएको हुन्छ।

यहाँ **स** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२०) मा उत्कीर्ण **सतीव्रत** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (नो.७३:११) मा उत्कीर्ण **भिक्षुसङ्घाय** शब्दावलीबाट लिइएको हो। पहिलो उदाहरणमा दुई भुजा भएको **स** वर्णमा बायाँपट्टिको भुजाको तल त्रिकोणात्मक रूपको गाँठो पारिएको छ। दोस्रो उदाहरणमा दुई भुजा भएको **स** वर्णमा बायाँपट्टिको भुजाको तल त्रिकोणात्मक रूपको गाँठोको आकृति जोडिएको देखिँदैन र सो भुजा बायाँपट्टिको भुजामा जोडिंदा अलि भित्र पसेको देखिन्छ। दुई भुजा भएको वर्ण **स** अनि **ष** आकृतिमा उस्तैउस्तै देखिन्छन्। यिनमा अलि फरक के देखिन्छभने **ष** वर्णमा बायाँपट्टिको भुजाको तल गोलो गाँठो पारिएको हुन्छभने **स** वर्णमाचाहिँ बायाँपट्टिको भुजाको तल त्रिकोणात्मक रूपको गाँठो पारिएको हुन्छ।

यही भेदलाई विचार नपुऱ्याएर अमद हसन दानीले सातौं शदीभन्दा पहिले नेपालमा **ष** को ज्ञान थिएन र अभिलेखहरूमा यस वर्णको प्रयोग गरिएको पाइँदैन[३६] भनी लेखेका छन् । माथिको तालिकामा **श**, **ष** एवं **स** को बारेमा तात्कालिक अभिलेखहरूमा उत्कीर्ण उदाहरणहरू प्रस्तुत गरिएबाट दानीको यो भनाइ सत्य ठहर्दैन ।

यहाँ ह वर्णको उदाहरण दुईओटा दिइएका छन् । पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:८) मा उत्कीर्ण **कारयाह** शब्दावलीबाट लिइएको हो । यसमा ह वर्ण शिरोरेखा छोटो भएको, बायाँतर्फ फर्किएको अङ्कुशेको चिह्नजस्तो देखिन्छ। दोस्रो उदाहरण नरेन्द्रदेवको पशुपति वज्रघरको अभिलेख (नो.७३:१०) मा उत्कीर्ण **गृहक्षेत्र** शब्दावलीबाट लिइएको हो । यसमा ह वर्णको तल पुच्छरको आकृतिको सानो रेखा जोडिएको पनि देखिन्छ। यी दुई उदाहरणमा मुख्य के विशेषता देखिन्छभने मानदेवको समयमा बायाँपट्टि फर्केको ह वर्ण विकसित हुँदैगएर नरेन्द्रदेवको पालासम्म आइपुग्दा दायाँपट्टि फर्किइसकेको पाइन्छ ।

तालिका नं. ४:२४

लिच्छवि लिपिमा संयुक्त वर्ण

(क, ख, ग, घ, ङ)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्क		नो.८१:२३	ङ्क		नो.१:१५
त्क		नो.१:१६	न्क		रे.८३:३

---

[३६] Ahmad Hasan Dani, **Indian Paleography**, New Delhi : Munsiram Manoharlal Publishers Pvt Ltd., 1985, P. 139.

ष्क		रे.६८:११	क्ष		नो.१:२६
ङ्क्ष		नो.१:७	स्क		नो.११:७१
ङ्ख		रे.६९:१५	ङ्ग		नो.१:४
द्ग		नो.१:५	ल्ग		नो.६७:३
ङ्घ		रे.९:२			

माथिको तालिकामा लिच्छवि लिपिको क देखि ङ सम्मका वर्णहरूसँग जोडिएका संयुक्त वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **क्क** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२३) मा उत्कीर्ण **प्राक्करतल** शब्दबाट लिइएको हो भने संयुक्त वर्ण **ङ्क** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१५) मा उत्कीर्ण **पङ्क्जा** शब्दबाट लिइएको हो । संयुक्त वर्ण **त्क** को उदाहरण मानदेवको चाँगुको स्तम्भलेख (नो.१:१६) मा उत्कीर्ण **कुलोत्कट** शब्दबाट लिइएको हो । संयुक्त वर्ण **न्क** को उदाहरण अंशुवर्माको पालाको फर्पिङ्गको अभिलेख (रे.८३:३) मा उत्कीर्ण **श्रीमान्कलहा** शब्दावलीबाट लिइएको हो । संयुक्त वर्ण **ष्क** को उदाहरण अंशुवर्माको बुङ्मतीको अभिलेख (रे.६८:११) मा उत्कीर्ण **पुष्कला** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **स्क** को उदाहरण हाँडिगाउँ सत्यनारायण स्थानको अभिलेख (नो.११:७१) मा उत्कीर्ण **समरजस्कं** शब्दबाट लिइएको हो ।

क्ष वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२६) मा उत्कीर्ण **द्विजेभ्योक्षयम्** भन्ने शब्दावलीबाट लिइएको हो। लिच्छविकालमा क+षसंयोगे क्ष अर्थात् **क र ष** वर्णको संयोग भएपछि **क्ष** अक्षर हुन्छ भन्ने मान्यतालाई स्पष्ट रूपमा व्यवहारमा लागू गरिएको थियो। यसैले **क्ष** वर्ण लेखनको लागि पहिले **क** अक्षर लेखी त्यसको तल **ष** अक्षर लेखिएको कुरा माथिको तालिकामा स्पष्टसँग देखिन्छ।

संयुक्त वर्ण **ङ्क्ष** को उदाहरण पनि यही अभिलेख (नो.१:७) मा उत्कीर्ण **सङ्क्षयाय** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **ङ्ख** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:१५) मा उत्कीर्ण **शङ्खवादयोः** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **ङ्ग** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:४) मा उत्कीर्ण **इवाङ्गवान्** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **द्ग** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:५) मा उत्कीर्ण **गद्गदाक्षर** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **ल्ग** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:३) मा उत्कीर्ण **वल्गद्वीर** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **ङ्ग** को उदाहरण मानदेवको पालाको देउपाटनको अभिलेख (रे.९:२) मा उत्कीर्ण **प्रभुसङ्ग** शब्दबाट लिइएको हो।

तालिका नं. ४:२५

लिच्छवि लिपिमा संयुक्त वर्ण

(च, छ, ज, झ, ञ)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
च्च		नो.६६:४	ञ्च		नो.१:२२
श्च		नो.१:२४			

च्छ		नो.१:२	श्छ		रे.१०४:८
ज्ज		रे.२७:३८	ञ्ज		नो.१:१४
ब्ज		रे. ५:३	ज्ञ		नो.१:२३

माथिको तालिकामा लिच्छवि लिपिको **च** देखि **ञ** सम्मका वर्णहरूसँग जोडिएका संयुक्त वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **च्च** को उदाहरण नरेन्द्रदेवको यज्ञालहिटीको अभिलेख (नो.६६:४) मा उत्कीर्ण **योलङ्करोत्युच्चकैः** शब्दावलीबाट लिइएको हो । संयुक्त वर्ण **ञ्च** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२२) मा उत्कीर्ण **चञ्चल** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **श्च** को उदाहरण पनि सोही अभिलेख (नो.१:२४) मा उत्कीर्ण **निश्चयान्** शब्दबाट लिइएको हो ।

संयुक्त वर्ण **च्छ** को उदाहरण चाँगुको अभिलेख (नो.१:२) मा उत्कीर्ण **वदातच्छविः** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **श्छ** को उदाहरण पशुपति छत्रचण्डेश्वरको अभिलेख (रे. १०४:८) मा उत्कीर्ण **दहनश्छत्र** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **ज्ज** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:३८) मा उत्कीर्ण **त्वयागाज्जगति** शब्दावलीबाट लिइएको हो । संयुक्त वर्ण **ञ्ज** को उदाहरण चाँगुको अभिलेख (नो.१:१४) मा उत्कीर्ण **महञ्जहामि** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **ब्ज** को उदाहरण क्षेमसुन्दरीको लाजिमपाटको अभिलेख (रे.५:३) मा उत्कीर्ण **तस्याब्जपत्रा** शब्दावलीबाट लिइएको हो ।

ज्ञ अक्षरको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२३) मा उत्कीर्ण **लोकज्ञता** भन्ने शब्दबाट लिइएको हो । लिच्छविकालमा **ज+ञोर्ज्ञः** अर्थात् **ज** र

ञ वर्णको संयोग भएपछि **ज्ञ** अक्षर हुन्छ भन्ने मान्यतालाई स्पष्ट रूपमा व्यवहारमा लागू गरिएको थियो । यसैले **ज्ञ** वर्ण लेख्नको लागि पहिले **ज** अक्षर लेखी त्यसको तल **ञ** अक्षर लेखिएको कुरा माथिको तालिकामा स्पष्टसँग देख्न सकिन्छ ।

तालिका नं. ४:२६

लिच्छवि लिपिमा संयुक्त वर्ण

(ट, ठ, ड, ढ, ण)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ट्ट		रे.६०:११	ण्ट		नो.८१:१७
ष्ट		नो.१:१७	ष्ठ		रे.५:५
ण्ड		नो.१:२२	क्ष्ण		रे.२७:२७
ष्ण		रे.२७:३४			

माथिको तालिकामा लिच्छवि लिपिको **ट** देखि **ण** सम्मका वर्णहरूसँग जोडिएका संयुक्त वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण ट्ट को उदाहरण शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:११) मा उत्कीर्ण **फेरङ्कोट्ट** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **ण्ट** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१७) मा उत्कीर्ण **कण्टक** शब्दबाट लिइएको हो । संयुक्त वर्ण **ष्ट** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१७) मा उत्कीर्ण **दुष्टचरितं** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **ष्ठ** को उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:५) मा उत्कीर्ण

ज्येष्ठमासे शब्दबाट लिइएको हो। यसैगरी संयुक्त वर्ण **ण्ड** को उदाहरण पनि चाँगुकै अभिलेख (नो.१:२२) मा उत्कीर्ण **त्वङ्गण्डकीमुत्तर** भन्ने पदावलीबाट लिइएको होभने संयुक्त वर्ण **क्ष्ण** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:२७) मा उत्कीर्ण **श्रयणादभीक्ष्णं** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **ष्ण** को उदाहरण हाँडिगाउँ सत्यनारांयणस्थानको अभिलेख (रे.२७:३४) मा उत्कीर्ण **तृष्णां** शब्दबाट लिइएको हो।

तालिका नं. ४:२७

लिच्छवि लिपिमा संयुक्त वर्ण

(त, थ, द, ध, न)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्त		रे.७४:१७	त्त		नो. १:२२
न्त		नो. १:२	प्त		रे.९७:४
स्त		नो. १:९	त्थ		नो. १:२२
स्थ		रे.७३:१	द्द		रे.१२८:१५
न्द		रे.५:३	ग्ध		नो.८१:२३
द्ध		रे.७४:२१	न्ध		नो. १:२०

ब्ध		नो.८१:३५	ग्न		रे.२५:५
ङ्न		नो.११:३०			
त्न		नो.१:१२	न्न		नो. १:२४
प्न		नो.१:१०	म्न		रे.९:२
ल्न		नो.३४:१९	स्न		नो.८१:२२
त्स्न		नो.१:२३			

माथिको तालिकामा लिच्छवि लिपिको **त** देखि **न** सम्मका वर्णहरूसँग जोडिएका संयुक्त वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ संयुक्त वर्ण **क्त** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१७) मा उत्कीर्ण **नियुक्त** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **त्त** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२२) मा उत्कीर्ण **मुत्तर** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **न्त** को उदाहरण पनि चाँगुकै अभिलेख (नो.१:२) को **लोकान्तरा** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **प्त** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:४) मा उत्कीर्ण **जिष्णुगुप्त** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **स्त** को उदाहरण पनि मानदेवको चाँगुकै अभिलेख (नो.१:९) मा उत्कीर्ण **विस्तर** शब्दबाट लिइएको हो।

संयुक्त वर्ण **त्थ** को उदाहरण मानदेवको चाँगुनारायणको अभिलेख (नो.१:२२) मा उत्कीर्ण **विकत्थनः** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **स्थ** को

उदाहरण अंशुवर्माको चाँगुनारायणको अभिलेख (रे.७३:१) मा उत्कीर्ण **स्वसंस्थया** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **द्द** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:१५) मा उत्कीर्ण **पश्चिमकोणाद्दक्षिणतः** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **न्द** को उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:३) मा उत्कीर्ण **क्षेमसुन्दर्य्य** शब्दबाट लिइएको हो।

संयुक्त वर्ण **ग्ध** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२३) मा उत्कीर्ण **मुग्धसिद्धाङ्गनानां** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **द्ध** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२१) मा उत्कीर्ण **शुद्ध** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **न्ध** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२०) मा उत्कीर्ण **दिवारुन्धती** पदावलीबाट लिइएको हो। संयुक्त वर्ण **ब्ध** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३५) मा उत्कीर्ण **लब्धप्रतापो** शब्दावलीबाट लिइएको हो।

संयुक्त वर्ण **ग्न** को उदाहरण किसिपिँडीको अभिलेख (रे.२५:५) मा उत्कीर्ण **निरुद्विग्नमनसो** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **ङ्न** को उदाहरण हाँडिगाउँको सत्यनारायणस्थानको अभिलेख (नो.११:३०) मा उत्कीर्ण **सम्यङ्न** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **त्न** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१२) मा उत्कीर्ण **यत्नतः** भन्ने शब्दबाट लिइएको होभने संयुक्त वर्ण **न्न** को उदाहरण पनि चाँगुकै अभिलेख (नो.१:२४) मा उत्कीर्ण **निश्चयान्नरपतिः** पदावलीबाट लिइएको हो। संयुक्त वर्ण **प्न** को उदाहरण चाँगुको अभिलेख (नो.१:१०) मा उत्कीर्ण **मायास्वप्न** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **म्न** को उदाहरण मानदेवको पालाको देउपाटनको अभिलेख (रे.९:२) मा उत्कीर्ण **प्रभुसङ्घनाम्नः** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **ल्न** को उदाहरण शिवदेव+ अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:१९) मा उत्कीर्ण **बुर्दुम्ब्रादुल्नदी** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **स्न** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२२) मा उत्कीर्ण **क्षीरस्नपनं** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **त्स्न** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२३) मा उत्कीर्ण **कृत्स्नञ्जगत्** शब्दावलीबाट लिइएको हो।

तालिका नं. ४:२८

लिच्छवि लिपिमा संयुक्त वर्ण

(प, फ, ब, भ, म)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ख्प		नो.५६:११	त्प		नो.१:३
प्प		रे.७७:३	म्प		नो. १:१७
ल्प		नो.७४:२३	ष्प		रे.६९:१५
स्प		नो. १:३			
स्फ		रे.९३:३	द्ब		नो.६९:४
म्ब		नो.१:२८	द्ध		रे. ६३:५
न्भ		रे.४५:७	म्भ		रे.५:४
ङ्म		रे.२७ :५२	क्ष्म		नो.८१:२८
त्म		नो. १:११	द्म		नो.८१:१९
न्म		रे.२०:१७	म्म		नो.१:७

ल्म		रे.२०:११	ष्म		रे.७५:१२
स्म		रे.१२५:५			

माथिको तालिकामा लिच्छवि लिपिको **प** देखि **म** सम्मका वर्णहरूसँग जोडिएका संयुक्त वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **ख्प** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (नो.५६:११) मा उत्कीर्ण **चोख्परानामधेय** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **त्प** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:३) मा उत्कीर्ण **विकचासितोत्पल** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **प्प** को उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:३) मा उत्कीर्ण **बप्पपादा** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **म्प** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१७) मा उत्कीर्ण **कम्पयन्** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **ल्प** को उदाहरण नरेन्द्रदेवको यागबहालको अभिलेख (नो.७४:२३) मा उत्कीर्ण **यावत्स्वल्पप्रणाल्यां** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **ष्प** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:१५) मा उत्कीर्ण **पुष्प** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **स्प** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:३) मा उत्कीर्ण **प्रस्पर्द्धमानेक्षण** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **स्फ** को उदाहरण ललितपुर बहिलीटोलनिरको अभिलेख (रे.९३:३) मा उत्कीर्ण **स्फटिक** शब्दबाट लिइएको हो।

संयुक्त वर्ण **द्ब** को उदाहरण नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:४) मा उत्कीर्ण **बीजाद्बहुत** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **म्ब** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२८) मा उत्कीर्ण **भक्त्याम्ब** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **द्भ** को उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:५) मा उत्कीर्ण **भगवद्भव** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **न्भ** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख

(रे.४५:७) मा उत्कीर्ण **तस्मिन्भक्ति** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **न्भ** को उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:४) मा उत्कीर्ण **रूपन्भवन** शब्दावलीबाट लिइएको हो।

संयुक्त वर्ण **ङ्म** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:५२) मा उत्कीर्ण **वाङ्मय** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **क्ष्म** को उदाहरण जयदेवको पशुपतिको अभिलेख (नो.८१:२८) मा उत्कीर्ण **सूक्ष्मतरश्च** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **त्म** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:११) मा उत्कीर्ण **दीनात्मना** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **द्म** को उदाहरण जयदेवको पशुपतिको अभिलेख (नो. ८१:१९) मा उत्कीर्ण **पद्मनाभस्य** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **न्म** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:१७) मा उत्कीर्ण **यावन्महापथः** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **म्म** को उदाहरण पनि चाँगुको अभिलेख (नो.१:७) मा उत्कीर्ण **किम्मम** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **ल्म** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:११) मा उत्कीर्ण **शीताटीगुल्मकस्य** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **ष्म** को उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:१२) मा उत्कीर्ण **युष्मत्पीडा** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **स्म** को उदाहरणचाहिँ बलम्बूको अभिलेख (रे.१२५:५) मा उत्कीर्ण **मित्यस्मत्प्रसाद** शब्दावलीबाट लिइएको हो।

तालिका नं. ४:२९

लिच्छवि लिपिमा य संयुक्त वर्ण

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्य		रे.७३:२	क्ष्य		नो.८१:३२
ख्य		रे.६०:८	ग्य		रे.५:३

ग्य		रे.५:४	घ्य		रे.५:३
च्य		रे.१८:१	ज्य		नो.१.१
ट्य		रे.२७:३७	ठ्य		रे.१२८:५
ड्य		नो. १:१२	ढ्य		नो.८१:१६
ण्य		नो. १:१९	ण्य		रे.३५:३
त्य		नो. १:२४	न्त्य		नो.६२:१५
त्थ्य		नो.१:२०			
द्य		नो.१:३	द्य		रे.७३:२
द्य		रे.२०:२९	ध्य		रे.६९:१४
द्ध्य		रे.६५:८	न्य		रे.६०:१४

माथिको तालिकामा लिच्छवि लिपिको **य** अक्षरसँग जोडिएका संयुक्त वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **क्य** को उदाहरण अंशुवर्माको चाँगुनारायणको अभिलेख (रे.७३:२) मा उत्कीर्ण **मवलोक्य** शब्दबाट लिइएको होभने संयुक्त

वर्ण **क्ष्य** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३२) मा उत्कीर्ण **यद्वीक्ष्य** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **ख्य** को उदाहरण शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:८) मा उत्कीर्ण **शासनेभिलिख्य** पदावलीबाट लिइएको हो। संयुक्त वर्ण **ग्य** को उदाहरण क्षेमसुन्दरीको लाजिमपाटको अभिलेख (रे.५:३) मा उत्कीर्ण **सौभाग्य** शब्दबाट लिइएको होभने **र**+सहितको संयुक्त वर्ण **ग्रय** को उदाहरण पनि यही अभिलेख (रे.५:४) मा उत्कीर्ण **ऐशानं लिङ्गमग्र्यं** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **घ्य** को उदाहरण लाजिम्पाटको अभिलेख (रे.५:३) मा उत्कीर्ण **श्लाघ्य** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **च्य** को उदाहरण विजयवतीको सूर्यघाटको अभिलेख (रे.१८:१) मा उत्कीर्ण **प्रतिमुच्यते** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **ज्य** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१) मा उत्कीर्ण **राज्यवती** शब्दबाट लिइएको हो।

संयुक्त वर्ण **ट्य** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:३७) मा उत्कीर्ण **विपाट्य** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **ठ्य** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:५) मा उत्कीर्ण **नामशाठ्येन** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **ड्य** को उदाहरण चाँगुनारायणको अभिलेख (नो.१:१२) मा उत्कीर्ण **निपीड्य** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **ढ्य** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१६) मा उत्कीर्ण **काञ्चीगुणाढ्य** शब्दबाट लिइएको हो। यहाँ संयुक्त वर्ण **ण्य** को उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण चाँगुनारायणको अभिलेख (नो.१:१९) मा उत्कीर्ण **पुण्यवृद्ध्यै** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण धरोहराबाट लगन जाने बाटोको अभिलेख (रे.३५:३) मा उत्कीर्ण **पुण्यं** शब्दबाट लिइएको हो। यसमा पहिलो उदाहरणमा संयुक्त वर्ण **ण्य** (नो.१:१९) को **ण** वर्णमा बायाँपट्टिको भुजामा तलपट्टि गाँठो लगाइएको छभने त्यस्तो विन्यास दोस्रो उदाहरण (रे.३५:३) मा देखिँदैन। **य** को विन्यास पनि दुवैमा अलि फरक नै देखिन्छ।

संयुक्त वर्ण **त्य** को उदाहरण चाँगुको अभिलेख (नो.१:२४) मा उत्कीर्ण **प्रत्यर्थिना** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **न्त्य** को उदाहरण भीमार्जुनदेव+विष्णुप्तको भृङ्गारेश्वरको अभिलेख (नो.६२:१५) मा उत्कीर्ण

यदचिन्त्यङ्कर शब्दावलीबाट लिइएको हो। संयुक्त **त्थ्य** को उदाहरण चाँगुको अभिलेख (नो.१:२०) मा उत्कीर्ण **कत्थ्यते** शब्दबाट लिइएको हो । यहाँ संयुक्त वर्ण **द्य** का तीनथरी उदाहरण दिइएका छन् । पहिलो उदाहरण चाँगुको अभिलेख (नो.१:३) मा उत्कीर्ण **इहानवद्यचरितः** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण अंशुवर्माको चाँगुको अभिलेख (रे.७३:२) मा उत्कीर्ण **समस्तमाद्यं** शब्दावलीबाट लिइएको हो। तेस्रो उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:२९) मा उत्कीर्ण **प्रपद्यत** शब्दबाट लिइएको हो । यहाँ पहिलो उदाहरणमा **द्य** वर्ण लेख्दा **द** का मुनि **य** लगाइएको छ र यसको आकृति **द** वर्णभित्र नै अटाइएको छभने दोस्रो उदाहरणमा **द्य** वर्ण अलि फरक किसिमको छ। यसैगरी तेस्रो उदाहरणमा **द्य** वर्णमा **य** को आकृति दायाँपट्टि माथि वर्णको शिरोरेखामा नै पुग्न लागेको जस्तो देखिन्छ। संयुक्त वर्ण **ध्य** को उदाहरण अशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:१४) मा उत्कीर्ण **पीठाध्यक्षस्य** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **द्ध्य** को उदाहरण लेलेको शिवदेव+अंशुवर्माको अभिलेख (रे.६५:८) मा उत्कीर्ण **माद्ध्यवशालायाः** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **न्य** को उदाहरण शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:१४) मा उत्कीर्ण **मविगणय्यान्यथा** शब्दावलीबाट लिइएको हो।

तालिका नं. ४:३०

लिच्छवि लिपिमा य संयुक्त वर्ण

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
प्य		रे.७१:१३			
म्प्य		रे.२७:२५	भ्य		नो.१:१२
म्य		नो.१:८	ल्य		रे.२०:२४

व्य		रे.१२५:६	द्व्य		नो.५७:२१
श्य		रे.४५:१	ष्य		नो.१:२
स्य		नो.१:१४	त्स्य		नो.४१:१६
प्स्य		रे.६०:१५	ह्य		रे.१२:५

माथिको तालिकामा लिच्छवि लिपिको **य** अक्षरसँग जोडिएका संयुक्त वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **न्य** वर्णसम्मको उदाहरण प्रस्तुत गरिएकोमा यस तालिकामा **प्य** वर्णदेखिका उदाहरणहरू प्रस्तुत गरिएका छन्।

संयुक्त वर्ण **प्य** को उदाहरण अंशुवर्माको टिस्टुङ्गको अभिलेख (रे.७१:१३) मा उत्कीर्ण **दप्ययम्** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **म्प्य** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:२५) मा उत्कीर्ण **प्रकम्प्यमाण** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **भ्य** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१२) मा उत्कीर्ण **दत्ताभ्यनुज्ञो** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **म्य** को उदाहरण चाँगुको अभिलेख (नो.१:८) मा उत्कीर्ण **मनुयाम्यद्यैव** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **ल्य** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:२४) मा उत्कीर्ण **प्रतिपाल्यमानै** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **व्य** को उदाहरण बलम्बूको अभिलेख (रे.१२५:६) मा उत्कीर्ण **भाव्यमिति** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **द्व्य** को उदाहरण मालिगाउँको अभिलेख (नो.५७:२१) मा उत्कीर्ण **अस्मद्व्यवस्था** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **श्य** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:१) मा उत्कीर्ण **पश्य** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **ष्य** को उदाहरण चाँगुको अभिलेख (नो.१:२) मा उत्कीर्ण **भविष्यति** शब्दबाट

लिइएको हो । संयुक्त वर्ण **स्य** को उदाहरण पनि चाँगुकै अभिलेख (नो.१:१४) मा उत्कीर्ण **यास्यसीतो** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **त्स्य** को उदाहरण अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:१६) मा उत्कीर्ण **मुत्पत्स्यते** शब्दावलीबाट लिइएको हो । संयुक्त वर्ण **प्स्य** को उदाहरण शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:१५) मा उत्कीर्ण **नियमनमवाप्स्यति** शब्दावलीबाट लिइएको हो । संयुक्त वर्ण **ह्य** को उदाहरण चावहिलको अभिलेख (रे.१२:५) मा उत्कीर्ण **ह्यष्टाविंशति** शब्दावलीबाट लिइएको हो ।

तालिका नं. ४:३१

लिच्छवि लिपिमा रेफसहितको वर्ण – किसिम नं.– १

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्ग		नो.७४:२३			
र्ज		रे.१०८:११	र्ण		रे.७३:२
र्त		रे.७४:६	र्थ		रे.१२५:३
र्द		नो.४०:९	र्ध		रे.७६:१५
र्न		रे.७६:१२			

लिच्छवि लिपिमा रेफको आकृतिलाई दुई किसिमले परिभाषित गर्नुपर्ने हुन्छ– १. वर्णको शिरोरेखाबाट माथि छोटो रेखा जोडिएको, २. र वर्णको तलतिर **य** वर्ण जोडिएको । दोस्रो किसिमको अवस्थालाई **र** वर्णमा मरेको **च**

जोडिएको भन्न पनि नसकिने होइन । माथिको तालिकामा लिच्छवि लिपिमा किसिम नं. १ बमोजिम रेफको चिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ रेफसहितको वर्ण **र्ग** को उदाहरण नरेन्द्रदेवको यागवहालको अभिलेख (नो.७४:२३) मा उत्कीर्ण **मार्गस्ततः** शब्दावलीबाट लिइएको होभने रेफसहितको वर्ण **र्ज** को उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको यङ्गालहिटीको अभिलेख (रे.१०८:११) मा उत्कीर्ण **विष्णोर्जलशयन** शब्दावलीबाट लिइएको हो ।

रेफसहितको वर्ण **र्ण** को उदाहरण अंशुवर्माको चाँगुनारायणको अभिलेख (रे.७३:२) मा उत्कीर्ण **शीर्ण** शब्दबाट लिइएको हो । यहाँ रेफसहितको वर्ण **र्त** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:६) मा उत्कीर्ण **व्यवहर्तव्यं** शब्दबाट लिइएको होभने रेफसहितको वर्ण **र्थ** को उदाहरण बलम्बूको अभिलेख (रे.१२५:३) मा उत्कीर्ण **मत्यर्थन्न** शब्दावलीबाट लिइएको हो । रेफसहितको वर्ण **र्द** को उदाहरण ज्याबहालनिरको अभिलेख (नो.४०:९) मा उत्कीर्ण **भूमेर्दक्षिण** शब्दावलीबाट लिइएको होभने रेफसहितको वर्ण **र्ध** को उदाहरण अंशुवर्माको पाटन सुन्धाराको अभिलेख (रे.७६:१५) मा उत्कीर्ण **भूपतिभिर्धर्म** शब्दावलीबाट लिइएको हो । रेफसहितको वर्ण **र्न** को उदाहरण अंशुवर्माको पाटन सुन्धाराको अभिलेख (रे.७६:१२) मा उत्कीर्ण **वेदिभिर्न** शब्दावलीबाट लिइएको हो ।

तालिका नं. ४:३२

लिच्छवि लिपिमा रेफसहितको वर्ण – किसिम नं.– १

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्ब		नो.८१:३			
र्म		रे.७६:१५	र्य		नो.४१:१६

र्व		नो १:१४	र्श		नो.५६:२
र्ष		रे.७७:६	र्ष		रे.१२५:४
र्ह		नो.६८:१३			

माथिको तालिकामा लिच्छवि लिपिमा लेखिएका रेफसहितका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा र्न वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा र्ब वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

रेफसहितको वर्ण र्ब को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३) मा उत्कीर्ण **श्रीबिकुक्षिर्बभूव** शब्दावलीबाट लिइएको होभने रेफसहितको वर्ण र्म को उदाहरण अंशुवर्माको पाटन सुन्धाराको अभिलेख (रे.७६:१५) मा उत्कीर्ण **धर्म** शब्दबाट लिइएको हो। रेफसहितको वर्ण र्य को उदाहरण अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:१६) मा उत्कीर्ण **कार्यमेतद्** शब्दावलीबाट लिइएको होभने रेफसहितको वर्ण र्व को उदाहरण चाँगुको अभिलेख (नो.१:१४) मा उत्कीर्ण **प्राणान्पूर्वमहं** शब्दावलीबाट लिइएको हो।

रेफसहितको वर्ण र्श को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (नो.५६:२) मा उत्कीर्ण **युगस्पर्श** शब्दावलीबाट लिइएको हो। यहाँ रेफसहितको वर्ण र्ष का दुईओटा उदाहरण दिइएका छन्। पहिलो उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:६) मा उत्कीर्ण **परिजिहीर्षया** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण बलम्बूको अभिलेख (रे.१२५:४) मा उत्कीर्ण **मर्षयिष्यामि** शब्दबाट लिइएको हो। पहिलो उदाहरणमा ष वर्णमा बायाँ भुजाको तल गाँठो पारिएको देखिन्छभने दोस्रो उदाहरणमा ष वर्णमा त्यो गाँठो देखिँदैन र बायाँ भुजा तलबाट दायाँ भुजामा जोडिन पुगेको देखिन्छ। रेफसहितको वर्ण र्ह

को उदाहरण नरेन्द्रदेवको देउपाटनको कसाइँटोलको अभिलेख (नो.६८:१३) मा उत्कीर्ण **यथार्हङ्कुशल** शब्दावलीबाट लिइएको हो ।

तालिका नं. ४:३३

लिच्छवि लिपिमा रेफसहितको वर्ण – किसिम नं.– २

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
काच्य		नो.७०:२२	द्रव्याण्याच्य		नो.७३:११
चतुर्दिशाच्य		रे.१२८:११	भाच्ययेव		रे.१४०:१७
मुत्तीच्य		रे.१३६:१७	रस्माभिच्यथा		नो.६२:२०
राश्चच्य		नो.६२:८	शक्यङ्काच्य		रे.१२८:२९
शौच्यदेव		नो.७२:१९			

आजभोलि देवनागरी लिपिमा **र** वर्णलाई पाँच किसिमको रूपमा प्रयोग गरिएको पाइन्छ – जस्तैः (१) **र** को सामान्य रूपमा प्रयोग, (२) **र** को रेफको रूपमा प्रयोग (धर्म कर्म आदि) (३) दण्डसहितको अक्षरको विन्यास छभने अक्षरको तल दायाँबाट बायाँ गएको चिह्न भएको **र** को प्रयोग (प्रशन ग्रह आदि) (४) गोलो आकारको अक्षरको विन्यास छभने अक्षरको तल काकपद चिह्नजस्तो चिह्न (‸) भएको र को प्रयोग (राष्ट्र ड्रम आदि) तथा (५) पाँचौं रूप वर्णको अगाडि बीचमा सानो तेर्सो चिह्न (=) दिइएको र को प्रयोग (मर्‍यो, पर्‍यो आदि) । यसलाई एक वाक्यमा हेरौं - **निर्धो बाखो ट्रकमा लम्पसार पर्‍यो** । लिपिको हिसाबले हेर्दा **निर्धो** शब्दमा रहेको रेफ २ नं. को उदाहरण, **बाखो** शब्दमा रहेको **ख** ३ नं. को उदाहरण, **ट्रक** शब्दमा रहेको **ट्र** ४ नं को उदाहरण, **लम्पसार** शब्दमा रहेको **र** १ नं. को उदाहरण तथा **पर्‍यो** शब्दमा रहेको **र** ५ नं. को

उदाहरणको रूपमा रहेका छन् भनी स्पष्ट पार्न सकिन्छ। परन्तु लिच्छविकालको लिपिमा **र** लाई चार रूपमा मात्र प्रयोग गरिएको पाइन्छ। माथि बताइएअनुसारको चौथो रूप अर्थात् गोलो अक्षरको विन्यास भएमा सो अक्षरको तल काकपद चिह्न जस्तो चिह्न (‸) भएको **र** को प्रयोग लिच्छवि-लिपिमा पाइएको छैन।

माथिको तालिकामा लिच्छवि लिपिमा किसिम नं. २ अनुसार रेफको चिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिने प्रयास गरिएको छ। यिनको उच्चारण रेफअनुसारको नै रहेको देखिन्छ। यस किसिमको उदाहरण लिच्छविकालको लिपिमा **र+य** संयुक्त वर्णमा मात्र देखिएको छ।

ललितपुर नरेन्द्रदेवको गैह्रीधाराको अभिलेख (नो.७०:२२) मा **काऱ्य** लेख्दा यस्तै **ऱ्य** को प्रयोग भएको छभने नरेन्द्रदेवको वज्रघरको अभिलेख (नो.७३:११) मा **द्रव्याण्याऱ्य** लेख्दा पनि यस्तै **ऱ्य** को प्रयोग भएको छ। यसैगरी नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:११) मा **चतुर्दिशाऱ्य** लेख्दा यस्तै **ऱ्य** को प्रयोग गरिएको छ। मीननाथको अभिलेख (रे.१४०:१७) मा **भाऱ्ययेव** लेख्दा यस किसिमको र अर्थात् आजभोलिको **ऱ्य** को प्रयोग गरिएको छभने शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:१७) मा **मुत्तीऱ्य** लेख्दा पनि यस्तै किसिमको **ऱ्य** को प्रयोग भएको छ।

भीमार्जुनदेव+विष्णुगुप्तको भृङ्गारेश्वरको अभिलेख (नो.६२:२०) मा **रस्माभिऱ्यथा** लेख्दा यस किसिमको **र** अर्थात् आजभोलिको **ऱ्य** को प्रयोग गरिएको छभने यही अभिलेख (नो.६२:८) मा **आश्चऱ्यभूत** लेख्दा यस किसिमको **र** अर्थात् आजभोलिको **ऱ्य** को प्रयोग गरिएको छ। नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:२९) मा **शक्यङ्गाऱ्य** लेख्दा पनि यस्तै **ऱ्य** को नै प्रयोग गरिएको पाइन्छभने नरेन्द्रदेवको च्यासलटोलको अभिलेख (नो.७२:१९) मा **शौऱ्यदेव** लेख्दा पनि यस्तै **ऱ्य** को प्रयोग भएको छ।

यसरी माथिको तालिकामा लिच्छवि लिपिमा किसिम नं. २ अनुसारको रेफको चिह्न लगाइएका वर्णहरूको उदाहरण प्रस्तुत गरी रेफको बारेमा थप प्रकाश पारिएको छ।

तालिका नं. ४:३४

लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्ण

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्ग्ग		नो.१.८			
र्ङ्ग		रे.११०:३	र्ग्घ		नो.१:५
र्च्च		नो.१६:३	र्ज्ज		नो.८१:३२
र्ण्ण		नो.१.२१	र्ण्ण		रे.३४:१
र्त्त		रे.६२:२१	र्त्थ		रे.७१:१०
र्द्द		रे.१०४:११	र्द्ध		रे.१०४:१०
र्न्न		रे.२७:२९			

माथिको तालिकामा लिच्छवि लिपिमा लेखिएका रेफसहितका संयुक्त वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ रेफसहितको संयुक्त वर्ण **र्ग्ग** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:८) मा उत्कीर्ण **भर्त्तुर्ग्गतिम्** शब्दबाट लिइएको हो। रेफसहितको संयुक्त वर्ण **र्ङ्ग** को उदाहरण विष्णुगुप्तको चाँगुनारायणको अभिलेख (रे.११०:३) मा उत्कीर्ण **शार्ङ्गपाणेः** शब्दबाट लिइएको हो। रेफसहितको संयुक्त वर्ण **र्घ्घ** को उदाहरण मानदेवको चाँगुनारायणको अभिलेख (नो.१:५) मा उत्कीर्ण **दीर्घ्घं** शब्दबाट लिइएको हो।

रेफसहितको संयुक्त वर्ण **र्च्च** को उदाहरण पशुपतिको आभीरी गोमिनीको अभिलेख (नो.१६:३) मा उत्कीर्ण **स्नपनार्च्चन** शब्दबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **र्ज्ज** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३२) मा उत्कीर्ण **नृपतेर्ज्जनन्या** शब्दावलीबाट लिइएको हो। यहाँ रेफसहितको संयुक्त वर्ण **र्ण्ण** को उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण चाँगुको अभिलेख (नो.१:२१) मा उत्कीर्ण **क्षोभार्ण्णव** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण रामदेवको पालाको मृगस्थली जाने बाटोको अभिलेख (रे.३४:१) मा उत्कीर्ण **पौर्ण्णमास्यां** शब्दबाट लिइएको हो। पहिलो उदाहरणमा **ण** वर्ण लेख्दा बायाँपट्टि गाँठो लगाइएको छ। परन्तु दोस्रो उदाहरणमा **ण** वर्ण लेख्दा बायाँपट्टि गाँठो लगाइएको देखिँदैन।

यहाँ रेफसहितको संयुक्त वर्ण **र्त्त** को उदाहरण शिवदेव+अंशुवर्माको धर्मपुरको अभिलेख (रे.६२:२१) मा उत्कीर्ण **वार्त्त** शब्दबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **र्त्थ** को उदाहरण अंशुवर्माको टिष्टुङ्को अभिलेख (रे.७१:१०) मा उत्कीर्ण **पत्रयार्त्थम्** शब्दावलीबाट लिइएको हो। रेफसहितको संयुक्त वर्ण **र्द्द** को उदाहरण पशुपति छत्रचण्डेश्वरको अभिलेख (रे.१०४:११) मा उत्कीर्ण **प्रनर्द्दन** शब्दबाट लिइएको हो। रेफसहितको संयुक्त वर्ण **र्द्ध** को उदाहरण पशुपति छत्रचण्डेश्वरको अभिलेख (रे.१०४:१०) मा उत्कीर्ण **प्रवर्द्धमान** शब्दबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **र्न्न** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:२९) मा उत्कीर्ण **वियोगहेतुर्न्न** शब्दावलीबाट लिइएको हो।

तालिका नं. ४:३५

लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्ण

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्प्प		रे.८:१			
र्ब्ब		नो.१:९	र्भ्भ		रे. ७६:१६
र्म्म		नो.१:१३	र्य्य		रे.५:३
र्ल्ल		नो.१:२२			
र्व्य		रे.७४:६	र्द्ध्व		रे.६२:१८
र्व्व		नो.१:१९	र्ष्व		नो.१३:५
र्क्ष्य		रे.७३:२			

माथिको तालिकामा लिच्छवि लिपिमा लेखिएका रेफसहितका संयुक्त वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा र्न्न वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा र्प्प वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ रेफसहितको संयुक्त वर्ण **र्प्प** को उदाहरण मानदेवको पालाको, रत्नसङ्घको देउपाटनको अभिलेख (रे.८:१) मा उत्कीर्ण **कन्दर्प्प** शब्दबाट लिइएको हो। रेफसहितको संयुक्त वर्ण **र्ब्ब** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:९) मा उत्कीर्ण **आशामयैर्ब्बन्धनैः** शब्दावलीबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **र्भ्भ** को उदाहरण अंशुवर्माको पाटन सुन्धाराको अभिलेख (रे.७६:१६) मा उत्कीर्ण **पालनादृतैर्भ्भवितव्यम्** शब्दावलीबाट लिइएको हो। रेफसहितको संयुक्त वर्ण **र्म्म** को उदाहरण चाँगुको अभिलेख (नो.१:१३) मा उत्कीर्ण **भोगैर्म्मम** शब्दावलीबाट लिइएको हो।

रेफसहितको संयुक्त वर्ण **र्य्य** को उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:३) मा उत्कीर्ण **क्षेमसुन्दर्य्यनुपम** शब्दावलीबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **र्ल्ल** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२२) मा उत्कीर्ण **गुणैर्ल्लक्ष्मी** शब्दावलीबाट लिइएको हो। रेफसहितको संयुक्त वर्ण **र्व्य** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:६) मा उत्कीर्ण **भवद्भिर्व्यवहर्तव्यम्** शब्दावलीबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **द्ध्र्व** को उदाहरण शिवदेव+अंशुवर्माको धर्मपुरको अभिलेख (रे.६२:१८) मा उत्कीर्ण **प्यस्मदूद्ध्र्वम्** शब्दावलीबाट लिइएको हो। रेफसहितको संयुक्त वर्ण **र्व्व** को उदाहरण चाँगुको अभिलेख (नो.१:१९) मा उत्कीर्ण **सर्व्वदा** शब्दबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **र्ष्व** को उदाहरण वसन्तदेवको जैसीदेवलको अभिलेख (नो.१३:५) मा उत्कीर्ण **चतुर्ष्वधिकरणेषु** शब्दावलीबाट लिइएको हो। रेफसहितको संयुक्त वर्ण **र्क्ष्य** को उदाहरण अंशुवर्माको चाँगुनारायणको अभिलेख (रे.७३:२) मा उत्कीर्ण **सतार्क्ष्यम्** शब्दबाट लिइएको हो।

तालिका नं. ४:३६

लिच्छवि लिपिमा र+सहितको वर्ण

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्र		रे.९७:१५	ग्र		रे.७५:२

ज्र		रे.४८:१	त्र		रे.२०:२०
द्र		रे.७१:१०	प्र		रे.७९:६
ब्र		नो.५६:१६	भ्र		नो.१:१४
म्र		रे.६२:१५	श्र		रे.५९:७
स्र		नो.१:१४			

माथिको तालिकामा लिच्छवि लिपिमा लेखिएका **र**+सहितको वर्णका उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

यहाँ **र**+सहितको वर्ण **क्र** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:१५) मा उत्कीर्ण **मतिक्रम्यान्यथा** शब्दावलीबाट लिइएको हो । साधारणतया यो **र**+चिह्न वर्णको अन्त्यमा बायाँपट्टि तेर्सो वा सीधा रेखा तानेर बनाइएको पाइन्छ । **र**+सहितको वर्ण **ग्र** को उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:२) मा उत्कीर्ण **प्रत्यग्रच्छेदतापा** शब्दावलीबाट लिइएको हो । **र**+सहितको वर्ण **ज्र** को उदाहरण शङ्खमूल सिकुवहीको अभिलेख (रे.४८:१) मा उत्कीर्ण **वज्ररथनाम्नो** शब्दावलीबाट लिइएको हो ।

र+सहितको वर्ण **त्र** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:२०) मा उत्कीर्ण **तेषामत्र** शब्दावलीबाट लिइएको हो । यहाँ **त्र** वर्णमा लगाइएको यो र (ृ) को चिह्न बायाँपट्टि सीधा रूपमा यति लामोसँग तानिएको छ कि तीनओटा अक्षरलाई ढाक्ने गरी **षा** अक्षरसम्म तानिएको छ । **र**+सहितको वर्ण **द्र** को उदाहरण अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:१०) मा उत्कीर्ण **द्रव्याण्यादायो** शब्दावलीबाट लिइएको हो ।

र+सहितको वर्ण **प्र** को उदाहरण अंशुवर्माको नक्साल भन्सारहिटीको अभिलेख (रे.७९:६) मा उत्कीर्ण **नीलीशालाप्रणाली** शब्दावलीबाट लिइएको हो। यस अभिलेखमा र (‚) को चिह्न **प** वर्णको ठाउँभित्र नै अटाइएको त छ, तर चिह्नचाहिँ बायाँ सीधा नभएर बायाँपट्टि माथि तेर्सो परेको देखिन्छ। **र+सहितको वर्ण ब्र** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (नो.५६:१६) मा उत्कीर्ण **येब्रंखरो** शब्दावलीबाट लिइएको होभने **र**+सहितको वर्ण **भ्र** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१४) मा उत्कीर्ण **प्रभ्रष्टमौलिस्रजः** शब्दावलीबाट लिइएको हो।

र+सहितको वर्ण **म्र** को उदाहरण शिवदेव+अंशुवर्माको धर्मपुरको अभिलेख (रे.६२:१५) मा उत्कीर्ण **ताम्रपण** शब्दबाट लिइएको होभने **र**+सहितको वर्ण **श्र** को उदाहरण शिवदेव+अंशुवर्माको बूढानीलकण्ठको अभिलेख (रे.५९:७) मा उत्कीर्ण **परिश्रमो** शब्दबाट लिइएको हो। **र**+सहितको वर्ण **स्र** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१४) मा उत्कीर्ण **मौलिस्रजः** शब्दबाट लिइएको हो।

तालिका नं. ४:३७

लिच्छवि लिपिमा र+सहितको संयुक्त वर्ण

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्र		रे.१८:२	त्क्र		रे.१२५:२
ङ्ग्र		नो.५७:१३	ग्र		रे.१३२:१६
ष्ट्र		नो.८१:१६			
क्त्र		नो.८१:१९	त्त्र		नो.१:२

न्त्र		नो.१:५	स्त्र		नो.११:४८
द्द्र		नो.८१:११	न्द्र		नो.१:४

माथिको तालिकामा लिच्छवि लिपिमा लेखिएका र+सहितको संयुक्त वर्णका उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

यहाँ र+सहितको संयुक्त वर्ण **क्क्र** को उदाहरण विजयवतीको पशुपति सूर्यघाटको अभिलेख (रे.१८:२) मा उत्कीर्ण **विक्क्रम** शब्दबाट लिइएको होभने र+सहितको संयुक्त वर्ण **त्क्र** को उदाहरण बलम्बूको अभिलेख (रे.१२५:२) मा उत्कीर्ण **मुत्क्रम्यान्यथा** शब्दावलीबाट लिइएको हो। र+सहितको संयुक्त वर्ण **ङ्ग्र** को उदाहरण मालिगाउँको अभिलेख (नो.५७:१३) मा उत्कीर्ण **सङ्ग्रहणेन** शब्दबाट लिइएको हो । रेफ एवं र+सहितको संयुक्त वर्ण **र्ग्र** को उदाहरण शिवदेव द्वितीयको लगनटोलको अभिलेख (रे.१३२:१६) मा उत्कीर्ण **व्यवसायिभिर्ग्रहीतव्या** शब्दावलीबाट लिइएको हो ।

यहाँ र+सहितको संयुक्त वर्ण **ष्ट्र** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१६) मा उत्कीर्ण **सुराष्ट्र** शब्दबाट लिइएको हो । र+सहितको संयुक्त वर्ण **क्त्र** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१९) मा उत्कीर्ण **चतुर्व्वक्त्र** शब्दबाट लिइएको होभने र+सहितको संयुक्त वर्ण **त्त्र** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२) मा उत्कीर्ण **नक्षत्त्रयुक्ते** शब्दावलीबाट लिइएको हो । र+सहितको संयुक्त वर्ण **न्त्र** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:५) मा उत्कीर्ण **भ्रमयन्त्रवर्त्ति** शब्दावलीबाट लिइएको होभने र+सहितको संयुक्त वर्ण **स्त्र** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (नो.११:४८) मा उत्कीर्ण **शास्त्रं** शब्दबाट लिइएको हो । र+सहितको संयुक्त वर्ण **द्द्र** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:११) मा उत्कीर्ण **सद्द्रविणस्य** शब्दबाट लिइएको होभने र+सहितको संयुक्त वर्ण **न्द्र**

को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:४) मा उत्कीर्ण **शारदचन्द्रमा** शब्दबाट लिइएको हो ।

तालिका नं. ४:३८

लिच्छवि लिपिमा र+सहितको संयुक्त वर्ण

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्प्र		रे.५७:६	ङ्प्र		रे.९७:२०
त्प्र		नो.१:४	न्प्र		नो.७३:२६
म्प्र		नो.१:२८	ष्प्र		रे.२७:३९
ङ्ब्र		रे.७७:१०	म्ब्र		रे.२७:१६

माथिको तालिकामा लिच्छवि लिपिमा लेखिएका **र**+सहितको संयुक्त वर्णका उदाहरणहरू प्रस्तुत गरिएका छन् । यसअधिको तालिकामा **न्द्र** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **क्प्र** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ **र**+सहितको संयुक्त वर्ण **क्प्र** को उदाहरण शिवदेव+अंशुवर्माको धर्मस्थलीको अभिलेख (रे.५७:६) मा उत्कीर्ण **सम्यक्प्रजा** शब्दावलीबाट लिइएको हो । **र**+सहितको संयुक्त वर्ण **ङ्प्र** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:२०) मा उत्कीर्ण **कडम्प्रिङ्प्रदेशे** शब्दावलीबाट लिइएको होभने **र**+सहितको संयुक्त वर्ण **त्प्र** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:४) मा उत्कीर्ण **जगत्प्रह्लादयन्** शब्दावलीबाट लिइएको हो। **र**+सहितको संयुक्त वर्ण **न्प्र** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (नो.७३:२६) मा उत्कीर्ण **फंसिन्प्रल्स्रोत** शब्दावलीबाट लिइएको हो ।

र+सहितको संयुक्त वर्ण **म्प्र** को उदाहरण चाँगुको अभिलेख (नो.१:२८) मा उत्कीर्ण **दानम्प्रयच्छ** शब्दावलीबाट लिइएको होभने र+सहितको संयुक्त वर्ण **ष्प्र** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:३९) मा उत्कीर्ण **वन्दुष्प्रतिपाद** शब्दावलीबाट लिइएको हो ।

र+सहितको संयुक्त वर्ण **ङ्ब्र** को उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१०) मा उत्कीर्ण **शुल्म्हुंङ्ब्रह्ममु** शब्दावलीबाट लिइएको होभने र+सहितको संयुक्त वर्ण **म्ब्र** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:१६) मा उत्कीर्ण **ताम्ब्रजेयुः** शब्दावलीबाट लिइएको हो ।

तालिका नं. ४:३९

लिच्छवि लिपिमा ल+संयुक्त वर्ण

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्ल		रे.७४:२३	ङ्ला		रे.५९:३
प्ल		नो.३४:२३	म्ला		नो.१:२५
ल्ल		नो.१:२५	श्ल		नो.१:२

माथिको तालिकामा **ल** वर्णसँग जोडिएका संयुक्त वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **क्ल** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२३) मा उत्कीर्ण **आषाढशुक्ल** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **ङ्ल** को उदाहरण शिवदेव+अंशुवर्माको बूढानीलकण्ठस्थानको अभिलेख (रे.५९:३) मा उत्कीर्ण **आङ्लाबकसपिता** शब्दावलीबाट लिइएको हो । संयुक्त

वर्ण **प्ल** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:२३) मा उत्कीर्ण **वृक्षप्लक्ष** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **म्ल** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२५) मा उत्कीर्ण **प्रम्लाना** शब्दबाट लिइएको हो ।

यसैगरी संयुक्त वर्ण **ल्ल** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२५) मा उत्कीर्ण **मल्लपुरीं** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **श्ल** को उदाहरण पनि चाँगुको अभिलेख (नो.१:२)मा उत्कीर्ण **श्लक्ष्णावदात** शब्दबाट लिइएको हो ।

तालिका नं. ४:४०

लिच्छवि लिपिमा व+संयुक्त वर्ण

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ग्व		रे.७४:१२	ङ्ग्व		रे.७९:७
ज्ज्व		नो.८१:२६	त्व		रे.७७:१
त्त्व		नो.१:२१	न्त्व		नो.१:२२
स्त्व		नो.१:१३	द्व		रे.५:१
ध्व		रे.६९:१३	न्व		नो.६७:१८

म्व		नो.५६:२६	ल्व		नो.६६:१२
श्व		नो.१:५	ष्व		रे.११०:४
स्व		नो.१:२५	त्स्व		नो.११:७२

माथिको तालिकामा **व** वर्णसँग जोडिएका संयुक्त वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **ग्व** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१२) मा उत्कीर्ण **वाग्वतीपार** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **ङ्ग्व** को उदाहरण अंशुवर्माको नक्साल भन्सारहिटीको अभिलेख (रे.७९:७) मा उत्कीर्ण **लिङ्ग्वल** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **ज्ज्व** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२६) मा उत्कीर्ण **मत्युज्ज्वलम्** शब्दावलीबाट लिइएको हो ।

संयुक्त वर्ण **त्व** को उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१) मा उत्कीर्ण **सत्वसुख** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **त्त्व** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२१) मा उत्कीर्ण **सत्त्वविक्रम** शब्दावलीबाट लिइएको हो । संयुक्त वर्ण **न्त्व** को उदाहरण चाँगुको अभिलेख (नो.१:२२) मा उत्कीर्ण **जलान्त्वङ्गणडकी** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **स्त्व** को उदाहरण पनि चाँगुको अभिलेख (नो.१:१३) मा उत्कीर्ण **सुखैस्त्वद्** शब्दावलीबाट लिइएको हो । संयुक्त वर्ण **द्व** को उदाहरण क्षेमसुन्दरीको लाजिमपाटको अभिलेख (रे.५:१) मा उत्कीर्ण **महैर्विद्वत्तया** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **ध्व** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:१३) मा उत्कीर्ण **ध्वजमनुष्य** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **न्व** को उदाहरण नरेन्द्रदेवको

भन्सारचोकको अभिलेख (नो.६७:१८) मा उत्कीर्ण **यशस्तन्वद्भिः** शब्दबाट लिइएको हो ।

संयुक्त वर्ण **म्व** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (नो.५६:२६) मा उत्कीर्ण **तम्वयन्न** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **ल्व** को उदाहरण नरेन्द्रदेवको यज्ञालहिटीको अभिलेख (नो.६६:१२) मा उत्कीर्ण **बिल्वमार्ग** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **श्व** को उदाहरण चाँगुको अभिलेख (नो.१:५) मा उत्कीर्ण **विनिश्वस्य** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **ष्व** को उदाहरण विष्णुगुप्तको चाँगुनारायणको अभिलेख (रे.११०:४) मा उत्कीर्ण **तटेष्वध्वनो** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **स्व** को उदाहरण मानदेवको चाँगुनारायणको अभिलेख (नो.१:२५) मा उत्कीर्ण **स्वकम्** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **त्स्व** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (नो.११:७२) मा उत्कीर्ण **संविधत्स्व** शब्दबाट लिइएको हो ।

तालिका नं. ४:४१

लिच्छवि लिपिमा श+संयुक्त वर्ण

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ङ्श		नो.८१:४	म्श		रे.२२:९

माथिको तालिकामा **श** वर्णसँग जोडिएका संयुक्त वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **ङ्श** जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:४) मा उत्कीर्ण **विङ्शति** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **म्श** वसन्तदेवको पाटन बहालुखाको अभिलेख (रे.२२:९) मा उत्कीर्ण **चत्वारिम्शतो** शब्दबाट लिइएको हो ।

तालिका नं. ४:४२

लिच्छवि लिपिमा स+संयुक्त वर्ण

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्स		नो.१:२१	न्स		रे.५:२
स्स		रे.७९:२			

माथिको तालिकामा **स** वर्णसँग जोडिएका संयुक्त वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **त्स** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२१) मा उत्कीर्ण **प्रजावत्सल** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **न्स** को उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:२) मा उत्कीर्ण **श्रीमान्स** शब्दावलीबाट लिइएको हो । यसैगरी संयुक्त वर्ण **स्स** को उदाहरण अंशुवर्माको नक्साल भन्सारहिटीको अभिलेख (रे.७९:२) मा उत्कीर्ण **मनस्समाधानो** शब्दावलीबाट लिइएको हो ।

तालिका नं. ४:४३

लिच्छवि लिपिमा ह+संयुक्त वर्ण

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ह्न		रे.९९:२	ह्म		नो.७३:२७
ह्व		नो.१:२५	ह्ल		नो.१:४

माथिको तालिकामा ह वर्णसँग जोडिएका संयुक्त वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **ह्न** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणको अभिलेख (रे.९९:२) मा उत्कीर्ण **त्रिरह्नस्त्वयि** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **ह्म** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (नो.७३:२७) मा उत्कीर्ण **ब्रह्मतीर्थ** शब्दावलीबाट लिइएको हो ।

संयुक्त वर्ण **ह्व** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२५) मा उत्कीर्ण **ज्वरविह्वला** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **ह्ल** को उदाहरण पनि मानदेवको चाँगुको अभिलेख (नो.१:४) मा उत्कीर्ण **प्रह्लादयन्** शब्दबाट लिइएको हो ।

यसरी यस अध्यायमा लिच्छवि लिपिको स्वर वर्ण, व्यञ्जन वर्ण एवं संयुक्त वर्णहरूको आकृति-विन्यासको बारेमा उदाहरणहरूसित प्रस्तुत गरिएको छ ।

* * *

अध्याय : पाँच

लिच्छवि लिपिको वर्णमा आकारको मात्राचिह्न

अहिलेको देवनागरी लिपिको कुनै पनि वर्णमा आकारको मात्राचिह्न लगाउनुपर्‍योभने वर्णको दायाँपट्टि आकारचिह्न (ा) लगाए पुगिहाल्छ। उदाहरणको रूपमा **क** लाई का बनाउनुपर्‍योभने **क** को दाहिनेपट्टि आकारचिह्न (ा) लगाएपछि **का** भइहाल्यो। यसै गरी सबै वर्णमा आकारचिह्न लगाउन सकिन्छ, परन्तु लिच्छविकालको लिपिमा आकारको चिह्न लगाउने कार्य यति सजिलो थिएन। वर्णको आकृति एवं विन्यास हेरी विभिन्न स्थानमा आकारचिह्न लगाउनुपर्ने हुन्थ्यो।

पण्डित गौरीशङ्कर हीराचन्द ओझाले **प्राचीन भारतीय लिपिमाला** नामक ग्रन्थमा कुटिल लिपिको बारेमा चर्चा चलाउँदा नेपालका अंशुवर्माका अभिलेखहरू कुटिल लिपिमा लेखिएका हुन् र यस लिपिमा आकारको मात्रा तीन प्रकारका पाइन्छन् भनी यसरी उल्लेख गरेका छन् -

"नेपाल के अंशुवर्मन् के लेखों मे ... आ की मात्रा तीन प्रकार की मिलती है जिनमें से एक रूप वर्तमान नागरी की 'आ' की मात्रा से मिलता है।"[1]

शङ्करमान राजवंशीले लिच्छवि लिपिका व्यञ्जन वर्णमा मात्रा लाउने सामान्य नियम शीर्षकमा "आकारको मात्रा लगाउँदा अक्षरको टाउकोबाट

---

[1] गौरीशंकर हीराचन्द ओझा, **प्राचीन भारतीय लिपिमाला**, नई दिल्लीः १९९३, पृ.६३-६४।

दायाँपट्टि तल झुक्ने गरी तेर्सो धर्को तान्नुपर्छ।"[२] भनेका छन्भने मात्रा लाउँदा फरक हुने विशेष नियम शीर्षकअन्तर्गत चाहिँ "आकारको मात्रा लाउँदा ख, ग, ठ, ण, थ, ध, ब यति वर्णमा पछाडि अङ्कुशजस्तो झुण्ड्याउनुपर्छ। ज मा चाहिँ ज को तीन चोसो मध्ये बिचको चोसोमा सोझो धर्को माथितिर तान्नुपर्छ।"[३] भनी लेखेकाले आकारको मात्रा तीन किसिमकै हुन्छन् भनी इङ्गित गर्न खोजेको देखिन्छ।

वेइजिङ्ग विश्वविद्यालयका प्रा. ये शाओयङ्ग (Ye Shaoyong) ले पनि नेपालका प्राचीन अभिलेखहरूमा आकारको मात्रा तीन किसिमका हुन्छन् भनी यसरी लेखेका छन्–

In the Nepalese inscriptions of the early period, the diacritic ā sign assumes different shapes when it combines with different consonant signs. There are three types of diacritic ā which were finally unified in to the standard vertical type.[४]

(नेपालका प्राचीन अभिलेखहरूमा आकार-मात्राका चिह्न व्यञ्जन वर्णहरूमा लगाउँदा फरक आकृतिका देखिन्छन्। यी आकार-मात्राका चिह्न तीन किसिमका छन् र वर्णको लम्ब रूपमा लगाइन्छन्।)

प्रा.डा. दिनेशचन्द्र रेग्मीले पनि लिच्छवि लिपिको विकासक्रमको पहिलो चरणका सम्बन्धमा छलफल गर्दै "व्यञ्जनको स्वरूप हेरी तीन किसिमका आकार र उकारको मात्राचिह्न प्रचलित छन्"[५] भनी लेख्नुभएको छ।

परन्तु नेपालका लिच्छवि शिलालेखहरूको अध्ययन गर्दा यस लिपिमा आकारको मात्राचिह्न ९ किसिमका देखिएका छन्। तिनलाई विस्तृत रूपमा तल छलफल गरिएको छ।

---

[२] शङ्करमान राजवंशी, लिच्छविलिपि-संग्रह, काठमाडौँ : वीर पुस्तकालय, २०२१, पृ. ढ।

[३] राजवंशी, उही पृ. त।

[४] Ye Shaoyong, "A Paleographical study of the Manuscripts of the Mūlamadhyamakārika Buddhapālita's Commentary" **Annual Report of the International Research Institute for Advanced Buddhology at Soka University for the Academic year 2007 [ARIRIAB]** Vol. XI, 2008, p. 157.

[५] दिनेशचन्द्र रेग्मी, पुरालेखन र अभिलेख, काठमाडौँः हिमालय बुक स्टल, २०६०, पृ. १७७।

तालिका नं. ५:१

लिच्छवि लिपिको वर्णमा आकारको मात्राचिह्न – किसिम नं. १

वर्णको शिरोरेखाबाट दायाँतर्फ अलिकति रेखा तानेर त्यसको टुप्पोबाट तल छोटो रेखा खिंचिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
का		रे.५:२	खा		रे.३५:२
गा		रे.२७:४९	घा		रे.६०:१०
चा		नो.१:३	ञ्चा		रे.७४:१६
टा		रे.६२:७			
डा		नो.६७:२१	ढा		नो.८१:१३
ता		नो.१:११	था		रे.७७:१२
था		रे.६३:४	दा		रे.१:११
धा		रे.५५:९	ना		नो.१:११

माथिको तालिकामा लिच्छवि लिपिका वर्णहरूमा आकारको मात्रा लगाउँदा वर्णको डिकोरेखाबाट दायाँतर्फ अलिकति रेखा तानेर त्यसको टुप्पोबाट तल छोटो रेखा झारेपछि आकारको मात्रा हुने कुरा उदाहरणको रूपमा देखाइएको छ।

यसमा **का** वर्णको उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:२) मा उत्कीर्ण **विशुद्धकाञ्चनवपु** शब्दावलीबाट लिइएको होभने **खा** वर्णको उदाहरण धरोहराबाट लगन जाने बाटोको अभिलेख (रे.३५:२) मा उत्कीर्ण **सत्वहितसुखार्त्थाय** भन्ने शब्दावलीबाट लिइएको हो। **गा** वर्णको उदाहरण हाँडिगाउँको सत्यनारायणस्थानको अभिलेख (रे.२७:४९) मा उत्कीर्ण **रागादिप्रपतधियः** शब्दावलीबाट लिइएको होभने **घा** वर्णको उदाहरण शिवदेवको सतुङ्गलको अभिलेख (रे.६०:१०) मा उत्कीर्ण **काष्ठघासपत्त्राहरणाय** भन्ने शब्दावलीबाट लिइएको हो।

यस तालिकामा उत्कीर्ण **चा** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:३) मा उत्कीर्ण **विकचासितोत्पल** शब्दावलीबाट लिइएको हो। यहाँ **ञ्चा** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१६) मा उत्कीर्ण **सपेलापाञ्चाल्याः** शब्दावलीबाट लिइएको हो। यसमा संयुक्त वर्णको उदाहरण दिन खोजिएको होइन तापनि **ञ** वर्णमा किसिम नं. १ बमोजिम आकारको मात्राचिह्न लगाइएको हुनाले सोको उदाहरण प्रस्तुत गरिएको हो।

यसै गरी **टा** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको धर्मपुरको अभिलेख (रे.६२:७) मा उत्कीर्ण **चाटभटाप्रवेश्य** शब्दबाट लिइएको होभने **डा** वर्णको उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७: २१) मा उत्कीर्ण **गता पीडा** शब्दावलीबाट लिइएको हो। **ढा** वर्णको उदाहरणचाहिँ जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१३) मा उत्कीर्ण **व्यूढा श्रीरवि** शब्दावलीबाट लिइएको हो।

ता वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:११) मा उत्कीर्ण **मवस्थिता** शब्दबाट लिइएको हो। यहाँ **था** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:४) मा उत्कीर्ण **यथानेन** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१२) मा उत्कीर्ण **प्रसादोन्यथा** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.६३:४) मा **था** वर्णको दायाँपट्टिको रेखा शिरोरेखामा जोडिएको छैन,

परन्तु दोस्रो उदाहरण (रे.७७:१२) मा **था** वर्णको दायाँपट्टिको रेखा शिरोरेखामा जोडिएको पाइन्छ। यहाँ **दा** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो. १:२६) मा उत्कीर्ण **धनम्प्रादाद्** शब्दावलीबाट लिइएको होभने **धा** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे.५५:९) मा उत्कीर्ण **पञ्चापराधा** शब्दावलीबाट लिइएको हो। **ना** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:११) मा उत्कीर्ण **दीनात्मना** शब्दबाट लिइएको हो।

तालिका नं.५:२

लिच्छवि लिपिको वर्णमा आकारको मात्राचिह्न – किसिम नं. १

वर्णको शिरोरेखाबाट दायाँतर्फ अलिकति रेखा तानेर त्यसको टुप्पोबाट तल छोटो रेखा खिंचिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पा		नो.४१:१३	बा		नो.८१:११
भा		नो.१:२२	मा		नो.४१:५
मा		रे.६०:४	या		रे.७३:१
या		रे.७७:१४	या		रे.१०४:७
रा		नो.१:९			
ला		रे.१:२२	वा		रे.१:२३
शा		रे. ९७:१४	षा		नो.४१:१३

सा		रे.७९:४			
हा		नो.१३:२२	हा		रे.७४:१०

माथिको तालिकामा लिच्छवि लिपिका वर्णहरूमा आकारको मात्रा लगाउँदा वर्णको शिरोरेखाबाट दायाँतर्फ अलिकति रेखा तानेर त्यसको टुप्पोबाट तल छोटो रेखा झारेपछि आकारको मात्रा हुने कुरा उदाहरणको रूपमा देखाइएको छ। यसअघिको तालिकामा **ना** वर्णसम्मको उदाहरण प्रस्तुत गरिएकोमा यस तालिकामा **पा** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यसमा **पा** वर्णको उदाहरण अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:१३) मा उत्कीर्ण **पाञ्चालिकेभ्यः** शब्दावलीबाट लिइएको होभने **बा** वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:११) मा उत्कीर्ण **बान्धवतोषणस्य** शब्दबाट लिइएको हो । **भा** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२२) मा उत्कीर्ण **पूर्वाभिभाषी** शब्दबाट लिइएको हो ।

यहाँ **मा** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:५) मा उत्कीर्ण **पश्चिमाधिकरण** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण शिवदेव +अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:४) मा उत्कीर्ण **कुशलमाभाष्य** भन्ने शब्दावलीबाट लिइएको हो । पहिलो उदाहरण (नो.४१:५) मा **म** वर्णमा आकारको मात्राचिह्न लगाउँदा वर्णको शिरोरेखाबाट दायाँतर्फ अलिकति रेखा तानेर त्यसको बिन्दुबाट तल छोटो रेखा खिंचिएको छ। दोस्रो उदाहरण (रे.६०:४) मा **म** वर्णमा आकारको मात्राचिह्न लगाउँदा वर्णको शिरोरेखाबाट दायाँतर्फ अलिकति रेखा तानेर त्यसको बिन्दुबाट पूरै **म** वर्णभरिकै हुने गरी अलि लामो रेखा तलसम्म तानिएको छ। अन्य वर्णहरूमा पनि आकारको मात्राचिह्न लगाउँदा यस किसिमको अलिअलि फरक भएकै देखिन्छ। यसो भए पनि आकारको मात्राचिह्नको मूलरूप एकै देखिएकोले यहाँ एकै किसिमको मानिएको छ।

यहाँ **या** वर्णको उदाहरण तीनओटा दिइएका छन् – पहिलो उदाहरण अंशुवर्माको चाँगुनारायणको अभिलेख (रे.७३:१) मा उत्कीर्ण **स्वसंस्थया** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१४) मा उत्कीर्ण **धर्मगुरुतया** शब्दावलीबाट लिइएको हो। यसै गरी तेस्रो उदाहरण छत्रचण्डेश्वरको शिलालेख (रे.१०४:७) मा उत्कीर्ण **पायात्सोद्य** शब्दावलीबाट लिइएको हो। पहिलो उदाहरण (रे.७३:१) मा **स्वसंस्थया** लेख्दा तीन भुजा भएको **य** वर्णको बायाँपट्टिको भुजाको माथिको गाँठो भित्र फर्किएको देखिन्छभने दोस्रो उदाहरण (रे.७७:१४) मा **धर्मगुरुतया** लेख्दा यो गाँठो बाहिरपट्टि फर्किएको पाइन्छ। तेस्रो उदाहरण (रे.१०४:७) मा **पायात्सोद्य** लेख्दा य वर्ण दुई भुजाको भइसकेको छ र आकारको मात्राचिह्न दायाँपट्टिको भुजाबाट तानिएको पाइन्छ।

रा वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:९) मा उत्कीर्ण **राशामयैः** शब्दबाट लिइएको होभने **ला** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२२) मा उत्कीर्ण **चञ्चलजलान्** शब्दावलीबाट लिइएको हो। **वा** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२३) मा उत्कीर्ण **वाजिकुञ्जर** शब्दावलीबाट लिइएको होभने **शा** वर्णको उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:१४) मा उत्कीर्ण **शिलापट्टकशासनम्** शब्दावलीबाट लिइएको हो। **षा** वर्णको उदाहरण अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:१३) मा उत्कीर्ण **तेषामधः** शब्दावलीबाट लिइएको होभने **सा** वर्णको उदाहरण अंशुवर्माको नक्साल भन्सारहिटीको अभिलेख (रे.७९:४) मा उत्कीर्ण **महासामन्तांशुवर्मा** शब्दावलीबाट लिइएको हो।

यहाँ **हा** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण वसन्तदेवको जैसीदेवलको अभिलेख (नो.१३:२२) मा उत्कीर्ण **महाप्रतिहार** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१०) मा उत्कीर्ण **सामान्यविहाराणाम्** शब्दावलीबाट लिइएको हो। पहिलो उदाहरण (नो.१३:२२) मा ह वर्णको मुख बायाँतिर फर्किएको छभने दोस्रो उदाहरण (रे.७४:१०) मा ह वर्णको मुख दायाँतिर फर्किने भइसकेको छ।

यस तालिकामा देखाइएका वर्णहरूमा एकै किसिमको मात्र आकारको मात्राचिह्न हुने होइन। कुनैकुनै वर्णमा त आकारको मात्राचिह्न दुई तीन किसिमले लगाइएको पनि पाइन्छ । तिनीहरूको वर्णन तल यथास्थानमा गरिएको छ।

जानकारी - माथिको तालिकामा का वर्णको स्रोतको महलमा (रे ५:२) लेखिएको छ। यसमा रे. अक्षरले डा. डिल्लीरमण रेग्मीको ***Inscriptions of Ancient Nepal Volume 3*** भन्ने ग्रन्थलाई जनाउँछ। त्यसपछिको ५ को अङ्कले उक्त ग्रन्थमा प्रकाशित लिच्छविकालका अभिलेखहरूको प्रतिच्छविको प्लेट नम्बरलाई जनाउँछ। त्यसपछि अर्थात् विसर्गपछि लेखिएको अङ्क २ ले उक्त अभिलेखको पंक्ति २ लाई जनाउँछ। यसैले अब माथिको तालिकाको स्रोत महलमा उल्लेखित रे ५:२ भन्ने संकेतले डा. डिल्लीरमण रेग्मीको ***Inscriptions of Ancient Nepal Volume 3*** मा प्रकाशित लिच्छविकालका अभिलेखहरूको फोटोको प्लेट नं. ५ मा रहेको अर्थात् रानी क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेखको पंक्ति २ मा उल्लेख गरिएको **काञ्चन** शब्दमा रहेको **का** अक्षरलाई जनाउँछ भन्ने कुरा बुझ्नुपर्छ। यसै गरी (नो १:३) भन्ने संकेतले पनि *Raniero Gnoli* को ***Nepalese Inscriptions in Gupta Characters*** भन्ने ग्रन्थमा प्रकाशित लिच्छविकालका अभिलेखहरूको प्लेट नं १ अर्थात् मानदेवको चाँगुनारायणस्थानको स्तम्भलेखको तेस्रो पाटाको पंक्ति ३ मा उल्लेख गरिएको **विकचासित** शब्दमा रहेको **चा** अक्षरलाई जनाउँछ भन्ने कुरा बुझ्नुपर्ने हुन्छ। यसैले अन्य तालिकाहरूमा पनि यहीअनुरूप संकेत वर्ण एवम् अङ्क लगाइएको व्यहोरा पनि पाठकवर्ग-समक्ष अनुरोध गरिएको छ। यसबाट आवश्यक परेको अवस्थामा संकेतमा उल्लेख गरिएबमोजिम पुस्तक पल्टाई मूल अभिलेखको प्रतिच्छवि अवलोकन गर्नसमेत सजिलो पर्ने हुन्छ। यी दुई ग्रन्थको अतिरिक्त अन्य पत्र-पत्रिकाहरूमा प्रकाशित अभिलेखहरूको छापाको हकमाचाहिँ यथास्थानमा नै ती स्रोतहरूको उल्लेख गरिएको छ।

तालिका नं.५:३

लिच्छवि लिपिको वर्णमा आकारको मात्राचिह्न – किसिम नं. २

दुई भुजा वा तीन भुजा भएको वर्णको बायाँ भुजाबाट वा बीचको भुजाबाट दायाँतर्फ लामै रेखा तानेर तलतिर छोटो रेखा खिंचिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पा		नो.१:१२	या		नो.१:६
या		रे.२०:१७			
षा		रे.२५:७	सा		रे.१:१४

माथिको तालिकामा लिच्छवि लिपिमा दुई भुजा वा तीन भुजा भएका अक्षरहरूमा बायाँ भुजाबाट वा बीचको भुजाबाट दायाँतर्फ लामै रेखा तानेर दायाँ तलतिर छोटो रेखा खिँची आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यसमा **पा** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१२) मा उत्कीर्ण **पादौ** शब्दबाट लिइएको हो। यो **प** वर्णमा आकारको मात्राचिह्न बायाँपट्टिको भुजाबाट दायाँतर्फ तानेर लगाइएको पाइन्छ।

यसै गरी यहाँ **या** वर्णको उदाहरण दुईओटा दिइएका छन्– पहिलो उदाहरण मानदेवको चाँगुनारायणको अभिलेख (नो.१:६) मा उत्कीर्ण **यातः पिता** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:१७) मा उत्कीर्ण **यावन्महापथः** शब्दावलीबाट लिइएको हो। पहिलो उदाहरण (नो.१:६) मा **यातः पिता** लेख्दा तीन भुजा भएको **य** वर्णको बीचको भुजाबाट आकारको मात्राचिह्न लगाइएको छभने दोस्रो उदाहरण (रे.२०:१७) मा पनि **यावन्महापथः** लेख्दा तीन भुजा भएको **य** वर्णको

बीचको भुजाबाट नै आकारको मात्राचिह्न लगाइएको छ। परन्तु यसमा दुईओटा उदाहरण किन दिइएको होभने पहिलो उदाहरण (नो.१:६) मा **यातः पिता** लेख्दा त्रिभुज भएको **य** वर्णको बायाँपट्टिको भुजाको माथिको गाँठो बाहिर फर्किएको र अलिक सानो बनाइएको देखिन्छभने दोस्रो उदाहरण (२०:१७) मा **यावन्महापथः** लेख्दा यो गाँठो भित्रपट्टि फर्किएको पाइन्छ।

यहाँ **षा** वर्णको उदाहरण किसिपिंडीको अभिलेख (रे.२५:७) मा उत्कीर्ण **प्रथमाषाढ** शब्दबाट लिइएको होभने **सा** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१४) मा उत्कीर्ण **सामन्ताः** शब्दबाट लिइएको हो।

तालिका नं.५:४

लिच्छवि लिपिको वर्णमा आकारको मात्राचिह्न – किसिम नं. ३

वर्णको तल्लो बिन्दुमा दायाँपट्टिबाट अहिलेको देवनागरी लिपिमा भएको उकारको मात्रा जस्तो (ु) चिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
खा		नो. १:६	ठा		रे. ६०:१२
णा		नो. १:६	णा		रे.२०:१७
था		रे.३९:३	धा		रे.१२:४
बा		रे.२०:२१			

माथिको तालिकामा लिच्छवि लिपिका वर्णहरूमा वर्णको तल्लो बिन्दुमा दायाँपट्टिबाट अहिलेको देवनागरी लिपिमा भएको उकारको मात्राजस्तो आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यसमा **खा** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:६) मा उत्कीर्ण **मखाश्रयेण** शब्दबाट लिइएको हो भने **ठा** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:१२) मा उत्कीर्ण **कुठार** शब्दबाट लिइएको हो । यहाँ **णा** वर्णको उदाहरण दुईओटा दिइएका छन् । पहिलो उदाहरण चाँगुको अभिलेख (नो.१:६) मा उत्कीर्ण **क्षात्रेणा** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२० :१७) मा उत्कीर्ण **प्रागुत्तरेणापि** शब्दावलीबाट लिइएको हो । पहिलो उदाहरण (नो.१:६) मा **क्षात्रेणा** लेख्दा आकारको मात्राचिह्न **ण** वर्णको बायाँपट्टि आधासम्म मात्र आइपुगेको छ र **ण** वर्णको बायाँपट्टि तल गाँठो लगाइएको देखिन्छभने दोस्रो उदाहरण (रे.२०:१७) मा **प्रागुत्तरेणापि** लेख्दा आकारको मात्राचिह्न बायाँपट्टि **ण** वर्णलाई पूरै ढाकिने गरी तानिएको देखिन्छ र यसमा **ण** वर्णको बायाँपट्टि तल गाँठो लगाइएको देखिँदैन ।

यहाँ **था** वर्णको उदाहरण गणदेव+भौमगुप्तको बलम्बूको अभिलेख (रे.३९:३) मा उत्कीर्ण **यथाप्रधान** शब्दबाट लिइएको होभने **धा** वर्णको उदाहरण चाबहिलको अभिलेख (रे.१२:४) मा उत्कीर्ण **धान्यस्य** शब्दबाट लिइएको हो । **बा** वर्णको उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२० :२१) मा उत्कीर्ण **बाधा** शब्दबाट लिइएको हो । यी वर्णहरूमा एकै किसिमको मात्र आकारको मात्राचिह्न लगाइने होइन । यिनमा विभिन्न किसिमका आकारको मात्राचिह्न लगाइएका पाइन्छन् । तिनीहरूको वर्णन यथास्थानमा गरिएको छ ।

तालिका नं.५:५

लिच्छवि लिपिको वर्णमा आकारको मात्राचिह्न - किसिम नं. ४

वर्णको दायाँपट्टि मध्यभागबाट सानो रेखा तानी बायाँतर्फ घुमाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ठा		रे. १:१३	था		रे. ७१:११

धा		रे. ६०:१३			

माथिको तालिकामा लिच्छवि लिपिमा वृत्तजस्तो आकार भएका कतिपय वर्णहरूमा वर्णको दायाँपट्टि मध्य-भागबाट रेखा तानी बायाँतर्फ घुमाइएको आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

लिच्छवि अभिलेखहरूको अध्ययन गर्दा वृत्तजस्तो आकार भएका कतिपय वर्णहरूमा लगाइएको आकारको मात्राचिह्न किसिम नं. ३ र किसिम नं. ४ मा उस्तै उस्तै देखिन्छन् । परन्तु गहिरिएर हेर्ने होभने किसिम नं. ३ मा लगाइएको मात्राचिह्न वर्णको तलपट्टिको समाप्तिबिन्दुबाट जोडिएको हुन्छभने किसिम नं. ४ मा लगाइएको मात्राचिह्न वर्णको दायाँपट्टिको भागको मध्यतिरबाट तानिएको पाइन्छ । त्यसैले यही फरक भएको कारणले गर्दा यस्ता आकारको मात्राचिह्नलाई यहाँ फरक किसिमको भनी वर्गीकरण गरिएको हो ।

यहाँ **ठा** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१३) मा उत्कीर्ण **शठाः** शब्दबाट लिइएको होभने **था** वर्णको उदाहरण अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:११) मा उत्कीर्ण **यथा देयम्** शब्दावलीबाट लिइएको हो । **धा** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६० :१३) मा उत्कीर्ण **विधारणा** शब्दबाट लिइएको हो ।

तालिका नं. ५:६

लिच्छवि लिपिको वर्णमा आकारको मात्राचिह्न – किसिम नं. ५

वर्णको दायाँ भुजाको बीचमा अहिलेको देवनागरी लिपिमा कुटिझारो रु बनाउँदा लगाउने जस्तो चिह्न (ु) लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
खा		रे.९:४	गा		रे.१:१६

ब्रा		रे.२०:१९	शा		नो.१:१९

माथिको तालिकामा लिच्छवि लिपिका वर्णहरूमा वर्णको दायाँ भुजाको बीचमा अहिलेको देवनागरी लिपिमा कुटिझारो ॡ बनाउँदा लगाउने चिह्नजस्तो आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यसमा **खा** वर्णको उदाहरण मानदेवको पालाको देउपाटनको अभिलेख (रे.९:४) मा **प्रयिट्टिखा** शब्दबाट लिइएको होभने **गा** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा उत्कीर्ण **पाशवशगा** शब्दबाट लिइएको हो । यहाँ **ग** वर्णमा लगाइएको आकारको मात्राचिह्न अलि लामो देखिन्छ ।

ब्रा वर्णको उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:१९) मा उत्कीर्ण **ब्राह्मण** शब्दबाट लिइएको हो । यस तालिकामा संयुक्त वर्णको विषयमा छलफल गर्न खोजिएको होइन तापनि **ब** वर्णमा लगाइएको आकारचिह्नको उदाहरणको रूपमा **ब्रा** वर्णलाई यहाँ प्रस्तुत गरिएको हो । **शा** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा उत्कीर्ण **विक्रमवशाद्** शब्दावलीबाट लिइएको हो । यहाँ **श** वर्णमा लगाइएको आकारको मात्राचिह्न अन्य वर्णहरूको अनुपातमा अलि छोटो देखिन्छ । यी वर्णहरूमा एकै किसिमको मात्र आकारको मात्राचिह्न हुने होइन । तिनीहरूको वर्णन यथास्थानमा गरिएको छ ।

तालिका नं.५:७

लिच्छवि लिपिको वर्णमा आकारको मात्राचिह्न – किसिम नं. ६

वर्णको डिकोबाट दाहिनेपट्टि अंकुशसहित छोटो ऊर्ध्वरेखा लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ङा		रे.७७:१०	जा		नो.८३:४५

टा		रे.७५:११	त्या		रे.१४०:१७
दा		नो.१३:२	फा		रे.५१:११

माथिको तालिकामा लिच्छवि लिपिका कतिपय वर्णहरूमा वर्णको डिकोबाट दाहिनेपट्टि अङ्कुशसहित छोटो ऊर्ध्वरेखा सहितको चिह्न भएको आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यसमा **ङा** वर्णको उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१०) मा उत्कीर्ण **ब्रह्मसुंङाङ्करणीय** शब्दबाट लिइएको होभने **जा** वर्णको उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:४५) मा उत्कीर्ण **सम्यक्प्रजा** शब्दावलीबाट लिइएको हो। साधारणतया **ज** वर्णमा आकारको मात्राचिह्न लगाउँदा उक्त वर्णको तीनओटा ससाना तेर्सो भुजामध्ये बीचको भुजाबाट सानो ऊर्ध्वरेखा लगाउने प्रचलन धेरैजसो अवस्थामा रहिआएकोमा यस अभिलेख (नो.८३:४५) मा **सम्यक्प्रजा** लेख्दा **ज** वर्णमा आकारको मात्राचिह्न यही किसिम नं. ५ अनुसार नै डिकोबाट दाहिनेपट्टि अङ्कुशसहित छोटो ऊर्ध्वरेखा लगाइएको पाइन्छ।

यसमा **टा** वर्णको उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:११) मा उत्कीर्ण **तैलघटाः** शब्दबाट लिइएको हो। **ता** वर्णको उदाहरण मीननाथको अभिलेख (रे.१४०:१७) मा उत्कीर्ण **प्रेत्यापि** शब्दबाट लिइएको हो। प्रस्तुत तालिकामा संयुक्त वर्णको उदाहरण दिई छलफल गर्न खोजिएको होइन तापनि संयुक्त वर्णमा मात्रा लगाउँदा साधारणतया जुन वर्ण माथि रहेको हुन्छ, त्यसै वर्णमा मात्राचिह्न लगाउने व्यवस्थाअनुसार यस शब्दमा **त** वर्ण माथि रहेको हुँदा त्यसै वर्णमा लगाइएको आकारको मात्राचिह्नलाई यहाँ उदाहरणको रूपमा प्रस्तुत गरिएको हो। **दा** वर्णको उदाहरण वसन्तदेवको जैसीदेवलको अभिलेख

(नो.१३:२) मा उत्कीर्ण **श्रीपादाः** शब्दबाट लिइएको हो। यसमा **द** वर्णमा आकारको मात्राचिह्नस्वरूप रहेको अंकुशेको आकृति उल्टो रूपमा देखिएको छ। यसलाई अलि उचालिएको किसिम नं. १ अनुसारको आकारको मात्राचिह्न भन्न पनि नसकिने होइन, भए पनि यसलाई यसै वर्गीकरणमा राख्न उपयुक्त देखिएकोले सोहीअनुसार गरिएको छ। **फा** वर्णको उदाहरण ललितपुरको च्यासलटोलको अभिलेख (रे.५१:११) मा उत्कीर्ण **फाल्गुनशुक्ल** शब्दावलीबाट लिइएको हो।

यी वर्णहरूमा अन्य किसिमको आकारको मात्राचिह्न पनि हुने कुरा यथास्थानमा वर्णन गरिएको छ।

तालिका नं. ५:८

लिच्छवि लिपिको वर्णमा आकारको मात्राचिह्न - किसिम नं. ७

वर्णको बीचको भुजाबाट सानो ऊर्ध्वरेखा लगाएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
जा		नो.१:२१	जा		नो.६९:४

माथिको तालिकामा, बायाँपट्टिको एउटा ऊर्ध्वरेखामा दायाँपट्टि स-साना तेर्सो पारेर तीनओटा भुजा जोडेपछि बनेको लिच्छवि लिपिको **ज** वर्णको तीनओटा भुजामध्ये बीचको भुजाबाट सानो ऊर्ध्वरेखा लगाइएको आकारको मात्राचिह्न भएको **जा** वर्णलाई उदाहरणको रूपमा प्रस्तुत गरिएको छ।

यहाँ **जा** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२१) मा उत्कीर्ण **प्रजावत्सलः** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:४) मा उत्कीर्ण **बीजाद्** शब्दबाट लिइएको हो। पहिलो उदाहरण (नो.१:२१) मा **प्रजावत्सलः** लेख्दा आकारको मात्राचिह्न वर्णको शिरोरेखाभन्दा अलिकतिमात्र माथि उठेको देखिन्छभने दोस्रो उदाहरण (नो.६९:४) मा **बीजाद्** लेख्दा **ज** वर्णमा

लगाइएको आकारको मात्राचिह्न वर्णको शिरोरेखाभन्दा धेरै माथिसम्म पुगेको देखिन्छ।

तालिका नं.५:९

लिच्छवि लिपिको वर्णमा आकारको मात्राचिह्न – किसिम नं. ८

वर्णको दायाँपट्टिको भुजाबाट अलिकति छोटो रेखा तलतिर तानी फेरि सानो ऊर्ध्वरेखा खिंचिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
णा		रे.६३:५	णा		नो.६९:३

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको दायाँपट्टिको भुजाबाट अलिकति छोटो रेखा तलतिर तानी फेरि सानो ऊर्ध्वरेखा खिँचिएको आकारको मात्राचिह्न भएको **णा** वर्णलाई उदाहरणको रूपमा प्रस्तुत गरिएको छ।

यहाँ **णा** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:५) मा उत्कीर्ण **प्रणामानुष्ठान** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:३) मा उत्कीर्ण **ब्राह्मणादे** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.६३:५) मा **प्रणामानुष्ठान** लेख्दा **ण** वर्णमा आकारको मात्राचिह्न किसिम नं. ८ बमोजिमको अर्थात् वर्णको दायाँपट्टिको भुजाबाट अलिकति छोटो रेखा तलतिर तानी फेरि सानो ऊर्ध्वरेखा खिँचिएको देखिन्छभने दोस्रो उदाहरण (नो.६९:३) मा **ब्राह्मणादे** लेख्दा **ण** वर्णमा आकारको मात्राचिह्न किसिम नं. ८ बमोजिमको अर्थात् वर्णको दायाँपट्टिको भुजाबाट अलिकति छोटो रेखा तलतिर तानी फेरि सानो ऊर्ध्वरेखा खिँचिएको भए पनि यो रेखा शिरोरेखाभन्दा धेरै माथिसम्म पुगेको, भनौं-न झण्डै एकलखको चिह्नजस्तै लामै तानिएको पाइन्छ। भए पनि यस चिह्नको मूल रूप एकै ठानी यहाँ एउटै किसिमको रूप मानिएको छ।

तालिका नं.५:१०

लिच्छवि लिपिको वर्णमा आकारको मात्राचिह्न – किसिम नं. ९

वर्णको बायाँ शिरमा आजभोलिको देवनागरी लिपिको उल्टो एकारको मात्रा जस्तो चिह्न लगाएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ञ्चा		नो.६२:९			
ठा		रे.६९:१४	ता		नो.६९:४
पा		नो.६०:२	फा		रे.७७:१६
मा		रे.७७:४	ल्पा		रे.१०९:१७
शा		रे.६९:८	सा		रे.७९:७

माथिको तालिकामा लिच्छवि लिपिका वर्णहरूमा वर्णको बायाँ शिरमा आजभोलिको देवनागरी लिपिको उल्टो एकार (अर्थात् बायाँपट्टिबाट दायाँपट्टि माथि गएको) को मात्राजस्तो आकारको मात्राचिह्न भएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ **ञ्चा** वर्णको उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको भृङ्गारेश्वरको अभिलेख (नो.६२:९) मा उत्कीर्ण **ग्रामपाञ्चालिकैः** शब्दावलीबाट लिइएको

हो। यसमा संयुक्त वर्णको उदाहरण दिन खोजिएको होइन तापनि **ञ** वर्णमा किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएको हुनाले सोको उदाहरण प्रस्तुत गरिएको हो। **ठा** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:१४) मा उत्कीर्ण **पीठाध्यक्षस्य** शब्दबाट लिइएको होभने **ता** वर्णको उदाहरण नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:४) मा उत्कीर्ण **सुकृता** शब्दावलीबाट लिइएको हो।

त्यसै गरी **पा** वर्णको उदाहरण आचार्य प्रनर्दनको छत्रचण्डेश्वरको अभिलेख (नो.६०:२) मा उत्कीर्ण **पाशच्छिदः** शब्दबाट लिइएको होभने **फा** वर्णको उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१६) मा उत्कीर्ण **फाल्गुन** शब्दबाट लिइएको हो। **मा** वर्णको उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:४) मा उत्कीर्ण **माभाष्य** शब्दबाट लिइएको होभने **ल्पा** वर्णको उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको भृङ्गारेश्वरको अभिलेख (रे.१०९:१७) मा उत्कीर्ण **मल्पापि बाधा** शब्दावलीबाट लिइएको हो। यसमा संयुक्त वर्णको उदाहरण दिन खोजिएको होइन तापनि **ल** वर्णमा किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएको हुनाले उदाहरण प्रस्तुत गरिएको हो।

शा वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:८) मा उत्कीर्ण **शासनोपनिबन्धः** शब्दावलीबाट लिइएको होभने **सा** वर्णको उदाहरण अंशुवर्माको नक्साल भन्सारहिटीको अभिलेख (रे.७९:७) मा उत्कीर्ण **प्रसादः** शब्दबाट लिइएको हो।

यसरी लिच्छविकालका शिलालेखहरूको अध्ययन गर्दा लिच्छवि लिपिमा ९ किसिमका आकारका मात्राचिह्नहरू देखिएका छन्। यहाँ आकारका मात्राचिह्नहरू फरक फरक किसिमका देखिए तापनि यस समयमा एउटा वर्णमा एकै किसिमको मात्र आकारको मात्राचिह्न लगाइने प्रचलन थिएन; एक वर्णमा दुई तीन किसिमको आकारको मात्राचिह्न लगाइएको पनि पाइन्छ। अब यस विषयमा छलफल गरिन्छ।

तालिका नं.५:११

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. ३	स्रोत	लिच्छवि किसिम नं. ५	स्रोत
खा		रे.७७:८		नो.१:६		रे.९:४

माथिको तालिकाअनुसार ख वर्णमा किसिम नं. १, किसिम नं. ३ र किसिम नं. ५ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:८) मा **खातकः** लेख्दा ख वर्णमा किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाइएको पाइन्छभने मानदेवको चाँगुको अभिलेख (नो.१:६) मा **क्षात्रेणाजिमखा** लेख्दा ख वर्णमा किसिम नं. ३ अनुसार आकारको मात्राचिह्न लगाइएको पाइन्छ । यसै गरी मानदेवको पालाको देउपाटनको अभिलेख (रे.९:४) मा **प्रयिट्टिखा** लेख्दा ख वर्णमा किसिम नं. ५ अनुसार आकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

तालिका नं.५:१२

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. ५	स्रोत
गा		रे.२७:४९		नो. १:१६

माथिको तालिकाअनुसार **ग** वर्णमा किसिम नं. १ र किसिम नं. ५ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरणहरू प्रस्तुत गरिएका छन्।

हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:४९) मा **रागादि** लेख्दा **ग** वर्णमा किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाइएको पाइन्छभने मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा **पाशवशगा** लेख्दा **ग** वर्णमा किसिम नं. ५ अनुसारको आकारको मात्राचिह्न लगाइएको पाइन्छ।

तालिका नं.५:१३

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. ६	स्रोत	लिच्छवि किसिम नं. ७	स्रोत
जा		नो.८३:४५		नो.६९:४

माथिको तालिकाअनुसार **ज** वर्णमा किसिम नं. ६ र किसिम नं. ७ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरणहरू प्रस्तुत गरिएका छन्।

यहाँ नक्साल नारायणचौरको अभिलेख (नो.८३:४५) मा **सम्यक्प्रजा** लेख्दा **ज** वर्णमा आकारको मात्राचिह्न किसिम नं. ६ अनुसार लगाइएको पाइन्छभने नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:४) मा **पुण्यबीजाद्** लेख्दा **ज** वर्णको आकारको मात्राचिह्न किसिम नं. ७ अनुसार लगाइएको पाइन्छ। यस उदाहरणमा मात्रा-चिह्न लगाउँदा **ज** को तेर्सो तीन भुजामध्ये बीचको भुजाबाट आकारको मात्राचिह्न पहिलो भुजालाई छेडेर सीधै माथिसम्म गएको पनि देखिन्छ।

तालिका नं.५:१४

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. ९	स्रोत
ञा		रे.८०:१५		नो.६२:९

माथिको तालिकाअनुसार ञ वर्णमा किसिम नं. १ र किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

अंशुवर्माको देउपाटनको अभिलेख (रे.८०:१५) मा **पाञ्चालिकानां** लेख्दा ञ वर्णमा किसिम नं. १ अनुसारको आकारको मात्राचिह्न लगाइएको पाइन्छभने भीमार्जुनदेव+विष्णुगुप्तको भृङ्गारेश्वरको अभिलेख (नो.६२:९) मा **ग्रामपाञ्चालिकैः** लेख्दा ञ वर्णमा किसिम नं. ९ अनुसारको आकारको मात्रा चिह्न लगाइएको पाइन्छ। यहाँ संयुक्त वर्णको उदाहरण दिन खोजिएको होइन तापनि ञ वर्णमा किसिम नं. १ र किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएको हुनाले सोको उदाहरण प्रस्तुत गरिएको हो ।

तालिका नं.५:१५

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. ६	स्रोत
टा		रे.६२:७		नो.५२:७

माथिको तालिकाअनुसार **ट** वर्णमा किसिम नं. १ र किसिम नं. ६ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

धर्मपुरको अभिलेख (रे.६२:७) मा **चाटभटाः** लेख्दा **ट** वर्णमा किसिम नं. १ अनुसारको आकारको मात्राचिह्न लगाइएको पाइन्छभने ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणको अभिलेख (नो.५२:७) मा **गीटापाञ्चालिकाः** लेख्दा **ट** वर्णमा किसिम नं. ६ अनुसारको आकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

तालिका नं.५:१६

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. ३	स्रोत	लिच्छवि किसिम नं. ४	स्रोत	लिच्छवि किसिम नं. ९	स्रोत
ठा		रे.६० :१२		नो. १:१३		रे.६९:१४

माथिको तालिकामा ठ वर्णमा किसिम नं. ३, किसिम नं. ४ र किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन् ।

शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:१२) मा **कुठार** लेख्दा **ठ** वर्णमा आकारको मात्राचिह्न किसिम नं. ३ बमोजिम लगाइएको छभने मानदेवको चाँगुको अभिलेख (नो.१:१३) मा **शठाः** लेख्दा **ठ** वर्णमा आकारको मात्राचिह्न किसिम नं. ४ बमोजिम लगाइएको पाइन्छ। यसै गरी अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:१४) मा **पीठाध्यक्ष** लेख्दा **ठ** वर्णमा किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएको देखिन्छ।

तालिका नं.५:१७

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. ३	स्रोत	लिच्छवि किसिम नं. ८	स्रोत
णा		रे.२०:१७		नो.६९:३

माथिको तालिकाअनुसार **ण** वर्णमा किसिम नं. ३ तथा किसिम नं. ८ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:१७) मा **प्रागुत्तरेणापि** लेख्दा **ण** वर्णमा आकारको मात्राचिह्न किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छभने नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:३) मा **ब्राह्मणादे** लेख्दा **ण** वर्णमा आकारको मात्राचिह्न किसिम नं. ८ बमोजिम लगाइएको पाइन्छ ।

तालिका नं.५:१८

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. ६	स्रोत	लिच्छवि किसिम नं. ९	स्रोत
ता		नो.१:११		रे.१४०:१७		नो.६९:४

माथिको तालिकाअनुसार **त** वर्णमा किसिम नं. १, किसिम नं. ६ तथा किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ मानदेवको चाँगुको अभिलेख (नो.१:११) मा **मवस्थिता** लेख्दा **त** वर्णमा किसिम नं. १ बमोजिम आकारको मात्राचिह्न लगाइएको छभने मीननाथको अभिलेख (रे.१४०:१७) मा **प्रेत्यापि** लेख्दा **त** वर्णमा आकारको मात्राचिह्न किसिम नं. ६ बमोजिम लगाइएको पाइन्छ। माथिको तालिकामा संयुक्त वर्णको विषयमा चर्चा चलाउन खोजिएको होइन तापनि **त** वर्णमा रहेको आकारको मात्राचिह्नको प्रयोजनको लागि यो उदाहरण प्रस्तुत गरिएको हो । यसै गरी नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:४) मा **सुकृता** लेख्दा **त** वर्णमा किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

तालिका नं.५:१९

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. ३	स्रोत	लिच्छवि किसिम नं. ४	स्रोत
था		रे.७१:१४		रे.३९:३		रे.७१:११

माथिको तालिकाअनुसार **थ** वर्णमा किसिम नं. १, किसिम नं. ३ तथा किसिम नं. ४ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन् ।

अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:१४) मा **मतिवर्त्त्यान्यथा** लेख्दा **थ** वर्णमा किसिम नं. १ बमोजिम आकारको मात्राचिह्न लगाइएको छभने

गणदेव+भौमगुप्तको बलम्बूको अभिलेख (रे.३९:३) मा **यथाप्रधान** लेख्दा **थ** वर्णमा किसिम नं. ३ बमोजिम आकारको मात्राचिह्न लगाइएको छ। यसै गरी अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:११) मा **यथा देयम्** लेख्दा **थ** वर्णमा किसिम नं. ४ बमोजिम आकारको मात्राचिह्न लगाइएको देखिन्छ। यहाँ एउटै अभिलेख अर्थात् अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:११ तथा रे.७१:१४) मा **थ** वर्णमा किसिम नं. ४ बमोजिम र किसिम नं. १ बमोजिम दुई थरीको आकारको मात्राचिह्न लगाइएको देखिन्छ।

तालिका नं.५:२०

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. ६	स्रोत
दा		रे.१:२६		नो.१३:२

माथिको तालिकाअनुसार **द** वर्णमा किसिम नं. १ तथा किसिम नं. ६ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन्।

मानदेवको चाँगुको अभिलेख (नो.१:२६) मा **धनम्प्रादाद्** लेख्दा **द** वर्णमा आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छभने वसन्तदेवको जैसीदेवलको अभिलेख (नो.१३:२) मा **श्रीपादानुध्यातः** लेख्दा **द** वर्णमा आकारको मात्राचिह्न किसिम नं. ६ बमोजिम लगाइएको पाइन्छ। यहाँ **द** वर्णमा लगाइएको किसिम नं. ६ अनुसारको आकारको मात्राचिह्न **ट** वर्णमा लगाइएकोजस्तो स्पष्ट अंकुशे आकारको नभएर दायाँपट्टिबाट अलिकति माथितिर उठी तलतिर फेरि छोटो रेखा तानिएको छ, भए पनि यसलाई मूल रूपमा एकै विन्यास भएको देखिएकोले किसिम नं. ६ बमोजिम नै मानिएको छ।

तालिका नं.५:२१

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. ३	स्रोत	लिच्छवि किसिम नं. ४	स्रोत
धा		रे.५५:९		नो.१:१		रे.६०:१३

माथिको तालिकाअनुसार ध वर्णमा किसिम नं. १, किसिम नं. ३ तथा किसिम नं. ४ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन् ।

शिवदेव+अंशुवर्माको भक्तपुर गोलमढीटोलको शिलालेख (रे.५५:९) मा **पञ्चापराधा** लेख्दा ध वर्णमा किसिम नं. १ बमोजिम आकारको मात्राचिह्न लगाइएको पाइन्छभने मानदेवको चाँगुको अभिलेख (नो.१:१) मा **भार्य्याभिधाना** लेख्दा ध वर्णमा किसिम नं. ३ बमोजिम आकारको मात्राचिह्न लगाइएको पाइन्छ। यसै गरी शिवदेव+अंशुवर्माको सतुङ्गलको शिलालेख (रे.६०:१३) मा **विधारणा** लेख्दा ध वर्णमा किसिम नं. ४ बमोजिम आकारको मात्राचिह्न लगाइएको पाइन्छ।

तालिका नं.५:२२

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत	लिच्छवि किसिम नं. ९	स्रोत
पा		नो.४१:१३		नो.१:१२		नो.६०:२

माथिको तालिकाअनुसार **प** वर्णमा किसिम नं. १, किसिम नं. २ तथा किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन्।

अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:१३) मा **वप्पपादानुध्यातः** लेख्दा **प** वर्णमा किसिम नं. १ बमोजिम आकारको मात्राचिह्न लगाइएको पाइन्छभने मानदेवको चाँगुको अभिलेख (नो.१:१२) मा **पादौ** लेख्दा **प** वर्णमा आकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको देखिन्छ। यसै गरी आचार्य प्रनर्दनको पशुपति छत्रचण्डेश्वरको अभिलेख (नो.६०:२) मा **पाशच्छिदः** लेख्दा **प** वर्णमा आकारको मात्राचिह्न किसिम नं. ९ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.५:२३

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. ६	स्रोत	लिच्छवि किसिम नं. ९	स्रोत
फा		रे.५१:११		रे.७७:१६

माथिको तालिकाअनुसार **फ** वर्णमा किसिम नं. ६ तथा किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन्।

ललितपुरको च्यासलटोलको अभिलेख (रे.५१:११) मा **फाल्गुनशुक्ल** लेख्दा **फ** वर्णमा किसिम नं. ६ अनुसार आकारको मात्राचिह्न लगाइएको पाइन्छभने अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१६) मा चाहिँ **फाल्गुनशुक्ल** लेख्दा **फ** वर्णमा किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएको पाइन्छ।

तालिका नं. ५:२४

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. ३	स्रोत	लिच्छवि किसिम नं. ५	स्रोत
बा		नो.८१:११		रे.२०:२१		रे.२०:१९

माथिको तालिकाअनुसार **ब** वर्णमा किसिम नं. १, किसिम नं. ३ तथा किसिम नं. ५ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:११) मा **बान्धव** लेख्दा **ब** वर्णमा किसिम नं. १ अनुसारको आकारको मात्राचिह्न लगाइएको पाइन्छभने वसन्तदेवको थानकोटको आदिनारायणको अभिलेख (रे.२०:२१) **बाधा कर्तव्या** लेख्दा **ब** वर्णमा किसिम नं. ३ बमोजिम आकारको मात्राचिह्न लगाइएको पाइन्छ। यसै गरी यही अभिलेख (रे.२०:१९) मा **ब्राह्मणप्रधाना** लेख्दा **ब** वर्णमा आकारको मात्राचिह्न किसिम नं. ५ बमोजिम लगाइएको पाइन्छ। माथिको तालिकामा संयुक्त वर्णको विषयमा चर्चा चलाउन खोजिएको होइन तापनि **ब** वर्णमा रहेको आकारको मात्राचिह्नको प्रयोजनको लागि यो उदाहरण प्रस्तुत गरिएको हो।

तालिका नं. ५:२५

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. ९	स्रोत
मा		नो.४१:५		रे.७७:४

माथिको तालिकाअनुसार **म** वर्णमा किसिम नं. १ र किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन् ।

अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:५) मा **पश्चिमाधिकरण** लेख्दा **म** वर्णमा किसिम नं. १ अनुसारको आकारको मात्राचिह्न लगाइएको पाइन्छभने अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:४) मा **कुशलमाभाष्य** लेख्दा **म** वर्णमा किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

तालिका नं.५:२६

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
या		रे.७३:१		रे.१:६
या		रे.७७:१४		रे.२०:१७
या		रे.१०४:७		

माथिको तालिकाअनुसार **य** वर्णमा किसिम नं. १ र किसिम नं. २ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ **य** वर्णमा किसिम नं. १ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरण तीनओटा दिइएका छन् – पहिलो उदाहरण अंशुवर्माको चाँगुनारायणको अभिलेख (रे.७३:१) मा उत्कीर्ण **स्वसंस्थया** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१४) मा उत्कीर्ण **धर्मगुरुतया** शब्दावलीबाट लिइएको हो । यसै गरी तेस्रो उदाहरण छत्रचण्डेश्वरको शिलालेख (रे.१०४:७) मा उत्कीर्ण **पायात्सोद्य** शब्दावलीबाट लिइएको हो ।

यसै गरी **य** वर्णमा किसिम नं. २ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरणचाँहि दुईओटा दिइएका छन्– पहिलो उदाहरण मानदेवको चाँगुनारायणको अभिलेख (नो.१:६) मा उत्कीर्ण **यातः पिता** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:१७) मा उत्कीर्ण **यावन्महापथः** शब्दावलीबाट लिइएको हो ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम आकारको मात्राचिह्न लगाइएका **या** वर्णका आकृतिहरू जम्मा पाँच किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – **स्वसंस्थया** (रे.७३:१) लेख्दा तीन भुजा भएको **य** वर्णको बायाँपट्टिको भुजाको माथिको गाँठो भित्रपट्टि फर्किएको अवस्थामा रहेको र आकारको मात्राचिह्नचाँहि दायाँ भुजामा किसिम नं. १ बमोजिम लगाइएको,

२. दोस्रो उदाहरण – **धर्मगुरुतया** (रे.७७:१४) लेख्दा तीन भुजा भएको **य** वर्णको बायाँपट्टिको भुजाको माथिको यो गाँठो बाहिरपट्टि फर्किएको अवस्थामा रहेको र आकारको मात्राचिह्नचाँहि दायाँ भुजामा किसिम नं. १ बमोजिम लगाइएको,

३. तेस्रो उदाहरण – **पायात्सोद्य** (रे.१०४:७) लेख्दा **य** वर्ण दुई भुजामा परिवर्त्तित भइसकेको हुनाले आकारको मात्राचिह्न दायाँपट्टिको भुजामा किसिम नं. १ बमोजिम लगाइएको,

४. चौथो उदाहरण –**यातः पिता** (नो.१:६) लेख्दा तीन भुजा भएको **य** वर्णको बायाँपट्टिको भुजाको माथिको गाँठो बाहिर फर्किएको अवस्थामा रहेको र आकारको मात्राचिह्न बीचको भुजाबाट किसिम नं. २ बमोजिम लगाइएको,

५. पाँचौं उदाहरण – **यावन्महापथः** (२०:१७) लेख्दा तीन भुजा भएको **य** वर्णको बायाँपट्टिको भुजाको माथिको गाँठो भित्रपट्टि फर्किएको अवस्थामा रहेको र आकारको मात्राचिह्न बीचको भुजाबाट किसिम नं. २ बमोजिम लगाइएको ।

तालिका नं. ५:२७

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. ९	स्रोत
ला		नो.१:२२		रे.१०९:१७

माथिको तालिकाअनुसार **ल** वर्णमा किसिम नं. १ र किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन्।

मानदेवको चाँगुको अभिलेख (नो.१:२२) मा **चञ्चलजलान्** लेख्दा **ल** वर्णमा किसिम नं. १ अनुसारको आकारको मात्राचिह्न लगाइएको पाइन्छभने भृङ्गारेश्वरको भीमार्जुनदेव+विष्णुगुप्तको अभिलेख (रे.१०९:१७) मा **मल्पापि बाधा** लेख्दा **ल** वर्णमा किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएको पाइन्छ। यसमा संयुक्त वर्णको उदाहरण दिन खोजिएको होइन तापनि **ल** वर्णमा किसिम नं. ९ बमोजिम आकारको मात्राचिह्न लगाइएको हुनाले सोको उदाहरण प्रस्तुत गरिएको हो।

तालिका नं.५:२८

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. ५	स्रोत	लिच्छवि किसिम नं. ९	स्रोत
शा		रे.९७:१४		नो.१:१९		रे.६९:८

माथिको तालिकामा **श** वर्णमा आकारको मात्राचिह्न किसिम नं. १, किसिम नं. ५ तथा किसिम नं.९ बमोजिम लगाइएका उदाहरण प्रस्तुत गरिएका छन्।

ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:१४) मा **शिलापट्टकशासन** लेख्दा **श** वर्णमा किसिम नं. १ बमोजिम आकारको मात्राचिह्न लगाइएको पाइन्छभने मानदेवको चाँगुको अभिलेख (नो.१:१९) मा **विक्रमवशात्** लेख्दा **श** वर्णमा आकारको मात्रा चिह्न किसिम नं. ५ बमोजिम लगाइएको पाइन्छ। यसै गरी अंशुवर्माको हाँडिगाउँको शिलालेख (रे.६९:८) मा **शासनोपनिबन्धः** लेख्दा **श** वर्णमा आकारको मात्राचिह्न किसिम नं. ९ बमोजिम लगाइएको देखिन्छ।

तालिका नं.५:२९

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
षा		नो.४१:१३		रे.२५:७

माथिको तालिकामा **ष** वर्णमा आकारको मात्राचिह्न किसिम नं. १ तथा किसिम नं. २ बमोजिम लगाइएका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ अंशुवर्माको देउपाटनको शिलालेख (नो.४१:१३) मा **तेषामधः** लेख्दा **ष** वर्णमा आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने किसिपिँडीको अभिलेख (रे.२५:७) मा **प्रथमाषाढ** लेख्दा **ष** वर्णमा आकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.५:३०

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत	लिच्छवि किसिम नं. ९	स्रोत
सा		रे.६३:१६		रे.१:१४		रे.७९:७

माथिको तालिकामा **स** वर्णमा आकारको मात्राचिह्न किसिम नं. १, किसिम नं. २ तथा किसिम नं. ९ बमोजिम लगाइएका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ शिवदेव+अंशुवर्माका खोपासीको शिलालेख (रे.६३:१६) मा **गुरुकृतप्रसादा** लेख्दा **स** वर्णमा आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको देखिन्छभने मानदेवको चाँगुको अभिलेख (नो.१:१४) मा **सामन्ताः** लेख्दा **स** वर्णमा आकारको मात्राचिह्न किसिम नं.२ बमोजिम लगाइएको पाइन्छ । यसै गरी अंशुवर्माको नक्साल भन्सारहिटीको अभिलेख (रे.७९:७) मा **प्रसाद** लेख्दा **स** वर्णमा आकारको मात्राचिह्न किसिम नं.९ बमोजिम लगाइएको पाइन्छ ।

तालिका नं.५:३१

लिच्छवि लिपिको कवर्ग (अर्थात् क, ख, ग, घ, ङ) को संयुक्त वर्णमा आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ङ्का		रे.५:४			

त्का		नो.१:४	स्का		रे.९७:८
क्षा		नो.१:६	ङ्खा		रे.१०६:१८
त्खा		रे.६३:६	ङ्गा		रे.७५:९
ङ्घा		रे.७६:७	द्घा		रे.६३:१०

माथिको तालिकामा कवर्ग अर्थात् **क, ख, ग, घ** एवं **ङ** सहितको संयुक्त वर्णमा वर्णको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **ङ्गा** को उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:४) मा उत्कीर्ण **दृढङ्गारयित्वा** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको ङ अक्षरमा किसिम नं. ६ अनुसार लगाइएको पाइन्छ। यसै गरी संयुक्त वर्ण **त्का** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१४) मा उत्कीर्ण **साक्षात्काम** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **त** अक्षरमा किसिम नं. १ अनुसार लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्का** को उदाहरण ध्रुवदेव+ जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:८) मा उत्कीर्ण **संस्काराभावाद्** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **स** अक्षरमा किसिम नं. १ अनुसार लगाइएको पाइन्छ।

संयुक्त वर्ण **क्षा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:६) मा उत्कीर्ण **क्षात्रेण** शब्दबाट लिइएको हो। लिच्छवि लिपिमा **क+षसंयोगे क्ष** अर्थात् **क** वर्ण तथा **ष** वर्णको संयोग भएपछि **क्ष** अक्षर बन्छ भन्ने मान्यतालाई पूर्णतया लागू गरिएको पाइन्छ। यहाँ त्यसैले **क्ष** वर्ण लेख्नको लागि पहिले **क** वर्ण लेखी

त्यसको तलतिर **ष** अक्षर जोडिएको पाइन्छ। त्यस्तो **क्ष** अक्षरमा आकारको मात्राचिह्न लगाई **क्षा** बनाउनुपर्दा आकारको मात्राचिह्नचाहिँ शुरूको अक्षर **क** मा नै किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ङ्खा** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:१८) मा उत्कीर्ण **लङ्खापश्चिमेन** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको ङ अक्षरमा किसिम नं. ६ अनुसार लगाइएको पाइन्छ। संयुक्त वर्ण **त्खा** को उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:६) मा उत्कीर्ण **बलोत्खाता** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **त** अक्षरमा किसिम नं. १ अनुसार लगाइएको पाइन्छ। संयुक्त वर्ण **ङ्गा** को उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:९) मा उत्कीर्ण **शङ्गाग्राम** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको ङ अक्षरमा किसिम नं. ६ अनुसार लगाइएको पाइन्छ। संयुक्त वर्ण **ङ्घा** को उदाहरण अंशुवर्माको पाटन सुन्धाराको अभिलेख (रे.७६:७) मा उत्कीर्ण **दारुसङ्घात** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको ङ अक्षरमा किसिम नं. ६ अनुसार लगाइएको पाइन्छ। संयुक्त वर्ण **द्घा** को उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१०) मा उत्कीर्ण **द्वारोद्घाटन** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **द** अक्षरमा किसिम नं.१ अनुसार लगाइएको पाइन्छ।

तालिका नं.५:३२

लिच्छवि लिपिको चवर्ग (अर्थात् च, छ, ज, झ, ञ) को संयुक्त वर्णमा आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
च्चा		नो.१:२	ञ्चा		रे.७४:१७
श्चा		नो.१:१६	श्चा		नो.५७:१८

च्छा		नो.१:७	ज्जा		नो.५७:१८
ञ्जा		नो.१:३	म्जा		रे.६९:१२
ज्ञा		रे.९७:९	ग्ज्ञा		नो.५९:१

माथिको तालिकामा चवर्ग अर्थात् **च**, **छ**, **ज**, **झ** एवं **ञ** सहितको संयुक्त वर्णमा वर्णको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **च्चा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२) मा उत्कीर्ण **श्रीमच्चारुभुजः** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **च** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। यसै गरी संयुक्त वर्ण **ञ्चा** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१७) मा उत्कीर्ण **पाञ्चाल्याः** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **ञ** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। यहाँ संयुक्त वर्ण **श्चा** को उदाहरण दुईओटा दिइएका छन् । पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो. १:१६) मा उत्कीर्ण **पश्चाद्भुवं** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण विष्णुगुप्तको मालीगाउँको अभिलेख (नो.५७:१८) मा उत्कीर्ण **स्वभावाश्चारित्र** शब्दावलीबाट लिइएको हो। पहिलो उदाहरणमा आकारको मात्राचिह्नचाहिँ शुरूको **श** वर्णमा किसिम नं. ५ बमोजिम लगाइएको पाइन्छभने दोस्रो उदाहरणमा आकारको मात्राचिह्नचाहिँ शुरूको **श** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

यहाँ संयुक्त वर्ण **च्छा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:७) मा उत्कीर्ण **गच्छामि** शब्दबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **च** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ज्जा**

को उदाहरण विष्णुगुप्तको मालीगाउँको अभिलेख (नो.५७:१८) मा उत्कीर्ण **व्यपेतलज्जाः** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **ज** वर्णमा किसिम नं. ७ बमोजिम लगाइएको पाइन्छ। यहाँ संयुक्त वर्ण **ञ्जा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:३) मा उत्कीर्ण **यस्याञ्जात** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको ञ वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **म्जा** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:१२) मा उत्कीर्ण **गोच्छिम्जाकस्य** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **म** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

लिच्छवि लिपिमा **जज्ञोर्ज्ञः** अर्थात् **ज** वर्ण र **ञ** वर्णको संयोग भएपछि **ज्ञ** अक्षर बन्छ भन्ने मान्यतालाई पूर्णतया लागू गरिएको पाइन्छ। त्यसैले **ज्ञ** लेख्नुपर्दा पहिले **ज** वर्ण लेखी त्यसको तलतिर **ञ** अक्षर जोडी **ज्ञ** अक्षर बनाइएको हुन्छ। यहाँ संयुक्त वर्ण **ज्ञा** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:९) मा उत्कीर्ण **चास्मदनुज्ञातेन** शब्दावलीबाट लिइएको हो। यहाँ **ज्ञ** अक्षरलाई **ज्ञा** बनाउनुपर्दा पनि शुरूको अक्षर **ज** वर्णको बीचको भुजाबाट किसिम नं. ७ अनुसार आकारको मात्राचिह्न लगाइएको पाइन्छ। संयुक्त वर्ण **ग्ज्ञा** को उदाहरण पशुपति छत्रचण्डेश्वरको अभिलेख (नो.५९:१) मा उत्कीर्ण **सम्यग्ज्ञानादियुक्तः** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **ग** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.५:३३

लिच्छवि लिपिको टवर्ग (अर्थात् ट, ठ, ड, ढ, ण) को संयुक्त वर्णमा आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ड्डा		नो.५४:१७	ष्टा		रे.२०:७

ष्ठा		रे.३०:१	ण्डा		रे.७१:९
ण्ढा		रे.७९:७	क्ष्णा		नो.१:२
ण्णा		रे.८:३	ष्णा		नो.११:३४

माथिको तालिकामा टवर्ग अर्थात् **ट**, **ठ**, **ड**, **ढ** एवं **ण** सहितको संयुक्त वर्णमा वर्णको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **ट्टा** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख (नो.५४:१७) मा उत्कीर्ण **दङ्खुट्टार्थादि** शब्दावलीबाट लिइएको हो र आकारको मात्रा चिह्नचाहिँ शुरूको **ट** वर्णमा किसिम नं. ६ बमोजिम लगाइएको पाइन्छ। यसै गरी संयुक्त वर्ण **ष्टा** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:७) मा उत्कीर्ण **साष्टादश** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **ष** वर्णमा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ष्ठा** को उदाहरण पशुपति भष्मेश्वरको अभिलेख (रे.३०:१) मा उत्कीर्ण **प्रतिष्ठापितेभ्यो** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **ष** वर्णमा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। यसै गरी संयुक्त वर्ण **ण्डा** को उदाहरण अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:९) मा उत्कीर्ण **ताम्रभाण्डा** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **ण** वर्णमा किसिम नं. ८ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ण्ढा** को उदाहरण अंशुवर्माको नक्साल भन्सारहिटीको अभिलेख (रे.७९:७) मा उत्कीर्ण **षण्ढाश्विक** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **ण** वर्णमा किसिम नं. ८ बमोजिम लगाइएको

पाइन्छ। यसै गरी संयुक्त वर्ण **क्ष्णा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२) मा उत्कीर्ण **कनकश्लक्ष्णा** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **क** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ण्णा** को उदाहरण मानदेवको पालाको रत्नसङ्घको देउपाटनको अभिलेख (रे.८:३) मा उत्कीर्ण **षण्णां शतानां** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **ण** वर्णमा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। यसै गरी संयुक्त वर्ण **ष्णा** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (नो.११:३४) मा उत्कीर्ण **तृष्णां विधूय** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **ष** वर्णमा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.५:३४

लिच्छवि लिपिको तवर्ग (अर्थात् त, थ, द, ध, न) को संयुक्त वर्णमा आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्ता		नो.५७:१९	त्ता		रे.२०:२६
न्ता		नो.१:४	स्ता		रे.२९:१२
स्था		नो.१:८			
त्स्था		रे.१०८:१५	द्दा		नो.७०:१९

न्दा		नो.७०:२१	ग्धा		नो.८१:२१
द्धा		नो.१:१६	त्ना		रे.१२५:७
ध्ना		रे.२७:७२	न्ना		नो.१:२३
म्ना		नो.१:६	त्स्ना		नो.६७:१

माथिको तालिकामा तवर्ग अर्थात् **त**, **थ**, **द**, **ध** एवं **न** सहितको संयुक्त वर्णमा वर्णको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **क्ता** को उदाहरण विष्णुगुप्तको मालिगाउँको अभिलेख (नो.५७:१९) मा उत्कीर्ण **विरक्ता** शब्दबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **क** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। यसै गरी संयुक्त वर्ण **त्ता** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:२६) मा उत्कीर्ण **मस्मद्दत्ताम्** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **त** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

संयुक्त वर्ण **न्ता** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:४) मा उत्कीर्ण **कान्ताविलास** शब्दावलीबाट लिइएको हो र आकारको मात्रा चिह्नचाहिँ शुरूको **न** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। यसै गरी संयुक्त वर्ण **स्ता** को उदाहरण वसन्तदेवको पासिंख्यको अभिलेख (रे. २९:१२) मा उत्कीर्ण **निर्वृत्तविश्वस्ता** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **स** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

यसै गरी संयुक्त वर्ण **स्था** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:८) मा उत्कीर्ण **संस्थापयिष्यामि** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **स** वर्णमा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **त्स्था** को उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको यंगालहिटीको अभिलेख (रे.१०८:१५) मा उत्कीर्ण **चैतत्स्थान** शब्दावलीबाट लिइएको हो र आकारको मात्रा चिह्नचाहिँ शुरूको **त** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। यसै गरी संयुक्त वर्ण **द्वा** को उदाहरण नरेन्द्रदेवको ललितपुर गहिरीधाराको अभिलेख (नो.७०:१९) मा उत्कीर्ण **कदाचिद्वानपति** शब्दावलीबाट लिइएको हो र आकारको मात्रा चिह्नचाहिँ शुरूको **द** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्दा** को उदाहरण नरेन्द्रदेवको ललितपुर गहिरीधाराको अभिलेख (नो.७०:२१) मा उत्कीर्ण **अतोधिकन्दान** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **न** वर्णमा किसिम नं. ६ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ग्धा** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२१) मा उत्कीर्ण **दुग्धाब्धेरागतः** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **ग** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। यसै गरी संयुक्त वर्ण **द्धा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा उत्कीर्ण **बद्धा** शब्दबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **द** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **त्ना** को उदाहरण बलम्बूको अभिलेख (रे.१२५:७) मा उत्कीर्ण **नृपैर्यत्नात्** शब्दावलीबाट लिइएको हो र आकारको मात्रा चिह्नचाहिँ शुरूको **त** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। यसै गरी संयुक्त वर्ण **ध्ना** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:७२) मा उत्कीर्ण **बध्नामि** शब्दबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **ध** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्ना** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२३) मा उत्कीर्ण **लोकज्ञतान्नाश्रितः** शब्दावलीबाट लिइएको हो र आकारको मात्राचिह्नचाहिँ शुरूको **न** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। यसै गरी संयुक्त वर्ण **म्ना** को उदाहरण

पनि चाँगुकै यही अभिलेख (नो.१:६) मा उत्कीर्ण **प्रेम्ना** शब्दबाट लिइएको हो र आकारको मात्राचिह्न चाहिँ शुरूको **म** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

संयुक्त वर्ण **त्स्ना** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:१) मा उत्कीर्ण **ज्योत्स्ना** शब्दबाट लिइएको हो। आकारको मात्राचिह्न लगाउने विषयमा यहाँ एउटा विशेषता देखिन्छ। त्यो केभने लिच्छवि लिपिको संयुक्त वर्णहरूमा द्वक्षर अथवा त्र्यक्षर जे भए पनि आकारको मात्राचिह्न साधारणतया संयुक्ताक्षरको शुरूको अक्षरमा नै लगाउने रीति रहेकोमा यस शिलालेख (नो.६७:१) मा **ज्योत्स्ना** लेख्दा त्र्यक्षर **त्स्ना** मा आकारको मात्राचिह्न शुरूको अक्षर **त** मा नभई बीचको अक्षर **स** मा किसिम नं. १ बमोजिम लगाइएको देखिन्छ।

तालिका नं.५:३५

लिच्छवि लिपिको पवर्ग (अर्थात् प, फ, ब, भ, म) को संयुक्त वर्णमा आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्पा		नो.१:१६	त्पा		नो.७२:१४
त्पा		नो.११:४७	म्पा		नो.२७:६
ल्पा		रे.१०९:१७	ल्पा		नो.७६:२५
म्बा		नो.१:१०			

द्भा		नो.६६:३	क्ष्मा		नो.८१:१६
ण्मा		रे.७६:११	त्मा		रे.१८:४
द्मा		नो.८१:२४	न्मा		रे.२७:६८
म्मा		नो.१:२४	ष्मा		रे.२२:१३
स्मा		रे.७७:७	त्स्मा		रे.२२:१४

माथिको तालिकामा पवर्ग अर्थात् **प**, **फ**, **ब**, **भ** एवं **म** सहितको संयुक्त वर्णमा वर्णको विन्यास-अनुरूप आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **क्पा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा उत्कीर्ण **वाक्पाशैः** शब्दबाट लिइएको हो र यसमा आकारको मात्रा चिह्नचाहिँ शुरूको **क** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ । यहाँ संयुक्त वर्ण **त्पा** को उदाहरण दुईओटा दिइएका छन् । पहिलो उदाहरण नरेन्द्रदेवको च्यासलटोलको अभिलेख (नो.७२:१४) मा उत्कीर्ण **रस्मत्पादोपजीविभिः** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (नो.११:४७) मा उत्कीर्ण **भावात्पादादेः** शब्दावलीबाट लिइएको हो । साधारणतया यस किसिमको संयुक्त अक्षरमा आकारको मात्राचिह्न पहिलो वर्णमा नै लगाउने परम्परा रहेकोमा यहाँ **रस्मत्पादोपजीविभिः** (नो.७२:१४) लेख्दा **त्प** संयुक्त वर्णमा पहिले **त** अक्षर लेखी त्यसको तलतिर **प** अक्षर जोडी आकारको

मात्राचिह्नचाहिँ दोस्रो अक्षर **प** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने **भावात्पादादेः** (नो.११:४७) लेख्दा **त्प** संयुक्त वर्णमा पहिले **त** अक्षर लेखी त्यसको तल **प** अक्षर जोडी आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **त** मा नै किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

यहाँ संयुक्त वर्ण **म्पा** को उदाहरण शिवदेव+अंशुवर्माको बूढानीलकण्ठस्थानको अभिलेख (नो.२७:६)मा उत्कीर्ण **समरसम्पात** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **प** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ल्पा** को उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण भीमार्जुनदेव+ विष्णुगुप्तको भृङ्गारेश्वरको अभिलेख (रे.१०९:१७) मा उत्कीर्ण **मल्पापि बाधा** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (नो.७६:२५) मा उत्कीर्ण **कैश्चिदल्पापि** शब्दावलीबाट लिइएको हो। पहिलो उदाहरणमा आकारको मात्राचिह्नचाहिँ शुरूको **ल** वर्णमा किसिम नं. ९ बमोजिम लगाइएको पाइन्छभने दोस्रो उदाहरणमा आकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **प** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **म्बा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१०) मा उत्कीर्ण **नाम्बानृण्य** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **म** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **द्धा** को उदाहरण नरेन्द्रदेवको यज्ञालहिटीको अभिलेख (नो.६६:३) मा उत्कीर्ण **रात्मानमुद्धासिभिः** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्रा चिह्नचाहिँ पहिलो अक्षर **द** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **क्ष्मा** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१६) मा उत्कीर्ण **क्ष्माभुजा** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **क** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ण्मा** को उदाहरण अंशुवर्माको पाटन सुन्धाराको अभिलेख (रे.७६:११) मा उत्कीर्ण **षण्मानिका** शब्दावलीबाट लिइएको हो र

यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **ण** मा किसिम नं. ८ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **त्मा** को उदाहरण विजयवतीको पशुपति सूर्यघाटको अभिलेख (रे.१८:४) मा उत्कीर्ण **आत्मानुरूप** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **त** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **द्मा** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२४) मा उत्कीर्ण **पद्मापद्मासनाब्जे** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **द** मा नलगाई दोस्रो अक्षर **म** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्मा** को उदाहरण हाँडिगाउँ सत्यनारायण स्थानको अभिलेख (रे.२७:६८) मा उत्कीर्ण **संभिन्नजन्मा** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **न** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **म्मा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२४) मा उत्कीर्ण **प्रत्यर्थिनाम्माननुत्** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **म** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ष्मा** को उदाहरण वसन्तदेवको पाटन बहालुखाको अभिलेख (रे.२२:१३) मा उत्कीर्ण **द्युष्माभिः** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्न चाहिँ पहिलो अक्षर **ष** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्मा** को उदाहरण अंशुवर्माको तौखेलको शिलालेख (रे.७७:७) मा उत्कीर्ण **निमित्तमस्माभिः** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **स** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **त्स्मा** को उदाहरण वसन्तदेवका पाटन बहालुखाको शिलालेख (रे.२२:१४) मा उत्कीर्ण **स्मरयेत्स्मारयेत्** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **त** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.५:३६

लिच्छवि लिपिको य+संयुक्त वर्णमा आकारको मात्राचिह्न – पहिलो थरी

लिच्छवि लिपिको य+संयुक्त वर्णमा शुरूको वर्णमा आकारको मात्राचिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्या		रे.१८:३	ख्या		रे.५६:६
घ्या		रे.२०:२१	घ्या		नो.५६:२५
ङ्घ्या		रे.७९:९	ज्या		नो.८१:१७
ट्या		नो.६६:१५	ष्ट्या		नो.६२:१०
ष्ठ्या		रे.६९:२२	ढ्या		रे.१८:४
ण्या		रे.७१:१०	त्या		नो.१:१७
क्त्या		नो.१:२८	ङ्क्त्या		नो.८१:२५
न्त्या		नो.१:४	थ्या		रे.२७:५३

द्या		रे.२५:३	ध्या		रे.६९:२
द्ध्या		नो.१३:२	न्ध्या		रे.९९:३
न्या		रे.४५:२	त्न्या		रे.१४:२

लिच्छवि लिपिमा संयुक्त वर्ण लेख्दा आजभोलिको जस्तो तेर्सो सीधा जाने (Horizontal) हुँदैनथ्यो, अपितु माथिबाट लम्ब रूपमा तल जाने (vertical) हुन्थ्यो। उदाहरणको लागि आजभोलि देवनागरी लिपिमा **कान्त्या** लेख्नुपर्‍योभने **का** वर्णपछि आधा **न्** , अनि आधा **त्**, अनि **य** लेखेपछि मात्र **य** वर्णमा आकारको मात्राचिह्न (**ा**) लगाइन्छ। परन्तु लिच्छवि लिपिमा **कान्त्या** लेख्नुपर्‍योभने अघिल्लो **का** वर्णको आकारको मात्राचिह्नपछि सर्वप्रथम **न** अक्षर लेखिन्छ, अनि लम्ब रूपमा त्यसको तलबाट **त** अक्षर लेखिन्छ अनि त्यसको पनि तलबाट मरेको च अक्षर लेखिन्छ अनि आकारको मात्राचिह्नचाहिँ शुरूकै अक्षर **न** मा लगाइन्छ। **शक्त्या** लेख्नुपर्‍योभने पनि क्रम यस्तै हो।

लिच्छवि लिपिमा **य**+संयुक्त वर्णमा खास गरी आकारको मात्राचिह्न तीन थरी लगाइएको पाइन्छ – १. पहिलो थरी – लिच्छवि लिपिको **य**+संयुक्त वर्णमा शुरूको वर्णमा आकारको मात्राचिह्न लगाइएको, २. दोस्रो थरी – लिच्छवि लिपिको **य**+संयुक्त वर्णमा शुरूको अक्षरमा होइन कि तल रहेको च वर्णमा दायाँतर्फ सानो रेखा तानेर त्यसको बिन्दुबाट तल छोटो रेखा खिँची आकारको मात्राचिह्न लगाइएको, ३. तेस्रो थरी – लिच्छवि लिपिको **य**+संयुक्त वर्णमा आकारको मात्राचिह्नचाहिँ संयुक्त दुई अक्षरको बीचबाट दायाँतर्फ सानो रेखा तानी तल छोटो रेखा झुकाएर लगाउने गरिएको।

अब यस तालिकामा लिच्छवि लिपिको **य+संयुक्त वर्णमा** अक्षरको विन्यासअनुरूप शुरूको वर्णमा पहिलो थरीको आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **क्या** को उदाहरण विजयवतीको पशुपति सूर्यघाटको अभिलेख (रे.१८:३) मा उत्कीर्ण **स्वरवल्गुवाक्या** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **क** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ । संयुक्त वर्ण **ख्या** को उदाहरण शिवदेव+अंशुवर्माको भक्तपुरको तुलाछेंटोलको अभिलेख (रे.५६:६) मा उत्कीर्ण **प्रख्यातामल** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **ख** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

यहाँ **घ्या** वर्णको उदाहरण दुईओटा दिइएका छन् । पहिलो उदाहरण वसन्तदेवको थानकोट आदिनारायणस्थानको अभिलेख (रे.२०:२१) मा उत्कीर्ण **मुल्लंघ्यान्यथा** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको, थानकोटको अभिलेख (नो.५६:२५) मा उत्कीर्ण **माज्ञामुल्लंघ्या** शब्दावलीबाट लिइएको हो । यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.२०:२१) मा तीन भुजा भएको **घ** वर्णमा किसिम नं. २ बमोजिम आकारको मात्राचिह्न लगाइएको पाइन्छभने दोस्रो उदाहरण (नो.५६:२५)मा तीन भुजा भएको **घ** वर्णको दायाँपट्टिको भुजामा किसिम नं. १ बमोजिम आकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

संयुक्त वर्ण ङ्घ्या को उदाहरण अंशुवर्माको नक्साल भन्सारहिटीको अभिलेख (रे.७९:९) मा उत्कीर्ण **विलङ्घ्यान्यथा** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर ङ मा किसिम नं. ६ बमोजिम लगाइएको पाइन्छ अर्थात् पहिला ङ वर्ण, त्यसभन्दा तल **घ** वर्ण, अनि त्यसभन्दा पनि तल च वर्ण लेखी आकारको मात्राचिह्नचाहिँ शुरूको वर्ण **ङ** मा नै किसिम नं. ६ बमोजिम अंकुशसहित छोटो ऊर्ध्वरेखा लगाइएको पाइन्छ ।

संयुक्त वर्ण **ज्या** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१७) मा उत्कीर्ण **प्रत्यर्प्पिताज्याहुति** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्न चाहिँ पहिलो अक्षर **ज** मा किसिम नं. ७ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **टचा** को उदाहरण नरेन्द्रदेवको यङ्गालहिटीको अभिलेख (नो.६६:१५) मा उत्कीर्ण **शीताटचा** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **ट** मा किसिम नं.६ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ष्टचा** को उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको भृङ्गारेश्वरको अभिलेख (नो.६२:१०) मा उत्कीर्ण **तुष्टचा** शब्दबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **ष** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ष्ठचा** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:२२) मा उत्कीर्ण **शुक्लषष्ठचाम्** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **ष** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ढचा** को उदाहरण विजयवतीको पशुपति सूर्यघाटको अभिलेख (रे.१८:४) मा उत्कीर्ण **गुणाढचाम्** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **ढ** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ण्या** को उदाहरण अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:१०) मा उत्कीर्ण **द्रव्याण्यादायो** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **ण** मा किसिम नं.८ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **त्या** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१७) मा उत्कीर्ण **प्रकृत्यात्मना** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **त** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **क्तचा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२८) मा उत्कीर्ण **भक्तचाम्ब** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **क** मा किसिम नं.१ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ङ्क्तचा** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२५) मा उत्कीर्ण **दन्तपङ्क्तचा** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ

पहिलो अक्षर ङ मा किसिम नं. ६ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्त्या** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:४) मा उत्कीर्ण **कान्त्या** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **न** मा किसिम नं.१ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **थ्या** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:५३) मा उत्कीर्ण **निरवधिकममिथ्या** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **थ** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **द्या** को उदाहरण किसिपिँडीको अभिलेख (रे.२५:३) मा उत्कीर्ण **यूयमद्याग्रेण** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **द** मा किसिम नं.१ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ध्या** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:२) मा उत्कीर्ण **पादानुध्यातो** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **ध** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **द्‌ध्या** को उदाहरण वसन्तदेवको जैसीदेवलको अभिलेख (नो.१३:२) मा उत्कीर्ण **पादानुद्‌ध्यातः** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **द** मा किसिम नं.१ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **न्ध्या** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणको अभिलेख (रे.९९:३) मा उत्कीर्ण **सन्ध्या** शब्दबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **न** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्या** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:२) मा उत्कीर्ण **भवान्या** शब्दबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **न** मा किसिम नं.१ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **त्या** को उदाहरण मानदेवको पालाको विजयस्वामिनीको पलाञ्चोकको अभिलेख (रे.१४:२) मा उत्कीर्ण **गृहपतेस्पत्न्या** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **त** मा किसिम नं.१ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.५:३७

लिच्छवि लिपिको य+संयुक्त वर्णमा आकारको मात्राचिह्न – पहिलो थरी

लिच्छवि लिपिको य+संयुक्त वर्णमा शुरूको वर्णमा आकारको मात्राचिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
प्या		रे.२०:२५	भ्या		रे.४५:८
म्या		ह.८९:२२	क्ष्म्या		रे.२७:५७
य्या		नो.५४:१४	ल्या		नो.७०:१५
व्या		रे.६९:९	श्या		रे.२०:२६
श्या		रे.४६:२३	ष्या		नो.५७:२२
स्या		नो.१:१२	ह्या		रे.५१:९

अब यस तालिकामा पहिलो थरीको अर्थात् लिच्छवि लिपिको **य**+संयुक्त वर्णमा शुरूको वर्णमा आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **न्या** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **प्या** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ संयुक्त वर्ण **प्या** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:२५) मा उत्कीर्ण **येप्यागामिनो** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर प मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **भ्या** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:८) मा उत्कीर्ण **मुरारीश्वराभ्याम्** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **भ** मा किसिम नं.१ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **म्या** को उदाहरण अंशुवर्माको देउपाटनको अभिलेख (ह.८९.२२) मा उत्कीर्ण **दिवादशम्याम्** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **म** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **क्ष्म्या** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:५७) मा उत्कीर्ण **सौक्ष्म्याद्** शब्दबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **क** मा किसिम नं.१ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **य्या** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको, केवलपुरको अभिलेख (नो.५४.१४) मा उत्कीर्ण **साहाय्यादि** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **य** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ल्या** को उदाहरण नरेन्द्रदेवको ललितपुर गैह्रीधाराको अभिलेख (नो.७०:१५) मा उत्कीर्ण **मण्डल्याञ्च** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **ल** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **व्या** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:९) मा उत्कीर्ण **श्रीदेव्याः** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **व** मा किसिम नं.१ बमोजिम लगाइएको पाइन्छ।

यहाँ **श्या** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण वसन्तदेवको, थानकोट आदिनारायणको अभिलेख (रे.२०:२६) मा उत्कीर्ण **राजानोस्मद्वंश्याः** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण गङ्गादेवको, बूढानीलकण्ठ चपलीगाउँको अभिलेख (रे.४६:२३) मा उत्कीर्ण **दिवाद्वादश्याम्**

शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.२०:२६) मा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **श** मा किसिम नं. ९ बमोजिम लगाइएको पाइन्छ। यसमा आकारको मात्राचिह्न दायाँपट्टि अलिकति झुकेको र शिरोरेखामा नजोडिएको जस्तो पनि देखिन्छ। भए पनि यसलाई किसिम नं. ९ मा नै वर्गीकरण गरिएको छ। दोस्रो उदाहरण (रे. ४६:२३) मा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **श** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ष्या** को उदाहरण विष्णुगुप्तको मालीगाउँको अभिलेख (नो.५७:२२) म उत्कीर्ण **मर्षयिष्यामो** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **ष** मा किसिम नं.१ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्या** को उदाहरण मानदेवको चाँगुनारायणको अभिलेख (नो.१:१२) मा उत्कीर्ण **यास्यामीति** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **स** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ह्या** को उदाहरण ललितपुर च्यासलटोलको अभिलेख (रे.५१:९) मा उत्कीर्ण **प्रसह्याथ** शब्दावलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **ह** मा किसिम नं.१ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं. ५:३८

लिच्छवि लिपिको य+संयुक्त वर्णमा आकारको मात्राचिह्न – दोस्रो थरी

लिच्छवि लिपिको य+संयुक्त वर्णमा शुरूको अक्षरमा होइन कि तल रहेको य वर्णमा दायाँतर्फ सानो रेखा तानेर त्यसको बिन्दुबाट तल छोटो रेखा खिंची आकारको मात्राचिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्या		नो.६८:१९			

द्या		रे.७५:१३	ध्या		रे.७५:८
द्ध्या		रे.५६:२	न्या		नो.६७:५

यसअघिको तालिकामा पहिलो थरीको अर्थात् लिच्छवि लिपिको **य**+संयुक्त वर्णमा शुरूको वर्णमा आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिसकिएका छन् । अब यस तालिकामाचाहिँ दोस्रो थरीको आकारको मात्राचिह्न लगाइएका वर्णहरू अर्थात् लिच्छवि लिपिको **य**+संयुक्त वर्णमा शुरूको अक्षरमा होइन कि तल रहेको च वर्णमा दायाँतर्फ सानो रेखा तानेर त्यसको बिन्दुबाट तल छोटो रेखा खिंची आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **त्या** को उदाहरण नरेन्द्रदेवको देउपाटन कसाईटोलको अभिलेख (नो.६८:१९) मा उत्कीर्ण **मनादृत्यान्यथा** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **द्या** को उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:१३) मा उत्कीर्ण **मद्याग्रेण** शब्दावलीबाट लिइएको हो ।

संयुक्त वर्ण **ध्या** को उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:८) मा उत्कीर्ण **वप्पपादानुध्यातः** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **द्ध्या** को उदाहरण शिवदेव+अंशुवर्माको तुलाछेंटोलको अभिलेख (रे.५६:२) मा उत्कीर्ण **वप्पपादानुद्ध्यातो** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **न्या** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:५) मा उत्कीर्ण **रन्योन्याविहतान्** शब्दावलीबाट लिइएको हो ।

तालिका नं.५:३९

लिच्छवि लिपिको य+संयुक्त वर्णमा आकारको मात्राचिह्न – दोस्रो थरी

लिच्छवि लिपिको य+संयुक्त वर्णमा शुरूको अक्षरमा होइन कि तल रहेको च वर्णमा दायाँतर्फ सानो रेखा तानेर त्यसको बिन्दुबाट तल छोटो रेखा खिंची आकारको मात्राचिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
प्या		नो.६७:१७			
म्या		रे.६३:१४	य्या		रे.६०:१४
ल्या		रे.७४:१७	व्या		रे.७१:१०
ध्या		नो.८१:२४	श्या		रे.७४:२३
ष्या		रे.६३:१५	स्या		नो.६७:१३
त्स्या		रे.६८:५			

यस तालिकामा दोस्रो थरीको आकारको मात्राचिह्न लगाइएका वर्णहरू अर्थात् लिच्छवि लिपिको य+संयुक्त वर्णमा शुरूको अक्षरमा होइन कि तल रहेको **च** वर्णमा दायाँतर्फ सानो रेखा तानेर त्यसको बिन्दुबाट तल छोटो रेखा खिंची आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **न्या** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **प्या** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ संयुक्त वर्ण **प्या** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:१७) मा उत्कीर्ण **शरदाप्यानोड्डु** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **म्या** को उदाहरण शिवदेव+ अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१४) मा उत्कीर्ण **मुत्क्रम्यान्यथा** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **य्या** को उदाहरण शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:१४) मा उत्कीर्ण **मविगणय्यान्यथा** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **ल्या** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१७) मा उत्कीर्ण **पाञ्चाल्याः** शब्दावलीबाट लिइएको हो। संयुक्त वर्ण **व्या** को उदाहरण अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:१०) मा उत्कीर्ण **द्रव्याण्यादायो** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **थ्व्या** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२४) मा उत्कीर्ण **पृथ्व्यां पृथ्व्यान्न** शब्दावलीबाट लिइएको हो।

संयुक्त वर्ण **श्या** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२३) मा उत्कीर्ण **त्रयोदश्याम्** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **ष्या** को उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१५) मा उत्कीर्ण **मर्षयिष्यामि** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **स्या** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:१३) मा उत्कीर्ण **तस्यावश्यम्** शब्दावलीबाट लिइएको होभने संयुक्त वर्ण **त्स्या** को उदाहरण अंशुवर्माको वुङ्गमतीको अभिलेख (रे.६८:५) मा उत्कीर्ण **मत्स्यानाञ्चाबाधनेन** शब्दावलीबाट लिइएको हो।

तालिका नं.५:४०

लिच्छवि लिपिको य+संयुक्त वर्णमा आकारको मात्राचिह्न– तेस्रो थरी

लिच्छवि लिपिको य+संयुक्त वर्णमा दुई अक्षरको बीचबाट दायातर्फ सानो रेखा तानी तल छोटो रेखा झुकाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ण्या		रा.१:३	ण्या		नो.८७:१

यस तालिकामा लिच्छवि लिपिको **य**+संयुक्त वर्णमा तेस्रो थरीको आकारको मात्राचिह्न लगाइएका वर्णहरू अर्थात् **य**+संयुक्त वर्णमा आकारको मात्राचिह्नचाहिँ संयुक्त दुई अक्षरको बीचबाट दायाँतर्फ सानो रेखा तानी तल छोटो रेखा झुकाएर लगाउने गरिएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ संयुक्त वर्ण **ण्या** को उदाहरण विमलसङ्घको देउपाटनको अभिलेख (रा.१:३)[६] मा उत्कीर्ण **पुण्याय** शब्दबाट लिइएको हो। यहाँ **ण्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न **ण** वर्णमा पनि होइन, **य** वर्णमा पनि होइन, दुवै वर्णको बीचबाट दायाँतर्फ सानो रेखा तानी तल झुकाइएको पाइन्छ। यसै गरी संयुक्त वर्ण **ण्या** को अर्को उदाहरण पशुपति आर्यघाटको अभिलेख (नो.८७:१) मा उत्कीर्ण **स्वपुण्याप्यायनाय** शब्दावलीबाट लिइएको हो। यहाँ पनि आकारको मात्राचिह्न माथि लेखिएबमोजिम दुई वर्णको बीचबाट दायाँतर्फ सानो रेखा तानी तल झुकाइएको पाइन्छ। यसमा **ण** वर्णमा किसिम नं.८ बमोजिम आकारको मात्राचिह्न लगाइएको हो कि भन्ने दृष्टिकोणले हेर्दा पनि किसिम नं. ८ को आकारको मात्राचिह्न ऊर्ध्वरेखाजस्तो आकृतिको हुने र यो चिह्नचाहिँ दुई संयुक्त वर्णको बीचबाट दायाँतर्फ सानो रेखा तानी तल झुकाइएको हुँदा यसलाई छुट्टै वर्गीकरण गरिएको हो।

तालिका नं. ५:४१

लिच्छवि लिपिको य+संयुक्त वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	पहिलो थरीको आकारको मात्राचिह्न	स्रोत	दोस्रो थरीको आकारको मात्राचिह्न	स्रोत
त्या		नो.१:१७		नो.६८:१९

---

[६] श्यामसुन्दर राजवंशी, "देवपाटनको विमलसङ्घको अभिलेख" रोलम्ब मिलेनियम इस्यु (२०००) पृ. १८१।

द्या		रे.२५:३		रे.७५:१३
ध्या		रे.६९:२		रे.७५:८
द्ध्या		नो.१३:२		रे.५६:२
न्या		रे.४५:२		नो.६७:५

माथिको तालिकामा लिच्छवि लिपिमा **य** वर्णसँग जोडिएका एउटै वर्णमा पहिलो थरी तथा दोस्रो थरीअनुसारका आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ मानदेवको चाँगुको अभिलेख (नो.१:१७) मा **प्रकृत्यात्मना** लेख्दा **त्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न पहिलो थरीअनुसार शुरूको **त** वर्णमा लगाइएको पाइन्छभने नरेन्द्रदेवको देउपाटन कसाईंटोलको अभिलेख (रे.६८:१९) मा **मनादृत्यान्यथा** लेख्दा यही **त्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न दोस्रो थरीअनुसार **च** वर्णमा लगाइएको पाइन्छ। यसै गरी किसिपिँडीको अभिलेख (रे.२५:३) मा **यूयमद्याग्रेण** लेख्दा **द्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न पहिलो थरीअनुसार शुरूको **द** वर्णमा लगाइएको पाइन्छभने अंशुवर्माको साँगाको अभिलेख (रे.७५:१३) मा **मद्याग्रेण** लेख्दा **द्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न दोस्रो थरीअनुसार **च** वर्णमा लगाइएको पाइन्छ। अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:२) मा **पादानुध्यातो** लेख्दा **ध्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न पहिलो थरीअनुसार शुरूको **ध** वर्णमा लगाइएको पाइन्छभने अंशुवर्माको साँगाको अभिलेख (रे.७५:८) मा **बप्पपादानुध्यातः** लेख्दा **ध्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न दोस्रो थरीअनुसार **च** वर्णमा लगाइएको पाइन्छ। वसन्तदेवको जैसीदेवलको अभिलेख (नो.१३:२) मा **पादानुद्ध्यातः** लेख्दा **द्ध्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न पहिलो थरीअनुसार शुरूको **द** वर्णमा लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको तुलाछेंटोलको अभिलेख (रे.५६:२) मा **बप्पपादानुद्ध्यातो**

लेख्दा **द्ध्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न दोस्रो थरीअनुसार **च** वर्णमा लगाइएको पाइन्छ। स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे. ४५:२) मा **भवान्या** लेख्दा **न्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न पहिलो थरीअनुसार शुरूको **न** वर्णमा लगाइएको पाइन्छभने नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:५) मा **रन्योन्याविहतान्** लेख्दा **न्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न दोस्रो थरीअनुसार **च** वर्णमा लगाइएको पाइन्छ।

तालिका नं. ५:४२

लिच्छवि लिपिको य+संयुक्त वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	पहिलो थरीको आकारको मात्राचिह्न	स्रोत	दोस्रो थरीको आकारको मात्राचिह्न	स्रोत
प्या		रे.२०:२५		नो.६७:१७
म्या		ह.८९:२२		रे.६३:१४
य्या		नो.५४:१४		रे.६०:१४
ल्या		नो.७०:१५		रे.७४:१७
व्या		रे.६९:९		रे.७१:१०
श्या		रे.२०:२६		रे.७४:२३
श्या		रे.४६:२३		

ष्या		नो.५७:२२		रे.६३:१५
स्या		नो.१:१२		नो.६७:१३

माथिको तालिकामा लिच्छवि लिपिमा **य** वर्णसँग जोडिएका एउटै वर्णमा पहिलो थरी तथा दोस्रो थरीअनुसारका आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **न्या** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **प्या** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:२५) मा **येप्यागामिनो** लेख्दा **प्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न पहिलो थरीअनुसार शुरूको **प** वर्णमा लगाइएको पाइन्छभने नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:१७) मा **शरदाप्यानोडु** लेख्दा **प्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न दोस्रो थरीअनुसार **च** वर्णमा लगाइएको पाइन्छ।

अंशुवर्माको देउपाटनको अभिलेख (ह.८९:२२) मा **दिवादशम्याम्** लेख्दा **म्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न पहिलो थरीअनुसार शुरूको **म** वर्णमा लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१४) मा **मुत्क्रम्यान्यथा** लेख्दा **म्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न दोस्रो थरीअनुसार **च** वर्णमा लगाइएको पाइन्छ।

ध्रुवदेव+जिष्णुगुप्तको, केवलपुरको अभिलेख (नो.५४.१४) मा **साहाय्यादि** लेख्दा **य्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न पहिलो थरीअनुसार शुरूको **य** वर्णमा लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:१४) मा **मविगणय्यान्यथा** लेख्दा **य्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न दोस्रो थरीअनुसार **च** वर्णमा लगाइएको पाइन्छ।

नरेन्द्रदेवको ललितपुर गैह्रीधाराको अभिलेख (नो.७०:१५) मा **मण्डल्याञ्च** लेख्दा **ल्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न पहिलो थरीअनुसार शुरूको **ल** वर्णमा लगाइएको पाइन्छभने अंशुवर्माको हाँडिगाउँको अभिलेख

(रे.७४:१७) मा **पाञ्चाल्याः** लेख्दा **ल्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न दोस्रो थरीअनुसार **च** वर्णमा लगाइएको पाइन्छ।

अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:९) मा **श्रीदेव्याः** लेख्दा **व्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न पहिलो थरीअनुसार शुरूको **व** वर्णमा लगाइएको पाइन्छभने अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:१०) मा **द्रव्याण्यादायो** लेख्दा **व्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न दोस्रो थरीअनुसार **च** वर्णमा लगाइएको पाइन्छ। यस शब्दावलीमा एक विशेषता के देखिन्छभने **द्रव्याण्यादायो** लेख्दा **व्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न दोस्रो थरीअनुसार **च** वर्णमा लगाइएको पाइन्छ। अनि सँगै जोडिएको **ण्य** संयुक्त वर्णमा चाहिँ आकारको मात्राचिह्न शुरूको वर्ण **ण** मा किसिम नं. ८ बमोजिम लगाइएको पाइन्छ। यसरी एउटै शिलालेखको, एकै पंक्तिको, एकै शब्दावलीमा **य** संयुक्त वर्णमा दुईथरी आकारको मात्राचिह्न प्रयोग गरिएको देखिन्छ। (**ण्य** वर्णको प्रतिच्छवि तालिका नं. ५:३६ मा छ।)

यहाँ **श्या** वर्णमा किसिम नं. १ बमोजिम आकारको मात्राचिह्न लगाइएका उदाहरण दुईओटा दिइएका छन्– पहिलो उदाहरण वसन्तदेवको, थानकोट आदिनारायणको अभिलेख (रे.२०:२६) मा उत्कीर्ण **राजानोस्मद्वंश्याः** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण गङ्गादेवको, बूढानीलकण्ठ चपलीगाउँको अभिलेख (रे.४६:२३) मा उत्कीर्ण **दिवाद्वादश्याम्** शब्दावलीबाट लिइएको हो।

यसै गरी **श्या** वर्णमा किसिम नं. २ बमोजिम आकारको मात्राचिह्न लगाइएको उदाहरणचाँहि एकओटा दिइएको छ – योचाहिँ अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२३) मा उत्कीर्ण **त्रयोदश्याम्** शब्दबाट लिइएको हो।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम आकारको मात्राचिह्न लगाइएका **श्या** वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण –वसन्तदेवको, थानकोट आदिनारायणको अभिलेख (रे.२० :२६) मा **राजानोस्मद्वंश्याः** लेख्दा पहिलो अक्षर **श** मा लगाइएको आकारको

मात्राचिह्न दायाँपट्टि अलिकति झुकेको र शिरोरेखामा नजोडिएको जस्तो देखिए तापनि यसलाई किसिम नं. ९ मा नै वर्गीकरण गरिएको,

२. दोस्रो उदाहरण –गङ्गादेवको, बूढानीलकण्ठ चपलीगाउँको अभिलेख (रे.४६:२३) मा **दिवाद्वादश्याम्** लेख्दा आकारको मात्राचिह्नचाहिँ पहिलो अक्षर **श** मा किसिम नं. १ बमोजिम लगाइएको,

३. तेस्रो उदाहरण अंशुवर्माको, हाँडिगाउँको अभिलेख (रे.७४:२३) मा **त्रयोदश्याम्** लेख्दा **श्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न दोस्रो थरीअनुसार **च** वर्णमा लगाइएको ।

विष्णुगुप्तको मालिगाउँको अभिलेख (नो.५७:२२) मा **मर्षयिष्यामो** लेख्दा **ष्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न पहिलो थरीअनुसार शुरूको **ष** वर्णमा लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१५) मा **मर्षयिष्यामि** लेख्दा **ष्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न दोस्रो थरीअनुसार च वर्णमा लगाइएको पाइन्छ ।

मानदेवको चाँगुको अभिलेख (नो.१:१२) मा **यास्यामीति** लेख्दा **स्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न पहिलो थरीअनुसार शुरूको **स** वर्णमा लगाइएको पाइन्छभने नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:१३) मा **तस्यावश्यम्** लेख्दा **स्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न दोस्रो थरीअनुसार च वर्णमा लगाइएको पाइन्छ ।

तालिका नं. ५:४३

लिच्छवि लिपिको य+संयुक्त वर्णमा विविध किसिमका आकारको मात्राचिह्न

देवनागरी	पहिलो थरीको आकारको मात्राचिह्न	स्रोत	तेस्रो थरीको आकारको मात्राचिह्न	स्रोत
ण्या		रे.७१:१०		नो.८७:१

माथिको तालिकामा लिच्छवि लिपिमा **य** वर्णसँग जोडिएको एउटै वर्णमा पहिलो थरी तथा तेस्रो थरीअनुसारको आकारको मात्राचिह्न लगाइएको वर्ण उदाहरणको रूपमा प्रस्तुत गरिएको छ।

यहाँ अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:१०) मा **द्रव्याण्यादायो** लेख्दा **ण्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न पहिलो थरीअनुसार शुरूको **ण** वर्णमा किसिम नं. ८ बमोजिम लगाइएको पाइन्छ भने पशुपति आर्यघाटको अभिलेख (नो.८७:१) मा **स्वपुण्याप्यायनाय** लेख्दा **ण्य** संयुक्त वर्णमा आकारको मात्राचिह्न तेस्रो थरीअनुसार संयुक्त दुई वर्णको बीचबाट दायाँतर्फ सानो रेखा तानी तल झुकाइएको पाइन्छ।

तालिका नं. ५:४४

लिच्छवि लिपिको रेफसहितको वर्णमा आकारको मात्राचिह्न– पहिलो थरी

वर्णको शिरोरेखामाथि लम्ब रूपको सानो रेखा राखी त्यसको दायाँपट्टि छोटो रेखा तानेर त्यसको टुप्पोबाट तल छोटो रेखा खिंचिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्घा		नो.८१:३५	र्था		नो.५४:१७
र्भा		नो.१:१	र्मा		नो.४१:२
र्या		रे.७४:६	र्षा		नो.६२:५
र्हा		रे.७१:९			

जलतुम्बिकान्यायेन रेफस्योद्ध्र्वगमनं भवति अर्थात् पानीमा तुम्बालाई फालिदिएपछि जसरी पानीको सतहमाथि त्यो तुम्बा टक्रक्क तैरिएर बस्छ, त्यसै गरी रेफ पनि वर्णको शिरोरेखाभन्दा माथि टुक्रुक्क बस्छ भन्ने मान्यता लिच्छविकालका वर्णहरूमा साधारणतया विद्यमान रहेको पाइन्छ। यही परम्परा धेरै शदीपछि अहिलेको देवनागरी वर्णमा आइपुग्दासम्म पनि रेफलाई वर्णको शिरोरेखाभन्दा माथि नै राखिएको पाइन्छ।

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको वर्णमा पहिलो थरीको आकारको मात्राचिह्न लगाइएका अर्थात् वर्णको शिरोरेखामाथि लम्ब रूपको सानो रेखा राखी त्यसको दायाँपट्टि छोटो रेखा तानेर त्यसको टुप्पोबाट तल छोटो रेखा खिँचिएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन्।

यहाँ रेफसहितको वर्ण **र्घा** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३५) मा लिखित **दीर्घायु** शब्दबाट लिइएको होभने रेफसहितको वर्ण **र्था** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख (नो.५४:१७) मा उत्कीर्ण **दङ्खुट्टार्था** शब्दावलीबाट लिइएको हो। रेफसहितको वर्ण **र्भा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१) मा उत्कीर्ण **नृपतेर्भार्य्या** शब्दावलीबाट लिइएको होभने रेफसहितको वर्ण **र्मा** को उदाहरण अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:२) मा उत्कीर्ण **धर्माधिकार** शब्दबाट लिइएको हो।

यहाँ रेफसहितको वर्ण **र्या** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:६) मा उत्कीर्ण **मर्यादाबन्धः** शब्दबाट लिइएको होभने रेफसहितको वर्ण **र्षा** को उदाहरण भीमार्जुनदेव+ विष्णुगुप्तको, भृङ्गारेश्वरको अभिलेख (नो.६२:५) मा उत्कीर्ण **हर्षाभिनमस्य** शब्दावलीबाट लिइएको हो। रेफसहितको वर्ण **र्हा** को उदाहरण अंशुवर्माको टिष्टुङ्गको शिलालेख (रे.७१:९) मा उत्कीर्ण **न्यनिर्हार्य्याण्य** शब्दावलीबाट लिइएको हो।

तालिका नं.५:४५

लिच्छवि लिपिमा रेफसहितको वर्णमा आकारको मात्राचिह्न–दोस्रो थरी

वर्णको शिरोरेखामा रेफचिह्न नलगाई र वर्ण पूरै लेखी त्यसको तल अर्को वर्ण लेखेर र+संयुक्त वर्ण बनाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
आऱ्यावासस्य		रे.८३:६	ऱ्या		रे.१२५:३
कुऱ्यात्		रे.१२८:३२			

माथिको तालिकामा लिच्छवि लिपिमा दोस्रो थरीको रेफसहितको वर्णमा आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन् ।

लिच्छवि लिपिमा साधारणतया रेफलाई वर्णको शिरोरेखाभन्दा माथि राख्ने प्रचलन भए तापनि यदाकदा रेफ लेख्नुपर्दा वर्णको शिरोरेखामा रेफचिह्न नलगाई र वर्ण पूरै लेखी त्यसको तल अर्को वर्ण लेखेर **र**+संयुक्त वर्ण बनाउने परम्परा पनि रहेको पाइन्छ। यस्तो रेफको उदाहरण लिच्छवि लिपिमा खास गरेर **य** संयुक्त वर्णमा मात्र लगाइएको पाइन्छ।

यहाँ अंशुवर्माको पालाको फर्पिङ्गको अभिलेख (रे.८३:६) मा **आऱ्यावासस्य** लेख्दा पहिले **र** वर्ण लेखी त्यसको तलतिर **ऱ्य** वर्ण लेखी आकारको मात्राचिह्न चाहिँ ऱ्य वर्णमा नै लगाई **ऱ्या** लेखेको पाइन्छ। बलम्बूको अभिलेख (रे.१२५:३) मा **कुऱ्यात्कारयेद्वा** लेख्दा **य** वर्णको शिरोरेखामा रेफ चिह्न नलगाई पहिले **र** वर्ण पूरै लेखी त्यही **र** वर्णको तलतिर **ऱ्य** वर्ण जोडी आकारको मात्राचिह्न **ऱ्य** वर्णमा लगाइएको देखिन्छ। यसै गरी नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:३२) मा **कुऱ्यात्** लेख्दा पनि **र** वर्ण त्यसरी नै लेखिएको पाइन्छ। साधारणतया रेफचिह्न

लगाइएको अवस्थामा आकारचिह्न पनि रेफचिह्नमा नै लगाउने गरिएको कुराका उदाहरणहरू यसअघिका तालिकामा प्रस्तुत गरिसकिएका छन् ।

वि.सं. १२९४ को अभयमल्ल देवको समयको अभिलेखमा **धार्मिका** लेख्दा **म** वर्णको अगाडि आजभोलि देवनागरी लिपिको जस्तो **र** वर्णको चिह्न (ॅ) लगाइएको देखिन्छ ।[७] परन्तु लिच्छविकालका अभिलेखहरूमाचाहिँ यस प्रकारको चिह्न विकसित भइसकेको पाइँदैन ।

तालिका नं.५:४६

लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्ग्गा		रे.२०:१६	र्ज्जा		नो.८१:८
र्ण्णा		नो.८१:२०	र्त्ता		नो.१:२२
र्त्था		रे.३५:२	र्द्धा		रे.४५:८

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन् ।

---

[७] मोहनप्रसाद खनाल, चाँगुनारायणका ऐतिहासिक सामग्री, काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०४०, प्रतिच्छवि नं. २६ ।

लिच्छविकालमा रेफ-संयुक्त वर्णमा मात्रा लगाउँदाचाहिँ रेफ नै शिरोरेखामा बस्ने हुँदा मात्राहरू पनि शिरोरेखाभन्दा माथि रहेको रेफमा नै लगाउने प्रचलन रहेको कुरा माथिका तालिकाहरूमा विस्तृत रूपमा प्रकाश पारिसकिएकै छ। यसअनुसार **धर्म्मा** लेख्दा पहिले **ध**, त्यसपछि **म**, त्यसपछि लम्बरूपमा अर्को **म** जोडेर डबल **म** भएपछि शुरूको **म** को शिरोरेखामा रेफको चिह्न लगाइसकेपछि मात्र त्यस रेफको चिह्नमा दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाइएको हुन्छ।

यहाँ रेफसहितको संयुक्त वर्ण **र्ग्गा** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:१६) मा उत्कीर्ण **पानीयमार्ग्गावधिः** शब्दावलीबाट लिइएको हो। यसमा संयुक्त वर्ण **र्ग्ग** को शिरोरेखामा सीधा रेफचिह्न राखी त्यही चिह्नमा आकारको मात्राचिह्न किसिम नं. १ अनुसार लगाइएको पाइन्छ। रेफसहितको संयुक्त वर्ण **र्ज्जा** को उदाहरण पनि सोही अभिलेख (नो.८१:८) मा उत्कीर्ण **क्षितिपतिर्ज्जातः** शब्दबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **र्ण्णा** को उदाहरण पनि सोही अभिलेख (नो.८१:२०) मा उत्कीर्ण **कीर्ण्णा** शब्दबाट लिइएको हो।

रेफसहितको संयुक्त वर्ण **र्त्ता** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२२) मा उत्कीर्ण **कर्त्ता** शब्दबाट लिइएको हो। रेफसहितको संयुक्त वर्ण **र्त्था** को उदाहरण धरोहराबाट लगन जाने बाटोको अभिलेख (रे.३५:२) मा उत्कीर्ण **हितसुखार्त्थाय** शब्दावलीबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **र्द्धा** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:८) मा उत्कीर्ण **इत्यर्द्धाभ्यां** शब्दावलीबाट लिइएको हो।

तालिका नं.५:४७

लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्प्पा		रे.६३:२	र्भ्भा		नो.६८:२३

र्म्मा		रे.४५:४			
र्त्या		नो.६७:१५	र्त्या		रे.७१:१४
र्य्या		प.०:२	र्त्वा		नो.१:२३
र्व्वा		नो.१:२२	र्श्वा		नो.७४:१५

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन्। यसअघिको तालिकामा र्द्धा वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा र्प्पा वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

लिच्छविकालमा रेफ-संयुक्त वर्णमा मात्रा लगाउँदाचाहिँ रेफ नै शिरोरेखामा बस्ने हुँदा मात्राहरू पनि शिरोरेखाभन्दा माथि रहेको रेफमा नै लगाउने प्रचलन रहेको कुरा माथिका तालिकाहरूमा विस्तृत रूपमा प्रकाश पारिसकिएकै छ ।

यहाँ रेफसहितको संयुक्त वर्ण **र्प्पा** को उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:२) मा उत्कीर्ण **कुर्प्पासीग्राम** शब्दबाट लिइएको होभने रेफसहितको वर्ण **र्भ्भा** को उदाहरण नरेन्द्रदेवको देउपाटन कसाइटोलको अभिलेख (नो.६८:२३) मा उत्कीर्ण **मनोभिर्भ्भाव्य** भन्ने शब्दावलीबाट लिइएको हो । रेफसहितको संयुक्त वर्ण **र्म्मा** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको

अभिलेख (रे.४५:४) मा उत्कीर्ण **मुपगतयोर्म्मातापित्रोः** भन्ने शब्दावलीबाट लिइएको हो ।

रेफसहितको संयुक्त वर्ण **र्त्या** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:१५) मा उत्कीर्ण **कीर्त्यायुरारोग्य** शब्दावलीबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **र्त्त्या** को उदाहरण अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:१४) मा उत्कीर्ण **मतिवर्त्त्यान्यथा** शब्दावलीबाट लिइएको हो ।

रेफसहितको संयुक्त वर्ण **र्य्या** को उदाहरण पाटन हःखागल्लीको अभिलेख (प.०:२) मा उत्कीर्ण **भगवतरार्य्यावलोकित** शब्दावलीबाट लिइएको हो । यस शिलालेखलाई सर्वप्रथम श्यामसुन्दर राजवंशीले रोलम्ब पत्रिकाको वर्ष १८ अंक १ (२०५४ वि.सं) मा छपाउनुभएको थियो । त्यसको १७ वर्षपछि यस अभिलेखलाई परिमार्जित पाठ, अनुवाद एवं विस्तृत व्याख्यासहित डा.महेशराज पन्तले पूर्णिमा पूर्णाङ्क १४१ (वि.सं.२०७१ चैत्र) मा छपाउनुभएको हो । उक्त लेखमा डा. महेशराज पन्तले पहिले पढिएको पाठलाई संशोधन गरी **भगवतरार्य्यवलोकित** पाठ पढ्नुभएको छ ।[८]

उक्त लेखमा महेशराज पन्तले आकारको मात्रा नपढी र्य्य भनी सशोधन गरेर पढ्नुभएको पाठ त्रुटिपूर्ण छ भन्ने कुरा यसअघि नै स्पष्ट पारिसकिएको छ ।[९]

रेफसहितको संयुक्त वर्ण **र्त्त्वा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२३) मा उत्कीर्ण **तीर्त्त्वा नदीम्** शब्दावलीबाट लिइएको हो । रेफसहितको संयुक्त वर्ण **र्व्वा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२२) मा उत्कीर्ण **पूर्व्वाभिभाषी** शब्दबाट लिइएको हो । रेफसहितको संयुक्त वर्ण **र्श्वा** को उदाहरण नरेन्द्रदेवको यागवहालको अभिलेख (नो.७४:१५) मा उत्कीर्ण **पार्श्वालिमार्गेण** शब्दावलीबाट लिइएको हो ।

---

[८] महेशराज पन्त र अरू, “लिच्छविकालका २ बौद्ध शिलालेख” **पूर्णिमा** पूर्णाङ्क १४१, २०७१, पृ. ७ ।

[९] नयनाथ पौडेल, “विशिष्ट विद्वान्को दृष्टिदोष” **अन्नपूर्ण फुर्सद** शनिवार २६ पुष, २०७६, पृ. ख ।

तालिका नं.५:४८

लिच्छवि लिपिमा र+सहितको वर्णमा आकारको मात्राचिह्न

वर्णको अन्त्यको बिन्दुबाट बायाँपट्टि सानो तेर्सो रेखा तानेर र+सहितको वर्ण बनाएपछि वर्णको विन्यासअनुरूप आकारको मात्राचिह्न दिइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ग्रा		रे.७७:५			
त्रा		रे.७४:५	प्रा		नो.१:७
ब्रा		रे.२०:१९	भ्रा		नो.५८:४
श्रा		रे.७४:५	स्रा		रे.१३२:२१

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको अन्त्यको बिन्दुबाट बायाँपट्टि सानो तेर्सो रेखा तानेर **र+सहितको** संयुक्त वर्ण बनाएपछि वर्णको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

र+सहितको वर्ण **ग्रा** को उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:५) मा उत्कीर्ण **युष्मदीयग्राम** शब्दबाट लिइएको हो । **र+** सहितको वर्ण **त्रा** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:५) मा उत्कीर्ण **गृहक्षेत्रादि** शब्दावलीबाट लिइएको हो ।

र+सहितको वर्ण **प्रा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:७) मा उत्कीर्ण **प्राणैर्व्वृथा** शब्दावलीबाट लिइएको होभने **र+सहितको**

वर्ण **ब्रा** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:१९) मा उत्कीर्ण **ब्राह्मणप्रधानाः** शब्दावलीबाट लिइएको हो। **र+सहितको** वर्ण **भ्रा** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको, यङ्गालहिटीको अभिलेख (नो.५८:४) मा उत्कीर्ण **शशिशुभ्रा** शब्दावलीबाट लिइएको होभने **र+सहितको** वर्ण **श्रा** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:५) मा उत्कीर्ण **श्रावणिकादान** शब्दबाट लिइएको हो। र+सहितको वर्ण **स्रा** को उदाहरण शिवदेवको लगनटोलको अभिलेख (रे.१३२:२१) मा उत्कीर्ण **सहस्राणि** शब्दबाट लिइएको हो।

तालिका नं.५:४९

लिच्छवि लिपिमा र+सहितको संयुक्त वर्णमा आकारको मात्राचिह्न

संयुक्त वर्णको अन्त्यको बिन्दुबाट बायाँपट्टि सानो तेर्सो रेखा तानेर र+सहितको संयुक्त वर्ण बनाएपछि वर्णको विन्यासअनुरूप आकारको मात्राचिह्न दिइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्रा		नो.३:२			
ङ्ग्रा		रे.७७:४	द्ग्रा		रे.६०:९
न्ग्रा		रे.५६:४	च्छ्र		रा.०:२
त्रा		रे.६०:१०	स्त्रा		नो.१:१

माथिको तालिकामा लिच्छवि लिपिमा संयुक्त वर्णको अन्त्यको बिन्दुबाट बायाँपट्टि सानो तेर्सो रेखा तानेर र+सहितको संयुक्त वर्ण बनाएपछि वर्णको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ **र**+सहितको वर्ण **क्क्रा** को उदाहरण मानदेवको पशुपति तिलगङ्गाको अभिलेख (नो.३:२) मा उत्कीर्ण **विक्क्रान्तमूर्तिम्** शब्दावलीबाट लिइएको होभने र+सहितको संयुक्त वर्ण **ङ्ग्रा**को उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:४) मा उत्कीर्ण **चुस्तुङ्ग्राम** शब्दावलीबाट लिइएको हो । यसमा आकारको मात्राचिह्न ङ वर्णमा किसिम नं. ६ बमोजिम लगाइएको देखिन्छ। र+सहितको संयुक्त वर्ण **द्ग्रा** को उदाहरण शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६० :९) मा उत्कीर्ण **युष्मद्ग्राम** शब्दावलीबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न **द** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको देखिन्छ। र+सहितको संयुक्त वर्ण **न्ग्रा** को उदाहरण शिवदेव+अंशुवर्माको तुलाछेंटोलको अभिलेख (रे.५६:४) मा उत्कीर्ण **पुरस्सरान्ग्राम** शब्दावलीबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न **न** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको देखिन्छ।

र+सहितको संयुक्त वर्ण **च्छ्रा** को उदाहरण मानदेवको पालाको, विमलसङ्घको देउपाटनको अभिलेख (रा.०:२) मा उत्कीर्ण **उच्छ्रायतो** शब्दबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न **च** वर्णमा किसिम नं.१ बमोजिम लगाइएको देखिन्छ। र+सहितको संयुक्त वर्ण **त्त्रा** को उदाहरण शिवदेव+ अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:१०) मा उत्कीर्ण **घासपत्त्राहरणाय** शब्दावलीबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न **त** वर्णमा किसिम नं.१बमोजिम लगाइएको देखिन्छ। र+सहितको संयुक्त वर्ण **स्त्रा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१) मा उत्कीर्ण **अस्त्रापास्त्र** शब्दबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न **स** वर्णमा किसिम नं.२ बमोजिम लगाइएको देखिन्छ।

तालिका नं.५:५०

लिच्छवि लिपिमा र+सहितको संयुक्त वर्णमा आकारको मात्राचिह्न

संयुक्त वर्णको अन्त्यको बिन्दुबाट बायाँपट्टि सानो तेर्सो रेखा तानेर र+सहितको संयुक्त वर्ण बनाएपछि वर्णको विन्यासअनुरूप आकारको मात्राचिह्न दिइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्प्रा		नो.८१:२९			
म्प्रा		रे.२०:१३	म्ब्रा		नो.७०:१८
ग्र्या		नो.१:२२	त्र्या		रे.६९:१९
स्त्र्या		नो.११:५६	श्र्या		नो.८१:१३

माथिको तालिकामा लिच्छवि लिपिमा संयुक्त वर्णको अन्त्यको बिन्दुबाट बायाँपट्टि सानो तेर्सो रेखा तानेर र+सहितको संयुक्त वर्ण बनाएपछि वर्णको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **स्त्रा** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **त्प्रा** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ र+सहितको संयुक्त वर्ण **त्प्रा** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२९) मा उत्कीर्ण **पशुपतेर्य्यत्प्रापि** शब्दावलीबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न **प** वर्णमा किसिम नं.१ बमोजिम लगाइएको देखिन्छ। र+सहितको संयुक्त वर्ण **म्प्रा** को उदाहरण वसन्तदेवको थानकोट

आदिनारायणको अभिलेख (रे.२०:१३) मा उत्कीर्ण **सम्प्राप्तेति** शब्दावलीबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न **म** वर्णमा किसिम नं.१ बमोजिम लगाइएको देखिन्छ। र+सहितको संयुक्त वर्ण **म्ब्रा** को उदाहरण नरेन्द्रदेवको ललितपुर गैह्रीधाराको अभिलेख (नो.७०:१८) मा उत्कीर्ण **नाम्ब्राह्मणानाञ्च** शब्दावलीबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न **म** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको देखिन्छ।

र+सहितको संयुक्त वर्ण **ग्र्या** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२२) मा उत्कीर्ण **लक्ष्मीरिवाग्र्या** शब्दावलीबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न **ग** वर्णमा किसिम नं.१ बमोजिम लगाइएको देखिन्छ। र+सहितको संयुक्त वर्ण **त्र्या** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:१९) मा उत्कीर्ण **सम्मार्जयित्र्या** शब्दावलीबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न **त** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको देखिन्छ। र+सहितको संयुक्त वर्ण **स्त्र्या** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (नो.११:५६) मा उत्कीर्ण **मूर्तिस्त्र्यात्मना** शब्दावलीबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न **स** वर्णमा किसिम नं.१ बमोजिम लगाइएको देखिन्छ। र+सहितको संयुक्त वर्ण **श्र्या** को उदाहरण जयदेव द्वितीयको, पशुपतिको अभिलेख (नो.८१:१३) मा उत्कीर्ण **श्र्यादित्यसेनस्य** शब्दावलीबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न **श** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको देखिन्छ।

तालिका नं.५:५१

लिच्छवि लिपिमा रेफसहित तथा र+सहितको संयुक्त वर्णमा आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्त्रा		नो.१:१०			

माथिको तालिकामा लिच्छवि लिपिमा संयुक्त वर्णको अन्त्यको बिन्दुबाट बायाँपट्टि सानो तेर्सो रेखा तानेर **र**+सहितको संयुक्त वर्ण बनाएपछि वर्णमाथि रेफको चिह्न हाली आकारको मात्राचिह्न लगाइएको वर्ण उदाहरणको रूपमा प्रस्तुत गरिएको छ ।

यहाँ **र**+सहितको संयुक्त वर्ण बनाएपछि वर्णमाथि रेफको चिह्न हाली आकारको मात्राचिह्न लगाइएको संयुक्त वर्ण **र्त्रा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१०) मा उत्कीर्ण **भर्त्रा विना** शब्दावलीबाट लिइएको हो ।

तालिका नं.५:५२

लिच्छवि लिपिको ल संयुक्त वर्णमा आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्ला		रे.७२:५	ग्ला		नो.६५ :४
ङ्ला		रे.५९:३	म्ला		नो.१:२५
ल्ला		नो.५४:१७	श्ला		नो.८१:३४

माथिको तालिकामा लिच्छवि लिपिमा **ल** अक्षरसँग जोडिएको अवस्थामा आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन् ।

यहाँ संयुक्त वर्ण **क्ला** को उदाहरण अंशुवर्माको, भक्तपुर इनायटोलको अभिलेख (रे.७२:५) मा उत्कीर्ण **शुक्लाष्टम्याम्** शब्दवलीबाट लिइएको हो र यसमा आकारको मात्राचिह्न शुरूको **क** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको छ। संयुक्त वर्ण **ग्ला** को उदाहरण नरेन्द्रदेवको पालाको देउपाटनको अभिलेख (नो.६५:४) मा उत्कीर्ण **ग्लानभैषज्यार्थं** शब्दबाट लिइएको हो र यसमा

आकारको मात्राचिह्न शुरूको **ग** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको छ। संयुक्त वर्ण **ङ्ला** को उदाहरण शिवदेव+अंशुवर्माको बूढानीलकण्ठको अभिलेख (रे.५९:३) मा उत्कीर्ण **आङ्लाबकस** शब्दबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न शुरूको **ङ** वर्णमा किसिम नं.६ बमोजिम लगाइएको छ। संयुक्त वर्ण **म्ला** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२५) मा उत्कीर्ण **प्रम्लाना** शब्दबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न शुरूको **म** वर्णमा किसिम नं.१ बमोजिम लगाइएको छ।

संयुक्त वर्ण **ल्ला** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख (नो. ५४:१७) मा उत्कीर्ण **शोल्लादीना** शब्दबाट लिइएको हो र यसमा आकारको मात्राचिह्न शुरूको **ल** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको छ। संयुक्त वर्ण **श्ला** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३४) मा उत्कीर्ण **श्लाघामिति** शब्दबाट लिइएको हो र यसमा आकारको मात्राचिह्न शुरूको **श** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको देखिन्छ।

तालिका नं.५:५३

लिच्छवि लिपिको व संयुक्त वर्णमा आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्वा		रे.२०:२२	क्त्वा		रे.४५:२
न्त्वा		नो.१:११	ष्ट्वा		नो.१:१८
द्वा		रे.२०:२२	ध्वा		नो.७०:२०

श्वा		रे.२०:२३	ष्वा		रे.२५:४
स्वा		रे.७४:७			

माथिको तालिका लिच्छवि लिपिमा **व** अक्षरसँग जोडिएको अवस्थामा आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन्।

यहाँ संयुक्त वर्ण **त्वा** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणस्थानको अभिलेख (रे.२०:२२) मा उत्कीर्ण **विदित्वात्र** शब्दबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न शुरूको **त** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको छ। संयुक्त वर्ण **क्त्वा** को उदाहरण स्वामिवार्त्तको देउपाटनको अभिलेख (रे.४५:२) मा उत्कीर्ण **रेवमुक्त्वा** शब्दावलीबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न शुरूको **क** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको छ। संयुक्त वर्ण **न्त्वा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो. (१:११) मा उत्कीर्ण **किन्त्वाप्तेन** शब्दावलीबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न शुरूको **न** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको छ।

संयुक्त वर्ण **ष्ट्वा** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो. (१:१८) मा उत्कीर्ण **स्पृष्ट्वा** शब्दबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न शुरूको **ष** वर्णमा किसिम नं. २ बमोजिम लगाइएको छ। संयुक्त वर्ण **द्वा** को उदाहरण वसन्तदेवको थानकोटको अभिलेख (रे.२०:२२) मा उत्कीर्ण **कारयेद्वा** शब्दबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न शुरूको **द** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको छ। संयुक्त वर्ण **ध्वा** को उदाहरण ललितपुर गैह्रीधाराको अभिलेख (नो.७०:२०) मा उत्कीर्ण **कालम्बुध्वा** शब्दबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न शुरूको **ध** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको छ।

संयुक्त वर्ण **श्वा** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणस्थानको अभिलेख (रे.२०:२३) मा उत्कीर्ण **परस्परेणाश्वासयद्** शब्दावलीबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न शुरूको **श** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको छ। संयुक्त वर्ण **ष्वा** को उदाहरण किसिपिँडीको अभिलेख (रे.२५:४) मा उत्कीर्ण **सर्व्वकृत्येष्वाज्ञा** शब्दावलीबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न शुरूको **ष** वर्णमा किसिम नं. २ बमोजिम लगाइएको छ। संयुक्त वर्ण **स्वा** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:७) मा उत्कीर्ण **दोलाशिखरस्वामिनः** शब्दावलीबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न शुरूको **स** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको छ।

तालिका नं.५:५४

लिच्छवि लिपिको श संयुक्त वर्णमा आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ङ्शा		नो.८१:३४			

माथिको तालिकामा लिच्छवि लिपिमा **श** अक्षरसँग जोडिएको अवस्थामा आकारको मात्राचिह्न लगाइएको वर्णको उदाहरण दिइएको छ। संयुक्त वर्ण **ङ्शा** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३४) मा उत्कीर्ण **स्ववङ्शाश्रयं** शब्दबाट लिइएको हो। यसमा आकारको मात्राचिह्न शुरूको ङ वर्णमा किसिम नं. ६ बमोजिम लगाइएको छ।

तालिका नं.५:५५

लिच्छवि लिपिको स संयुक्त वर्णमा आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्सा		नो.१:३	त्सा		नो.५४:१४

न्सा		नो.८३:४४			

माथिको तालिकामा लिच्छवि लिपिमा **स** अक्षरसँग जोडिएको अवस्थामा आकारको मात्राचिह्न लगाइएको वर्णका उदाहरण दिइएका छन् ।

यहाँ संयुक्त वर्ण **त्सा** को उदाहरण दुईओटा दिइएका छन् । पहिलो उदाहरण मानदेवको, चाँगुको अभिलेख (नो.१:३) मा उत्कीर्ण **श्रीवत्साङ्कित** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख (नो.५४:१४) मा उत्कीर्ण **भवत्साहाय्यादि** शब्दावलीबाट लिइएको हो । यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (नो.१:३) मा आकारको मात्राचिह्न शुरूको अक्षर **त** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने दोस्रो उदाहरण (नो.५४:१४ मा आकारको मात्राचिह्न शुरूको अक्षर **त** वर्णमा नभई दोस्रो वर्ण **स** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

संयुक्त वर्ण **न्सा** को उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:४४) मा उत्कीर्ण **पालनानुशन्सा** शब्दावलीबाट लिइएको हो । यसमा आकारको मात्राचिह्न **स** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको छ ।

तालिका नं.५:५६

लिच्छवि लिपिको ह संयुक्त वर्णमा आकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ह्ना		नो.५५:१२	ह्मा		नो.५९:३
ह्ला		नो.१:४	ह्वा		नो.८१:२७

माथिको तालिकामा लिच्छवि लिपिमा ह अक्षरसँग जोडिएको अवस्थामा आकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन् ।

यहाँ संयुक्त वर्ण **ह्ना** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूको अभिलेख (नो.५५:१२) मा उत्कीर्ण **ह्नागुंमार्गखातक** शब्दावलीबाट लिइएको हो । यसमा आकारको मात्राचिह्न शुरूको ह वर्णमा किसिम नं. १ बमोजिम लगाइएको छ । संयुक्त वर्ण **ह्मा** को उदाहरण पशुपति छत्रचण्डेश्वरको अभिलेख (नो.५९:३) मा उत्कीर्ण **ब्रह्मादि** शब्दावलीबाट लिइएको हो । यसमा आकारको मात्राचिह्न शुरूको ह वर्णमा किसिम नं. १ बमोजिम लगाइएको छ ।

संयुक्त वर्ण **ह्ला** को उदाहरण चाँगुको मानदेवको अभिलेख (नो.१:४) मा उत्कीर्ण **प्रह्लादयन्** शब्दावलीबाट लिइएको हो । यसमा आकारको मात्राचिह्न शुरूको ह वर्णमा किसिम नं. १ बमोजिम लगाइएको छ । संयुक्त वर्ण **ह्वा** को उदाहरण पशुपतिको जयदेव द्वितीयको अभिलेख नो.८१:२७) मा उत्कीर्ण **जिह्वासहस्रैः** शब्दावलीबाट लिइएको हो । यसमा आकारको मात्राचिह्न शुरूको ह वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

यसरी यस अध्यायमा लिच्छवि लिपिको वर्ण एवं संयुक्त वर्णहरूमा लगाइएका आकारको मात्राचिह्नको आकृति-विन्यासको बारेमा उदाहरणसहित विवेचना प्रस्तुत गरिएको छ ।

❖❖

अध्याय : छ

लिच्छवि लिपिको वर्णमा इकार तथा ईकारको मात्राचिह्न

इकार अर्थात् बाइमात्राको मात्राचिह्न

लिच्छवि लिपिमा इकारको अर्थात् बाइमात्राको मात्राचिह्न वर्णको शिरबाट सानो रेखा माथि तानेर बायाँपट्टि वर्णको शिरोरेखा नजीकै छाड्ने गरिएको अथवा वर्णको शिरबाट सानो रेखा माथि तानेर वर्णलाई नै बायाँपट्टिबाट ढाकिने गरी तानिएको पाइन्छ। इकारको मात्राचिह्नको अवस्थितिचाहिँ कलाकारको रुचिअनुरूप भएर पनि होला, यदा कदा फरक फरक रहेकोसमेत देखिन्छ। उदाहरणको लागि कुनै अभिलेखमा तीनओटा सानो तेर्सो रेखा भएको **ज** अक्षरको पहिलो रेखाको बायाँपट्टिको बिन्दुबाट इकारको मात्राचिह्न लगाइएको पाइन्छभने कुनैमाचाहिँ यस किसिमको **ज** अक्षरको पहिलो रेखाको दायाँपट्टिको बिन्दुबाट इकारको मात्राचिह्न लगाइएको पनि पाइएको छ। यसै गरी **श** वर्णमा इकारको मात्राचिह्न लगाउँदा वर्णको शिरोरेखाको बीचबाट लगाइएको पनि पाइन्छ। यस्तै किसिमका अलि-अलि फरकपन अरू वर्णहरूमा पनि पाइन्छन्।

यस अध्यायको परिकल्पनामा प्रारम्भमा इकार अर्थात् बाइमात्राको मात्राचिह्नलाई एकै किसिमको मानी तालिका बनाइएको थियो। परन्तु,

अक्षरहरूको विन्यासको सूक्ष्म निरीक्षण गर्दै जाँदा दुई थरीको विन्यास भएको देखियो। उदाहरणको लागि मानदेवको चाँगुको अभिलेखमा उत्कीर्ण वर्णहरूलाई लिन सकिन्छ। यस अभिलेखमा **नेत्राम्बुमिश्रैः** (पंक्ति १५) लेख्दा **म** वर्णमा इकारको मात्राचिह्न बनाउनको लागि पाठकले हेर्दा दायाँपट्टिको भागबाट सानो रेखा माथि तानेर बायाँपट्टि वर्णको शिरोरेखासम्म पनि नआइपुग्ने गरेर माथि नै छाडिएको देखिन्छ। परन्तु यही अभिलेखमा **पित्रा** (पंक्ति ५) लेख्दा **प** वर्णमा इकारको मात्राचिह्न बनाउनको लागि पाठकले हेर्दा दायाँपट्टिको भागबाट सानो रेखा माथि तानेर वर्णको बायाँपट्टि करीब करीब **प** वर्णलाई नै ढाकिने गरी तानिएको पाइन्छ।

यसै गरी गणदेव+भौमगुप्तको बलम्बूको अभिलेख (नो.१९कः८) मा **रप्यधिकरणैः** लेख्दा **ध** वर्णमा इकारको मात्राचिह्न बनाउनको लागि दायाँपट्टिको भागबाट सानो रेखा माथि तानेर बायाँपट्टि वर्णको शिरोरेखाभन्दा माथि नै छाडिएको देखिन्छ। परन्तु यही अभिलेख (नो.१९कः५) मा **धिकरणाभ्याम्** लेख्दा **ध** वर्णमा इकारको मात्राचिह्न बनाउनको लागि दायाँपट्टिको भागबाट सानो रेखा माथि तानेर बायाँपट्टि वर्णलाई पूरै ढाकी तलसम्म पुऱ्याएर छाडिएको देखिन्छ।

अनि, अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:१) मा पनि **परहितनिरत** लेख्दा **न** वर्णमा इकारको मात्राचिह्न बनाउनको लागि दायाँपट्टिको भागबाट सानो रेखा माथि तानेर बायाँपट्टि वर्णको शिरोरेखासम्म आइपुग्ने गरेर माथि नै छाडिएको देखिन्छ। परन्तु यही वाक्यमा **हित** लेख्दा **ह** वर्णमा इकारको मात्राचिह्न बनाउनको लागि दायाँपट्टिको भागबाट सानो रेखा माथि तानेर वर्णको बायाँपट्टि **ह** वर्णलाई पूरै ढाकेर तलैसम्म तानिएको पाइन्छ।

यसैले समयान्तरमा अक्षरको विकास हुँदै जाने क्रममा मात्राचिह्नहरूमा पनि विकास हुँदै गएर इकारको मात्राचिह्न वर्णको बायाँपट्टि भागमा अलि तलसम्म तन्किँदै गएको पाइए तापनि मानदेवको एउटै अभिलेखमा, गणदेव+भौमगुप्तको एउटै अभिलेखमा अनि महासामन्त अंशुवर्माको एउटै अभिलेखमा पनि इकारको मात्राचिह्न दुई किसिमको देखिएकोले यहाँ यस अध्ययनको प्रयोजनको निमित्त

लिच्छवि लिपिको वर्णमा इकारको अर्थात् बाइमात्राको मात्राचिह्नलाई दुई किसिमको रूपमा परिभाषित गरिएको छ– १. वर्णको शिरबाट सानो रेखा माथि तानेर वर्णको बायाँपट्टि शिरोरेखानजीकै छाडिएको, २. वर्णको शिरबाट सानो रेखा माथि तानेर बायाँपट्टि वर्णको नजीकै छाड्ने गरेको अथवा कतिपय अवस्थामा वर्णको बायाँपट्टि तलको बिन्दुसम्म पुग्ने गरी तन्काइएको । अब यस विषयमा उदाहरणसहित विस्तृत छलफल गरौं –

तालिका नं. ६:१

लिच्छवि लिपिको वर्णमा इकारको मात्राचिह्न किसिम– नं.१

वर्णको शिरबाट सानो रेखा माथि तानेर वर्णको बायाँपट्टि शिरोरेखानजीकै छाडिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
कि		नो.१:११	खि		नो.२०:६
गि		रे.७५:४	चि		नो.१:९
जि		नो.१:२३	टि		रे.७६:५
णि		नो.१:१४	ति		नो.१:१२

दि		रे.४६:२३	धि		रे.४५:९
नि		रे.६९:१			

माथिको तालिकामा लिच्छवि लिपिको वर्णको शिरबाट सानो रेखा माथि तानेर वर्णको बायाँपट्टि शिरोरेखानजीकै छाडिएको इकारको अर्थात् बाइमात्राको मात्राचिह्न भएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ **कि** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:११) मा उत्कीर्ण **किन्त्वाप्तेन** शब्दावलीबाट लिइएको होभने **खि** वर्णको उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (नो.२०:६) मा उत्कीर्ण **भुवनमखिलं** शब्दबाट लिइएको हो । यहाँ **गि** वर्णको उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:४) मा उत्कीर्ण **हिमगिरितनया** शब्दावलीबाट लिइएको हो । **चि** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:९)मा उत्कीर्ण **प्रणम्योच्चिवान्** शब्दावलीबाट लिइएको होभने **जि** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२३)मा उत्कीर्ण **वरवाजिकुञ्जर** शब्दावलीबाट लिइएको हो ।

यहाँ **टि** वर्णको उदाहरण अंशुवर्माको पाटन सुन्धाराको अभिलेख (रे.७६:५) मा उत्कीर्ण **मांटिन्देवकुल** शब्दावलीबाट लिइएको होभने **णि** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१४) मा उत्कीर्ण **प्रणिपात** शब्दबाट लिइएको हो । **ति** वर्णको उदाहरण पनि चाँगुकै अभिलेख (नो.१:१२) मा उत्कीर्ण **ततोम्बयातिमुदया** शब्दावलीबाट लिइएको होभने **दि** वर्णको उदाहरण गंगादेवको चपलीगाउँको अभिलेख (रे.४६:२३) मा उत्कीर्ण **दिवाद्द्वादश्याम्** शब्दावलीबाट लिइएको हो । **धि** वर्णको उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:९) मा उत्कीर्ण **विधिवद्** शब्दबाट लिइएको होभने **नि** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:१) मा उत्कीर्ण **परहितनिरत** शब्दबाट लिइएको हो ।

तालिका नं. ६:२

लिच्छवि लिपिको वर्णमा इकारको मात्राचिह्न किसिम– नं.१

वर्णको शिरबाट सानो रेखा माथि तानेर वर्णको बायाँपट्टि शिरोरेखानजीकै छाडिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पि		नो.१:२८	भि		रे.६८:६
मि		नो.१:१४	यि		नो.१:८
रि		रे.५६:१६	लि		रे.१८:४
वि		नो.१:५	शि		रे.९:३

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको शिरबाट सानो रेखा माथि तानेर वर्णको बायाँपट्टि शिरोरेखानजीकै छाडिएको इकारको अर्थात् बाइमात्राको मात्राचिह्न भएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । यसअघिको तालिकामा **नि** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पि** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ **पि** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२८) मा उत्कीर्ण **त्वमपि** शब्दावलीबाट लिइएको होभने **भि** वर्णको उदाहरण अंशुवर्माको बुगमतीको अभिलेख (रे.६८:६) मा उत्कीर्ण **युष्माभिः** शब्दबाट लिइएको हो । **मि** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१४) मा उत्कीर्ण **महञ्जहामि** शब्दावलीबाट लिइएको हो ।

यि वर्णको उदाहरण पनि चाँगुकै अभिलेख (नो.१:८) मा उत्कीर्ण **संस्थापयिष्यामि** शब्दबाट लिइएको होभने **रि** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको तुलाछेँटोलको अभिलेख (रे.५६:१६) मा उत्कीर्ण **परिपालनीयेति** शब्दावलीबाट लिइएको हो । **लि** वर्णको उदाहरण विजयवतीको सूर्यघाटको अभिलेख (रे.१८:४) मा उत्कीर्ण **लिच्छविकुलाम्बर** शब्दावलीबाट लिइएको होभने **वि** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:५) मा उत्कीर्ण **विनिश्वस्य** शब्दबाट लिइएको हो । **शि** वर्णको उदाहरण मानदेवको पालाको देउपाटनको अभिलेख (रे.९:३) मा उत्कीर्ण **बोशिङ्प्रदेशे** शब्दावलीबाट लिइएको हो ।

तालिका नं. ६:३

लिच्छवि लिपिको वर्णमा इकारको मात्राचिह्न – किसिम नं. २

वर्णको शिरबाट सानो रेखा माथि तानेर बायाँपट्टि वर्णको नजीकै छाड्ने गरेको अथवा कतिपय अवस्थामा वर्णको बायाँपट्टि तलको बिन्दुसम्म पुग्ने गरी तन्काइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
कि		रे.४१:३	खि		रे.७४:२२
गि		रे.११०:४	घि		रे.१२९:२
ङि		नो.१३:२३	चि		रे.४१:३
जि		रे.१२९:१	टि		नो.८३:३७

डि		रे.२०:१४	णि		रे.१११:२
ति		रे.१२५:७	थि		रे.१८:३
दि		रे.७४:४	धि		नो.१९क:५
नि		रे. ७४:२१	नि		नो.८१:३१

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको शिरबाट सानो रेखा माथि तानेर बायाँपट्टि वर्णको नजीकै छाड्ने गरेको अथवा कतिपय अवस्थामा वर्णको बायाँपट्टि तलको बिन्दुसम्म पुग्ने गरी तन्काइएको इकारको अर्थात् बाइमात्राको मात्राचिह्न भएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ **कि** वर्णको उदाहरण किसिपिँडीको अभिलेख (रे.४१:३) मा उत्कीर्ण **किचप्रिचिङ्ग्रामे** शब्दावलीबाट लिइएको होभने **खि** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२२) मा उत्कीर्ण **सुखिता** शब्दबाट लिइएको हो। **गि** वर्णको उदाहरण विष्णुगुप्तको चाँगुनारायणको अभिलेख (रे.११०:४) मा उत्कीर्ण **विषयगिरि** शब्दबाट लिइएको होभने **घि** वर्णको उदाहरण साँखुको अभिलेख (रे.१२९:२) मा उत्कीर्ण **सांघिकभिक्षु** शब्दबाट लिइएको हो। **ङि** वर्णको उदाहरण वसन्तदेवको जैसीदेवलको अभिलेख (नो.१३:२३) मा उत्कीर्ण **ब्रह्सुङि** शब्दबाट लिइएको हो।

चि वर्णको उदाहरण किसिपिँडीको अभिलेख (रे.४१:३) मा उत्कीर्ण **किचप्रिचिङ्ग्रामे** शब्दबाट लिइएको होभने **जि** वर्णको उदाहरण साँखुको अभिलेख (रे.१२९:१) मा उत्कीर्ण **धर्मराजिकामात्य** शब्दबाट लिइएको हो। यसमा **ज** वर्णमा लगाइएको इकारको मात्राचिह्न बायाँपट्टि वर्णभन्दा पनि निकै तलसम्म तानिएको पाइन्छ। **टि** वर्णको उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:३७) मा उत्कीर्ण **घटिकाक्रये** शब्दबाट लिइएको होभने **डि** वर्णको उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:१४) मा उत्कीर्ण **पर्व्वतचूडिका** शब्दबाट लिइएको हो। **णि** वर्णको उदाहरण टेवहालको अभिलेख (रे.१११:२) मा उत्कीर्ण **द्रवणिका** शब्दबाट लिइएको हो।

ति वर्णको उदाहरण बलम्बूको अभिलेख (रे.१२५:७) मा उत्कीर्ण **रुद्रचन्द्रगोमीति** शब्दावलीबाट लिइएको होभने **थि** वर्णको उदाहरण विजयवतीको पशुपति सूर्यघाटको अभिलेख (रे.१८:३) मा उत्कीर्ण **कथितास्य** शब्दावलीबाट लिइएको हो। **दि** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:४) मा उत्कीर्ण **गृहिक्षेत्रिकादि** शब्दावलीबाट लिइएको होभने **धि** वर्णको उदाहरण गणदेव+भौमगुप्तको बलम्बूको अभिलेख (नो.१९क:५) मा उत्कीर्ण **धिकरणाभ्याम्** शब्दावलीबाट लिइएको हो।

यहाँ **नि** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२१) मा उत्कीर्ण **श्रीकलहाभिमानिना** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण जयदेव द्वितीयको पशुपतिको (नो.८१:३१) मा उत्कीर्ण **निजशिरश्** शब्दावलीबाट लिइएको हो। यहाँ पहिलो उदाहरण (रे.७४:२१) मा **न** वर्ण सानो दण्डमा बायाँपट्टि घुमाएर गाँठो पारी दायाँपट्टि ल्याएर बायाँपट्टि पुच्छरजस्तो छाडिएको आकृतिको देखिन्छभने दोस्रो उदाहरण (नो.८१:३१) मा **न** वर्ण आजभोलिको देवनागरी लिपिको **न** वर्णको जस्तो आकृतिको भइसकेको देखिन्छ।

तालिका नं.६:४

लिच्छवि लिपिको वर्णमा इकारको मात्राचिह्न – किसिम नं.२

वर्णको शिरबाट सानो रेखा माथि तानेर बायाँपट्टि वर्णको नजीकै छाड्ने गरेको अथवा कतिपय अवस्थामा वर्णको बायाँपट्टि तलको बिन्दुसम्म पुग्ने गरी तन्काइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पि		रे.२९:१५			
बि		नो.६६:१२	भि		रे.५५:१०
मि		रे.५५:६	यि		रे. १०२:९
यि		रे.१२५:४	रि		रे.७४:९
लि		नो.८३:४१	लि		नो.५५:८
वि		रे.५६:२	वि		नो.११:६९
शि		नो.३४:२३	षि		नो.३४:१४
सि		नो.८३:३५	हि		रे.६९:१

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको शिरबाट सानो रेखा माथि तानेर बायाँपट्टि वर्णको नजीकै छाड्ने गरेको अथवा कतिपय अवस्थामा वर्णको बायाँपट्टि तलको बिन्दुसम्म पुग्ने गरी तन्काइएको इकारको अर्थात् बाइमात्राको मात्राचिह्न भएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । यसअघिको तालिकामा **नि** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पि** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ **पि** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको बूढानीलकण्ठस्थानको अभिलेख (रे.५९:१६) मा उत्कीर्ण **भाविभिरपि** शब्दावलीबाट लिइएको होभने **बि** वर्णको उदाहरण नरेन्द्रदेवको यज्ञालहिटीको अभिलेख (नो.६६:१२) मा उत्कीर्ण **कोङ्कोबिल्वमार्ग** शब्दावलीबाट लिइएको हो । **भि** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे.५५:१०) मा उत्कीर्ण **तदेवंवेदिभिः** शब्दावलीबाट लिइएको होभने **मि** वर्णको उदाहरण पनि सोही अभिलेख (रे.५५:६) मा उत्कीर्ण **पराक्रमोपशमिता** शब्दावलीबाट लिइएको हो । लिच्छवि लिपिमा दुई भुजा भएको **म** वर्णको कुन भुजामा इकारको मात्राचिह्न लगाउने विषयमा पनि एकरूपता रहेको देखिँदैन । किनभने प्रस्तुत शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे.५५:६) मा **पराक्रमोपशमिता** लेख्दा इकारको मात्राचिह्न दुई भुजा भएको **म** वर्णको बायाँ भुजामा लगाइएको पाइन्छभने मानदेवको पशुपति तिलगंगाको अभिलेख (नो.३:२) मा **भवनमिह** लेख्दा सोही **म** वर्णमा इकारको मात्राचिह्न दायाँ भुजामा लगाइएको पाइन्छ र बायाँपट्टि त्यति तलसम्म खिँचिएको पनि देखिँदैन ।

यहाँ **यि** वर्णको उदाहरण दुईओटा दिइएका छन् । पहिलो उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको वलम्बूको अभिलेख (रे.१०२:९) मा उत्कीर्ण **पातयित्वा** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण बलम्बूको अभिलेख (रे.१२५:४) मा उत्कीर्ण **मर्षयिष्यामि** शब्दबाट लिइएको हो । यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.१०२:९) मा तीन भुजा भएको **य** वर्णको बीचको भुजाबाट इकारको मात्राचिह्न लगाइएको पाइन्छभने दोस्रो उदाहरण (रे.१२५:४) मा दुई भुजा भइसकेको **य** वर्णको पहिलो भुजाबाट इकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

रि वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:९) मा उत्कीर्ण **खर्जूरिका** शब्दबाट लिइएको हो। यहाँ **लि** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:४१) मा उलिखित **लिखितनियोगा** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण बलम्बूको भीमार्जुनदेव+जिष्णुगुप्तको अभिलेख (नो.५५:८) मा उत्कीर्ण **सलिलाम्मोह** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (नो.८३:४१) मा इकारको मात्राचिह्न **ल** वर्णको शिरबाट सानो रेखा माथि तानेर वर्णको बायाँपट्टि अलि तलसम्म खिँचिएको छभने दोस्रो उदाहरण (नो.५५:८) मा इकारको मात्राचिह्न **ल** वर्णको शिरोरेखाबाट होइन कि, **ल** वर्णको बायाँपट्टिको हातको माथिबाट लगाइएको पाइन्छ।

यहाँ **वि** वर्णको उदाहरण पनि दुईओटा दिइएका छन्। पहिलो उदाहरण तुलाछेंटोलको शिवदेव+अंशुवर्माको अभिलेख (रे.५६:२) मा उत्कीर्ण **लिच्छविकुलकेतु** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण हाँडिगाउँ सत्यनारायण स्थानको अभिलेख (नो.११:६९) मा उत्कीर्ण **संविवेकी** शब्दबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.५६:२) मा इकारको मात्रा चिह्न **व** वर्णको शिरबाट सानो रेखा माथि तानेर वर्णको बायाँपट्टि अलि तलसम्म तानिएको छभने दोस्रो उदाहरण (नो.११:६९) मा **व** वर्णमा इकारको मात्राचिह्न बायाँपट्टि यति तलसम्म तानिएको छ कि पूरै वर्णलाई नै ढाकिएको पाइन्छ।

शि वर्णको उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:२३) मा उत्कीर्ण **मार्ग्गशिलां** शब्दावलीबाट लिइएको होभने **षि** वर्णको उदाहरण शिवदेवको चाँगुको अभिलेख (नो.३४:१४) मा उत्कीर्ण **प्रतिषिद्धवस्तु** शब्दावलीबाट लिइएको हो। **सि** वर्णको उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:३५) मा उत्कीर्ण **सिन्द्रिरदौवारिक** शब्दबाट लिइएको हो।

हि वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:१) मा उत्कीर्ण **परहितनिरत** शब्दबाट लिइएको हो। यस शिलालेख (रे.६९:१) मा

परहित लेख्दा ह वर्णमा लगाइएको इकारको मात्राचिह्न ह वर्णको बायाँपट्टि वर्णलाई पूरै ढाकिएको पाइन्छभने यही शब्दमा सँगै रहेको वर्ण **न** मा लगाइएको इकारको मात्राचिह्न **न** वर्णको शिरोरखासम्म मात्र आइपुगेको देखिन्छ। यसैले एउटै शिलालेखको एउटै पंक्तिका वर्णहरूमा लगाइएका इकारका मात्राचिह्नहरू पनि फरक किसिमका देखिन्छन् ।

तालिका नं. ६:५

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका इकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
कि		नो.१:११		रे.४१:३
खि		नो.२०:६		रे.७४:२२
गि		रे.७५:४		रे.११०:४
चि		नो.१:९		रे.४१:३
जि		नो.१:२३		रे.१२९:१

टि		रे.७६:५		नो.८३:३७
णि		नो.१:१४		रे.१११:२
ति		नो.१:१२		रे.१२५:७
दि		रे.४६:२३		रे.७४:४
धि		रे.४५:९		नो.१९क:५
नि		रे.६९:१		रे. ७४:२१
नि				नो.८१:३१

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. १ र किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएका वर्णहरूको उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ मानदेवको चाँगुको अभिलेख (नो.१:११) मा **किन्त्वाप्तेन** लेख्दा क वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने

किसिपिँडीको अभिलेख (रे.४१:३) मा **किचप्रिचिङ्ग्रामे** लेख्दा **क** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ। यसै गरी स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (नो.२०:६) मा **भुवनमखिलं** लेख्दा **ख** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२२) मा **सुखिता** लेख्दा **ख** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ। अंशुवर्माको साँगाको अभिलेख (रे.७५:४) मा **हिमगिरितनया** लेख्दा **ग** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने विष्णुगुप्तको चाँगुनारायणको अभिलेख (रे.११०:४) मा **विषयगिरि** लेख्दा **ग** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ।

मानदेवको चाँगुको अभिलेख (नो.१:९) मा **प्रणम्योचिवान्** लेख्दा **च** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने किसिपिँडीको अभिलेख (रे.४१:३) मा **किचप्रिचिङ्ग्रामे** लेख्दा **च** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ। मानदेवको चाँगुको अभिलेख (नो.१:२३)मा **वरवाजिकुञ्जर** लेख्दा **ज** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने साँखुको अभिलेख (रे.१२९:१) मा **धर्मराजिकामात्य** लेख्दा **ज** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ।

अंशुवर्माको पाटन सुन्धाराको अभिलेख (रे.७६:५) मा **मार्टिन्देवकुल** लेख्दा **ट** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने नक्साल नारायणचौरको अभिलेख (नो.८३:३७) मा **घटिकाक्रये** लेख्दा **ट** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ। मानदेवको चाँगुको अभिलेख (नो.१:१४) मा **प्रणिपात** लेख्दा **ण** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने टेवहालको अभिलेख (रे.१११:२) मा **द्रवणिका** लेख्दा **ण** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ।

मानदेवको चाँगुको अभिलेख (नो.१:१२) मा **ततोम्बयातिमुदया** लेख्दा **त** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने

बलम्बूको अभिलेख (रे.१२५:७) मा **रुद्रचन्द्र गोमीति** लेख्दा **त** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ। राजा गंगादेवको चपलीगाउँको अभिलेख (रे.४६:२३) मा **दिवाद्वादश्याम्** लेख्दा **द** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:४) मा **गृहिक्षेत्रिकादि** लेख्दा **द** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ। स्वामिवार्त्तको देउपाटनको अभिलेख (रे.४५:९) मा **विधिवद्** लेख्दा **ध** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने गणदेव+भौमगुप्तको बलम्बूको अभिलेख (नो.१९ क:५) मा **धिकरणाभ्याम्** लेख्दा **ध** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ।

अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:१) मा **परहितनिरत** लेख्दा **न** वर्णमा किसिम नं. १ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छभने अंशुवर्माको हाँडिगाउँको अर्को अभिलेख (रे.७४:२१) मा **श्रीकलहाभिमानिना** लेख्दा **न** वर्णमा किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छ। यसै गरी जयदेव द्वितीयको पशुपतिको (नो.८१:३१) मा **निजशिरश्** लेख्दा आजभोलिको देवनागरी लिपिको जस्तो आकृतिको भइसकेको **न** वर्णमा किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएका **न** वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:१) मा **परहितनिरत** लेख्दा **न** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको,

२. दोस्रो उदाहरण – अंशुवर्माको हाँडिगाउँको अर्को अभिलेख (रे.७४:२१) मा **श्रीकलहाभिमानिना** लेख्दा **न** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको,

३. तेस्रो उदाहरण – जयदेव द्वितीयको पशुपतिको (नो.८१:३१) मा **निजशिरश्** लेख्दा आजभोलिको देवनागरी लिपिको जस्तो आकृतिको भइसकेको **न** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको ।

तालिका नं. ६:६

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका इकारको मात्राचिह्न

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
पि		नो.१:२८		रे.२९:१५
भि		रे.६८:६		रे.५५:१०
मि		नो.१:१४		रे.५५:६
यि		नो.१:८		रे. १०२:९
				रे.१२५:४
रि		रे.५६:१६		रे.७४:९

लि		रे.१८:४		नो.८३:४१
				नो.५५:८
वि		नो.१:५		रे.५६:२
				नो.११:६९
शि		रे.९:३		नो.३४:२३

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. १ र किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएका वर्णहरूको उदाहरण प्रस्तुत गरिएका छन् । यसअघिको तालिकामा **नि** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पि** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ मानदेवको चाँगुको अभिलेख (नो.१:२८) मा **भक्त्याम्ब त्वमपि** लेख्दा **प** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने वसन्तदेवको बलम्बू पासिंख्यको अभिलेख (रे.२९:१५) मा **पिण्डकं** लेख्दा **प** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

अंशुवर्माको बुग्मतीको अभिलेख (रे.६८:६) मा **युष्माभिः** लेख्दा **भ** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने

शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे.५५:१०) मा **तदेवंवेदिभिः** लेख्दा **भ** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ।

मानदेवको चाँगुको अभिलेख (नो.१:१४) मा **महन्जहामि** लेख्दा **म** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे. ५५:६) मा **पराक्रमोपशमिता** लेख्दा **म** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ।

यहाँ मानदेवको चाँगुको अभिलेख (नो.१:८) मा **संस्थापयिष्यामि** लेख्दा तीन भुजा भएको **य** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने भीमार्जुनदेव+जिष्णुगुप्तको वलम्बूको अभिलेख (रे.१०२:९) मा **पातयित्वा** लेख्दा तीन भुजा भएको **य** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ। यसै गरी बलम्बूको अभिलेख (रे.१२५:४) मा **मर्षयिष्यामि** लेख्दा दुई भुजा भएको **य** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएका **य** वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – मानदेवको चाँगुको अभिलेख (नो.१:८) मा **संस्थापयिष्यामि** लेख्दा तीन भुजा भएको **य** वर्णमा बीचको भुजाबाट इकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको,

२. दोस्रो उदाहरण – भीमार्जुनदेव+जिष्णुगुप्तको वलम्बूको अभिलेख (रे. १०२:९) मा **पातयित्वा** लेख्दा तीन भुजा भएको **य** वर्णमा बीचको भुजाबाट इकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको,

३. तेस्रो उदाहरण – बलम्बूको अभिलेख (रे.१२५:४) मा **मर्षयिष्यामि** लेख्दा दुई भुजा भएको **य** वर्णमा बायँपट्टिको भुजाबाट किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको।

शिवदेव+अंशुवर्माको तुलाछैंटोलको अभिलेख (रे.५६:१६) मा **परिपालनीयेति** लेख्दा **र** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:९) मा **खर्जूरिकाविहारस्य** लेख्दा **र** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

यहाँ विजयवतीको सूर्यघाटको अभिलेख (रे.१८:४) मा **लिच्छविकुलाम्बर** लेख्दा **ल** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने नक्साल नारायणचौरको अभिलेख (नो.८३:४१) मा **लिखितनियोगा** लेख्दा **ल** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ। यसै गरी बलम्बूको भीमार्जुनदेव+जिष्णुगुप्तको अभिलेख (नो.५५:८) मा उत्कीर्ण **सलिलाम्मोह** लेख्दा **ल** वर्णको शिरोरेखाबाट होइन कि, **ल** वर्णको बायाँपट्टिको हातको माथिबाट किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएका **ल** वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन् । तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – विजयवतीको पशुपति सूर्यघाटको अभिलेख (रे.१८:४) मा **लिच्छविकुलाम्बर** लेख्दा **ल** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको,

२. दोस्रो उदाहरण – नक्साल नारायणचौरको अभिलेख (नो.८३:४१) मा **लिखितनियोगा** लेख्दा **ल** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको,

३. तेस्रो उदाहरण – बलम्बूको भीमार्जुनदेव+जिष्णुगुप्तको अभिलेख (नो.५५:८) मा उत्कीर्ण **सलिलाम्मोह** लेख्दा **ल** वर्णको शिरोरेखाबाट होइन कि, **ल** वर्णको बायाँपट्टिको हातको माथिबाट किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको ।

यहाँ मानदेवको चाँगुको अभिलेख (नो.१:५) मा **विनिश्वस्य** लेख्दा **व** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको तुलाछेंटोलको अभिलेख (रे.५६:२) मा **लिच्छविकुलकेतु** लेख्दा **व** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ। यसै गरी हाँडिगाउँ सत्यनारायण स्थानको अभिलेख (नो.११:६९) मा **संविवेकी** लेख्दा **व** वर्णमा इकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइए तापनि बायाँपट्टि पूरै वर्णलाई नै ढाकिने गरी तलसम्म तानिएको पाइन्छ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएका **व** वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – मानदेवको चाँगुको अभिलेख (नो.१:५) मा **विनिश्वस्य** लेख्दा **व** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको,

२. दोस्रो उदाहरण – शिवदेव+अंशुवर्माको तुलाछेंटोलको अभिलेख (रे.५६:२) मा **लिच्छविकुलकेतु** लेख्दा **व** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको,

३. तेस्रो उदाहरण – हाँडिगाउँ सत्यनारायण स्थानको अभिलेख (नो.११:६९) मा **संविवेकी** लेख्दा **व** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइए तापनि बायाँपट्टि पूरै वर्णलाई नै ढाकिने गरी तलैसम्म तानिएको।

मानदेवको पालाको देउपाटनको अभिलेख (रे.९:३) मा **बोशिङ्प्रदेशे** लेख्दा **श** वर्णमा किसिम नं. १ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:२३) मा **मार्ग्गशिलां** लेख्दा **श** वर्णमा किसिम नं. २ बमोजिम इकारको मात्राचिह्न लगाइएको पाइन्छ।

तालिका नं.६:७

लिच्छवि लिपिको संयुक्त वर्णमा इकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्कि		रे.७४:१४	ङ्कि		नो.१:३
ष्कि		रे.१०६:१०	क्षि		रे.२०:३
ङ्क्ष		रे.८३:७			
ङ्ख		रे.१२:३	ङ्गि		नो.१:२
ङ्च		रे.१०६:२			
ञ्च		रे.९७:१३	श्चि		रे.९७:१५
च्छि		रे.४५:८	ल्छि		नो.३४:१९
ज्ञि		रे.२०:२९	ट्टि		रे.९:४

ष्टि		नो.६२:१०	ण्ठ		नो.६७:९
ष्ठि		रे.१२८:२८	ण्ड		रे.१२८:२२
क्ति		रे.४५:७	ङ्क्त		रे.७६:५
त्ति		नो.५४:११			
न्ति		नो.५२:२१	प्ति		रे.१०८:११
ल्ति		रे.१२८:२२	स्ति		नो.१:१८
त्थि		नो.८१:१९	स्थि		रे.९७:१४
त्स्थ		रे.२७:६१	द्दि		रे.१०४:१४
न्दि		नो.१:७	द्धि		नो.८१:२०

न्धि		नो.७६:२२	ब्धि		रे.९९:३
ङ्गि		नो.३४:२१	न्नि		रे.१८.४
स्नि		रे.९१.८			

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा इकारको मात्राचिह्न लगाइएका अक्षरहरू उदाहरणको रूपमा दिइएका छन् ।

यहाँ संयुक्त वर्ण **क्कि** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१४)मा उत्कीर्ण **भुम्भुक्किकाजलशयन** शब्दबाट लिइएको हो । यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **क** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ङ्कि** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:३) मा उत्कीर्ण **श्रीवत्साङ्कित** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ङ** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ष्कि** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:१०) मा उत्कीर्ण **पुष्किरिणीमुद्दिश्य** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ष** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **क्षि** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:३) मा उत्कीर्ण **दानदाक्षिण्य** शब्दावलीबाट लिइएको हो । यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **क** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ङ्क्ष** को उदाहरण अंशुवर्माको पालाको फर्पिङ्गको अभिलेख (रे.८३:७) मा उत्कीर्ण **मानङ्क्षितितल** शब्दावलीबाट लिइएको हो । यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण ङ मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ङ्खि** को उदाहरण चाबहिलको अभिलेख (रे.१२:३) मा उत्कीर्ण **सङ्खिद्य** शब्दबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ङ** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ङ्गि** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२) मा उत्कीर्ण **लोकान्तरासङ्गिनी** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ङ** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ङ्चि** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:२) मा उत्कीर्ण **रोमाङ्चितस्य** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ङ** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ञ्चि** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे. ९७:१३) मा उत्कीर्ण **केषाञ्चिन्नेतुं** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ञ** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **श्चि** को उदाहरण पनि यही अभिलेख (रे. ९७:१५) मा उत्कीर्ण **कैश्चिदयं** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **श** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **च्छि** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:८) मा उत्कीर्ण **पक्षविच्छित्तिहेतोः** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **च** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ल्छि** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:१९) मा उत्कीर्ण **दुल्छिलागृह** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ल** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ज्ञि** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणस्थानको अभिलेख (रे.२०:२९) मा उत्कीर्ण **याज्ञिक** शब्दबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ज** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ट्टि** को उदाहरण मानदेवको पालाको देउपाटनको अभिलेख (रे.९:४) मा उत्कीर्ण **प्रयिट्टिखा** शब्दबाट लिइएको हो। यसमा

इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ट** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ष्टि** को उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको भृङ्गारेश्वरको अभिलेख (नो.६२:१०) मा उत्कीर्ण **विष्टिभारानयन** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ष** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ण्ठि** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:९) मा उत्कीर्ण **कण्ठितमतिभिः** शब्दबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ण** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ष्ठि** को उदाहरण नरेन्द्रदेवको पशुपति वज्रघरको अभिलेख (रे.१२८:२८) मा उत्कीर्ण **श्रेष्ठि** शब्दबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ष** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ण्डि** को उदाहरण नरेन्द्रदेवको पशुपति वज्रघरको अभिलेख (रे.१२८:२२) मा उत्कीर्ण **मेकण्डिदुल्तिलमक** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ण** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **क्ति** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:७) मा उत्कीर्ण **तस्मिन्भक्तिर्न** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **क** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ङ्क्ति** को उदाहरण अंशुवर्माको पाटन सुन्धाराको अभिलेख (रे.७६:५) मा उत्कीर्ण **पङ्क्तिविवर** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ङ** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **त्ति** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख (नो.५४:११) मा उत्कीर्ण **वृत्तितया** शब्दबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्ति** को उदाहरण ध्रुवदेव+विष्णुगुप्तको मीननारायणको अभिलेख (नो.५२:२१) मा उत्कीर्ण **भविष्यन्ति** शब्दबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **प्ति** को उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको यङ्गालहिटीको अभिलेख (रे.१०८:११) मा उत्कीर्ण **महिमावाप्ति** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **प** मा किसिम नं. २ बमोजिम लगाइएको

पाइन्छ। संयुक्त वर्ण **ल्ति** को उदाहरण नरेन्द्रदेवको पशुपति वज्रघरको अभिलेख (रे.१२८:२२) मा उत्कीर्ण **मेकण्डिदुल्तिलमक** शब्दबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ल** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्ति** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१८) मा उत्कीर्ण **हस्तिकरोपमं** शब्दबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **स** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **त्थि** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१९) मा उत्कीर्ण **पातालादुत्थितं** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्थि** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:१४) मा उत्कीर्ण **चिरस्थितये** शब्दबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **स** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **त्स्थि** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:६१) मा उत्कीर्ण **योगात्स्थितमपि** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **द्दि** को उदाहरण पशुपति छत्रचण्डेश्वरको अभिलेख (नो.१०४:१४) मा उत्कीर्ण **मुद्दिश्य** शब्दबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **द** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्दि** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:७) मा उत्कीर्ण **पूर्व्वान्दिशम्** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **द्धि** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२०) मा उत्कीर्ण **शैलाद्धिमनिचय** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **द** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्धि** को उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (नो.७६:२२) मा उत्कीर्ण **सन्धिसंज्ञकात्** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ब्धि** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणनिरको अभिलेख (रे.९९:३) मा उत्कीर्ण **हरन्त्यब्धिजा** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ब** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ङ्नि** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:२१) मा उत्कीर्ण **प्रोङ्निप्रङ्** शब्दबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण ङ मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्नि** को उदाहरण विजयवतीको पशुपति सूर्यघाटको अभिलेख (रे.१८:४) मा उत्कीर्ण **शरन्निशि** शब्दबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्नि** को उदाहरण ललितपुर त्यागलटोलको अभिलेख (रे.९१.८) मा उत्कीर्ण **स्निग्धमनसम्** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **स** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं. ६:८

लिच्छवि लिपिको संयुक्त वर्णमा इकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
म्पि		रे.९७:११	ल्पि		नो.६६:८
म्बि		रे.७७:४			
ङ्भि		नो.८१:२७	द्धि		रे.९७:१६
ग्मि		नो.१:१६	स्मि		रे.४५:७

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा इकारको मात्राचिह्न लगाइएका अक्षरहरू उदाहरणको रूपमा दिइएका छन्। यसअघिको तालिकामा

न्नि वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **म्पि** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **म्पि** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:११) मा उत्कीर्ण **यथाकालम्पिण्ड** शब्दावलीबाट लिइएको हो । यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **म** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ल्पि** को उदाहरण नरेन्द्रदेवको यङ्गालहिटीको अभिलेख (नो.६६:८) मा उत्कीर्ण **कल्पिताग्रहारा** शब्दावलीबाट लिइएको हो । यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ल** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

संयुक्त वर्ण **म्बि** को उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:४) मा उत्कीर्ण **कुटुम्बिनः** शब्दबाट लिइएको हो । यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **म** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ड्भि** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२७) मा उत्कीर्ण **षड्भिर्म्मुखैः** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ड** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **द्भि** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:१६) मा उत्कीर्ण **भविष्यद्भिरपि** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **द** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ग्मि** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा उत्कीर्ण **जग्मिवान्** शब्दबाट लिइएको हो । यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ग** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्मि** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:७) मा उत्कीर्ण **तस्मिन्भक्तिर्न** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **स** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.६:९

लिच्छवि लिपिमा रेफसहितको वर्णमा इकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्जि		नो.६७:१५	र्ति		रे.९१:२
र्थि		नो.७३:३३	र्दि		नो.७३:११
र्नि		रे.१३६:२९			

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको वर्णमा पहिले वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि ह्रस्व इकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

रेफसहितको वर्ण **र्जि** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:१५) मा उत्कीर्ण **साधनामूर्जिताम्** शब्दावलीबाट लिइएको होभने रेफसहितको वर्ण **र्ति** को उदाहरण ललितपुर त्यागलटोलको अभिलेख (रे.९१:२) मा उत्कीर्ण **कीर्तिमालिनम्** शब्दावलीबाट लिइएको हो । रेफ सहितको वर्ण **र्थि** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (नो.७३:३३) मा उत्कीर्ण **सुखार्थिभिः** शब्दावलीबाट लिइएको होभने रेफसहितको वर्ण **र्दि** को उदाहरण पनि सोही अभिलेख (नो.७३:११) मा उत्कीर्ण **चतुर्दिशाग्र्य** शब्दावलीबाट लिइएको हो । रेफसहितको वर्ण **र्नि** को उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे. १३६:२९) मा उत्कीर्ण **नृपश्रीर्नियताभिवृद्धिः** शब्दावलीबाट लिइएको हो ।

तालिका नं.६:१०

लिच्छवि लिपिमा रेफसहितको वर्णमा इकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्भि		नो.८१:२६	र्मि		नो.७०:११
र्लि		नो.७८:१			
र्वि		रे.१३६:११	र्षि		नो.१:१८
र्हि		प.०:५			

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको वर्णमा पहिले वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि ह्रस्व इकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा रेफसहितको वर्ण **र्नि** सम्मको उदाहरण दिइएकोमा यस तालिकामा **र्भि** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ रेफसहितको वर्ण **र्भि** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२६) मा उत्कीर्ण **चतुर्भिर्म्मुखैः** शब्दावलीबाट लिइएको होभने रेफसहितको वर्ण **र्मि** को उदाहरण नरेन्द्रदेवको ललितपुर गहिरीधाराको अभिलेख (नो.७०:११) मा उत्कीर्ण **धार्मिकगणानाम्** शब्दावलीबाट लिइएको हो। रेफसहितको वर्ण **र्लि** को उदाहरण शिवदेवको भृङ्गारेश्वरको अभिलेख (नो.७८:१) मा उत्कीर्ण **स्थितिर्लिच्छविकुलः** शब्दावलीबाट लिइएको हो।

रेफसहितको वर्ण **र्वि** को उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:११) मा उत्कीर्ण **मैतैर्विभज्य** शब्दावलीबाट लिइएको होभने रेफसहितको वर्ण **र्षि** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१८) मा उत्कीर्ण **नृपर्षिचरितैः** शब्दावलीबाट लिइएको हो । रेफसहितको वर्ण **र्हि** को उदाहरण चाबहिलको अभिलेख (प.०:५) मा उत्कीर्ण **पित्रोर्हितार्त्थाय** शब्दावलीबाट लिइएको हो ।

तालिका नं. ६:११

लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा इकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्क्कि		रे.२७:२७	र्ज्जि		नो.१:२१
र्ण्णि		नो.८१:१			
र्त्ति		रे.७१:१४	र्त्थि		नो.१:२४
र्द्धि		नो.१:२१	र्ध्नि		रे.१२८:२८
र्न्नि		नो.८१:३५			

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा पहिले संयुक्त वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि ह्रस्व इकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ रेफसहितको संयुक्त वर्ण **र्क्कि** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:२७) मा उत्कीर्ण **कुतार्क्किकैः** शब्दबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **र्ज्जि** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२१) मा उत्कीर्ण **पुत्रोप्यूर्ज्जित** शब्दावलीबाट लिइएको हो । रेफसहितको संयुक्त वर्ण **र्ण्णि** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१) मा उत्कीर्ण **वर्ण्णितोलं** शब्दावलीबाट लिइएको हो ।

रेफसहितको संयुक्त वर्ण **र्त्ति** को उदाहरण अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:१४) मा उत्कीर्ण **प्रवर्त्तिष्यते** शब्दबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **र्त्थि** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२४) मा उत्कीर्ण **प्रत्यर्त्थिनाम्** शब्दबाट लिइएको हो। रेफ सहितको संयुक्त वर्ण **र्द्धि** को उदाहरण पनि मानदेवको चाँगुकै अभिलेख (नो.१:२१) मा उत्कीर्ण **क्षोभार्ण्णवस्पर्द्धिनीम्** शब्दावलीबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **र्ध्नि** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:२८) मा उत्कीर्ण **श्रेष्ठिदुल्मूर्ध्नि** शब्दावलीबाट लिइएको हो। रेफसहितको संयुक्त वर्ण **र्न्नि** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३५) मा उत्कीर्ण **दीर्घायुर्न्नितरान्** शब्दावलीबाट लिइएको हो ।

तालिका नं. ६:१२

लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा इकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्प्पि		नो.८१:१७			
र्द्धि		रे.३३:१	र्व्वि		नो.१:२३

र्शि		नो.११:५२			

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा पहिले संयुक्त वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि ह्रस्व इकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । यसअघिको तालिकामा रेफसहितको संयुक्त वर्ण **र्न्नि** सम्मको उदाहरण दिइएकोमा यस तालिकामा **र्प्पि** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ रेफसहितको संयुक्त वर्ण **र्प्पि** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१७) मा उत्कीर्ण **द्विजजनप्रत्यर्प्पिता** शब्दावलीबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **र्द्वि** को उदाहरण आभिरी गोमिनीको पशुपतिको अभिलेख (रे.३३:१) मा उत्कीर्ण **धननिचयैर्द्विजजनम्** शब्दावलीबाट लिइएको हो। रेफसहितको संयुक्त वर्ण **र्व्वि** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२३) मा उत्कीर्ण **गर्व्वितो** शब्दबाट लिइएको हो । रेफसहितको संयुक्त वर्ण **र्शि** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (नो.११:५२) मा उत्कीर्ण **दर्शिशतम्** शब्दबाट लिइएको हो ।

तालिका नं.६:१३

लिच्छवि लिपिमा र+सहितको वर्णमा इकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्रि		रे.४५:६	प्रि		रे.१२८:२३
भ्रि		नो.५८:१०	श्रि		नो.१:२३

माथिको तालिकामा लिच्छवि लिपिमा **र**+सहितको वर्णमा इकारको मात्राचिह्न लगाइएका अक्षरहरू उदाहरणको रूपमा दिइएका छन् ।

र+सहितको वर्ण **त्रि** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:६) मा उत्कीर्ण **सर्व्वत्रिभुवनगुरुः** शब्दावलीबाट लिइएको होभने **र**+सहितको वर्ण **प्रि** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:२३) मा उत्कीर्ण **यावल्लोप्रिङ्गामिनम्** शब्दावलीबाट लिइएको हो ।

र+सहितको वर्ण **म्रि** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको यङ्गालहिटीको अभिलेख (नो.५८:१०) मा उत्कीर्ण **ताम्रिकपणैः** शब्दावलीबाट लिइएको होभने **र**+सहितको वर्ण **श्रि** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२३) मा उत्कीर्ण **लोकज्ञतान्नाश्रितः** शब्दावलीबाट लिइएको हो ।

तालिका नं.६:१४

लिच्छवि लिपिमा र+सहितको संयुक्त वर्णमा इकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ङ्क्रि		रे.४८:४			
च्छ्रि		नो.१:५	ण्ड्रि		नो.३४:१०
स्त्रि		नो.८१:१	न्द्रि		रे.१२:१

माथिको तालिकामा लिच्छवि लिपिमा **र**+सहितको संयुक्त वर्णमा इकारको मात्राचिह्न लगाइएका अक्षरहरू उदाहरणको रूपमा दिइएका छन् ।

यहाँ **र**+सहितको संयुक्त वर्ण **ङ्क्रि** को उदाहरण शङ्खमूल सिकुवहीको अभिलेख (रे.४८:४) मा उत्कीर्ण **ताङ्क्रियां** शब्दावलीबाट लिइएको होभने

र+सहितको संयुक्त वर्ण **च्छ्रि** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:५) मा उत्कीर्ण **चारुभिरुच्छ्रितैः** शब्दावलीबाट लिइएको हो ।

र+ सहितको संयुक्त वर्ण **ण्ड्र** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:१०) मा उत्कीर्ण **पुण्ड्रराजकुल** शब्दावलीबाट लिइएको होभने र+सहितको संयुक्त वर्ण **स्त्रि** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१) मा उत्कीर्ण **हेतुस्त्रिगुण** शब्दावलीबाट लिइएको हो । र+सहितको संयुक्त वर्ण **न्द्रि** को उदाहरण मानदेवको पालाको चावहिलको अभिलेख (रे.१२:१) मा उत्कीर्ण **रिन्द्रियैः** शब्दबाट लिइएको हो ।

तालिका नं.६:१५

लिच्छवि लिपिमा र+सहितको संयुक्त वर्णमा इकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ङ्प्रि		रे.९:२			
त्रि		नो.१:२४	म्प्रि		नो.८३:४०
ल्प्रि		नो.५५:८	स्प्रि		नो.६:३

माथिको तालिकामा लिच्छवि लिपिमा **र+**सहितको संयुक्त वर्णमा इकारको मात्राचिह्न लगाइएका अक्षरहरू उदाहरणको रूपमा दिइएका छन् । यसअघिको तालिकामा र+सहितको संयुक्त वर्ण **न्द्रि** सम्मको उदाहरण दिइएकोमा यस तालिकामा **ङ्प्रि** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ र+सहितको संयुक्त वर्ण **ङ्प्रि** को उदाहरण मानदेवको पालाको पशुपति देउपाटनको अभिलेख (रे.९:२) मा उत्कीर्ण **प्रङ्प्रिङ्प्रदेशे** शब्दावलीबाट

लिइएको होभने **र**+सहितको संयुक्त वर्ण **त्प्रि** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२४) मा उत्कीर्ण **सुहृत्प्रिया** शब्दावलीबाट लिइएको हो।

र+सहितको संयुक्त वर्ण **म्प्रि** को उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:४०) मा उत्कीर्ण **पुठम्प्रिङ्ग** शब्दबाट लिइएको होभने **र**+सहितको संयुक्त वर्ण **ल्प्रि** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूको अभिलेख (नो.५५:८) मा उत्कीर्ण **मस्माभिर्जोल्प्रिङ्ग्रामे** शब्दावलीबाट लिइएको हो। **र**+सहितको संयुक्त वर्ण **स्प्रि** को उदाहरण मानदेवको पालाको, रत्नसङ्घको देउपाटनको अभिलेख (नो.६:३) मा उत्कीर्ण **ह्मस्प्रिङ्ग्रामप्रदेशे** शब्दावलीबाट लिइएको हो।

तालिका नं. ६:१६

लिच्छवि लिपिको संयुक्त वर्णमा इकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ल्लि		रे.२०:५	स्त्व		नो.६८:१८
द्वि		नो.८१:१७	द्व्व		नो.१:२६
न्द्वि		नो.६७:४	प्शि		नो.३४:२१
त्सि		रे.१०६:५			

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा इकारको मात्राचिह्न लगाइएका अक्षरहरू उदाहरणको रूपमा दिइएका छन्।

यहाँ संयुक्त वर्ण **ल्लि** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:५) मा उत्कीर्ण **जयपल्लिकाग्रामे** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ल** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **स्त्वि** को उदाहरण नरेन्द्रदेवको देउपाटन कसाइँटोलको अभिलेख (नो.६८:१८) मा उत्कीर्ण **यस्त्विमाम्** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **स** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **द्वि** को उदाहरण राजा जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१७) मा उत्कीर्ण **द्विजजन** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **द** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **द्द्वि** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२६) मा उत्कीर्ण **प्रादाद्द्विजेभ्यो** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **द** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्द्वि** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:४) मा उत्कीर्ण **संज्ञावशेषान्द्विषः** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **प्शि** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:२१) मा उत्कीर्ण **रिप्शिङ्गोसेतु** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **प** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **त्सि** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:५) मा उत्कीर्ण **मानगृहात्सिङ्घासना** शब्दावलीबाट लिइएको हो। यसमा इकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं. २बमोजिम लगाइएको पाइन्छ।

लिच्छवि लिपिको वर्णमा ईकारको अर्थात् दाहिनाको मात्राचिह्न

लिच्छवि लिपिमा ईकारको अर्थात् दाहिनाको मात्रा वर्णको शिरमा दिइएको हुन्छ। यहाँ ई को मात्राको प्रकारको विषयमा कुरा गर्दा मात्राको आकृति एकै किसिमको भए पनि विन्यासमाचाहिँ अलि फरक भएको पाइन्छ। उदाहरणको

रूपमा द्विभुज भएको **म** मा ईकारको मात्राचिह्न लगाउँदा कहिले बायाँपट्टिको भुजामा लगाइएको पाइन्छभने कहिले दायाँपट्टिको भुजामा लगाइएको पनि देखिन्छ। यसैले अहिले यस अध्ययनको प्रयोजनका लागि लिच्छवि लिपिको वर्णमा ईकारको अर्थात् दाहिनाको मात्राचिह्नलाई दुई किसिमको रूपमा परिभाषित गरिएको छ – १. वर्णको शिरमा आजभोलिको देवनागरी लिपिको सातको अंकलाई ठाडो पारेर राखेको जस्तो मात्राचिह्न लगाइएको, २. वर्णको शिरबाट दायाँपट्टि आजभोलिको देवनागरी लिपिको ईकारको चिह्नजस्तै मात्राचिह्न तानिएको । अब यस विषयमा उदाहरणसहित विस्तृत छलफल गरौं –

तालिका नं.६:१७

लिच्छवि लिपिको वर्णमा ईकारको मात्राचिह्न – किसिम नं. १

वर्णको शिरमा आजभोलिको देवनागरी लिपिको सातको अंकलाई ठाडो पारेर राखेको जस्तो चिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
की		रे.२७:६९	गी		नो.५२:७
जी		रे.५६:१२	टी		नो.८१:१७
ढी		नो.६६:१८	णी		रे.६३:९
ती		रे.७४:१२	दी		रे.७७:९

धी		रे.७४:२२	नी		रे.५६:१६
नी		नो.८१:३०			

माथिको तालिकामा लिच्छवि लिपिको वर्णको शिरमा आजभोलिको देवनागरी लिपिको सातको अंकलाई ठाडो पारेर राखेको जस्तो ईकारको अर्थात् दाहिनाको मात्राचिह्न भएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ **की** वर्णको उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:६९) मा उत्कीर्ण **संविवेकी** शब्दबाट लिइएको होभने **गी** वर्णको उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणको अभिलेख (नो.५२:७) मा उत्कीर्ण **गीटापाञ्चालिका** शब्दबाट लिइएको हो। **जी** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको तुलाछेंटोलको अभिलेख (रे.५६:१२) मा उत्कीर्ण **प्रसादोपजीविभिः** शब्दबाट लिइएको होभने **टी** वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१७) मा उत्कीर्ण **प्रकटीकरोति** शब्दबाट लिइएको हो। **ढी** वर्णको उदाहरण नरेन्द्रदेवको यङ्गालहिटीको अभिलेख (नो.६६:१८) मा उत्कीर्ण **दृढीकृत** शब्दबाट लिइएको होभने **णी** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:९) मा उत्कीर्ण **विचारणीय** शब्दबाट लिइएको हो ।

ती वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१२) मा उत्कीर्ण **वाग्वतीपारदेशस्य** शब्दबाट लिइएको होभने **दी** वर्णको उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:९) मा उत्कीर्ण **प्रसादीकृता** शब्दबाट लिइएको हो। **धी** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२२) मा उत्कीर्ण **धीमता** शब्दबाट लिइएको हो ।

यहाँ **नी** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण शिवदेव+अंशुवर्माको तुलाछेँटोलको अभिलेख (रे.५६:१६) मा उत्कीर्ण

परिपालनीयेति शब्दबाट लिइएको होभने दोस्रो उदाहरण जयदेव द्वितीयको पशुपतिको (नो.८१:३०) मा उत्कीर्ण **मन्दाकिनीपङ्कजं** शब्दावलीबाट लिइएको हो। यहाँ पहिलो उदाहरण (रे.५६:१६) मा **न** वर्ण सानो दण्डमा बायाँपट्टि घुमाएर गाँठो पारी दायाँपट्टि ल्याएर बायाँपट्टि पुच्छर जस्तो छाडिएको आकृतिको देखिन्छभने दोस्रो उदाहरण (नो.८१:३०) मा **न** वर्ण आजभोलिको देवनागरी लिपिको **न** वर्णको जस्तो आकृतिको भइसकेको देखिन्छ।

तालिका नं. ६:१८

लिच्छवि लिपिको वर्णमा ईकारको मात्राचिह्न – किसिम नं. १

वर्णको शिरमा आजभोलिको देवनागरी लिपिको सातको अंकलाई ठाडो पारेर राखेको जस्तो चिह्न लगाएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पी		रे.७७:६	बी		नो.५३:४
भी		रे.२७:२७	मी		रे.५६:१७
यी		रे.८१:२५			
री		नो.१:२५	ली		नो.५२:७
वी		नो.१:१	शी		रे.२७:७०

षी		रे.७७:६	सी		नो.१:१४
ही		रे.२७:४०	ही		रे.७७:३

माथिको तालिकामा लिच्छवि लिपिको वर्णको शिरमा आजभोलिको देवनागरी लिपिको सातको अङ्कलाई ठाडो पारेर राखेको जस्तो ईकारको अर्थात् दाहिनाको मात्राचिह्न भएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । यसअघिको तालिकामा **नी** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पी** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ **पी** वर्णको उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:६) मा उत्कीर्ण **पीडेत्यतः** शब्दावलीबाट लिइएको होभने **बी** वर्णको उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको आदेश्वरको अभिलेख (नो.५३:४) मा उत्कीर्ण **छोगुंयुबीसीमा** शब्दावलीबाट लिइएको हो। **भी** वर्णको उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:२७) मा उत्कीर्ण **श्रयणादभीक्ष्णं** शब्दावलीबाट लिइएको होभने **मी** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको तुलाछेँटोलको अभिलेख (रे.५६:१७) मा उत्कीर्ण **भोगवर्म्मगोमी** शब्दबाट लिइएको हो ।

यी वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२५) मा उत्कीर्ण **काञ्चनमयी** शब्दबाट लिइएको होभने **री** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२५) मा उत्कीर्ण **मल्लपुरीन्ततस्तु** शब्दावलीबाट लिइएको हो। **ली** वर्णको उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणनिरको अभिलेख (नो.५२:७) मा उत्कीर्ण **दक्षिणकोलीग्रामे** शब्दबाट लिइएको होभने **वी** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१) मा उत्कीर्ण **देवी** शब्दबाट लिइएको हो। **शी** वर्णको उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:७०) मा उत्कीर्ण **शशीव** शब्दावलीबाट लिइएको होभने **षी** वर्णको उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:६) मा उत्कीर्ण

महिषीपीडा शब्दबाट लिइएको हो। **सी** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१४) मा उत्कीर्ण **यास्यसीतो** शब्दावलीबाट लिइएको हो।

यहाँ ही वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण हाँडिगाउँको सत्यनारायणस्थानको अभिलेख (रे.२७:४०) मा उत्कीर्ण **जनोग्रहीष्यद्** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:३) मा उत्कीर्ण **पादानुगृहीतो** शब्दावलीबाट लिइएको हो। यहाँ ह् वर्णको विशेषतामा, पहिलो उदाहरण (रे.२७:४०) मा ह् वर्णको मुख बायाँपट्टि फर्किएको देखिन्छभने दोस्रो उदाहरण (रे.७७:३) मा ह् वर्णको मुख दायाँपट्टि फर्किएको पाइन्छ।

तालिका नं.६:१९

लिच्छवि लिपिको वर्णमा ईकारको मात्राचिह्न – किसिम नं. २

वर्णको दायाँपट्टिबाट आजभोलिको देवनागरी लिपिको ईकारको चिह्नजस्तै चिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ची		नो.८१:२६	जी		नो.७८:४
टी		नो.८३:७०			
णी		रे.१२५:३	ती		रे.१४:१८
दी		नो.८१:२५	नी		रे.१४०:९

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको शिरबाट दायाँपट्टि तानिएको, आजभोलिको देवनागरी लिपिको ईकारको आकृतिजस्तै चिह्न भएको ईकारको अर्थात् दाहिनाको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ **ची** वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२६) मा उत्कीर्ण **पद्ममचीकरत्** शब्दावलीबाट लिइएको होभने **जी** वर्णको उदाहरण शिवदेवको भृङ्गारेश्वरको अभिलेख (नो.७८:४) मा उत्कीर्ण **प्रसादोपजीवि** शब्दावलीबाट लिइएको हो । **टी** वर्णको उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:७०) मा उत्कीर्ण **वातकुटी** शब्दबाट लिइएको होभने **णी** वर्णको उदाहरण बलम्बूको अभिलेख (रे.१२५:३) मा उत्कीर्ण **करणीयो** शब्दबाट लिइएको हो ।

ती वर्णको उदाहरण मीननाथको अभिलेख (रे.१४०:१८) मा उत्कीर्ण **तृतीयस्याम्** शब्दबाट लिइएको होभने **दी** वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२५) मा उत्कीर्ण **संसर्ग्गिभिर्व्वेदी** शब्दावलीबाट लिइएको हो । **नी** वर्णको उदाहरण मीननाथको अभिलेख (रे.१४०:९) मा उत्कीर्ण **विरोधनीय** शब्दबाट लिइएको हो ।

तालिका नं.६:२०

लिच्छवि लिपिको वर्णमा ईकारको मात्राचिह्न - किसिम नं. २

वर्णको दायाँपट्टिबाट आजभोलिको देवनागरी लिपिको ईकारको चिह्नजस्तै चिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पी		नो.८१:२१	मी		रे.१४०:८
री		नो.८१:३२	ली		रे.१३२:१३

वी		नो.८३:५३			

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको शिरबाट दायाँपट्टि तानिएको, आजभोलिको देवनागरी लिपिको ईकारको आकृतिजस्तै चिह्न भएको ईकारको अर्थात् दाहिनाको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । यसअघिको तालिकामा **नी** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पी** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ **पी** वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२१) मा उत्कीर्ण **प्रीतिपीयूषराशिः** शब्दावलीबाट लिइएको होभने **मी** वर्णको उदाहरण मीननाथको अभिलेख (रे.१४०:८) मा उत्कीर्ण **तिलमकसमीपे** शब्दबाट लिइएको हो । **री** वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३२) मा उत्कीर्ण **पुण्डरीकं** शब्दबाट लिइएको होभने **ली** वर्णको उदाहरण शिवदेव द्वितीयको लगनटोलको अभिलेख (रे.१३२:१३) मा उत्कीर्ण **शिवीप्रणाली** शब्दबाट लिइएको हो। **वी** वर्णको उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:५३) मा उत्कीर्ण **यावीग्रामे** शब्दबाट लिइएको हो ।

तालिका नं. ६:२१

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका ईकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
जी		रे.५६:१२		नो.७८:४
णी		रे.६३:९		रे.१२५:३

ती		रे.७४:१२		रे.१४०:१८
दी		रे.७७:९		नो.८१:२५
नी		रे.५६:१६		रे.१४०:९
		नो.८१:३०		

माथिको तालिकामा लिच्छवि लिपिको एउटै वर्णमा किसिम नं. १ र किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएका वर्णहरूको उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ शिवदेव+अंशुवर्माको तुलाछेंटोलको अभिलेख (रे.५६:१२) मा **प्रसादोपजीविभिः** लेख्दा **ज** वर्णमा किसिम नं. १ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छभने शिवदेवको भृङ्गारेश्वरको अभिलेख (नो.७८:४) मा **प्रसादोपजीवि** लेख्दा **ज** वर्णमा किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छ। शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:९) मा **विचारणीय** लेख्दा **ण** वर्णमा किसिम नं. १ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छभने बलम्बूको अभिलेख (रे.१२५:३) मा **करणीयो** शब्द लेख्दा **ण** वर्णमा किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छ।

अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१२) मा **वाग्वतीपारदेशस्य** लेख्दा **त** वर्णमा किसिम नं. १ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छभने मीननाथको अभिलेख (रे.१४०:१८) मा **तृतीयस्याम्** लेख्दा **त** वर्णमा किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छ। अंशुवर्माको

तौखेलको अभिलेख (रे.७७:९) मा **प्रसादीकृता** लेख्दा **द** वर्णमा किसिम नं. १ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छभने जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२५) मा **संसर्ग्गिभिर्व्वेदी** लेख्दा **द** वर्णमा किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छ।

शिवदेव+अंशुवर्माको तुलाछेँटोलको अभिलेख (रे.५६:१६) मा **परिपालनीयेति** लेख्दा **न** वर्णमा किसिम नं. १ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छभने जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३०) मा **मन्दाकिनीपङ्कजं** लेख्दा आजभोलिको देवनागरी लिपिको **न** वर्णको जस्तो आकृतिको भइसकेको **न** वर्णमा किसिम नं. १ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छ। यसै गरी मीननाथको अभिलेख (रे.१४०:९) मा **विरोधनीय** लेख्दा **न** वर्णमा किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएका **न** वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – शिवदेव+अंशुवर्माको तुलाछेँटोलको अभिलेख (रे.५६:१६) मा **परिपालनीयेति** लेख्दा **न** वर्णमा किसिम नं. १ बमोजिम ईकारको मात्राचिह्न लगाइएको,

२. दोस्रो उदाहरण – जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३०) मा **मन्दाकिनीपङ्कजं** लेख्दा आजभोलिको देवनागरी लिपिको **न** वर्णको जस्तो आकृतिको भइसकेको **न** वर्णमा किसिम नं. १ बमोजिम ईकारको मात्राचिह्न लगाइएको,

३. तेस्रो उदाहरण – मीननाथको अभिलेख (रे.१४०:९) मा **विरोधनीय** लेख्दा **न** वर्णमा किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएको।

तालिका नं. ६:२२

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका ईकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
पी		रे.७७:६		नो.८१:२१
मी		रे.५६:१७		रे.१४०:८
री		नो.१:२५		नो.८१:३२
ली		नो.५२:७		रे.१३२:१३
वी		नो.१:१		नो.८३:५३

माथिको तालिकामा लिच्छवि लिपिको एउटै वर्णमा किसिम नं. १ र किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएका वर्णहरूको उदाहरण प्रस्तुत गरिएका छन् । यसअघिको तालिकामा **नी** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पी** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:६) मा **महिषीपीडेत्यतः** लेख्दा प वर्णमा किसिम नं. १ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छभने

जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३२) मा **प्रीतिपीयूषराशिः** लेख्दा **प** वर्णमा किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छ। शिवदेव+अंशुवर्माको तुलाछेँटोलको अभिलेख (रे.५६:१७) मा **भोगवर्म्मगोमी** लेख्दा **म** वर्णमा किसिम नं. १ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छभने मीननाथको अभिलेख (रे.१४०:८) मा **तिलमकसमीपे** लेख्दा **म** वर्णमा किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छ।

मानदेवको चाँगुको अभिलेख (नो.१:२५) मा **मल्लपुरीन्ततस्तु** लेख्दा **र** वर्णमा किसिम नं. १ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छभने जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३२) मा **पुण्डरीकं** लेख्दा **र** वर्णमा किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छ। ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणनिरको अभिलेख (नो.५२:७) मा **दक्षिणकोलीग्राम** लेख्दा **ल** वर्णमा किसिम नं. १ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छभने शिवदेवको लगनटोलको अभिलेख (रे.१३२:१३) मा **शिवीप्रणाली** लेख्दा **ल** वर्णमा किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छ। मानदेवको चाँगुको अभिलेख (नो.१:१) मा **देवी** लेख्दा **व** वर्णमा किसिम नं. १ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छभने नक्साल नारायणचौरको अभिलेख (नो.८३:५३) मा **यावीग्रामे** लेख्दा **व** वर्णमा किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छ।

तालिका नं.६:२३

लिच्छवि लिपिको संयुक्त वर्णमा ईकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ङ्की		नो.५८:४	क्षी		नो.८१:२२
ञ्ची		नो.८१:१६	श्ची		नो.८३:४९

ङ्गी		नो.१:२७	ष्ठी		नो.६२:१०
त्ती		रे.१३६:१७	न्ती		नो..३४:१९
स्ती		नो.१:२४	न्दी		नो.१:५
त्ली		रे.५:३	न्नी		रे.७९:२

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा ईकारको मात्राचिह्न लगाइएका अक्षरहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण ङ्गी को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको यङ्गालहिटीको अभिलेख (नो.५८:४) मा उत्कीर्ण **शुभ्राङ्गीर्तिम्** शब्दावलीबाट लिइएको हो । यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण ङ मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

लिच्छवि लिपिमा संयुक्त वर्ण लेख्दा शुरूको वर्ण जुन हो, उसैमाथि ईकारको मात्राचिह्न लगाउने प्रचलन रहेको देखिन्छ । उदाहरणको लागि लक्ष्मी शब्दको **क्ष्मी** लेख्नको लागि **ल** वर्णपछि आधा **क्ष** बनाउनको लागि **क+षसंयोगे क्ष** अर्थात् **क** तथा **ष** को संयोग भएपछि **क्ष** अक्षर बन्दछ भन्ने मान्यताअनुरूप पहिले **क** वर्ण लेखी त्यसको तलतिर **ष** वर्ण अनि त्यसपछि **म** वर्ण लेखिएको हुन्छ र ईकारको मात्राचाहिँ शुरूको वर्ण **क** मा नै लगाइएको हुन्छ ।

यहाँ संयुक्त वर्ण **क्षी** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२२) मा उत्कीर्ण **क्षीराण्र्णवस्यो** शब्दावलीबाट लिइएको हो । यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **क** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ ।

संयुक्त वर्ण **ञ्ची** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१६) मा उत्कीर्ण **काञ्चीगुणाढ्य** शब्दावलीबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ञ** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **श्ची** को उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:४९) मा उत्कीर्ण **तिरश्ची** शब्दबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **श** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ज्ञी** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२७) मा उत्कीर्ण **राज्ञी** शब्दबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ज** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ष्ठी** को उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको भृङ्गारेश्वरको अभिलेख (नो.६२:१०) मा उत्कीर्ण **कशष्ठी विष्टि** शब्दावलीबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ष** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **त्ती** को उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:१७) मा उत्कीर्ण **स्रोतसमुत्तीर्य** शब्दावलीबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्ती** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:१९) मा उत्कीर्ण **शातुन्तीदुल्** शब्दबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्ती** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२४) मा उत्कीर्ण **नरपतिस्तीर्ण्ण** शब्दावलीबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **स** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **न्दी** को उदाहरण पनि चाँगुकै अभिलेख (नो.१:५) मा उत्कीर्ण **मिदन्दीर्घं** शब्दावलीबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **त्नी** को उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:३) मा उत्कीर्ण **पत्नी** शब्दबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्नी** को उदाहरण अंशुवर्माको नक्साल

भन्सारहिटीको अभिलेख (रे.७९:२) मा उत्कीर्ण **निबन्धनोन्नीयमान** शब्दबाट लिइएको हो। यसमा ईकारको मात्रा चिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.६:२४

लिच्छवि लिपिको संयुक्त वर्णमा ईकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्पी		रे.७५:१२	म्पी		रे.७५:१२
स्फी		रे.१८:४	म्बी		रे.१३६:१७
क्ष्मी		नो.५५:४	त्मी		नो.५७:२३
न्मी		रे.१०६:१			

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा ईकारको मात्राचिह्न लगाइएका अक्षरहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **न्नी** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **त्पी** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ संयुक्त वर्ण **त्पी** को उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:१२) मा उत्कीर्ण **युष्मत्पीडा** शब्दबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **म्पी** को उदाहरण पनि यही अभिलेख (रे.७५:१२) मा उत्कीर्ण

भवताम्पीडा शब्दावलीबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **म** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **स्फी** को उदाहरण विजयवतीको सूर्यघाटको अभिलेख (रे.१८:४) मा उत्कीर्ण **स्फीतौजसं** शब्दबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **स** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **म्बी** को उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:१७) मा उत्कीर्ण **दायम्बीगम्प्रो** शब्दावलीबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **म** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **क्ष्मी** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूको अभिलेख (नो.५५:४) मा उत्कीर्ण **लक्ष्मीपरिष्वङ्गो** शब्दबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **क** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **त्मी** को उदाहरण विष्णुगुप्तको मालिगाउँको अभिलेख (नो.५७:२३) मा उत्कीर्ण **शासनमात्मीयमिव** शब्दावलीबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्मी** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:१) मा उत्कीर्ण **सुखोन्मीलिता** शब्दावलीबाट लिइएको हो। यसमा ईकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.६:२५

लिच्छवि लिपिमा रेफसहितको वर्णमा ईकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्भी		नो.१:१६	र्वी		रे.१३९:२६
र्षी		रे.२७:४८			

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको वर्णमा पहिले वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि दीर्घ ईकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ रेफसहितको वर्ण **र्भी** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा उत्कीर्ण **निर्भीः** शब्दबाट लिइएको होभने रेफसहितको वर्ण **र्वी** को उदाहरण जयदेव द्वितीयको च्यासलटोलको अभिलेख (रे.१३९:२६) मा उत्कीर्ण **कुर्वीरन्** शब्दबाट लिइएको हो । रेफसहितको वर्ण **र्षी** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:४८) मा उत्कीर्ण **भारताद्यकार्षीः** शब्दबाट लिइएको हो ।

तालिका नं.६:२६

लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा ईकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्त्ती		नो.८१:१८	र्द्धी		रे.४५:१०
र्व्वी		नो.८१:२८			

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा पहिले संयुक्त वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि दीर्घ ईकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ रेफसहितको संयुक्त वर्ण **र्त्ती** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१८) मा उत्कीर्ण **मूर्त्तीरष्टाभिः** शब्दबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **र्द्धी** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:१०) मा उत्कीर्ण **मूद्‌र्ध्वङ्गतिर्द्धीमताम्** शब्दावलीबाट लिइएको हो । रेफसहितको संयुक्त वर्ण **र्व्वी** को उदाहरण राजा जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२८) मा उत्कीर्ण **गुरुर्व्वीतत्रपो** शब्दबाट लिइएको हो ।

तालिका नं.६:२७

लिच्छवि लिपिमा र+सहितको वर्णमा ईकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्री		नो.३४:१६	ग्री		नो.३२:८
त्री		नो.८१:१३	श्री		रे.७४:३
श्री		नो.८३:६७	ह्री		नो.८१:३४

माथिको तालिकामा लिच्छवि लिपिमा **र**+सहितको वर्णमा पहिले वर्ण लेखी त्यसमाथि दीर्घ ईकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ **र**+सहितको वर्ण **क्री** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:१६) मा उत्कीर्ण **विक्रीणताम्** शब्दबाट लिइएको होभने यहाँ **र**+सहितको वर्ण **ग्री** को उदाहरण शिवदेवको चापागाउँको अभिलेख (नो.३२:८) मा उत्कीर्ण **राजग्रीवमत्स्याः** शब्दावलीबाट लिइएको हो । **र**+सहितको वर्ण **त्री** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१३) मा उत्कीर्ण **दौहित्री** शब्दबाट लिइएको हो ।

यहाँ र+सहितको वर्ण **श्री** को उदाहरण दुईओटा दिइएका छन् । पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२) मा उत्कीर्ण **श्रीमच्चारुभुजः** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:६७) मा उत्कीर्ण **श्रीतुकाण** शब्दबाट लिइएको हो । यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (नो.१:२) मा **श्र** वर्णमा

किसिम नं. १ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छभने दोस्रो उदाहरण (नो.८३:६७) मा **श्र** वर्णमा किसिम नं. २ बमोजिम ईकारको मात्राचिह्न लगाइएको पाइन्छ। **र**+सहितको वर्ण **ह्री** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३४) मा उत्कीर्ण **ह्रीच्छया** शब्दबाट लिइएको हो।

तालिका नं.६:२८

लिच्छवि लिपिमा र+सहितको संयुक्त वर्णमा ईकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
न्त्री		रे.७९:७	स्त्री		रे.१२:६
म्प्री		नो.१:२६	श्श्री		रे.५:२

माथिको तालिकामा लिच्छवि लिपिमा **र**+सहितको संयुक्त वर्णमा पहिले संयुक्त वर्ण लेखी त्यसमाथि दीर्घ ईकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ **र**+सहितको संयुक्त वर्ण **न्त्री** को उदाहरण अंशुवर्माको नक्साल भन्सारहिटीको अभिलेख (रे.७९:७) मा उत्कीर्ण **वाहिकागन्त्री** शब्दबाट लिइएको होभने **र**+सहितको संयुक्त वर्ण **स्त्री** को उदाहरण चाबहिलको अभिलेख (रे.१२:६) मा उत्कीर्ण **स्त्रीभावं** शब्दबाट लिइएको हो।

र+सहितको संयुक्त वर्ण **म्प्री** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२६) मा उत्कीर्ण **देशम्प्रीतमना** शब्दबाट लिइएको होभने **र**+सहितको संयुक्त वर्ण **श्श्री** को उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:२) मा उत्कीर्ण **वपुश्श्रीमानदेवो** शब्दावलीबाट लिइएको हो।

तालिका नं.६:२९

लिच्छवि लिपिको संयुक्त वर्णमा ईकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ल्ली		नो.७४:२३	घ्वीं		रे.२७:७२
थ्वी		नो.८१:३५	द्वी		नो.६७:३
स्वी		रे.५१:७	त्सी		नो.३४:२४

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा ईकारको मात्राचिह्न लगाइएका अक्षरहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **ल्ली** को उदाहरण नरेन्द्रदेवको यागबहालको अभिलेख (नो.७४:२३) मा उत्कीर्ण **परिगेस्पुल्ली** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **घ्वीं** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:७२) मा उत्कीर्ण **परलघ्वीं** शब्दबाट लिइएको हो । संयुक्त वर्ण **थ्वी** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३५) मा उत्कीर्ण **पृथ्वीं** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **द्वी** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:३) मा उत्कीर्ण **वलाद्वीरपदाति** शब्दबाट लिइएको होभने संयुक्त वर्ण **स्वी** को उदाहरण ललितपुर च्यासलटोलको अभिलेख (रे.५१:७) मा उत्कीर्ण **मनस्वी** शब्दबाट लिइएको हो। संयुक्त वर्ण **त्सी** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:२४) मा उत्कीर्ण **तदेतत्सीमा** शब्दावलीबाट लिइएको हो ।

यसरी यस अध्यायमा लिच्छवि लिपिको वर्ण एवं संयुक्त वर्णहरूमा लगाइएका इकार तथा ईकारका मात्राचिह्नको आकृति-विन्यासको बारेमा उदाहरणसहित विवेचना प्रस्तुत गरिएको छ ।

⁂

अध्याय : सात

लिच्छवि लिपिको वर्णमा उकार, ऊकार तथा ऋकारको मात्राचिह्न

लिच्छवि लिपिको वर्णमा उकारको मात्राचिह्न

लिच्छवि लिपिको वर्णमा उकारको अर्थात् तर्कुल्लेको मात्रा-चिह्नलाई तीन किसिमको रूपमा परिभाषित गर्नुपर्ने देखिन्छ– १. वर्णको तल्लो भागबाट आजभोलिको देवनागरी लिपिको उकारको मात्राचिह्नजस्तै चिह्न लगाइएको, २. वर्णको अन्त्यमा सानो रेखा तल तानी त्यही रेखालाई दायाँपट्टि ऊर्ध्वरेखाको रूपमा अलिकति माथि खिंचिएको, ३. वर्णको अन्त्यको बिन्दुबाट तल सानो सोझो रेखा तानिएको। यसरी लिच्छवि लिपिमा ३ किसिमका उकारका मात्राचिह्नहरू देखिए तापनि एउटा वर्णमा एकै किसिमको मात्र उकारको मात्राचिह्न लगाइने भन्ने मान्यता उतिखेर थिएन। अभिलेखहरूको अध्ययन गर्दा एकै वर्णमा फरक फरक किसिमको उकारको मात्राचिह्न लगाइएका वर्णहरू पनि पाइन्छन्। तिनका उदाहरण तलका तालिकाहरूमा प्रस्तुत गरिएका छन्।

तालिका नं.७:१

लिच्छवि लिपिको वर्णमा उकारको अर्थात् तर्कुल्लेको मात्राचिह्न - किसिम नं.– १

वर्णको तल्लो भागबाट आजभोलिको देवनागरी लिपिको उकारको चिह्नजस्तै मात्राचिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
कु		रे.५९:१५	गु		नो.८१:१६
डु		नो.६७:१७	तु		नो.७३:११
दु		रे.१३६:११	नु		नो.६७:१५

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको तल्लो भागबाट आजभोलिको देवनागरी लिपिको उकारको मात्राचिह्नजस्तै चिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ **कु** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको बूढानीलकण्ठको अभिलेख (रे.५९:१५) मा उत्कीर्ण **कुर्यात्कारयेद्वा** शब्दावलीबाट लिइएको होभने **गु** वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१६) मा उत्कीर्ण **काञ्चीगुणाढ्य** शब्दबाट लिइएको हो ।

यहाँ **डु** वर्णको उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:१७) मा उत्कीर्ण **शरदाप्यानोडुराजा** शब्दावलीबाट लिइएको होभने **तु** वर्णको उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (नो.७३:११) मा उत्कीर्ण **चतुर्दिशान्य** शब्दावलीबाट लिइएको हो । **दु** वर्णको उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:११) मा उत्कीर्ण **तदुपयुक्त** शब्दबाट लिइएको हो

भने **नु** वर्णको उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:१५) मा उत्कीर्ण **मनुबुभूषद्भिः** शब्दावलीबाट लिइएको हो ।

तालिका नं. ७:२

लिच्छवि लिपिको वर्णमा उकारको अर्थात् तर्कुल्लेको मात्राचिह्न - किसिम नं.– १

वर्णको तल्लो भागबाट आजभोलिको देवनागरी लिपिको उकारको चिह्नजस्तै मात्राचिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
भु		नो.८१:१३	मु		रे.१२५:२
यु		रे.७४:१७	रु		रे.४५:६
रु		रे.१२५:७	शु		रे.१२५:७
हु		नो.८१:१८			

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको तल्लो भागबाट आजभोलिको देवनागरी लिपिको उकारको मात्राचिह्नजस्तै चिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । यसअघिको तालिकामा **नु** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **भु** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ **भु** वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१३) मा उत्कीर्ण **क्षितिभुजा** शब्दबाट लिइएको होभने **मु** वर्णको उदाहरण बलम्बूको अभिलेख (रे.१२५:२) मा उत्कीर्ण **मुत्क्रम्यान्यथा** शब्दावलीबाट लिइएको हो ।

यहाँ **यु** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१७) मा उत्कीर्ण **नियुक्तमनुष्यस्य** शब्दबाट लिइएको हो। यहाँ **रु** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:६) मा उत्कीर्ण **त्रिभुवनगुरुः** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण बलम्बूको अभिलेख (रे.१२५:७) मा उत्कीर्ण **रुद्रचन्द्रगोमी** शब्दबाट लिइएको हो। यहाँ पहिलो उदाहरणमा **त्रिभुवनगुरुः** (रे.४५:६) लेख्दा **र** वर्णको तल्लो भागबाट आजभोलिको देवनागरी लिपिकै जस्तो उकारको मात्राचिह्न लगाइएको छभने दोस्रो उदाहरणमा **रुद्रचन्द्रगोमी** (रे.१२५:७) लेख्दा **र** वर्णमा उकारको मात्राचिह्न लगाउँदा वर्णको तल्लो भागबाट आजभोलिको देवनागरी लिपिको उकारको मात्राजस्तै मात्राचिह्न लगाउनुपर्नेमा सो नभई **र** वर्णको अन्त्यबाट दायाँपट्टि अलिकति धस्काएर अनि तल सोझो रेखा तानिएको छ। भए पनि यहाँ मूल रूपमा विन्यास एकै प्रकारको देखिएकोले एकै किसिमको उकारको मात्राचिह्न मानी दुईथरी उदाहरण प्रस्तुत गरिएका छन्। यहाँ **शु** वर्णको उदाहरण बलम्बूको अभिलेख (रे.१२५:७) मा उत्कीर्ण **लोकद्वयविशुद्धये** शब्दावलीबाट लिइएको होभने हु वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१८) मा उत्कीर्ण **बहुपुण्य** शब्दावलीबाट लिइएको हो।

तालिका नं ७:३

लिच्छवि लिपिको वर्णमा उकारको अर्थात् तर्कुल्लेको मात्राचिह्न-किसिम नं.– २

वर्णको अन्त्यमा सानो रेखा तल तानी त्यही रेखालाई दायाँपट्टि ऊर्ध्वरेखाको रूपमा अलिकति माथि खिँचिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
गु		नो.१३:२२	तु		नो.१:२१
दु		नो.१:१७			

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको अन्त्यमा सानो रेखा तल तानी त्यही रेखालाई दायाँपट्टि ऊर्ध्वरेखाको रूपमा अलिकति माथि खिंचिएको उकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ **गु** वर्णको उदाहरण वसन्तदेवको जैसीदेवलको अभिलेख (नो.१३:२२) मा उत्कीर्ण **प्रतिहार रविगुप्त** शब्दबाट लिइएको होभने **तु** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२१) मा उत्कीर्ण **मातुलोरुविषम** शब्दबाट लिइएको हो । **दु** वर्णको उदाहरण पनि चाँगुकै अभिलेख (नो.१:१७) मा उत्कीर्ण **दुष्टचरितं** शब्दबाट लिइएको हो ।

तालिका नं ७:४

लिच्छवि लिपिको वर्णमा उकारको अर्थात् तर्कुल्लेको मात्राचिह्न-किसिम नं.– २

वर्णको अन्त्यमा सानो रेखा तल तानी त्यही रेखालाई दायाँपट्टि ऊर्ध्वरेखाको रूपमा अलिकति माथि खिँचिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
भु		रे.४५:५			
रु		नो.८१:२८	शु		नो.६७:६

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको अन्त्यमा सानो रेखा तल तानी त्यही रेखालाई दायाँपट्टि ऊर्ध्वरेखाको रूपमा अलिकति माथि खिंचिएको उकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । यसअघिको तालिकामा **दु** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **भु** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ **भु** वर्णको उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:५) मा उत्कीर्ण **सकलभुवन** शब्दबाट लिइएको होभने **रु** वर्णको उदाहरण

जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२८) मा उत्कीर्ण **विरुद्धैरपि** शब्दावलीबाट लिइएको हो। यहाँ **विरुद्धैरपि** लेख्दा **र** वर्णको अन्त्यको बिन्दुबाट सानो रेखा तानी ऊर्ध्वरेखा बनाइएको देखिँदैन, परन्तु **र** वर्णको बीच भागबाट दायाँपट्टि सानो रेखा उठाइएको छ। यसलाई उकारका किसिमहरूमध्ये पृथक् वर्गीकरण गर्न नसकिने होइन, भए पनि यस्तो उदाहरण कमैमात्र देखिएकोले यहाँ यस वर्णलाई पनि किसिम नं. २ मा नै समावेश गरिएको छ। शु वर्णको उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:६) मा उत्कीर्ण **पशुपतिभट्टारक** शब्दावलीबाट लिइएको हो। यसमा **श** वर्णको बायाँपट्टिको रेखा बायाँपट्टि अलिकति भित्र पस्नुपर्नेमा सीधा देखिन्छ।

तालिका नं. ७:५

लिच्छवि लिपिको वर्णमा उकारको अर्थात् तर्कुल्लेको मात्राचिह्न- किसिम नं.– ३

वर्णको अन्त्यको बिन्दुबाट तल सानो सोझो रेखा तानिएको।

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
खु		नो.१७:४	घु		नो.८१:६
चु		रे.७७:४	जु		रे.१०८:४
टु		रे.५५:४	डु		नो.१७:४
णु		नो.८१:२८			
थु		रे.४५:१	दु		नो.८१:१९

धु		नो.१:२७	नु		नो.१:११

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको अन्त्यको बिन्दुबाट तल सानो सोझो रेखा तानिएको उकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ **खु** वर्णको उदाहरण राजा रामदेवको पालाको मृगस्थली जाने बाटोको अभिलेख (नो.१७:४) मा उत्कीर्ण **खुडुस्वामिनः** शब्दबाट लिइएको होभने **घु** वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:६) मा उत्कीर्ण **रघुर्जातो** शब्दावलीबाट लिइएको हो । **चु** वर्णको उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:४) मा उत्कीर्ण **चुस्तुङ्ग्राम** शब्दबाट लिइएको होभने **र्जु** वर्णको उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको यङ्गालहिटीको अभिलेख (रे.१०८:४) मा उत्कीर्ण **भीमार्जुनदेव** शब्दबाट लिइएको हो । यहाँ रेफसहितको वर्णको विषयमा चर्चा चलाउन खोजिएको होइन तापनि **ज** वर्णमा लगाइएको उकारको मात्राचिह्नको प्रयोजनको लागि यो उदाहरण प्रस्तुत गरिएको हो ।

टु वर्णको उदाहरण शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे.५५:४) मा उत्कीर्ण **ग्रामकुटुम्बिनः** शब्दावलीबाट लिइएको होभने **डु** वर्णको उदाहरण रामदेवको पालाको मृगस्थली जाने बाटोको अभिलेख (नो.१७:४) मा उत्कीर्ण **खुडुस्वामिनः** शब्दबाट लिइएको हो । **णु** वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२८) मा उत्कीर्ण **स्थाणुः** शब्दबाट लिइएको हो ।

थु वर्णको उदाहरण स्वामिवार्त्तको पशुपति देवपाटनको अभिलेख (रे.४५:१) मा उत्कीर्ण **मिथुनं** शब्दबाट लिइएको होभने **दु** वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१९) मा उत्कीर्ण **पातालादुत्थितं** शब्दावलीबाट लिइएको हो । **धु** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२७) मा उत्कीर्ण **साधुमतिना** शब्दावलीबाट लिइएको होभने **नु** वर्णको उदाहरण पनि चाँगुकै अभिलेख (नो.१:११) मा उत्कीर्ण **सूनुना** शब्दावलीबाट लिइएको हो ।

तालिका नं. ७:६

लिच्छवि लिपिको वर्णमा उकारको अर्थात् तर्कुल्लेको मात्राचिह्न-किसिम नं. ३

वर्णको अन्त्यको बिन्दुबाट तल सानो सोझो रेखा तानिएको।

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पु		नो.१:६	फु		नो.१६:३
बु		नो.६७:१५	मु		नो.१:६
यु		रे.२०:८	लु		नो.१:११
षु		रे.२७:३१	सु		रे.४५:१
हु		नो.१:२०			

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको अन्त्यबिन्दुबाट तल सानो सोझो रेखा तानिएका उकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **नु** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पु** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ **पु** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:६) मा उत्कीर्ण **पुत्रमुवाच** शब्दावलीबाट लिइएको होभने **फु** वर्णको उदाहरण आभीरी गोमिनीको पशुपतिको अभिलेख (नो.१६:३) मा उत्कीर्ण **खण्डफुट्ट** शब्दबाट

लिइएको हो। **बु** वर्णको उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:१५) मा उत्कीर्ण **मनुबुभूषद्भिः** शब्दावलीबाट लिइएको होभने **मु** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:६) मा उत्कीर्ण **पुत्रमुवाच** शब्दबाट लिइएको हो ।

यु वर्णको उदाहरण राजा वसन्तदेवको थानकोट आदिनारायणस्थानको अभिलेख (रे.२०:८) मा उत्कीर्ण **मयायुष्मत्यै** शब्दावलीबाट लिइएको होभने **लु** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:११) मा उत्कीर्ण **खलु** शब्दबाट लिइएको हो। **षु** वर्णको उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:३१) मा उत्कीर्ण **स्तुत्येषु** शब्दबाट लिइएको होभने **सु** वर्णको उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:१) मा उत्कीर्ण **सुकरमनयोः** शब्दबाट लिइएको हो। **हु** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२०) मा उत्कीर्ण **वाक्यैर्बहुभिः** शब्दबाट लिइएको हो ।

तालिका नं.७:७

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका उकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
गु		नो.८१:१६		नो.१३:२२
तु		नो.७३:११		नो.१:२१

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. १ र किसिम नं. २ बमोजिम उकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१६) मा **काञ्ची-गुणाढ्य** लेख्दा **ग** वर्णमा किसिम नं. १ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छभने वसन्तदेवको जैसीदेवलको अभिलेख (नो.१३:२२)मा **प्रतिहाररविगुप्त** लेख्दा **ग** वर्णमा किसिम नं. २ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छ। नरेन्द्रदेवको वज्रघरको अभिलेख (नो.७३:११) मा उत्कीर्ण **चतुर्दिशाय्य** लेख्दा **त** वर्णमा किसिम नं. १ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छभने मानदेवको चाँगुको अभिलेख (नो.१:२१) मा **मातुलोरुविषम** लेख्दा **त** वर्णमा किसिम नं. २ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छ।

तालिका नं.७:८

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका उकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
भु		नो.८१:१३		रे.४५:५
रु		रे.४५:६		नो.८१:२८
रु		रे.१२५:७		
शु		रे.१२५:७		नो.६७:६

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. १ र किसिम नं. २ बमोजिम उकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत

गरिएका छन् । यसअघिको तालिकामा **तु** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **भु** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ राजा जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१३) मा **क्षितिभुजा** लेख्दा **भ** वर्णमा किसिम नं. १ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छभने स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:५) मा **सकलभुवन** लेख्दा **भ** वर्णमा किसिम नं. २ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:६) मा **त्रिभुवनगुरुः** लेख्दा **र** वर्णमा किसिम नं. १ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छभने बलम्बूको अभिलेख (रे.१२५:७) मा **रुद्रचन्द्रगोमी** लेख्दा **र** वर्णमा किसिम नं. १ बमोजिम नै उकारको मात्राचिह्न लगाइएको पाइन्छ । यसै गरी जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२८) मा **विरुद्धैरपि** लेख्दा **र** वर्णमा किसिम नं. २ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम उकारको मात्राचिह्न लगाइएका **रु** वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन् । तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – पशुपति देउपाटनको अभिलेख (रे.४५:६) मा **त्रिभुवनगुरुः** लेख्दा **र** वर्णमा किसिम नं. १ बमोजिम उकारको मात्राचिह्न लगाइएको,

२. दोस्रो उदाहरण – बलम्बूको अभिलेख (रे.१२५:७) मा **रुद्रचन्द्रगोमी** लेख्दा **र** वर्णमा उकारको मात्राचिह्न लगाउँदा वर्णको तल्लो भागबाट आजभोलिको देवनागरी लिपिको उकारको मात्राजस्तै मात्राचिह्न लगाउनुपर्नेमा सो नभई **र** वर्णको अन्त्यबाट दायाँपट्टि अलिकति धस्काएर अनि तल सोझो रेखा तानिएको भए तापनि किसिम नं. १ बमोजिम नै उकारको मात्राचिह्न लगाइएको मानिएको,

३. तेस्रो उदाहरण – जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो. ८१:२८) मा **विरुद्धैरपि** लेख्दा **र** वर्णको अन्त्यको बिन्दुबाट सानो रेखा तानी ऊर्ध्वरेखा

बनाइएको नदेखिए तापनि र वर्णको बीच भागबाट दायाँपट्टि सानो रेखा उठाइएको देखिएकोले यस वर्णलाई पनि किसिम नं. २ मा नै समावेश गरिएको ।

बलम्बूको अभिलेख (रे.१२५:७) मा **लोकद्वयविशुद्धये** लेख्दा **श** वर्णमा किसिम नं. १ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छभने नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:६) मा **पशुपतिभट्टारक** लेख्दा **श** वर्णमा किसिम नं. २ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

तालिका नं.७:९

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका उकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. ३	स्रोत
डु		नो.६७:१७		नो.१७:४
नु		नो.६७:१५		नो.१:११

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. १ र किसिम नं. ३ बमोजिम उकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:१७) मा **शरदाप्यानोडुराजा** लेख्दा **ड** वर्णमा किसिम नं. १ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छभने रामदेवको पालाको मृगस्थली जाने बाटोको अभिलेख (नो.१७:४) मा **खुडुस्वामिनः** लेख्दा **ड** वर्णमा किसिम नं. ३ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छ।

नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:१५) मा उत्कीर्ण **मनुबुभूषद्भिः** लेख्दा **न** वर्णमा किसिम नं. १ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छभने मानदेवको चाँगुको अभिलेख (नो.१:१२) मा **दत्ताभ्यनुज्ञो** लेख्दा **न** वर्णमा किसिम नं. ३ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छ।

तालिका नं.७:१०

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका उकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. ३	स्रोत
मु		रे.१२५:२		नो.१:६
यु		रे.७४:१७		रे.२०:८
हु		नो.८१:१८		नो.१:२०

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. १ र किसिम नं. ३ बमोजिम उकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **नु** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **मु** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ बलम्बूको अभिलेख (रे.१२५:२) मा **मुत्क्रम्यान्यथा** लेख्दा **म** वर्णमा किसिम नं. १ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छभने मानदेवको चाँगुको अभिलेख (नो.१:६) मा **पुत्रमुवाच** लेख्दा **म** वर्णमा किसिम नं. ३ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छ।

अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१७) मा **नियुक्तमनुष्यस्य** लेख्दा **य** वर्णमा किसिम नं. १ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छभने वसन्तदेवको थानकोट आदिनारायणस्थानको अभिलेख (रे.२०:८) मा **मयायुष्मत्यै** लेख्दा **य** वर्णमा किसिम नं. ३ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छ।

जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१८) मा **बहुपुण्य** लेख्दा ह वर्णमा किसिम नं. १ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छभने मानदेवको चाँगुको अभिलेख (नो.१:२०) मा **वाक्यैर्बहुभिः** लेख्दा ह वर्णमा किसिम नं. ३ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छ।

तालिका नं.७:११

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका उकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत	लिच्छवि किसिम नं. ३	स्रोत
दु		रे.१३६:११		नो.१:१७		नो.८१:१९

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्ण **द** मा किसिम नं. १, किसिम नं. २ तथा किसिम नं. ३ बमोजिम उकारको मात्राचिह्न लगाइएका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:११) मा **तदुपयुक्त** लेख्दा **द** वर्णमा किसिम नं. १ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छभने मानदेवको चाँगुको अभिलेख (नो.१:१७) मा **दुष्टचरितं** लेख्दा **द** वर्णमा किसिम नं. २ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छ। अनि जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१९) मा **पातालादुत्थितं** लेख्दाचाहिँ **द** वर्णमा किसिम नं. ३ बमोजिम उकारको मात्राचिह्न लगाइएको पाइन्छ।

तालिका नं.७:१२

लिच्छवि लिपिको संयुक्त वर्णमा उकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्कु		रे.६८:४	ङ्कु		रे.६८:४
त्कु		रे.४५:४	न्कु		रे.७१:६
ष्कु		रा.०:२			
क्षु		प.०:४	ङ्गु		रे.८३:२
द्गु		रे.५९:२	मंगु		रे.३७:२०
ल्गु		रे.१८:३	च्छु		रे.१२:६
ञ्जु		रे.९१:६	ण्डु		रे.५४:९
ष्णु		नो.३:२			
न्तु		नो.८१:२७	स्तु		रे.७७:७

स्थु		नो.१:१६	न्दु		रे.२२:११
न्धु		नो.१:१४			

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा उकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन् ।

यहाँ संयुक्त वर्ण **क्कु** तथा संयुक्त वर्ण ङ्कु को उदाहरण अंशुवर्माको बुङ्मतीको अभिलेख (रे.६८:४) मा उत्कीर्ण **भवताङ्कुक्कुट** शब्दबाट लिइएका हुन् । यसमा दुवै अक्षरमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **क** मा किसिम नं. १ बमोजिम लगाइएका छन् । संयुक्त वर्ण त्कु को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:४) मा उत्कीर्ण **शश्वत्कुशल** शब्दावलीबाट लिइएको हो । यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **क** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ । संयुक्त वर्ण **न्कु** को उदाहरण अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:६) मा उत्कीर्ण **गौल्मिकादिन्कुशल** शब्दावलीबाट लिइएको हो । यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **क** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ष्कु** को उदाहरण विमलसङ्घको देउपाटनको अभिलेख (रा.०:२) मा उत्कीर्ण **नवकिष्कुमात्रो** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **क** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ । संयुक्त वर्ण **क्षु** को उदाहरण चाबहिलको अभिलेख (प.०:४) मा उत्कीर्ण **मुमुक्षुभिः** शब्दबाट लिइएको हो । यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **ष** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

संयुक्त वर्ण ङ्गु को उदाहरण अंशुवर्माको पालाको फर्पिङ्गको अभिलेख (रे.८३:२) मा उत्कीर्ण **नित्यङ्गुणद्वेषिभिः** शब्दावलीबाट लिइएको हो । यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **ग** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **द्गु** को उदाहरण शिवदेव+अंशुवर्माको बूढानीलकण्ठको अभिलेख (रे.५९:२) मा उत्कीर्ण **सद्गुणगणाधारो** शब्दावलीबाट लिइएको

हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **ग** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **म्गु** को उदाहरण फर्पिङ्गको अभिलेख (रे.३७:२०) मा उत्कीर्ण **ब्रेम्गुम्चो** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **ग** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ल्गु** को उदाहरण विजयवतीको पशुपति सूर्यघाटको अभिलेख (रे.१८:३) मा उत्कीर्ण **स्वरवल्गुवाक्या** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **ग** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **च्छु** को उदाहरण चाबहिलको अभिलेख (रे.१२:६) मा उत्कीर्ण **यच्छुभम्** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **छ** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ञ्जु** को उदाहरण त्यागलटोलको अभिलेख (रे.९१:६) मा उत्कीर्ण **मञ्जुश्रियम्** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **ज** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ण्डु** को उदाहरण शिवदेव+अंशुवर्माको पाटन भीमसेनस्थानको अभिलेख (रे.५४:९) मा उत्कीर्ण **लशुनपलाण्डुकराभ्याम्** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **ड** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ष्णु** को उदाहरण मानदेवको पशुपति तिलगङ्गाको अभिलेख (नो.३:२) मा उत्कीर्ण **विष्णुं विक्रान्तमूर्तिं** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **ण** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **न्तु** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२७) मा उत्कीर्ण **यन्तुष्टाव** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **त** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्तु** को उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:७) मा उत्कीर्ण **चुस्तुन्नदी** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **त** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्थु** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा उत्कीर्ण **ततस्तस्थुषी** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्रा चिह्नचाहिँ दोस्रो अक्षर **थ** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्दु** को

उदाहरण वसन्तदेवको पाटन बहालुखाको अभिलेख (रे.२२:११) मा उत्कीर्ण **गुडन्दुलुत्तरप्रदेशे** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **द** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्धु** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१४) मा उत्कीर्ण **प्रणिपातबन्धुरशिरः** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **ध** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.७:१३

लिच्छवि लिपिको संयुक्त वर्णमा उकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्पु		नो.१:१५			
प्पु		नो.५४:७	म्पु		नो.१:८
ष्पु		रे.८:४	स्पु		नो.७४:२३
त्फु		नो.८१:२३	स्फु		नो.८१:२७
ग्बु		रे.२७:५७	म्बु		नो.१:१५
द्धु		नो.१:१६	म्भु		नो.११:५०
ण्मु		नो.८१:२७			

न्मु		रे.४५:८	म्मु		नो.१:१५
ह्मु		रे.१२८:२१	ल्ह्मुं		रे.७७:१०

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा उकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन् । यसअघिको तालिकामा **न्धु** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **त्पु** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

संयुक्त वर्ण त्पु को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१५) मा उत्कीर्ण **तस्मात्पुनः** शब्दावलीबाट लिइएको हो । यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **प** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ । संयुक्त वर्ण प्पु को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख (नो.५४:७) मा उत्कीर्ण **नुप्पुन्नद्रङ्गनिवासिनः** शब्दावलीबाट लिइएको हो । यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **प** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **म्पु** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:८) मा उत्कीर्ण **राज्यम्पुत्रक** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **प** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ष्पु** को उदाहरण मानदेवको पालाका रत्नसङ्घको देउपाटनको अभिलेख (रे.८:४) मा उत्कीर्ण **खैनष्पुप्रदेशे** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **प** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्पु** को उदाहरण नरेन्द्रदेवको यागवहालको अभिलेख (नो.७४:२३) मा उत्कीर्ण **परिगेस्पुल्ली** शब्दावलीबाट लिइएको हो । यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **प** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ ।

संयुक्त वर्ण **त्फु** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२३) मा उत्कीर्ण **कलितोत्फुल्ल** शब्दावलीबाट लिइएको हो । यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **फ** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **स्फु** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२७) मा उत्कीर्ण **स्फुरत्कन्धरः** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **फ** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ग्बु** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:५७) मा उत्कीर्ण **वाग्बुद्ध्योः** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **ब** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **म्बु** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१५) मा उत्कीर्ण **नेत्राम्बुमिश्रैर्दृढम्** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **ब** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **द्भु** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा उत्कीर्ण **पश्चाद्भुवम्** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **भ** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **म्भु** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (नो.११:५०) मा उत्कीर्ण **साचीनाम्भुवि** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **भ** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ण्मु** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२७) मा उत्कीर्ण **षण्मुखः** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **म** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्मु** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:८) मा उत्कीर्ण **यन्मुरारीश्वराभ्याम्** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **म** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **म्मु** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१५) मा उत्कीर्ण **इत्येवम्मुख** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **म** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ह्मु** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:२१) मा उत्कीर्ण **ह्मुप्रिङ्ग्रामी** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **म** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ल्ह्मु** को उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१०) मा

उत्कीर्ण **शुल्ह्मुङ्** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **म** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.७:१४

लिच्छवि लिपिको य संयुक्त वर्णमा उकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
च्यु		रे.२७:६९	ण्यु		रे.४५:४
त्यु		नो.६७:९	द्यु		रे.२२:१३
न्यु		नो.६७:८	प्यु		रे.१२८:३३

माथिको तालिकामा लिच्छवि लिपिको **य** संयुक्त वर्णमा उकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ संयुक्त वर्ण **च्यु** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:६९) मा उत्कीर्ण **च्युतजगदविरोधः** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्न चाहिँ दोस्रो अक्षर **य** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ण्यु** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:४) मा उत्कीर्ण **कर्म्मण्युपहित** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **य** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **त्यु** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:९) मा उत्कीर्ण **तत्प्रत्युपकारो** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **य** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **द्यु** को उदाहरण वसन्तदेवको पाटन बहालुखाको अभिलेख (रे.२२:१३) मा

उत्कीर्ण **कथञ्चिद्युष्माभिः** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्न चाहिँ दोस्रो अक्षर **य** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्यु** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:८) मा उत्कीर्ण **वस्तुन्युपकृत** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्न चाहिँ दोस्रो अक्षर **य** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **प्यु** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:३३) मा उत्कीर्ण **तैरप्युभयलोक** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **य** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.७:१५

लिच्छवि लिपिमा रेफसहितको वर्णमा उकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्जु		नो.५५:२	र्दु		नो.३४:१९
र्भु		नो.१६:२	र्मु		रे.७५:३
र्हु		नो.८३:६३			

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको वर्णमा पहिले वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी उकारको मात्राचिह्नचाहिँ वर्णको आकृतिअनुसार लगाइएका अक्षरहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ रेफसहितको वर्ण **र्जु** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूको अभिलेख (नो.५५:२) मा उत्कीर्ण **भीमार्जुनदेव** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ रेफसहितको वर्ण **र्ज** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। रेफसहितको वर्ण **र्दु** को उदाहरण

शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:१९) मा उत्कीर्ण **बुर्दुम्ब्रादुल्नदी** शब्दावलीबाट लिइएको हो । यसमा उकारको मात्राचिह्नचाहिँ रेफसहितको वर्ण **र्द** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ ।

रेफसहितको वर्ण **र्भु** को उदाहरण आभीरी गोमिनीको पशुपतिको अभिलेख (नो.१६:२) मा उत्कीर्ण **शम्भोर्भुवनम्** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ रेफसहितको वर्ण **र्भ** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। रेफसहितको वर्ण **र्मु** को उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:३) मा उत्कीर्ण **उच्चैर्मुक्ताट्टहासम्** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ रेफसहितको वर्ण **र्म** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

रेफसहितको वर्ण र्हु को उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:६३) मा उत्कीर्ण **नतिभिर्हुडिखू** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ रेफसहितको वर्ण र्ह मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.७:१६

लिच्छवि लिपिमा रेफसहितको य वर्णमा उकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्यु		रे.१४० :१४	र्यु		नो.७६:२५

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको **य** वर्णमा पहिले वर्ण लेखी त्यसको बायाँपट्टि रेफको चिह्न राखी उकारको मात्राचिह्नचाहिँ वर्णको आकृतिअनुसार लगाइएको अक्षर उदाहरणको रूपमा प्रस्तुत गरिएको छ।

यहाँ रेफसहितको वर्ण **र्यु** को उदाहरण मीननाथको अभिलेख (रे.१४० :१४) मा उत्कीर्ण **कुर्युः** शब्दावलीबाट लिइएको हो। यसमा रेफसहितको

वर्ण **र्य्य** मा उकारको मात्राचिह्न किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। रेफसहितको वर्ण **र्यु** को अर्को उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (नो.७६:२५) मा उत्कीर्ण **कुर्य्युः कारयेयुः** शब्दावलीबाट लिइएको हो। यसमा रेफसहितको वर्ण **र्य्य** मा उकारको मात्राचिह्न किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। यस प्रकारको रेफको चिह्नको विषयमा यसै ग्रन्थको अध्याय ५ मा विस्तृत छलफल गरिएको छ।

तालिका नं.७:१७

लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा उकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्गु		रे.५:२	र्गु		रे.६०:१६
र्त्तु		नो.१:८	र्द्धु		रे.३६:३
र्म्मु		नो.८१:२६	र्य्यु		रे.४५:१

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा पहिले संयुक्त वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी उकारको मात्राचिह्नचाहिँ वर्णको आकृतिअनुसार लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ रेफसहितको संयुक्त वर्ण **र्गु** को उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:२) मा उत्कीर्ण **सर्व्वैर्ग्गुणैः** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण शिवदेव+अंशुवर्माको, सतुङ्गलको अभिलेख (रे.६०:१६) मा उत्कीर्ण **गुरुभिर्ग्गुरुकृत** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो

उदाहरण (रे.५:२) मा **र्ग्गु** वर्णमा रेफको चिह्न लगाउँदा माथिल्लो **ग** वर्णको शिरोरेखाबाट दायाँपट्टि थोरै तानेर त्यसमाथि रेफको चिह्न लगाइएको पाइन्छभने दोस्रो उदाहरण (रे.६०:१६) माचाहिँ **र्ग्गु** वर्ण लेख्दा माथिल्लो **ग** वर्णको शिरोरेखाको सोझै माथिबाट नै रेफको चिह्न लगाइएको पाइन्छ। यी दुवैमा उकारको मात्राचिह्नचाहिँ रेफसहितको संयुक्त वर्ण **र्ग्ग** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

रेफसहितको संयुक्त वर्ण **र्त्तु** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:८) मा उत्कीर्ण **भर्त्तुर्ग्गतिम्** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ रेफसहितको संयुक्त वर्ण **र्त्त** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। यहाँ रेफसहितको संयुक्त वर्ण **र्द्दु** को उदाहरण भारविको हाँडिगाउँको अभिलेख (रे.३६:३) मा उत्कीर्ण **नृपतेर्द्दुहितुस्सुतेन** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ रेफसहितको संयुक्त वर्ण **र्द्द** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। रेफसहितको संयुक्त वर्ण **र्म्मु** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२६) मा उत्कीर्ण **षड्भिर्म्मुखैः** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ रेफसहितको संयुक्त वर्ण **र्म्म** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

रेफसहितको संयुक्त वर्ण **र्य्यु** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:१) मा उत्कीर्ण **श्रीर्य्युगलममिथुनम्** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ रेफसहितको संयुक्त वर्ण **र्य्य** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.७:१८

लिच्छवि लिपिमा र+सहितको वर्णमा उकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्रु		रे.५९:७	द्रु		नो.८१:१७

ध्रु		रे.३०:२	भ्रु		रे.४८:६
श्रु		नो.१:६			

माथिको तालिकामा लिच्छवि लिपिमा र+सहितको वर्णमा उकारको मात्राचिह्न लगाइएका अक्षरहरू उदाहरणको रूपमा दिइएका छन् ।

यहाँ र+सहितको वर्ण त्रु को उदाहरण शिवदेव+अंशुवर्माको बूढानीलकण्ठस्थानको अभिलेख (रे.५९:७) मा उत्कीर्ण **सकलशत्रुपक्ष** शब्दावलीबाट लिइएको हो । यसमा उकारको मात्राचिह्नचाहिँ र+सहितको वर्ण त्र मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। यहाँ र+सहितको वर्ण द्रु को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१७) मा उत्कीर्ण **शेषप्रजापद्रुजं** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ र+सहितको वर्ण द्र मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। र+सहितको वर्ण ध्रु को उदाहरण पशुपति भस्मेश्वरको अभिलेख (रे.३०:२) मा उत्कीर्ण **ध्रुवसङ्घ** शब्दावलीबाट लिइएको हो । यसमा उकारको मात्राचिह्नचाहिँ र+सहितको वर्ण ध्र मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

र+सहितको वर्ण भ्रु को उदाहरण शङ्खमूल सिकुवहीको अभिलेख (रे.४८:६) मा उत्कीर्ण **बभ्रुवर्म्मणः** शब्दावलीबाट लिइएको हो । यसमा उकारको मात्राचिह्नचाहिँ र+सहितको वर्ण भ्र मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। र+सहितको वर्ण श्रु को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:६) मा उत्कीर्ण **साश्रुवदना** शब्दबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ र+सहितको वर्ण श्र मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.७:१९

लिच्छवि लिपिको र+सहितको संयुक्त वर्णमा उकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
च्छ्रु		रे.५९:१	ब्भ्रु		रे.४१:१४

माथिको तालिकामा लिच्छवि लिपिमा र+सहितको संयुक्त वर्णमा उकारको मात्राचिह्न लगाइएका अक्षरहरू उदाहरणको रूपमा दिइएका छन् ।

यहाँ र+सहितको संयुक्त वर्ण **च्छ्रु** को उदाहरण शिवदेव+अंशुवर्माको बूढानीलकण्ठस्थानको अभिलेख (रे.५९:१) मा उत्कीर्ण **मानगृहाच्छ्रुतनय** शब्दावलीबाट लिइएको हो । यसमा उकारको मात्राचिह्नचाहिँ र+सहितको वर्ण **च्छ्र** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

र+सहितको संयुक्त वर्ण **ब्भ्रु** को उदाहरण गणदेव+भौमगुप्तको किसिपिंडीको अभिलेख (रे.४१:१४) मा उत्कीर्ण **बब्भ्रुवर्म्मा** शब्दावलीबाट लिइएको हो । यसमा उकारको मात्राचिह्नचाहिँ र+सहितको वर्ण **ब्भ्र** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

तालिका नं.७:२०

लिच्छवि लिपिमा रेफसहित तथा र+सहितको संयुक्त वर्णमा उकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्ध्रु		नो.९:३			

माथिको तालिकामा लिच्छवि लिपिमा संयुक्त वर्णको अन्त्यको बिन्दुबाट बायाँपट्टि सानो तेर्सो रेखा तानेर र+सहितको संयुक्त वर्ण बनाएपछि वर्णमाथि

रेफको चिह्न हाली उकारको मात्राचिह्न लगाइएको वर्ण उदाहरणको रूपमा प्रस्तुत गरिएको छ।

यहाँ **र**+सहितको संयुक्त वर्ण बनाएपछि वर्णमाथि रेफको चिह्न हाली उकारको मात्राचिह्न लगाइएको संयुक्त वर्ण र्धु को उदाहरण मानदेवको पालाको चाँगुको निरपेक्षको अभिलेख (नो.९:३) मा उत्कीर्ण **गतयोर्ध्रुवमस्तु** शब्दावलीबाट लिइएको हो।

तालिका नं.७:२१

लिच्छवि लिपिको संयुक्त वर्णमा उकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
न्लु		रे.३७:१६	ङ्शु		रे.९७:२०
श्शु		रे.५:१	त्सु		नो.७०:२०
प्सु		नो.१:१६	स्सु		रे.३६:३

माथिको तालिकामा लिच्छवि लिपिको **ल, श, स** संयुक्त वर्णमा उकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन्।

संयुक्त वर्ण **न्लु** को उदाहरण गणदेवको फर्पिङ्गको अभिलेख (रे.३७:१६) मा उत्कीर्ण **बुन्लुनदीदक्षिणे** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **ल** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ङ्शु** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:२०) मा उत्कीर्ण **गाङ्शुल्ग्रामं** शब्दावलीबाट लिइएको हो।

यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **श** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **श्शु** को उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:१) मा उत्कीर्ण **वसुभिश्शुद्धैः** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **श** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

यहाँ संयुक्त वर्ण **त्सु** को उदाहरण नरेन्द्रदेवको, ललितपुर गहिरीधाराको अभिलेख (नो.७०:२०) मा उत्कीर्ण **आपत्सु** शब्दबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **स** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **प्सु** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा उत्कीर्ण **विनयेप्सु** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **स** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्सु** को उदाहरण भारविको हाँडिगाउँको अभिलेख (रे.३६:३) मा उत्कीर्ण **दुहितुस्सुतेन** शब्दावलीबाट लिइएको हो। यसमा उकारको मात्राचिह्नचाहिँ दोस्रो अक्षर **स** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

लिच्छवि लिपिको वर्णमा ऊकारको अर्थात् बर्धन्नेको मात्राचिह्न

लिच्छवि लिपिको वर्णमा ऊकारको अर्थात् बर्धन्नेको मात्राचिह्नलाई तीन किसिमको रूपमा परिभाषित गर्नुपर्ने देखिन्छ – १. वर्णको अन्त्यको बिन्दुबाट बायाँपट्टि आजभोलिको देवनागरी लिपिको आधा **त** जस्तो (त्‍) ऊकारको मात्राचिह्न जोडिएको, २. वर्णमा ह्रस्व उकारको चिह्न लगाएपछि त्यसै चिह्नको माथि आजभोलि कुटिभ्कारो ॠ बनाउन लगाइने आकृति (ॄ) जस्तै चिह्न दायाँपट्टि जोडिएको, ३. वर्णमा ह्रस्व उकारको चिह्न लगाएपछि त्यसमाथि आजभोलिको देवनागरी लिपिको ह्रस्व उकारको चिह्नजस्तो आकृति (ु) वर्णको अन्त्यमा थप जोडिएको। यी वर्णहरूमध्ये एउटै वर्णमा एउटै किसिमको मात्र ऊकारको मात्राचिह्न लगाउने भन्ने प्रचलन उतिखेर थिएन। अभिलेखहरूको अध्ययन गर्दा एउटै वर्णमा फरक फरक किसिमको ऊकारको मात्राचिह्न लगाइएको पनि पाइन्छ। यसबारे तलका तालिकाहरूमा विस्तृत वर्णन गरिएको छ।

तालिका नं.७:२२

लिच्छवि लिपिको वर्णमा ऊकारको मात्राचिह्न – किसिम नं.– १

वर्णको अन्त्यको बिन्दुबाट बायाँपट्टि आजभोलिको देवनागरी लिपिको आधा त (त्) जस्तो ऊकारको मात्राचिह्न जोडिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
खू		रे.१०४:१९	चू		रे.७७:८
छू		नो.८३:५४			
थू		रे.६६:४	दू		रे.१४०:१५
धू		रे.२७:३४	नू		रे.२७:७०

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको अन्त्यको बिन्दुबाट बायाँपट्टि आजभोलिको देवनागरी लिपिको आधा त (त्) जस्तो ऊकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ **खू** वर्णको उदाहरण पशुपति छत्रचण्डेश्वरको अभिलेख (रे.१०४:१९) मा उत्कीर्ण **पिखूग्रामे** शब्दबाट लिइएको होभने **चू** वर्णको उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:८) मा उत्कीर्ण **पर्वतचूडामुत्तरेण** शब्दावलीबाट लिइएको हो । **छू** वर्णको उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:५४) मा उत्कीर्ण **छूमकुटीमार्गः** शब्दावलीबाट लिइएको हो ।

थू वर्णको उदाहरण ज्यावहालनिरको अभिलेख (रे.६६:४) मा उत्कीर्ण **पृथूल्क्षेत्र** शब्दबाट लिइएको होभने **दू** वर्णको उदाहरण मीननाथको अभिलेख

(रे.१४०:१५) मा उत्कीर्ण **चास्मदूर्ध्वम्** शब्दावलीबाट लिइएको हो। **धू** वर्णको उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:३४) मा उत्कीर्ण **विधूय** शब्दबाट लिइएको होभने **नू** वर्णको उदाहरण पनि यही अभिलेख (रे.२७:७०) मा उत्कीर्ण **नुनूषद्भिन्नसंसार** शब्दावलीबाट लिइएको हो।

तालिका नं.७:२३

लिच्छवि लिपिको वर्णमा ऊकारको मात्राचिह्न – किसिम नं.- १

वर्णको अन्त्यको बिन्दुबाट बायाँपट्टि आजभोलिको देवनागरी लिपिको आधा त (त) जस्तो ऊकारको मात्राचिह्न लगाएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पू		नो.१:२२	बू		रे.६८:३
मू		रे.७६:६	यू		नो.१:५
यू		नो.८१:२१			
सू		नो.१:११	हू		नो.१:१९

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको अन्त्यको बिन्दुबाट बायाँपट्टि आजभोलिको देवनागरी लिपिको आधा त (त) जस्तो ऊकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **नू** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पू** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ **पू** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२२) मा उत्कीर्ण **पूर्व्वाभिभाषी** शब्दबाट लिइएको होभने **बू** वर्णको उदाहरण अंशुवर्माको बुङ्गमतीको अभिलेख (रे.६८:३) मा उत्कीर्ण **बूगायूमीग्राम** शब्दावलीबाट लिइएको हो। **मू** वर्णको उदाहरण पाटन अंशुवर्माको सुन्धाराको अभिलेख (रे.७६:६) मा उत्कीर्ण **मूषिका** शब्दबाट लिइएको हो।

यहाँ **यू** वर्णको उदाहरण दुईओटा दिइएका छन् – पहिलो मानदेवको चाँगुको अभिलेख (नो.१:५) मा उत्कीर्ण **यूपैश्चारुभिः** शब्दावलीबाट लिइएको होभने दोस्रो जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२१) मा उत्कीर्ण **पीयूषराशिः** शब्दबाट लिइएको हो। पहिलो उदाहरणमा तीन भुजा भएको **य वर्णमा** ऊकारको मात्राचिह्न लगाइएको छभने दोस्रो उदाहरणमा करीब करीब अहिलेको देवनागरी लिपिको **य** जस्तै दुई भुजा भएको **य** वर्णमा ऊकारको मात्राचिह्न लगाइएको पाइन्छ। **सू** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:११) मा उत्कीर्ण **सूनुना** शब्दबाट लिइएको होभने **हू** वर्णको उदाहरण पनि सोही अभिलेख (नो.१:१९) मा उलिखित **आहूतो** शब्दबाट लिइएको हो।

तालिका नं.७:२४

लिच्छवि लिपिको वर्णमा ऊकारको मात्राचिह्न – किसिम नं.– २

वर्णमा ह्रस्व उकारको चिह्न लगाएपछि त्यसै चिह्नको माथि आजभोलि कुटिझ्झारो झ बनाउन लगाइने आकृति (͢) जस्तै चिह्न दायाँपट्टि जोडिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
कू		रे.७७:१	गू		रे.१०६:२
तू		रे.७५:५	दू		रे.१२५:८

माथिको तालिकामा लिच्छवि लिपिको वर्णमा ह्रस्व उकारको चिह्न लगाएपछि त्यसै चिह्नको माथि आजभोलि कुटिभ्फारो ꠸ बनाउन लगाउने आकृति (꠸) जस्तै चिह्न दायाँपट्टि जोडिएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसरी दायाँपट्टि दीर्घ ऊकारको मात्राचिह्न जोड्दा कहीं नजीकै कहीं अलिकति माथिपट्टि जोड्ने गरेको पनि पाइन्छ।

यहाँ कू वर्णको उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१) मा उत्कीर्ण **कैलासकूट** शब्दबाट लिइएको हो। यसमा कू बनाउँदा ह्रस्व कु को मात्राचिह्नको नजीकै माथि बताइएबमोजिम दीर्घ कू बनाउने मात्राचिह्न जोडिएको छ। गू वर्णको उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६: २) मा उत्कीर्ण **निःसङ्गोपगूढं** शब्दावलीबाट लिइएको हो।

यहाँ तू वर्णको उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:५) मा उत्कीर्ण **कुतूहलिजनता** शब्दावलीबाट लिइएको होभने दू वर्णको उदाहरण बलम्बूको अभिलेख (रे.१२५:८) मा उत्कीर्ण **दूतकश्चात्र** शब्दावलीबाट लिइएको हो।

तालिका नं.७:२५

लिच्छवि लिपिको वर्णमा ऊकारको मात्राचिह्न - किसिम नं.- २

वर्णमा ह्रस्व उकारको चिह्न लगाएपछि त्यसै चिह्नको माथि आजभोलि कुटिभ्फारो ꠸ बनाउन लगाइने आकृति (꠸) जस्तै चिह्न दायाँपट्टि जोडिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
भू		रे.७५:५	भू		रा.०:४
रू		रे.५:३	शू		रे.५:१

माथिको तालिकामा लिच्छवि लिपिको वर्णमा ह्रस्व उकारको चिह्न लगाएपछि त्यसै चिह्नको माथि आजभोलि कुटिभ्फारो **भ्फ** बनाउन लगाउने आकृति (ʒ) जस्तै चिह्न दायाँपट्टि जोडिएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । यसरी दायाँपट्टि दीर्घ ऊकारको मात्राचिह्न जोड्दा कहीं नजीकै कहीँ अलिकति माथिपट्टि जोड्ने गरेको पनि पाइन्छ । यसअघिको तालिकामा **दू** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **भू** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ **भू** वर्णको उदाहरण दुईओटा दिइएका छन् । पहिलो उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:५) मा उत्कीर्ण **तिलकभूतात्** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण विमलसङ्घको पशुपति देउपाटनको अभिलेख (रा.० :४)[1] मा उत्कीर्ण **भूपतेः** शब्दबाट लिइएको हो । पहिलो उदाहरण (रे.७५:५) मा **भ** वर्णमा ह्रस्व उकारको चिह्न लगाएपछि त्यसै चिह्नको माथि आजभोलि कुटिभ्फारो **भ्फ** बनाउन लगाउने आकृतिजस्तै चिह्न दायाँपट्टि जोडिएको छभने दोस्रो उदाहरण (रा.०:४) मा **भ** वर्णमा यसरी ऊकारको मात्राचिह्न लगाउँदा **भ** वर्णको मुख्य दण्डलाईसमेत काटेर कुटिभ्फारो **भ्फ** बनाउन लगाउने आकृतिजस्तै चिह्न दायाँपट्टि जोडिएको छ ।

यहाँ **रू** वर्णको उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:३) मा उत्कीर्ण **श्लाघ्यसौभाग्यरूपा** शब्दावलीबाट लिइएको हो । यसमा दीर्घ **रू** बनाउँदा ह्रस्व **रु** को चिह्नभन्दा अलि माथि **र** अक्षरमा छुट्टै देखिने गरी दीर्घ **रू** को मात्राचिह्न जोडिएको पाइन्छ । **शू** वर्णको उदाहरण पनि यही अभिलेख (रे.५:१) मा उत्कीर्ण **शूराञ्शूरतया** शब्दावलीबाट लिइएको हो । यसमा दीर्घ **शू** बनाउँदा (रे. ५:१) ह्रस्व उकारको चिह्न लगाएपछि त्यसै चिह्नको माथि कुटिभ्फारो **भ्फ** बनाउन लगाउने चिह्न (ʒ) दायाँपट्टि जोडिएको पाइन्छ ।

---

[1] श्यामसुन्दर राजवंशी, “देवपाटनको विमलसङ्घको अभिलेख” **रोलम्ब** मिलेनियम इस्यु (२०००) पृ.१८१ ।

तालिका नं.७:२६

लिच्छवि लिपिको वर्णमा ऊकारको मात्राचिह्न – किसिम नं. ३

वर्णमा ह्रस्व उकारको चिह्न लगाएपछि त्यसमाथि आजभोलिको देवनागरी लिपिको ह्रस्व उकारको चिह्न जस्तो आकृति (ु) वर्णको अन्त्यमा थप जोडिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
दू		रे.६२:१८	भू		रे.६३:१६
रू		रे.४५:८	शू		रे.४५:१

माथिको तालिकामा लिच्छवि लिपिको वर्णमा ह्रस्व उकारको चिह्न लगाएपछि त्यसमाथि आजभोलिको देवनागरी लिपिको ह्रस्व उकारको चिह्नजस्तो आकृति (ु) वर्णको अन्त्यमा थप जोडिएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ दू वर्णको उदाहरण शिवदेव+अंशुवर्माको धर्मपुरको अभिलेख (रे.६२:१८) मा उत्कीर्ण **येप्यस्मदूद्ध्र्वम्** शब्दावलीबाट लिइएको हो । **भू** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१६) मा उत्कीर्ण **भूपतिभिः** शब्दबाट लिइएको हो । **रू** वर्णको उदाहरण स्वामिवार्त्तको पशुपतिको देउपाटनको अभिलेख (रे.४५:८) मा उत्कीर्ण **रूपं** शब्दबाट लिइएको हो भने **शू** वर्णको उदाहरण स्वामिवार्त्तको पशुपतिको अभिलेख (रे.४५:१) मा उत्कीर्ण **शूलभृचू** शब्दबाट लिइएको हो ।

यसरी लिच्छवि लिपिमा ऊकारका मात्राचिह्नहरू तीन किसिमका देखिएकोमा शिलालेखहरूको अध्ययन गर्दा एउटा वर्णमा एउटै किसिमको मात्र ऊकारको चिह्न लगाइने होइन कि एक वर्णमा फरक-फरक किसिमको ऊकारको मात्राचिह्न लगाइएको पनि पाइन्छ। तिनीहरूको विषयमा यथास्थानमा छलफल गरिएको छ।

तालिका नं.७:२७

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका उकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. २	स्रोत	लिच्छवि किसिम नं. ३	स्रोत
भू		रे.७५:५		रे.६३:१६
भू		रा.०:४		
रू		रे.५:३		रे.४५:८
शू		रे.५:१		रे.४५:१

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. २ र किसिम नं. ३ बमोजिम ऊकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

अंशुवर्माको साँगाको अभिलेख (रे.७५:५) मा **तिलकभूतात्** लेख्दा भ वर्णमा किसिम नं. २ बमोजिम ऊकारको मात्राचिह्न लगाइएको पाइन्छभने विमलसङ्घको पशुपति देउपाटनको अभिलेख (रा.०:४) मा **भूपतेः** लेख्दा भ वर्णमा किसिम नं. २ बमोजिम ऊकारको मात्राचिह्न लगाइएको पाइन्छ । अनि शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३: १६) मा **भूपतिभिः** लेख्दाचाहिँ भ वर्णमा किसिम नं. ३ बमोजिम ऊकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

अब किसिम नं. २ तथा किसिम नं. ३ बमोजिम ऊकारको मात्राचिह्न लगाइएका **भू** वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – अंशुवर्माको साँगाको अभिलेख (रे.७५:५) मा **तिलकभूतात्** लेख्दा **भ** वर्णमा ह्रस्व उकारको चिह्न लगाएपछि त्यसै चिह्नको माथि आजभोलि कुटिझारो **झ** बनाउन लगाउने आकृतिजस्तै चिह्न दायाँपट्टि जोडेर किसिम नं. २ बमोजिम ऊकारको मात्राचिह्न लगाइएको,

२. दोस्रो उदाहरण – विमलसङ्घको पशुपति देउपाटनको अभिलेख (रा.०:४) मा **भूपतेः** लेख्दा **भ** वर्णमा ऊकारको मात्राचिह्न लगाउँदा **भ** वर्णको मुख्य दण्डलाईसमेत काटेर कुटिझारो **झ** बनाउन लगाउने आकृतिजस्तै चिह्न दायाँपट्टि जोडेर किसिम नं. २ बमोजिम ऊकारको मात्राचिह्न लगाइएको,

३. तेस्रो उदाहरण – शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३: १६) मा **भूपतिभिः** लेख्दा चाहिँ **भ** वर्णमा किसिम नं. ३ बमोजिम ऊकारको मात्राचिह्न लगाइएको।

क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:३) मा **श्लाघ्यसौभाग्यरूपा** लेख्दा **र** वर्णमा किसिम नं. २ बमोजिम ऊकारको मात्राचिह्न लगाइएको पाइन्छभने स्वामिवार्त्तको पशुपतिको देउपाटनको अभिलेख (रे.४५:८) मा **रूपं** लेख्दा **र** वर्णमा किसिम नं. ३ बमोजिम ऊकारको मात्राचिह्न लगाइएको पाइन्छ। क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:१) मा **शूरान्शूरतया** लेख्दा **श** वर्णमा किसिम नं. २ बमोजिम ऊकारको मात्राचिह्न लगाइएको पाइन्छभने स्वामिवार्त्तको पशुपतिको अभिलेख (रे.४५:१) मा **शूलभृच्** लेख्दा **श** वर्णमा किसिम नं. ३ बमोजिम ऊकारको मात्राचिह्न लगाइएको पाइन्छ।

तालिका नं.७:२८

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका ऊकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत	लिच्छवि किसिम नं. ३	स्रोत
दू		रे.१४०:१५		रे.१२५:८		रे.६२:१८

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. १, किसिम नं. २ तथा किसिम नं. ३ बमोजिम ऊकारको मात्राचिह्न लगाइएको वर्ण उदाहरणको रूपमा प्रस्तुत गरिएको छ।

यहाँ मीननाथको अभिलेख (रे.१४०:१५) मा **चास्मदूर्ध्वम्** लेख्दा द वर्णमा किसिम नं. १ बमोजिम ऊकारको मात्राचिह्न लगाइएको पाइन्छभने बलम्बूको अभिलेख (रे.१२५:८) मा **दूतकश्चात्र** लेख्दा द वर्णमा किसिम नं. २ बमोजिम ऊकारको मात्राचिह्न लगाइएको पाइन्छ। अनि शिवदेव+अंशुवर्माको धर्मपुरको अभिलेख (रे.६२:१८) मा **येप्प्यस्मदूद्र्ध्वम्** लेख्दाचाहिँ द वर्णमा किसिम नं. ३ बमोजिम ऊकारको मात्राचिह्न लगाइएको पाइन्छ।

तालिका नं.७:२९

लिच्छवि लिपिको संयुक्त वर्णमा ऊकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ङ्कू		रे.२६:३	ञ्च्छू		नो.४१:८
स्तू		रे.७१:९	न्दू		रा.०:१५

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा ऊकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन् ।

यहाँ संयुक्त वर्ण ङ्कू को उदाहरण वसन्तदेवको पालाको खपिँछेको अभिलेख (रे.२६:३) मा उत्कीर्ण **पिकङ्कूलकप्रदेशे** शब्दावलीबाट लिइएको हो । यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण ङ्क मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ञ्च्छू** को उदाहरण अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:८) मा उत्कीर्ण **भगवाञ्च्छूरभोगेश्वर** शब्दावलीबाट लिइएको हो । यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **ञ्च्छ** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ । संयुक्त वर्ण **स्तू** को उदाहरण अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:९) मा उत्कीर्ण **मृगरोमकस्तूरिका** शब्दावलीबाट लिइएको हो । यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **स्त** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ ।

संयुक्त वर्ण **न्दू** को उदाहरण अंशुवर्माको गोकर्ण महाङ्कालस्थानको अभिलेख (रा.०:१५) मा उत्कीर्ण **भाव्यन्दूतक** शब्दावलीबाट लिइएको हो । यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **न्द** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ ।

तालिका नं.७:३०

लिच्छवि लिपिको संयुक्त वर्णमा ऊकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्पू		रे.१३६:२०	न्पू		नो.१:१४
म्पू		नो.७३:१३			
स्फू		नो.८१:१७	म्बू		रे.९७:५

ङ्भू		नो.५५:१०	ड्भू		नो.८१:३४
न्भू		नो.६७:७	म्भू		रे.७७:७
न्मू		रा.०:२	ल्मू		रे.१२८:२८

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा ऊकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन् । यसअघिको तालिकामा न्दू वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा त्पू वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **त्पू** को उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:२०) मा उत्कीर्ण **वृक्षस्ततपूर्वतोपि** शब्दावलीबाट लिइएको हो । यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **त्प** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ । संयुक्त वर्ण **न्पू** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१४) मा उत्कीर्ण **प्राणान्पूर्व** शब्दावलीबाट लिइएको हो । यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **न्प** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **म्पू** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (नो.७३:१३) मा उत्कीर्ण **भूमिम्पूर्वदक्षिणेन** शब्दावलीबाट लिइएको हो । यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **म्प** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

संयुक्त वर्ण **स्फू** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१७) मा उत्कीर्ण **विस्फूर्ज्जितं** शब्दावलीबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **स्फ** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **म्बू** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:५) मा उत्कीर्ण **थम्बूगाङ्शुल्मूल** शब्दावलीबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **म्ब** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ङ्भू** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूको अभिलेख (नो.५५:१०) मा उत्कीर्ण **गीनुङ्भूमौ** शब्दावलीबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **ङ्भ** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **द्भू** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३४) मा उत्कीर्ण **स्नेहाद्भूभुजि** शब्दावलीबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **द्भ** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **न्भू** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:७) मा उत्कीर्ण **इहत्यान्भूमिभुजो** शब्दावलीबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **न्भ** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **म्भू** को उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:७) मा उत्कीर्ण **रियम्भूमिः** शब्दावलीबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **म्भ** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **न्मू** को उदाहरण अंशुवर्माको गोकर्ण बालुवाको अभिलेख (रा.०:२) मा उत्कीर्ण **मुन्मूल्यादिदेश** शब्दावलीबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **न्म** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ल्मू** को उदाहरण नरेन्द्रदेवको पशुपति वज्रघरको अभिलेख (रे.१२८:२८) मा उत्कीर्ण **श्रेष्ठिदुल्मूर्ध्नि** शब्दावलीबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **ल्म** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.७:३१

लिच्छवि लिपिको संयुक्त वर्णमा ऊकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
द्यू		नो.१९क:९	प्यू		नो.१:२१

व्यू		नो.८१:१३			

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा ऊकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन् ।

यहाँ संयुक्त वर्ण द्यू को उदाहरण बलम्बूको गणदेव+भौमगुप्तको अभिलेख (नो.१९कः९) मा उत्कीर्ण **तद्यूयमेवं** शब्दावलीबाट लिइएको हो । यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **द्य** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

संयुक्त वर्ण **प्यू** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२१) मा उत्कीर्ण **पुत्रोप्यूर्ज्जित** शब्दावलीबाट लिइएको हो । यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **प्य** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ । संयुक्त वर्ण **व्यू** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१३) मा उत्कीर्ण **व्यूढा श्रीरिव** शब्दावलीबाट लिइएको हो । यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **व्य** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

तालिका नं.७:३२

लिच्छवि लिपिमा रेफसहितको वर्णमा ऊकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्जू		रे.७४:९	र्तू		नो.४१:९
र्भू		नो.६७:१९	र्यू		नो.६७:९

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको वर्णमा पहिले वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी ऊकारको मात्राचिह्नचाहिँ वर्णको आकृतिअनुसार लगाइएका अक्षरहरू उदाहरणको रूपमा दिइएका छन् ।

यहाँ रेफसहितको वर्ण **र्जू** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:९) मा उत्कीर्ण **खर्जूरिकाविहारस्य** शब्दबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ रेफसहितको वर्ण **र्ज** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। रेफसहितको वर्ण **र्तू** को उदाहरण अंशुवर्माको पाटनको अभिलेख (नो.४१:९) मा उत्कीर्ण **स्वभर्तू** शब्दबाट लिइएको हो। यसमा ऊकारको मात्रा चिह्नचाहिँ रेफसहितको वर्ण **र्त** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

रेफसहितको वर्ण **र्भू** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:१९) मा उत्कीर्ण **सगौरवैर्भूत्वा** शब्दावलीबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ रेफसहितको वर्ण **र्भ** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ। रेफसहितको वर्ण **र्यू** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:९) मा उत्कीर्ण **रस्माभिर्यूपग्राम** शब्दावलीबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ रेफसहितको वर्ण **र्य** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.७:३३

लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा ऊकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्द्दू		नो.८१:२२			

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा पहिले संयुक्त वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी ऊकारको मात्राचिह्नचाहिँ वर्णको आकृतिअनुसार लगाइएको अक्षर र्द्दू को उदाहरण दिइएको छ।

यहाँ रेफसहितको संयुक्त वर्ण **र्द्दू** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१: २२) मा उत्कीर्ण **अन्तर्द्दूररसातला** शब्दावलीबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ रेफसहितको संयुक्त वर्ण **र्द्द** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.७:३४

लिच्छवि लिपिमा र+सहितको वर्णमा ऊकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
द्रू		रे.७५:४	ब्रू		रे.१२८:१६
श्रू		नो.२९:२२			

माथिको तालिकामा लिच्छवि लिपिमा र+सहितको वर्णमा ऊकारको मात्राचिह्नचाहिँ वर्णको आकृतिअनुसार लगाइएका अक्षरहरू उदाहरणको रूपमा दिइएका छन् ।

यहाँ र+सहितको वर्ण **द्रू** को उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:४) मा उत्कीर्ण **पायात्तद्रूपमैशं** शब्दावलीबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ र+सहितको वर्ण **द्र** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। र+सहितको वर्ण **ब्रू** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:१६) मा उत्कीर्ण **पृच्छिब्रूदक्षिणे** शब्दावलीबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ र+सहितको वर्ण **ब्र** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

र+सहितको वर्ण **श्रू** को उदाहरण शिवदेव+अंशुवर्माको टोखाको अभिलेख (नो.२९:२२) मा उत्कीर्ण **श्रूयते** शब्दबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ र+सहितको वर्ण **श्र** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.७:३५

लिच्छवि लिपिमा र+सहितको संयुक्त वर्णमा ऊकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
म्ब्रू		नो.७३:१९			

माथिको तालिकामा लिच्छवि लिपिमा र+सहितको संयुक्त वर्णमा ऊकारको मात्राचिह्नचाहिँ वर्णको आकृतिअनुसार लगाइएको अक्षर उदाहरणको रूपमा दिइएको छ।

यहाँ र+सहितको संयुक्त वर्ण **म्ब्रू** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (नो.७३:१९) मा उत्कीर्ण **निम्ब्रूदक्षिण** शब्दावलीबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ र+सहितको संयुक्त वर्ण **म्ब्र** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.७:३६

लिच्छवि लिपिको संयुक्त वर्णमा ऊकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ञ्शू		रे.५:१			

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा ऊकारको मात्राचिह्न लगाइएको वर्ण उदाहरणको रूपमा दिइएको छ।

यहाँ संयुक्त वर्ण **ञ्शू** को उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:१) मा उत्कीर्ण **शूराञ्शूरतया** शब्दावलीबाट लिइएको हो। यसमा ऊकारको मात्राचिह्नचाहिँ संयुक्त वर्ण **ञ्श** मा किसिम नं. ३ बमोजिम लगाइएको पाइन्छ।

लिच्छवि लिपिको व्यञ्जन वर्णमा ऋकारको मात्राचिह्न

लिच्छवि लिपिको व्यञ्जन वर्णमा ऋकारको मात्राचिह्न लगाउँदा वर्णको अन्त्यको मुख्य बिन्दुबाट बायाँपट्टि सानो रेखा तानी दायाँतिर घुमाउने गरेको पाइन्छ। अक्षरको विन्यासअनुरूप कुनै ऋकारको मात्राचिह्नले बायाँपट्टिको वर्णलाई पूरै ढाकेको पाइन्छभने कुनै कुनै वर्णमा यो चिह्न तुलनात्मक रूपमा अलि सानो पनि देखिन्छ। तलको तालिकामा यस सम्बन्धमा विस्तृत छलफल गरिएको छ।

तालिका नं. ७:३७

लिच्छवि लिपिमा व्यञ्जन वर्णको तलको मुख्य बिन्दुबाट बायाँतिर सानो रेखा तानी दाहिनेतर्फ घुमाई ऋकारान्त चिह्न दिइएको।

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
कृ		रे.६३:८	खृ		रे.५६:३
गृ		रे.७४:११	जृ		रे.१०६:४
तृ		रे.३५:३	दृ		रे.१२:४
धृ		नो.१:२१	नृ		रे.१२५:६

माथिको तालिकामा लिच्छवि लिपिको व्यञ्जन वर्णको तलपट्टिको बिन्दुबाट बायाँतिर सानो, छोटो रेखा तानी दायाँतर्फ घुमाई ऋकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ **कृ** ऋकारान्त वर्णको उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:८) मा उत्कीर्ण **प्रसादः कृतः** शब्दावलीबाट लिइएको होभने

खृ ऋकारान्त वर्णको उदाहरण शिवदेव+अंशुवर्माको तुलाछेंटोलको अभिलेख (रे.५६:३) मा उत्कीर्ण **खृपुङ्ग्रामे** शब्दावलीबाट लिइएको हो । **गृ** ऋकारान्त वर्णको उदाहरण हाँडिगाउँको अंशुवर्माको अभिलेख (रे.७४:११) मा उत्कीर्ण **हंसगृहदेवस्य** शब्दबाट लिइएको होभने **जृ** ऋकारान्त वर्णको उदाहरण थानकोटको भीमार्जुनदेव+जिष्णुगुप्तको अभिलेख (रे.१०६:४) मा उत्कीर्ण **जृम्भितं वः** शब्दावलीबाट लिइएको हो ।

तृ ऋकारान्त वर्णको उदाहरण धरोहराबाट लगन जाने बाटोको अभिलेख (रे.३५:३) मा उत्कीर्ण **मातापितृपूर्व्वङ्गमं** शब्दावलीबाट लिइएको हो। यस अभिलेख (रे.३५:३) मा **पितृ** शब्द लेख्दा **तृ** वर्णको ऋकारचिह्न **त** अक्षरको बायाँपट्टि पूरै ढाकिएको देखिन्छ। **दृ** ऋकारान्त वर्णको उदाहरण चावहिलको अभिलेख (रे.१२:४) मा उत्कीर्ण **तादृशन्ददौ** शब्दावलीबाट लिइएको होभने **धृ** ऋकारान्त वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२१) मा उत्कीर्ण **विक्रमधृतिः** शब्दबाट लिइएको हो । **नृ** ऋकारान्त वर्णको उदाहरण पनि यही अभिलेख (नो.१:१०) मा उत्कीर्ण **नाम्बानृण्यमहन्** शब्दावलीबाट लिइएको हो ।

तालिका नं. ७:३८

लिच्छवि लिपिमा व्यञ्जन वर्णको तलको मुख्य बिन्दुबाट बायाँतिर सानो रेखा तानी दाहिनेतर्फ घुमाई ऋकारान्त चिह्न दिइएको।

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पृ		रे.१२८:१६	फृ		रे.६६:४
बृ		रे.१२८:२१	भृ		नो.८१:३५
मृ		नो.६७:१	वृ		रे.७१:२

शृ		नो.५९:२५	सृ		रे.१२८:१८
हृ		नो.१:२४	हृ		रे.९७:१२

माथिको तालिकामा लिच्छवि लिपिको व्यञ्जन वर्णको तलपट्टिको बिन्दुबाट बायाँतिर सानो, छोटो रेखा तानी दायाँतर्फ घुमाई ऋकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **नृ** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पृ** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ **पृ** ऋकारान्त वर्णको उदाहरण पशुपति नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:१६) मा उत्कीर्ण **पृच्छिछन्नूदक्षिणेश्वर** शब्दावलीबाट लिइएको होभने **फृ** ऋकारान्त वर्णको उदाहरण ज्याबहालनिरको अभिलेख (रे.६६:४) मा उत्कीर्ण **फृथुल्क्षेत्र** शब्दावलीबाट लिइएको हो ।

बृ ऋकारान्त वर्णको उदाहरण पशुपति नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:२१) मा उत्कीर्ण **बृहत्पथ** शब्दावलीबाट लिइएको हो। यसमा **बृ** ऋकारान्त वर्ण लेखिनुपर्नेमा नचिरेको **वृ** ऋकारान्त वर्ण लेखिएको देखिन्छ। **भृ** ऋकारान्त वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३५) मा उत्कीर्ण **भृत्यसहितो** शब्दावलीबाट लिइएको हो । **मृ** ऋकारान्त वर्णको उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:१) मा उत्कीर्ण **ज्योत्स्नावमृष्ट** शब्दावलीबाट लिइएको हो।

वृ ऋकारान्त वर्णको उदाहरण अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:२) मा उत्कीर्ण **रनतिवृत्तार्य्य** शब्दावलीबाट लिइएको होभने **शृ** ऋकारान्त वर्णको उदाहरण पशुपति छत्रचण्डेश्वरको अभिलेख (नो.५९:२५) मा उत्कीर्ण **शृङ्खलिक** शब्दबाट लिइएको हो। **सृ** ऋकारान्त वर्णको उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:१८) मा उत्कीर्ण **दक्षिणमनुसृत्य** शब्दावलीबाट लिइएको हो।

यहाँ ऋकारान्त वर्ण हृ को दुईओटा उदाहरण दिइएका छन्। पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२४) मा उत्कीर्ण **सुहृत्प्रियातिथिजनः** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:१२) मा उत्कीर्ण **पिण्डकमुपसंहृत्य** शब्दावलीबाट लिइएको हो। यी दुई उदाहरणमा हृ वर्णको विन्यासमा अलि फरक देखिन्छ। पहिलो उदाहरण (नो.१:२४) मा हृ वर्ण बायाँतिर फर्किएको देखिन्छभने दोस्रो उदाहरण (रे.९७:१२) मा हृ वर्ण दायाँतिर फर्किएको देखिन्छ।

तालिका नं.७:३९

लिच्छवि लिपिमा संयुक्त व्यञ्जन वर्णको तलको मुख्य बिन्दुबाट बायाँतिर सानो रेखा तानी दाहिनेतर्फ घुमाई ऋकारान्त चिह्न दिइएको।

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ङ्कृ		रे.२७:७३	त्कृ		रे.१०८:२१
ष्कृ		रे.१०८:६			
स्कृ		रे.९७:१०	ङ्गृ		रे.७४:५
द्गृ		नो.७४:१०	न्दृ		नो.८१:२१
ग्धृ		नो.१:९	द्धृ		नो.१:२०

ङ्नृ		नो.३२:११			

माथिको तालिकामा लिच्छवि लिपिमा संयुक्त व्यञ्जन वर्णको तलपट्टिको बिन्दुबाट बायाँतिर सानो, छोटो रेखा तानी दायाँतर्फ घुमाई ऋकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ ऋकारान्त संयुक्त वर्ण ङ्कृ को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:७३) मा उत्कीर्ण **स्तोत्रङ्कृतम्** शब्दावलीबाट लिइएको होभने ऋकारान्त संयुक्त वर्ण त्कृ को उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको, यङ्गालहिटीको अभिलेख (रे.१०८:२१) मा उत्कीर्ण **मस्मत्कृत** शब्दावलीबाट लिइएको हो । ऋकारान्त संयुक्त वर्ण ष्कृ को उदाहरण नरेन्द्रदेवको यङ्गालहिटीको अभिलेख (रे.१०८:६) मा उत्कीर्ण **गुणकलापाविष्कृत** शब्दावलीबाट लिइएको होभने ऋकारान्त संयुक्त वर्ण स्कृ को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:१०) मा उत्कीर्ण **प्रतिसंस्कृतोस्य** शब्दावलीबाट लिइएको हो ।

ऋकारान्त संयुक्त वर्ण ङ्गृ को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:५) मा उत्कीर्ण **भवताङ्गृह** शब्दावलीबाट लिइएको होभने ऋकारान्त संयुक्त वर्ण द्गृ को उदाहरण नरेन्द्रदेवको यागवहालको अभिलेख (नो.७४:१०) मा उत्कीर्ण **भाव्यन्तद्गृह** शब्दावलीबाट लिइएको हो । ऋकारान्त संयुक्त वर्ण न्दृ को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२१) मा उत्कीर्ण **सन्दृश्यते** शब्दबाट लिइएको होभने ऋकारान्त संयुक्त वर्ण ग्धृ को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:९) मा उत्कीर्ण **सम्यग्धृतैः** शब्दावलीबाट लिइएको हो। ऋकारान्त संयुक्त वर्ण द्धृ को उदाहरण पनि चाँगुकै अभिलेख (नो.१:२०) मा उत्कीर्ण **तद्धृदया** शब्दावलीबाट लिइएको होभने ऋकारान्त संयुक्त वर्ण ङ्नृ को उदाहरण शिवदेवको चापागाउँको अभिलेख (नो.३२:११) मा उत्कीर्ण **प्राङ्नृपतिभिः** शब्दावलीबाट लिइएको हो ।

तालिका नं.७:४०

लिच्छवि लिपिमा संयुक्त व्यञ्जन वर्णको तलको मुख्य बिन्दुबाट बायाँतिर सानो रेखा तानी दाहिनेतर्फ घुमाई ऋकारान्त चिह्न दिइएको।

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्पृ		रे.२७:६०	म्पृ		रे.२७:१९
स्पृ		नो.१:१८			
म्मृ		रा.०:६	ङ्वृ		नो.५५:६
द्वृ		नो.१:८			

माथिको तालिकामा लिच्छवि लिपिमा संयुक्त व्यञ्जन वर्णको तलपट्टिको बिन्दुबाट बायाँतिर सानो, छोटो रेखा तानी दायाँतर्फ घुमाई ऋकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा ङ्नृ वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा त्पृ वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ ऋकारान्त संयुक्त वर्ण **त्पृ** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:६०) मा उत्कीर्ण **स्थितत्वात्पृथगपि** शब्दावलीबाट लिइएको होभने ऋकारान्त संयुक्त वर्ण **म्पृ** को उदाहरण पनि यही अभिलेख (रे.२७:१९) मा उत्कीर्ण **नित्यम्पृथुमति** शब्दावलीबाट लिइएको हो । ऋकारान्त संयुक्त वर्ण **स्पृ** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१८) मा उत्कीर्ण **स्पृष्ट्वाब्रबीत्** शब्दावलीबाट लिइएको होभने ऋकारान्त संयुक्त वर्ण **म्मृ** को

उदाहरण विमलसङ्घको पशुपतिको अभिलेख (रा.०:६) मा उत्कीर्ण **थेम्मृङ्ग्राम** शब्दावलीबाट लिइएको हो ।

ऋकारान्त संयुक्त वर्ण **ङ्वृ** वर्णको उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूको अभिलेख (नो.५५:६) मा उत्कीर्ण **गीनुङ्वृत्तिभुजो** शब्दावलीबाट लिइएको होभने ऋकारान्त संयुक्त वर्ण **द्वृ** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:८) मा उत्कीर्ण **राजाभूद्वृषदेव** शब्दावलीबाट लिइएको हो।

तालिका नं.७:४१

लिच्छवि लिपिमा रेफसहितको वर्णको तलको मुख्य बिन्दुबाट बायाँतिर सानो रेखा तानी दाहिनेतर्फ घुमाई ऋकारान्त चिह्न दिइएको।

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्दृ		नो.१:१५	र्भृ		प.०:२
र्वृ		नो.१:२०			

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको वर्णको तलको मुख्य बिन्दुबाट बायाँतिर सानो रेखा तानी दाहिनेतर्फ घुमाई ऋकारान्त चिह्न दिइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ रेफसहितको ऋकारान्त वर्ण र्दृ को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१५) मा उत्कीर्ण **मिश्रैर्दृढम्** शब्दावलीबाट लिइएको होभने रेफसहितको ऋकारान्त वर्ण र्भृ को उदाहरण मानदेवको पालाको चाबहिलको अभिलेख (प.०:२)[२] मा उत्कीर्ण **सम्मोहनैर्भृशम्** शब्दावलीबाट लिइएको हो।

---

[२] महेशराज पन्त, "जो शान्त पदमा जानुभयो" **नेपाल** (राष्ट्रिय साप्ताहिक) १५ वैशाख, २०७६ पृ.।

यसै गरी रेफसहितको ऋकारान्त वर्ण र्वृ को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२०) मा उत्कीर्ण **बहुभिर्वृथात्र** शब्दावलीबाट लिइएको हो ।

तालिका नं.७:४२

लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णको तलको मुख्य बिन्दुबाट बायाँतिर सानो रेखा तानी दाहिनेतर्फ घुमाई ऋकारान्त चिह्न दिइएको ।

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्नृ		नो.१:१८	र्ब्भृ		नो.१:१४
र्व्वृ		नो.१९क:१०			

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णको तलको मुख्य बिन्दुबाट बायाँतिर सानो रेखा तानी दाहिनेतर्फ घुमाई ऋकारान्त चिह्न दिइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

रेफसहितको ऋकारान्त संयुक्त वर्ण **र्न्नृ** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१८) मा उत्कीर्ण **नवैर्न्नृपर्षि** शब्दावलीबाट लिइएको होभने रेफसहितको ऋकारान्त संयुक्त वर्ण **र्ब्भृ** को उदाहरण पनि मानदेवको चाँगुकै अभिलेख (नो.१:१४) मा उत्कीर्ण **मभिमतैर्ब्भृत्यै** शब्दावलीबाट लिइएको हो। रेफसहितको ऋकारान्त संयुक्त वर्ण **र्व्वृ** को उदाहरण गणदेव+भौमगुप्तको बलम्बूको (नो.१९क: १०) मा उत्कीर्ण **निर्व्वृतविश्वस्ता:** शब्दावलीबाट लिइएको हो ।

तालिका नं. ७:४३

लिच्छवि लिपिमा व्यञ्जन वर्णको तलको मुख्य बिन्दुबाट बायाँतिर सानो रेखा तानी दाहिनेतर्फ दुई पटक घुमाई ॠकारान्त चिह्न दिइएको।

देवनागरी	लिच्छवि	स्रोत
तॄ		नो.५३:६

माथिको तालिकामा लिच्छवि लिपिको व्यञ्जन वर्णको तलपट्टिको बिन्दुबाट बायाँतिर सानो, छोटो रेखा तानी दायाँतर्फ दुई पटक घुमाई दीर्घ ॠकारको मात्राचिह्न लगाइएको वर्ण उदाहरणको रूपमा प्रस्तुत गरिएको छ।

यहाँ **तॄ** दीर्घ ॠकारान्त वर्णको उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको, आदेश्वरको अभिलेख (नो.५३:६) मा उत्कीर्ण **भ्रातॄणाञ्च** शब्दावलीबाट लिइएको हो।

यसरी यस अध्यायमा लिच्छवि लिपिको वर्ण एवं संयुक्त वर्णहरूमा लगाइएका उकार तथा ऊकारको मात्राचिह्नको आकृति-विन्यासको बारेमा र लिच्छवि लिपिको ऋकार एवं ॠकारको मात्राचिह्नहरूको आकृति-विन्यासको विषयमासमेत उदाहरणसहितको विवेचना प्रस्तुत गरिएको छ।

⁂

अध्याय : आठ

लिच्छवि लिपिको वर्णमा एकार तथा ऐकारको मात्राचिह्न

लिच्छवि लिपिको वर्णमा एकारको मात्राचिह्न

लिच्छवि लिपिको वर्णमा एकारको मात्राचिह्नलाई दुई किसिमको रूपमा परिभाषित गर्नुपर्ने देखिन्छ – १. वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिंचिएको, २. वर्णको शिरोरेखामा आजभोलिको देवनागरी लिपिको एकारको आकृतिजस्तो मात्राचिह्न लगाइएको । यी वर्णहरूमध्ये एउटा वर्णमा एकै किसिमको मात्र एकारको मात्राचिह्न लगाइने भन्ने प्रचलन उतिखेर थिएन । अभिलेखहरूको अध्ययन गर्दा एउटै वर्णमा फरक फरक किसिमले एकारको मात्राचिह्न लगाइएको पनि पाइन्छ। यसबारे तलका तालिकाहरूमा विस्तृत प्रकाश पारिएको छ ।

तालिका नं.८:१

लिच्छवि लिपिको वर्णमा एकारको मात्राचिह्न – किसिम नं. १

वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिँचिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
के		रे.५६:२	चे		रे.७४:२१
टे		नो.१९:२	डे		रे.७७:६
ते		रे.७४:६	दे		रे.५६:३
ने		रे.७४:११			

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिँचिएको एकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ **के** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको तुलाछेंटोलको अभिलेख (रे.५६:२) मा उत्कीर्ण **लिच्छविकुलकेतुः** शब्दबाट लिइएको होभने **चे** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२१) मा उत्कीर्ण **शुद्धचेतसां** शब्दावलीबाट लिइएको हो । **टे** वर्णको उदाहरण गणदेव+भौमगुप्तको चौकीटारको अभिलेख (नो.१९:२) मा उत्कीर्ण **टेग्वलग्रामे** भन्ने शब्दावलीबाट लिइएको होभने **डे** वर्णको उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:६) मा उत्कीर्ण **महिषीपीडेत्यतस्** भन्ने शब्दावलीबाट लिइएको हो ।

ते वर्णको उदाहरण पनि अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:६) मा उत्कीर्ण **एतेन** शब्दबाट लिइएको होभने **दे** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको तुलाछेंटोलको अभिलेख (रे.५६:३) मा उत्कीर्ण **श्रीशिवदेवः** शब्दबाट लिइएको हो। **ने** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:११) मा उत्कीर्ण **मानेश्वरस्य** शब्दबाट लिइएको हो।

तालिका नं.८:२

लिच्छवि लिपिको वर्णमा एकारको मात्राचिह्न – किसिम नं. १

वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिँचिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पे		रे.७४:१६	भे		नो.१:१०
मे		रे.७७:८	ये		नो.१:८
ये		रे.८३:१	रे		नो.६७:७
ले		नो.१३:२३	वे		रे.७७:९
शे		नो.६७:४	से		नो.१:११
हे		रा.०:१			

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिँचिएको एकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । यसअघिको तालिकामा **ने** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पे** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ **पे** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१६) मा उत्कीर्ण **सपेलापाञ्चाल्याः** शब्दबाट लिइएको होभने **भे** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१०) मा उत्कीर्ण **मायास्वप्ननिभे** शब्दावलीबाट लिइएको हो। **मे** वर्णको उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:८) मा उत्कीर्ण **पश्चिमेन** शब्दबाट लिइएको हो ।

यहाँ **ये** वर्णको उदाहरण दुईवटा दिइएका छन् । पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:८) मा उत्कीर्ण **ये चाज्ञावशवर्त्तिनो** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण अंशुवर्माको पालाको फर्पिङ्गको अभिलेख (रे.८३:१) मा उत्कीर्ण **येन सकल** शब्दावलीबाट लिइएको हो । यी दुईमा देखिएको विशेषतामा, पहिलो उदाहरणमा तीन भुजा भएको **य** वर्णको दोस्रो भुजाबाट एकारको मात्रा चिह्न लगाइएको छभने दोस्रो उदाहरणमा चाहिँ दुई भुजा भएको **य** वर्णको पहिलो भुजाबाट एकारको मात्राचिह्न लगाइएको छ ।

रे वर्णको उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:७) मा उत्कीर्ण **श्रीनरेन्द्रदेवः** शब्दबाट लिइएको होभने **ले** वर्णको उदाहरण वसन्तदेवको जैसीदेवलको अभिलेख (नो.१३:२३) मा उत्कीर्ण **महीशीले** शब्दबाट लिइएको हो। **वे** वर्णको उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:९) मा उत्कीर्ण **सन्निवेशार्थम्** शब्दबाट लिइएको होभने **शे** वर्णको उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:४) मा उत्कीर्ण **संज्ञावशेषान्** शब्दबाट लिइएको हो । **से** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:११) मा उत्कीर्ण **पादसंसेवया** शब्दावलीबाट लिइएको होभने **हे** वर्णको उदाहरण मानदेवका समयको, विमलसङ्घको देउपाटनको अभिलेख (रा.०:१) मा उत्कीर्ण **महेश्वरस्य** शब्दबाट लिइएको हो ।

तालिका नं.८:३

लिच्छवि लिपिको वर्णमा एकारको मात्राचिह्न – किसिम नं. २

वर्णको शिरोरेखामा आजभोलिको देवनागरी लिपिको एकारको आकृतिजस्तो मात्राचिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
के		रे.१०४:२०	खे		नो.६७:४
गे		रे.६९:१२	चे		रे.४५:७
जे		नो.१:२६	टे		रे.११०:४
णे		रे.७७:७	ते		रे.५५:७
थे		रे.३४:३	दे		नो.५२:१९
धे		रे.२०:२५	ने		रे.७४:१३

माथिको तालिकामा लिच्छवि लिपिको वर्णको शिरोरेखामा आजभोलिको देवनागरी लिपिको एकारको आकृतिजस्तो एकारको मात्रा-चिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ **के** वर्णको उदाहरण पशुपति छत्रचण्डेश्वरको अभिलेख (रे.१०४:२०) मा उत्कीर्ण **षाफनदूलके** शब्दबाट लिइएको होभने **खे** वर्णको उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:४) मा उत्कीर्ण **रणमुखे** शब्दबाट लिइएको

हो। **गे** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:१२) मा उत्कीर्ण **गोछिम्जाकस्य** शब्दावलीबाट लिइएको हो।

चे वर्णको उदाहरण स्वामिवार्त्तको, पशुपति देउपाटनको अभिलेख (रे.४५:७) मा उत्कीर्ण **येन चेदं** शब्दावलीबाट लिइएको होभने **जे** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२६) मा उत्कीर्ण **द्विजेभ्योक्षयम्** शब्दावलीबाट लिइएको हो। **टे** वर्णको उदाहरण विष्णुगुप्तको चाँगुनारायणको अभिलेख (रे.११०:४) मा उत्कीर्ण **गिरितटेष्वध्वनो** शब्दावलीबाट लिइएको होभने **णे** वर्णको उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:७) मा उत्कीर्ण **दक्षिणेन** शब्दबाट लिइएको हो।

ते वर्णको उदाहरण शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे.५५:७) मा उत्कीर्ण **विज्ञापितेन** शब्दबाट लिइएको होभने **थे** वर्णको उदाहरण रामदेवको पालाको, मृगस्थली जाने बाटोको अभिलेख (रे.३४:३) मा उत्कीर्ण **नाथेश्वराय** शब्दबाट लिइएको हो। **दे** वर्णको उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणको अभिलेख (नो.५२:१९) मा उत्कीर्ण **कश्चिदेतामाज्ञाम्** शब्दावलीबाट लिइएको होभने **धे** वर्णको उदाहरण वसन्तदेवको थानकोट आदिनारायणस्थानको अभिलेख (रे.२०:२५) मा उत्कीर्ण **श्रवणविधेयैः** शब्दावलीबाट लिइएको हो। **ने** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४: १३) मा उत्कीर्ण **मानेश्वरस्य** शब्दबाट लिइएको हो।

तालिका नं.८:४

लिच्छवि लिपिको वर्णमा एकारको मात्राचिह्न – किसिम नं. २

वर्णको शिरोरेखामा आजभोलिको देवनागरी लिपिको एकारको आकृतिजस्तो मात्राचिह्न लगाइएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पे		नो.५२:९	फे		रे.६०:११

बे		नो.६:४	भे		रे.११०:१
मे		रे.५६:३	ये		रे.६३:१४
ये		नो.६७:२२	ये		नो.७०:२६
रे		नो.६७:११	ले		रे.११०:४
वे		रे.६३:८	शे		रे.६३:८
षे		रे.२२:१७	से		रे.७४:१४
हे		रे.३५:३	हे		नो.४१:१२

माथिको तालिकामा लिच्छवि लिपिको वर्णको शिरोरेखामा आजभोलिको देवनागरी लिपिको एकारको आकृतिजस्तो मात्रा-चिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **ने** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पे** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ **पे** वर्णको उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणको अभिलेख (नो.५२:९) मा उत्कीर्ण **रूपेणानुपमो** शब्दावलीबाट लिइएको होभने **फे** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:११) मा उत्कीर्ण **फेरङ्कोट्ट** शब्दबाट लिइएको हो। **बे** वर्णको उदाहरण मानदेवको पालाको, रत्नसङ्घको देउपाटनको अभिलेख (नो.६:४) मा उत्कीर्ण **बेम्मायाम्** शब्दबाट

लिइएको होभने **भे** वर्णको उदाहरण विष्णुगुप्तको चाँगुनारायणको अभिलेख (रे.११०:१) मा उत्कीर्ण **भेदोपचाराद्** शब्दबाट लिइएको हो । **मे** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको तुलाछेँटोलको अभिलेख (रे.५६:३) मा उत्कीर्ण **खृपुङ्ग्रामे** शब्दबाट लिइएको हो ।

यहाँ **ये** वर्णको उदाहरण तीनओटा दिइएका छन्। पहिलो उदाहरण खोपासीको शिवदेव+अंशुवर्माको अभिलेख (रे.६३:१४) मा उत्कीर्ण **कारयेद्वा** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:२२) मा उत्कीर्ण **चिरस्थितये** शब्दावलीबाट लिइएको हो। अनि तेस्रो उदाहरणचाहिँ नरेन्द्रदेवको ललितपुर गैह्रीधाराको अभिलेख (नो.७०:२६) मा उत्कीर्ण **येप्यस्मदूद्ध्र्वम्** शब्दावलीबाट लिइएको हो। यी तीनमा देखिएको विशेषतामा, पहिलो उदाहरणमा तीन भुजा भएको **य** वर्णको बीचको भुजामा एकारको मात्राचिह्न लगाइएको छभने दोस्रो उदाहरणमाचाहिँ तीन भुजा भएको **य** वर्णको तेस्रो भुजामा एकारको मात्राचिह्न लगाइएको छ। अनि तेस्रो उदाहरणमाचाहिँ **य** वर्ण दुई भुजाको भइसकेको हुनाले पहिलो भुजामा एकारको मात्राचिह्न लगाइएको छ।

रे वर्णको उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:११) मा उत्कीर्ण **त्यनयोरेवाधिकार** शब्दावलीबाट लिइएको होभने **ले** वर्णको उदाहरण विष्णुगुप्तको चाँगुनारायणको अभिलेख (रे.११०:४) मा उत्कीर्ण **कालेन जीर्ण्णां** शब्दावलीबाट लिइएको हो। **वे** एवं **शे** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:८) मा उत्कीर्ण **सर्व्वाधिकरणाप्रवेशेन** शब्दावलीबाट लिइएको होभने **षे** वर्णको उदाहरण वसन्तदेवको पाटन बाहालुखाको अभिलेख (रे.२२:१७) मा उत्कीर्ण **द्वितीयपौषे** शब्दबाट लिइएको हो । **से** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१४) मा उत्कीर्ण **कैलासेश्वरस्य** शब्दबाट लिइएको हो ।

यहाँ हे वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण धरहराबाट लगन जाने बाटोको अभिलेख (रे.३५:३) मा उत्कीर्ण **महेन्द्रमत्या**

शब्दबाट लिइएको होभने दोस्रो उदाहरण अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:१२) मा उत्कीर्ण **लडितमहेश्वरो** शब्दावलीबाट लिइएको हो । यी दुईमा देखिएको विशेषतामा, पहिलो उदाहरणमा ह वर्ण बायाँतिर फर्किएको छभने दोस्रो उदाहरणमाचाहिँ ह वर्ण दायाँतिर फर्किएको देखिन्छ ।

तालिका नं.८:५

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका एकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
के		रे.५६:२		रे.१०४:२०
चे		रे.७४:२१		रे.४५:७
टे		नो.१९:२		रे.११०:४
ते		रे.७४:६		रे.५५:७
दे		रे.५६:३		नो.५२:१९
ने		रे.७४:११		रे.७४:१३

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. १ तथा किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ शिवदेव+अंशुवर्माको तुलाछेंटोलको अभिलेख (रे.५६:२) मा **लिच्छविकुलकेतुः** लेख्दा **क** वर्णमा किसिम नं. १ बमोजिम एकारको मात्राचिह्न लगाइएको पाइन्छभने पशुपति छत्रचण्डेश्वरको अभिलेख (रे.१०४:२०) मा **षाफनदूलके** लेख्दा **क** वर्णमा किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न लगाइएको पाइन्छ। अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२१) मा **शुद्धचेतसां** लेख्दा **च** वर्णमा एकारको मात्रा चिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:७) मा **येन चेदं** लेख्दा **च** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। गणदेव+भौमगुप्तको चौकीटारको अभिलेख (नो.१९:२) मा **टेग्वल्ग्रामे** लेख्दा **ट** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने विष्णुगुप्तको चाँगुनारायणको अभिलेख (रे.११०:४) मा **गिरितटेष्वध्वनो** लेख्दा **ट** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:६) मा **एतेन** लेख्दा **त** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे.५५:७) मा **विज्ञापितेन** लेख्दा **त** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। अंशुवर्माको हाँडिगाउँको शिलालेख पढ्दा एउटै शिलालेखमा **त** वर्णमा दुईथरि एकारको मात्राचिह्न लगाइएको पाइन्छ। यहाँ **एतेन** (रे.७४:६) लेख्दा **त** वर्णमा किसिम नं. १ अनुसारको एकारको मात्राचिह्न लगाइएको छभने यही शिलालेखको पंक्ति ७ माचाहिँ **पशुपतेः** लेख्दा उही **त** वर्णमा किसिम नं. २ अनुसारको एकारको मात्राचिह्न लगाइएको पनि पाइन्छ। शिवदेव+अंशुवर्माको तुलाछेंटोलको अभिलेख (रे.५६:३) मा **श्रीशिवदेवः** लेख्दा **द** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ भने ध्रुवदेव+जिष्णुगुप्तको

मीननारायणको अभिलेख (नो.५२:१९) मा **कश्चिदेतामाज्ञाम्** लेख्दा **द** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे. ७४:११) मा **मानेश्वरस्य** लेख्दा **न** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने यही अभिलेख (रे.७४:१३) मा पुनः **मानेश्वरस्य** लेख्दा **न** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पनि पाइन्छ।

तालिका नं.८:६

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका एकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
पे		रे.७४:१६		नो.५२:९
भे		नो.१:१०		रे.११०:१
मे		रे.७७:८		रे.५६:३
ये.		नो.१:८		रे.६३:१४
ये		रे.८३:१		नो.६७:२२
–		ये		नो.७०:२६

रे		नो.६७:७		नो.६७:११
ले		नो.१३:२३		रे.११०:४
वे		रे.७७:९		रे.६३:८
शे		नो.६७:४		रे.६३:८
से		नो.१:११		रे.७४:१४
हे		रा.०:१		रे.३५:३
				नो.४१:१२

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. १ तथा किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **ने** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पे** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१६)मा **सपेलापाञ्चाल्याः** लेख्दा **प** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणको अभिलेख (नो.५२:९) मा **रूपेणानुपमो** लेख्दा **प** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। मानदेवको चाँगुको अभिलेख (नो.१:१०) मा **मायास्वप्ननिभे** लेख्दा **भ** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने विष्णुगुप्तको

चाँगुनारायणको अभिलेख (रे.११०:१) मा **भेदोपचाराद्** लेख्दा **भ** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:८) मा **पश्चिमेन** लेख्दा **म** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको तुलाछेँटोलको अभिलेख (रे.५६:३)मा **खृपुङ्ग्रामे** लेख्दा **म** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

यहाँ मानदेवको चाँगुको अभिलेख (नो.१:८) मा **ये चाज्ञा** लेख्दा **य** वर्णमा एकारको मात्राचिह्न तीन भुजा भएको **य** वर्णको दोस्रो भुजामा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने फर्पिङ्गको अंशुवर्माको पालाको अभिलेख (रे.८३:१) मा उत्कीर्ण **येन सकल** लेख्दा दुई भुजा भएको **य** वर्णको पहिलो भुजाबाट एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। यसै गरी शिवदेव+ अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१४) मा **कारयेद्वा** लेख्दा तीन भुजा भएको **य** वर्णको बीचको भुजामा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छभने नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:२२) **चिरस्थितये** लेख्दा तीन भुजा भएको **य** वर्णको तेस्रो भुजामा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। यसै गरी नरेन्द्रदेवको ललितपुर गैह्रीधाराको अभिलेख (नो.७०:२६) मा **येप्यस्मदूद्ध्र्वम्** लेख्दा दुई भुजा भएको **य** वर्णको पहिलो भुजामा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न लगाइएका **ये** वर्णका आकृतिहरू जम्मा पाँच किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – **ये चाज्ञावशवर्त्तिनो** (नो.१:८) लेख्दा तीन भुजा भएको **य** वर्णको बीचको भुजामा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको,

२. दोस्रो उदाहरण – **येन सकल** (रे.८३:१) लेख्दा दुई भुजा भएको **य** वर्णको पहिलो भुजाबाट एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको,

३. तेस्रो उदाहरण – **कारयेद्वा** (रे.६३:१४) लेख्दा तीन भुजा भएको **य** वर्णको बीचको भुजामा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको,

४. चौथो उदाहरण – **चिरस्थितये** (नो.६७:२२) लेख्दा तीन भुजा भएको **य** वर्णको तेस्रो भुजामा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको,

५. पाँचौं उदाहरण – **येप्यस्मदूद्ध्र्वम्** (नो.७०:२६) लेख्दा दुई भुजा भएको **य** वर्णको पहिलो भुजामा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको ।

नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:७) मा **श्रीनरेन्द्रदेवः** लेख्दा **र** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने यही अभिलेख (नो.६७:११) मा **पीडेत्यनयोरेवाधिकार** लेख्दा **र** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ । वसन्तदेवको जैसीदेवलको अभिलेख (नो.१३:२३) मा **महीशीले** लेख्दा **ल** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने विष्णुगुप्तको चाँगुनारायणको अभिलेख (रे.११०:४) मा **कालेन जीर्ण्णा** लेख्दा **ल** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:९) मा **सन्निवेशार्थम्** लेख्दा **व** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:८) मा **करणाप्रवेशेन** लेख्दा **व** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ ।

नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:४) मा **संज्ञावशेषान्** लेख्दा **श** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे. ६३:८) मा **सर्व्वाधिकरणाप्रवेशन** लेख्दा **श** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। मानदेवको चाँगुको अभिलेख (नो.१:११) मा **पादसंसेवया** लेख्दा **स** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१४) मा **कैलासेश्वरस्य** लेख्दा **स** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

यहाँ मानदेवका समयको, विमलसङ्घको देउपाटनको अभिलेख (रा.०:१) मा **महेश्वरस्य** लेख्दा ह वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने धरहराबाट लगन जाने बाटोको अभिलेख (रे.३५:३) उत्कीर्ण **महेन्द्रमत्या** लेख्दा बायाँतिर फर्किएको ह वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। यसै गरी अंशुवर्माको देउपाटनको अभिलेख (नो. ४१:१२) मा **लडितमहेश्वरा** लेख्दा दायाँतिर फर्किएको ह वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न लगाइएका हे वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – **महेश्वरस्य** (रा.०:१) लेख्दा ह वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको,
२. दोस्रो उदाहरण – **महेन्द्रमत्या** (रे.३५:३) लेख्दा बायाँतिर फर्किएको ह वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको,
३. तेस्रो उदाहरण – **लडितमहेश्वरा** (नो.४१:१२) लेख्दा दायाँतिर फर्किएको ह वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको।

तालिका नं.८:७

लिच्छवि लिपिको संयुक्त वर्णमा एकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिंच्छवि	स्रोत
ङ्के		रे.४५:११	क्षे		रे.७४:५
क्षे		रे.७४:४	ङ्गे		रे.५४:८
ङ्घे		नो.६:२	ञ्चे		रे.१२:४

श्चे		रे.२०:२१	च्छे		नो.१:२८
च्छे		रे.९७:१०	ञ्जे		रे.१४०:१२
ब्जे		नो.८१:२४	ज्ञे		प.०:४
ट्टे		नो.३४:२४	ष्टे		रे.४९:१४
ण्डे		रे.१०४:१२	क्ते		नो.१:२
न्ते		रे.२०:१५	प्ते		नो.१:११
स्ते		रे.९७:९	स्थे		रे.७४:२२
द्दे		रे.९७:१८	द्दे		रे.२९:१५
न्दे		रे.९१:७	ब्धे		नो.८१:२१
ग्ने		रे.६९:९	त्ने		रे.८:२
न्ने		नो.५४:१४	न्ने		रे.९७:१३

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा एकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन् ।

यहाँ संयुक्त वर्ण ङ्के को उदाहरण स्वामिवार्त्तको पशुपतिको देउपाटनको अभिलेख (रे.४५:११) मा उत्कीर्ण **मूर्तिङ्केशव** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण ङ मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। यहाँ संयुक्त वर्ण क्षे को उदाहरण दुईओटा दिइएका छन् । पहिलो उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:५) मा उत्कीर्ण **गृहक्षेत्रादि** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण पनि सोही अभिलेख (रे.७४:४) मा उत्कीर्ण **गृहिक्षेत्रिकादि** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषतामा विचार गर्दा एउटै शिलालेखमा पहिलो उदाहरण (रे.७४:५) मा एकारको मात्राचिह्न संयुक्त वर्णको पहिलो वर्ण **क** मा किसिम नं. १ बमोजिम लगाइएको छभने दोस्रो उदाहरण (रे.७४:४) मा एकारको मात्राचिह्न पहिलो वर्ण **क** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण ङ्गे को उदाहरण शिवदेव+अंशुवर्माको पाटन भीमसेनस्थानको अभिलेख (रे.५४:८) मा उत्कीर्ण **स्मिन्द्रङ्गे** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ङ** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण ङ्घे को उदाहरण मानदेवको पालाको, रत्नसङ्घको देउपाटनको अभिलेख (नो.६:२) मा उत्कीर्ण **रत्नसङ्घेन** शब्दबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ङ** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ञ्चे** को उदाहरण मानदेवको पालाको चाबहिलको अभिलेख (रे.१२:४) मा उत्कीर्ण **सपञ्चेह** शब्दबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ञ** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **श्चे** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:२१) मा उत्कीर्ण **यश्चेमामाज्ञा** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **श** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

यहाँ संयुक्त वर्ण **च्छे** को उदाहरण दुईओटा दिइएका छन् । पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२८) मा उत्कीर्ण **प्रयच्छेष्टतः** शब्दबाट

लिइएको होभने दोस्रो उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको पाटन छिन्नमस्ताको अभिलेख (रे.९७:१०) मा उत्कीर्ण **विच्छेदेन** शब्दबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (नो.१:२८) मा एकारको मात्रा चिह्नचाहिँ पहिलो वर्ण **च** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने दोस्रो उदाहरण (रे.९७:१०) मा एकारको मात्राचिह्न पहिलो वर्ण **च** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ञ्जे** को उदाहरण मीननाथको (रे.१४०:१२) मा उत्कीर्ण **जाञ्जेपाञ्चालिकैः** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ञ** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ब्जे** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२४) मा उत्कीर्ण **पद्मासनाब्जे** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ब** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ज्ञे** को उदाहरण मानदेवको पालाको चावहिलको अभिलेख (प.०:४) मा उत्कीर्ण **सदा ज्ञेयं** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ज** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ट्टे** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:२४) मा उत्कीर्ण **कोट्टे** शब्दबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ट** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ष्टे** को उदाहरण शिवदेवको विष्णुपादुकाको फेदीको अभिलेख (रे.४९:१४) मा उत्कीर्ण **परितुष्टेन** शब्दबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ष** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ण्डे** को उदाहरण पशुपति छत्रचण्डेश्वरको अभिलेख (रे.१०४:१२) मा उत्कीर्ण **छत्रचण्डेश्वर** शब्दबाट लिइएको हो। यसमा एकारको मात्राचिह्न चाहिँ पहिलो वर्ण **ण** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **क्ते** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२) मा उत्कीर्ण **नक्षत्त्रयुक्ते** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **क** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्ते** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:१५) मा

उत्कीर्ण **स्यन्दन्ते** शब्दबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **प्ते** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:११) मा उत्कीर्ण **किन्त्वाप्तेन** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **प** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्ते** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:९) मा उत्कीर्ण **प्रसादीकृतस्तेन** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **स** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्थे** को उदाहरण हाँडिगाउँको अंशुवर्माको अभिलेख (रे.७४:२२) मा उत्कीर्ण **व्यवस्थेयमकारि** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **स** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

यहाँ संयुक्त वर्ण **द्दे** को उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:१८) मा उत्कीर्ण **दक्षिणोद्देशे** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण वसन्तदेवको पासिङ्ख्यको अभिलेख (रे.२९:१५) मा उत्कीर्ण **दक्षिणोद्देशे** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषतामा, पहिलो उदाहरणमा शुरूको **द** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छभने दोस्रो उदाहरणमा शुरूको **द** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **न्दे** को उदाहरण ललितपुर त्यागलटोलको अभिलेख (रे.९१:७) मा उत्कीर्ण **सुखावत्यां वन्दे** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ब्धे** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२१) मा उत्कीर्ण **दुग्धाब्धेरागतः** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ब** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ग्ने** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:९) मा उत्कीर्ण **अग्नेः** शब्दबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ग** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **त्ने** को उदाहरण मानदेवको पालाको, रत्नसङ्घको देउपाटनको अभिलेख (रे.८:२)

मा उत्कीर्ण **रत्नेश्वरः** शब्दबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

यहाँ संयुक्त वर्ण **न्ने** को उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख (नो.५४:१४) मा उत्कीर्ण **शतद्वयन्नुप्पुन्ने** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:१३) मा उत्कीर्ण **केषाञ्चिन्नेतुं** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषतामा, पहिलो उदाहरणमा शुरूको **न** वर्णमा आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छभने दोस्रो उदाहरणमा शुरूको **न** वर्णमा आकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ।

तालिका नं.८:८

लिच्छवि लिपिको संयुक्त वर्णमा एकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
म्मे		नो.१:९	ख्ये		शा.०:१
ङ्ख्ये		नो.१:११			
च्ये		नो.३४:१५	ज्ये		रे.६९:२२
ठ्ये		रे.१२८:५	ण्ये		रे.५:२
त्ये		नो.१:१५	न्ये		नो.५२:१४

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा एकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन् । यसअघिको तालिकामा **न्ने** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **म्मे** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **म्मे** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:९) मा उत्कीर्ण **किम्मे भोगविधान** शब्दावलीबाट लिइएको हो । यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **म** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

यहाँ संयुक्त वर्ण **ख्ये** को उदाहरण भक्तपुर वागेश्वरी, बाघहिटीको अभिलेख (शा.०:१) मा उत्कीर्ण **उद्योतकाख्ये** शब्दावलीबाट लिइएको हो । यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ख** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ । संयुक्त वर्ण **ङ्ख्ये** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:११) मा उत्कीर्ण **सङ्ख्येष्वजेयो** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ङ** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **च्ये** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:१५) मा उत्कीर्ण **मुच्येत** शब्दावलीबाट लिइएको हो । यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **च** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ज्ये** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:२२) मा उत्कीर्ण **ज्येष्ठशुक्लषष्ठयाम्** शब्दावलीबाट लिइएको हो । यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ज** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ ।

संयुक्त वर्ण **ठ्चे** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:५) मा उत्कीर्ण **नामशाठचेन** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ठ** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ण्ये** को उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:२) मा उत्कीर्ण **दाक्षिण्येन** शब्दबाट लिइएको हो । यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ण** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ ।

संयुक्त वर्ण **त्ये** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१५) मा उत्कीर्ण **इत्येवम्मुख** शब्दावलीबाट लिइएको हो । यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्ये**

को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणनिरको अभिलेख (नो.५२:१४) मा उत्कीर्ण **भवतामन्येषां** शब्दावलीबाट लिइएको हो । यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ ।

तालिका नं. ८:९

लिच्छवि लिपिको संयुक्त वर्णमा एकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
प्ये		रे.२०:२६	प्ये		रे.६८:६
श्ये		रे.१२८:६	ष्ये		रे.७३:१
स्ये		नो.७४:१०			

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा एकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन् । यसअघिको तालिकामा **न्ये** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **प्ये** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **प्ये** को उदाहरण दुईओटा दिइएका छन् । पहिलो उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:२६) मा उत्कीर्ण **तेप्येनामस्मद्दत्ताम्** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण अंशुवर्माको बुङ्मतीको अभिलेख (रे.६८:६) उत्कीर्ण **युष्माभिरप्येतद्** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.२०:२६) मा एकारको मात्राचिह्न माथिको वर्ण **प** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने दोस्रो उदाहरण (रे.६८:६) मा एकारको मात्राचिह्न माथिको वर्ण **प** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ ।

संयुक्त वर्ण **श्ये** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:६) मा उत्कीर्ण **भटानामप्रवेश्येन** शब्दावलीबाट लिइएको हो। यसमा एकारको

मात्राचिह्नचाहिँ पहिलो वर्ण **श** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ष्ये** को उदाहरण अंशुवर्माको चाँगुनारायणको अभिलेख (रे.७३:१) मा उत्कीर्ण **त्रयोदश्याम्पुष्येण** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ष** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्ये** को उदाहरण नरेन्द्रदेवको यागवहालको अभिलेख (नो.७४:१०) मा उत्कीर्ण **सङ्घस्येत्यनेन** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **स** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.८:१०

लिच्छवि लिपिमा रेफसहितको वर्णमा एकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्घे		रे.६९:१६	र्णे		रे.१४०:११
र्ते		रे.११०:३	र्दे		रे.३३:१
र्धे		रे.१०६:१			

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको वर्णमा पहिले वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि एकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ रेफसहितको वर्ण **र्घे** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:१६) मा उत्कीर्ण **अश्वस्यार्घे** शब्दबाट लिइएको हो। यसमा पहिले **घ** वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। यस तालिकामा दिइएका सबै उदाहरणहरूमा वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि एकारको मात्रा चिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइएको हुनाले उदाहरणैपिच्छे एकारको

मात्राचिह्नको किसिमको विषयमा उल्लेख गरिएको छैन। कुनै उदाहरणमा एकारको मात्राचिह्न किसिम नं. १ भन्दा फरक भएको अवस्थामाभने एकारको मात्राचिह्नको किसिमको विषयमासमेत उल्लेख गरिएको छ।

रेफसहितको वर्ण **र्णे** को उदाहरण मीननाथको अभिलेख (रे.१४० :११) मा उत्कीर्ण **निर्णेतव्यम्** शब्दबाट लिइएको होभने रेफसहितको वर्ण **र्ते** को उदाहरण विष्णुगुप्तको चाँगुनारायणको अभिलेख (रे.११०:३) मा उत्कीर्ण **याङ्गीर्तेः** शब्दावलीबाट लिइएको हो। रेफसहितको वर्ण **र्दे** को उदाहरण आभीरी गोमिनीको पशुपतिको अभिलेख (रे.३३:१) मा उत्कीर्ण **भर्त्तुर्देवत्वं** शब्दबाट लिइएको होभने रेफसहितको वर्ण **र्धे** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:१) मा उत्कीर्ण **मीलितार्धेक्षणस्य** शब्दावलीबाट लिइएको हो।

तालिका नं.८:११

लिच्छवि लिपिमा रेफसहितको वर्णमा एकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्भे		रे.११०:१	र्ये		नो.८१:१६
र्वे		रे.९७:१९	र्षे		प.०:५

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको वर्णमा पहिले वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि एकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा र्धे वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा र्भे वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ रेफसहितको वर्ण **र्भे** को उदाहरण विष्णुगुप्तको चाँगुनारायणको अभिलेख (रे.११०:१) मा उत्कीर्ण **निर्भेदं** शब्दावलीबाट लिइएको होभने रेफसहितको वर्ण **र्ये** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख

(नो.८१:१६) मा उत्कीर्ण **कुलैर्य्येनोढा** शब्दावलीबाट लिइएको हो। यसमा दोस्रो थरीको रेफ लगाइएको छ।

रेफसहितको वर्ण **र्वे** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:१९) मा उत्कीर्ण **पूर्वेण** शब्दबाट लिइएको हो। रेफसहितको वर्ण **र्षे** को उदाहरण मानदेवको समयको चाबहिलको अभिलेख (प.०:५)[1]मा उत्कीर्ण **महर्षेः** शब्दबाट लिइएको हो।

तालिका नं.८:१२

लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा एकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्गे		नो.२२:७	र्त्ते		रे.३०:२
र्द्दे		नो.८१:२२	र्न्ने		नो.१:१५
र्य्ये		रे.६३:१०	र्व्वे		रे.२०:१८

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा पहिले संयुक्त वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि एकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

रेफसहितको संयुक्त वर्ण **र्गे** को उदाहरण ललितपुर च्यासलटोलको अभिलेख (नो.२२:७) मा उत्कीर्ण **स्वर्गे निरास्थो** शब्दावलीबाट लिइएको हो। साधारणतया ए कारको मात्रा चिह्न रेफमा लगाइने गरिएकोमा यसमा **ए** कारको मात्रा चिह्न **ग** वर्णमा नै लगाइएको छ। यस तालिकामा दिइएका सबै उदाहरणहरूमा संयुक्त वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइएको हुनाले उदाहरणैपिच्छे संयुक्त वर्णमा लगाइएको

---

[1] महेशराज पन्त, "जो शान्त पदमा जानुभयो" **नेपाल** (राष्ट्रिय साप्ताहिक) १५ वैशाख, २०७६।

एकारको मात्राचिह्नको किसिमको विषयमा उल्लेख गरिएको छैन । कुनै उदाहरणमा एकारको मात्राचिह्न किसिम नं. १ भन्दा फरक भएको अवस्थामाभने एकारको मात्राचिह्नको किसिमको विषयमासमेत उल्लेख गरिएको छ ।

रेफसहितको संयुक्त वर्ण र्त्ते को उदाहरण पशुपति भस्मेश्वरको अभिलेख (रे.३०:२) मा उत्कीर्ण **ध्रुवसङ्घवार्त्तेन** शब्दबाट लिइएको हो । रेफसहितको संयुक्त वर्ण र्द्दे को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२२) मा उत्कीर्ण **गतेर्द्देवप्रभाव** शब्दावलीबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण **र्न्ने** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१५) मा उत्कीर्ण **गतैर्न्नेत्राम्बुमिश्रैः** शब्दबाट लिइएको हो । रेफसहितको संयुक्तवर्ण **र्य्ये** को उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१०) मा उत्कीर्ण **सर्व्वकार्य्येषु** शब्दबाट लिइएको होभने रेफसहितको संयुक्त वर्ण र्व्वे को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:१८) मा उत्कीर्ण **यावत्पूर्व्वेण** शब्दबाट लिइएको हो ।

तालिका नं.८:१३

लिच्छवि लिपिमा र+सहितको वर्णमा एकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ग्रे		नो.५४:८	ज्रे		नो.७०:१७
त्रे		नो.८१:३१	द्रे		रे.३०:१

माथिको तालिकामा लिच्छवि लिपिमा र+सहितको वर्णमा एकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ र+सहितको वर्ण ग्रे को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख (नो.५४:८) मा उत्कीर्ण **कुशलाग्रेसरं** शब्दबाट लिइएको हो । यसमा पहिले र+सहितको वर्ण ग्र लेखी त्यसमाथि एकारको मात्राचिह्न किसिम नं. २

बमोजिम लगाइएको पाइन्छ। र+सहितको वर्ण **ज्रे** को उदाहरण नरेन्द्रदेवको ललितपुर गहिरीधाराको अभिलेख (नो.७०:१७) मा उत्कीर्ण **वज्रेश्वर** शब्दबाट लिइएको हो। यसमा पहिले र+सहितको वर्ण **ज्र** लेखी त्यसमाथि एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

यहाँ र+सहितको वर्ण **त्रे** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३१) मा उत्कीर्ण **किमत्रेत्येवं** शब्दावलीबाट लिइएको हो। यसमा पहिले र+सहितको वर्ण **त्र** लेखी त्यसमाथि एकारको मात्राचिह्न किसिम नं.२ बमोजिम लगाइएको पाइन्छ। यहाँ र+सहितको वर्ण **द्रे** को उदाहरण पशुपति भस्मेश्वरको अभिलेख (रे.३०:१) मा उत्कीर्ण **भद्रेश्वर** शब्दावलीबाट लिइएको हो। यसमा पहिले र+सहितको वर्ण **द्र** लेखी त्यसमाथि एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.८:१४

लिच्छवि लिपिमा र+सहितको वर्णमा एकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
प्रे		नो.१:१९	प्रे		नो.१:६
श्रे		रे.१०६:४	ह्रे		नो.८१:१३

माथिको तालिकामा लिच्छवि लिपिमा र+सहितको वर्णमा एकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **द्रे** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **प्रे** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ र+सहितको वर्ण **प्रे** को उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१९) मा उत्कीर्ण **विप्रेभ्यो** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण पनि चाँगुको मानदेवको यही अभिलेख (नो.१:६) मा उत्कीर्ण **प्रेम्ना** शब्दबाट लिइएको हो। यी दुईमा देखिएको विशेषतामा विचार गर्दा पहिलो उदाहरण (नो.१:१९) मा र+सहितको वर्ण **प्र** लेखी त्यसमाथि एकारको

मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने दोस्रो उदाहरण (नो.१:६) मा **र**+ सहितको वर्ण **प्र** लेखी त्यसमाथि एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। यसरी एउटै अभिलेखमा दुई किसिमको एकारको मात्राचिह्न लगाइएका उदाहरण पाइएका छन्।

र+सहितको वर्ण **श्रे** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:४) मा उत्कीर्ण **श्रेयसे** शब्दबाट लिइएको हो। यसमा पहिले **र**+सहितको वर्ण **श्र** लेखी त्यसमाथि एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। **र**+सहितको वर्ण **ह्रे** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१३) मा उत्कीर्ण **ख्यातिह्रेपित** शब्दावलीबाट लिइएको हो। यसमा पहिले **र**+सहितको वर्ण **ह्र** लेखी त्यसमाथि एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.८:१५

लिच्छवि लिपिमा र+सहितको संयुक्त वर्णमा एकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
च्छ्रे		रे.१३२:२१	न्प्रे		रे.२२:४
म्प्रे		प.०:३			

माथिको तालिकामा लिच्छवि लिपिमा **र**+सहितको संयुक्त वर्णमा एकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ **र**+सहितको संयुक्त वर्ण **च्छ्रे** को उदाहरण लगनटोलको शिवदेवको अभिलेख (रे.१३२:२१) मा उत्कीर्ण **दानाच्छ्रेयोनुपालनम्** शब्दावलीबाट लिइएको हो। यसमा पहिले **र**+सहितको संयुक्त वर्ण **च्छ्र** लेखी त्यसमाथि एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **च** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

र+सहितको संयुक्त वर्ण **न्प्रे** को उदाहरण पाटन बाहालुखाको वसन्तदेवको अभिलेख (रे.२२:४) मा उत्कीर्ण **धिकृतान्प्रेषणे** शब्दावलीबाट लिइएको

हो। यसमा पहिले र+सहितको संयुक्त वर्ण **न्प्र** लेखी त्यसमाथि एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। र+सहितको संयुक्त वर्ण **म्प्रे** को उदाहरण चाबहिलको अभिलेख (प.०:३) मा उत्कीर्ण **नित्यम्प्रेम्ना** शब्दावलीबाट लिइएको हो। यसमा पहिले र+सहितको संयुक्त वर्ण **म्प्र** लेखी त्यसमाथि एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **म** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.८:१६

लिच्छवि लिपिको ल, व, स संयुक्त वर्णमा एकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्ले		रा.०:१	त्वे		रे.१२:६
स्त्वे		रे.९७:१५	न्वे		नो.१:२३
त्से		नो.१:२४			

माथिको तालिकामा लिच्छवि लिपिको **ल, व, स** संयुक्त वर्णमा एकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन्।

यहाँ संयुक्त वर्ण **क्ले** को उदाहरण महासामन्त अंशुवर्माको गोकर्ण महाङ्कालस्थानको अभिलेख (रा.०:१) मा उत्कीर्ण **त्रैधातुकक्लेश** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **क** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **त्वे** को उदाहरण चावहिलको अभिलेख (रे.१२:६) मा उत्कीर्ण **कारयित्वेह** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **स्त्वे** को उदाहरण छिन्नमस्ताको ध्रुवदेव+जिष्णुगुप्तको अभिलेख (रे.९७:१५) मा उत्कीर्ण **यस्त्वेतामाज्ञां** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **स** मा किसिम नं. २ बमोजिम लगाइएको

पाइन्छ। संयुक्त वर्ण **न्वे** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२३) मा उत्कीर्ण **रन्वेमि** शब्दबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **त्से** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२४) मा उत्कीर्ण **त्वत्सेनामिति** शब्दावलीबाट लिइएको हो। यसमा एकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं.१ बमोजिम लगाइएको पाइन्छ।

लिच्छवि लिपिको वर्णमा ऐकारको मात्राचिह्न

लिच्छवि लिपिको वर्णमा ऐकारको मात्राचिह्नलाई दुई किसिमको रूपमा परिभाषित गर्नुपर्ने देखिन्छ – १. वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम (अर्थात् वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिंचिएको) लगाएपछि आजभोलिको देवनागरी लिपिको एकारको मात्राजस्तो अर्को चिह्न वर्णको बायाँतर्फ जाने गरी जोडिएको, २.वर्णको शिरमा आजभोलिको देवनागरी लिपिको ऐकारको मात्राचिह्नजस्तै दोलखचिह्न लगाउने गरिएको। यी वर्णहरूमध्ये एउटा वर्णमा एकै किसिमको मात्र ऐकारको मात्राचिह्न लगाउने परम्परा उतिखेर थिएन। लिच्छविकालका अभिलेखहरूको अध्ययन गर्दा एउटै वर्णमा फरक फरक किसिमले ऐकारको मात्राचिह्न लगाइएको पनि पाइन्छ। यसबारे तलका तालिकाहरूमा विस्तृत प्रकाश पारिएको छ।

तालिका नं.८:१७

लिच्छवि लिपिको वर्णमा ऐकारको मात्राचिह्न - किसिम नं.- १

वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम (अर्थात् वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिंचिएको) लगाएपछि आजभोलिको देवनागरी लिपिको एकारको मात्राजस्तो अर्को चिह्न वर्णको बायाँतर्फ जाने गरी जोडिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
कै		नो.१:२५	खै		नो.८१:२६

चै		रे.६३:१०	जै		नो.४१:१२
तै		नो.१:२३	दै		रे.६९:६
नै		नो.१:९			

माथिको तालिकामा लिच्छवि लिपिको वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम (अर्थात् वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिंचिएको) लगाएपछि आजभोलिको देवनागरी लिपिको एकारको मात्राजस्तो अर्को चिह्न वर्णको बायाँतर्फ जाने गरी जोडिएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ **कै** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२५) मा उत्कीर्ण **शनकैः** शब्दबाट लिइएको होभने **खै** वर्णको उदाहरण राजा जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२६) मा उत्कीर्ण **चतुर्भिम्मुखैः** शब्दबाट लिइएको हो । **चै** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१०) मा उत्कीर्ण **चैकमेव** शब्दावलीबाट लिइएको होभने **जै** वर्णको उदाहरण अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:१२) मा उत्कीर्ण **तत्पूर्वजैः** शब्दावलीबाट लिइएको हो ।

तै वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२३) मा उत्कीर्ण **कुञ्जरशतैः** शब्दबाट लिइएको होभने **दै** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:६) मा उत्कीर्ण **कृतप्रसादैः** शब्दावलीबाट लिइएको हो । **नै** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:९) मा उत्कीर्ण **आशामयैर्ब्बन्धनैः** शब्दावलीबाट लिइएको हो ।

तालिका नं.८:१८

लिच्छवि लिपिको वर्णमा ऐकारको मात्राचिह्न – किसिम नं.– १

वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम (अर्थात् वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिंचिएको) लगाएपछि आजभोलिको देवनागरी लिपिको एकारको मात्राजस्तो अर्को चिह्न वर्णको बायाँतर्फ जाने गरी जोडिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पै		नो.१:५	पै		रे.१२५:७
मै		नो.१:१८	यै		रे.२०:२३
रै		नो.८१:३२	लै		नो.१:१०
वै		रे.३०:३	षै		नो.१:६
है		रे.५:१			

माथिको तालिकामा लिच्छवि लिपिको वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम (अर्थात् वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिंचिएको) लगाएपछि आजभोलिको देवनागरी लिपिको एकारको मात्राजस्तो अर्को चिह्न वर्णको बायाँतर्फ जाने गरी जोडिएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **नै** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पै** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ **पै** वर्णको उदाहरण दुईओटा दिइएका छन् । पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:५) मा उत्कीर्ण **यूपैश्चारुभिः** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण बलम्बूको अभिलेख (रे.१२५:७) मा उत्कीर्ण **नृपैर्यत्नात्** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (नो.१:५) मा **प** वर्णको बायाँ भुजामा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छभने दोस्रो उदाहरण (रे.१२५:७) मा **प** वर्णको दायाँ भुजामा एकारको मात्राचिह्न लगाइएको छ र अर्को एकलखजस्तो चिह्नचाहिँ **प** वर्णको दायाँ भुजामा लगाइएको छ। **मै** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१८) मा उत्कीर्ण **दमोपवासनियमैः** शब्दावलीबाट लिइएको हो।

यै वर्णको उदाहरण राजा वसन्तदेवको थानकोट आदिनारायणस्थानको अभिलेख (रे.२०:२३) मा उत्कीर्ण **विश्वस्तैरकुतोभयैः** शब्दावलीबाट लिइएको होभने **रै** वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३२) मा उत्कीर्ण **तदादरैः** शब्दबाट लिइएको हो । **लै** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१०) मा उत्कीर्ण **तपोभिरमलैः** शब्दावलीबाट लिइएको हो ।

वै वर्णको उदाहरण पशुपति भस्मेश्वरको अभिलेख (रे.३०:३) मा उत्कीर्ण **संवैद्येक्षेत्र** शब्दावलीबाट लिइएको होभने **षै** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:६) मा उत्कीर्ण **जयत्यनिमिषैः** शब्दावलीबाट लिइएको हो। है वर्णको उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:१) मा उत्कीर्ण **महैर्विद्वत्तया** शब्दावलीबाट लिइएको हो ।

तालिका नं.८:१९

लिच्छवि लिपिको वर्णमा ऐकारको मात्राचिह्न - किसिम नं.- २

लिच्छवि लिपिको वर्णको शिरमा आजभोलिको देवनागरी लिपिको ऐकारको मात्राचिह्नजस्तै दोलखचिह्न लगाउने गरिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
कै		रे.४५:१	खै		नो.१:१३

गै		नो.१:१३	चै		रे.१०६:११
जै		रे.४९:१३	ठै		रे.८३:२
णै		रे.७५:१४	तै		रे.७५:१४
थै		रे.४१:११	धै		रे.५९:१
नै		रे.६३:९			

माथिको तालिकामा लिच्छवि लिपिको वर्णमा किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न लगाएपछि अर्थात् वर्णको शिरमा आजभोलिको देवनागरी लिपिको ऐकारको मात्राचिह्न जस्तै दोलखचिह्न लगाउने गरिएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

कै वर्णको उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:१) मा उत्कीर्ण **रेकैकस्यात्र** शब्दावलीबाट लिइएको होभने **खै** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१३) मा उत्कीर्ण **जीवितसुखैः** शब्दावलीबाट लिइएको हो । **गै** वर्णको उदाहरण पनि चाँगुकै अभिलेख (नो.१:१३) मा उत्कीर्ण **किम्भोगैर्म्मम** शब्दावलीबाट लिइएको हो। **चै** वर्णको उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:११) मा उत्कीर्ण **चैलकर** शब्दावलीबाट लिइएको हो ।

जै वर्णको उदाहरण शिवदेवको विष्णुपादुकाको फेदीको अभिलेख (रे.४९:१३) मा उत्कीर्ण **पूर्व्वराजैरस्य** शब्दावलीबाट लिइएको होभने **ठै** वर्णको उदाहरण अंशुवर्माको पालाको फर्पिङ्गको अभिलेख (रे.८३:२) मा उत्कीर्ण **रतिशठैः** शब्दावलीबाट लिइएको हो। **णै** वर्णको उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:१४) मा उत्कीर्ण **परेणैतद्वस्तु** शब्दावलीबाट लिइएको हो।

तै वर्णको उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:१४) मा उत्कीर्ण **तैलङ्कस्यचिद्** शब्दावलीबाट लिइएको होभने **थै** वर्णको उदाहरण गणदेव+भौमगुप्तको किसिपिंडीको अभिलेख (रे.४१:११) मा उत्कीर्ण **तथैवावलगन** शब्दावलीबाट लिइएको हो। **धै** वर्णको उदाहरण बूढानीलकण्ठको शिवदेव+अंशुवर्माको अभिलेख (रे.५९:१) मा उत्कीर्ण **गाम्भीर्य्यधैर्य** शब्दावलीबाट लिइएको होभने **नै** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:९) मा उत्कीर्ण **तलस्वामिनैव** शब्दावलीबाट लिइएको हो।

तालिका नं.८:२०

लिच्छवि लिपिको वर्णमा ऐकारको मात्राचिह्न - किसिम नं.- २

लिच्छवि लिपिको वर्णको शिरमा आजभोलिको देवनागरी लिपिको ऐकारको मात्राचिह्नजस्तै दोलखचिह्न लगाउने गरिएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
यै		रे.५५:७	यै		रे.५६:८
रै		रे.१२५:६	लै		नो.८१:२९
वै		रे.६३:७	शै		नो.१:१६

माथिको तालिकामा लिच्छवि लिपिको वर्णमा किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न लगाएपछि अर्थात् वर्णको शिरमा आजभोलिको देवनागरी लिपिको ऐकारको मात्राचिह्न जस्तै दोलखचिह्न लगाउने गरिएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **नै** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **यै** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ **यै** वर्णको दुईओटा उदाहरण दिइएका छन्। पहिलो उदाहरण शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे.५५:७) मा उत्कीर्ण **मयैतद्गौरवाद्** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण पनि शिवदेव+अंशुवर्माको तुलाछेँटोलको अभिलेख (रे.५६:८) मा उत्कीर्ण **मयैतद्गौरवाद्** शब्दावलीबाट नै लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.५५:७) मा **य** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको भए पनि यसमा तीन भुजा भएको **य** वर्णमा एउटा एकलख दोस्रो भुजामा लगाइएको छभने अर्को एकलख **य** वर्णको तेस्रो भुजामा लगाइएको छ। दोस्रो उदाहरण (रे.५६:८) मा **य** वर्णमा ऐकारको मात्रा किसिम नं. २ बमोजिम लगाइएको भए पनि यसमाचाहिँ दुइटै लख तीन भुजा भएको **य** वर्णको दोस्रो भुजामा नै लगाइएको पाइन्छ।

रै वर्णको उदाहरण बलम्बूको अभिलेख (रे.१२५:६) मा उत्कीर्ण **विधानपरैरेव** शब्दावलीबाट लिइएको होभने **लै** वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२९) मा उत्कीर्ण **प्रकीर्ण्णैर्दलैः** शब्दावलीबाट लिइएको हो। **वै** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:७) मा उत्कीर्ण **खिलवैरिवर्ग्गेण** शब्दावलीबाट लिइएको हो। यसमा किसिम नं. २ अनुसार ऐकारको मात्राचिह्न लगाइसकेपछि पुनः यही व वर्णमा किसिम नं. १ बमोजिम एकारको मात्रा चिह्न पनि थप लगाइएको देखिन्छ। **शै** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा उत्कीर्ण **वाक्पाशैर्व्विहगीव** शब्दावलीबाट लिइएको हो।

तालिका नं.८:२१

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका ऐकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
कै		नो.१:२५		रे.४५:१
खै		नो.८१:२६		नो.१:१३
चै		रे.६३:१०		रे.१०६:११
जै		नो.४१:१२		रे.४९:१३
तै		नो.१:२३		रे.७५:१४
नै		नो.१:९		रे.६३:९

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. १ तथा किसिम नं. २ बमोजिम ऐकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ मानदेवको चाँगुको अभिलेख (नो.१:२५) मा **शनकैः** लेख्दा **क** वर्णमा किसिम नं. १ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छभने स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:१) मा **रेकैकस्यात्र** लेख्दा **क** वर्णमा किसिम नं. २ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छ। राजा जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२६) मा **चतुर्भिम्मुखैः** लेख्दा **ख** वर्णमा किसिम नं. १ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छभने मानदेवको चाँगुको अभिलेख (नो.१:१३) मा **जीवितसुखैः** लेख्दा **ख** वर्णमा किसिम नं. २ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छ।

शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१०) मा **चैकमेव** लेख्दा **च** वर्णमा किसिम नं. १ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छभने भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:११) मा **चैलकर** लेख्दा **च** वर्णमा किसिम नं. २ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छ। अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:१२) मा **तत्पूर्वजैः** लेख्दा **ज** वर्णमा किसिम नं. १ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छभने शिवदेवको विष्णुपादुकाको फेदीको अभिलेख (रे.४९:१३) मा **पूर्व्वराजैरस्य** लेख्दा **ज** वर्णमा किसिम नं. २ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छ।

मानदेवको चाँगुको अभिलेख (नो.१:२३) मा **कुञ्जरशतैः** लेख्दा **त** वर्णमा किसिम नं. १ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छभने अंशुवर्माको साँगाको अभिलेख (रे.७५:१४) मा **तैलङ्गस्यचिद्** लेख्दा **त** वर्णमा किसिम नं. २ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छ। मानदेवको चाँगुको अभिलेख (नो.१:९) मा **आशामयैर्ब्बन्धनैः** लेख्दा **न** वर्णमा किसिम नं. १ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:९) मा **तलस्वामिनैव** लेख्दा **न** वर्णमा किसिम नं.२ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छ।

तालिका नं.८:२२

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका ऐकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
यै		रे.२०:२३		रे.५६:८
	–			रे.५५:७
रै		नो.८१:३२		रे.१२५:६
लै		नो.१:१०		नो.८१:२९
वै		रे.३०:३		रे.६३:७

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. १ तथा किसिम नं. २ बमोजिम ऐकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **नै** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **यै** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ राजा वसन्तदेवको थानकोट आदिनारायणस्थानको अभिलेख (रे.२० :२३) मा **विश्वस्तैरकुतोभयैः** लेख्दा **य** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने शिवदेव+अंशु वर्माको गोलमढीटोलको अभिलेख (रे.५५:७) मा **मयैतद्गौरवाद्** लेख्दा **य** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं.

२ बमोजिम लगाइएको पाइन्छ। यसै गरी शिवदेव+अंशुवर्माको तुलाछेँटोलको अभिलेख (रे. ५६:८) मा **मयैतद्गौरवाद्** लेख्दा **य** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम ऐकारको मात्राचिह्न लगाइएका **यै** वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – **विश्वस्तैरकुतोभयैः** (रे.२०:२३) लेख्दा **य** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको,

२. दोस्रो उदाहरण – **मयैतद्गौरवाद्** (रे.५५:७) लेख्दा **य** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको भए पनि यसमा तीन भुजा भएको **य** वर्णमा एउटा एकलख दोस्रो भुजामा लगाई अर्को एकलख **य** वर्णको तेस्रो भुजामा लगाइएको,

३. तेस्रो उदाहरण – **मयैतद्गौरवाद्** (रे.५६:८) लेख्दा **य** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको भए पनि यसमा दुइटै लख तीन भुजा भएको **य** वर्णको दोस्रो भुजामा नै लगाइएको।

जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३२) मा **तदादरैः** लेख्दा **र** वर्णमा किसिम नं. १ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छभने बलम्बूको अभिलेख (रे.१२५:६) मा **विधानपरैरेव** लेख्दा **र** वर्णमा किसिम नं. २ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छ। मानदेवको चाँगुको अभिलेख (नो.१:१०) मा **तपोभिरमलैः** लेख्दा **ल** वर्णमा किसिम नं. १ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छभने जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२९) मा **प्रकीर्ण्णैर्दलैः** लेख्दा **ल** वर्णमा किसिम नं. २ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छ।

पशुपति भस्मेश्वरको अभिलेख (रे.३०:३) मा **संवैद्येक्षेत्त्र** लेख्दा **व** वर्णमा किसिम नं. १ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:७) मा **खिलवैरिवर्ग्गेण** लेख्दा **व** वर्णमा किसिम नं. २ बमोजिम ऐकारको मात्राचिह्न लगाइएको पाइन्छ।

तालिका नं.८:२३

लिच्छवि लिपिको संयुक्त वर्णमा ऐकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्तै		रे.७५:६	च्चै		रे.७५:३
च्चै		नो.५८:४	ञ्चै		नो.६१:१५
श्चै		नो.४१:१२	श्चै		प.०:३
ज्ञै		नो.८३:४४	ष्टै		रे.१०८:१२
ष्टै		रे.६८:५	न्तै		प.०:४
प्तै		रे.९७:८	स्तै		रे.१२५:४
स्तै		रे.५७:१२	द्धै		नो.१:२३
घ्नै		प.०:२	नै		नो.११:३३
द्मै		नो.८१:३२	स्मै		रे.१८:१

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा ऐकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन् ।

यहाँ संयुक्त वर्ण **त्कै** को उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:६) मा उत्कीर्ण **मानात्कैलासकूट** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **च्चै** को उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:३) मा उत्कीर्ण **उच्चैर्मुक्ताट्टहासम्** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको, यङ्गालहिटीको अभिलेख (नो.५८:४) मा उत्कीर्ण **मुच्चैर्दधानः** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका सम्बन्धमा विचार गर्दा पहिलो उदाहरण (रे.७५:३) मा ऐकारको मात्राचिह्न पहिलो वर्ण **च** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने दोस्रो उदाहरण (नो.५८:४) मा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **च** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ञ्चै** को उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको यङ्गालहिटीको अभिलेख (नो.६१:१५) मा उत्कीर्ण **येषाञ्चैतत्** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ञ** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **श्चै** को उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण अंशुवर्माको देउपाटनको (नो.४१:१२) मा उत्कीर्ण **यश्चैतत्पूर्वजैः** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण मानदेवको समयको चावहिलको अभिलेख (प.०:३) मा उत्कीर्ण **भक्तितश्चैव** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका सम्बन्धमा विचार गर्दा पहिलो उदाहरण (नो.४१:१२) मा ऐकारको मात्राचिह्न पहिलो **श** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने दोस्रो उदाहरण (प.०:३) मा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **श** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **ज्ञै** को उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:४४) मा उत्कीर्ण **प्रमोददानज्ञैः** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ज** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

यहाँ संयुक्त वर्ण **ष्टै** को उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण भीमार्जुनदेव+ विष्णुगुप्तको, यङ्गालहिटीको अभिलेख (रे.१०८:१२) मा उत्कीर्ण **व्यापारपरितुष्टैः** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण अंशुवर्माको बुङ्गमतीको अभिलेख (रे.६८:५) मा उत्कीर्ण **परितुष्टैः** शब्दावलीबाट लिइएको

हो। यी दुईमा देखिएको विशेषताका सम्बन्धमा विचार गर्दा पहिलो उदाहरण (रे.१०८:१२) मा ऐकारको मात्राचिह्न पहिलो वर्ण **ष** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने दोस्रो उदाहरण (रे. ६८:५) मा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ष** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **न्तै** को उदाहरण चाबहिलको अभिलेख (प.०:४) मा उत्कीर्ण **पहारार्थन्तैल** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **प्तै** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:८) मा उत्कीर्ण **चन्द्रवर्मविज्ञप्तैः** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **प** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

यहाँ संयुक्त वर्ण **स्तै** को उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण बलम्बूको अभिलेख (रे.१२५:५) मा उत्कीर्ण **भूमिपतयस्तैरपि** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण शिवदेव+अंशुवर्माको अभिलेख (रे.५७:१२) मा उत्कीर्ण **भवितारस्तैरपि** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका सम्बन्धमा विचार गर्दा पहिलो उदाहरण (रे.१२५:५) मा ऐकारको मात्राचिह्न पहिलो **स** वर्णमा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छभने दोस्रो उदाहरण (रे.५७:१२) मा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **स** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **द्धै** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२३) मा उत्कीर्ण **सन्नद्धैर्व्वरवाजि** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **द** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **घ्नै** को उदाहरण चावहिलको (प.०:२) मा उत्कीर्ण **बहुभिर्विघ्नैः** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **घ** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्नै** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको (नो.११:३३) मा उत्कीर्ण **त्वन्नैवरागादि** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण द्मै को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३२) मा उत्कीर्ण **परिवारपद्मैः** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **द** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्मै** को उदाहरण विजयवतीको सूर्यघाटको अभिलेख (रे.१८:१) मा उत्कीर्ण **तस्मै** शब्दबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **स** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.८:२४

लिच्छवि लिपिको संयुक्त वर्णमा ऐकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्यै		नो.१:२०	ज्यै		रे.५५:१५
त्यै		रे.२०:८	द्यै		नो.१:८
न्द्यै		रे.६:१	ह्यै		नो.१:१९
न्यै		नो.७०:२४	व्यै		रे.४८:४
ष्यै		रा.०:१०	स्यै		रे.९७:८

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा ऐकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन्।

संयुक्त वर्ण **क्यै** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२०) मा उत्कीर्ण **वाक्यैर्बहुभिः** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **क** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ज्यै** को उदाहरण शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे.५५:१५) मा उत्कीर्ण **ज्यैष्ठशुक्लदिवा** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ज** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **त्यै** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:८) मा उत्कीर्ण **मयायुष्मत्यै** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **द्यै** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:८) मा उत्कीर्ण **मनुयाम्यद्यैव** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **द** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्द्यै** को उदाहरण मानदेवको विष्णुपादुकाको फेदीको अभिलेख (रे.६:१) मा उत्कीर्ण **मुनीन्द्रैरनिन्द्यैः** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **द्ध्यै** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१९) मा उत्कीर्ण **तत्पुण्यवृद्ध्यै** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **द** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **न्यै** को उदाहरण नरेन्द्रदेवको ललितपुर गैह्रीधाराको अभिलेख (नो.७० : २४) मा उत्कीर्ण **धिकृतैरन्यैर्वा** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **व्यै** को उदाहरण शङ्खमूल सिकुवहीको अभिलेख (रे.४८:४) मा उत्कीर्ण **सम्भाव्यैव** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **व** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

संयुक्त वर्ण **ष्यै** को उदाहरण अंशुवर्माको गोकर्ण महाङ्कालस्थानको अभिलेख (रा.०: १०) मा उत्कीर्ण **मल्लकरमनुष्यैः** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **ष** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्यै** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको

अभिलेख (रे.९७:८) मा उत्कीर्ण **रस्माभिस्तस्यैव** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **स** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.८:२५

लिच्छवि लिपिमा रेफसहितको वर्णमा ऐकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्थै		रे.७७:११	र्नै		रे.१०९:१७

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको वर्णमा पहिले वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि ऐकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ रेफसहितको वर्ण र्थै को उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:११) मा उत्कीर्ण **विदितार्थैः** शब्दावलीबाट लिइएको हो। यसमा पहिले **थ** वर्ण लेखी त्यसको शिरमाथि रेफचिह्न अनि त्यसभन्दा पनि माथि ऐकारको मात्राचिह्न किसिम नं. १ अनुसार लगाइएको पाइन्छ। रेफसहितको वर्ण **र्नै** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको भृङ्गारेश्वरको अभिलेख (रे.१०९:१७) मा उत्कीर्ण **ष्वधिकृतैर्नैषाम्** शब्दावलीबाट लिइएको हो। यसमा पहिले **न** वर्ण लेखी त्यसको शिरमाथि रेफचिह्न अनि त्यसभन्दा पनि माथि ऐकारको मात्राचिह्न किसिम नं. २ अनुसार लगाइएको पाइन्छ।

तालिका नं.८:२६

लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा ऐकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्णै		नो.८१:२९	र्त्यै		नो.६९:३

र्य्यै		रे.५:३	र्व्वै		रे.५:२

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा पहिले संयुक्त वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि ऐकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

रेफसहितको संयुक्त वर्ण **र्ण्णै** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२९) मा उत्कीर्ण **प्रकीर्ण्णैर्दलैः** शब्दावलीबाट लिइएको हो। यसमा पहिले **ण्ण** संयुक्त वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। रेफसहितको संयुक्त वर्ण **र्त्त्यै** को उदाहरण नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:३) मा उत्कीर्ण **मार्जनादिप्रपूर्त्त्यै** शब्दावलीबाट लिइएको हो। यसमा पहिले **त्त्य** संयुक्त वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

रेफसहितको संयुक्त वर्ण **र्य्यै** को उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:३) मा उत्कीर्ण **धर्म्मकार्य्यैककार्य्या** शब्दावलीबाट लिइएको हो। यसमा पहिले **य्य** संयुक्त वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। रेफसहितको संयुक्त वर्ण **र्व्वै** को उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:२) मा उत्कीर्ण **सर्व्वैर्गुणैः** शब्दावलीबाट लिइएको हो। यसमा पहिले **व्व** संयुक्त वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं. ८:२७

लिच्छवि लिपिको र+सहितको वर्णमा ऐकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्रै		रा.०:६	भ्रै		नो.८१:२६

श्रै		नो.१:१५	स्रै		नो.८१:२७

माथिको तालिकामा लिच्छवि लिपिमा र+सहितको वर्णमा ऐकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ र+सहितको वर्ण त्रै को उदाहरण विमलसङ्घको देउपाटनको अभिलेख (रा.०:६) मा उत्कीर्ण **तत्रैव** शब्दावलीबाट लिइएको हो। यसमा पहिले र+सहितको वर्ण त्र लेखी त्यसमाथि ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। र+सहितको वर्ण भ्रै को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२६) मा उत्कीर्ण **शुभ्रैः** शब्दबाट लिइएको हो। यसमा पहिले र+सहितको वर्ण भ्र लेखी त्यसमाथि ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

र+सहितको वर्ण श्रै को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१५) मा उत्कीर्ण **नेत्राम्बुमिश्रैर्दृढम्** शब्दावलीबाट लिइएको हो। यसमा पहिले र+सहितको वर्ण श्र लेखी त्यसमाथि ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। र+सहितको वर्ण स्रै को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२७) मा उत्कीर्ण **जिह्वासहस्रैः** शब्दावलीबाट लिइएको हो। यसमा पहिले र+सहितको वर्ण स्र लेखी त्यसमाथि ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ।

तालिका नं.८:२८

लिच्छवि लिपिमा र+सहितको संयुक्त वर्णमा ऐकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्रै		नो.८१:२७	त्रै		रे.१३१:२

न्द्रै		रे.६:१			

माथिको तालिकामा लिच्छवि लिपिमा र+सहितको संयुक्त वर्णमा ऐकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ **र**+सहितको संयुक्त वर्ण **क्त्रै** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२७) मा उत्कीर्ण **दशभिर्व्वक्त्रैः** शब्दावलीबाट लिइएको हो । यसमा पहिले **र**+सहितको संयुक्त वर्ण **क्त्र** लेखी त्यसमाथि ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **क** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। **र**+सहितको संयुक्त वर्ण **त्त्रै** को उदाहरण शिवदेव द्वितीयको पालाको नालाको अभिलेख (रे.१३१:२) मा उत्कीर्ण **तत्त्रैव** शब्दावलीबाट लिइएको हो । यसमा पहिले **र**+सहितको संयुक्त वर्ण **त्त्र** लेखी त्यसमाथि ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ ।

र+सहितको संयुक्त वर्ण **न्द्रै** को उदाहरण मानदेवको विष्णुपादुकाको फेदीको अभिलेख (रे. ६:१) मा उत्कीर्ण **मुनीन्द्रैः** शब्दबाट लिइएको हो । यसमा पहिले **र**+सहितको संयुक्त वर्ण **न्द्र** लेखी त्यसमाथि ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **न** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ ।

तालिका नं.८:२९

लिच्छवि लिपिको व संयुक्त वर्णमा ऐकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्वै		नो.६७:२१	द्वै		रे.२७:७३
म्वै		रे.१३६:२१	स्वै		रे.४५:९

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्ण **व** मा ऐकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा दिइएका छन् ।

संयुक्त वर्ण **त्वै** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:२१) मा उत्कीर्ण **विदित्वैतद्** शब्दावलीबाट लिइएको हो । यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **त** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **द्वै** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे. २७:७३) मा उत्कीर्ण **द्वैपायनस्य** शब्दबाट लिइएको हो । यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **द** मा किसिम नं. १ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **म्वै** को उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:२१) मा उत्कीर्ण **नदीसम्वैद्यस्ताम्** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **म** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। संयुक्त वर्ण **स्वै** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:९) मा उत्कीर्ण **स्वैः कर्म्मभिः** शब्दावलीबाट लिइएको हो। यसमा ऐकारको मात्राचिह्नचाहिँ पहिलो वर्ण **स** मा किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ।

यसरी यस अध्यायमा लिच्छवि लिपिको वर्ण एवं संयुक्त वर्णहरूमा लगाइएका एकार तथा ऐकारका मात्राचिह्नहरूको आकृति-विन्यासको बारेमा उदाहरणसहितको विवेचना प्रस्तुत गरिएको छ।

⁂

अध्याय : नौ

लिच्छवि लिपिको वर्णमा ओकार तथा औकारको मात्राचिह्न

लिच्छवि लिपिको वर्णमा ओकारको मात्राचिह्न

अहिले देवनागरी लिपिमा कुनै पनि वर्णमा दायाँपट्टि आकारको मात्राचिह्न दिएर शिरोरेखामा बायाँतर्फ ढल्कने गरी एकारको मात्राचिह्न दिएपछि ओकारको मात्राचिह्न बन्ने कुरा हामी सबैलाई विदितै छ। यसै गरी लिच्छविकालको लिपिमा पनि आकारको मात्राचिह्न लगाएर अनि एकारको मात्राचिह्न लगाएपछि ओकारको मात्राचिह्न बनाउने मान्यताचाहिँ उही नै रहेको देखिन्छ। यसो भए तापनि लिच्छविकालको लिपिमा खास गरेर एकारको मात्राचिह्न दुई किसिमको रहेको हुनाले यहाँ ओकारको मात्राचिह्नलाई पनि दुई किसिमले परिभाषित गर्नुपर्ने हुन्छ – १. वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम (अर्थात् वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिँचिएको) लगाई अक्षरको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने ओकारको मात्राचिह्न भएको, २. वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम (अर्थात् वर्णको शिरोरेखामा आजभोलिको देवनागरी लिपिको एकारको आकृतिजस्तो मात्राचिह्न भएको) लगाई अक्षरको विन्यास अनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने ओकारको मात्राचिह्न भएको। लिच्छवि लिपिमा

वर्णको विन्यासअनुरूप आकारको मात्राचिह्न फरक फरक हुने कुरामा यसअघि प्रकाश पारिसकिएको हुनाले यहाँ सोहीबमोजिम हुने कुरा स्मरण गरिराख्नुपर्ने हुन्छ। यी वर्णहरूमध्ये एउटा वर्णमा एकै किसिमको मात्र ओकारको मात्राचिह्न लगाइने प्रचलन उतिखेर थिएन। एउटै वर्णमा फरक फरक किसिमले ओकारको मात्राचिह्न लगाइएको पनि पाइन्छ। यसबारेमा निम्न तालिकाहरूमा विस्तृत प्रकाश पारिएको छ।

तालिका नं.९:१

लिच्छवि लिपिको वर्णमा ओकारको मात्राचिह्न – किसिम नं. १

वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम (अर्थात् वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिँचिएको) लगाई अक्षरको विन्यास अनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने ओकारको मात्राचिह्न भएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
को		रे.२०:९	खो		नो.८१:१७
चो		रे.३७:२०	जो		नो.८१:१४
तो		नो.१:१२	दो		रे.७४:७
नो		नो.१:८			

माथिको तालिकामा लिच्छवि लिपिको वर्णमा ओकारको मात्राचिह्न किसिम नं. १ बमोजिम अर्थात् वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिँचिएको एकारको मात्राचिह्न लगाई अक्षरको

विन्यासअनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने ओकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ **को** वर्णको उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:९) मा उत्कीर्ण **सुस्थितकोट्ट** शब्दबाट लिइएको हो। यसमा **क** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **खो** वर्णको उदाहरण राजा जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो. ८१:१७) मा उत्कीर्ण **प्राज्यसुखोर्ज्जित** शब्दावलीबाट लिइएको हो। यसमा **ख** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

चो वर्णको उदाहरण गणदेवको फर्पिङ्को अभिलेख (रे.३७:२०) मा उत्कीर्ण **ब्रेम्गुंचो** शब्दावलीबाट लिइएको हो। यसमा **च** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **जो** वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१४) मा उत्कीर्ण **भूमिभुजोप्यजायत** शब्दावलीबाट लिइएको हो। यसमा **ज** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्नचाहिँ किसिम नं.७ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तो वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१२) मा उत्कीर्ण **ततोम्बयाति** शब्दावलीबाट लिइएको हो। यसमा **त** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **दो** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:७) मा उत्कीर्ण **दोलाशिखरस्वामिनः** शब्दावलीबाट लिइएको हो। यसमा **द** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **नो** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:८) मा उत्कीर्ण **चाज्ञावशवर्त्तिनो** शब्दावलीबाट

लिइएको हो। यसमा **न** वर्णमा एकारको मात्रा चिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:२

लिच्छवि लिपिको वर्णमा ओकारको मात्राचिह्न – किसिम नं. १

वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम (अर्थात् वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिँचिएको) लगाई अक्षरको विन्यास अनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने ओकारको मात्राचिह्न भएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पो		यो.०:१	पो		नो.८१:३५
भो		नो.५४:१३	मो		नो.५४:१७
यो		नो.१:१३	यो		रे.१४०:१४
रो		रे.५९:२	लो		नो.१:१६
वो		नो.१:३	शो		रे.८३:४
षो		नो.५६:२१	सो		नो.१:३
हो		यो.०:२			

माथिको तालिकामा लिच्छवि लिपिको वर्णमा ओकारको मात्राचिह्न किसिम नं. १ बमोजिम अर्थात् वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिँचिएको एकारको मात्राचिह्न लगाई अक्षरको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने ओकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **नो** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पो** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ **पो** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण वसन्तदेवको बासडोलको अभिलेख (यो.०:१)मा उत्कीर्ण **पोर्ण्णमास्याम्** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३५) मा उत्कीर्ण **लब्धप्रतापो** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (यो.०:१) मा दुई भुजा भएको **प** वर्णमा बायाँ भुजामा किसिम नं. १ बमोजिम एकारको मात्राचिह्न दिई बायाँ भुजामा नै किसिम नं. २ बमोजिम आकारको मात्राचिह्न समेत लगाई ओकारको मात्राचिह्न बनाइएको देखिन्छभने दोस्रो उदाहरण (नो.८१:३५) मा दुई भुजा भएको **प** वर्णमा बायाँ भुजामा किसिम नं. १ बमोजिम एकारको मात्राचिह्न दिई दायाँ भुजामा किसिम नं. १ बमोजिम आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

यहाँ **भो** वर्णको उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख (नो.५४:१३) मा उत्कीर्ण **राज्यभोग्यताम्** शब्दावलीबाट लिइएको हो। यसमा **भ** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **मो** वर्णको उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख (नो. ५४:१७) मा उत्कीर्ण **प्रतिमोचनार्थम्** शब्दावलीबाट लिइएको हो। यसमा **म** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

यहाँ **यो** वर्णको उदाहरण दुईओटा दिइएका छन् । पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१३) मा उत्कीर्ण **त्वद्विप्रयोगे** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण मीननाथको अभिलेख (रे.१४०:१४) मा उत्कीर्ण **लङ्घनीयो** शब्दबाट लिइएको हो । यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (नो.१:१३) मा तीन भुजा भएको **य** वर्णको बीचको भुजामा किसिम नं. १ बमोजिम एकारको मात्राचिह्न र बीचकै सोही भुजामा किसिम नं. २ बमोजिम आकारको मात्राचिह्न समेत लगाई ओकारको मात्राचिह्न बनाइएको छभने दोस्रो उदाहरण (रे.१४०:१४) मा तीन भुजा भएको **य** वर्णको विकसित रूप दुई भुजा भइसकेको अवस्थामा पुगेको हुनाले यसमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम पहिलो भुजामा अनि आकारको मात्राचिह्नचाहिँ किसिम नं. १ बमोजिम दोस्रो भुजामा लगाई ओकारको मात्राचिह्न बनाइएको देखिन्छ ।

रो वर्णको उदाहरण शिवदेव+अंशुवर्माको बूढानीलकण्ठस्थानको अभिलेख (रे.५९:२) मा उल्लिखित **सद्गुणगणाधारो** शब्दावलीबाट लिइएको हो । यसमा **र** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ । **लो** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा उत्कीर्ण **इवाकुलोत्कटसटः** शब्दावलीबाट लिइएको हो । यसमा **ल** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ ।

वो वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:३) मा उत्कीर्ण **श्रीमानदेवो** शब्दावलीबाट लिइएको हो । यसमा **व** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ । **शो** वर्णको उदाहरण अंशुवर्माको पालाको फर्पिङ्गको अभिलेख (रे.८३:४) मा उत्कीर्ण **स्वयशोमरीचि** शब्दावलीबाट लिइएको हो । यसमा **श** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्रा चिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ ।

षो वर्णको उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (नो.५६:२१)मा उत्कीर्ण **प्रसादविशेषो** शब्दावलीबाट लिइएको हो। यसमा **ष** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **सो** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:३) मा उत्कीर्ण **पीनांसो** शब्दबाट लिइएको हो । यसमा **स** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। हो वर्णको उदाहरण राजा वसन्तदेवको बासडोलको अभिलेख (यो.०:२) मा[1] उत्कीर्ण **महोदए** शब्दबाट लिइएको हो। यसमा ह वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:३

लिच्छवि लिपिको वर्णमा ओकारको मात्राचिह्न- किसिम नं. २

वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम (अर्थात् वर्णको शिरोरेखामा आजभोलिको देवनागरी लिपिको एकारको आकृतिजस्तो मात्राचिह्न भएको) लगाई अक्षरको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने ओकारको मात्राचिह्न भएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
को		रे.१०६:२१	खो		नो.६९:२
गो		रे.५६:१७	घो		नो.८१:६
चो		रे.५८:१०	छो		रे.१००:४

---

[1] योगेशराज, "बासडोलको वसन्तदेवको अप्रकाशित अभिलेख" पासुका पूर्णाङ्क ६७, पौष २०७५ पृ. २३।

जो		रे.५६:१५	डो		रे.१०२:१३
णो		नो.२०:११	णो		रे.९७:१८
तो		रे.७९:३	थो		रे.६९:७
दो		रे.५५:१०	धो		रे.१२८:२२
नो		रे.७९:२			

माथिको तालिकामा लिच्छवि लिपिको वर्णमा ओकारको मात्राचिह्न किसिम नं. २ बमोजिम अर्थात् वर्णको शिरोरेखामा आजभोलिको देवनागरी लिपिको एकारको आकृतिजस्तो मात्राचिह्न लगाई अक्षरको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने ओकारको मात्राचिह्न भएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ **को** वर्णको उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:२१) मा उत्कीर्ण **दक्षिणकोलिग्रामे** शब्दबाट लिइएको हो। यसमा **क** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **खो** वर्णको उदाहरण नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:२) मा उत्कीर्ण **स्वसुखो मे** शब्दावलीबाट लिइएको हो। यसमा **ख** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

गो वर्णको उदाहरण शिवदेव+अंशुवर्माको तुलाछेँटोलको अभिलेख (रे.५६:१७) मा उत्कीर्ण **भोगवर्म्मगोमी** शब्दबाट लिइएको हो। यसमा **ग** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **घो** वर्णको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:६) मा उत्कीर्ण **रघोरप्यज**: शब्दावलीबाट लिइएको हो। यसमा **घ** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

चो वर्णको उदाहरण शिवदेव+अंशुवर्माको बनेपाको अभिलेख (रे.५८:१०) मा उत्कीर्ण **कृतोस्य चोत्तर** शब्दावलीबाट लिइएको हो। यसमा **च** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **छो** वर्णको उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको आदेश्वरको अभिलेख (रे.१००:४) मा उत्कीर्ण **छोगुंयुबी** शब्दावलीबाट लिइएको हो। यसमा **छ** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **जो** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको तुलाछेँटोलको अभिलेख (रे.५६:१५) मा उत्कीर्ण **भूभुजो** शब्दबाट लिइएको हो। यसमा **ज** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. ७ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

यहाँ **डो** वर्णको उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूको अभिलेख (रे.१०२:१३) मा उत्कीर्ण **तैडोस्थल** शब्दबाट लिइएको हो। यसमा **ड** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। यहाँ **णो** वर्णको उदाहरणचाहिँ दुईओटा दिइएका छन्। पहिलो उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (नो.२०:११) मा उत्कीर्ण **विधिप्रयोगनिपुणो** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको

अभिलेख (रे.९७:१८)मा उत्कीर्ण **दक्षिणोद्देशे** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (नो.२० :११) मा **ण** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम दोस्रो भुजामा लगाइएको छ र आकारको मात्राचिह्नचाहिँ किसिम नं. ३ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको छ। दोस्रो उदाहरण (रे.९७:१८) मा **ण** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम तेस्रो भुजामा लगाइएको छ **र** आकारको मात्राचिह्नचाहिँ किसिम नं. ८ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तो वर्णको उदाहरण अंशुवर्माको नक्साल भन्सारहिटीको अभिलेख (रे.७९:३) मा उत्कीर्ण **पादानुगृहीतो** शब्दबाट लिइएको हो। यसमा **त** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **थो** वर्णको उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:७) मा उत्कीर्ण **यथोचितदानेन** शब्दावलीबाट लिइएको हो। यसमा **थ** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **दो** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे.५५:१०) मा उत्कीर्ण **प्रसादोपजीविभिः** शब्दावलीबाट लिइएको हो। यसमा **द** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

धो वर्णको उदाहरण नरेन्द्रदेवको पशुपति वज्रघरको अभिलेख (रे.१२८:२२) मा उत्कीर्ण **स्रोतोधोनुसृत्य** शब्दावलीबाट लिइएको हो। यसमा **ध** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **नो** वर्णको उदाहरण अंशुवर्माको नक्साल भन्सारहिटीको अभिलेख (रे.७९:२) मा उत्कीर्ण **निबन्धनोन्नीयमान** शब्दावलीबाट लिइएको हो। यसमा **न** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:४

लिच्छवि लिपिको वर्णमा ओकारको मात्राचिह्न– किसिम नं. २

वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम (अर्थात् वर्णको शिरोरेखामा आजभोलिको देवनागरी लिपिको एकारको आकृतिजस्तो मात्राचिह्न भएको) लगाई अक्षरको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने ओकारको मात्राचिह्न भएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पो		नो.१:१०	पो		नो.२७:६
पो		नो.३४:१५	बो		रे.२७:५५
भो		नो.४१:९	मो		नो.१७:४
मो		नो.६७:२२	यो		रे.४५:११
यो		रे.६३:१४	यो		रे.७७:१२
यो		नो.७२:१५	रो		नो.४१:८
लो		रे.९७:१०	वो		रे.९७:९
शो		रे.५५:९	शो		रे.१८:२

सो		रे.४५:६	हो		रे.५९:३

माथिको तालिकामा लिच्छवि लिपिको वर्णमा ओकारको मात्राचिह्न किसिम नं. २ बमोजिम अर्थात् वर्णको शिरोरेखामा आजभोलिको देवनागरी लिपिको एकारको आकृतिजस्तो मात्राचिह्न लगाई अक्षरको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने ओकारको मात्राचिह्न भएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । यसअघिको तालिकामा **नो** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पो** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ **पो** वर्णको उदाहरण तीनओटा दिइएका छन् । पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१०) मा उत्कीर्ण **तपोभिः** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण शिवदेव+अंशुवर्माको बूढानीलकण्ठको अभिलेख (नो.२७:६) मा उत्कीर्ण **प्रतापो** शब्दबाट लिइएको हो । अनि तेस्रो उदाहरण चाहिँ शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:१५) मा उत्कीर्ण **चलकाक्षेपोसौ** शब्दावलीबाट लिइएको हो । यी तीनमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (नो.१:१०) मा दुई भुजा भएको **प** वर्णमा बायाँ भुजाबाट पर वर्णको समाप्तिसम्म तानेर किसिम नं. २ बमोजिम आकारको मात्राचिह्न दिई बायाँ भुजामा नै किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ । दोस्रो उदाहरण (नो.२७:६) मा दुई भुजा भएको **प** वर्णमा दायाँ भुजामा किसिम नं. १ बमोजिम आकारको मात्राचिह्न दिई एकारको मात्राचिह्न बायाँ भुजामा किसिम नं. २ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको देखिन्छ । अनि तेस्रो उदाहरण (नो. ३४:१५) मा दुई भुजा भएको **प** वर्णमा दायाँ भुजामा किसिम नं. १ बमोजिम आकारको मात्राचिह्न दिई दायाँ भुजामा नै किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ ।

यहाँ **बो** वर्णको उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:५५) मा उत्कीर्ण **तदवबोधात्** शब्दावलीबाट लिइएको हो । यसमा **ब** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको

मात्राचिह्न किसिम नं. ३ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **भो** वर्णको उदाहरण अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:९) मा उत्कीर्ण **भोगदेव्या** शब्दबाट लिइएको हो। यसमा **भ** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

यहाँ **मो** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण राजा रामदेवको पालाको मृगस्थली जाने बाटोको अभिलेख (नो.१७:४) मा उत्कीर्ण **ग्रामोद्देशे** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:२२) मा उत्कीर्ण **प्यनुमोदनीयं** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (नो.१७:४) मा दुई भुजा भएको **म** वर्णको बायाँ भुजामा किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न लगाई आकारको मात्राचिह्नचाहिँ दायाँ भुजामा किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छभने दोस्रो उदाहरण (नो.६७:२२) मा दुई भुजा भएको **म** वर्णको दायाँ भुजामा नै किसिम नं. २ बमोजिम एकारको तथा किसिम नं. १ बमोजिम आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

यहाँ **यो** वर्णको उदाहरण चारओटा दिइएका छन्। पहिलो उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:११) मा उत्कीर्ण **विधिप्रयोगनिपुणो** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१४) मा उत्कीर्ण **करणीयो** शब्दबाट लिइएको हो। अनि तेस्रो उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१२) मा उत्कीर्ण **प्रसादोन्यथा करणीयो** शब्दावलीबाट लिइएको होभने चौथो उदाहरण च्यासलको नरेन्द्रदेवको अभिलेख (नो.७२:१५)मा उत्कीर्ण **करणीयो** शब्दबाट लिइएको हो। यी चारमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.४५:११) मा तीन भुजा भएको **य** वर्णमा किसिम नं. २ बमोजिम आकारको मात्राचिह्न दोस्रो भुजामा दिई किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न पनि दोस्रो भुजामा नै लगाई ओकारको मात्राचिह्न बनाइएको छभने दोस्रो उदाहरण (रे.६३:१४) मा तीन भुजा भएको **य** वर्णमा आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम तेस्रो भुजामा दिई एकारको मात्राचिह्नचाहिँ

किसिम नं. २ बमोजिम दोस्रो भुजामा लगाई ओकारको मात्राचिह्न बनाइएको छ। तेस्रो उदाहरण (रे.७७:१२) मा तीन भुजा भएको **य** वर्णमा आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम तेस्रो भुजामा दिई एकारको मात्राचिह्न पनि किसिम नं. २ बमोजिम तेस्रो भुजामा नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। चौथो उदाहरण (नो.७२ः १५) मा अब **य** वर्ण तीन भुजाबाट दुई भुजामा विकसित भइसकेको हुनाले यसमा आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम तथा एकारको मात्राचिह्न पनि किसिम नं. २ बमोजिम दुवै दोस्रो भुजामा नै लगाई ओकारको मात्राचिह्न बनाइएका देखिन्छन्। स्थान-विशेषले, समय-विशेषले तथा कलाकारको कुदाइँविशेषले पनि मात्राचिह्नहरूमा यस्तो फरक परिरहने हुन्छ।

यहाँ **रो** वर्णको उदाहरण अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:८) मा उत्कीर्ण **भोगेश्वरोस्मद्‌भगिन्या** शब्दावलीबाट लिइएको हो। यसमा **र** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **लो** वर्णको उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:१०) मा उत्कीर्ण **चिरकालोद्वहनाय** शब्दावलीबाट लिइएको हो। यसमा **ल** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **वो** वर्णको उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:९) मा उत्कीर्ण **ग्रामाणामेवोपकाराय** शब्दावलीबाट लिइएको हो। यसमा **व** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

यहाँ **शो** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे.५५:९) मा उत्कीर्ण **प्रवेशो** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण विजयवतीको पशुपति सूर्यघाटको अभिलेख (रे.१८:२) मा उत्कीर्ण **स्वाङ्गशोभासमृद्ध** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.५५:९) मा **श** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न

बनाइएको पाइन्छभने दोस्रो उदाहरण (रे.१८:२) मा **श** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्नचाहिँ किसिम नं. ५ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

सो वर्णको उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:६) मा उत्कीर्ण **श्रेयसाञ्चाधिवासो** शब्दावलीबाट लिइएको हो। यसमा **स** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **हो** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको बूढानीलकण्ठस्थानको अभिलेख (रे.५९:३) मा उत्कीर्ण **नरसिंहोभयपाञ्चाली** शब्दावलीबाट लिइएको हो। यसमा **ह** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:५

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका ओकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
को		रे.२०:९		रे.१०६:२१
खो		नो.८१:१७		नो.६९:२
चो		रे.३७:२०		रे.५८:१०
जो		नो.८१:१४		रे.५६:१५

तो		नो.१:१२		रे.७९:३
दो		रे.७४:७		रे.५५:१०
नो		नो.१:८		रे.७९:२

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. १ तथा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:९) मा **सुस्थितकोट्ट** लेख्दा **क** वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:२१) मा **दक्षिणकोलिग्रामे** लेख्दा **क** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छ । राजा जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१७) मा **प्राज्यसुखोर्ज्जित** लेख्दा **ख** वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:२) मा **स्वसुखो मे** लेख्दा **ख** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

यहाँ राजा गणदेवको फर्पिङ्को अभिलेख (रे.३७:२०) मा **ब्रेम्गुंचो** लेख्दा **च** वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको बनेपाको अभिलेख (रे.५८:१०) मा **कृतोस्यचोत्तर** लेख्दा **च** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छ । जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१४) मा **भूमिभुजोप्यजायत** लेख्दा **ज** वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने

शिवदेव+अंशुवर्माको तुलाछेँटोलको अभिलेख (रे. ५६:१५) मा **भूभुजो** लेख्दा **ज** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छ।

मानदेवको चाँगुको अभिलेख (नो.१:१२) मा **ततोम्बयातिमुदया** लेख्दा **त** वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने अंशुवर्माको नक्साल भन्सारहिटीको अभिलेख (रे.७९:३) मा **पादानुगृहीतो** लेख्दा **त** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छ। अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:७) मा **दोलाशिखरस्वामिनः** लेख्दा **द** वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे. ५५:१०) मा **प्रसादोपजीविभिः** लेख्दा **द** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छ। मानदेवको चाँगुको अभिलेख (नो.१:८) मा **चाज्ञावशवर्त्तिनो** लेख्दा **न** वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने अंशुवर्माको नक्साल भन्सारहिटीको अभिलेख (रे.७९:२) मा **निबन्धनोन्नीयमान** लेख्दा **न** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छ।

तालिका नं.९:६

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका ओकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
पो		यो.०:१		नो.१:१०
पो		नो.८१:३५		नो.२७:६
पो		–		नो.३४:१५

भो		नो.५४:१३		नो.४१:९
मो		नो.५४:१७		नो.१७:४
मो		–		नो.६७:२२
यो		नो.१:१३		रे.४५:११
यो		रे.१४०:१४		रे.६३:१४
यो		–		रे.७७:१२
यो		–		नो.७२:१५
रो		रे.५९:२		नो.४१:८
लो		नो.१:१६		रे.९७:१०
वो		नो.१:३		रे.९७:९
शो		रे.८३:४		रे.५५:९

		–		रे.१८:२
सो		नो.१:३		रे.४५:६
हो		यो.०:२		रे.५९:३

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. १ तथा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **नो** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पो** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ वसन्तदेवको बासडोलको अभिलेख (यो.०:१) मा **पोर्ण्णमास्याम्** लेख्दा **प** वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३५) मा **लब्धप्रतापो** लेख्दा **प** वर्णमा किसिम नं. १ बमोजिम नै ओकारको मात्राचिह्न लगाइएको पाइन्छ। मानदेवको चाँगुको अभिलेख (नो.१:१०) मा **तपोभिः** लेख्दा **प** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको बूढानीलकण्ठको अभिलेख (नो.२७:६) मा **प्रतापो** लेख्दा **प** वर्णमा किसिम नं. २ बमोजिम नै ओकारको मात्राचिह्न लगाइएको पाइन्छ। अनि शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:१५) मा पनि **चलकाक्षेपोसौ** लेख्दा **प** वर्णमा किसिम नं.२ बमोजिम नै ओकारको मात्राचिह्न लगाइएको पाइन्छ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएका **पो** वर्णका आकृतिहरू जम्मा पाँच किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – **पोर्ण्णमास्याम्** (यो.०:१) लेख्दा दुई भुजा भएको **प** वर्णमा बायाँ भुजामा किसिम नं. १ बमोजिम एकारको मात्राचिह्न दिई

बायाँ भुजामा नै आकारको मात्राचिह्नसमेत लगाई ओकारको मात्राचिह्न बनाइएको,

२. दोस्रो उदाहरण – **लब्धप्रतापो** (नो.८१:३५) लेख्दा दुई भुजा भएको **प** वर्णमा दायाँ भुजामा किसिम नं. १ बमोजिम एकारको मात्राचिह्न दिई बायाँ भुजामा आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको,

३. तेस्रो उदाहरण – **तपोभिः** (नो.१:१०) लेख्दा दुई भुजा भएको **प** वर्णमा बायाँ भुजामा किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न दिई सोही भुजाबाट पर वर्णको समाप्तिसम्म तानेर आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको,

४. चौथो उदाहरण – **प्रतापो** (नो.२७:६) लेख्दा दुई भुजा भएको **प** वर्णमा दायाँ भुजामा आकारको मात्राचिह्न दिई एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम बायाँ भुजामा लगाई ओकारको मात्राचिह्न बनाइएको,

५. पाँचौं उदाहरण – **चलकाक्षेपोसौ** (नो. ३४:१५) लेख्दा दुई भुजा भएको **प** वर्णमा दायाँ भुजामा आकारको मात्राचिह्न दिई दायाँ भुजामा नै किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको।

ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख (नो.५४:१३) मा **राज्यभोग्यताम्** लेख्दा **भ** वर्णमा किसिम नं. १ बमोजिम आकारको मात्राचिह्न लगाइएको पाइन्छभने अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:९)मा **भोगदेव्या** लेख्दा **भ** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छ।

ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख (नो.५४:१७) मा **प्रतिमोचनार्थम्** लेख्दा **म** वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने राजा रामदेवको पालाको मृगस्थली जाने बाटोको अभिलेख (नो.१७:४) मा **ग्रामोद्देशे** लेख्दा **म** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छ। अनि नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:२२) मा **प्यनुमोदनीयं** लेख्दा पनि **म** वर्णमा किसिम नं. २ बमोजिम नै ओकारको मात्राचिह्न लगाइएको पाइन्छ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएका **मो** वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख (नो.५४:१७) मा **प्रतिमोचनार्थम्** लेख्दा दुई भुजा भएको **म** वर्णको बायाँ भुजामा किसिम नं. १ बमोजिम एकारको मात्राचिह्न लगाई आकारको मात्राचिह्नचाहिँ दायाँ भुजामा किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको,

२. दोस्रो उदाहरण – राजा रामदेवको पालाको मृगस्थली जाने बाटोको अभिलेख (नो.१७:४) मा **ग्रामोद्देशे** लेख्दा दुई भुजा भएको **म** वर्णको बायाँ भुजामा किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न लगाई आकारको मात्राचिह्नचाहिँ दायाँ भुजामा किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको,

३. तेस्रो उदाहरण –नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:२२) मा **प्यनुमोदनीयं** लेख्दा दुई भुजा भएको **म** वर्णको दायाँ भुजामा किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न तथा सोही भुजामा किसिम नं. १ बमोजिम आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको ।

मानदेवको चाँगुको अभिलेख (नो.१:१३) मा **त्वद्विप्रयोगे** लेख्दा **य** वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने मीननाथको अभिलेख (रे.१४०:१४) मा **लङ्घनीयो** लेख्दा पनि **य** वर्णमा किसिम नं. १ बमोजिम नै ओकारको मात्राचिह्न लगाइएको पाइन्छ। स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:११) मा **विधिप्रयोगनिपुणो** लेख्दा **य** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१४) मा पनि **करणीयो** लेख्दा **य** वर्णमा किसिम नं. २ बमोजिम नै ओकारको मात्राचिह्न लगाइएको पाइन्छ। यसै गरी अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१२) मा **प्रसादोन्यथा करणीयो** लेख्दा **य** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने नरेन्द्रदेवको च्यासलको अभिलेख (नो.७२:१५) मा **करणीयो** लेख्दा पनि **य** वर्णमा किसिम नं. २ बमोजिम नै ओकारको मात्राचिह्न लगाइएको पाइन्छ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएका **यो** वर्णका आकृतिहरू जम्मा छ किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – मानदेवको चाँगुको अभिलेख (नो.१:१३) मा **त्वद्विप्रयोगे** लेख्दा तीन भुजा भएको **य** वर्णको बीचको भुजामा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई सोही भुजामा आकारको मात्राचिह्नसमेत किसिम नं. २ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको,

२. दोस्रो उदाहरण – स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:११) मा **विधिप्रयोगनिपुणो** लेख्दा तीन भुजा भएको **य** वर्णमा आकारको मात्राचिह्न किसिम नं. २ बमोजिम दोस्रो भुजामा दिई एकारको मात्राचिह्न पनि किसिम नं. २ बमोजिम दोस्रो भुजामा नै लगाई ओकारको मात्राचिह्न बनाइएको,

३. तेस्रो उदाहरण – शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१४) मा **करणीयो** लेख्दा तीन भुजा भएको **य** वर्णमा आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम तेस्रो भुजामा दिनुका साथै एकारको मात्राचिह्नचाहिँ किसिम नं. २ बमोजिम दोस्रो भुजामा लगाई ओकारको मात्राचिह्न बनाइएको,

४. चौथो उदाहरण – अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१२) मा **प्रसादोन्यथा करणीयो** लेख्दा तीन भुजा भएको **य** वर्णमा आकारको मात्राचिह्न किसिम नं. २ बमोजिम तेस्रो भुजामा लगाई एकारको मात्राचिह्न पनि किसिम नं. २ बमोजिम तेस्रो भुजामा नै लगाई ओकारको मात्राचिह्न बनाइएको,

५. पाँचौं उदाहरण – नरेन्द्रदेवको च्यासलको अभिलेखसम्म आइपुग्दा **य** वर्णको रूप तीन भुजा बाट दुई भुजामा विकसित भइसकेको हुँदा यहाँ **करणीयो** (नो.७२:१५) लेख्दा दुई भुजा भएको **य** वर्णमा आकारको मात्राचिह्न एवं एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम दुवै दोस्रो भुजामा नै लगाई ओकारको मात्राचिह्न बनाइएको,

६. छैटौं उदाहरण – मीननाथको अभिलेखसम्म आइपुग्दा **य** वर्णको रूप तीन भुजाबाट दुई भुजामा विकसित भइसकेको हुँदा यहाँ **लङ्घनीयो** (रे.१४० :१४) लेख्दा दुई भुजा भएको **य** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम बायाँ भुजामा अनि आकारको मात्राचिह्नचाहिँ किसिम नं. १ बमोजिम दायाँ भुजामा लगाई ओकारको मात्राचिह्न बनाइएको ।

यहाँ शिवदेव+अंशुवर्माको बूढानीलकण्ठस्थानको अभिलेख (रे.५९:२) मा **सद्गुणगणाधारो** लेख्दा **र** वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:८) मा **भोगेश्वरोस्मद्भगिन्या** लेख्दा **र** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छ। मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा **इवाकुलोत्कटसटः** लेख्दा **ल** वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:१०) मा **चिरकालोद्वहनाय** लेख्दा **ल** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छ।

मानदेवको चाँगुको अभिलेख (नो.१:३) मा **श्रीमानदेवो** लेख्दा **व** वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने छिन्नमस्ताको ध्रुवदेव+जिष्णुगुप्तको अभिलेख (रे.९७:९) मा **ग्रामाणामेवोपकाराय** लेख्दा **व** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छ। अंशुवर्माको पालाको फर्पिङ्गको अभिलेख (रे.८३:४) मा **स्वयशोमरीचि** लेख्दा **श** वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे.५५:९) मा **प्रवेशो** लेख्दा **श** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छ। अनि विजयवतीको सूर्यघाटको अभिलेख (रे.१८:२) मा **स्वाङ्गशोभासमृद्ध** लेख्दा **श** वर्णमा किसिम नं. २ बमोजिम नै ओकारको मात्राचिह्न लगाइएको पाइन्छ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएका **शो** वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – अंशुवर्माको पालाको फर्पिङ्गको अभिलेख (रे.८३:४) मा **स्वयशोमरीचि** लेख्दा **श** वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको,

२. दोस्रो उदाहरण – शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे.५५:९) मा **प्रवेशो** लेख्दा **श** वर्णमा एकारको मात्राचिह्न किसिम नं.

२ बमोजिम लगाई आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको,

३. तेस्रो उदाहरण – विजयवतीको सूर्यघाटको अभिलेख (रे.१८:२) मा **स्वाङ्गशोभासमृद्ध** लेख्दा **श** वर्णमा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाई आकारको मात्राचिह्नचाहिँ किसिम नं. ५ बमोजिम लगाई ओकारको मात्राचिह्न बनाइएको ।

मानदेवको चाँगुको अभिलेख (नो.१:३) मा **पीनांसो** लेख्दा **स** वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:६) मा **श्रेयसाञ्चाधिवासो** लेख्दा **स** वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

राजा वसन्तदेवको बासडोलको अभिलेख (यो.०:२) मा **महोदए** लेख्दा ह वर्णमा किसिम नं. १ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छभने शिवदेव+अंशुवर्माको बूढानीलकण्ठस्थानको अभिलेख (रे.५९:३) मा **नरसिंहोभयपाञ्चाली** लेख्दा ह वर्णमा किसिम नं. २ बमोजिम ओकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

तालिका नं.९:७

लिच्छवि लिपिको संयुक्त वर्णमा ओकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ङ्को		रे.६०:११	त्को		नो.११:६३
क्षो		नो.१:२१	ड्वो		नो.३४:२२
ङ्गो		नो.५५:४	द्गो		नो.३४:१७

ञ्चो		रे.१०६:८	प्चो		नो.५७:२०
श्चो		रे.१०६:११	ञ्जो		रे.७९:४
ज्ञो		नो.१:१२			
ट्टो		नो.३४:९	ष्टो		रे.४५:२
ण्डो		रे.११:२०	ष्णो		नो.८१:२२
त्तो		नो.८१:७	न्तो		नो.५७:१९
प्तो		नो.६२:२	स्तो		रे.२७:७३
स्थो		रे.५१:७	द्वो		नो.६१:१९
न्दो		नो.८१:२०	ब्दो		नो.११:३९
द्धो		नो.१:४	क्नो		नो.१:१०
म्नो		रे.१३६:१९			

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा ओकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा पस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण ङ्को को उदाहरण शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:११) मा उत्कीर्ण **फेरङ्कोट्ट** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण ङ मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. ६ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **त्को** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (नो.११:६३) मा उत्कीर्ण **कथयेत्को** शब्दावलीबाट लिइएको हो । यसमा पहिलो वर्ण **त** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **क्षो** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२१) मा उत्कीर्ण **विषमक्षोभाण्र्णव** शब्दावलीबाट लिइएको हो । यसमा पहिलो वर्ण **क** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **ङ्वो** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:२२) मा उत्कीर्ण **विह्लिङ्वोस्रोत** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण ङ मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. ६ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **ङ्गो** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूको अभिलेख (नो.५५:४) मा उत्कीर्ण **लक्ष्मीपरिष्वङ्गो** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण ङ मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. ६ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **द्गो** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:१७) मा उत्कीर्ण **स्मद्गोत्रजा** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **द** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **ञ्चो** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:८) मा उत्कीर्ण **थेञ्चोग्राम** शब्दावलीबाट लिइएको हो । यसमा पहिलो वर्ण ञ मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **प्चो** को उदाहरण मालीगाउँको अभिलेख (नो.५७:२०) मा उत्कीर्ण **माप्चोकाधिकार** शब्दावलीबाट लिइएको हो । यसमा पहिलो वर्ण **प** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **श्चो** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:११) मा उत्कीर्ण **भूमिश्चोख्परा** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **श** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. ५ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **ञ्जो** को उदाहरण अंशुवर्माको नक्साल भन्सारहिटी को अभिलेख (रे.७९:४) मा उत्कीर्ण **जोञ्जोदिङ्ग्राम** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **ञ** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **ज्ञो** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१२) मा उत्कीर्ण **दत्ताभ्यनुज्ञो** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **ज** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. ७ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **ट्टो** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:९) मा उत्कीर्ण **कोट्टो** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **ट** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. ६ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **ष्टो** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:२) मा उत्कीर्ण **दृष्टो** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **ष** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. २ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **ण्डो** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणनिरको अभिलेख (रे.९९:२०) मा उत्कीर्ण **दण्डो** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **ण** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. ८ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **ष्णो** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२२) मा उत्कीर्ण **विष्णोः** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **ष** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **त्तो** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:७) मा उत्कीर्ण **प्रवृत्तोदयः** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **त** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **न्तो** को उदाहरण मालीगाउँको अभिलेख (नो.५७:१९) मा उत्कीर्ण **सन्तोषहीनाः** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **न** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **प्तो** को उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको भृङ्गारेश्वरको अभिलेख (नो.६२:२) मा उत्कीर्ण **प्रसुप्तो** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **प** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **स्तो** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:७३) मा उत्कीर्ण **स्तोत्रङ्कृत** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **स** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. २ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **स्थो** को उदाहरण ललितपुर च्यासलटोलको अभिलेख (रे.५१:७) मा उत्कीर्ण **निरास्थो निवसेन्** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **स** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको

मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **द्वो** को उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको यङ्गलहिटीको अभिलेख (नो.६१:१९) मा उत्कीर्ण **मेतद्द्वोषा** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **द** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **न्दो** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२०) मा उत्कीर्ण **मौलीन्दोः** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **न** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **ब्दो** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (नो.११:३९) मा उत्कीर्ण **शब्दोपनिबन्ध** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **ब** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **द्धो** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:४) मा उत्कीर्ण **प्रवृद्धोत्सवः** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **द** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **क्नो** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१०) मा उत्कीर्ण **शक्नोमि** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **क** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **म्नो** को उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:१९) मा उत्कीर्ण **सीम्नो यावत्** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **म** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:८

लिच्छवि लिपिको संयुक्त वर्णमा ओकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
म्बो		रे.४३:५	न्भो		रे.११०:३
म्भो		नो.१६:२	न्मो		रे.२७:५४
म्मो		रे.२७:६९			

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा ओकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा पस्तुत गरिएका छन्। यसअघिको तालिकामा **म्नो** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **म्बो** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ संयुक्त वर्ण **म्बो** को उदाहरण गणदेव+भौमगुप्तको सतुङ्गलको अभिलेख (रे.४३:५) मा उत्कीर्ण **विदितम्बोस्तु** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **म** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। यसमा **व** (नचिरेको) हुनुपर्नेमा **ब** नै लेखिएको छ।

यहाँ संयुक्त वर्ण **न्भो** को उदाहरण विष्णुगुप्तको चाँगुनारायणको अभिलेख (रे.११०:३) मा उत्कीर्ण **नीतवान्भोगवर्मा** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **न** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **म्भो** को उदाहरण आभीरी गोमिनीको पशुपतिको अभिलेख (नो.१६:२) मा उत्कीर्ण **संस्थापनम्शम्भोः** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **म** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको

मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **न्मो** को उदाहरण हाँडिगाउँ सत्यनारायण स्थानको अभिलेख (रे.२७:५४) मा उत्कीर्ण **भवान्मोहजाल** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **न** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **म्मो** को उदाहरण पनि यही अभिलेख (रे.२७:६९) मा उत्कीर्ण **व्यापिसम्मोहभेदी** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **म** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:९

लिच्छवि लिपिको य संयुक्त वर्णमा ओकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
क्यो		रे.१११:२	ख्यो		नो.८१:१८
ज्यो		नो.८१:२१	ज्ज्यो		नो.६७:१
ष्छ्यो		नो.६८:२६	ण्यो		रे.४५:१
त्यो		नो.५७:२०	द्यो		नो.८१:२१
ध्यो		रे.७७:९	द्ध्यो		रे.७०:८
न्यो		नो.६७:५			

माथिको तालिकामा लिच्छवि लिपिको **य** संयुक्त वर्णमा ओकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **क्यो** को उदाहरण टेबहालको अभिलेख (रे.१११:२) मा उत्कीर्ण **शाक्यो** शब्दबाट लिइएको हो । यसमा पहिलो वर्ण **क** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **ख्यो** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१८) मा उत्कीर्ण **जयदेवाख्यो** शब्दबाट लिइएको हो । यसमा पहिलो वर्ण **ख** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **ज्यो** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२१) मा उत्कीर्ण **ज्योत्स्ना धवला** शब्दावलीबाट लिइएको हो । यसमा पहिलो वर्ण **ज** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. ७ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **ज्ज्यो** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:१) मा उत्कीर्ण **ज्ज्योत्स्नावमृष्ट** शब्दावलीबाट लिइएको हो । यसमा पहिलो वर्ण **ज** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. ७ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ ।

संयुक्त वर्ण **ष्ठ्यो** को उदाहरण नरेन्द्रदेवको, देउपाटन कसाइँटोलको अभिलेख (नो.६८:२६) मा उत्कीर्ण **गौष्ठ्यो** शब्दबाट लिइएको हो । यसमा पहिलो वर्ण **ष** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **ण्यो** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:१) मा उत्कीर्ण **शूलभृच्छार्ङ्गपाण्योः** शब्दावलीबाट लिइएको हो । यसमा पहिलो वर्ण **ण** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. ८ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ ।

संयुक्त वर्ण **त्यो** को उदाहरण मालीगाउँको अभिलेख (नो.५७:२०) मा उत्कीर्ण **पुत्रवत्यो** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **त** मा एकारको

मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि **च** वर्णमा किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **द्यो** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२१) मा उत्कीर्ण **विद्योतमानद्युतिः** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **द** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि **च** वर्णमा किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **ध्यो** को उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:९) मा उत्कीर्ण **मध्योपनिपातिनी** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **ध** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **द्ध्यो** को उदाहरण अंशुवर्माको भटुवालको (रे.७०:८) मा उत्कीर्ण **प्रसाद्ध्योपक्रय** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **द** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि **च** वर्णमा किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **न्यो** को उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:५) मा उत्कीर्ण **नन्योन्याविहतान्** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **न** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि **च** वर्णमा किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:१०

लिच्छवि लिपिको य संयुक्त वर्णमा ओकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
प्यो		नो.८१:२२	भ्यो		नो.१:१९
द्भ्यो		नो.३४:१५	म्यो		नो.१:९

ल्यो		प.०:४	व्यो		नो.७० :२५
श्यो		रे.२०:१०	स्यो		नो.८१:२२
त्स्यो		नो.३२:५	ह्यो		रे.१४० :१२

माथिको तालिकामा लिच्छवि लिपिको **य** संयुक्त वर्णमा ओकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **न्यो** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **प्यो** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ संयुक्त वर्ण **प्यो** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२२) मा उत्कीर्ण **प्राप्योत्पतन्त्या** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **प** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **भ्यो** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१९) मा उत्कीर्ण **विप्रेभ्योपि** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **भ** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **द्भ्यो** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:१५) मा उत्कीर्ण **भवद्भ्यो** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **द** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **म्यो** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:९) मा उत्कीर्ण **प्रणम्योचिवान्** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **म** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि

किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **ल्यो** को उदाहरण मानदेवका समयको चावहिलको अभिलेख (प.० :४) मा उत्कीर्ण **माल्योपहारा** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **ल** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **व्यो** को उदाहरण नरेन्द्रदेवको ललितपुर गैह्रीधाराको अभिलेख (नो.७०:२५) मा उत्कीर्ण **कर्तव्यो** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **व** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **श्यो** को उदाहरण वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:१०) मा उत्कीर्ण **अचाटभटप्रवेश्योयं** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **श** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **स्यो** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२२)मा उत्कीर्ण **क्षीरार्ण्णवस्योर्म्मयः** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **स** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **त्स्यो** को उदाहरण शिवदेवको चापागाउँको अभिलेख (नो.३२:५) मा उत्कीर्ण **मत्स्योपक्रयङ्** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **त** मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि **च** वर्णमा किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **ह्यो** को उदाहरण मीननाथको अभिलेख (रे.१४० :१२) मा उत्कीर्ण **ग्राह्यो** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण ह मा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:११

लिच्छवि लिपिमा रेफसहितको वर्णमा ओकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्जो		नो.५५:८	र्थो		रे.७४:२१
र्भो		रे.१२८:८	र्मो		रे.१२९:१
र्यो		नो.६९:१	र्लो		रे.१००:७
र्वो		नो.७४:१८			

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको वर्णमा पहिले वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी अनि त्यसमा बायाँपट्टि एकारको मात्राचिह्न र दायाँपट्टि अक्षरको विन्यासअनुरूप आकारको चिह्नसमेत राखी ओकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ रेफसहितको वर्ण **र्जो** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूको अभिलेख (नो. ५५:८) मा उत्कीर्ण **मस्माभिर्जोल्प्रिङ्ग्रामे** शब्दावलीबाट लिइएको हो। यसमा **ज** वर्ण लेखी त्यसको शिरमाथि रेफचिह्न राखी अनि त्यसमा बायाँपट्टि किसिम नं. १ अनुसार एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई रेफसहितको ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। रेफसहितको वर्ण **र्थो** को उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२१) मा उत्कीर्ण **प्रजाहितार्थोद्यत** शब्दावलीबाट लिइएको हो । यसमा **थ** वर्ण लेखी त्यसको शिरमाथि रेफचिह्न राखी अनि त्यसमा बायाँपट्टि किसिम नं. १ अनुसार एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार

आकारको मात्राचिह्न लगाई रेफसहितको ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

रेफसहितको वर्ण **र्भो** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:८) मा उत्कीर्ण **गर्भोद्धरणाय** शब्दावलीबाट लिइएको हो। यसमा **भ** वर्ण लेखी त्यसको शिरमाथि रेफचिह्न राखी अनि त्यसमा बायाँपट्टि किसिम नं. १ अनुसार एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई रेफसहितको ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। रेफसहितको वर्ण **र्मो** को उदाहरण साँखुको अभिलेख (रे.१२९:१) मा उत्कीर्ण **देयधर्मोयं** शब्दावलीबाट लिइएको हो। यसमा **म** वर्ण लेखी त्यसको शिरमाथि रेफचिह्न राखी अनि त्यसमा बायाँपट्टि किसिम नं. १ अनुसार एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई रेफसहितको ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

रेफसहितको वर्ण **र्यो** को उदाहरण नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:१) मा उत्कीर्ण **शौर्योत्साह** शब्दावलीबाट लिइएको हो। यसमा **य** वर्ण लेखी त्यसको शिरमाथि रेफचिह्न राखिएको होइन कि बायाँपट्टिको भुजामा दोस्रो थरीको रेफचिह्न जोडी अनि त्यसमा बायाँपट्टि किसिम नं. २ अनुसार एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई रेफसहितको ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। रेफसहितको वर्ण **र्लो** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको आदेश्वरको अभिलेख (रे.१००:७) मा उत्कीर्ण **स्वर्लोकसुखोपभोग** शब्दावलीबाट लिइएको हो। यसमा **ल** वर्ण लेखी त्यसको शिरमाथि रेफचिह्न राखी अनि त्यसमा बायाँपट्टि किसिम नं. १ अनुसार एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई रेफसहितको ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। रेफसहितको वर्ण **र्वो** को उदाहरण नरेन्द्रदेवको यागवहालको अभिलेख (नो.७४:१८) मा उत्कीर्ण **पूर्वोत्तर** शब्दावलीबाट लिइएको हो। यसमा **व** वर्ण लेखी त्यसको शिरमाथि रेफचिह्न राखी अनि त्यसमा बायाँपट्टि किसिम नं. १ अनुसार एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई रेफसहितको ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:१२

लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा ओकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्ग्गो		नो.८१:१	र्ब्बो		रे.२७:५७
र्म्मो		रे.३५:२	र्य्यो		रे.६३:६
र्व्वो		नो.७४:११			

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको संयुक्त वर्णमा पहिले संयुक्त वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी अनि त्यसमा बायाँपट्टि एकारको मात्राचिह्न र दायाँपट्टि अक्षरको विन्यासअनुरूप आकारको चिह्नसमेत राखी ओकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ रेफसहितको संयुक्त वर्ण **र्ग्गो** को उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो. ८१:१) मा उत्कीर्ण **त्रिवर्ग्गो** शब्दबाट लिइएको हो । यसमा संयुक्त वर्ण **ग्ग** लेखी त्यसको शिरमाथि रेफचिह्न राखी अनि त्यसमा बायाँपट्टि किसिम नं. १ अनुसार एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई रेफसहितको ओकारको मात्राचिह्न बनाइएको पाइन्छ ।

रेफसहितको संयुक्त वर्ण **र्ब्बो** को उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:५७) मा उत्कीर्ण **दुर्ब्बोधमीशं** शब्दावलीबाट लिइएको हो। यसमा संयुक्त वर्ण **ब्ब** लेखी त्यसको शिरमाथि रेफचिह्न राखी अनि त्यसमा बायाँपट्टि किसिम नं. १ अनुसार एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई रेफसहितको ओकारको मात्राचिह्न

बनाइएको पाइन्छ। रेफसहितको संयुक्त वर्ण **र्म्मो** को उदाहरण धरोहराबाट लगन जाने बाटोको अभिलेख (रे.३५:२) मा उत्कीर्ण **देयधर्म्मोयं** शब्दावलीबाट लिइएको हो। यसमा संयुक्त वर्ण **म्म** लेखी त्यसको शिरमाथि रेफचिह्न राखी अनि त्यसमा बायाँपट्टि किसिम नं. १ अनुसार एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई रेफसहितको ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

रेफसहितको संयुक्त वर्ण **र्य्यो** को उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:६) मा उत्कीर्ण **अनुष्ठानतात्पर्य्यो** शब्दावलीबाट लिइएको हो। यसमा संयुक्त वर्ण **य्य** लेखी त्यसको शिरमाथि रेफचिह्न राखी अनि त्यसमा बायाँपट्टि किसिम नं. १ अनुसार एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई रेफसहितको ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। रेफसहितको वर्ण **र्व्वो** को उदाहरण नरेन्द्रदेवको यागबहालको अभिलेख (नो.७४:११) मा उत्कीर्ण **पूर्व्वोत्तरेण** शब्दावलीबाट लिइएको हो। यसमा संयुक्त वर्ण **व्व** लेखी त्यसको शिरमाथि रेफचिह्न राखी अनि त्यसमा बायाँपट्टि किसिम नं. १ अनुसार एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई रेफसहितको ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:१३

लिच्छवि लिपिमा र+सहितको वर्णमा ओकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्रो		रा.०:२	त्रो		रे.४५:४
द्रो		रे.१०८:१७	प्रो		रे.१३६:१२

श्रो		नो.३४:१२	स्रो		रे.१२८:२७

माथिको तालिकामा लिच्छवि लिपिमा **र**+सहितको वर्णमा ओकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ **त्रो** वर्णको उदाहरण दुईओटा दिइएका छन् । पहिलो उदाहरण विमलसङ्घको देउपाटनको अभिलेख (रा.०:२) मा उत्कीर्ण **नवकिष्कुमात्रो** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:४) मा उत्कीर्ण **मातापित्रोरात्मनश्च** शब्दावलीबाट लिइएको हो । यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रा.०:२) मा पहिले **र**+सहितको वर्ण **त्र** लेखी त्यसमा बायाँपट्टि किसिम नं. १ बमोजिम एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छभने दोस्रो उदाहरण (रे. ४५:४) मा पहिले **र**+सहितको वर्ण **त्र** लेखी त्यसमा बायाँपट्टि किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ ।

र+सहितको वर्ण **द्रो** को उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको यङ्गालहिटीको अभिलेख (रे.१०८:१७) मा उत्कीर्ण **हत्याराजद्रोह** शब्दावलीबाट लिइएको हो। यसमा पहिले **र**+सहितको वर्ण **द्र** लेखी त्यसमा बायाँपट्टि किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। **र**+सहितको वर्ण **प्रो** को उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:१२) मा उत्कीर्ण **गंप्रोन्दिङ्ग्राम** शब्दावलीबाट लिइएको हो। यसमा पहिले **र**+सहितको वर्ण **प्र** लेखी त्यसमा दायाँपट्टि किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

र+सहितको वर्ण **श्रो** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:१२) मा उत्कीर्ण **श्रोभोपरिखा** शब्दावलीबाट लिइएको

हो। यसमा पहिले र+सहितको वर्ण **श्र** लेखी त्यसमा बायाँपट्टि किसिम नं. १ बमोजिम एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। र+सहितको वर्ण **स्रो** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे. १२८:२७) मा उत्कीर्ण **स्रोतोनुसारेण** शब्दावलीबाट लिइएको हो। यसमा पहिले र+सहितको वर्ण **स्र** लेखी त्यसमा दायाँपट्टि किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:१४

लिच्छवि लिपिमा र+सहितको संयुक्त वर्णमा ओकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्त्रो		रे.१३६:२०	न्द्रो		नो.१:१४
ङ्प्रो		नो.३४:२१	म्प्रो		रे.१३६:१७
ल्स्रो		रे.१२८:२६			

माथिको तालिकामा लिच्छवि लिपिमा र+सहितको संयुक्त वर्णमा ओकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ र+सहितको संयुक्त वर्ण **त्त्रो** को उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:२०) मा उत्कीर्ण **खोट्टक्षेत्त्रोत्तरेण** शब्दावलीबाट लिइएको हो। यसमा पहिले र+सहितको संयुक्त वर्ण त्त्र लेखी त्यसको शिरमा किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। र+सहितको संयुक्त

वर्ण **न्द्रो** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१४) मा उत्कीर्ण **मृगेन्द्रोपमः** शब्दावलीबाट लिइएको हो । यसमा पहिले र+सहितको संयुक्त वर्ण **न्द्र** लेखी त्यसको शिरमा बायाँपट्टि किसिम नं. १ बमोजिम एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ ।

र+सहितको संयुक्त वर्ण **ङ्प्रो** को उदाहरण शिवदेव+अंशुवर्माको चाँगुको अभिलेख (नो.३४:२१) मा उत्कीर्ण **प्रङ्प्रोङ्प्रोवाङ्** शब्दावलीबाट लिइएको हो । यसमा पहिले र+सहितको संयुक्त वर्ण **ङ्प्र** लेखी त्यसको शिरमा किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. ६ अनुसार आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ । र+सहितको संयुक्त वर्ण **म्प्रो** को उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:१७) मा उत्कीर्ण **गम्प्रोन्दिन्दावाकोट्ट** शब्दावलीबाट लिइएको हो। यसमा पहिले र+सहितको संयुक्त वर्ण **म्प्र** लेखी त्यसको शिरमा बायाँपट्टि किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ ।

र+सहितको संयुक्त वर्ण **ल्स्रो** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:२६) मा उत्कीर्ण **फंशिन्प्रल्स्रोतस्** शब्दावलीबाट लिइएको हो । यसमा पहिले र+सहितको संयुक्त वर्ण **ल्स्र** लेखी त्यसको शिरमा किसिम नं. २ बमोजिम एकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ ।

तालिका नं.९:१५

लिच्छवि लिपिको संयुक्त वर्णमा ओकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
ल्लो		रे.१२८:२३	ङ्वो		नो.८३:६५

द्वो		रे.१०८:२	ल्शो		नो.५४:१७
त्सो		रे.१०६:६			

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्ण **ल, व, श, स** मा ओकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा पस्तुत गरिएका छन्।

यहाँ संयुक्त वर्ण **ल्लो** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:२३) मा उत्कीर्ण **यावल्लोप्रिङ्ग्रामी** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **ल** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। यहाँ संयुक्त वर्ण **ङ्वो** को उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:६५) मा उत्कीर्ण **विङ्वोचा** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **ङ** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. ६ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **द्वो** को उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको यज्ञालहिटीको अभिलेख (रे.१०८:२) मा उत्कीर्ण **शिवाय तद्वो** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **द** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **ल्शो** को उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख (नो.५४:१७) मा उत्कीर्ण **लिङ्ग्वल्शोल्लादी** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **ल** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **त्सो** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:६) मा उत्कीर्ण **भवनात्सोमान्वय** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **त** मा एकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई ओकारको मात्राचिह्न बनाइएको पाइन्छ।

लिच्छवि लिपिको वर्णमा औकारको मात्राचिह्न

अहिले देवनागरी लिपिमा कुनै पनि वर्णमा दायाँपट्टि आकारको मात्राचिह्न दिएर शिरोरेखामा बायाँतर्फ ढल्कने गरी दोलख मात्राचिह्न दिएपछि औकारको मात्राचिह्न बन्ने परम्परा रहिआएको छ। यसै गरी लिच्छविकालको लिपिमा पनि आकारको मात्राचिह्न लगाएर अनि ऐकारको मात्राचिह्न लगाएपछि औकारको मात्राचिह्न बनाउने मान्यताचाहिँ उही नै रहेको देखिन्छ। यसो भए तापनि लिच्छविकालको लिपिमा खास गरेर ऐकारको मात्राचिह्न दुई किसिमको भएकोले यहाँ औकारको मात्राचिह्नलाई पनि दुई किसिमले नै परिभाषित गर्नुपर्ने हुन्छ – १. वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई अर्थात् वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिँचिएको एकारको मात्राचिह्न लगाई त्यसमाथि अर्को एकलख लगाएर अक्षरको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने औकारको मात्राचिह्न भएको, २. वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाई अर्थात् वर्णको शिरोरेखामा आजभोलिको देवनागरी लिपिको दोलखको आकृतिजस्तो मात्राचिह्न लगाई अक्षरको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने औकारको मात्राचिह्न भएको।

लिच्छवि लिपिमा वर्णको विन्यासअनुरूप आकारको मात्राचिह्न फरक फरक हुने कुरामा यसअघि प्रकाश पारिसकिएको हुनाले यहाँ सोहीबमोजिम हुने कुरा स्मरण गरिराख्नुपर्ने हुन्छ। यी वर्णहरूमध्ये एउटा वर्णमा एकै किसिमको मात्र औकारको मात्राचिह्न लगाइने प्रचलन उतिखेर थिएन। एउटै वर्णमा फरक फरक किसिमले औकारको मात्राचिह्न लगाइएको पनि पाइन्छ। यसबारेमा निम्न तालिकाहरूमा विस्तृत प्रकाश पारिएको छ।

तालिका नं.९:१६

लिच्छवि लिपिको वर्णमा औकारको मात्राचिह्न- किसिम नं. १

वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई अर्थात् वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिँचिएको एकारको मात्राचिह्न लगाई त्यसमाथि अर्को एकलख लगाएर अक्षरको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने औकारको मात्राचिह्न भएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
कौ		नो.१:१	गौ		रे.७१:६
चौ		नो.८३:३२			
तौ		नो.६९:२	थौ		रे.६३:१८
दौ		नो.१:१२	धौ		रे.१८:६

माथिको तालिकामा लिच्छवि लिपिको वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई अर्थात् वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिँचिएको एकारको मात्राचिह्न लगाई त्यसमाथि अर्को एकलख लगाएर अक्षरको विन्यासअनुरूप आकारको मात्रा चिह्न लगाएपछि हुने औकारको मात्राचिह्न भएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ कौ वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१) मा उत्कीर्ण **कौशलगुणैः** शब्दबाट लिइएको हो । यसमा क वर्णमा ऐकारको

मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। **गौ** वर्णको उदाहरण अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:६) मा उत्कीर्ण **गौल्मिकादीन्** शब्दावलीबाट लिइएको हो। यसमा **ग** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। **चौ** वर्णको उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:३२) मा उत्कीर्ण **रोगमाचौदौवारिक** शब्दावलीबाट लिइएको हो। यसमा **च** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तौ वर्णको उदाहरण नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:२) मा उत्कीर्ण **नरेन्द्रदेवनृपतौ** शब्दावलीबाट लिइएको हो। यसमा **त** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। **थौ** वर्णको उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१८) मा उत्कीर्ण **तिथौ** शब्दबाट लिइएको हो। यसमा **थ** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। **दौ** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१२) मा उत्कीर्ण **पादौ** शब्दबाट लिइएको हो। यसमा **द** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। **धौ** वर्णको उदाहरण विजयवतीको सूर्यघाटको अभिलेख (रे.१८:६) मा उत्कीर्ण **जलधौतमनः** शब्दावलीबाट लिइएको हो। यसमा **ध** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. ३ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:१७

लिच्छवि लिपिको वर्णमा औकारको मात्राचिह्न- किसिम नं. १

वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई अर्थात् वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिँचिएको एकारको मात्राचिह्न लगाई त्यसमाथि अर्को एकलख लगाएर अक्षरको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने औकारको मात्राचिह्न भएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पौ		रे.१४०:१८	पौ		रे.७६:१६
पौ		नो.१७:१	भौ		नो.१९ख:६
मौ		रे.७७:६	मौ		नो.१:१४
रौ		रे.७५:१	शौ		नो.७२:१९
सौ		नो.१:१९	हौ		नो.१:१७

माथिको तालिकामा लिच्छवि लिपिको वर्णमा एकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई अर्थात् वर्णको शिरोरेखाबाट बायाँपट्टि सानो रेखा तानी त्यसको बिन्दुबाट तल छोटो रेखा खिँचिएको एकारको मात्राचिह्न लगाई त्यसमाथि अर्को एकलख लगाएर अक्षरको विन्यासअनुरूप आकारको मात्रा चिह्न लगाएपछि हुने औकारको मात्राचिह्न भएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा धौ वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा पौ वर्ण देखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ **पौ** वर्णका उदाहरण तीनओटा दिइएका छन्। पहिलो उदाहरण मीननाथको अभिलेख (रे.१४०:१८) मा उत्कीर्ण **पौषशुक्ल** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण अंशुवर्माको पाटन सुन्धाराको अभिलेख (रे.७६:१६) मा उत्कीर्ण **प्रथमपौषशुक्ल** शब्दावलीबाट लिइएको हो। अनि तेस्रो उदाहरण रामदेवको पालाको, मृगस्थली जाने बाटोको अभिलेख (नो.१७:१) मा उत्कीर्ण **पौर्ण्णमास्याम्** शब्दबाट लिइएको हो। यी तीनमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.१४०:१८) मा **प** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको भए तापनि एउटा एकारमात्राको चिह्नचाहिँ **प** वर्णको दायाँ दण्डमाथि लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। दोस्रो उदाहरण (रे.७६:१६) मा **प** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको भए तापनि एउटा एकारमात्राको चिह्नचाहिँ **प** वर्णको बायाँ दण्डमाथि लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। तेस्रो उदाहरण (नो.१७:१) मा **प** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्नचाहिँ किसिम नं. २ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

भौ वर्णको उदाहरण गणदेव+भौमगुप्तको किसिपिंडीको अभिलेख (नो.१९खः६) मा उत्कीर्ण **श्रीभौमगुप्त** शब्दबाट लिइएको हो। यसमा **भ** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। यहाँ **मौ** वर्णका उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१४) उत्कीर्ण **मौलिस्रजः** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:६) उत्कीर्ण **ग्रामभूमौ** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएका विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (नो.१:१४) मा **म** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको भए तापनि एउटा एकारको मात्राचिह्नचाहिँ **म** वर्णको बायाँपट्टिको भुजामाथि लगाइएंको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको

पाइन्छ भने दास्रो उदाहरण (रे.७७:६) मा **म** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको भएतानि एउटा एकारको मात्राचिह्नचाहिँ **म** वर्णको दायाँपट्टिको भुजामाथि लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

रौ वर्णको उदाहरण अंशुवर्माको साँगाको अभिलेख (रे.७५:१) मा उत्कीर्ण **कर्णालङ्काररौद्र** शब्दावलीबाट लिइएको हो। यसमा **र** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। **शौ** वर्णको उदाहरण नरेन्द्रदेवको च्यासलटोलको अभिलेख (नो.७२:१९) मा उत्कीर्ण **शौच्यदेवः** शब्दबाट लिइएको हो। यसमा **श** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

सौ वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१९) मा उत्कीर्ण **देष्यत्यसौ** शब्दावलीबाट लिइएको हो। यसमा **स** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. २ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। **हौ** वर्णको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१७) मा उत्कीर्ण **सहौद्ध्वर्दैहिकविधिं** शब्दावलीबाट लिइएको हो। यसमा **ह** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। यहाँ **हौ** को औकार बनाउँदा चाहिने ऐकारको मात्रचिह्नमध्ये एउटा एकलखचाहिँ रेफजस्तो शिरोभागमा सीधा गएको देखिन्छ; भए पनि यसको विन्यास एकै किसिमको भएकोले यही वर्गीकरणमा समावेश गरिएको छ।

तालिका नं.९:१८

लिच्छवि लिपिको वर्णमा औकारको मात्राचिह्न– किसिम नं. २

वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाई अर्थात् वर्णको शिरोरेखामा आजभोलिको देवनागरी लिपिको दोलखको आकृतिजस्तो मात्राचिह्न लगाई अक्षरको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने औकारको मात्राचिह्न भएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
कौ		नो.५९:११	गौ		रे.७४:१८
गौ		प.०:३			
तौ		नो.४१:८	थौ		रे.३३:५
धौ		नो.१:२०	धौ		रे.२७:४२

माथिको तालिकामा लिच्छवि लिपिको वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाई अर्थात् वर्णको शिरोरेखामा आजभोलिको देवनागरी लिपिको दोलखको आकृतिजस्तो मात्राचिह्न लगाई अक्षरको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने औकारको मात्राचिह्न भएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ **कौ** वर्णको उदाहरण पशुपति छत्रचण्डेश्वरको अभिलेख (नो.५९:११) मा उत्कीर्ण **प्राणकौशिकेन** शब्दावलीबाट लिइएको हो । यसमा **क** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ ।

यहाँ **गौ** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१८) मा उत्कीर्ण **गौष्ठिकाणां** शब्दबाट लिइएको होभने दोस्रो उदाहरण मानदेवका समयको चावहिलको अभिलेख (प.०:३) मा उत्कीर्ण **गौरवात्** शब्दबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.७४:१८) मा **ग** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छभने दोस्रो उदाहरण (प.०:३) मा **ग** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्नचाहिँ किसिम नं. ५ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तौ वर्णको उदाहरण अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:८) मा उत्कीर्ण **पशुपतौ** शब्दबाट लिइएको हो। यसमा **त** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। **थौ** वर्णको उदाहरण आभीरी गोमिनीको पशुपतिको अभिलेख (नो.१६:५) मा उत्कीर्ण **तिथौ** शब्दबाट लिइएको हो। यसमा **थ** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. ३ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। यहाँ **धौ** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२०) मा उत्कीर्ण **सतीव्रतविधौ** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:४२) मा उत्कीर्ण **पयोनिधौ** शब्दबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (नो.१:२०) मा **ध** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. ३ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको छभने दोस्रो उदाहरण (रे.२७:४२) मा **ध** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:१९

लिच्छवि लिपिको वर्णमा औकारको मात्राचिह्न- किसिम नं. २

वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाई अर्थात् वर्णको शिरोरेखामा आजभोलिको देवनागरी लिपिको दोलखको आकृतिजस्तो मात्राचिह्न लगाई अक्षरको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने औकारको मात्राचिह्न भएको

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
पौ		नो.६७:२४	पौ		रे.६०:१९
भौ		रे.४५:३			
शौ		रे.४५:२	शौ		रे.७१:६
सौ		रे.४५:६	सौ		रे.९७:७

माथिको तालिकामा लिच्छवि लिपिको वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाई अर्थात् वर्णको शिरोरेखामा आजभोलिको देवनागरी लिपिको दोलखको आकृतिजस्तो मात्राचिह्न लगाई अक्षरको विन्यासअनुरूप आकारको मात्राचिह्न लगाएपछि हुने औकारको मात्राचिह्न भएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **धौ** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पौ** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ **पौ** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:२४) मा उत्कीर्ण **पौषशुक्लपञ्चम्याम्**

शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:१९)मा उत्कीर्ण **प्रथमपौषशुक्ल** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (नो.६७:२४) मा **प** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको छभने दोस्रो उदाहरण (रे.६०:१९) मा **प** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. ९ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। **भौ** वर्णको उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:३) मा उत्कीर्ण **भौमगुप्त** शब्दबाट लिइएको हो। यसमा **भ** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

यहाँ **शौ** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:२) मा उत्कीर्ण **नमोस्त्वर्द्धशौरीश्वराय** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:६) मा उत्कीर्ण **शौल्किक** शब्दबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.४५:२) मा **श** वर्णको शिरोरेखा जोडिएको छैन र बीचमा खालि छोडिएको छ अनि यसमा एउटा एकलख **श** वर्णको बायाँ भुजामा लगाइएको छ र अर्को एकलख दायाँ भुजामा लगाई ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ तथा आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको छ। अर्को उदाहरण (रे.७१:६) माचाहिँ **श** वर्णको शिरोरेखा जोडिएको छ र ऐकारमात्राको दोलख नै **श** वर्णको दायाँपट्टिको भुजामा जोडिएको छ र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

यहाँ **सौ** वर्णको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:६) मा उत्कीर्ण **योसौ** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको

अभिलेख (रे.९७:७) मा उत्कीर्ण **योसौ तिलमक** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.४५:६) मा **स** वर्णमा किसिम नं. २ बमोजिमको ऐकारको मात्राचिह्नस्वरूपको दोलख **स** वर्णमा बायाँ भुजामा लगाइएको छ र आकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको छ। दोस्रो उदाहरण (रे.९७:७) मा **स** वर्णमा किसिम नं. २ बमोजिमको ऐकारको मात्रा चिह्नस्वरूपको दोलख **स** वर्णको दायाँ भुजापट्टि लगाइएको छ र आकारको मात्राचिह्नचाहिँ किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:२०

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका औकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
कौ		नो.१:१		नो.५९:११
गौ		रे.७१:६		रे.७४:१८
गौ		–		प.०:३
तौ		नो.६९:२		नो.४१:८
थौ		रे.६३:१८		रे.३३:५
धौ		रे.१८:६		नो.१:२०

धौ		–		रे.२७:४२

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. १ तथा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ मानदेवको चाँगुको अभिलेख (नो.१:१) मा **कौशलगुणैः** लेख्दा **क** वर्णमा किसिम नं. १ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छभने पशुपति छत्रचण्डेश्वरको अभिलेख (नो.५९:११) मा **प्राणकौशिकेन** लेख्दा **क** वर्णमा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:६) मा **गौल्मिकादीन्** लेख्दा **ग** वर्णमा किसिम नं. १ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छभने अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१८) मा **गौष्ठिकाणां** लेख्दा **ग** वर्णमा औकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको पाइन्छ। यसै गरी चावहिलको अभिलेख (प.०:३) मा **गौरवात्** लेख्दा **ग** वर्णमा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएका **गौ** वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:६) मा **गौल्मिकादीन्** लेख्दा **ग** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाएर आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको,

२. दोस्रो उदाहरण – अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१८) मा **गौष्ठिकाणां** लेख्दा **ग** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाएर आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको,

३. तेस्रो उदाहरण – मानदेवका समयको चावहिलको अभिलेख (प.०:३) मा **गौरवात्** लेख्दा **ग** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाएर आकारको मात्राचिह्न किसिम नं. ५ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको ।

नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:१) मा **नरेन्द्रदेवनृपतौ** लेख्दा **त** वर्णमा किसिम नं. १ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छभने अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:८) मा **पशुपतौ** लेख्दा **त** वर्णमा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छ। शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१८) मा **तिथौ** लेख्दा **थ** वर्णमा किसिम नं.१ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छभने आभीरी गोमिनीको पशुपतिको अभिलेख (रे.३३:५) मा **तिथौ** लेख्दा **थ** वर्णमा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छ।

विजयवतीको पशुपति सूर्यघाटको अभिलेख (रे.१८:६) मा **जलधौतमनः** लेख्दा **ध** वर्णमा किसिम नं. १ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छभने मानदेवको चाँगुको अभिलेख (नो.१:२०) मा **सतीव्रतविधौ** लेख्दा **ध** वर्णमा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छ। यसै गरी हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:४२)मा **पयोनिधौ** लेख्दा **ध** वर्णमा किसिम नं. २ बमोजिम नै औकारको मात्राचिह्न लगाइएको पाइन्छ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएका **धौ** वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – विजयवतीको पशुपति सूर्यघाटको अभिलेख (रे.१८:६) मा **जलधौतमनः** लेख्दा **ध** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाएर आकारको मात्राचिह्न किसिम नं. ३ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको,

२. दोस्रो उदाहरण – मानदेवको चाँगुको अभिलेख (नो.१:२०) मा **सतीव्रतविधौ** लेख्दा **ध** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाएर आकारको मात्राचिह्न किसिम नं. ३ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको,

३. तेस्रो उदाहरण – हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:४२) मा **पयोनिधौ** लेख्दा ध वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाएर आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको ।

तालिका नं.९:२१

लिच्छवि लिपिको एउटै वर्णमा विविध किसिमका औकारका मात्राचिह्नहरू

देवनागरी	लिच्छवि किसिम नं. १	स्रोत	लिच्छवि किसिम नं. २	स्रोत
पौ		रे.१४०:१८		नो.६७:२४
पौ		रे.७६:१६		रे.६०:१९
पौ		नो.१७:१		–
भौ		नो.१९ख:६		रे.४५:३
शौ		नो.७२:१९		रे.४५:२
शौ		–		रे.७१:६
सौ		रे.१:१९		रे.४५:६

सौ		–		रे.९७:७

माथिको तालिकामा लिच्छवि लिपिमा एउटै वर्णमा किसिम नं. १ तथा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । यसअघिको तालिकामा **धौ** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **पौ** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन् ।

यहाँ मीननाथको अभिलेख (रे.१४०:१८) मा **पौषशुक्ल** लेख्दा **प** वर्णमा किसिम नं. १ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छभने अंशुवर्माको पाटन सुन्धाराको अभिलेख (रे.७६:१६) मा **प्रथमपौषशुक्ल** लेख्दा **प** वर्णमा किसिम नं. १ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छ। यसै गरी रामदेवको पालाको, मृगस्थली जाने बाटोको अभिलेख (नो.१७:१) मा उत्कीर्ण **पौर्ण्णमास्याम्** लेख्दा **प** वर्णमा किसिम नं. १ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छभने नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:२४) मा **पौषशुक्लपञ्चम्याम्** लेख्दा **प** वर्णमा किसिम नं. २ बमोजिम औकारको मात्रा चिह्न लगाइएको पाइन्छ। अनि शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:१९) मा **प्रथमपौषशुक्ल** लेख्दा **प** वर्णमा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएका **पौ** वर्णका आकृतिहरू जम्मा पाँच किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – मीननाथको अभिलेख (रे.१४०:१८) मा **पौषशुक्ल** लेख्दा **प** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाउँदा एकारमात्राको एउटा चिह्नचाहिँ **प** वर्णको दायाँ भुजामाथि लगाइएको र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको,

२. दोस्रो उदाहरण – अंशुवर्माको पाटन सुन्धाराको अभिलेख (रे.७६:१६) मा **प्रथमपौषशुक्ल** लेख्दा **प** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १

बमोजिम लगाउँदा एकारमात्राको एउटा चिह्नचाहिँ **प** वर्णको बायाँ भुजामाथि लगाइएको र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको,

३. तेस्रो उदाहरण – रामदेवको पालाको, मृगस्थली जाने बाटोको अभिलेख (नो.१७:१) मा **पौर्ण्णमास्याम्** लेख्दा **प** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाएर आकारको मात्राचिह्न चाहिँ किसिम नं. २ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको,

४. चौथो उदाहरण – नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:२४) मा **पौषशुक्लपञ्चम्याम्** लेख्दा **प** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाएर आकारको मात्राचिह्नचाँहि किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको,

५. पाँचौं उदाहरण – शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:१९) मा **प्रथमपौषशुक्ल** लेख्दा **प** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाएर आकारको मात्राचिह्न किसिम नं. ९ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको ।

गणदेव+भौमगुप्तको किसिपिंडीको अभिलेख (नो.१९खः६) मा **श्रीभौमगुप्त** लेख्दा **भ** वर्णमा किसिम नं. १ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छभने पशुपति देउपाटनको स्वामिवार्त्तको अभिलेख (रे.४५:३) मा **भौमगुप्त** लेख्दा **भ** वर्णमा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छ ।

नरेन्द्रदेवको च्यासलटोलको अभिलेख (नो.७२:१९) मा **शौच्यदेवः** लेख्दा **श** वर्णमा किसिम नं. १ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छभने स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे. ४५:३) मा **नमोस्त्वर्द्धशौरीश्वराय** लेख्दा **श** वर्णमा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छ। यसै गरी टिष्टुङ्गको अंशुवर्माको अभिलेख (रे.७१:६) मा **शौल्किक** लेख्दा **श** वर्णमा किसिम नं. २ बमोजिम औकारको मात्रा चिह्न लगाइएको पाइन्छ।

अब किसिम नं. १ तथा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएका **शौ** वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – नरेन्द्रदेवको च्यासलटोलको अभिलेख (नो.७२:१९) मा **शौच्यदेवः** लेख्दा **श** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाएर आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको,

२. दोस्रो उदाहरण – स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:२) मा **नमोस्त्वर्द्धशौरीश्वराय** लेख्दा **श** वर्णको शिरोरेखा नजोडिएको अवस्थामा बीचमा खालि छोडिएको अनि एउटा एकलख **श** वर्णको बायाँ भुजामा लगाई अर्को एकलख दायाँ भुजामा लगाएर ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाउनुका साथै आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको,

३. तेस्रो उदाहरण – अंशुवर्माको टिष्टुङ्गको अभिलेख (रे.७१:६) मा **शौल्किक** लेख्दा **श** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाएर आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको।

मानदेवको चाँगुको अभिलेख (नो.१:१९) मा **देष्यत्यसौ** लेख्दा **स** वर्णमा किसिम नं. १ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छभने स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:६) मा **योसौ** लेख्दा **स** वर्णमा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएको पाइन्छ। अनि ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:७) मा **योसौ तिलमक** लेख्दा पनि **स** वर्णमा किसिम नं. २ बमोजिम नै औकारको मात्राचिह्न लगाइएको पाइन्छ। यस किसिमले किसिम नं. १ तथा किसिम नं. २ बमोजिम औकारको मात्राचिह्न लगाइएका **सौ** वर्णका आकृतिहरू जम्मा तीन किसिमका देखिएका छन्। तिनीहरूलाई बुँदागत रूपमा यसरी स्पष्ट पार्न सकिन्छ :

१. पहिलो उदाहरण – मानदेवको चाँगुको अभिलेख (नो.१:१९) मा **देष्यत्यसौ** लेख्दा **स** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाएर

आकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको,

२. दोस्रो उदाहरण – स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:६) मा **योसौ** लेख्दा **स** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम अर्थात् वर्णको बायाँ भुजाबाट दोलख लगाएर आकारको मात्राचिह्नचाहिँ किसिम नं. २ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको,

३. तेस्रो उदाहरण – ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:७) मा **योसौ तिलमक** लेख्दा **स** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम अर्थात् वर्णको दायाँ भुजाबाट दोलख लगाएर, आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको।

तालिका नं.९:२२

लिच्छवि लिपिको संयुक्त वर्णमा औकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
द्गौ		रे.५६:८	द्गौ		रे.१३६:२१
ञ्चौ		रे.१०६:१८	श्चौ		रे.१२८:९
ष्टौ		नो.५६:२३	क्तौ		रे.४५:१
त्तौ		नो.८३:२७	प्तौ		नो.५६:३
स्तौ		नो.८१:२६	स्तौ		रे.४५:१

स्थौ		नो.१:२०			

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा औकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ संयुक्त वर्ण **द्गौ** को उदाहरण दुईओटा प्रस्तुत गरिएका छन् । पहिलो उदाहरण शिवदेव+अंशुवर्माको तुलाछैंटोलको अभिलेख (रे.५६:८) मा उत्कीर्ण **मयैतद्गौरवाद्** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:२१) मा उत्कीर्ण **यावद्गौतमाश्रम** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.५६:८) मा **द्ग** संयुक्त वर्णको पहिलो वर्ण **द** मा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। दोस्रो उदाहरण (रे.१३६:२१) मा **द्ग** संयुक्त वर्णको पहिलो वर्ण **द** मा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **ञ्चौ** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (रे.१०६:१८) मा उत्कीर्ण **लुम्बञ्चौ** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **ञ** मा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **श्चौ** को उदाहरण नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:९) मा उत्कीर्ण **युक्तश्चौरपरदार** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **श** मा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **ष्टौ** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (नो.५६:२३) मा उत्कीर्ण **देयन्तेनाष्टौ** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **ष** मा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम

र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **क्तौ** को उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे. ४५:१) मा उत्कीर्ण **पृक्तौ** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **क** मा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **त्तौ** को उदाहरण नक्साल नारायणचौरको अभिलेख (नो.८३:२७) मा उत्कीर्ण **सप्रतिपत्तौ** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **त** मा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **प्तौ** को उदाहरण भीमार्जुनदेव+जिष्णुगुप्तको थानकोटको अभिलेख (नो.५६:३) मा उत्कीर्ण **मायासुप्तौ** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **प** मा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। यहाँ संयुक्त वर्ण **स्तौ** को दुईओटा उदाहरण प्रस्तुत गरिएका छन्। पहिलो उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:१) मा उत्कीर्ण **सुकरमनयोस्तौ** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२६) मा उत्कीर्ण **यं स्तौति** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.४५:१) मा **स्त** संयुक्त वर्णको पहिलो वर्ण **स** मा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्नचाहिँ किसिम नं. २ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको छभने दोस्रो उदाहरण (नो.८१:२६) मा **स्त** संयुक्त वर्णको पहिलो वर्ण **स** मा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाइएको छ र आकारको मात्राचिह्न पनि किसिम नं. १ बमोजिम नै लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **स्थौ** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:२०) मा उत्कीर्ण **तस्थौ** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **स** मा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न किसिम नं. २ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:२३

लिच्छवि लिपिको संयुक्त वर्णमा औकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्पौ		नो.१:१	म्भौ		रे.३३:४
त्यौ		रे.१८:५	त्वौ		रे.१३६:१३

माथिको तालिकामा लिच्छवि लिपिको संयुक्त वर्णमा औकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसअघिको तालिकामा **स्थौ** वर्णसम्मको उदाहरण दिइएकोमा यस तालिकामा **त्पौ** वर्णदेखिका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ संयुक्त वर्ण **त्पौ** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१) मा उत्कीर्ण **प्रज्ञातसत्पौरुषः** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **त** मा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **म्भौ** को उदाहरण आभीरी गोमिनीको पशुपतिको अभिलेख (रे.३३:४) मा उत्कीर्ण **चापत्यानाम्भौमगुप्तादीनाम्** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **म** मा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

संयुक्त वर्ण **त्यौ** को उदाहरण विजयवतीको सूर्यघाटको अभिलेख (रे.१८:५) मा उत्कीर्ण **पत्यौ** शब्दबाट लिइएको हो। यसमा पहिलो वर्ण **त** मा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ। संयुक्त वर्ण **त्वौ** को उदाहरण शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:१३) मा

उत्कीर्ण **सत्वौमालम्बासंज्ञके** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **त** मा ऐकारको मात्राचिह्न किसिम नं. २ बमोजिम र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:२४

लिच्छवि लिपिमा रेफसहितको वर्ण एवं संयुक्त वर्णमा औकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
र्षौ		रे.२६:१	र्न्नौ		रे.४५:१

माथिको तालिकामा लिच्छवि लिपिमा रेफसहितको वर्ण एवं संयुक्त वर्णमा पहिले वर्ण लेखी त्यसको शिरमा रेफको चिह्न राखी त्यसमाथि ऐकारको मात्राचिह्न लगाई अक्षरको विन्यासअनुरूप आकारको चिह्नसमेत राखी औकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ रेफसहितको वर्ण **र्षौ** को उदाहरण वसन्तदेवको पालाको, खपिँछेको अभिलेख (रे.२६:१) मा उत्कीर्ण **महर्षौ** शब्दबाट लिइएको हो। यसमा **ष** वर्ण लेखी त्यसको शिरमाथि रेफचिह्न राखी अनि त्यसमा किसिम नं. २ अनुसार ऐकारको मात्राचिह्न र दायाँपट्टि किसिम नं. १ अनुसार आकारको मात्राचिह्न लगाई रेफसहितको औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

रेफसहितको संयुक्त वर्ण **र्न्नौ** को उदाहरण स्वामिवार्त्तको पशुपतिको अभिलेख (रे.४५:१) मा उत्कीर्ण **पत्योर्न्नौ** शब्दावलीबाट लिइएको हो। यसमा पहिलो वर्ण **न** को शिरमा रेफको चिह्न राखी त्यसमाथि ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई रेफसहितको औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

तालिका नं.९:२५

लिच्छवि लिपिमा र+संयुक्त वर्णमा औकारको मात्राचिह्न

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
त्रौ		रे.१४०:९	द्रौ		नो.१:६

माथिको तालिकामा लिच्छवि लिपिमा **र+सहितको संयुक्त वर्णमा** औकारको मात्राचिह्न लगाइएका वर्णहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ र+संयुक्त वर्ण त्रौ को उदाहरण मीननाथको अभिलेख (रे.१४०:९) मा उत्कीर्ण **रात्रौ** शब्दबाट लिइएको हो। यसमा पहिले **र**+सहितको वर्ण **त्र** लेखी माथिको **त** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

र+संयुक्त वर्ण **द्रौ** को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:६) मा उत्कीर्ण **दोलाद्रौ** शब्दावलीबाट लिइएको हो। यसमा पहिले **र**+सहितको वर्ण **द्र** लेखी माथिको **द** वर्णमा ऐकारको मात्राचिह्न किसिम नं. १ बमोजिम र आकारको मात्राचिह्न किसिम नं. १ बमोजिम लगाई औकारको मात्राचिह्न बनाइएको पाइन्छ।

यसरी यस अध्यायमा लिच्छवि लिपिको वर्ण एवं संयुक्त वर्णहरूमा लगाइएका ओकार तथा औकारको मात्राचिह्नको आकृति-विन्यासको बारेमा उदाहरणसहितको विवेचना प्रस्तुत गरिएको छ।

⁂

अध्याय : दश

लिच्छवि लिपिमा उत्कीर्ण सर्वप्राचीन अभिलेख



संवत् १०० ७ ग्री प [७] [दि] व ४ म [हा] राजस्य जयवर्मण:

माथि प्रस्तुत गरिएको एक पङ्क्तिको यो अभिलेख[1] अहिलेसम्मकै पुरातात्त्विक अध्ययन एवं अनुसन्धानअनुसार लिच्छवि लिपिमा उत्कीर्ण उपत्यकाभित्रको सर्वप्राचीन शिलालेख हो। यसैले लिच्छवि लिपिको अध्ययनको प्रारम्भबिन्दु उपत्यकामा पाइएको यही अभिलेख नै भएको हुनाले यस क्षेत्रमा अनुसन्धान गर्ने अनुसन्धाताहरूका लागि यस अभिलेखको महत्त्वपूर्ण स्थान हुनु स्वाभाविक हो।

यस अभिलेखको अस्तित्वको जानकारी सर्वप्रथम वि.सं. २०४९ साल जेठ महीना २ गतेको गोरखापत्रमा प्रकाशित समाचारबाट प्राप्त भएको हो। उक्त समाचारअनुसार मालीगाउँमा एउटा घरको जग खन्दा थुप्रै ढुङ्गाहरू भेटिएका र

---

[1] यस अभिलेखको प्रतिच्छवि मित्रवर काशीनाथ तमोटले उपलब्ध गराइदिनुभएको हो।

यिनै ढुङ्गाहरूको बीचमा घोप्टो परी लडिरहेको मानव-आकृतिको एउटा मूर्ति फेला परेको हो। असावधानीपूर्वक पिकले खन्दा उक्त मूर्ति छिन्नभिन्न भएको अवस्थामा भेटिएको थियो। उक्त मूर्तिका सबै खण्डित टुक्राटाक्रीहरूलाई खोज्दै मिलाउँदै जाँदा उक्त मूर्ति ६ टुक्रामा खण्डित भएको अवस्थामा पाइएको देखियो - १. शिरोभाग, २. टाउकोदेखि घुँडासम्मको भाग, ३. दाहिने हात माथि उठाएको भाग, ४. टाउकोदेखि घुँडामुनिसम्मको भाग, ५. घुँडामुनिदेखि खुट्टासम्मको भाग र ६. दुई नाङ्गो पाउ भएको पादपीठमा अभिलेख लेखिएको भाग।[२] यो मूर्ति भेटिएपछि यसको मर्मत सम्भार एवं सुरक्षाको दृष्टिकोणले यसलाई पाटनको सरकारी पुरातत्त्व बगैंचामा राखियो। केही वर्षपछि इटालीका दुईजना पुरातत्त्वविद्हरू आएर खण्डित यस मूर्तिलाई कठिन परिश्रमपूर्वक मरम्मत गरी उभिएको अवस्थामा नै राख्न हुने गरी जोडेर मिलाउन सफल भए। हाल यो मूर्ति छाउनी म्यूजियममा सुरक्षित छ।[३]

यस अभिलेखको पाठ सबैभन्दा पहिले श्यामसुन्दर राजवंशीले पढी वि.सं. २०४९ जेठ १२ गतेको गोरखापत्रमा प्रकाशित गर्नुभयो। तदनन्तर, यस पाठलाई परिमार्जन गरी डा. दिनेशचन्द्र रेग्मीले २०४९ जेठ १७ गतेको गोरखापत्रमा छाप्नुभयो। त्यसपछि मानव कदको एउटै प्रस्तरमा निर्मित यस मूर्तिको पादपीठमा रहेको यो अभिलेख नेपाली कलाको इतिहास, पुरातत्त्व एवं लिपिको अध्ययनका लागि शरीरको मेरुदण्डसमानको रूपमा रहिआएको हुनाले विद्वान्हरूले विभिन्न दृष्टिकोणले यस-सम्बन्धी अध्ययन शुरू गरे तथा गरिरहेका छन्।

यो अभिलेख एक पङ्क्तिमा लेखिएको छ र यसमा जम्मा २१ अक्षरहरू कुँदिएका छन्। यस अभिलेखको श्यामसुन्दर राजवंशीले पढ्नुभएको पाठ यस्तो रहेको छ -

---

[२] लैनसिंह बाङ्गदेल, जयवर्माको मूर्ति र नेपालको वर्मावंश, काठमाडौँः मण्डला प्रकाशन, २०६२, पृ.१।

[३] बाङ्गदेल, उही पृ.२।

संवत् **१०० ७ श्रीपञ्चदेव प्क महाराजस्य जयवर्मण**[४]

यसपछि डा. दिनेशचन्द्र रेग्मीले पढ्नुभएको यस अभिलेखको पाठ यस्तो छ -

संवत् **१०० ७ श्रीपरमदेव [ाङ्क] महाराजस् [य] जयवर्म [णः]**[५]

यसपछि हेमराज शाक्यले पढ्नुभएको यस अभिलेखको पाठ यस्तो छ -

संवत् **१०० ७ परमदेव प्क महाराजस्य जयवर्मा**[६]

एञ्जेलो एण्ड्री डि. क्याष्ट्रो र रिकार्डो गार्बिनी (Angelo Andrea Di Castro and Riccardo Garbini) ले भारतको कुषाण कालका कतिपय अभिलेखहरूलाई तुलनात्मक अध्ययनको रूपमा उद्धरण गरी यस अभिलेखको पाठ निम्नबमोजिम पढेका छन् –

संवत् **२०० ७ ग्री प [७] [दि] व ४ म [हा] राजस्य जयवर्मणः**[७]

तारानन्द मिश्रको यस अभिलेखको पाठ यस्तो रहेको देखिन्छ –

संवत् **१०० ७ श्रीपञ्च दिव प्क महाराजस्य जयवर्मणः**[८]

काशीनाथ तमोट तथा इयन अल्सप (Ian Alsop) ले यस अभिलेखको पाठ यसरी पढ्नुभएको छ -

संवत् **१०० ७ ग्री प ७ दि व प्क महाराजस्य जय वर्म्मणः**[९]

शङ्करमान राजवंशीले पढ्नुभएको यस अभिलेखको पाठ यस्तो देखिन्छ –

---

[४] श्यामसुन्दर राजवंशी, **गोरखापत्र**, जेठ १२, २०४९ (मे २५, १९९२)।

[५] दिनेशचन्द्र रेग्मी, "मालीगाउँको मूर्तिलेख", **गोरखापत्र** जेठ १७, २०४९ (मे ३०, १९९२)।

[६] हेमराज शाक्य, **राजमती**, जेठ १२, १९, २०४९।

[७] Angelo Andrea Di Castro and Riccardo Garbini, "An Inscribed Statue of Year 207 from Maligaon, Kathmandu" **East and West** Vol 46, No. 3-4. (December 1996, P. 299.

[८] Tarananda Mishra, "Dated Figure of King Jayavarma, The Tradition of Figure Making and The Historical Importance of This Discovery" **Ancient Nepal** p.16.

[९] Kashinath Tamot and Ian Alsop, "A Kushan-period Sculpture from the reign of Jaya Varman, A.D. 185" , **Orientations** ,Vol. 32, Number 7, 2001.

संवत् १०० ७ श्रीपञ्चदेव प्क महाराजस्य जयवर्म्मण[१०]

यस प्रसङ्गमा मोहनप्रसाद खनालको पाठ यस्तो रहेको छ–

संवत् २०७ श्रीपञ्चदेवप्क महाराजस्य जयवर्म[११]

सुदर्शन राज तिवारीले पढ्नुभएको यस अभिलेखको पाठ यस्तो देखिन्छ –

संवत् १०० ७ श्रीपरमदेवप्क महाराजेषु जयवर्म्मा [१२]

यसमा डा. महेशराज पन्तको मत यस्तो रहेको देखिन्छ – “हिमालको पुस अङ्कमा छापिएका ‘राजकीय सत्ता र धर्म’ भन्ने लेखमा राजा जयवर्माको शालिकको पादपीठमा कुँदिएको संवत् २०७ भनी मैले लेखेको र १ असार २०७२ मा राजधानी दैनिकमा छापिएको मेरो लेख ‘लोकसेवा आयोगको पुरातत्त्व समूहका प्रश्नपत्र हेर्दा’ मा त्यही संवत्‌लाई १०७ भनेकोमा माघ अङ्कको पाठक-समीक्षामा बोधनाथ पौडेलले प्रश्न उठाउनुभएको रहेछ। यो प्रश्न ठीक हो, तर मेरो पछिल्लो अनुसन्धानबाट त्यो संवत् २०७ भनी ठहरिएकाले मैले सच्याएको हुँ। यसरी सच्याएको कुरा लेखमा खुलाउनुपर्ने भए पनि हिमालमा टिप्पणी आदि हाल्न अप्ठेरो भएकोले नीच मारेको हुँ।”[१३] यताबाट डा. महेशराज पन्तले यस अभिलेखको संवत्‌लाई पहिले १०७ मान्नुभएको र पछि आफ्नो अनुसन्धानबाट २०७ ठहरिएको कुरा उल्लेख गर्नुभएको छ।

अब जाऔँ – जयवर्माको अभिलेखमा रहेको संवत्‌को अङ्कतर्फ। यसको प्रतिच्छवि यस्तो देखिन्छ-



---

१० शङ्करमान राजवंशी, “मालिगाउँमा प्राप्त नयाँ अभिलेखको बारेमा विचार विमर्श” **प्राचीन नेपाल** पूर्णाङ्क १३५, Oct–Nov, पृ.१-३ ।

११ मोहनप्रसाद खनाल, नेपाली मूर्तिकला, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०७४, द्वितीय संस्करण, पृ. १८० ।

१२ Sudarshan Raj Tiwari, **Ancient Bricks**, p.5.

१३ महेशराज पन्त, हिमाल पत्रिका, पूर्णाङ्क ६९०, फागुन २०७८, पाठक-समीक्षा, पृ. ४ ।

यस अङ्कलाई सबैजसो अनुसन्धानकर्त्ताहरूले १०७ हो भनी पढेका छन्। एन्जोलो एण्ड्रीया डि क्याष्ट्रो तथा रिकार्डो गार्बिनीले, डा. महेशराज पन्तले र मोहनप्रसाद खनाललेभने यस अङ्कलाई २०७ भनी पढेका छन् ।[१४]

जयवर्माको अभिलेख पाइएदेखि हालसम्म यससम्बन्धी अध्ययनमा लागिरहनुभएका काशीनाथ तमोटले भने 'लिपि निर्णयमा स्पर्शानुभूतिको भूमिका' भन्ने लेख नै लेख्नुभएको छ। यस लेखमा उहाँले 'आफ्नै हातले छोएर हेर्दा अ नै भएको र त्यहींनिर ढुङ्गाको पाप्रो उप्किएकोले यो समस्या आएको हो' भनी यस संवत्को अङ्कलाई १०७ भनी ठम्याउनुभएको छ। [१५]

कलाकार लैनसिंह बाङ्गदेलले भारत, महोलीको बोधिसत्त्व मूर्ति (इ.पहिलो-दोस्रो शताब्दी), मथुरा म्यूजियम को बोधिसत्त्वको मूर्ति (दोस्रो शताब्दी) र अहिक्षेत्रमा प्राप्त कुषाणकालको मैत्रेयको मूर्ति (दोस्रो शताब्दी) समेत भारतका मुख्य तीनओटा मूर्तिहरूसँग तथा अन्य मूर्तिहरूसँग पनि जयवर्माको यस मूर्तिको कलापक्षबाट तुलनात्मक रूपमा विस्तृत अध्ययन गर्नुभएको छ। यस अध्ययनपश्चात् बाङ्गदेलले आफ्नो निष्कर्ष यसरी प्रस्तुत गर्नुभएको छ -

"यसरी अध्ययन गरेपछि मात्र जय वर्माको मूर्तिलाई कुषाणशैलीकै समकालीन मूर्ति हो भन्ने बलियो आधार पनि भयो। त्यसैले यो जयवर्माको मूर्ति ईसाको दोस्रो शताब्दीमा अर्थात् इ.१८५ मा बनेको हो भन्ने कुरामा अब म विश्वस्त छु।"[१६]

यसरी कलात्मक पक्षबाट अनुसन्धान गर्ने विद्वान्हरूको रायलाई पढ्दा पनि यस संवत्को अङ्क १०७ नै हो भन्ने कुरामा बलियो आधार मिल्न आएको देखिन्छ।

लिच्छवि लिपिमा २०० को अङ्क लेख्नका लागि १०० को अङ्कचिह्न जनाउने अ वर्णको शिरोरेखामा दायाँपट्टि एकको अङ्कचिह्न जोड्ने गरिएको हुन्छ।

---

[१४] Angelo Andrea D., पूर्ववत् नं., पृ.3-4।

[१५] बाङ्गदेल, पूर्ववत् नं.२, पृ. १३९।

[१६] बाङ्गदेल, पूर्ववत् नं. २, पृ.३९।

माथिको प्रतिच्छविलाई राम्रोसँग नियालेर हेर्दा १०० को अङ्कचिह्नलाई जनाउने अ वर्णको शिरोरेखामा दायाँपट्टि एकको अङ्कचिह्न एउटा होइन कि दुईओटा जोडिएको जस्तो देखिन्छ। १०० को अङ्कचिह्नलाई जनाउने अ वर्णमा २ को अङ्कचिह्न जोडिएमा ३०० को अङ्क बन्दछ। परन्तु अ वर्णमा २ को अङ्कचिह्न जोडिने होभने एउटा १ को अङ्कचिह्न अ वर्णको मुख्य दण्डको शिरोरेखाबाट दाहिनापट्टि र अर्को १ को अङ्कचिह्न मुख्य दण्डको बीचको भागबाट दाहिनापट्टि जोडिएको हुन्छ। यहाँ अ वर्णको मुख्य दण्डको बीचको भागबाट कुनै पनि अङ्कचिह्न नजोडिएकोले यसलाई ३०० को अङ्क भन्न मिल्दैन। यसलाई २०० को अङ्क भन्नका लागि पनि अ वर्णको शिरोरेखामा दायाँपट्टि एकको अङ्कचिह्न एउटा होइन कि दुईओटा जोडिएको देखिएकोले त्यति उचित हुने देखिँदैन। त्यसैले अ वर्णको शिरोरेखामा दायाँपट्टि थोरै फुटेको हो कि भन्ने ठानी यस पङ्क्तिकारले यस अभिलेखको संवत्‌लाई १०७ नै पढ्नु उपयुक्त हुने देखेको छ।

लिच्छविकालका अरू अभिलेखहरूमा जस्तै यस अभिलेखमा पनि संवत् मात्र लेखिएको छ, संवत्‌को कुनै नाम उल्लेख गरिएको छैन। मानदेवको चाँगुको अभिलेखमा संवत् ३८६ उल्लेख भएको र त्यो संवत् कुन संवत् हो भन्ने विषयमा विद्वान्‌हरूमा धेरै कालसम्म विचार-विमर्श चलिरह्यो। कसैले यसलाई हर्षसंवत् माने, कसैले यसलाई विक्रम संवत् माने, कसैले यसलाई शकसंवत् माने, कसैले यसलाई अर्को नयाँ संवत् माने। आखिरमा वि.सं. २०४३ मा यो संवत् शकसंवत् हो भनेर श्रीगुरु पं. नयराज पन्तद्वारा निर्णय भइसकेको छ।[१७]

यसै गरी प्रस्तुत अभिलेखमा पनि संवत् अगाडि कुनै नाम छैन र खालि संवत् मात्र भनिएको छ। यसो भएपछि विद्वान्‌हरूको बीचमा तर्क-वितर्क हुनु स्वाभाविकै हो।

डा.दिनेशचन्द्र रेग्मीले यस संवत्‌का विषयमा यस्तो लेख्नुभएको छ – "१०७ कुन संवत्‌को वर्ष हो भन्ने बारेमा हाल यकीनको साथ केही भन्ने आधार पाइँदैन। लेखनको दृष्टिले यो लेखोट घटीमा पाँचौं शताब्दी ई. को पूर्वार्द्धको हुनुपर्छ।"[१८]

---

[१७] नयराज पन्त, *लिच्छविसंवत्‌को निर्णय*, काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४३, पृ. ५५५।

[१८] दिनेशचन्द्र रेग्मी, *पुरालेखन र अभिलेख*, काठमाडौँः हिमालय बुक स्टल, २०६०, पृ. १७०।

यसैको टिप्पणीमा यस सम्बन्धमा उहाँले थप स्पष्ट्याउनुभएको छ– "नेपालका शासकले गुप्त सम्राट्लाई कोसेली पठाएजस्तै गरी उनको संवत् अर्थात् ३२० ई. मा चलेको गुप्त संवत्का उपयोग गरेका त होइनन् ? यस्तो भएमा वर्ष १०७ ईसबीको ४२७ हुन आउँछ, जो लिपिविकासको दृष्टिले अमिल्दो हुँदैन। यद्यपि यसलाई प्रमाणित गर्न सकिने आधार पाउन अझै बाँकी छ। यथार्थमा संवत्को समस्याको समाधान अझै हुन सकेको छैन।"[१९]

यसअघि डा. दिनेशचन्द्र रेग्मीले अभिलेखमा उत्कीर्ण यो संवत् १०७ लाई "मालीगाउँको शिलालेखमा उत्कीर्ण संवत् १०७ शकसंवत् पनि होइन सन् ५७६ (वि.सं. ६३३) देखि प्रारम्भ भएको मानदेव संवत् पनि होइन ईसबीको चौथो शताब्दीको आरम्भमा चलेको कुनै संवत्को सुझाव दिइन्छ भने कमसेकम पुरालेखनको अनुकूल हुनेछ।"[२०] भनी नयाँ संवत् मान्नुभएको देखिन्छ।

शङ्करमान राजवंशीलेचाहिँ यस संवत्लाई लिच्छवि संवत् हो भनी आफ्नो धारणा यसरी प्रस्तुत गर्नुभएको छ -

"जयवर्माको अभिलेखको संवत् १०७ लिच्छवि संवत् हो। यसमा २२ घटाएपछि शक संवत् हुन्छ भन्ने स्पष्ट छ।"[२१]

यसरी शङ्करमानले लिच्छवि संवत्मा २२ घटाएपछि शकसंवत् हुन्छ भन्नुभएको छ। यससम्बन्धी शास्त्रीय आधारचाहिँ स्पष्ट पार्नुभएको छैन।

श्यामसुन्दर राजवंशीले लिच्छविकालको यो पहिलो संवत्लाई "लिच्छविकालको संवत् शक संवत् चल्नुभन्दा १ वर्ष ५ महिना अघि याने शकपूर्व २ मा आरम्भ भएको लिच्छवि संवत् हो।"[२२] भनी लेख्नुभएको छ।

---

[१९] रेग्मी, ऐ. पृ. १७३।

[२०] दिनेशचन्द्र रेग्मी, "मालीगाउँको मूर्तिलेख" **गोरखापत्र**, वर्ष ९२, अङ्क २५, वि.सं. २०४९ जेठ १७ गते।

[२१] राजवंशी, पूर्ववत्, नं. १०, पृ.२।

[२२] श्यामसुन्दर राजवंशी, **लिच्छविकालीन सम्वत्को निश्चय**, काठमाडौँ : गिरीन्द्रमान तथा चन्द्रकिरण राजवंशी, वि. सं. २०५२ पृ. २८ र पृ. २१२।

यस संवत्को विषयमा डा.गोविन्द टण्डनले आफ्नो धारणा यसरी व्यक्त गर्नुभएको छ-

"चौथो शताब्दीको प्रारम्भमा नेपालमा नयाँ संवत् चलेको आजसम्म अरू कुनै अभिलेखीय प्रमाणबाट थाहा भएको छैन। ..पादपीठको शिलालेखमा उत्कीर्ण संवत्मा अन्य शिलालेखहरूमा झैं कुन संवत् हो उल्लेख नभई केवल 'संवत् १०७' भनिएकोले त्यसबारेमा तर्क/वितर्क गर्ने मौका विद्वान्हरूलाई दिएको छ। जे होस्, यो शिलापत्र संवत् १०७ को जयवर्माको हो भन्ने अनुमान हुन्छ। प्राचीन कालको शिलापत्रमा अर्वाचीन कालको आभास पाइनु जति असंभव हुन्छ, त्यति अर्वाचीन कालको शिलापत्रमा प्राचीन कालको झलक पाइनु स्वाभाविक हुन्छ। यसमा यस्तै भएको छ। यदि यो शिलापत्र साँच्चै दोस्रो वा चौथो शताब्दीको भएको भए त्यहाँ उत्कीर्ण सबै अक्षरमा समकालिकपन पाइनुपर्थ्यो, त्यसो नभई यसमा सातौं-आठौं शताब्दीको प्रचलित अक्षरहरूमा पाइने विशेषताहरू पनि छन्। लिपिकारले यसमा तीनवटा 'व' उत्कीर्ण गरेका छन्। त्यो पनि तीन थरी शैलीमा छ। म, ज दुई-दुईवटा छ, त्यो पनि समानकारको नभई एउटा ठूलो आकारमा छ, अर्को लघु आकारमा छ।

अहिले मालीगाउँमा प्राप्त भएको मूर्ति एवं पादपीठमा उत्कीर्ण लेखको यसरी विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्दा त्यो विक्रमको आठौं शताब्दीभन्दा अघिको हुन नसक्ने देखिन्छ। नरेन्द्रदेवको समयमा संवत् १०७ (वि.सं. ७४०) मा जयवर्मा भन्ने व्यक्ति 'महाराज' पदवी लिई काम गरिरहेको यसले देखाउँछ।

यसरी मालीगाउँमा प्राप्त उक्त मूर्ति तथा त्यसको पादपीठको लेख तथा संवत्लाई दृष्टिगत गर्दा विक्रम संवत् ६३३ देखि चलेको मानदेव संवत् नै हो भन्ने देखिन्छ।"[२३]

यसरी विभिन्न दृष्टिकोणबाट विश्लेषण गरी डा.गोविन्द टण्डनले जयवर्माको अभिलेखको यस संवत् १०७ लाई वि.सं. ६३३ देखि चलेको मानदेव संवत् भनी मान्नुभएको स्पष्ट हुन्छ। प्रा. एवं प्राज्ञ दिनेशराज पन्तले पनि डा. गोविन्द टण्डनको यस धारणालाई "विश्लेषण गर्दा चलिरहेको कोणबाट मात्र नगरी

---

[२३] गोविन्द टण्डन, इतिहासका थप पृष्ठहरू, काठमाडौँः साङ्ग्रिला पुस्तक प्रा.लि., २०७७, पृ. २०४, २०८ र २०९।

आफ्नो पृथक् शैलीबाट गर्ने पद्धति डा. गोविन्द टण्डनका लेखहरूमा जताततै पाइन्छन्। यसको उदाहरणको रूपमा मालिगाउँमा वि. सं. २०४९ वैशाखको अन्तिम साताातिर पाइएको जयवर्माको मूर्तिको बारेमा प्रचलित धारणाभन्दा यस पुस्तकमा भएको पृथक् दृष्टिकोणको चर्चा नै पर्याप्त होला भन्ने लाग्छ।" भनी आफ्नो मन्तव्य दिनुभएको छ।[२४]

डा. टण्डनले यस अभिलेखमा तीन थरी शैलीमा तीनवटा 'व' उत्कीर्ण गरिएको तथा म, ज दुई-दुईओटा उत्कीर्ण गरिएकोमा ती पनि समान आकारको नभई एउटा ठूलो र अर्को लघु आकारमा भएको कुराको प्रसङ्ग पनि उठाउनुभएको छ। ती कुरा ठीकै भए पनि एउटैमात्र अभिलेखको लिपिको आधारमा कालनिर्धारण गर्ने कार्य कठिन हुन्छ। यस विषयलाई त विविध कालखण्डका अभिलेखहरूमा भएका वर्णहरूको आकृतिविन्यासमा तुलनात्मक अध्ययन गरेर मात्र निर्णय गर्नुपर्ने हुन्छ।

अब लिपिविकासको दृष्टिकोणबाट यस संवत्का सम्बन्धमा छलफल गरौं। एक पङ्क्तिमा लेखिएको, जम्मा २१ वर्णहरू भएको, त्यसमाथि पनि विभिन्न विद्वान्हरूले पढेको पाठ एकरूपको नभएको अवस्थामा यति थोरै नमूनाको आधारमा तुलनात्मक विश्लेषण गरी निष्कर्ष निकाल्नु त्यति सजिलो कामभने पक्कै होइन, भए पनि उपलब्ध केही वर्णहरूको तुलनात्मक अध्ययन गरी निष्कर्ष निकाल्ने प्रयास गर्नु उचित हुनेछ।

तालिका नं. १०:१

लिच्छवि लिपिका वर्णहरूको तुलनात्मक अध्ययन

देवनागरी	जयवर्मा	मानदेव	स्रोत	नरेन्द्रदेव	स्रोत
ज			नो.१:२		नो.७०:७

---

[२४] गोविन्द टण्डन, इतिहासका थप पृष्ठहरू, काठमाडौं : साङ्ग्रिला पुस्तक प्रा.लि., २०७७, मा दिनेशराज पन्तको मन्तव्य पृ. ट।

म			नो.१:७		नो.७०:२०
य			नो.१:१२		नो.७३:३५
व			नो.१:१५		नो.७३:३६
स			नो.१:११		नो.७३:११
ह			नो.१:१६		नो.७३:१०

माथिको तालिकामा जयवर्माको अभिलेखमा **महाराजस्य** लेख्दा **ज** वर्णको दायाँ तर्फका तीन भुजामध्ये सबभन्दा तलको तेस्रो भुजा अलि छड्के परेको र तीन भुजाहरू जोडिएको मुख्य दण्ड पनि सीधा नभएर दायाँपट्टि अलि पसेको देखिन्छ। यसै गरी मानदेवको चाँगुको अभिलेख (नो.१:२) मा **श्रीमच्चारुभुजः** लेख्दा **ज** वर्णको दायाँतर्फका तीन भुजामध्ये सबभन्दा तलको तेस्रो भुजा अलि छड्के परेकै देखिन्छ र तीन भुजाहरू जोडिएको मुख्य दण्डचाहिँ सीधा स्वरूपको देखिन्छ। राजा नरेन्द्रदेवको, ललितपुर गहिरीधाराको अभिलेख (नो.७०:७) मा **राजाधिराज** लेख्दा यतिखेर वर्णको आकृति विकसित हुँदै गएर अलि लाम्चो किसिमको हुन आइपुगेको देखिन्छभने **ज** वर्णको दायाँतर्फका तीन भुजामध्ये सबभन्दा माथिको पहिलो भुजाको दायाँपट्टिको बिन्दुबाट थोरै तल रेखा खिंचिएको देखिन्छ र मुख्य दण्ड पनि सीधा नै देखिन्छ।

जयवर्माको अभिलेखमा **महाराज** लेख्दा दुइटा भुजा भएको **म** वर्णको बायाँ भुजाको बीच भागतिर दायाँ भुजाबाट गएको सानो रेखा जोडिन लागेको देखिन्छ। मानदेवको चाँगुको अभिलेख (नो.१:७) मा **व्यायाम** लेख्दा **म** वर्णको बायाँ भुजा सीधा नभएर अलिकति भित्र झुकेको जस्तो देखिन्छ। राजा नरेन्द्रदेवको, वज्रघरको अभिलेख (नो.७३:२०) मा **पश्चिमङ्गत्वा** लेख्दा **म** वर्णको बायाँ भुजाको तलको बिन्दुमा दायाँ भुजाबाट गएको सानो रेखा जोडिएको देखिन्छ।

जयवर्माको अभिलेखमा **जयवर्मा** लेख्दा **य** वर्णका तीनओटा भुजाहरू माथितिर फर्किएका देखिन्छन्। यसमा पहिलो भुजाको माथिको बिन्दुबाट बाहिर होइन कि भित्रतिर फर्किएको गाँठो परेको देखिन्छ। मानदेवको चाँगुको अभिलेख (नो.१:१२)मा **यत्नतः** लेख्दा तीन भुजा भएको **य** वर्णको पहिलो भुजाबाट भित्रपट्टि होइन कि बाहिरतर्फ फर्किएको गाँठो परेको देखिन्छ। अब वर्णहरू विकसित हुँदै गएर राजा नरेन्द्रदेवको पालासम्म आइपुग्दा **य** वर्ण आजभोलिको देवनागरी लिपिको **य** वर्ण जस्तो दुइटा भुजा भएको भइसकेको छ। नरेन्द्रदेवको वज्रघरको अभिलेख (नो.७३:३५) मा **यस्य यस्य** लेख्दा **य** वर्ण यस्तै दुई भुजाको भइसकेको देखिन्छ।

जयवर्माको अभिलेखमा संवत् लेख्दा **व** वर्ण डिकोबाट तल त्रिकोणको रूपमा जोडिएको र दायाँपट्टिको कोण लाम्चो बनेको देखिन्छ। मानदेवको चाँगुको अभिलेख (नो.१:१५)मा **तानाज्ञावश** लेख्दा **व** वर्ण करीब करीब गोलो आकृतिको हुन खोजेको देखिन्छ। नरेन्द्रदेवको पशुपति वज्रघरको अभिलेख (नो.७३:३६) मा **श्रीशिवदेवः** लेख्दा **व** वर्ण करीब करीब आजभोलिको देवनागरी लिपिको **व** वर्ण जस्तै मुख्य दण्डको बायाँपट्टि बाटुलो आकृति भएर दण्डमा जोडिएको पाइन्छ।

जयवर्माको अभिलेखमा **संवत्** लेख्दा **स** वर्ण दुई भुजाको देखिएको र बायाँपट्टिको भुजाको तलपट्टि गाँठो पारेर छड्के स्वरूपमा दायाँपट्टिको दण्डमा जोडिएको देखिन्छ। मानदेवको चाँगुको अभिलेख (नो.१:११) मा **पादसंसेवया**

लेख्दा दुई भुजा भएको **स** वर्णको बायाँपट्टिको भुजाको तल गाँठो परेकोमा दायाँपट्टिको दण्ड अलि छोटो भएर उक्त गाँठोसम्म मात्र आइपुगेको देखिन्छ। नरेन्द्रदेवको पशुपति वज्रघरको अभिलेख (नो.७३:११) मा **भिक्षुसङ्घाया** लेख्दा **स** वर्ण दुई भुजाकै देखिए पनि बायाँपट्टि भुजाको तल दायाँपट्टि मुख खुला भएको, गाँठोको स्वरूप नभएर दाहिनेपट्टिको दण्डमा जोडिएको देखिन्छ। यतिखेर सबै वर्णहरूको आकृति लाम्चो स्वरूपको नै भइसकेको देखिन्छ।

जयवर्माको अभिलेखमा **महाराज** लेख्दा ह वर्ण बायाँ फर्किएको हँसियाको जस्तो आकृतिको देखिन्छ। मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा **निर्भीः सिंह** लेख्दा ह वर्ण बायाँपट्टि जयवर्माको अभिलेखको जस्तो परसम्म नतन्किई छोटै आकृतिको देखिन्छ। नरेन्द्रदेवको पशुपति वज्रघरको अभिलेख (नो.७३:१०) मा **गृहक्षेत्र** लेख्दा ह वर्णको तल पुच्छरको आकृतिको सानो रेखा जोडिएको पनि पाइन्छ। यसमा मुख्य विशेषता के देखिन्छभने जयवर्मा एवं मानदेवको समयमा बायाँपट्टि फर्किएको ह वर्ण विकसित हुँदै आएर नरेन्द्रदेवको पालासम्म आइपुग्दा दायाँपट्टि फर्किने भइसकेको छ।

जयवर्माको अभिलेखलाई शकसंवत् मान्दा वि.सं. २४२ को हुने र मानदेवको चाँगुको अभिलेख वि.सं. ५२२ को भएको हुँदा यसमा २८० वर्षको फरक देखिन्छ। यसै गरी नरेन्द्रदेवको अभिलेख मानदेव संवत् १०३ अर्थात् वि.सं. ७३७ को भएको हुँदा मानदेवको अभिलेखदेखि नरेन्द्रदेवको अभिलेखसम्म २१५ वर्षको फरक रहेको देखिन्छ। यसैले माथिको तालिकामा छओटा वर्णको मात्र भए पनि तुलनात्मक रूपले हेर्दा जयवर्माको अभिलेखभन्दा मानदेवको अभिलेखमा अलि विकसित रूप देखिएको, मानदेवको अभिलेखभन्दा नरेन्द्रदेवको अभिलेखसम्म आइपुग्दा अझ झन् विकसित रूप भइसकेको देखिन्छ। स्पष्ट शब्दमा भन्ने होभने जयवर्माको अभिलेखका अक्षरहरू मानदेवको अभिलेखका अक्षरहरूसँग केही मिल्न खोजे तापनि राजा नरेन्द्रदेवको अभिलेखका अक्षर हरूसँग नमिल्ने र अलि धेरै फरक भइसकेका देखिन्छन्।

यसैले माथि छलफल गरेबमोजिम लिपिको अध्ययनको आधारमा जयवर्माको अभिलेखमा उत्कीर्ण यस संवत् १०७ लाई राजा नरेन्द्रदेवको पालामा प्रचलनमा रहेको मानदेव संवत् हो भन्ने कुरा मान्न सकिँदैन। प्राचीन कलाको दृष्टिकोणबाट अध्ययन गर्ने विद्वान्हरूले यस मूर्तिलाई ईशाको दास्रो शदीको ठहऱ्याएको हुनाले र माथि प्रस्तुत तात्कालिक लिपिको अध्ययनको आधारमासमेत यो संवत् लिच्छवि मानदेव (प्रथम) हरूको समयमा चलेको शकसंवत् नै हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

यस अभिलेखमा उत्कीर्ण जयवर्मा र लिच्छवि राजा जयदेव द्वितीयले पशुपतिको अभिलेखमा नाम लिएका उनका पुर्खा राजा जयदेवका सम्बन्धमा काशीनाथ तमोटको विचार यस्तो रहेको देखिन्छ -

> "अहिले पाइएको जय वर्मा जयदेव द्वितीयको जयदेव (प्रथम) हो भन्ने देखिन्छ। उनको शासनकाल प्राप्त मानदेवको शक संवत् ३८६ मा प्रतिराजा २० वर्षले शासनावधि घटाउँदै जाँदा शक संवत् १०६ पर्न आउँछ। अहिले प्राप्त अभिलेखमा संवत् १०७ छ। काठमाडौँ केवलपुरको ध्रुवदेव+जिष्णुगुप्तको अभिलेखमा आएको मानदेवभन्दा अघिका राजा वसुराजले जयवर्मा र वृषदेवको बीचको राजाको प्रतिनिधित्व गरेकै छ।
>
> जयवर्मा (इ.१८५) र जयदेव द्वितीय (इ.७१३-७३३) को समय ४४८ वर्ष फरक छ। यति समयसम्म ऐतिहासिक क्रम अटूट थाहा हुनु अस्वाभाविक छैन। त्यसकारण जयदेव द्वितीयले बयान गरेको उनको पूर्खा जय वर्माको समयावधि माथि बयान गरे अनसार मिली दोस्रो शताब्दीको हुनु अस्वाभाविक छैन। त्यस बेला वर्मा (वर्मन्) क्षेत्रीयवाची शब्द हो र पछि यो कुनै जात विशेषमा सीमित भयो। जयदेव वर्मालाई जय वर्मा मात्रै भन्न सकिन्छ।"[२५]

यसरी काशीनाथले राजा जयदेव द्वितीयले पशुपतिको अभिलेखमा उल्लेख गरेका उनका पुर्खा राजा जयदेव र यो सं १०७ को अभिलेखमा देखिएका जयवर्मा एकै व्यक्ति हुन् भनी मान्नुभएको छ।

---

[२५] काशीनाथ तमोट, "जयवर्मा दोस्रो शताब्दीको हुन सक्ने एक आधार" गोरखापत्र, २०४९ जेठ ३१ गते शनिवार।

यस विषयमा भने अलि गहिरिएर विचार गर्नुपर्ने देखिन्छ। किनभने तात्कालिक ऐतिहासिक सामग्रीहरूको अभावमा समयसम्बन्धी विषयमा निर्णय गर्नुपर्दा 'प्रतिराजा २० वर्षको शासनावधि' भनी परिकल्पना गर्नु अनुपयुक्त होइन। परन्तु यो कुरा सर्वत्र मिल्छ भन्न पनि सकिँदैन । उदाहरणको लागि नेपाल मण्डलका राजा यक्ष मल्लको वि.सं. १५३८ मा निधन भएपछि ललितपुरका सप्तकुटुम्बज महापात्रहरूले ललितपुर नगरलाई दक्षिणविहार, उत्तरविहार, ज्येष्ठविहार, पिंविहार आदि क्षेत्रमा विभाजन गरी वंशपरम्पराअनुसार ललितपुरमा शासन गरेका थिए। पछि सबै महापात्रहरूलाई पञ्छाई वि.सं. १६०३ मा विष्णु सिंह ललितपुरको सर्वेसर्वा राजा हुन सफल भए।

विष्णुसिंह राजा भएदेखि वि.सं. १८२५ मा एकीकृत नेपालमा ललितपुर राज्य नमिलुञ्जेलसम्मको अवधि जम्मा १८२५-१६०३=२२२ वर्ष हुन आउँछ। यस अवधिमा ललितपुरमा शासन गर्ने राजाहरूको नाम गणना गर्दा संयुक्त रूपमा शासन गर्ने अन्य राजाहरूलाई छाडेर पनि २१ जना राजा भएका देखिन्छन्। त्यसैले २२२÷२१ = १० वर्ष ५ महिना हुन आउने देखिन्छ। यसरी हेर्दा यहाँ सरदर प्रतिराजाको शासनावधि १० वर्ष देखिन आउँछ। यसो भए तापनि राजा पृथ्वीनारायण शाहदेखि राजा वीरेन्द्र शाहसम्मको शासनावधिलाई हेर्दाभने प्रतिराजाको शासनावधि २५ वर्षको देखिन्छ। यस किसिमको अवस्थिति भएको हुँदा शङ्करमान राजवंशीलाई काशीनाथ तमोटको यो विचार उचित लागेन। उहाँले काशीनाथको विचारलाई यसरी प्रतिवाद गर्नुभएको छ -

"ज्येष्ठ ३१ गतेको गोरखापत्रमा श्रीकाशीनाथ तमोटजीले जयवर्मा दोस्रो शताब्दीको हुन सक्ने एक आधार भनी अभिलेखको पहिलेकै पाठको फोटो दिई यस जयवर्मालाई जयदेव हुन् भनी सिद्ध गर्ने कोशिश गर्नुभएको छ। यो उहाँको विचार पनि गलत हो। किनभने जयवर्मा देववंशी नै होइनन्। त्यसकारण उहाँको तुलना हाँस र कुखुरा एउटै हो भने जस्तो भयो।"[२६]

---

[२६] शङ्करमान राजवंशी, "मालिगाउँमा प्राप्त नयाँ अभिलेखको बारेमा विचार-विमर्श" **प्राचीन नेपाल** पूर्णाङ्क १३५।

जयवर्माको विषयमा कलाकार लैनसिंह बाङ्गदेललेचाहिँ यस्तो लेख्नुभएको छ –

“बाबुराम आचार्यले “नेपालको इतिहासमा पहिला पहिचानिएका यिनै जयदेव (प्रथम देखिएका छन्” भनेर बुद्धकीर्त्तिको अभिलेखमा भर गरेर लेखेका हुन् । हुनुपर्ने त “नेपालको इतिहासमा पहिला पहिचानिएका व्यक्ति यिनै जयवर्मा प्रथम देखिएका छन् ।” हो । तर जयदेवको नाउँ र जयवर्माको नाउँ झण्डै झण्डै उस्तै हुनाले बुद्धकीर्त्तिले जयवर्माको सट्टा जयदेव भनेर लेखिदिए भन्ने अनुमान गर्न सकिन्छ । तर वर्मा लेखेको खण्डमा वर्मा वंशको देखिने र देव लेखेको खण्डमा लिच्छवि वंशको देखिने भो । यसमा बुद्धकीर्त्तिलाई झुक्याउन सजिलो भयो र उनले वर्मालाई नदेखाएर सो नाउँलाई जयदेव नै बनाएर देखाइदिए ।

वास्तवमा जय वर्माले आफ्नो नाउँ राजा जयवर्मा र सालिक बनाएको मिति संवत् १०७ लेखिएको हुँदा र उनीपछि आउने वर्मा राजाहरू नाउँ अवश्य पनि बुद्धकीर्तिले सुनेको हुनुपर्छ । तर त्यसको वास्तै नगरी, वर्मा वंशका कुरालाई लुकाएर छिपाएर उनले जय वर्माको सट्टा जयदेव नै लेखिदिए । त्यो कुरा त आज पो हामीले जयवर्माको सालिक मालीगाउँमा पाएपछि त्यसका बारेमा खोज अनुसन्धान गर्दा मात्र थाहा पायौं । यदि हामीले जयवर्माको नाउँ र संवत् पनि भएको मूर्ति मालीगाउँमा फेला नपरेको भए पशुपतिको जयदेवको लेखमा गलत लेखिएको छ भनेर हामीले थाहै पाउँदैनथ्यौं । तर अब पशुपतिको जयदेवको अभिलेखमा पनि झुटो रहेछ भनी थाहा पायौं ।”[२७]

यताबाट लैनसिंह बाङ्गदेलको भनाइलाई बुँदागत रूपमा यसरी बुझ्न सकिन्छ -

१. बाबुराम आचार्यले इतिहासमा पहिला पहचानिएका व्यक्ति जयदेव हुन् भनी लेखेकोमा सो होइन, जयवर्मा हुन् भनी लेखिनुपर्ने ।

---

[२७] लैनसिंह बाङ्गदेल, **जयवर्माको मूर्ति र नेपालको वर्मा वंश**, काठमाडौँः मण्डला प्रकाशन, २०६२, पृ. ९०-९३ ।

२. पशुपतिको अभिलेखमा बुद्धकीर्तिले झुक्याएर, वर्मालाई नदेखाएर सो नाउँलाई जयदेव नै बनाएर देखाइदिए, झूटो लेखिदिए।

पशुपतिको अभिलेखमा, कवि बुद्धकीर्तिको कविता-लेखनमा राजा जयदेवले आफ्ना पुर्खाहरूको नामोल्लेख यसरी गरेका छन्- महान् सूर्यवंशमा लिच्छवि राजा भए। यही लिच्छवि वंशमा उनीदेखि १२ राजाहरूलाई छाडेर सुपुष्प राजा भए। उनीपछिका २३ राजाहरूलाई छाडेर जयदेव नामका प्रख्यात राजा भए। जयदेवपछिका १२ जना राजाहरूलाई छाडेर वृषदेव नामका राजा भए। उनका छोरा शङ्करदेव, उनका छोरा धर्मदेव, उनका छोरा मानदेव उनका छोरा महीदेव र उनका छोरा वसन्तदेव भए। वसन्तदेवपछि तेह्रौं राजा उदयदेव, उनका छोरा नरेन्द्रदेव, उनका छोरा शिवदेव भएपछि यिनका छोरा जयदेव राजा भए।

यस सम्बन्धमा इतिहासकार धनवज्र वज्राचार्यको मत यस्तो रहेको देखिन्छ-

"केही लिच्छवि राजाहरूको परिचय पाउन यस अभिलेखबाट मदत भएको छ; यताबाट लिच्छविकालको इतिहासको सिलसिला केही जोडिएको छ। तर यहाँनिर एउटा कुरामा ध्यान दिनु आवश्यक छ। जयदेवले आफ्ना पुर्खाहरूको वर्णन गराउनाको उद्देश्य लिच्छवि राजवंशको हूबहू इतिहास लेखाउनु थिएन। यसको मूल उद्देश्य लिच्छवि राजवंशको गौरव दर्शाउनु थियो। लिच्छवि राजवंश प्रसिद्ध सूर्यवंशकै नामान्तर मात्र हो; यस वंशमा ठूला ठूला राजा भए भनी दर्शाउने अभिप्रायले उनले आफ्नो वंशको वर्णन गराएका छन्। यसो हुँदा उनको दृष्टिमा गौरवशाली नदेखिएका बीच-बीचका कति राजाको नामोल्लेख उनले गराएका छैनन्।"[२८]

यसैले राजा जयदेवले आफ्ना गौरवशाली पुर्खाहरूको वर्णन आफ्नो अभिलेखमा लेखाएका हुन्। लिच्छविकालको इतिहास हेर्दा देव नामान्तधारी लिच्छवि राजाहरू, वर्मा नामान्तधारी शासकहरू र गुप्त नामान्तधारी आभीरी

---

[२८] धनव्रज वज्राचार्य, **लिच्छविकालका अभिलेख** काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, २०३०, पृ.५५६।

शासकहरू प्रशासनिक उच्च ओहदामा रही शासन गरिरहेका देखिन्छन्। राजा जयदेवले देव नामान्तधारी आफ्ना पुर्खाहरूको नाम मात्र यस अभिलेखमा लेखाएका हुन्। यसका अतिरिक्त वर्मा नामान्तधारी वा गुप्त नामान्तधारी कुनै पनि शासकको नाम उनले यस अभिलेखमा लेखाएका छैनन्; यो लेखाउने कुरा पनि भएन।

सामन्त, महासामन्त हुँदै महाराजाधिराज बन्न सफल भएका अंशुवर्माले आफू राजा भएपछि आफ्नो शासनको अन्त्यकालमा लिच्छवि वंशका नै उदयदेवलाई युवराज घोषणा गरी आफ्नो शेषपछि राजा बन्ने वातावरण मिलाइदिएका हुनाले नै उदयदेवले राजगद्दीमा बस्ने अवसर पाएका थिए। उदयदेव भनेका पशुपतिमा अभिलेख राख्ने राजा जयदेवका हजुरबाजे (प्रपितामह) हुन्। यसैले आफ्ना हजुरबाजे उदयदेवलाई गद्दीको हकदार बनाइदिएकोमा उनको गुन सम्झेर अनि रातोदिन अनेक शास्त्रको अध्ययन गर्दा तथा व्यवस्था मिलाउँदा मलाई अपार आनन्द आउँछ भनी लेखाउने, विद्याप्रेमी भएका कारण लक्ष्मीसँगको कलहलाई सहर्ष स्वागत गर्ने आदर्श लिई 'श्रीकलहाभिमानी' उपनाम लिएका, देश-विदेशमा विद्वान् भनी कहलिएका राजा अंशुवर्माको नाम पनि पूर्वराजाहरूको सूचीमा जयदेवले राख्नुपर्ने थियो होला। आफ्ना हजुरबाजे उदयदेवलाई अंशुवर्माले लगाएको गुन तिर्न खोजेको भए पनि हुन्थ्योहोला। परन्तु उनले यसो गरेनन्। किनभने गौरवशाली आफ्ना पुर्खा लिच्छवि वंशका राजाहरूको मात्र जयदेवले यस अभिलेखमा नामोल्लेख गराएका हुन्। उनले अरू वंशका राजाहरूको नाम यसमा उल्लेख गराउने आवश्यकता सम्झिएनन्; गरेनन्।

प्रा. वेणीमाधव ढकालले लिच्छविकालका अभिलेखहरूको अध्ययन गरी साहित्यिक अनुशीलन गर्नुभएको छ। संस्कृत भाषामा लेखिएका यी अभिलेखहरूउपर उहाँले पदलालित्य, अर्थगौरव, अलङ्कार-निष्पत्ति एवं रस भावपरिपाक लगायतका काव्यतत्त्वका दृष्टिकोणबाट विशद अध्ययन गर्नुभएको छ। लिच्छविकालका अभिलेखहरूको यस किसिमले साहित्यिक पक्षबाट अध्ययन गर्ने सिलसिलामा पशुपतिको जयदेवको यस शिलालेखको विषयमा पनि एक-एक श्लोकलाई उदाहरण दिएर उहाँले अलङ्कार-प्रयोग, आनुप्रासिक प्रयोग,

दीर्घ समास-प्रयोग, उपयुक्त विशेषण-प्रयोग आदि काव्यतत्त्वका दृष्टिकोणबाट परीक्षण गर्नुभएको छ। यस किसिमको अध्ययनपछि उहाँले आफ्नो निष्कर्ष यसरी प्रस्तुत गर्नुभएको छ –

"लिच्छविकालिक अभिलेख वाङ्मय सुललित, प्राञ्जल र प्रवाहमय छ। अन्वयभङ्ग कहीं देखिदैन र निरर्थक पदविन्यास पनि कतै भेटिंदैन। अभिलेखहरूको भाषामा निहित वाक्ययोजना, समास-सङ्घट्टना, वर्णविन्यास, मात्रा विन्यास र विशेषणयोजना सुनियोजित र सार्थक छन्।... जयदेव द्वितीयको पालामा राखिएको पशुपति अभिलेखले लिच्छविकालको उच्चस्तरीय काव्यसाधनालाई प्रमाणित गर्छ।"[२९]

नेपालका उच्चकोटिका कविहरूको विषयमा छलफल गर्दै यी कवि बुद्धकीर्त्तिको विषयमा पनि श्रीगुरु पं.नयराज पन्तले आफ्नो धारणा यसरी राख्नुभएको छ –

"अहिलेभन्दा १५०० वर्ष अघिसम्मको नेपालको प्रामाणिक इतिहास पाइए-पाइए जस्तो भएको छ। यस १५०० वर्षभित्रको इतिहास जान्ने मुख्य साधन शिलापत्रहरू नै भइरहेछन्। वि.सं. ५२१ को चाँगुको मानदेवको स्तम्भाभिलेख, वि.सं. ७९० को पशुपतिको द्वितीय जयदेवको शिलापत्राभिलेख, वि.सं. १८६८ को वाग्वतीको भीमसेन थापाको स्तम्भाभिलेख यी तीन अभिलेख आजसम्म नेपालमा पाइएका अभिलेखहरूमा श्रेष्ठतम ठहरिन्छन्।

यी तीनै अभिलेखले नेपालमा शुद्ध संस्कृत लेख्ने परम्पराको साथै प्रशंसात्मक इतिहास लेख्ने परम्परालाई पनि चलाएका छन्। चाँगुको अभिलेखको रचना गर्ने कविको नाम थाहा छैन। पशुपतिको सो अभिलेखका रचयिता बुद्धकीर्त्ति हुन्। बुद्धकीर्त्तिका अरू रचना पाइएका छैनन्। सोही एउटा शिलालेखले बुद्धकीर्त्ति प्रख्यात भएका छन्। वाग्वतीको अभिलेखका रचयिता वाणीविलास

---

[२९] वेणीमाधव ढकाल, लिच्छविकालिकानामभिलेखानां साहित्यिक-मनुशीलनम्, काठमाडौँः श्रीमती प्रभालक्ष्मी राणा, २०५९, पृ.१३, १४।

पाँडे हुन् । वाणीविलासका अरू रचना नपाइएका भए पनि सो एउटा अभिलेखले मात्रै वाणीविलास प्रख्यात हुने थिए ।”[३०]

यस किसिमको छलफलबाट के निष्कर्षमा पुग्न सकिन्छभने लिच्छवि राजा जयदेवका समयका कवि बुद्धकीर्त्ति हाम्रो देशको १५०० वर्षको इतिहासमा जन्म लिएका अनगिन्ती कविहरूमध्ये एक असाधारण उद्‌भट कवि हुन् । यस्ता कविले राजासँगको स्नेहले गर्दा उनको वंशावली लेखेका थिए । यस्ता उच्चस्तरीय निष्ठावान् कविले असत्य लेख्नुपर्ने आवश्यकता किन थियो र ? यसरी लिच्छवि राजाहरूको मात्र नामोल्लेख गरिएको यस शिलापत्रमा अनुमानको आधारमा ‘बुद्धकीर्त्तिले झुक्क्याएर, वर्मालाई नदेखाएर सो नाउँलाई जयदेव नै बनाएर, झूटो लेखिदिए’ भनेर मिथ्या आरोप लगाउन मिल्दैन । जयवर्मा जयवर्मा नै हुन्, जयदेव जयदेव नै हुन् । अभिलेखको राम्रोसँग अध्ययन नगरीकन जय वर्मालाई जयदेव बनाइदिने भनी कवि बुद्धकीर्त्तिलाई दोष दिनु उचित होइन ।

यसरी उपत्यकाभित्र पाइएको लिच्छवि लिपिमा उत्कीर्ण सर्वप्राचीन यस शिलालेखको विषयमा यस अध्यायमा विस्तृत छलफल गरिएअनुसार निम्नबमोजिम निष्कर्ष प्रस्तुत गर्न सकिन्छ -

१. जयवर्माको यो अभिलेख नेपाल उपत्यकामा हालसम्म पाइएका लिच्छविकालका अभिलेखहरूमध्ये सर्वप्राचीन हो ।

२. जयवर्माको यस अभिलेखमा उत्कीर्ण संवत्‌को अङ्क १०७ हो ।

३. जयवर्माको यस अभिलेखमा उत्कीर्ण संवत् लिच्छविकालका अन्य अभिलेखहरूमा उल्लेख गरिएअनुसारको शकसंवत् हो ।

४. जयवर्मा-जयवर्मा नै हुन्; जयदेव-जयदेव नै हुन् । दुई फरक व्यक्तित्व हुन् । जयदेव जयवर्मा होइनन् ।

---

[३०] भोलानाथ पौडेल, धनव्रज वज्राचार्य, **गल्लीमा फ्याँकिएका कसिंगर**, ललितपुरः जगदम्बा प्रकाशन, २०१८, नयराज पन्तको उपोद्‌घात पृ.२ ।

५. हालसम्म विभिन्न विद्वानूहरूले विविध समयमा पढेका पाठहरूको समीक्षा गर्दा यस अभिलेखको निम्न पाठलाई प्रामाणिक मान्नुपर्ने देखिन्छ -

अभिलेखको पाठ

संवत् १०० ७ ग्री प [७] [दि] व ४ म [हा] राजस्य जयवर्मण:

यसरी यस अभिलेखले हालसम्मको पुरातात्त्विक अध्ययन एवं अनुसन्धानअनुसार लिच्छवि लिपिमा उत्कीर्ण उपत्यकाभित्रको सर्वप्राचीन शिलालेख हुने सौभाग्य पाएको छ। भलै, यो अभिलेख जम्मा एक पंक्तिको छ, अनि यसमा जम्मा २१ ओटा अक्षरहरू छन्; भए पनि, यो अभिलेख लिच्छविकालको विविध पक्षको इतिहास प्रकाशमा ल्याउनका लागि महत्त्वपूर्ण साधन एवं स्रोतको रूपमा रहिआएको छ।

⁂

अध्याय : एघार

लिच्छवि लिपिको विकासक्रम

लिच्छवि लिपिको विकासक्रमको अध्ययनको निमित्त लिच्छविकाल भन्नाले कहिलेदेखि कहिलेसम्मको अवधिलाई मान्ने भन्ने कुरामा स्पष्ट हुनु जरूरी हुन्छ। साधारणतया पुरालिपिको अध्ययनको प्रयोजनका लागि शक १०७ को जयवर्माको अभिलेखको समयदेखि नेपाल संवत्को प्रारम्भ नहुँदाको समयसम्म करीब सात सय वर्षको अवधिलाई लिच्छविकाल मान्नु उचित हुने हो। लिच्छविकालको समयावधि यस किसिमको देखिए तापनि अभिलेखहरूको उपलब्धताको आधारभने अलि फरक देखिन्छ। लिच्छविकालमा मालीगाउँमा संवत् १०७ को अभिलेख पाइएको र त्यसपछि अर्को अभिलेख पशुपतिनाथको प्राङ्गणमा संवत् ३८१ को पाइएको हुँदा करीब २७४ वर्षको यस अवधिभित्र लिच्छविकालको अर्को अभिलेखभने अहिलेसम्म देख्न पाइएको छैन। यस ग्रन्थमा संवत् १०७ को अभिलेखको विषयमा छुट्टै अध्यायमा प्रकाश पारिसकिएको हुनाले यहाँ शक संवत् ३८१ देखि शक संवत् ८०२ अर्थात् नेपाल संवत्को प्रारम्भसम्मको जम्मा ४२१ वर्षको समयावधिलाई लिच्छवि लिपिको सर्वपक्षीय अध्ययनको केन्द्रबिन्दुको रूपमा लिइएको छ।

यस अवधिमा पाइएका शिखालेख, इष्टिकालेख, विभिन्न धातु एवं शिलाका मूर्तिहरूको पादपीठमा उत्कीर्ण/उठाइएको अक्षर भएका लेख, चट्टान अभिलेख, सुवर्णपत्र, ताम्रपत्रका साथै विविध किसिमका मुद्रा एवं ताडपत्र, भुर्जपत्र तथा पटपत्र (कपडामा लेखिएको) हरूमा लेखिएका/कुँदिएका अक्षर

एवं चिह्नहरूको विश्लेषणात्मक परिशीलन गरेपछि मात्र पुरालिपि विषयको अध्ययनले पूर्णता पाउन सक्छ। यसरी पुरालिपिको विषयमा सूक्ष्म तरीकाले अध्ययन गर्दै जाँदा अक्षरहरूमा शताब्दीपिच्छे अलि अलि फरक पर्दै जानु स्वाभाविक कुरा हो। यही कुरालाई हृदयङ्गम गरी लिपिविशेषज्ञ हरूले साधारणतया एक सय वर्षपछि लिपिमा परिवर्तन हुने कुरा लेखेका छन्। यस सम्बन्धमा शङ्करमान राजवंशीको राय यस्तो रहेको देखिन्छ –

"जुनसुकै परिवर्तन हुनलाई पनि केही काल लाग्दछ। जस्तै २५ वर्ष अगाडि खिंचेको आफ्नो फोटो र अहिले खिंचेको आफ्नो फोटोमा आफ्नो रूप केही-न-केही फरक परिसकेको हुन्छ। अपरिचित मानिसले जाँच्दा बेग्लाबेग्लै मानिसजस्तो देख्दछ। तर अलि नियालेर हेरेको खण्डमा एउटै व्यक्ति भन्ने थाहा हुन्छ। त्यस्तै १०० वर्ष अघि लेखेको लिपि र १०० वर्ष पछि लेखेको लिपि फरक परिसकेको हुन्छ। उहिले पुस्तक हातैले लेख्नुपर्दथ्यो, किनकि त्यसवेला प्रेस थिएन। हातले लेख्दै गएका लिपि कालान्तरमा फरक पर्दै गएका छन्। लेखन कलामा छिटो र राम्रोपनमा मानिसको प्रवृत्ति हुने स्वभाव छ। त्यसो हुँदा लेखनकलामा कठिनता र नराम्रोपनलाई छोड्दै गएर सरलतामा मानिस अभ्यस्त हुँदै गएकोले नै लिपिमा परिवर्तन आएको छ। ५० वर्षको वरपरका लिपिमा त त्यत्तिको फरक भएजस्तो देखिँदैन, किनकि एक दुईओटा अक्षरको लिपि फरक हुँदैमा सम्पूर्ण लिपि फरक देखिदैन। क्रमशः अक्षरको डिकोमा, मात्रामा, आकार-प्रकारमा परिवर्तन हुँदै शताब्दीपछि गएर लिपिमा स्पष्टै फरक भएको देखिन्छ।"[१]

यसरी शताब्दीपिच्छे लिपिमा फरक देखिँदै आएपछि लिपिको विषयमा विशद एवं सूक्ष्म अध्ययनको दृष्टिकोणले यस समयावधिलाई विविध चरणहरूमा विभाजन गर्नुपर्ने हुन्छ। लिपिविद् हेमराज शाक्यले चारौं शदीदेखि सातौं शदीसम्मको लिपिलाई 'पूर्वलिच्छवि लिपि' र सातौं शदीदेखि बाह्रौं शदीसम्मको लिपिलाई 'उत्तर लिच्छवि' लिपि भनेर लिच्छवि लिपिलाई दुई चरणमा विभाजन गरेका छन्।[२]

---

[१] शङ्करमान राजवंशी, **नेपाली लिपिविकास**, काठमाडौं : श्यामसुन्दर राजवंशी, २०५९ (दोस्रो संस्करण) पृ.३।

[२] हेमराज शाक्य, **नेपाल लिपि-प्रकाश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३०, पृ.४।

यसै गरी शङ्करमान राजवंशीले पनि "प्रथम मानदेवको ताकाको लिपि पूर्वलिच्छवि लिपि भनिन्छ। त्यही लिपि अंशुवर्मापछि गएर डिकोमा केही कुटिलता आइसकेको देखिन्छ। यसरी फरक परिसकेको लिच्छवि लिपिलाई उत्तरलिच्छवि भन्ने भएको छ।"[३] भनेर यस लिपिलाई दुई चरणमा नै विभाजन गरेको देखिन्छ।

लिच्छविकाललाई इ.शि.बाबुराम आचार्यले पूर्व-लिच्छविकाल, मध्य-लिच्छविकाल र उत्तर-लिच्छविकाल भनी विभाजन गर्नुभएको देखिन्छ।[४] डा. अहमद हसन दानी (Ahmad Hasan Dani) ले लिच्छविकालको लिपिको अध्ययनको लागि यस अवधिलाई निम्नबमोजिम तीन चरणहरूमा वर्गीकरण गरेको देखिन्छ –[५]

१. पहिलो चरण – शक संवत् ३८६ देखि शक संवत् ५१६ सम्म १३० वर्षको अवधि

२. दोस्रो चरण –- शक संवत् ५१७ देखि हर्षसंवत् ५९ सम्म ३९ वर्षको अवधि

३. तेस्रो चरण – हर्ष संवत् ६० देखि हर्ष संवत् १५९ सम्म ९९ वर्षको अवधि

यहाँ द्वितीय जयदेवहरूले चलाएको संवत्‌लाई अहमद हसन दानीले हर्ष संवत् भनेका छन्, परन्तु यो संवत् मानदेव संवत् हो भन्ने कुरा अहिले स्पष्ट भइसकेकको छ।

वेणीमाधव ढकालले लिच्छविकाललाई अलि विस्तार गर्नुभएको छ र यस अवधिलाई निम्न चार खण्डमा विभाजन गर्नुभएको छ –

---

[३] शङ्करमान राजवंशी, **नेपाली लिपि विकास**, काठमाडौं : श्यामसुन्दर राजवंशी, २०५९ (दोस्रो संस्करण), पृ.१४।

[४] बाबुराम आचार्य, **नेपालको सांस्कृतिक परम्परा**, काठमाडौंः श्रीकृष्ण आचार्य, २०५४, पृ.२७-३९।

[५] Ahmad Hasan Dani, **Indian Paleography,** New Delhi : Munsiram Manoharlal Publishers Pvt. Ltd, 1985, p137.

"लिच्छविकालका प्राप्त शिलालेख र ऐतिहासिकहरूका अनुसन्धानका निष्कर्षसमेतलाई विचार गर्दा समग्र लिच्छविकाल ई. पू. ४८० देखि ई.उ. ७३३ को कालखण्डमा सीमित रहेको छ। यसलाई पनि सुपुष्पप्रवर्त्तित लिच्छविकाल (ई.पू. ४८० देखि ई.पू.० सम्म), जयदेव प्रथमप्रवर्त्तित लिच्छविकाल (ई.उ. १ देखि ३२५ सम्म), वृषदेवप्रवर्त्तित लिच्छविकाल (ई.उ. ३२६ देखि ४५८ सम्म), मानदेव प्रथमप्रवर्त्तित लिच्छविकाल (ई.उ. ४५९ देखि ७३३ सम्म) गरी चार खण्डमा विभक्त गरी अध्ययन गर्न सकिन्छ।"[६]

डा. दिनेशचन्द्र रेग्मीले लिच्छविकालको लिपिको अध्ययनको प्रयोजनका लागि यस अवधिलाई पाँच चरणहरूमा विभाजन गर्नुभएको छ, जुन यस प्रकारका छन्-

१. पहिलो चरण - अन्दाजी ४५९ ई. देखि ५०५ ई. सम्म ९८ वर्षको अवधि
२. दोस्रो चरण - ५०६ ई. देखि ६०४ ई. सम्म ४६ वर्षको अवधि
३. तेस्रो चरण - ६०५ ई. देखि ६४२ ई. सम्म ३७ वर्षको अवधि
४. चौथो चरण - ६४३ ई. देखि ७३३ ई. सम्म ९० वर्षको अवधि
५. पाँचौं चरण - ७३४ ई. देखि १००० ई. सम्म २६६ वर्षको अवधि[७]

यस पंक्तिकारले पनि ग्रन्थलेखनको प्रारम्भमा यही चरणहरूको अनुसरण गर्दै लेखनकार्य शुरू गरेको थियो। साधारणतया लिपिमा परिवर्तन १०० वर्षपछि हुने, ५० वर्षको वरपर त्यत्तिको फरक नहुने कुरा लिपिविशेषज्ञहरूले उल्लेख गरेका छन्। त्यसैले कमसेकम एक सय वर्षको अवधि बितेपछि प्राचीन लिपिमा केही फरक पाउन सकिने उनीहरूको विचार रहेको देखिन्छ। लिच्छविकालका शिलालेखहरूको प्रतिच्छविलाई पूर्वसूरिहरूले पढ्नुभएको पाठसँग रुजू गर्दै अनि लिच्छवि लिपिका अक्षरहरूको विकासक्रमलाई ध्यान दिँदै जाँदा कुन कुन

---

[६] वेणीमाधव ढकाल, **लिच्छविकालिकानामभिलेखानां साहित्यिकमनुशीलनम्**, काठमाडौं : श्रीमती प्रभालक्ष्मी राणा, २०५९, पृ. ४।

[७] दिनेशचन्द्र रेग्मी, **पुरालेखन र अभिलेख**, काठमाडौं : हिमालय बुक स्टल, २०६०, पृ. १७६-१८१।

अक्षरहरूको विकास दोस्रो चरणबाट तेस्रो चरणमा पुगेपछि फरक देखिएको हो भन्ने कुरा खुट्ट्याउन अलि अप्ठ्यारो पर्न गएको अनुभव भयो। यसैले यो ३७ वर्ष अवधिको भनिएको चरण व्यावहारिक भएन कि भन्ने विचारले अन्य ग्रन्थहरू पढ्दै जाँदा गौतमवज्र वज्राचार्यको राय पढ्न पुगियो। गौतमवज्रले कैलासमा प्रकाशित आफ्नो लेख Recently Discovered Inscriptions of Licchavi Nepal मा लिच्छवि लिपिको विकास क्रमलाई चार चरणमा विभाजन गर्नुभएको रहेछ।[८]

लिच्छवि लिपिको विकाससम्बन्धी अध्ययनको प्रयोजनका लागि गौतमवज्रको मतअनुसारका चार चरणहरू निम्नबमोजिम छन् –

१. पहिलो चरण - वि.सं. ५२१ देखि वि.सं. ६२४ सम्म १०३ वर्षको अवधि

२. दोस्रो चरण - वि.सं. ६२५ देखि वि.सं. ६९८ सम्म ७३ वर्षको अवधि

३. तेस्रो चरण - वि.सं. ६९९ देखि वि.सं. ७९० सम्म ९१ वर्षको अवधि

४. चौथो चरण - वि.सं. ७९१ देखि वि.सं. ८७५ सम्म ८४ वर्षको अवधि

गौतमवज्रले यो लेख प्रकाशित गर्दा लिच्छविकालको सर्वप्रथम अभिलेखको रूपमा मानदेवको शक संवत् ३८६ को चाँगुको शिलालेख रहेको हुनाले यसमा पहिलो चरणलाई वि.सं. ५२२ देखि प्रारम्भ भएको मानिएको छ। हाल अनुसन्धानको क्रममा मानदेवको शक ३८६ को चाँगुको शिलालेखभन्दा अगाडिका राजा जयवर्माको मालिगाउँको, शकसंवत् १०७ को मूर्तिलेख र पशुपतिनाथको प्राङ्गणभित्रको शकसंवत् ३८१ को शिलालेख पनि प्राप्त भइसकेका छन्।

यसैले यहाँ गौतमवज्रको चरण-विभाजनलाई अलिकति परिमार्जन गर्नुपरेको छ। गौतमवज्रले पहिलो चरणका रूपमा वि.सं. ५२२ देखि वि.सं. ६२४ सम्मको अवधिलाई विभाजन गर्नुभएकोमा हाल पशुपति प्राङ्गणमा वि.सं. ५१७ को अभिलेख प्राप्त भइसकेकोले, पहिलो चरणलाई वि.सं. ५१६ देखि वि.सं.

---

[८] Gautamavajra Vajracharya, "Recently Discovered Inscriptions of Licchavi Nepal" **Kailash**(Journal of Himalayan Studies) Vol. 1 NO. 2, 1973, p. 112-135.

६२४ सम्म कायम गरिएको छ। यसै गरी चौथो चरणमा गौतमवज्रले वि.सं. ७९१ देखि वि.सं. ८७५ सम्म विभाजन गर्नुभएकोमा यहाँ वि.सं. ७९१ देखि नेपाल संवत् शुरू हुँदासम्मको अवधि वि.सं. ९३६ सम्म कायम गरिएको छ। त्यसैले अब यस अध्ययनको प्रयोजनका लागि परिमार्जित चरणहरू निम्नबमोजिम कायम गरिएका छन् –

१. पहिलो चरण - वि.सं. ५१७ देखि वि.सं. ६२४ सम्म १०८ वर्षको अवधि ।

वि.सं. २४२ को राजा जयवर्माको मूर्तिलेखका विषयमा यस ग्रन्थको छुट्टै अध्यायमा प्रकाश पारि सकिएको र यस अवधिमा हालसम्म एउटा मात्र अभिलेख प्राप्त भएकोले पुरालिपिको तुलनात्मक अध्ययन गर्ने प्रयोजनको लागि यस अभिलेखको समयावधिलाई यस चरणमा समावेश गरिएको छैन।

२. द्वितीय चरण - वि.सं. ६२५ देखि वि.सं. ६९८ सम्म ७३ वर्षको अवधि।

३. तृतीय चरण - वि.सं. ६९९ देखि वि.सं. ७९० सम्म ९१ वर्षको अवधि।

४. चतुर्थ चरण - वि.सं. ७९१ देखि वि.सं. ९३६ सम्म १४५ वर्षको अवधि।

अब यहाँ पहिलो चरणबाट दोस्रो चरणमा, दोस्रो चरणबाट तेस्रो चरणमा तथा तेस्रो चरणबाट चौथो चरणमा विकसित हुँदै गएका वर्ण एवं शब्दहरूको बारेमा तुलनात्मक रूपमा फरक देखाउने प्रयास गरिएको छ। पहिलो चरणको निमित्त वि.सं. ५१७ देखि वि.सं. ६२४ सम्मका, दोस्रो चरणका लागि वि.सं. ६२५ देखि वि.सं. ६९८ सम्मका तथा तेस्रो चरणका लागि वि.सं. ६९९ देखि वि.सं. ७९० सम्मका लिच्छविकालका अभिलेखहरूमा उत्कीर्ण/ उठाइएका वर्ण एवं शब्दहरूलाई यहाँ उदाहरणको रूपमा लिइएको छ। त्यसै गरी चौथो चरणका लागि विशेष गरी हस्तलिखित ग्रन्थहरूलाई उपयोग गरिएको छ।

चतुर्थ चरण अर्थात् वि.सं.७९१ देखि वि.सं.९३६ सम्मको अवधिका अभिलेखहरू खास गरी निम्नबमोजिम रहेका देखिन्छन् –

१. संवत् १६६ को इन्द्रको पादपीठको अभिलेख[९]

२. संवत् १७० को पाटन मङ्गलबजारको ढुङ्गेधाराको अभिलेख[१०]

३. संवत् १७४ हाँडिगाउँको अभिलेख[११]

४. संवत् १८० को पाटन यङ्गुवहीको मूर्तिलेख[१२]

५. संवत् १८२ को पाटन सुवहालको चैत्यको अभिलेख[१३]

६. संवत् १८७ को पाटन सुवहालको जणद्रोणीको अभिलेख[१४]

७. संवत् १९४ को इचङ्गुनिरको डाँडाको अभिलेख[१५]

८. संवत् २०७ को हनूमान्ढोका नासलचोकको जलद्रोणीको अभिलेख[१६]

९. संवत् २२६ को विष्णुको पादपीठको अभिलेख[१७]

१०. संवत् २४२ को हाँडिगाउँ भीमननीको अभिलेख[१८]

११. संवत् २५० को ललितपुर मोतीटारको जलद्रोणीको अभिलेख[१९]

---

[९] Gautam V. Vajracharya, " Two Dated Nepali Bronzes and their Implications for the Art History of Nepal " Indo-Asiatische Zeits Chrift 16, 2012, 5-18.

[१०] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३ द्वितीय संस्करण, पृ. ५९० ।

[११] तारानन्द मिश्र, "हाँडिगाउँको प्राचीन नाउँ" **गोरखापत्र** २०४६।११।६।७ ।

[१२] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३ द्वितीय संस्करण, पृ. ५९१ ।

[१३] वज्राचार्य, उही पृ. ५९२ ।

[१४] वज्राचार्य, उही पृ. ५९३ ।

[१५] वज्राचार्य, उही पृ. ५९३ ।

[१६] वज्राचार्य, उही पृ. ५९४ ।

[१७] Gautam V. Vajracharya, " Two Dated Nepali Bronzes and their Implications for the Art History of Nepal " Indo-Asiatische Zeits Chrift 16, 2012, 5-18.

[१८] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३ द्वितीय संस्करण, पृ. ५९४ ।

[१९] वज्राचार्य, उही पृ. ५९५ ।

१२. संवत् २७१ को चाँगुनारायण मन्दिरको मूलढोकानजीकै रहेको जलहरीको अभिलेख[२०]

यी अभिलेखहरूका अतिरिक्त यस अवधिमा लेखिएका निकै हस्तलिखित ग्रन्थहरू पनि पाइएका छन् । यस किसिमका हस्तलिखित ग्रन्थहरूको अध्ययन गर्ने सिलसिलामा बेलायतको क्याम्ब्रिज विश्वविद्यालयका संस्कृतविद् सेसिल बेण्डाल (वि.सं. १९१३-१९६३) ले नेपालको राष्ट्रिय अभिलेखालय (दर्बार लाइब्रेरी) मा प्राचीन ग्रन्थका प्रकीर्ण पत्रहरू रहेको एउटा पोको भेट्टाएका थिए । यस पोकोमा रहेका पत्रहरूको विषयमा विविध समयमा विभिन्न विद्वानूहरूले अध्ययन अघि बढाउँदै गए । यस किसिमले यी पत्रहरूको बारेमा खोतल्दै अध्ययन अघि बढाउँदै जाँदा गुप्ताक्षरमा लेखिएका **व्याकरण** ग्रन्थका ४ पत्र, **भद्रचरी** नामक ग्रन्थका ३ पत्र, **अभिसमयालङ्कार दिव्यावदान एवं दशभूमीश्वरटीका** ग्रन्थका एक मूठा, **दशभूमीश्वर** ग्रन्थका ४९ पत्र, **गण्डव्यूह** ग्रन्थका ५ पत्र, **सद्धर्मपुण्डरीक** ग्रन्थका ४ पत्र, **पाली विनयपिटक चुल्लवग्ग**, लगायतका थुप्रै प्राचीन ग्रन्थका प्रकीर्ण पत्रहरू फेला परे ।[२१] यिनमध्ये **दशभूमीश्वरसूत्र (दशभूमिकसूत्र) नामक** हस्तलिखित ग्रन्थको विषयमा काजुनोबु मात्सुदाले विशद अध्ययन गरे। मात्सुदाले यस ग्रन्थको लिपि र मानदेवको चाँगुको अभिलेखको लिपिसँग दाँजी तुलनात्मक रूपले अध्ययन गरेर यो हस्तलिखित ग्रन्थ मानदेवको समयमा नै लेखिएको हो भन्ने निष्कर्ष निकाले ।[२२] राष्ट्रिय अभिलेखालयमा रहेका प्राचीन ग्रन्थहरूको अध्ययन गर्ने प्रसङ्गमा काशीनाथ तमोटले पनि यो **दशभूमीश्वरसूत्र (दशभूमिकसूत्र) नामक** ग्रन्थलाई पाँचौ शदीको नै मान्नुभएको छ।[२३] अभिलेखालयमा रहेको **शिवधर्मशास्त्र** ग्रन्थ पुरालिपिको हिसाबले छैटौं शदी ई.

---

[२०] वज्राचार्य, उही पृ. ५९५ ।

[२१] Kazunobu, Matsuda, A Brief Survey of the Bendall Manuscripts in the National Archives, Kathmandu, Buddhist and Indian Studies in Honour of Professor Sodo Mori – Kokusai Bukkyoto Kyokai (International Buddhist Association) Hamamatsu, Japan, 2002, p.259-265.

[२२] Kazunobu, Matsuda , "Two Sanskrit Manuscripts of the Dasabhumikasutra Preserved at the National Arcives Kathmandu, Tokyo " **The Centre for East Asian Cultural Studies for UNESCO,** The Toyo, Bunko.

[२३] काशीनाथ तमोट, "प्राचीनतम दशभूमिकसूत्रको पहिचान" **अभिलेख** पूर्णाङ्क ३६, २०७५, पृ. ९१-१०१ ।

को हो भनेर फ्लोरिण्डा डे सिमिनि (Florinda De Simini) बाट लेखिएको छ।[२४] **महायानसूत्र रत्नकेतुपरिवर्त** का केही प्रकीर्ण पाताहरू अभिलेखालयमा सुरक्षित छन्। यी पत्रहरू ईशाको पहिलो शताब्दीमा लेखिएका हुन् भनेर पं. पूर्णरत्न वज्राचार्यले उल्लेख गरेका छन्।[२५] योगाचारसम्बन्धी आदर्श ग्रन्थको रूपमा प्रसिद्ध **संधिनिर्मोचनसूत्र** नामक हस्तलिखित ग्रन्थ बुद्धधर्मसम्बन्धी केही ग्रन्थहरूमा उल्लेख गरिएको बाहेक मूल संस्कृत ग्रन्थ उपलब्ध हुन नसकेको अवस्थामा राष्ट्रिय अभिलेखालयमा प्रकीर्ण पत्रहरूमा पाइएको छ।[२६]

यसरी हालसम्म प्राप्त संवत् उल्लेख गरिएका हस्तलिखित ग्रन्थहरूभन्दा संवत् उल्लेख नगरिएका राष्ट्रिय अभिलेखालयमा सुरक्षित अपूर्ण एवं प्रकीर्ण पत्रको रूपमा रहेका ग्रन्थहरू पुराना हुन् भनेर अनुसन्धानकर्ताहरूले ठहऱ्याएका छन्। यसो भए तापनि लिच्छवि लिपिको विकासक्रमको चौथो चरणको उदाहरण प्रस्तुत गर्ने प्रयोजनका लागि संवत् उल्लेख गरिएका हस्तलिखित ग्रन्थहरूबाट नै उपयुक्त हुने देखिएकोले यहाँ त्यसै गरिएको छ।

यस अवधिमा संवत् उल्लेख भएका हस्तलिखित ग्रन्थहरू मुख्यतया निम्नबमोजिम रहेका देखिन्छन् –

१. **स्कन्दपुराण संवत् २३४ चैत्रशुक्लद्वादश्याम् समाप्तम्।**[२७]
सर्वसत्वकैवल्यार्थेन स्कन्दपुराणशास्त्रं लिखितमिति ॥
२. **परमेश्वरतन्त्र संवत् २५२ आश्वयुजशुक्ल पूर्णिमा**[२८]
३. **सहोत्तरतन्त्र (उत्तरतन्त्रसहितको सुश्रुत) संवत् ३०१ वैशाख शुक्ल सप्तमी**[२९]

माथि संवत् उल्लेख गरिएका हस्तलिखित ग्रन्थहरूमध्ये पहिलो स्कन्दपुराण

---

[२४] Florinda De Simini, "Sivadharma Manuscriptions from Nepal the Making of Saiva Corpus" Istituto Universitario Orientale Napoli" p. 233-286.

[२५] पूर्णरत्न वज्राचार्य, नेपाल राजकीय वीरपुस्तकालयस्थपुस्तकानां बृहत्सूचीपत्रम्, सप्तमभागः (बौद्धविषयकः) २०२१।

[२६] मात्सुदा, पूर्ववत् नं. २२।

[२७] Kengo Harimoto, "In Search of the Oldest Nepalese Manuscript" p.90.

[२८] Harimoto, ibid p.90.

[२९] Harimoto, ibid p.90.

नै देखिन्छ। स्कन्दपुराण ग्रन्थको सम्पादन गर्दा पं. कृष्णप्रसाद भट्टराईले यस ग्रन्थको चार थरीका प्रतिहरूको उपयोग गर्नुभएको पाइन्छ।[३०] यसरी राष्ट्रिय अभिलेखालयमा प्राचीन लिपिमा लेखिएका स्कन्दपुराणका अन्य प्रतिहरू भए तापनि समाप्तिमा **संवत् २३४ चैत्रशुक्लद्वादश्याम् समाप्तः** भन्ने लेखिएको स्कन्दपुराणको प्रति नै संवत् उल्लेख गरिएका हस्तलिखित ग्रन्थहरूमध्ये प्राचीनतम देखिन्छ।[३१] यसैले यहाँ लिच्छवि लिपिको विकासक्रमको चौथो चरणको उदाहरणका लागि **संवत् २३४** उल्लेख गरिएको स्कन्दपुराणको प्रतिलाई नै लिइएको छ।

तालिका नं.११:१

लिच्छवि लिपिमा स्वरवर्ण अ को विकासक्रम

देवनागरी	पहिलो चरण	दोस्रो चरण	तेस्रो चरण	चौथो चरण
अ	 नो. १:१	 रे. ६९:१६	 नो.७०:२१	
अ	 रे.२०:१०	 रे. १०४:२३	 रे.१३१:३	

माथिको तालिकामा पहिलो चरणमा मानदेवको चाँगुको स्तम्भलेख (नो.१:१) मा **अस्त्रापास्त्र** लेख्दा दुई दण्डलाई बीचमा सानो रेखाले जोडिएको आजभोलिको अंग्रेजी अक्षर एच् (H-Capial) जस्तो आकृतिको अ वर्ण उत्कीर्ण गरिएको देखिन्छभने यही चरणमा राजा वसन्तदेवको थानकोट

---

[३०] कृष्णप्रसाद भट्टराई, **स्कन्दपुराणस्य अम्बिकाखण्डः** काठमाडौं : महेन्द्र संस्कृत विश्वविद्यालय, २०४५, पृ.४०।

[३१] Kengo Harimoto, "In Search of the Oldest Nepalese Manuscript" p.90.

आदिनारायणस्थानको अभिलेख (रे.२०:१०) मा **अचाटभट** लेख्दा अ वर्णको दुई दण्डमध्ये बायाँपट्टिको दण्ड अलिकति छोटो र बायाँपट्टि नै झुक्न खोजेको देखिन्छ। दोस्रो चरणमा हाँडिगाउँको अंशुवर्माको अभिलेख (रे.६९:१६) मा **अश्वस्यार्घे** लेख्दा अ वर्णको दुई दण्ड मध्ये बायाँपट्टिको दण्ड निकै छोटो देखिन्छभने यही चरणमा पशुपति छत्रचण्डेश्वरको अभिलेख (रे.१०४:२३) मा **अथान्या** लेख्दा अ वर्णको दुई दण्डमध्ये बायाँपट्टिको दण्डको आकृति अहिलेको देवनागरी लिपिको **उ** वर्णसँग मिल्दोजुल्दो देखिन्छ।

तेस्रो चरणमा ललितपुर गैह्रीधाराको नरेन्द्रदेवको अभिलेख (नो.७०:२१)मा **अतोधिकन्** लेख्दा अ वर्ण अलि लाम्चो देखिएको छभने यही चरणमा नालाको शिवदेव द्वितीयको पालाको अभिलेख (रे.१३१:३)मा **अणङ्गशील** लेख्दा अ वर्ण बायाँपट्टि आजभोलिको देवनागरी लिपिको **उ** वर्ण जस्तो अक्षर लेखी त्यसलाई बायाँतिरबाट तानी शिरोरेखासम्म पुऱ्याइएको करीब करीब आजभोलिको देवनागरी लिपिको अ वर्ण जस्तै देखिन्छ। चौथो चरणमा अ वर्णको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यो अ वर्ण अलि डल्लो आकृतिको देखिन्छ र बायाँतिरबाट त्यति लामो तानिएको पनि देखिँदैन। यहाँ प्रस्तुत गरिएका चौथो चरणका अन्य उदाहरण पनि राजु रिमालको लेखमा उद्धृत स्कन्दपुराणका नै हुन्।[32]

तालिका नं.११:२

लिच्छवि लिपिमा स्वरवर्ण आ को विकासक्रम

देवनागरी	पहिलो चरण	दोस्रो चरण	तेस्रो च रण	चौथो चरण
आ	 नो. १:१९	 रे. ८३:६	 रे.१३६:१६	

---

[32] Raju Rimal, " A Brief Introduction to the Collection of the National Archives and to Scripts, along with Script Tables for Skandapurana and Lankavatara Manuscripts" **Abhilekha** Volume 30, 2069, p.120–132.

आ			 नो. ६७:२	

माथिको तालिकामा पहिलो चरणमा मानदेवको चाँगुको अभिलेख (नो.१:१९) मा **आहूतो** लेख्दा **अ** वर्णको दायाँपट्टिको दण्डमा आजभोलिको देवनागरी लिपिको उकारको चिह्नजस्तो आकारको मात्राचिह्न लगाइएको देखिन्छभने दोस्रो चरणमा फर्पिङको अंशुवर्माको पालाको अभिलेख (रे.८३:६) मा **आन्यावासस्य** लेख्दा आजभोलि देवनागरी लिपिमा अ वर्ण लेख्नको लागि पहिले **उ** वर्ण लेखी त्यसमा दायाँपट्टि दण्ड लेखी बीचमा जोडिएजस्तै यस अभिलेखमा पनि बायाँपट्टिको दण्डमा अहिलेको **उ** वर्णको आकृति आउने किसिमको चिह्न जोडिएको पाइन्छ र आकारको मात्राचिह्न पनि अक्षरको अनुपातमा अलि लामै देखिन्छ।

तेस्रो चरणमा बलम्बूको शिवदेव द्वितीयको अभिलेख (रे.१३६:१६) मा **आम्रवृक्ष** लेख्दा **अ** वर्णको द्विदण्डमध्ये बायाँपट्टिको दण्ड आजभोलिको **उ** वर्ण जस्तो देखिन्छ र आकारको मात्राचिह्न पनि दाहिने दण्डको मुनितिर गाँठो नबनाईकन सोझै बायाँतिर लगिएको देखिन्छ । यही चरणमा नै भन्सारचोकको नरेन्द्रदेवको अभिलेख (नो.६७:२) मा **आसागर** लेख्दा **अ** वर्णमा लिच्छवि लिपिको **प** वर्णमा बायाँपट्टि आधा ट जस्तो आकृति जोडिएको देखिन्छ र आकारको मात्राचिह्न पनि वर्णको अनुपातमा अलि ठूलै देखिन्छ तथा यो चिह्न दायाँ दण्डको तलबाट गाँठो पारिएर बायाँपट्टि लगिएको पाइन्छ। चौथो चरणमा **आ** वर्णको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा अ वर्ण देवनागरी लिपिको अ वर्णको नजीकको भइसकेको छ र यसमा आकारको मात्राचिह्न दायाँतर्फ सानो गाँठो बनाई बायाँतिर लगिएको छ।

तालिका नं.११:३

लिच्छवि लिपिमा स्वरवर्ण इ को विकासक्रम

देवनागरी	पहिलो चरण	दोस्रो चरण	तेस्रो चरण	चौथो चरण
इ	 नो. १:१६	 नो. ६०:१	 नो.६२:२०	
इ	 नो. १३:२२	 नो. ५२:१७	 नो.७४:२४	
इ	 रे. २५:७	 रे. १०२:१४	 रे.१२५:२	
इ	 नो. ११:५६	 रे. १०६:२०	 रे.१३६:६	

माथिको तालिकामा पहिलो चरणमा मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा **इवा** लेख्दा इ वर्ण विसर्ग जस्तो चिह्न लेखी त्यसको दायाँपट्टि एक दण्ड दिइएको आकृतिको पाइन्छ। त्यसै गरी जैसीदेवलको वसन्तदेवको अभिलेख (नो.१३:२२) मा **रविगुप्त इति** लेख्दा पनि विसर्ग जस्तो चिह्न लेखी त्यसको दायाँपट्टि एक दण्ड दिइएको पाइन्छ। यसमा विसर्ग जस्तो चिह्न र दण्डको बीचमा अलिकति खाली ठाउँ पनि छोडिएको छ । किसिपिंडीको अभिलेख

(रे.२५:७) मा **रविगुप्त इति** लेख्दा तथा हाडिगाउँ सत्यनारायणस्थानको अभिलेख (नो.११:५६) मा पनि **दुपहत इव** लेख्दा यस्तै किसिमको इ वर्ण लेखिएको पाइन्छ। दोस्रो चरणमा पशुपति छत्रचण्डेश्वरको अभिलेख (नो.६०:१) मा **प्रनर्दन इह** लेख्दा विसर्ग जस्तो चिह्न लेखी दायाँपट्टि दण्ड दिइएको देखिन्छ। यसै चरणको मीननारायणको ध्रुवदेव+जिष्णुगुप्तको अभिलेख (नो.५२:१७) मा **कार्य इत्येषो** लेख्दा तथा बलम्बूको भीमार्जुनदेव+विष्णुगुप्तको अभिलेख (रे.१०२:१४)मा **मार्गखातक इत्येतत्** लेख्दा अनि थानकोटको भीमार्जुनदेव+जिष्णुगुप्तको अभिलेख (रे.१०६:२०) मा **खातक इति** लेख्दा पनि विसर्ग जस्तो चिह्न लेखी त्यसको दायाँपट्टि नै दण्ड दिइएको इ वर्ण पाइन्छ।

तेस्रो चरणमा भृङ्गारेश्वरको अभिलेख (नो.६२:२०) मा **स्वकृता इव** लेख्दा विसर्ग जस्तो चिह्न तेर्सो पारेर माथिबाट लेखी त्यसको मुनि आजभोलिको दीर्घ ऊकारको (ू) जस्तो चिह्न लगाइएको पाइन्छ। यस अभिलेखको यही पङ्क्तिमा **इति प्रतिमानना** लेख्दा पनि यस्तै खालको इ वर्ण लेखिएको पाइन्छ। यागबहालको नरेन्द्रदेवको अभिलेख (नो.७४:२४) मा **प्रणालीभ्रम इत्येतत्** लेख्दा यस्तै खालको इ वर्ण लेखिएको पाइन्छ। बलम्बूको शिवदेव द्वितीयको अभिलेख (रे.१३६:६) मा **भुज्यमान इत्येव** लेख्दा पनि यस्तै खालको इ वर्ण लेखिएको पाइन्छ। बलम्बूको अभिलेख (रे.१२५:२) मा **इत्येवं विदिता** लेख्दा दुइटा थोप्ला छड्के पारेर लेखी त्यसको बीचमा अर्को थोप्ला राखेर तीनओटा थोप्लाले इ वर्ण लेखिएको पाइन्छ। चौथो चरणमा इ वर्णको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा विसर्ग जस्तो चिह्न माथि राखिएको छ र त्यसको मुनि देवनागरी लिपिको उकारको मात्रा जस्तो आकृति हुने गरी सानो रेखा घुमाएर बायाँबाट दायाँतर्फ तानिएको छ।

तालिका नं.११:४

लिच्छवि लिपिमा स्वरवर्ण उ को विकासक्रम

पहिलो चरण	दोस्रो चरण	तेस्रो चरण	चौथो चरण
 रे. ९:१	 रे. १०६:१४	 रे.१३२:१४	
 रा.०:२	 रे. ७५:३	 नो.७०:१६	
 रे. २०:१६	 रे. १०४:१६	 नो.७४:१३	
 बाघहिटी			

माथिको तालिकामा पहिलो चरणमा देउपाटनको विमलसङ्घको अभिलेख (रा.०:२) मा **उच्छ्रायतो** लेख्दा अहिलेको देवनागरीको **ट** वर्ण जस्तै लेखिएको पाइन्छ। यसै गरी थानकोट आदिनारायणको वसन्तदेवको अभिलेख (रे.२० :१६) मा **उत्तरेणापि** लेख्दा पनि यस्तै खालको अहिलेको **ट** वर्ण जस्तै लेखिएको पाइन्छ, तर यसमा अलि फरक के देखिन्छभने वर्णको दण्डचाहिँ अलि लामो देखिन्छ। देउपाटनको मानदेवको पालाको अभिलेख (रे.९:१)

मा **उरुधीः** लेख्दा देवनागरीको **ठ** वर्ण जस्तै मुख अलि जोडिन खोजेको पाइन्छ। भक्तपुर वागेश्वरी बाघहिटीको अभिलेखमा **उद्योतकाख्ये** लेख्दा **उ** वर्ण बायाँतिर अलि लामै रूपमा फर्किएको देखिन्छ। दोस्रो चरणमा साँगाको अंशुवर्मा अभिलेख (रे.७५:३) मा **उच्चैर्** लेख्दा देवनागरी लिपिको **ड** वर्णजस्तै लेखिएको पाइन्छ। यसै गरी थानकोटको भीमार्जुनदेव+विष्णुगुप्तको अभिलेख (रे.१०६: १४) मा **उत्तरपूर्वेण** लेख्दा **उ** वर्ण अहिलेको **ट** वर्ण जस्तो भईकन मुख अलि फराकिलो अनि पुच्छर लगाइएको देखिन्छ। पशुपति छत्रचण्डेश्वरको अभिलेख (रे.१०४:१६) मा **उमसोम** लेख्दाचाहिँ **उ** वर्ण अहिलेको **ठ** वर्ण जस्तो मुख जोडिन खोजेको जस्तो पनि देखिन्छ।

तेस्रो चरणमा ललितपुर गैह्रीधाराको नरेन्द्रदेवको अभिलेख (नो.७०:१६) मा **उपलेपन** लेख्दा **उ** वर्ण दायाँतिर फर्केको नभई बायाँतिर फर्केको देखिन्छ। त्यसै गरी यागवहालको नरेन्द्रदेवको अभिलेख (नो.७४:१३) मा **उत्तरङ्गत्वा** लेख्दा **उ** वर्ण बायाँतिर नै फर्केको पाइन्छ। काठमाडौँ लगनटोलको शिवदेवको अभिलेख (रे.१३२:१४) मा **उत्तरस्यामपि** लेख्दा **उ** वर्ण वायाँतिर नै फर्केको पाइन्छ। चौथो चरणमा **उ** वर्णको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा **उ** वर्ण देवनागरी लिपिको **उ** वर्णको नजीकको देखिन्छ र आकृतिमा दायाँतिर फर्केको नभई बायाँतिर फर्केको देखिन्छ।

तालिका नं.११:५

लिच्छवि लिपिमा स्वरवर्ण ए को विकासक्रम

देवनागरी	पहिलो चरण	दोस्रो चरण	तेस्रो चरण	चौथो चरण
ए		 रे. ७४:६	 नो.६६:२	
ए	 रे. २०:१२	 रे. ९७:१२	 नो.७४:२४	

ए	 रे. २०:१८	 रे. १०२:९	 रे.१२८:३०	
ए		 रे. १०२:१४	 रे.१३६:१५	
ए			 नो.८१:२५	

माथिको तालिकामा पहिलो चरणमा थानकोट आदिनारायणको राजा वसन्तदेवको अभिलेख (रे.२०:१२) मा **तत एव** लेख्दा तथा यही अभिलेख (रे.२०:१८) मा **मार्ग्ग एवा** लेख्दा ए वर्ण त्रिकोणको चिह्नजस्तो देखिन्छ। दोस्रो चरणमा हाडिगाउँको अंशुवर्माको अभिलेख (रे.७४:६) मा कृत **एतेन** लेख्दा ए वर्ण अहिलेको देवनागरी लिपिको **व** वर्णको जस्तो आकृतिमा पनि देखिएको छ। छिन्नमस्ताको ध्रुवदेव+जिष्णुगुप्तको अभिलेख (रे.९७:१२) मा **करणीय एतद् ग्राम** लेख्दा तथा बलम्बूको भीमार्जुनदेव+विष्णुगुप्तको अभिलेख (रे.१०२:९) मा **एवानुपालनहेतोः** लेख्दा अनि यही अभिलेख (रे.१०२:१४) मा **तत एव** लेख्दा ए वर्ण लिच्छवि लिपिको **व** वर्णसँग मिल्दोजुल्दो पनि देखिन्छ।

तेस्रो चरणमा यङ्गालहिटीको राजा नरेन्द्रदेवको अभिलेख (नो.६६:२) मा **य एष** लेख्दा ए वर्ण त्रिकोणात्मक चिह्नजस्तो नभएर बायाँपट्टिको भाग अलि गोलाकार देखिन्छ। नरेन्द्रदेवको यागबहालको अभिलेख (नो.७४:२४) मा **स एव** लेख्दा ए वर्ण बायाँपट्टि अलि चुच्चो आकारको देखिन्छभने वज्रघरको नरेन्द्रदेवको अभिलेख (रे.१२८:३०) मा **सर्व एवा** लेख्दा ए वर्ण त्रिकोण चिह्नकै आकारको

जस्तो देखिन्छ। बलम्बूको शिवदेव द्वितीयको अभिलेख (रे.१३६:१५) मा **स्वकीयां एव** लेख्दा ए वर्णको बायाँपट्टि गोलाकृति देखिन्छ। पशुपतिको जयदेव द्वितीयको अभिलेख (नो.८१:२५) मा **एषा भाति** लेख्दा ए वर्णको आकृति त्रिकोणको जस्तै देखिन्छ। चौथो चरणमा ए वर्णको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा ए वर्ण त्रिकोण चिह्नकै आकारको जस्तो देखिन्छ।

तालिका नं.११:६

लिच्छवि लिपिमा व्यञ्जन वर्ण क, ख, ग को विकासक्रम

देवनागरी	पहिलो चरण	दोस्रो चरण	तेस्रो चरण	चौथो चरण
क	 नो. १:८	 रे. ५४:११	 नो.६७:८	
क	 रे. २०:११	 नो. ५२:१५	 रे.१२५:२	
ख	 नो. १:१५	 नो. ६२:२	 रे.११६:३	
ग	 नो. १:२०	 नो. ५८:६	 रे.११६:२	

ग	 नो. ९:३	 नो. ५७:२०	 रे.१४०:१२	

माथिको तालिकामा पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:८) मा **राज्यम्पुत्रक** लेख्दा **क** वर्णको आकृति एउटा सीधा दण्डमा दायाँ बायाँ दुई भुजाहरू तलतिर अलिकति झुकेर जोडिएको हुँदा हात जस्तो देखिई मनुष्यको रूप आएकोजस्तो पनि देखिन्छ। त्यसै गरी थानकोट आदिनारायणको वसन्तदेवको अभिलेख (रे.२०:११) मा **शीताटिगुल्मकस्य** लेख्दा **क** वर्णको दुई भुजा सीधा दण्डमा अलि माथि शिरोरेखानजीकै जोडिएको पाइन्छ। दोस्रो चरणमा पाटन भीसेनस्थानको शिवदेव+अंशुवर्माको अभिलेख (नो.५४:११) मा **करणीयो** लेख्दा **क** वर्णको सीधा दण्डमा जोडिएका दुई भुजा अलि तल झुकेका जस्ता देखिन्छन्। यसै गरी मीननारायणनिरको ध्रुवदेव+जिष्णुगुप्तको अभिलेख (नो.५२:१५) मा **प्रत्याकलय्य** लेख्दा **क** वर्णको सीधा दण्डमा जोडिएका दुई भुजाहरू उल्लेखनीय रूपले तल झुकेका देखिन्छन्।

तेस्रो चरणमा भन्सारचोकको नरेन्द्रदेवको अभिलेख (नो.६७:८) मा **कस्मिंश्चिद्** लेख्दा पनि **क** वर्णको द्विभुज अलि झुकेकै देखिन्छन्। यसै गरी बलम्बूको अभिलेख (रे.१२५:२) मा **करणीयो** लेख्दा **क** वर्णको बायाँपट्टिको भुजा सीधा दण्डमा दुवैतिर जोडिई अहिलेको देवनागरी लिपिको **व** वर्णको पूर्णरूप देखा परेको पाइन्छ र दायाँपट्टिको भुजा पनि तलसम्म आइपुगेको देखिन्छ। चौथो चरणमा **क** वर्णको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा **क** वर्णको बायाँपट्टिको भुजा सीधा दण्डमा दुवैतिर जोडिई अहिलेको देवनागरी लिपिको **व** वर्णको पूर्णरूप देखा पर्न खोजेको पाइन्छभने दायाँपट्टिको भुजा पनि बायाँपट्टि अलि लामै घुमेको पाइन्छ।

यसैले सारांशमा भन्दा पहिलो चरणमा **क** वर्ण एउटा सीधा दण्डमा दायाँ बायाँ दुई छोटा भुजाहरू जोडिएको मनुष्याकृतिको जस्तो देखिन्छभने दोस्रो

चरणमा आइपुग्दा सीधा दण्डमा जोडिएका दुवै भुजा तल अलि झुकेका जस्ता पाइन्छन्। तेस्रो चरणमा आइपुग्दाभने बायाँपट्टिको भुजा सीधा दण्डमा दुवैतिर जोडिई दाहिने भुजा तलसम्म झरेको र बायाँतर्फ गाँठो परेको आकारको **क** वर्णको विकसित रूप देख्न पाइन्छभने चौथो चरणमा आइपुग्दाचाहिँ बायाँपट्टिको भुजा सीधा दण्डमा दुवैतिर जोडिई देवनागरीको **ब** को आकृतिको भई दायाँपट्टिको भुजा पनि बायाँपट्टि अलि लामै घुमेको पाइन्छ।

पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:१५) मा **इत्येवम्मुख** लेख्दा **ख** वर्णको आकृति एउटा दण्डमा बायाँपट्टि तल अहिलेको देवनागरी लिपिको व जस्तै गोलाकार बनाई दण्डको शिरोरेखाबाट बायाँपट्टि अलिकति तलसम्म रेखा पुऱ्याई बायाँपट्टि नै छाडिएको देखिन्छ। दोस्रो चरणमा भृङ्गारेश्वरको भीमार्जुनदेव+विष्णुगुप्तको अभिलेख (नो.६२:२) मा **दिव्यसुखानि** लेख्दा **ख** वर्ण दायाँपट्टि अलि लाम्चो आकारको र बायाँतर्फको रेखा पनि तलैसम्म दण्डको समान हुने गरी तानिएको देखिन्छ।

यसै गरी तेस्रो चरणमा भन्सारचोकको नरेन्द्रदेवको अभिलेख (रे.११६:३) मा **कुन्तविशिख** लेख्दा ख वर्णको दायाँ बायाँतर्फको रेखा सीधा देखिन्छन्, लाम्चा देखिदैनन्। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा ख वर्ण लेख्दा दायाँपट्टि **ब** को आकृति राम्रैसँग आइसकेको र देवनागरी लिपिको ख बन्नको लागि केवल बायाँपट्टि पुच्छरजस्तो चिह्न तल जोडिनमात्र बाँकी रहेको देखिन्छ।

पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो. १:२०) मा **गदितैः** लेख्दा **ग** वर्णको आकृति करीब करीब अहिलेको देवनागरी लिपिको **ग** जस्तै देखिन्छ। देवनागरी लिपिमा **ग** वर्णको दुवै दण्ड बराबरीजसो देखिन्छभने लिच्छवि लिपिमा दायाँपट्टिको भुजा तलतिर अलि लामो देखिन्छ। यसै गरी चाँगुको मानदेवको पालाको निरपेक्षको अभिलेख (नो.९:३) मा **प्रवासगतयोः** लेख्दा ग वर्ण यस्तै किसिमको देखिन्छ। दोस्रो चरणमा बनेपाको शिवदेव+अंशुवर्माको अभिलेख (रे.५८:६) मा **दिगन्तर** लेख्दा **ग** वर्ण करीब करीब अहिलेकै **ग** अक्षर जस्तो देखिन्छ। मालीगाउँको विष्णुगुप्तको अभिलेख (नो.५७:२०) मा **भागधेया** लेख्दा ग वर्णको बायाँपट्टिको रेखा अलि छोटो देखिन्छ।

यसै गरी तेस्रो चरणमा भन्सारचोकको राजा नरेन्द्रदेवको अभिलेख (रे.११६:२) मा **आसागर** लेख्दा **ग** वर्णको बायाँपट्टिको रेखा निकै छोटो देखिन्छ। अनि मीननाथको अभिलेख (रे.१४०:१२) मा **रेको भाग** लेख्दा पनि **ग** वर्णको बायाँपट्टिको दण्ड अलि छोटै देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा **ग** वर्ण लेख्दा दायाँ बायाँतर्फका दुवै दण्ड अलि छोटा र समान आकृतिका देखिन्छन्।

तालिका नं.११:७

लिच्छवि लिपिमा व्यञ्जन वर्ण च, एवं ज को विकासक्रम

देवनागरी	पहिलो चरण	दोस्रो चरण	तेस्रो चरण	चौथो चरण
च	 नो. १:२२	 रे. ६२:२१	 नो.६७:१६	
च	 नो. १३:२३	 नो. ५४:२	 रे.१३९:२०	
ज	 नो. १:२२	 रे. ६८:८	 नो.७०:१५	
ज	 रे. २०:४	 रे. १०८:४	 नो.७३:१०	

माथिको तालिकामा पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:२२) मा **तरङ्गचञ्चल** लेख्दा **च** वर्णको आकृति त्रिकोण रूपको शिरोरेखामा चरिचुच्चे आकारको रूपमा रहेको देखिन्छ। यसै गरी जैसीदेवलको राजा वसन्तदेवको अभिलेख (नो.१३:२३) मा पनि **ब्रह्मुडि च** लेख्दा **च** वर्णको आकार माथिको जस्तै देखिन्छ। दोस्रो चरणमा धर्मपुरको (शिवदेव+अंशुवर्माको) अभिलेख (रे.६२:२१) मा **वार्त्त भोगचन्द्रः** लेख्दा **च** वर्ण अलिकति तल बढेको लाम्चो खालको देखिन्छ। यही चरणमा विचार गर्दा केवलपुरको ध्रुवदेव+विष्णुगुप्तको अभिलेख (नो.५४:२) मा **रमणीयचरित** लेख्दा **च** वर्णको चुच्चो अलि तीखो भएको देखिन्छ।

तेस्रो चरणमा भन्सारचोकको नरेन्द्रदेवको अभिलेख (नो.६७:१६) मा **प्रेत्य च** लेख्दा **च** वर्ण अलि बाटुलो आकारको देखिएको छभने च्यासलटोलको जयदेवको अभिलेख (रे.१३९:२०) मा **क्षेत्रस्य च** लेख्दा **च** वर्ण बायाँतर्फ त्रिकोणको आकारको रूपमा लेखिएको जस्तो पनि देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा **च** वर्ण भित्रपट्टि अलि ठूलो ठाउँ भएको चुच्चे आकृतिको देखिन्छ।

पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:२२) मा **चञ्चलजलान्** लेख्दा **ज** वर्णको तीन भुजामध्ये तल्लो भुजा अलिकति झुकेको आकारको देखिन्छ। यसै गरी थानकोट आदिनारायणको राजा वसन्तदेवको अभिलेख (रे.२०:४) मा **महाराज** लेख्दा तीन भुजाको **ज** वर्णमा बीचको तथा तलको भुजा पनि झुकेकै पाइन्छन्। दोस्रो चरणमा बुङ्मतीको अंशुवर्माको अभिलेख (रे.६८:८) मा **राजकुलं** लेख्दा तीन भुजा जोडिएको **ज** वर्णको दण्ड दायाँपट्टि बीचमा अलिकति बढी भित्र पसेको देखिन्छ। यसै गरी यङ्गालहिटीको भीमार्जुनदेव+विष्णुगुप्तको अभिलेख (रे. १०८:४) मा **भट्टारकमहाराज** लेख्दा तीन भुजा जोडिएको **ज** वर्णको दण्ड भित्रपट्टि नपसेर सीधा नै रहेको देखिन्छ।

तेस्रो चरणमा ललितपुर गैह्रीधाराको राजा नरेन्द्रदेवको अभिलेख (नो.७० :१५) मा **जपकादिका** लेख्दा तीन भुजा जोडिएको **ज** वर्णको बीचको भुजा निकै तलसम्म र तल्लो भुजा पनि अलि झुकेकै देखिन्छ। यसै गरी वज्रघरको नरेन्द्रदेवको अभिलेख (नो.७३:१०) मा **राजकुलाभाव्यन्** लेख्दा पनि **ज** वर्णका

तीनै भुजाहरू तल झुकेकै पाइन्छन् । चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो । यसमा **ज** वर्णका तीनओटै भुजाहरू तल झुकेका देखिन्छन् ।

तालिका नं.११:८

लिच्छवि लिपिमा व्यञ्जन वर्ण ट एवं ण को विकासक्रम

देवनागरी	पहिलो चरण	दोस्रो चरण	तेस्रो चरण	चौथो चरण
ट	 नो. १:१६	 रे. ६३:१०	 नो.६७:२०	
ण	 नो. १:६	 रे. ६०:१८	 नो.६७:१७	
ण	 रे. २०:९	 रे. ६३:४	 रे.१२८:८	

माथिको तालिकामा पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:१६) मा **कटसटः** लेख्दा **ट** वर्ण अर्द्धवृत्तको आकारको देखिन्छ। यसैगरी दोस्रो चरणमा खोपासीको शिवदेव+अशुंवर्माको अभिलेख (रे.६३:१०) मा **द्वारोद्घाटन** लेख्दा **ट** वर्ण अर्द्धवृत्तको आकारमा माथिको बिन्दुबाट दायाँतर्फ शिरोरेखाको रूप लिई अलिकति तल झुकेको पाइन्छ ।

तेस्रो चरणमा भन्सारचोकको नरेन्द्रदेवको अभिलेख (नो.६७:२०) मा **पीटल्जाधिकारम्** लेख्दा **ट** वर्ण अलि मोटो टाँकाले लेखिएको दोस्रो चरणको आकृतिसँग नै मिल्दो जुल्दो देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट

लिइएको हो । यसमा **ट** वर्ण अर्द्धवृत्तको आकारमा शिरोरेखासहितको आकृतिको देखिन्छ ।

पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:६) मा **मखाश्रयेण** लेख्दा **ण** वर्ण चारओटा भुजा भएको आकृतिमा लेखिएको देखिन्छ। यी चार भुजामध्ये पहिलो र चौथो भुजा अलि छोटा देखिन्छन् र दोस्रो भुजाको तलपट्टि गाँठो पारेर बीचमा सानो तेर्सो रेखाद्वारा तेस्रो भुजामा जोडिएको पाइन्छ। यसै गरी थानकोट आदिनारायणको राजा वसन्तदेवको अभिलेख (रे.२०:९) मा **स्वसन्तानानुक्रमेण** लेख्दा **ण** वर्ण चारओटा भुजामै लेखिएको छ, परन्तु दोस्रो भुजाको तलपट्टि गाँठो पारिएकोचाहिँ देखिँदैन। दोस्रो चरणमा सतुङ्गलको शिवदेव+अंशुवर्माको अभिलेख (रे.६०:१८) मा **वार्त्तपुत्रगुणचन्द्रः** लेख्दा **ण** वर्ण चारओटै भुजामै लेखिएको छ र यी भुजाहरू करीब करीब समान देखिन्छन् । यसमा दोस्रो भुजाको तलपट्टि गाँठो देखिदैन । पहिलो चरणमा **ण** वर्ण लेख्दा दोस्रो भुजाबाट तेस्रो भुजामा जोड्ने सानो रेखा अलि दायाँपट्टि झुकेर जोडिएको देखिन्छभने दोस्रो चरणको यस वर्णमा उक्त रेखा सरल रेखामा जोडिएको देखिन्छ। यसै गरी खोपासीको शिवदेव+अंशुवर्माको शिलालेख (रे.६३:४) मा **स्वगुणमणिमयूखा** लेख्दा **ण** वर्ण चारओटै भुजामा लेखिएको, दोस्रो भुजाको तलपट्टि गाँठो नभएको देखिन्छ । यसमा दोस्रो भुजाबाट तेस्रो भुजामा जोड्ने सानो रेखाचाहिँ दायाँपट्टि अलि झुकेको देखिन्छ ।

तेस्रो चरणमा भन्सारचोकको नरेन्द्रदेवको अभिलेख (नो.६७:१७) मा **किरणमाला** लेख्दा **ण** वर्ण चारओटै भुजामा लेखिएको छ र यी भुजाहरू समान देखिदैनन् । पहिलो र चौथो भुजा अलि छोटै देखिन्छन् । यसै गरी वज्रघरको नरेन्द्रदेवको अभिलेख (रे.१२८:८) मा **पणशतमात्र** लेख्दा **ण** वर्ण चारओटै भुजामा लेखिएको र सबै भुजाहरू करीब करीब समान देखिन्छन् । चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो । यसमा **ण** वर्ण तीन भुजाको भइसकेको छ र त्यसमा पनि बीचको भुजा अन्य भुजाको अपेक्षा छोटो देखिन्छ ।

तालिका नं.११:९

लिच्छवि लिपिमा व्यञ्जन वर्ण त, ध, न को विकासक्रम

देवनागरी	पहिलो चरण	दोस्रो चरण	तेस्रो चरण	चौथो चरण
त	 नो. १:१३	 रे. ५५:५		
ध	 नो. १:२६	 रे. ५६:१५	 नो.६७:५	
न	 नो. १:२	 रे. ६०:१२	 रे.१२५:५	

माथिको तालिकामा पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:१३) मा **तत्र च शठाः** लेख्दा **त** वर्ण शिरोरेखामा जोडिएको दुई भुजामा लेखिएको पाइन्छ। यसमा बायाँपट्टिको भुजा अलि छोटो रहेको छ र दायाँपट्टिको भुजा सीधा नभएर अलि लम्ब्याइएको छ। दोस्रो चरणमा भक्तपुर गोलमढीटोलको शिवदेव+अंशुवर्माको अभिलेख (रे.५५:५) मा **विदितम्भवतु** लेख्दा **त** वर्ण करीब करीब पहिलो चरणको नै जस्तो देखिन्छ।

तेस्रो चरणमा पाटन बहिलीटोलको अभिलेख (नो.८६:२) मा **हितहेतवे** लेख्दा **त** वर्ण दुई भुजामा लेखिएको छ र बायाँ भुजा दायाँ भुजामा जोडिएको र अलि फराकिलो देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा **त** वर्णको दुईओटा भुजा नै शिरोरेखामा जोडिएको जस्तो देखिन्छ।

पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:२६) मा **खलु धनम्** लेख्दा **ध** वर्ण दुई रेखामा तल माथि जोडिएको लाम्चो आकारको देखिन्छ। दोस्रो चरणमा भक्तपुर तुलाछेंटोलको शिवदेव+अंशुवर्माको अभिलेख (रे.५६:१५) मा **धर्म्मगुरुभिः** लेख्दा **ध** वर्ण करीब करीब पहिलो चरणको नै जस्तो देखिन्छ।

तेस्रो चरणमा पाटन भन्सारचोकको नरेन्द्रदेवको अभिलेख (नो.६७:५) मा **प्रजासु विदधद्** लेख्दा **ध** वर्ण चार कुने आकारको देखिन्छ र बायाँ भुजा दायाँ भुजामा जोडिँदा तलपट्टि अलि दायाँतिर झुकेको देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा **ध** वर्ण अलि डल्लो आकृतिको देखिन्छ।

पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:२) मा **प्रमृष्टकनकः** लेख्दा **न** वर्ण शिरोरेखाबाट अलिकति तल तानी बायाँपट्टि गाँठो बनाएर दायाँतर्फ लगी अन्त्यमा बायाँपट्टि नै झुकाएर छाडिएको आकृतिको रूपमा रहेको देखिन्छ। दोस्रो चरणमा सतुङ्गलको शिवदेव+अंशुवर्माको अभिलेख (रे.६०:१२) मा **न कैश्चिद्** लेख्दा **न** वर्ण पहिलो चरणको जस्तै आकृतिको देखिन्छ।

तेस्रो चरणमा बलम्बूको अभिलेख (रे.१२५:५) मा **विधानपरैरेव** लेख्दा **न** वर्ण बायाँपट्टि गाँठो परेको परन्तु दायाँतर्फ नतन्किई सरल रेखामै जोडिएको देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा **न** वर्णको बायाँपट्टि लाम्चो किसिमले गाँठो परेको र सो शिरोरेखामा नै जोडिन पुगेको देखिन्छ।

तालिका नं.११:१०

लिच्छवि लिपिमा व्यञ्जन वर्ण प, भ, म को विकासक्रम

देवनागरी	पहिलो चरण	दोस्रो चरण	तेस्रो चरण	चौथो चरण
प	 नो. १:१५	 रे. ५६:१०	 नो.६७:३	

भ	 नो. १:१०	 रे. ६२:१८	 नो.७३:३६	
म		 रे. ५४:१२	 रे.१२५:४	
				

माथिको तालिकामा पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:१५) मा **नरपतिः** लेख्दा **प** वर्ण दुई भुजामा लेखिएको र बायाँ भुजा दायाँपट्टिको भुजामा जोडिंदा थोरै झुकेको देखिन्छ। दोस्रो चरणमा तुलाछेंटोलको शिवदेव+अंशुवर्माको अभिलेख (रे.५६:१०) मा **पञ्चापराधा** लेख्दा **प** वर्ण पहिलो चरणको जस्तै देखिन्छ र यसमा बायाँ भुजा दायाँतर्फको भुजामा जोडिंदा अलि झुकेको हुनाका साथै बीचमा अलिकति भित्र पसेको पनि देखिन्छ।

तेस्रो चरणमा भन्सारचोकको नरेन्द्रदेवको अभिलेख (नो.६७:३) मा **वलाद्वीरपदाति** लेख्दा **प** वर्णको बायाँ भुजा शिरोरेखाबाट तल जाँदा सीधा नभएर अलिकति भित्र पसेको देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा **प** वर्णको बायाँपट्टिबाट दायाँ रेखामा जोडिने सानो रेखा सीधा गएको देखिन्छ।

पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:१०) मा **भर्त्रा विना** लेख्दा **भ** वर्ण एउटा सरल रेखामा शिरोरेखा-नजीकै बायाँपट्टि सानो रेखा जोडिएको

र सो रेखाको अन्तिम बिन्दुमा अलि मोटो टाँकाले लेखिएको आकृतिको रूपमा रहेको देखिन्छ। दोस्रो चरणमा धर्मपुरको (शिवदेव+अंशुवर्माको) अभिलेख (रे.६२:१८) मा **भवितारः** लेख्दा **भ** वर्ण पहिलो चरणकै जस्तो देखिन्छ र यसमा मुख्य दण्डभने अलि छड्के परेर रहेको देखिन्छ।

तेस्रो चरणमा वज्रघरको नरेन्द्रदेवको अभिलेख (नो.७३:३६) मा **भट्टारक** लेख्दा **भ** वर्ण अलि लाम्चो देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा **भ** वर्णको दुवै रेखा शिरोरेखामा नै जोडिन पुगेकोजस्तो देखिन्छ।

पहिलो चरणमा मानदेवको चाँगुको अभिलेख (नो.१:१७) मा **सामन्तस्य** लेख्दा **म** वर्ण दुई भुजामा लेखिएको छ। यसै गरी थानकोट आदिनारायणको वसन्तदेवको अभिलेख (नो.१२:२६) मा **मस्मद्दत्ताम्** लेख्दा **म** वर्ण दुई भुजामा लेखिएको छ र बायाँपट्टिको भुजा दायाँपट्टि जोडिंदा तेर्सो परेर जोडिएको पाइन्छ। दोस्रो चरणमा पाटन भीमसेनस्थानको शिवदेव+अंशुवर्माको अभिलेख (रे.५४:१२) मा **तमहमतितरान्** लेख्दा **म** वर्ण दुई भुजामै लेखिएको पाइन्छ र बायाँपट्टिको भुजा दायाँपट्टि जोडिँदा नाममात्रको तेर्सो परेर जोडिएको पाइन्छ।

तेस्रो चरणमा बलम्बूको अभिलेख (रे.१२५:४) मा **न मर्षयिष्यामि** लेख्दा दुई भुजामा लेखिएको **म** वर्ण बायाँ भुजाबाट दायाँ भुजामा जोडिंदा अलि तेर्सो परेकै देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा **म** वर्ण करीब करीब तेस्रो चरणकोजस्तै देखिन्छ।

तालिका नं.११:११

लिच्छवि लिपिमा व्यञ्जन वर्ण य, ल एवं व को विकासक्रम

देवनागरी	पहिलो चरण	दोस्रो चरण	तेस्रो चरण	चौथो चरण
य	 नो. १:४	 रे. ७४:१५	 नो.६७:१९	

ल	 नो. १:२२	 रे. ६०:१७	 नो.७३:१०	
व	 नो. १:२२	 रे. ७४:१३	 नो.६७:३	

माथिको तालिकामा पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:४) मा **प्रह्लादयन्** लेख्दा **य** वर्ण तीन भुजामा लेखिएको छ। यसमा पहिलो भुजाको माथिबाट बाहिर फर्किएको गाँठो परेको छ र दोस्रो भुजाबाट तेस्रो भुजामा जोडिंदा अलिकति तेर्सो परेको पाइन्छ। दोस्रो चरणमा हाँडिगाउँको अंशुवर्माको अभिलेख (रे.७४:१५) मा **जलशयनस्य** लेख्दा **य** वर्ण करीब करीब पहिलो चरणको जस्तै पाइन्छ। यसमा पहिलो भुजामा जोडिएको गाँठो भित्रपट्टि फर्किएको देखिन्छ।

तेस्रो चरणमा भन्सारचोकको नरेन्द्रदेवको अभिलेख (नो.६७:१३) मा **यस्त्वेताम्** लेख्दा **य** वर्ण दोस्रो चरणको जस्तै त्रिभुजमै लेखिएको छभने यही शिलालेख (नो.६७:१९) मा **भूत्वेयमाज्ञा** लेख्दा **य** वर्ण करीब करीब आजभोलिको जस्तो द्विभुज आकृतिको हुन खोजेको देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा **य** वर्ण करीब करीब आजभोलिको जस्तो द्विभुज आकृतिको भइसकेको देखिन्छ।

पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:२२) मा **चञ्चलजलान्** लेख्दा **ल** वर्ण दायाँ मुख फर्किएको हँसियाको आकृति जस्तो देखिन्छ। दोस्रो चरणमा सतुङ्गलको शिवदेव+अशुवर्माको अभिलेख (रे.६०:१७) मा **पालनीय** लेख्दा **ल** वर्णको मुख्य दण्ड भनौं-न घाँटी अलि लामो भएको देखिन्छ र बायाँपट्टिको भाग अलि भित्र पसेर अङ्कुशको आकारको जस्तो पनि देखिन्छ।

तेस्रो चरणमा वज्रघरको नरेन्द्रदेवको अभिलेख (नो.७३:१०) मा **कलत्रादि** लेख्दा **ल** वर्णको मुख्य दण्ड सीधा देखिन्छ र बायाँपट्टि अलि माथि उठेर छेस्किनीको आकृति जस्तो भइसकेको देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो । यसमा **ल** वर्णको बायाँपट्टि जोडिएको सानो रेखा करीब करीब आजभोलिको जस्तो आकृतिको भइसकेको देखिन्छ।

पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:२२) मा **भीमावर्त्त** लेख्दा **व** वर्ण त्रिकोणको आकृति जस्तो देखिन्छ। दोस्रो चरणमा हाँडिगाउँको अंशुवर्माको अभिलेख (रे.७४:१३) मा **पर्वतेश्वरदेवस्य** लेख्दा **व** वर्ण मुख्य दण्डमा बायाँतर्फ अर्द्धवृत्त जोडिएको जस्तो देखिन्छ।

तेस्रो चरणमा भन्सारचोकको नरेन्द्रदेवको अभिलेख (नो.६७:३) मा **वलाद्वीर** लेख्दा **व** वर्ण करीब करीब आज भोलिको **व** वर्ण जस्तै आकृतिको भइसकेको देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा **व** वर्णको भित्रपट्टिको भाग तुलनात्मक रूपमा अलि ठूलो देखिन्छ।

तालिका नं.११:१२

लिच्छवि लिपिमा व्यञ्जन वर्ण श, ष, स एवं ह को विकासक्रम

देवनागरी	पहिलो चरण	दोस्रो चरण	तेस्रो चरण	चौथो चरण
श	 नो. १:८	 रे. ६३:३	 नो.७०:२१	
ष	 नो. १:२१	 रे. ६०:१९	 नो.६९:३	

स	 नो. १:१३	 रे. ६०:१४	 नो.७३:१०	
ह	 नो. १:१६	 रे. ७४:१३	 नो.६७:१०	

माथिको तालिकामा पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:८) मा **चाज्ञावशवर्त्तिनो** लेख्दा **श** वर्ण मुख्य दण्डको बायाँपट्टि वक्र रूपको सानो रेखा भएर त्यसको बीचमा जोडिएको देखिन्छ। यसमा दायाँतर्फको मुख्य दण्ड बायाँको तुलनामा लामै देखिन्छ। दोस्रो चरणमा खोपासीको शिवदेव+अंशुवर्माको अभिलेख (रे.६३:३) मा **कुशलमभिधाय** लेख्दा **श** वर्ण पहिलो चरणकै जस्तो देखिन्छ र यसमा बायाँपट्टिको रेखा त्यति वक्र देखिदैन।

तेस्रो चरणमा ललितपुर गैह्रीधाराको नरेन्द्रदेवको अभिलेख (नो.७०:२१) मा **विंशतिर्मानिका** लेख्दा **श** वर्ण दोस्रो चरणकै जस्तो देखिन्छ र बायाँपट्टिको छोटो दण्ड वक्र नभई सीधा नै देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराण बाट लिइएको हो। यसमा **श** वर्णको मुख्य दण्डको बायाँपट्टि रहेको रेखा पहिलो, दोस्रो एवं तेस्रो चरणमा दायाँपट्टि अलि झुकेको देखिन्छभने चौथो चरणमा सो रेखा बायाँपट्टि अलिक उठेको देखिन्छ।

पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:२१) मा **मातुलोरुविषम** लेख्दा **ष** वर्ण द्विदण्डको देखिन्छ र बायाँपट्टिको दण्डको तल गोलो गाँठो बनाएर दायाँपट्टिको छोटो रेखासँग जोडिएको पाइन्छ। दोस्रो चरणमा सतुङ्गलको शिवदेव+अंशुवर्माको अभिलेख (रे.६०:१९) मा **प्रथमपौष** लेख्दा **ष** वर्ण पहिलो चरणको जस्तै देखिन्छ।

तेस्रो चरणमा नक्सालको नरेन्द्रदेवको पालाको अभिलेख (नो.६९:३) मा **त्रिषवण** लेख्दा **ष** वर्ण अहिलेको देवनागरी लिपिको ष वर्णको नजीकै आइपुगेको देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा **ष** वर्ण द्विदण्डको देखिन्छ र बायाँपट्टिको दण्डको तल गोलो गाँठो यहाँ छैन। यस वर्णको बायाँपट्टिको रेखा शिरोरेखानजीकैबाट दायाँपट्टिको दण्डसँग तेर्सो परेर जोडिएको पाइन्छ।

पहिलो चरणमा चाँगुको मानदेवको अभिलेख (नो.१:१३) मा **विप्रयोगे सति** लेख्दा **स** वर्ण द्विदण्डको नै देखिन्छ। लिच्छवि लिपिमा **ष** वर्ण तथा **स** वर्ण उस्तै देखिन्छन्। यिनमा फरक के देखिन्छभने **ष** वर्णमा बायाँपट्टिको दण्डको तल बनाइएको गाँठो गोल आकारको हुन्छभने **स** वर्णमा बायाँपट्टिको दण्डको तल बनाइएको गाँठोको आकृति त्रिकोणात्मक हुन्छ। दोस्रो चरणमा सतुङ्गलको शिवदेव+अंशुवर्माको अभिलेख (रे.६०:१४) मा **कारयेद् वा स** लेख्दा **स** वर्ण पहिलो चरणकै जस्तो देखिन्छ।

तेस्रो चरणमा आइपुग्दा वज्रघरको नरेन्द्रदेवको अभिलेख (नो.७३:१०) मा **सर्वद्रव्याण्यार्य** लेख्दा **स** वर्ण द्विदण्डकै भए पनि मुख खुलेको कोणात्मक आकृतिको भइसकेको देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा **स** वर्ण द्विदण्डको नै पाइन्छ र देवनागरी लिपिको **स** वर्णसँग मिल्दोजुल्दो आकृतिको भइसकेको देखिन्छ।

पहिलो चरणमा ह वर्ण दुई किसिमका देखिएका छन्। चाँगुको मानदेवको अभिलेख (नो.१:१६) **निर्भीः सिंह** लेख्दा ह वर्णको मुख बायाँतर्फ फर्किएको छभने बलम्बूको गणदेव+भौमगुप्तको अभिलेख (रे.३९:१) मा **मानगृहाद्** लेख्दा ह वर्णको मुख दायाँतर्फ फर्किएको देखिन्छ। दोस्रो चरणमा हाँडिगाउँको अंशुवर्माको अभिलेख (रे.७४:१३) मा **नरसिंह** लेख्दा ह वर्णको बायाँ भाग कोणात्मक भएको, दायाँतर्फ फर्किएको र अंकुशे आकृतिको देखिन्छ।

तेस्रो चरणमा भन्सारचोकको नरेन्द्रदेवको अभिलेख (नो.६७:१०) मा **महती** लेख्दा ह वर्ण दोस्रो चरणकै जस्तो देखिन्छ। चौथो चरणको उदाहरण स्कन्दपुराणबाट लिइएको हो। यसमा ह वर्ण तेस्रो चरणकै जस्तो देखिन्छ।

लिच्छविकालका अभिलेखहरूमा कतिपय प्रशासनिक शब्दहरू प्रारम्भ कालदेखि पछिसम्म पनि वारंवार प्रयोग भइरहेका पाइन्छन् । त्यस्तै केही शब्दहरूको उदाहरण दिई लिपिको दृष्टिकोणले पहिलो, दोस्रो एवं तेस्रो चरणमा के कति फरक पर्दै गएको रहेछ भन्ने कुरालाई यहाँ देखाउन खोजिएको छ ।

तालिका नं.११:१३

लिच्छवि लिपिका केही प्रशासनिक शब्दहरू

पहिलो चरण	दोस्रो चरण	तेस्रो चरण
 भट्टारक महाराज (रे.२०:२)	 भट्टारक महाराज (रे.५५:२)	
 समाज्ञापयति (रे.२०:७)	 समाज्ञापयति (रे.५५:४)	
 विदितं वोस्तु (रे. २०:८)		
	 विदितम्भवतु (रे.५६:६)	
 न्ब्राह्मणपुरस्सरान्ब्रं (रे.२०:५)		

	 प्रधानपुरस्सरान्ग्रा (रे.५५:३)	
 रस्मत्पादोपजीविभि (रे.२२:१३)	 रस्मत्पादोवजीविभि (रे.२२:१३)	 रस्मत्पादोपजीविभि (नो.७३:३१)
 द्बप्पपादानुद्ध्यातो (रे.३९:१)	 बप्पपादानुद्ध्यातो (रे.५६:१)	 बप्पपादानुद्ध्यातो (नो.६७:६)
	 र्भगवत्पशपति भट्टारकपादानुगृहीतो (रे.७१:२)	 र्भगवत्पशपति भट्टारकपादानुगृहीतो (नो.६७:६)

माथिको तालिकामा **भट्टारकमहाराज, समाज्ञापयति, विदितं वोस्तु, विदितम् भवतु, ब्राह्मणपुरस्सरान्, प्रधानपुरस्सरान्, रस्मत्पादोपजीविभिः, बप्पपादानुध्यातो, भगवत्पशुपतिभट्टारकपादानुगृहीतो** जस्ता लिच्छविकालका अभिलेखहरूमा वारंवार प्रयोग भइआउने प्रशासनिक शब्द एवं शब्दावलीहरूलाई प्रस्तुत गरिएको छ ।

तालिका नं.११:१४

लिच्छवि लिपिका केही प्रशासनिक शब्दहरू

पहिलो चरण	दोस्रो चरण	तेस्रो चरण
 कुशलम्पृष्ट्वा (रे.३९:४)		
	 कुशलमाभाष्य (रे.५९:४)	
 न्ग्रामकुटुम्बिनः रे.२०:६		
		 न्सर्वकुटुम्बिनः नो.७३:४
 मुल्लंध्यान्यथा रे.२०:२१	 मुल्लङ्ध्यान्यथा रे.५७:२०	 मुल्लंध्यान्यथा रे.६६:२०
 दूतकश्चात्र रे.२५:६	 दूतकश्चात्र रे.५४:१४	 दूतकश्चात्र नो.६६:२४

 मर्षयिष्यामि रे.२०:२२	 मर्षयिष्यामो रे.७७:१३	 मर्षयिष्यामो रे.१०९:१८
	 भवितारस्तैरपि रे.६२:१८	 भवितारस्तैरपि रे.१४०:१५
 भविष्यन्ति रे.२०:२६	 भविष्यद्‌भि रे.७१:१५	

माथिको तालिकामा **कुशलम्पृष्ट्वा**, **कुशलमाभाष्य**, **ग्रामकुटुम्बिनः**, **सर्वकुटुम्बिनः**, **मुल्लंघ्यान्यथा**, **दूतकश्चात्र**, **मर्षयिष्यामि**, **भवितारस्तैरपि**, **भविष्यन्ति**, **भविष्यद्‌भिः** जस्ता लिच्छविकालका अभिलेखहरूमा वारंवार प्रयोग भइआउने प्रशासनिक शब्द एवं शब्दावलीहरूको उदाहरणद्वारा लिपिको दृष्टिकोणले पहिलो, दोस्रो एवं तेस्रो चरणमा के कति फरक पर्दै गएको रहेछ भन्ने कुरालाई तुलनात्मक रूपमा हेर्नका लागि प्रस्तुत गरिएको छ।

यसरी यस अध्यायमा लिच्छविकालका अभिलेखहरूमा देखिएका वर्ण एवं शब्दहरूको विषयमा पहिलो चरणबाट दोस्रो चरणमा, दोस्रो चरणबाट तेस्रो चरणमा तथा तेस्रो चरणबाट चौथो चरणमा विकसित हुँदै गएको अवस्थालाई देखाउने उद्देश्यले तिनको उदाहरणसहित संक्षिप्त विवेचना प्रस्तुत गरिएको छ।

⁂

अध्याय : बाह्र

लिच्छविकालका संवत्

नेपालको लिच्छविकालको इतिहास अध्ययन गर्दा त्यस समयमा दुईथरी संवत् प्रचलनमा रहेका देखिन्छन् । यिनमा पहिलोचाहिँ मानदेवको समयभन्दा अघिदेखि नै चलिआएको संवत् र दोस्रोचाहिँ श्रीमहासामन्त अंशुवर्माको शासनकालमा बुङ्मतीको अभिलेखमा संवत् २९ उल्लेख भई पहिलो पटक देखा परेको नयाँ संवत् हुन् ।

पहिलो संवत्

लिच्छविकालमा मानदेवको समयभन्दा अघिदेखि नै चलिआएको पहिलो संवत्को विषयमा विभिन्न विद्वान्हरूको फरक मत देखिएका छन् । यीमध्ये प्रमुख मत यस प्रकारका छन् –

१. भगवानलाल इन्द्रजी – विक्रम संवत्

नेपालको इतिहासलाई प्रमाणको कसीमा परीक्षण गरी लेख्ने कार्यको प्रारम्भ भारतीय विद्वान् भगवानलाल इन्द्रजीबाट भएको हो । सर्वप्रथम उनले काठमाडौं आई अभिलेखको खोजी कार्य शुरू गरे । फलस्वरूप लिच्छविकालका १५ ओटासहित जम्मा २३ ओटा अभिलेखहरूको पाठ पढी व्याख्यासहित उनले वि. सं. १९३७ मा प्रकाश गरे । आफ्नो अनुसन्धान कार्यको सिलसिलामा उनले

मानदेवदेखि शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् विक्रम संवत् हो भनी लेखे ।[१]

२. बाबुराम आचार्य – वि.सं. भन्दा १३५ वर्षपछि चलेको शकसंवत्

नेपालका लिच्छवि राजाहरूको कालगणना गर्ने प्रसङ्गमा इतिहास शिरोमणि बाबुराम आचार्यले मानदेवदेखि शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् शक संवत् हो भनी लेखे ।[२] यस मतलाई नयराज पन्त, धनवज्र वज्रचार्य, ज्ञानमणि नेपाल, दिनेशराज पन्त, डा. दिनेशचन्द्र रेग्मी लगायतका अन्य विद्वान्हरूले पनि माने ।

३. दीनेशचन्द्र सरकार – वि.सं. भन्दा १३५ वर्षपछि चलेको शकसंवत्

नेपालका लिच्छवि राजाहरूको समय-निर्धारण गर्ने प्रसङ्गमा दीनेशचन्द्र सरकारले मानदेवदेखि शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् शक संवत् हो भनी लेखे ।[३]

४. सिल्भाँ लेभी – वि. सं. भन्दा १६७ वर्षपछि उठेको लिच्छवि संवत्

मानदेवदेखि शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूले प्रयोग गरेको संवत् वि. सं. १६७ देखि उठेको लिच्छवि संवत् हो भनी सिल्भाँ लेभीले लेखे ।[४]

५. जोन फेथफुल फ्लीट – वि. सं. भन्दा ३७६ वर्षपछि उठेको गुप्त संवत्

समुद्रगुप्तको इलाहाबादको स्तम्भलेखमा नेपालको पनि उल्लेख आएको आधारमा जोन फेथफुल फ्लीटले यो पहिलो संवत्लाई वि. सं. भन्दा ३७६ वर्षपछि उठेको गुप्त संवत् हो भनी माने ।[५]

---

[१] Bhagwanlal Indraji, G. Buhler, "Twenty-Three Inscriptions from Nepal Together with Some Considerations on the Chronology of Nepal", Bombay, 1885, p. 43 .

[२] बाबुराम आचार्य "नेपालका लिच्छवि राजाहरूको कालगणना" शारदा, १९९६, ५ वर्ष, ११ अङ्क, पृ. १० ।

[३] D. C. Sircar, **Select Inscriptions, bearing on Indian History and Civilization**, Vol.I Calcutta : University of Calcutta, 1965, p. 68.

[४] Sylvain Levi, **Nepal,** Ancient Nepal, NO.27, April, 1974, p.68.

[५] J. F. Fleet, **Corpus Inscriptionum Indicarum,** Vol.III, **Inscriptions of the Early Gupta Kings** Varanasi: Indological Book House, 1963, p. 177.

६. के. जी. शङ्कर – वि. सं. ९१ देखि उठेको लिच्छवि संवत्

नेपालका लिच्छवि राजाहरूको कालक्रम निर्धारण गर्ने सम्बन्धमा के. जी. शङ्करले मानदेवदेखि शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूले चलाएको पहिलो संवत् वि. सं. ९१ देखि उठेको लिच्छवि संवत् हो भनी लेखे ।[६]

७. रमेशचन्द्र मजुमदार – वि.सं. १३५ बाट उठेको शकसंवत्

नेपालका प्रारम्भिक राजाहरूको समय-निर्धारण गर्ने प्रसङ्गमा रमेशचन्द्र मजुमदारले मानदेवदेखि चलिआएको पहिलो संवत् वि.सं. १३५ बाट उठेको शकसंवत् हो भनी आफ्नो मत अभिव्यक्त गरे ।[७]

८. राधागोविन्द बासक – विक्रम संवत्

नेपालका लिच्छवि राजाहरूको कालक्रम निर्धारण गर्ने विषयमा छलफल गर्दै राधागोविन्द बासकले यस समयमा तीन थरी संवत् चलेका थिए भन्ने उल्लेख गरेका छन् । यी तीनमध्ये मानदेवको चाँगुको संवत् ३८६ को अभिलेखदेखि चपलीगाउँको संवत् ४८९ सम्मका अभिलेखहरूमा उल्लिखित संवत् विक्रम संवत् हुन् । अनि शिवदेव अंशुवर्माका शासनकालका अभिलेखहरूमा उल्लिखित संवत् गुप्त संवत् हुन् । त्यसपछि अंशुवर्माको पालादेखि जयदेव द्वितीय सम्मका अभिलेखहरूमा उल्लिखित संवत् हर्ष संवत् हुन् ।[८]

९. काशीप्रसाद जायसवाल – वि. सं. भन्दा ३७६ वर्षपछि उठेको गुप्त संवत्

मानदेवको संवत् ३८६ को चाँगुको अभिलेखदेखि शिवदेव प्रथम सम्मका अभिलेखहरूमा उल्लिखित संवत् गुप्त संवत् हुन् भन्ने काशीप्रसाद जायसवालको मत रहेको छ ।[९]

---

[६] K. G. Shankar, "The Early Chronology of Nepal", **Indian Historical Quarterly, XI**, 1935, p.304-12.

[७] Rameshachandra, Majumdar, **Chronology of Early Kings of Nepal**, Calcutta : The Indian Research Institute, 1945, p. 627.

[८] R. G. Basak, **History of North Eastern India**, Calcutta : Sambodhi Publications, 1967, p.297.

[९] K. P. Jayasawal, **Chronology and History of Nepal**, Patna : B. N. Burman and Co., 1937, p. 68.

१०. शङ्करमान राजवंशी – शकपूर्व २२ बाट उठेको लिच्छवि संवत्

मानदेवको संवत् ३८६ को चाँगुको अभिलेखदेखि शिवदेवसम्मका अभिलेखहरूमा उल्लिखित संवत् शकपूर्व २२ बाट उठेको लिच्छवि संवत् हुन् भनी शङ्करमान राजवंशीले लेखेका छन् ।[१०]

११. श्यामसुन्दर राजवंशी – शकपूर्व २ बाट उठेको लिच्छवि संवत्

लिच्छविकालमा दुईथरी देखिएको संवत् एउटै हो । यो संवत् शक संवत् चल्नुभन्दा १ वर्ष ५ महीनाअघि अर्थात् शकपूर्व २ मा आरम्भ भएको लिच्छवि संवत् हो ।[११]

शङ्करमान राजवंशीले लिच्छविकालमा चलेको यो पहिलो संवत्लाई शक संवत्भन्दा २२ वर्षअघि चलेको लिच्छवि संवत् हो भनी निर्णय गरेकोमा धनवज्र वज्राचार्यले यस मतलाई आत्मसात् गर्न सक्नुभएको थिएन । त्यसैले "संवत्को निर्णयको लागि श्रीशङ्करमान राजवंशीले यस अभिलेखको (चाँगुको) तिथिमितिको गणना अनेक किसिमले गर्नुभएको छ । उहाँले एउटा निष्कर्ष पनि निकाल्नुभएको छ । तर यस विषयमा अझ गहन अन्वेषण हुनु जरूरी छ जस्तो लागेकोले उहाँले गर्नुभएका गणनाको विवरण यहाँ दिइएन" भनी यस मतलाई स्वीकार गर्न अझ बढी अन्वेषणको आवश्यकता रहेको कुरा औंल्याउनुभएको थियो ।[१२]

शङ्करमानको यस मतलाई मान्दा नेपालको ऐतिहासिक घटनाक्रममा मेल नखाने भएको र चीनको इतिहास तथा भारतको इतिहासमा भएको घटनासँग पनि नमिल्ने भएको हुनाले भुवनलाल प्रधान, माणिकलाल श्रेष्ठ तथा ज्ञानमणि

---

[१०] शङ्करमान राजवंशी, **लिच्छवि संवत्को निष्कर्ष**, काठमाडौं : दिलीपमान राजवंशी, २०३०, पृ. २३ ।

[११] श्यामसुन्दर राजवंशी, **लिच्छविकालीन सम्वत्को निश्चय**, काठमाडौं : गिरीन्द्रमान तथा चन्द्रकिरण राजवंशी, वि. सं. २०५२ पृ. २८ ।

[१२] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३ द्वितीय संस्करण, पृष्ठ ३१९ ।

नेपाललगायतका इतिहासकारहरूले यसको विरोध गरे।[१३] त्यसपछि शङ्करमान राजवंशीले "लिच्छविकालीन सम्वतमा २ थरी होइन रहेछ, एकै थरी रहेछ भनी थाहा भयो, त्यसैले यो आत्मसंशोधन गरियो।"[१४] भनेर लेखे। यहाँ लिच्छविकालमा चलेको संवत्लाई शक संवत्भन्दा २२ वर्षअघि चलेको लिच्छवि संवत् भनी निर्णय गर्दा शङ्कर मान राजवंशीले शास्त्रीय आधार प्रस्तुत गरेको देखिँदैन। पछि आत्मसंशोधन गर्दा पनि कुनै शास्त्रीय प्रमाणलाई उल्लेख गरेको पाइँदैन।

अहिले श्यामसुन्दर राजवंशीले लिच्छविकालको यो पहिलो संवत्लाई "लिच्छविकालको संवत् शक संवत् चल्नुभन्दा १ वर्ष ५ महिना अघि याने शकपूर्व २ मा आरम्भ भएको लिच्छवि संवत् हो।" भनी ठोकुवा गरे।[१५] यस विषयमा पनि उनले शास्त्रीय आधारभने उल्लेख गरेको देखिँदैन। 'वादे वादे जायते तत्त्वबोधः' भनेजस्तै विद्वान्हरूका बीचमा यस विषयमा प्रमाणहरूको आधारमा ऊहापोह भएपछि गरिएको निर्णय सर्वमान्य भइहाल्नेछ। अहिलेलाई यस मतलाई पनि मान्न सकिने आधार देखिँदैन।

यसरी लिच्छविकालमा चलेको यो पहिलो संवत्का विषयमा विभिन्न विद्वान्हरूले थरी-थरीका मत प्रकट गरेका छन्। यी सबै मतहरूलाई विभिन्न दृष्टिकोणबाट अध्ययन, विश्लेषण एवं मनन गरेर श्रीगुरु पं. नयराज पन्तले **लिच्छवि संवत्को निर्णय** भन्ने ग्रन्थमा यस संवत्का विषयमा यस्तो निर्णय गर्नुभएको छ – "मानदेवदेखि प्रथम शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूका अभिलेखमा देखिएका संवत्लाई जुनसुकै संवत् माने पनि ती अभिलेखमा देखिएका अधिमास मिलाउन सकिँदैन भन्ने कुरा यहाँसम्मका कुराबाट स्पष्ट हुन्छ। अभिलेखमा देखिएका ती संवत्लाई शकसंवत् माने मात्र इतिहासका घटना टम्म मिल्छन्...। यहाँसम्मका कुराबाट पहिलो संवत् शक संवत् हो।"[१६]

---

[१३] श्यामसुन्दर राजवंशी, **लिच्छविकालीन सम्वत्को निश्चय**, काठमाडौँ : गिरीन्द्रमान तथा चन्द्रकिरण राजवंशी, वि. सं. २०५२ पृ. ५६।

[१४] राजवंशी उही, पृ.प्राक्कथन ४।

[१५] राजवंशी उही, पृ. २८।

[१६] नयराज पन्त र अरू, **लिच्छविसंवत्को निर्णय**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४३, पृष्ठ ५६१ र ५५५।

यसरी माथि प्रस्तुत गरिएका छलफल एवं निर्णयबाट लिच्छविकालमा मानदेवको समयभन्दा अघिदेखि चलिआएको पहिलो संवत् शक संवत् हो भन्ने कुरा पहिलेदेखि नै मानिआएको स्पष्ट हुन्छ ।

दोस्रो संवत्

लिच्छविकालमा चलेको दोस्रो संवत्को विषयमा पनि विभिन्न विद्वान् हरूको फरक मत देखिएका छन् । यीमध्ये प्रमुख मत यस प्रकारका छन् –

१. भगवानलाल इन्द्रजी – वि. सं. ६३३ देखि उठेको हर्षसंवत्

अलबेरुनीले आफ्नो ग्रन्थमा विक्रम संवत् ६३३ देखि हर्ष संवत् चलेको हो भन्ने कुरा उल्लेख गरेका छन्। हर्षवर्द्धन र अंशुवर्मालाई चीनीया यात्री युवानच्वाङ्गले आफ्ना समकालिकको रूपमा वर्णन गरेको देखिएकोले भगवान लालले अंशुवर्मादेखिका नेपालका शासकका अभिलेखमा देखिएको संवत् अर्थात् यो दोस्रो संवत् विक्रम संवत् ६३३ देखि चलेको हर्ष संवत् हो भनी आफ्नो मत प्रकट गरेका छन् ।[१७]

२. जोन फेथफुल फ्लीट – वि. सं ६६२ देखि उठेको हर्षसंवत्

जोन फेथफुल फ्लीटले बाँसखेडामा रहेको राजा हर्षवर्धनको संवत् २२ कार्तिक वदि १ को ताम्रपत्र तथा संवत् १५५ मा महाराज महेन्द्रपालले कुम्भसङ्क्रान्तिका दिन स्नान गरी दान दिई स्थापना गरेको शिलालेखमा उल्लेख भएको संवत्को विषयमा विशद अध्ययन गरेका छन् । यस अध्ययनअनुसार वि.सं. ६६२ देखि हर्षसंवत् चलेको देखिन आएकोले यसैको आधारमा उनले नेपालका शासक अंशुवर्मा र उनीपछिका राजाहरूले व्यवहार गरेको संवत् हर्षसंवत् हो भनी आफ्नो मत अभिव्यक्त गरेका छन् ।[१८]

---

[१७] Bhagwanlal Indraji, "Twenty-Three Inscriptions from Nepal Together with Some Considerations on the Chronology of Nepal", Bombay, 1885, p. 45-46 .

[१८] J. F. Fleet, Corpus Inscriptionum Indicarum, Vol.III, **Inscriptions of the Early Gupta Kings** Varanasi: Indological Book House, 1963, p.178-179.

३. सिल्भाँ लेभी – वि. सं. ६५२ देखि उठेको भोटे संवत्

सिल्भाँ लेभीले लिच्छविकालमा चलेको यो दोस्रो संवत्लाई वि.सं. ६५२ देखि शुरू भएको भोटे संवत् हो भनी लेखे ।[१९]

४. के. जी. शङ्कर – वि. सं. ५९५ देखि उठेको यशोधर्मसंवत्

के. जी. शङ्करलेभने यस संवत्लाई भारतका राजा यशोधर्माले नेपाललाई जिती अंशुवर्मालाई राजप्रतिनिधि बनाएको हुनाले यशोधर्माले चलाएको संवत् नै अंशुवर्माले चलाएका हुन् भनी लेखे ।[२०]

५. हेमराज शर्मा – वि. सं. ६३३ देखि उठेको मानदेवसंवत्

हेमराज शर्माले लिच्छविकालमा चलेको यो दोस्रो संवत्लाई वि. सं. ६३३ देखि उठेको मानदेवसंवत् भनी निर्णय गरे[२१] । यस मतलाई बाबुराम आचार्य, नयराज पन्त, धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल, दिनेशराज पन्त, डा. दिनेशचन्द्र रेग्मी लगायतका अन्य विद्वान्हरूले पनि मानेको देखिन्छ ।

६. रमेशचन्द्र मजूमदार – शतस्थानी अङ्क तष्ट गरिएको वि.सं. ६३५ देखि उठेको संक्षिप्त शकसंवत्

रमेशचन्द्र मजूमदारले यस संवत्मा ५०० जोडिदिनुपर्छ अनि शकसंवत् (संवत् २९+ ५००= ५२९ शकसंवत्) हुन्छ भनी लेखे ।[२२]

७. काशीप्रसाद जायसवाल –वि. सं. ६५२ देखि उठेको ठकुरी संवत्

काशीप्रसाद जायसवालले अंशुवर्मादेखिका नेपालका शासकका अभिलेखमा देखिएको संवत् अर्थात् यो दोस्रो संवत् विक्रम संवत् ६५२ देखि चलेको ठकुरी संवत् हो भनी आफ्नो मत प्रकट गरेका छन् ।[२३]

---

[१९] Sylvain Levi, **Nepal,** Ancient Nepal, NO.27, April, 1974, p.68.

[२०] K. G. Shankar, "The Early Chronology of Nepal", **Indian Historical Quarterly,** XI , 1935, p.309.

[२१] नयराज पन्त र अरू, **लिच्छविसंवत्को निर्णय**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४३, पृष्ठ ४११ ।

[२२] Rameshachandra, Majumdar, **Chronology of Early Kings of Nepal**, Calcutta : The Indian Research Institute, 1945, p. 322-345.

[२३] Kashiprasad Jayasawal, **Chronology and History of Nepal from 600 BC to 880**, Patna : ADMN Burman and Company, 1937, p. 33-38.

८. बालचन्द्र शर्मा – वि. सं. ६२८ देखि उठेको ठकुरीसंवत्

बालचन्द्र शर्माले यस संवत्लाई वि.सं.६२८ (शकसंवत् ४९३) देखि चलेको ठकुरी संवत् भने।[२४] यस मतलाई ढुण्डिराज भण्डारीलगायतका अन्य विद्वान्हरूले पनि मानिआएको देखिन्छ।

९. हितनारायण झा – वि. सं. ६३१ देखि उठेको अंशुवर्मसंवत्

हितनारायण झाले यस संवत्लाई वि.सं. ६३१ अर्थात् शकसंवत् ४९६ देखि उठेको अंशुवर्मा संवत् हो भनी आफ्नो राय व्यक्त गरे।[२५]

१०. अहमद हसन दानी – वि. सं. ६३३ देखि उठेको हर्षसंवत्

अहमद हसन दानीले अंशुवर्मादेखिका नेपालका शासकका अभिलेखमा देखिएको संवत् अर्थात् यो दोस्रो संवत्लाई वि. सं. ६३३ देखि उठेको हर्षसंवत् माने।[२६]

११. धनवज्र वज्राचार्य – अंशुवर्माभन्दा अगाडिका कुनै राजाले चलाएको नयाँ संवत्

धनवज्र वज्राचार्यले "लिच्छविकालमा चलेको यो दोस्रो संवत्का प्रवर्त्तक स्वयं अंशुवर्मा थिएनन्, उनीभन्दा अगाडिका कसैले कुनै प्रसङ्गमा यो नयाँ संवत्को प्रचलन गरेका थिएहोलान्" भनेर आफ्नो विचार प्रकट गरेको देखिन्छ।[२७]

---

[२४] बालचन्द्र शर्मा, नेपालको ऐतिहासिक रूपरेखा, वाराणसी : कृष्णकुमारीदेवी, २०२२, पृ.९१-९२।

[२५] Hit Narayana Jha, **The Lichchhavis (of Vaishali)**, Varanasi : Chowkhamba Sanskrit Series, 1970, p. 117.

[२६] Ahmad Hasan Dani, **Indian Paleography,** New Delhi : Munsiram Manoharlal Publishers Pvt. Ltd, 1985, p137.

[२७] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३ द्वितीय संस्करण, पृष्ठ ३००।

१२ भुवनलाल प्रधान – अंशुवर्माले चलाएको नयाँ संवत्, मानदेव संवत् (पहिलो नेपाली संवत्)

भुवनलाल प्रधानले “त्यसपछि पुरानु संवत् ५२६ साल सकेर ५२७ साल प्रारम्भ हुने दिन (तदनुसार नयाँ संवत्को २९ साल शुरु हुने दिन) देखि अंशुवर्माले अभिलेखहरूमा पनि पुरानु संवत् लेख्ने चलन रोकेर नयाँ संवत् लेख्न लगाए। जे होस्, यो नयाँ मानदेव संवत् नेपालमा नै उत्थान गरिएको संवत् हो र यस हैसियतमा यसलाई पहिलो नेपाली संवत् भन्नुपर्छ।”[२८] भनेर आफ्नो मत अभिव्यक्त गरेका छन्।

१३. शङ्करमान राजवंशी – वि. सं. ६०९ देखि उठेको अंशुवर्मसंवत्

शङ्करमान राजवंशीले यस संवत्लाई वि. सं. ६०९ देखि उठेको अंशुवर्मसंवत् माने।[२९]

१४. श्यामसुन्दर राजवंशी – ५०० तष्ट गरिएको संक्षिप्त संवत्

श्यामसुन्दर राजवंशीले “अंशुवर्माको पालामा आएर पहिले देखि चलेर आएको लिच्छवि संवतमा ५ शय तष्ट गरी संक्षिप्त संवत व्यवहार गरेको हो” भनी आफ्नो मत अभिव्यक्त गरे।[३०]

१५. कमलप्रकाश मल्ल – लोककालअनुरूप ५०० झिकिदिएर बाँकी हुनआउने अङ्कबाट चलाइएको संवत्

कमलप्रकाश मल्लले लिच्छविकालमा प्रचलित दोस्रो संवत् मानदेवले चलाएको होइन, लिच्छविकालमा एउटैमात्र संवत् थियो, अंशुवर्माले चलिरहेको संवत्मा लोककालअनुरूप ५०० झिकिदिएर बाँकी हुनआउने अङ्कबाट संवत् चलाएका हुन् भनेर आफ्नो धारणा प्रस्तुत गरे।[३१]

---

[२८] भुवनलाल प्रधान, **नेपालको इतिहास र संस्कृतिका केही पक्ष**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५५, पृ. २८।

[२९] शङ्करमान राजवंशी, **लिच्छवि संवत्को निष्कर्ष**, काठमाडौँ : दिलीपमान राजवंशी, २०३०, पृ.।

[३०] श्यामसुन्दर राजवंशी, **लिच्छविकालीन सम्वत्को निश्चय**, काठमाडौँ : गिरीन्द्रमान तथा चन्द्रकिरण राजवंशी, वि. सं.२०५२ पृ. २८।

[३१] Kamal P. Malla, "Manadeva Samvat : an Investigation into an Historical Fraud" **Contributions to Nepalese Studies** Vol. 32, Number 1, 2005, p. 1-49.

१६. गौतमवज्र वज्राचार्य – मानदेव प्रथमले चलाएको नयाँ संवत्

गौतमवज्र वज्राचार्यले लिच्छविकालमा चलेको यो दोस्रो संवत्लाई मानदेव प्रथमले चलाएको संवत् माने ।[३२]

यसरी लिच्छविकालमा चलेको यो दोस्रो संवत्का विषयमा विभिन्न विद्वान् हरूले थरी-थरीका मत प्रकट गरेका छन् । यी सबै मतहरूलाई विभिन्न दृष्टिकोणबाट अध्ययन, विश्लेषण एवं मनन गरेर श्रीगुरु पं. नयराज पन्तले **लिच्छवि संवत्को निर्णय** भन्ने ग्रन्थमा "वि.सं ६३३ देखि नयाँ संवत् चल्यो भन्ने प्राचीन लेख पाइएको र सो संवत् लिई गणना गर्दा पाइएजति सबै तिथिमिति मिलेकाले अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको वि.सं. ६३३ देखि उठेको हो भन्ने कुरामा केही शङ्का रहँदैन"[३३] भनी आफ्नो निर्णय दिइसक्नुभएको छ। अब यस ग्रन्थको प्रकाशनपछि देखिएका श्यामसुन्दर राजवंशी, कमलप्रकाश मल्ल एवं गौतमवज्र वज्राचार्यहरूका मतको विषयमा यहाँ छलफल गरिनेछ ।

वि.सं. २०५२ मा श्यामसुन्दर राजवंशीले **लिच्छविकालीन संवत्को निश्चय** भन्ने पुस्तक प्रकाशित गरी "लिच्छविकालमा दुइटाथरी सम्वत् चलेका थिएन वास्तवमा दुईथरि देखिएको संवत् एउटै हो, अंशुवर्माको पालामा आएर पहिलेदेखि चलेर आएको लिच्छवि संवत्मा ५ शय तष्ट गरी संक्षिप्त संवत् व्यवहार गरेको हो, लिच्छविकालमा नेपालमा कुनै पनि वेला शकसम्वत् चलेको थिएन, लिच्छवि संवत् कार्त्तिकादि संवत् र शकसम्वत् चैत्रादि संवत् हो, लिच्छविकालको संवत् शक सम्वत् चल्नुभन्दा १ वर्ष ५ महिना अघि याने शकपूर्व २ मा आरम्भ भएको लिच्छवि संवत् हो"[३४] भनी लिच्छविकालका संवत्का विषयमा ठोकुवा गरेर आफ्नो निश्चय दिएका छन् ।

---

[३२] Gautam V. Vajracharya, " Manadeva Samvat : Old Problem, New Evidence" **Study in Nepali History and Society** Vol. 21 NO. 2, December 2016, p. 333.

[३३] नयराज पन्त र अरू, **लिच्छविसंवत्को निर्णय**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४३, पृष्ठ ५४१-५७७ ।

[३४] श्यामसुन्दर राजवंशी, **लिच्छविकालीन सम्वत्को निश्चय**, काठमाडौं : गिरीन्द्रमान राजवंशी र चन्द्रकिरण राजवंशी, २०५२, पृष्ठ २८ ।

यसै प्रसङ्गमा कमलप्रकाश मल्लले राजा गणदेव (संवत् ४७९-४८७) र शिवदेव प्रथम (संवत् ५१२-५३५) को बीचमा मानदेव नाम गरेका राजा थिएनन्, यसबीचमा करीब २५ वर्षजतिको फरक देखिन आउँछ। त्यस अवधिमा मानदेव नाम गरेका राजा देखिँदैनन् भन्ने कुराबाट प्रारम्भ गरी एउटा लामै लेख प्रकाशित गरेका छन्।[३५]

यस लेखमा कमलप्रकाश मल्लले लिच्छविकालमा, जुन समयमा दोस्रो संवत् शुरू भयो भनिएको हो, त्यस समयमा अर्थात् राजा गणदेव (संवत् ४७९-४८७) र शिवदेव प्रथम (संवत् ५१२-५३५) को बीचमा मानदेव नाम गरेका राजा नै थिएनन्। त्यसैले यो संवत् मानदेवले चलाएको होइन। लिच्छविकालमा एउटैमात्र संवत् थियो। अंशुवर्माले चलिरहेको संवत्मा लोककालअनुरूप ५०० झिकिदिएर बाँकी हुनआउने अङ्कबाट संवत् चलाएका हुन् भनेर आफ्नो मत प्रस्तुत गरेका छन्।

यस संवत्को विषयमाचाहिँ धनवज वज्राचार्यको मत यस्तो रहेको देखिन्छ –"अंशुवर्माले सोझै शासन चलाउन थालेपछि भएका परिवर्त्तनमध्ये एक नयाँ संवत्को प्रचलन पनि हो। मानदेवको चाँगुको अभिलेखदेखि देखा पर्दै आएको संवत् (शकसंवत्) लाई छोडी अंशुवर्माले अर्कै संवत्को प्रयोग गर्न थाले। वुङ्मतीको यस अभिलेखमा सर्वप्रथम यसको प्रयोग भएको पाइएको छ। यहाँ यो संवत् २९ दिइएको छ। यसरी यो संवत् चलेको यस वेला २९ वर्ष पुगिसकेको थियो भन्ने यसबाट थाहा पाइन्छ। यस कारण यस संवत्का प्रवर्त्तक स्वयं अंशुवर्मा थिएनन् कि भन्ने यताबाट झल्किन्छ। उनीभन्दा अगाडिका कसैले कुनै प्रसङ्गमा यो नयाँ संवत्को प्रचलन गरेका थिएहोलान्, तर यो संवत् चल्न सकेको थिएन। आफूले सोझै शासन गर्न थालेपछि अंशुवर्माले यस संवत्लाई प्रचलनमा ल्याए कि भन्ने यताबाट देखिएको छ। अनि अंशुवर्मापछि पनि यही संवत्को प्रचलन रह्यो।"[३६]

---

[३५] Kamal P. Malla, "Manadeva Samvat : an Investigation into an Historical Fraud" **Contributions to Nepalese Studies** Vol. 32, Number 1, 2005.p.1-49.

[३६] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३ द्वितीय संस्करण, पृष्ठ ३००।

यसरी धनवज्र वज्राचार्यको मतअनुसार लिच्छविकालमा चलेको यो दोस्रो संवत्का प्रवर्त्तक स्वयं अंशुवर्मा थिएनन्, उनीभन्दा अगाडिका कसैले यो नयाँ संवत्को प्रचलन गरेका थिए भन्ने देखिन्छ ।

अब यस संवत्को विषयमा राजा अंशुवर्माको चाँगुनारायणको सुवर्णपत्रको अभिलेखलाई एक पटक पढौं –

ॐ एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया
माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने ॥ १
कालेन शीर्णमवलोक्य समस्तमाद्यं
हैमं हरेर्भगवतः कवचं सताक्ष्र्यम्
तस्मान्निदर्शनमवाप्य जगद्धितार्थं
सञ्चस्कृवान्नरपतिः पुनरंशुवर्मा ॥

यस अभिलेखमा लेखिएका **एकत्रिंशत्तमे वर्षे वर्त्तमाने स्वसंस्थया** भन्ने पदावली संवत् निर्धारण गर्ने विषयमा महत्त्वपूर्ण कडीको रूपमा रहेका छन् जस्तो यस पंक्तिकारलाई लागेको छ । पक्कै पनि यी पदावलीले लिच्छविकालमा चलेको यो नयाँ संवत्को विषयमा केही सन्देश दिन खोजेका छन् । धनवज्र वज्राचार्यले यस अभिलेखको पूर्ण अनुवाद गर्दा यी पदावलीहरूको स्पष्टसँग अनुवाद गर्नुभएको देखिंदैन । हेरौं उहाँको अनुवाद –

(भगवान् नारायणको पहिलेको सुनको कवच र गरुड कालक्रमले जीर्ण भएको देखेर राजा अंशुवर्माले संवत् ३१ माघशुक्ल त्रयोदशी आदित्यवार पुष्य नक्षत्रको दिन संसारको हित होस् भनी पुरानै नमूनाबमोजिम सम्पूर्ण जीर्णोद्धार गर्नुभयो ।) ३७

माथिको अनुवादलाई हेर्दा धनवज्र वज्राचार्यले **एकत्रिंशत्तमे** शब्दको अर्थ ३१ गर्नुभएको छ, **वर्षे** शब्दको अर्थ संवत् गर्नुभएको छ र **वर्त्तमाने स्वसंस्थया** भन्ने वाक्यांशको अनुवाद नै गर्नुभएको देखिँदैन । त्यसो भएर नै उहाँलाई यो नयाँ

---

३७ धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३ द्वितीय संस्करण, पृष्ठ ३१७ ।

संवत् अंशुवर्माले चलाएको लागेन र "अंशुवर्माभन्दा अगाडिका कसैले कुनै प्रसङ्गमा यो नयाँ संवत्को प्रचलन गरेका थिएहोलान्" भनेर अनुमान गर्न पुग्नुभयो। गौतमवज्र वज्राचार्यलेचाहिँ **स्वसंस्थया** शब्दको अर्थ स्वस्थानी व्रतसँग जोडी स्थानीय परम्पराअनुसार (in accordance with the local tradition) भनेर गरेको देखिन्छ।[३८]

लिच्छविकालमा चलेको यो नयाँ संवत्का विषयमा छलफल गरी निर्णय गर्ने आधारको रूपमा **एकत्रिंशत्तमे वर्षे वर्त्तमाने स्वसंस्थया** यी चारओटा शब्दावलीहरू महत्त्वपूर्ण हुन आउँछन्। परन्तु यसतर्फ इतिहासकारहरूले सूक्ष्म दृष्टि दिएर छलफल चलाएकोभने देखिँदैन।

लिच्छविकालमा, प्रसिद्ध मानदेवपछि एकच्छत्र रूपमा मुलुकको शासनभार आफैं सँभाल्न सक्ने राजाहरू भएनन्। यसैले मानदेवका नाति वसन्तदेवको शासनकालमा रविगुप्त शक्तिशाली शासकको रूपमा उदाए। यसपछि गणदेव, गङ्गादेव एवं शिवदेवसहितका लिच्छवि राजाहरूले शासन चलाइरहँदा अनुपरमका छोरा सर्वदण्डनायक तथा महाप्रतिहार भौमगुप्त वि.सं.६१४ देखि वि.सं. ६४७ सम्म ३३ वर्षभन्दा पनि लामो कालसम्म नेपालको सत्ताको हालिमुहाली गरेर बस्न सफल भए। भौमगुप्तको अन्त्य कालमा राजा शिवदेवलाई उनको शक्ति सह्य भएन र उनले विकल्पको रूपमा विस्तारै अंशुवर्मालाई साथ लिए। विद्वान्, चतुर एवं राजनीतिज्ञ अंशुवर्माले विस्तारै भौमगुप्तलाई हटाउन आफू देखा नपरीकन भित्र-भित्रबाट राजा शिवदेवलाई साथ दिइरहे। संवत् ५१२ को विष्णुपादुकाको शिवदेवको अभिलेखमा भौमगुप्तको नामोल्लेख भए तापनि महाबलाध्यक्ष कुलप्रवीर दूतकको रूपमा देखा परेका छन्। यताबाट राजा शिवदेवले सेनापतिलाईसमेत आफ्नो पक्षमा मिलाउन सफल भएको देखिन्छ। यसरी धेरै वर्षको प्रयासपछि राजा शिवदेव भौमगुप्तलाई हटाउन समर्थ भए। चापागाउँको शिलालेख पढ्दा, हुनत अहिले यसको संवत् लेखिएको भाग फुटिसकेको देखिन्छ, भए पनि यस शिलालेखमा लेखिएको बेहोरामा अंशुवर्माको नामोल्लेख देखिएको

---

[३८] Gautam V. Vajracharya, " Manadeva Samvat : Old Problem, New Evidence" **Asian Art.com** February 14, 2017.

छैन, यस समयमा राजा शिवदेवले भौमगुप्तलाई हटाइसकेको देखिन्छ। चाँगुको अर्को अभिलेखमा पनि संवत् लेखिएको भाग फुटिसकेकै देखिन्छ, भए पनि यस समयमाभने अंशुवर्मा श्रीसामन्तको रूपमा उदाएका देखिन्छन्। पाटन भीमसेन स्थानको संवत् ५१६ वैशाखको अभिलेखमा अंशुवर्मा 'श्रीसामन्त' मात्र छन्भने सोही साल जेठको भक्तपुर गोलमढी टोलको अभिलेखमा उनी 'श्रीमहासामन्त' भइसकेका देखिन्छन्। यसैले आफू राजगद्दीको उत्तराधिकारी नभएको कारणले गर्दा प्रकृतिकोप अर्थात् जनविद्रोह नफैलियोस् भन्ने कुरामा साह्रै गम्भीर हुँदै क्रमशः श्रीसामन्त, श्रीमहासामन्त, श्र्यंशुवर्मा अनि महाराजाधिराज श्र्यंशु हुँदै अंशुवर्मा नेपालको सर्वेसर्वा महाराजाधिराज बन्न सफल भएका हुन्। अंशुवर्माको बुद्धि, योग्यता, राजनीतिक सूझबूझ एवं पूर्वापर विचार गरी परिपक्व निर्णय गर्न सक्ने क्षमताबाट प्रभावित भएर नै होला, अथवा अरू कुनै कारणले पनि हुन सक्छ, राजा शिवदेवले अंशुवर्माको काँधमा राजपाट सुम्पेर आफूले सन्यासी जीवन बिताएका थिए।

अब माथि उद्धृत **एकत्रिंशत्तमे वर्षे वर्त्तमाने स्वसंस्थया**मा छलफल गरौं। छोटकरीमा माथि बताइएअनुसार दृश्य एवं अदृश्य शक्तिको प्रयोग गरी भौमगुप्तहरूलाई हटाएर राजा शिवदेवको एकच्छत्र शासन कायम गर्नमा पूर्ण योजनाकारका रूपमा रहेका अंशुवर्मालाई सफलता हासिल गर्न धेरै समय लागेको थियो। करीब ३२ वर्षदेखि एकच्छत्र रूपमा राजगद्दीमा लिच्छवि राजाहरूलाई राखे पनि शासनसत्तामा ढलीमली गरेर हैकम चलाउने, भनौंन रविगुप्तहरूकै पालादेखि पैतृक रूपमा राजकाज चलाउँदै आएका गुप्तवंशीय भौमगुप्तलाई हटाउनु त्यति सजिलो काम थिएन। यसैले धेरै वर्षको प्रयासपछि शक्तिशाली शासक भौमगुप्तलाई राजकाजबाट पन्छाउन सक्नु अंशुवर्माको जीवनमा महत्त्वपूर्ण घटनाको रूपमा रहेको थियो।

भगवान् नारायणको गरुडसहितको सुवर्णकवचको जीर्णोद्धार गरी राखिएको चाँगुको यस धार्मिक अभिलेखमा राजा अंशुवर्माले **वर्तमाने स्वसंस्थया** अर्थात् आफूले शासन गर्न लागेको अहिले एकतीस वर्ष भएको भन्ने कुरा स्पष्टसँग लेखाएका हुन्। यस अभिलेखमा संवत् शब्दको उल्लेख गरिएको छैन; यहाँ **वर्षे** शब्दलेचाहिँ यति वर्ष भन्न खोजिएको हो।

आफू शासनमा गएपछि मेरो शासनको यतियौं वर्षमा यो कार्य सम्पन्न भयो भनी लेखाउने प्रचलन प्राचीन कालदेखि नै चलिआएको हो। उदाहरणका रूपमा सम्राट् अशोकलाई लिन सकिन्छ। उनले "**देवानां पियेन पियदसिन लाजिन वीसति वसाभिसितेन अतन आगाच महीयिते हिद बुधे जाते सक्यमुनीति** (आफू अभिषिक्त भएको अर्थात् राजा भएको बीसौं वर्षमा प्रियदर्शी राजा आफैं आएर यस स्थानको पूजा अर्चना गरे। किनकि यहाँ बुद्ध शाक्यमुनि पैदा भएका थिए।"[३९] भनेर आफू राजा भएको **बीसौं** वर्षमा भगवान् बुद्धको जन्मस्थल लुम्बिनीमा पुगेर पूजाआजा गरी विशाल स्तम्भ स्थापना गरेको कुरा स्पष्टसँग उल्लेख गरेका छन्।

राजा समुद्रगुप्तका छोरा चन्द्रगुप्त (द्वितीय) ले पनि "**भट्टारक महाराज राज श्रीसमुद्रगुप्तसत्पुत्रस्य भट्टारक महाराज राजाधिराज श्रीचन्द्रगुप्तस्य विजयराज्यसंवत्सरे पंचमे कालानुवर्त्तमानसम्वत्सरे एकषष्ठे ६१ आषाढमासे**"[४०] (भट्टारक महाराज श्रीसमुद्रगुप्तका छोरा भट्टारक महाराजाधिराज श्रीचन्द्रगुप्तको विजयराज्यको पाँचौं वर्षमा, कालक्रमले चलिआएको वर्त्तमान संवत् ६१ को असार महीनामा) भनेर आफू राजा भएको **पाँचौं** वर्षमा उपमितेश्वर तथा कपिलेश्वर महादेवको पूजाआजाको व्यवस्था मिलाई अभिलेख राख्न लगाएका थिए।

यहाँ विचारणीय कुरा के छभने अंशुवर्माको अभिलेखमा **वर्तमाने स्वसंस्थया** भनिएको छभने चन्द्रगुप्त (द्वितीय) को यस अभिलेखमाचाँहि वर्त्तमान शब्दलाई स्थान दिइए तापनि **कालानुवर्त्तमानसंवत्सरे** भनिएको छ। चन्द्रगुप्तको अभिलेख वि.सं. ३८० को होभने अंशुवर्माको अभिलेखचाँहि वि.सं. ६६४ को हो। यताबाट संवत्सँग वर्त्तमान शब्दको सामीप्य रहिआएको देखिन्छ।

हूण नरेश तोरणमाणले "**वर्षे प्रथमे पृथिवी (म्) पृथुद्युतौ महाराजाधिराज श्रीतोरणमाणे प्रशासति। फाल्गुनदिवसे दशमे।**" भनेर आफू राजा भएको **पहिलो** वर्षमा विष्णुको वराहअवतारको वृहदाकारको पाषाणमूर्ति बनाई प्रतिष्ठापन गरेको कुरा लेखाएका थिए।[४१]

---

[३९] भुवनलाल प्रधान, **नेपालमा बौद्ध-धर्म**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४५, पृ.४७।

[४०] वासुदेव उपाध्याय, **गुप्त अभिलेख**, पटना : विहार हिन्दी ग्रन्थ अकादमी, १९७४, पृ.१३१।

[४१] जोन फेथफुल फ्लीट, अनु. गिरिजाशङ्करप्रसाद मिश्र, **भारतीय अभिलेख-संग्रह**, जयपुर : राजस्थान हिन्दी ग्रन्थ अकादमी, १९९४, पृ.१९४।

वाकाटक वंशका महाराज प्रवरसेन (द्वितीय) ले "**महाराज-श्रीप्रवरसेनस्य ... प्रवर्द्धमानराज्यसंवत्सरे अष्टादशमे फाल्गुनशुक्लद्वादश्याम्**" भनेर आफू राजा भएको **अठाह्रौं** वर्षमा ब्रह्मपूरक नाम गरेको गाउँ देवशर्मा नामक ब्राह्मणलाई दान दिएको कुरा सिवनीमा प्राप्त ताम्रपत्रमा उल्लेख गरेका छन्।[४२]

खस राजा क्रा चल्लले शत्रुहरूलाई परास्त गरेर आफ्नो विजयराज्यको **सोह्रौं** वर्षमा कुमाउको प्रसिद्ध बालेश्वर मन्दिरमा पूजा गरी त्यहाँका पुजारी नारायण भट्ट नाम गरेका ब्राह्मणलाई जग्गा दान दिएका थिए भन्ने कुरा इतिहासकारहरूले उल्लेख गरेका छन्।[४३]

यी उदाहरणहरूबाट प्राचीन कालका राजाहरूले आफू राजा भएको यतियौं वर्षमा यो यो काम गरेको भन्ने कुरा अभिलेखहरूमा लेखाएर राख्ने प्रचलन रहेको स्पष्ट देखिन्छ। विशेष गरी धार्मिक कार्य गर्दा यस्तो शासनवर्षको उल्लेख गर्ने परम्परा रहेको देखिन्छ।

यहाँ पनि राजा अंशुवर्माले भगवान् नारायणको पहिलेको सुनको कवच र गरुड कालक्रमले जीर्ण भएको देखेर पुरानै नमूनाबमोजिम सम्पूर्ण जीर्णोद्धार कार्य गरी राखेको अभिलेखमा **एकत्रिंशत्तमे वर्षे वर्त्तमाने स्वसंस्थया** अर्थात् आफूले शासन सँभालेको एकतीसौं वर्षमा भन्ने उल्लेख गराएका हुन्। गद्दीको हकदार नभएका कारणले अंशुवर्माले पहिले नै सिंहासनमा बस्ने वा राज्याभिषेक गर्न पाउने सौभाग्य मिल्ने कुरै थिएन। त्यसैले उनले **अमुकवर्षाभिषिक्तेन** अथवा **प्रवर्द्धमानराज्यसंवत्सरे** जस्ता पदावली लेखाउन सकेनन्। भए पनि आफूले शासन सञ्चालन शुरू गरेको एकतीस वर्ष भएको हो भन्ने कुरालाईचाँहि उनले धार्मिक कार्य सम्पन्न गरी राखेको यस सुवर्णपत्रमा उल्लेख गरे-गराएका हुन्।

स्वसंस्थया भन्ने शब्दावलीको अर्थ आफूले शासन सँभालेको भनेर कसरी गर्न सकिन्छ भन्ने प्रश्न पनि आउन सक्छ। संस्था शब्दको अर्थ कोशहरूमा पल्टाउँदा अमरकोशमा **संस्था तु, मर्यादा धारणा स्थितिः** भनेर मर्यादा (न्याय

---

[४२] गिरिजाशङ्करप्रसाद उही, पृ.३०७।

[४३] महेशराज पन्त, "बालेश्वरको ताम्रपत्रबाट के क्रा चल्ल कहिले राजा भए भन्ने थाहा हुन्छ" पूर्णिमा पूर्णाङ्क १२९,२०६६ वैशाख, पृ.१-१०।

नछोड्नु) भन्ने अर्थ गरिएको देखिन्छ।[४४] यसै गरी विद्वच्छिरोमणि पं. कुलचन्द्र गौतमको **संस्कृत-नेपाली शब्दकोश** मा संस्था शब्दको एक अर्थ न्यायपथस्थिति (कायदामा रहनु, मर्यादा) भनेर लेखिएको छ।[४५] वामन शिवराम आप्टेको The Practical Sanskrit-Dictionary मा संस्था शब्दको एक अर्थ a Royal Decree or ordinance लेखिएको छ।[४६] Monier Monier-Williams को A Sanskrit-English Dictionary मा पनि संस्था शब्दको एक अर्थ a Royal ordinance नै लेखिएको छ।[४७]

यताबाट संस्था शब्द राजकाजसँग सम्बद्ध रहेको देखिन्छ। यस सम्बन्धमा संस्था शब्दको अझ स्पष्ट अर्थ स्कन्द गुप्तको जूनागढ-प्रशस्ति नामले प्रख्यात शिलालेखबाट पाउन सकिन्छ। राजा कुमार गुप्तको निधन भएपछि वंशलक्ष्मी चञ्चल भएको अवस्थामा उनका छोरा स्कन्द गुप्तले आफ्नो बाहुबलले शत्रुहरूलाई जितेर साम्राज्य कायम गरेका थिए। यिनै राजा स्कन्द गुप्तको जूनागढको अभिलेखमा **संस्था** शब्दको प्रयोग यसरी भएको देखिन्छ –

नृपतिगुणनिकेतः स्कन्दगुप्तः पृथुश्री चतुरु(दधिजला)न्तां स्फीत-पर्यन्तदेशाम्।
अवनिमवनतारिर्यः चकारात्मसंस्थां पितरि सुरसखित्वं प्राप्तवत्यात्मशक्त्या॥[४८]

(राजामा हुनुपर्ने गुणहरूले युक्त भएका, विपुल राज्यश्रीले सुहाएका, शत्रुहरूलाई पराजित गर्ने राजा स्कन्द गुप्तले आफ्ना पिता दिवंगत (देवताहरूको मित्र) भएपछि आफ्नो शक्तिले चार समुद्रपर्यन्त आफ्नो एकाधिपत्य (आत्मसंस्थां) स्थापित गरे।)

यसरी माथिको पद्यमा आफ्नो शासनभित्र भन्ने कुरा जनाउनका लागि **आत्मसंस्थां** शब्दको प्रयोग गरिएबाट संस्था शब्दले शासनलाई पनि बुझाएको

---

[४४] **अमरकोश** क्षत्रिय वर्ग, २६ श्लोक।

[४५] विद्वच्छिरोमणि पं. कुलचन्द्र गौतम, **संस्कृत-नेपाली शब्दकोश**, दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, २०५४, पृ.३५५।

[४६] Vaman Shivram Apte, **The Practical Sanskrit-Dictionary, Delhi :** Motilal Banarasidass Publishers, 1995, p.943.

[४७] Monier Monier-Williams **A Sanskrit-English Dictionary , Delhi :** Motilal Banarasidass Publishers, 1997, p.1121.

[४८] वासुदेव उपाध्याय, **गुप्त अभिलेख**, पटनाः विहार ग्रन्थ अकादमी, १९७४, पृ. १५४।

स्पष्ट हुन्छ। अतः माथिको अभिलेखमा राजा अंशुवर्माले **एकत्रिंशत्तमे वर्षे वर्त्तमाने स्वसंस्थया** शब्दको प्रयोग गरेर/गराएर आफूले शासन सँभालेको एकतीसौं वर्षमा भन्ने कुरा स्पष्टसँग लेखाएका हुन्। तिब्बती स्रोतहरूबाट पनि यो दोस्रो संवत् राजा अंशुवर्माले नै चलाएका हुन् भन्ने कुरा ज्ञात हुन्छ भनी लुशियानो पेटेकले सन्दर्भ उल्लेख गरेबाट[४९] **संस्था** शब्दले शासनलाई पनि बुझाउँछ भनी व्याख्या गर्नमा झनै बल पुग्न गएको छ।

अंशुवर्मा गद्दीका हकदार थिएनन्। शुरूमा श्रीसामन्तको रूपमा देखा परेर पछि श्रीमहासामन्त, श्र्यंशुवर्मा, महाराजाधिराज श्र्यंशु हुँदै अंशुवर्मा नेपालका सर्वेसर्वा महाराजाधिराज हुन पुगेका थिए। भटुवालको सं ३१ को अभिलेखमा **श्रीमहासामन्तांशुवर्मा** लेखिएको छ। यही सालको चाँगुको अभिलेखमाभने अंशुवर्माले आफूलाई **नरपतिः** शब्द लगाएका छन्। यहाँ छन्द मिलाउन लगाइएको होला भन्न पनि सकिन्छ। त्यसपछि हाँडिगाउँको सं. ३२ को अभिलेखमाचाहिँ फेरि **श्रीमहासामन्तांशुवर्मा** नै उल्लेख गरिएको छ। सं. ३१ को चाँगुको अभिलेखमा **नरपतिः** लेखाइसकेका अंशुवर्माले त्यसको आठ वर्षपछि बल्ल सं. ३९ मा देउपाटनको अभिलेखमा महासामन्त पद छोडेर **बप्पपादानुध्यातः श्र्यंशुवर्मा** भनेर नाममात्र लेखाएका छन्।

संवत् ४४ को टुँडिखेलको अभिलेखमा अंशुवर्मा जीवित नै देखिएको र सं. ४५ कै राजा उदयदेवको चितलाङ्को अभिलेखमा भूतपूर्वभट्टारक महाराजाधिराजको रूपमा अंशुवर्माको नामोल्लेख भएकोले वि.सं. ६७८ को जेठदेखि वि.सं. ६७९ को आषाढभित्र अंशुवर्माको निधन भएको देखिन्छ। यसरी अंशुवर्माको शासन प्रारम्भ भएको पहिलो वर्षमा यो नयाँ संवत् प्रारम्भ भएको गणना गर्दै जाँदा सं. ४४ मा उनको मृत्यु भएको मान्दा उनको शासनकाल पूरा ४४ वर्षको देखिन्छ। नेपालका अरू राजाहरूको राज्यकाललाई विचार गर्दा यो मिलेकै छ भन्नुपर्छ। किनभने लिच्छवि मानदेवको राज्यभोगवर्ष घटीमा पनि ४१ वर्षको थियोभने मध्यकालका राजा यक्ष मल्लको राज्यकाल ५४ वर्ष रहेको थियो। यसैले अंशुवर्माको शासनकाल ४४ वर्ष देखिनु स्वाभाविक नै मान्न सकिन्छ।

---

[४९] Luciano Petech, 'The Chronology of the Early Inscriptions of Nepal' **East and West** , Vol. 12, No 4, 1961, p.227-32.

राजा अंशुवर्माले आफूले संवत् चलाए पनि यसको नाम यो हो भनी नामकरण गरेका थिएनन् । प्राचीन समयमा संवत् लेख्दा यो संवत् भनेर नाम लेख्ने प्रचलन थिएन । यस सम्बन्धमा नेपाल संवत्कै बारेमा कुरा गरौंन । यो संवत् वि. सं. ९३६ मा शुरू हुँदा यसको नाम नेपाल संवत् भनेर राखिएको थिएन, उतिखेर खालि संवत् मात्र लेखिने प्रचलन हुँदा नेपाल संवत्लाई पनि शुरूमा संवत्मात्र लेखियो । यस संवत्को नाम नेपाल संवत् भनेर पहिलो उल्लेख कलकत्ताका एस्. के. सरस्वतीको व्यक्तिगत संकलनमा रहेको अष्टसाहस्रिका प्रज्ञापारमिता नामक हस्तलिखित ग्रन्थमा पाइएको हो । उक्त ग्रन्थमा **राजा वसुमनु प्रथिति** (=१४८) **श्रीमन्नेपालवत्सरे प्रगते**[५०] भनी नेपाल संवत्को उल्लेख गरिएको छ । यसैले नयाँ संवत् चलाउँदा प्रारम्भमा नामकरण गर्ने प्रचलन नरहेको कुरा देखिन्छ ।

अंशुवर्माले पनि यस संवत्को नाम अंशुवर्मा संवत् वा मानदेव संवत् भनेर राखेका थिएनन् । पछिका मानिसहरूले यस संवत्को नाम मानदेव संवत् भनी राखिदिएका हुन् । मानदेव नाम गरेका पहिला राजाले सामन्तहरूलाई कज्याएर चाँगुनारायणमा स्तम्भलेख राखेका थिए । यो स्तम्भलेख त भगवान् विष्णुको दर्शन गर्न चाँगुमा जाने जो कोहीले पनि हेर्न सक्ने कुरा भइहाल्यो । यी मानदेवको बारेमा त वंशावलीकारहरूले पनि निकै चर्चा चलाएका छन् । अर्को कुरा, नेपालको इतिहासमा मानदेव नाम गरेका राजा नै पाँच जना देखिएका छन् ।[५१] यसैले पनि जनमानसमा मानदेव राजाको नाम धेरै परेर होला, पछिका मानिसहरूले मुलुकमा चलिरहेको संवत्को नाम नै मानदेव संवत् भनेर राखिदिए ।

यताबाट लिच्छविकालमा चलेको दोस्रो संवत् राजा अंशुवर्माले नै चलाएका हुन्, अंशुवर्माले यस संवत्को नामकरण गरेका थिएनन्; यस संवत्को नाम मानदेव संवत् भनी पछिका मानिसहरूले राखिदिएका हुन् भन्ने कुरा स्पष्टसँग भन्न सकिन्छ ।

---

[५०] Luciano Petech, **Mediaeval History of Nepal**, Roma : Istituto Italiano Per IL Medio ED Estremo Oriente, 1984, p. 37.

[५१] ज्ञानमणि नेपाल, **नेपालको माध्यमिक कालको इतिहास**, काठमाडौं : मकालु प्रकाशन गृह, २०६२, पृ. १०१ ।

अब जाऔँ गौतमवज्र वज्राचार्यको मततिर। वि.सं. २०७३ मा गौतमवज्र वज्राचार्यले Manadeva Samvat : Old Problem, New Evidence भन्ने लेख प्रकाशित गर्नुभएको छ।[५२] गौतमवज्र वज्राचार्यले यही लेख केही परिमार्जन गरी यही शीर्षकमा पुनः वि. सं. २०७४ मा प्रकाशित गर्नुभएको छ।[५३]

यो लेख मुख्यतया पाटन शङ्खमूल सिकुवहीमा रहेको शिव-पार्वतीको मूर्तिको पादपीठमा रहेको अभिलेखको आधारमा लेखिएको छ। सिकुवहीको यो अभिलेख सर्वप्रथम गोरखापत्र (श्रावण १२,२०२५) मा छापिएको हो। त्यसपछि पूर्णिमा पत्रिका पूर्णाङ्क १७ मा संशोधन मण्डलद्वारा पाठमा केही परिमार्जन गरी प्रकाशित भएको हो। पछि धनवज्र वज्राचार्यद्वारा यो अभिलेख **लिच्छविकालका अभिलेख** नामक ग्रन्थमा पनि अनुवाद एवं व्याख्यासहित छापिएको छ।

यहाँ गौतमवज्रले 'यस अभिलेखमा पुरातत्त्व विभाग, संशोधन मण्डल, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीहरूले पढ्नुभएको पाठमा **मातरः** शब्दपछि **सप्त** पद छुटेको छ र महत्त्वपूर्ण संयुक्त शब्द **वर्षशतम्** जसको अनुवाद 'शय वर्ष' हुन्छ, पनि छुटेको छ। पूर्वसूरिहरूले पढेको दोस्रो संवत्को अन्तिम अङ्कको पाठ मेरो पाठभन्दा फरक छ र शकसंवत् र मानदेव संवत्लाई पत्ता लगाउने कारणहरूको विषयमा छलफल गर्नुअघि यस अभिलेखको अन्तिम पंक्तिलाई शुद्धसँग पढ्नुपर्ने हुन्छ' भनेर लेख्नुभएको छ।

उहाँले 'अब लिच्छविकालका विभिन्न अभिलेखहरूमा पाइने तत्सम्बन्धी अङ्कहरूको तुलनात्मक दृष्टिकोणले सूक्ष्म तरीकासँग हेर्नुपर्ने भएको छ। यी दुई नम्बरका अङ्कहरू उल्लेखनीय रूपमा पृथक् छन्। अङ्कको चिह्नको आकृतिअनुसार ५ को अङ्क पाठकको दाहिनापट्टि फर्केको हुन्छ तथा ९ को अङ्क बायाँपट्टि फर्केको हुन्छ र earlobe जस्तै देखिन्छ। सिकुवहीको अभिलेखको अन्तिम अङ्क स्पष्ट

---

[५२] Gautam V. Vajracharya, " Manadeva Samvat : Old Problem, New Evidence" **Study in Nepali History and Society** Vol. 21 NO. 2, December 2016, p. 333.

[५३] Gautam V. Vajracharya, " Manadeva Samvat : Old Problem, New Evidence" **Asian Art.com** February 14, 2017.

रूपमा बायाँपट्टि फर्किएको छ। अभिलेखको अन्तिम पंक्ति क्रमैले लेखिएको देखिँदैन।' भनेर आफ्नो मन्तव्य प्रस्तुत गर्नुभएको छ।

खास गरेर गौतमवज्रद्वारा यस लेखमा प्रतिपादन गर्न खोजिएका बुँदाहरू तल लेखिएबमोजिम रहेका छन् भनी बुझ्न सकिन्छ –

१. सुमतितन्त्रको पुष्पिकावाक्यमा उल्लेख गरिएको मानदेव संवत् मानदेव द्वितीय नभएर मानदेव प्रथमले नै चलाएको संवत्‌को निरन्तरता हो। सिकुवहीको अभिलेखमा दुईथरी संवत् अर्थात् शकसंवत् र मानदेव प्रथमले चलाएको संवत्‌को उल्लेख गरिएको हो।

२. वर्षशत शब्दले मानदेवले चलाएको संवत् १०० भएको वेलामा शक संवत् ४९९ भएकोले यी दुई संवत् बीचको फरक महीनाको आधारमा ३९८ अथवा ३९९ वर्ष हुन आउँछ। यो संवत् कार्त्तिक महीनादेखि प्रारम्भ भएको हो, परन्तु शकसंवत्‌चाहिँ भारतमाजस्तै चैत्रबाट शुरू भएको हो।

३. यस अभिलेखमा रहेको दोस्रो संवत्‌को अङ्कको पाठ धनवज्र वज्राचार्यहरूले ४९५ पढ्नुभएकोमा सो शुद्ध होइन, शुद्ध पाठचाहिँ ४९९ हो।

छोटकरीमा भन्दा, गौतमवज्रको मतको मुख्य आधार रहेको यस अभिलेखको संवत्‌को अङ्क धनवज्र वज्राचार्यले ४०० ९० ५ पढ्नुभएकोमा गौतमवज्र वज्राचार्यले सो संशोधन गरी ४०० ९० ९ अङ्क पढ्नुभएको स्पष्ट हुन्छ।

यहाँ गौतमवज्रले भन्नुभएजस्तै मानदेव प्रथमले नयाँ संवत् चलाएका भए उनी आफैंले यो संवत् प्रयोगमा ल्याउनुपर्ने थियो। परन्तु अभिलेखहरूको अध्ययन गर्दा त्यसो भएको देखिँदैन। अझ उहाँले 'सिकुवहीको अभिलेखमा दुईथरी संवत् अर्थात् शकसंवत् र मानदेव प्रथमले चलाएको संवत्‌को उल्लेख गरिएको हो' भनेर लेख्नुभएको छ। लिच्छवि अभिलेखहरूको अध्ययन गर्दा दुईथरी संवत्‌को प्रयोग गरेर लेखिएको अभिलेख अहिलेसम्म पाइएकै छैन। अर्को कुरा, मानदेव प्रथमले नयाँ संवत् चलाए भन्ने कुरा मान्दा तिब्बती स्रोतसँग पनि यो कुरा मिल्दैन।

तिब्बती स्रोतमा यो दोस्रो संवत् राजा अंशुवर्माले चलाएका हुन् भनेर स्पष्टसँग उल्लेख गरिएको छ। त्यसैले अब गौतमवज्रले जुन अभिलेखको अङ्कचिह्नलाई आधार मानेर मानदेव प्रथमले नयाँ संवत् चलाए भन्ने मत स्थापित गर्नुभएको हो, त्यही सिकुवहीको अभिलेखमा रहेको संवत्को अङ्कचिह्नलाई अभ्र बढी ध्यान दिएर सूक्ष्म दृष्टिले पढ्नुपर्ने भएको छ। सर्वप्रथम सिकुवहीको उक्त अभिलेखको संवत्को अङ्कचिह्न भएको प्रतिलिपि हेरौं –



माथि देखाइएको प्रतिच्छवि पाटन शङ्खमूल सिकुवहीमा रहेको, शिव-पार्वतीको मूर्तिको पादपीठमा उल्लिखित अभिलेखको संवत् उल्लेख भएको भागको हो।[५४] यस अभिलेखमा संवत् ४०० को अङ्कचिह्नपछि संवत् ९० को अङ्कचिह्न रहेकोमा कसैको विवाद देखिएन। संवत् ९० को अङ्कचिह्नभन्दा पछि उत्कीर्ण अङ्कचिह्नलाईभने धनवज्र वज्राचार्यले ५ को अङ्कचिह्न पढ्नुभएको छ, परन्तु गौतमवज्र वज्राचार्यलेभने यसलाई ९ को अङ्कचिह्न पढ्नुभएको छ। अब, यो अङ्कचिह्न ५ को हो कि ९ को हो भन्ने विषयमा निर्णय गर्नका लागि लिच्छविकालका अभिलेखहरूमा उत्कीर्ण ५ को अङ्कचिह्न र ९ को अङ्कचिह्न भएका केही प्रतिच्छविका उदाहरणलाई तुलनात्मक रूपमा सूक्ष्म ढङ्गले अध्ययन गनुपर्ने हुन्छ। यस प्रयोजनका निमित्त ५ को अङ्कचिह्न र ९ को अङ्कचिह्न भएका केही उदाहरणलाई यहाँ प्रस्तुत गरिएको छ –

---

[५४] यस अभिलेखको प्रतिच्छवि मित्रवर योगेशराजले उपलब्ध गराइदिनुभएको हो।

तालिका नं. नं.१२:१

लिच्छवि लिपिमा ५ को अङ्कचिह्न र ९ को अङ्कचिह्नका आकृतिको विषयमा

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
श्लोकसंख्या ५ को अङ्कचिह्न		नो.१:२२	श्लोकसंख्या ९ को अङ्कचिह्न		नो.१:१२
श्लोकसंख्या १५ मा रहेको ५ को अङ्कचिह्न		नो.१:१२	संवत् ३८९ मा रहेको ९ को अङ्कचिह्न		नो.३:१
संवत् ४२५ मा रहेको ५ को अङ्कचिह्न		रे.१४:१	संवत् ४४९ मा रहेको ९ को अङ्कचिह्न		रे.२५:७
संवत् ४५५ मा रहेको ५ को अङ्कचिह्न		रे.३०:१	संवत् ४७९ मा रहेको ९ को अङ्कचिह्न		रे.३७:१४
संवत् ५१५ मा रहेको ५ को अङ्कचिह्न		रे.५१:११	संवत् ३९ मा रहेको ९ को अङ्कचिह्न		रे.८०:२२
प्रसादाधिकृतस्य पु २५ शब्दावलीमा रहेको ५को अङ्कचिह्न		रे.६९:११	संवत् ४८९ मा रहेको ९ को अङ्कचिह्न		रे.४६:२३

भूयो मा १५ शब्दावलीमा रहेको ५ को अङ्कचिह्न		नो.५९:२२	संवत् ५१९ मा रहेको ९ को अङ्कचिह्न		रे.६०:१९
संवत् ६५ मा रहेको ५को अङ्कचिह्न		नो.६२:२१	संवत् २ ९ मा रहेको ९ को अङ्कचिह्न		रे.६८:१४

माथिको तालिकामा प्रस्तुत श्लोकसंख्या ५ मा रहेको अङ्कचिह्नको उदाहरण मानदेवको चाँगुको अभिलेखको पहिलो पाटा (नो.१:२२) बाट लिइएको होभने श्लोकसंख्या ९ मा रहेको अङ्कचिह्नको उदाहरण पनि यही अभिलेखको दोस्रो पाटा (नो.१:१२) बाट लिइएको हो ।

प्रस्तुत श्लोकसंख्या १५ मा रहेको ५ अङ्कचिह्नको उदाहरण मानदेवको चाँगुको अभिलेखको तेस्रो पाटा (नो.१:१२) बाट लिइएको होभने संवत् ३८९ मा रहेको ९ अङ्कचिह्नको उदाहरण मानदेवको पशुपति तिलगङ्गाको अभिलेख (नो.३:१) बाट लिइएको हो ।

संवत् ४२५ मा रहेको ५ अङ्कचिह्नको उदाहरण मानदेवको पालाको पलाञ्चोकको अभिलेख (रे.१४:१) बाट लिइएको होभने संवत् ४४९ मा रहेको ९ अङ्कचिह्नको उदाहरण किसिपिंडीको अभिलेख (रे.२५:७) बाट लिइएको हो । संवत् ४५५ मा रहेको ५ अङ्कचिह्नको उदाहरण पशुपति भस्मेश्वरको अभिलेख (रे.३०:१) बाट लिइएको होभने संवत् ४७९ मा रहेको ९ अङ्कचिह्नको उदाहरण गणदेवको फर्पिङ्गको अभिलेख (रे.३७:१४) बाट लिइएको हो ।

संवत् ५१५ मा रहेको ५ अङ्कचिह्नको उदाहरण ललितपुर च्यासलटोलको अभिलेख (रे.५१:११) बाट लिइएको होभने संवत् ३९ मा रहेको ९ अङ्कचिह्नको उदाहरण अंशुवर्माको देउपाटनको अभिलेख (रे.८०:२२) बाट लिइएको हो । प्रसादाधिकृतस्य पु २५ शब्दावलीमा रहेको ५ अङ्कचिह्नको उदाहरण अंशुवर्माको

हाँडिगाउँको अभिलेख (रे.६९:११) बाट लिइएको होभने संवत् ४८९ मा रहेको ९ अङ्कचिह्नको उदाहरण राजा गङ्गादेवको चपलीगाउँको अभिलेख (रे.४६:२३) बाट लिइएको हो ।

भूयो मा १५ शब्दावलीमा रहेको ५ अङ्कचिह्नको उदाहरण पशुपति छत्रचण्डेश्वरको अभिलेख (नो.५९:२२) बाट लिइएको होभने संवत् ५१९ मा रहेको ९ अङ्कचिह्नको उदाहरण शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:१९) बाट लिइएको हो । संवत् ६५ मा रहेको ५ अङ्कचिह्नको उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको भृङ्गारेश्वरको अभिलेख (नो.६२:२१) बाट लिइएको होभने संवत् २९ मा रहेको ९ अङ्कचिह्नको उदाहरण अंशुवर्माको बुङ्मतीको अभिलेख (रे.६८:१४) बाट लिइएको हो ।

माथिको तालिकाबाट लिच्छवि लिपिको ५ को अङ्क जनाउन देवनागरी लिपिको ह जस्तै आकृति उत्कीर्ण गरिएको देखिन्छभने लिच्छवि लिपिको ९ को अङ्क जनाउन आजभोलिको देवनागरी लिपिको प्रश्नचिह्न जस्तो आकृति लेखिएको पाइन्छ ।

अब फेरि सिकुवहीको अभिलेखको अङ्कचिह्न, लिच्छवि अभिलेखमा देखिएको ५ को अङ्कचिह्न र लिच्छवि अभिलेखमा देखिएको ९ को अङ्कचिह्नलाई राम्रोसँग नियालेर हेरौं –

 सिकुवहीको अभिलेखमा संवत् लेख्दा सबैभन्दा पछि उत्कीर्ण अङ्कचिह्न	 मानदेवको चाँगुको अभिलेखमा उत्कीर्ण ५ को अङ्क जनाउने अङ्कचिह्न	 शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेखमा उत्कीर्ण ९ को अङ्क जनाउने अङ्कचिह्न

यस तालिकामा सिकुवहीको अभिलेखमा संवत् लेख्दा सबैभन्दा पछि उत्कीर्ण अङ्कचिह्न मानदेवको चाँगुको अभिलेखमा उत्कीर्ण ५ को अङ्क जनाउने अङ्कचिह्नसँग धेरै मेल खाएको कुरा स्पष्टसँग देखिन्छ।

अब फेरि सिकुवहीको उक्त अभिलेखको संवत्को अङ्कचिह्न भएको प्रतिलिपि प्रस्तुत गरौं –



त्यसैले सिकुवहीको अभिलेखमा अङ्कचिह्न ९० को पछि उत्कीर्ण यो अङ्कचिह्न, माथि प्रस्तुत गरिएका ५ को अङ्कचिह्नका प्रतिलिपिहरू र ९ को अङ्कचिह्नका प्रतिलिपिहरूमध्ये ५ को अङ्कचिह्नसँग धेरै नै मिलेको हुनाले यो अङ्कचिह्न ५ को नै हो भन्ने कुरा निर्णयात्मक रूपमा भन्न सकिन्छ। सिकुवहीको अभिलेखको अन्तिम अङ्क स्पष्ट रूपमा बायाँपट्टि फर्केको छ भन्ने गौतमवज्रको भनाइ जो छ, त्यसबारेमा माथि प्रतिच्छविमा नियालेर हेर्दा त्यो अङ्क पाठकको दायाँपट्टि नै फर्केको राम्रोसँग देखिन्छ।

गौतमवज्रले earlobe अर्थात् कानमा लगाउने गहनाविशेषको आकृतिको बारेमा चर्चा चलाउनुभएको छ। हो, यस्तो आकृति सामाप्तिचिह्नको रूपमा लिच्छविकालका अभिलेखहरूमा पाइन्छन्। यस अभिलेखमा पनि यस्तो समाप्तिचिह्न दिइएको छ, गौतमवज्रले त्यसैलाई सम्झनुभएको पनि हुन सक्छ। यसैले अभिलेखको पूरै बेहोरा सकिएपछि समाप्तिचिह्न जनाउनको लागि द्विदण्ड-चिह्नको (अहिलेको पूर्णविरामचिह्न जस्तो दुइटा चिह्न (॥) भएको अर्थात् पहिलो रेखाको शिरमा बायाँपट्टि तथा दोस्रो रेखाको शिरमा दायाँपट्टि स-साना रेखा घुमाएर जोडिएको) आकृति भएका केही उदाहरणहरू छलफलको लागि तलको तालिकामा प्रस्तुत गरिएका छन् –

तालिका नं.१२:२

लिच्छवि लिपिमा द्विदण्डचिह्न–अहिलेको पूर्णविरामचिह्नजस्तो आकृतिको दुइटा चिह्न ॥

देवनागरी	लिच्छवि	स्रोत
शुक्लदशम्याम् ॥ (समाप्तिचिह्न)		रे.२५:८
मनुपरमेण ॥ (समाप्तिचिह्न)		रे.२७:७३
द्वादश्याम् ॥ (समाप्तिचिह्न)		रे.५७:१५
दिवासप्तम्याम् ॥ (समाप्तिचिह्न)		रे.६६:१९
त्रयोदश्याम् ॥ (समाप्तिचिह्न)		रे.७४:२३

दिवापञ्चम्याम् ॥ (समाप्तिचिह्न)		रे.७७:१६
श्रीयुवराजश्रीधरगुप्तः ॥ (समाप्तिचिह्न)		नो.५७:२५
शुक्लदिवा (ष) ष्ठ्याम् ॥ (समाप्तिचिह्न)		नो.७०:३०
शुक्लदिवादशम्याम् ॥ (समाप्तिचिह्न)		रे.१२५:८
दिवात्रयोदश्याम् ॥ (समाप्तिचिह्न)॥		रे.१२८:३७

माथिको तालिकामा प्रस्तुत **शुक्लदशम्याम्** लेखिएपछिको समाप्तिचिह्नको उदाहरण (॥) किसिपिँडीको वसन्तदेवको अभिलेख (रे.२५:८) बाट लिइएको होभने **मनुपरमेण** लेखिएपछिको समाप्तिचिह्नको उदाहरण (॥) हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:७३) बाट लिइएको हो। द्वादश्याम् लेखिएपछिको समाप्तिचिह्नको उदाहरण (॥) शिवदेव+अंशुवर्माको धर्मस्थलीको अभिलेख (रे. ५७:१५) बाट लिइएको होभने **दिवासप्तम्याम्** लेखिएपछिको समाप्तिचिह्नको उदाहरण (॥)ज्यावहालनिरको अभिलेख (रे. ६६:१९) बाट लिइएको हो ।

त्रयोदश्याम् लेखिएपछिको समाप्तिचिह्नको उदाहरण (॥) अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२३) बाट लिइएको होभने **दिवापञ्चम्याम्** लेखिएपछिको समाप्तिचिह्नको उदाहरण (॥) अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१६) बाट लिइएको हो । **श्रीयुवराजश्रीधरगुप्तः** लेखिएपछिको समाप्तिचिह्नको उदाहरण (॥) विष्णुगुप्तको मालिगाउँको अभिलेख (नो. ५७: २५) बाट लिइएको होभने **शुक्लदिवा(ष)ष्ठ्याम्** लेखिएपछिको समाप्तिचिह्नको उदाहरण (॥) नरेन्द्रदेवको ललितपुर गहिरीधाराको अभिलेख (नो.७०:३०) बाट लिइएको हो । **शुक्लदिवादशम्याम्** लेखिएपछिको समाप्तिचिह्नको उदाहरण (॥) बलम्बूको अभिलेख (रे.१२५:८) बाट लिइएको होभने **दिवात्रयोदश्याम्** लेखिएपछिको समाप्तिचिह्नको उदाहरण (॥) नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:३७) बाट लिइएको हो ।



समाप्तिचिह्न

यसैले गौतमवज्रले भन्नुभएको earlobe को आकृति यस अभिलेखमा नदेखिने होइन, परन्तु त्यो संवत्को ५ को अङ्कचिह्नपछि समाप्तिचिह्नको रूपमा रहेको स्पष्टैसँग देखिन्छ ।

अब निष्कर्षको रूपमा माथि प्रस्तुत गरिएका यति उदाहरणहरूबाट सिकुवहीको अभिलेखको संवत्को यो अङ्कचिह्न धनवज्र वज्राचार्यले पढ्नुभएजस्तै ४०० ९० ५ हो, गौतमवज्र वज्राचार्यले संशोधन गर्नुभएजस्तै ४०० ९० ९ होइन भन्ने कुरा निर्धक्कसँग भन्न सकिन्छ । यति कुराको निर्णय भइसकेपछि दोस्रो संवत् मानदेव प्रथमले चलाएका हुन् भन्ने मतमा विचार गरिरहनुपरेन ।

यसरी लिच्छविकालमा चलेका दुईथरी संवत्को विषयमा यस अध्यायमा विस्तृत छलफल गरिएअनुसार निम्नबमोजिम निष्कर्ष प्रस्तुत गर्न सकिन्छ -

१. लिच्छविकालमा चलेको पहिलो संवत् शक संवत् हो ।

२. लिच्छविकालमा चलेको दोस्रो संवत् मानदेव प्रथमले चलाएको होइन, अर्का मानदेवले चलाएको पनि होइन ।

३. विभिन्न प्रमाणहरूको आधारमा यस अध्यायमा छलफल गरिए अनुसार यो दोस्रो संवत् अंशुवर्माले चलाएका हुन् ।

४. प्रारम्भमा लिच्छविकालमा चलेको दोस्रो संवत्‌को नामकरण भएको थिएन, संवत्‌मात्र कहिन्थ्यो । धेरै वर्ष पछिमात्र मानदेव संवत् भनी नामकरण भएको हो ।

यसरी यस अध्यायमा लिच्छविकालका अभिलेखहरूमा देखिएका दुईथरी संवत्‌मध्ये पहिलोचाहिँ मानदेवको समयभन्दा अघिदेखि नै चलिआएको शकसंवत् र दोस्रोचाहिँ श्रीमहासामन्त अंशुवर्माले चलाएको, नामचाहिँ धेरै पछि मानदेव संवत् भनेर रहन गएको संवत् हुन् भनी स्पष्ट पारिएको छ ।

⁂

अध्याय : तेह्र

लिच्छवि लिपिमा संख्यालेखन-पद्धति

आजभोलि एकदेखि नौसम्मका नौओटा अंक र शून्यको एउटा अंकसमेत जम्मा दशओटा अंकबाट जुनसुकै संख्या अथवा जतिसुकै ठूलो संख्यालाई पनि लेख्न सकिन्छ। अहिले एक हजार दुई सय चौतीसलाई अंकमा लेख्नुपर्‍योभने १२३४ लेखिन्छ। यहाँ पाठकले हेर्दा सबभन्दा दायाँपट्टिको अङ्क ४ चारलाई एक स्थानको अङ्क, सोको नजीकै बायाँपट्टि रहेको अङ्क ३ लाई दशस्थानको अङ्क, यसको नजीकै बायाँपट्टि रहेको अङ्क २ लाई शतस्थानको अङ्क र सोको नजीकै बायाँपट्टि रहेको अङ्क १ लाई सहस्रस्थानको अङ्क भनिन्छ। यसैले यी अङ्कले आ-आफ्नो स्थानको मानलाई बुझाइरहेका हुन्छन्।

लिच्छविकालमा अङ्कलेखन-पद्धति यति सरल र बोधगम्य थिएन। यस समयको अभिलेखहरूको अध्ययन गर्दा एकदेखि नौसम्मका नौ ओटा अङ्क; दश, बीस, तीस, चालीस, पचास, साठी, सत्तरी, असी र नब्बे जनाउने नौ ओटा अङ्क; एक सय, दुई सय, तीन सय, चार सय, पाँच सय, छ सय, सात सय, आठ सय र नौ सयका नौ ओटा अङ्क एवं एक हजारको एक अङ्क समेत जम्मा अठ्ठाईस किसिमका अङ्कचिह्नहरू प्रचलनमा रहेका पाइन्छन्। लिच्छविकालको अङ्कलेखन-पद्धतिका विषयमा श्रीगुरु पं. नयराज पन्तले **पूर्णिमा** पत्रिकामा विस्तारपूर्वक लेख्नुभएको छ[१]। उतिखेर सहस्रबोधक चिह्न नपाइएको हुनाले श्रीगुरुले लिच्छविकालमा जम्मा

---

[१] नयराज पन्त, "वैदिक संख्योच्चारणपद्धति र त्यसअनुसारको लिच्छविकालको संख्यालेखन पद्धति" **पूर्णिमा** पूर्णाङ्क ४, २०२१, पृ. १८।

सत्ताईस किसिमका अङ्कचिह्नहरू पाइएका छन् भनी लेख्नुभएको थियो। अहिले हजार अङ्कलाई जनाउने अङ्कचिह्न पनि पाइएको हुनाले अब लिच्छविकालका अङ्कचिह्नहरू अठ्ठाईस थरीका हुनपुगेका छन्।

अब अङ्कचिह्नहरूको आकृतिलाई हेरौं –

तालिका नं. १३ :१

लिच्छवि लिपिमा संख्यालेखन (१–१० सम्म)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
१		नो.१:१	२		रे.७४:७
३		रे.७४:१७	४		रे.१८:४
५		नो.१:२२	६		रे.७४:९
७		नो.१:४	८		नो.१:८
९		नो.१:१२	१०		नो.१:१६

माथिको तालिकामा १ देखि १० सम्मका अङ्कचिह्नहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यहाँ १ अङ्क जनाउनको लागि एउटा सानो धर्को छड्के किसिमले लेखिएको देखिन्छ। यसै गरी २ तथा ३ अङ्क जनाउनका लागि पनि क्रमशः साना दुई धर्का तथा साना तीन धर्का छड्के किसिमले लेखिएका पाइन्छन्।

यसपछि ४ अङ्क जनाउनको लागि लिच्छवि लिपिको **प्क** वर्ण लेखिएको पाइन्छ। इतिहास(ज्ञ) शिरोमणि बाबुराम आचार्यले ४ को अङ्क जनाउने यस चिह्नलाई **स्क** अक्षर भनी पढ्नुभएको छ। यसै गरी ५ को अङ्क जनाउने चिह्नलाईचाहिँ उहाँले **ह्च** वर्ण मान्नुभएको छ।[2] शङ्करमान राजवंशीलेचाहिँ ५ को अङ्कचिह्नलाई अहिलेको देवनागरी अक्षरको हु जस्तै हुन्छ भन्नुभएको छ।[3] माथिको तालिकामा हेर्दा ५ को अङ्कलाई हु भन्नुभन्दा पनि ह भन्नु उपयुक्त हुने देखिन्छ। राजवंशीले ६ को अङ्क जनाउनको लागि लिच्छविलिपिको **ट** अक्षरले बुझाउँछ भनी लेख्नुभएको छ। माथिको तालिकामा देखाइएको अङ्कको आकृतिलाई हेर्दा **टा** भन्नु उपयुक्त देखिन्छ। राजवंशीले ७ को अङ्क जनाउनको लिच्छवि लिपिको **ञ** अक्षरले बुझाउँछ भनी लेख्नुभएको छ। लिच्छविकालपछिका लेखनहरूका आधारमासमेत उहाँले त्यसो भन्नुभएको हुन सक्छ। परन्तु सिङ्गो **ञ** अक्षर लिच्छविकालका अभिलेखहरूमा स्पष्टसँग नपाइने र आधा **ञ्** जोडिएको अक्षर **ञ्ज** (नो.१.१६) अभिलेखहरूमा पाइने हुँदा तिनको आकृतिलाई हेर्दा ७ को अङ्क जनाउनको लिच्छवि लिपिको **ञ** अक्षरले बुझाउँछ भन्नु त्यति उपयुक्त हुने देखिंदैन। किनभने माथिको तालिकामा ७ अङ्क चिह्नको बायाँपट्टिको लम्बरेखा अलि तलैसम्म आएको देखिन्छ। यसैले अहिले ७ को अङ्कचिह्नलाई प्रचलित अंग्रेजी लिपिको Capital B वर्णको आकृतिजस्तो भनेर काम चलाउनुपरेको छ। तालिकाअनुसार ८ को अङ्क जनाउन लिच्छवि लिपिको **रु** वर्णको आकृति लेखिएको पाइन्छ।

यसपछि ९ को अङ्क जनाउन आजभोलिको देवनागरी लिपिको प्रश्नचिह्न जस्तो अङ्कचिह्न लेखिएको पाइन्छ। लिच्छविकालमा शून्यको प्रचलन थिएन। त्यसैले १० अङ्क लेख्नका लागि पनि शून्यको प्रयोगविना अङ्कचिह्नद्वारा नै लेख्नुपर्ने बाध्यता थियो। राजवंशीले १० को अङ्कलाई लिच्छविलिपिको **स्प** अक्षरले बुझाउँछ भनी लेख्नुभएको छ.[4] माथिको तालिकालाई हेर्दा १० अङ्क जनाउन लिच्छवि लिपिको **ण्टा** वर्ण लेखिएको पाइन्छ भन्नु उपयुक्त हुने देखिन्छ। माथिको तालिकामा देखाइएअनुसार धेरैजसो अङ्कलेखन लिच्छवि लिपिका

---

[2] **संस्कृत-सन्देश** प्रथम वर्ष द्वितीय अङ्कको ४२ पृष्ठ र तृतीय अङ्कको ३२-३३ पृष्ठ।

[3] शङ्करमान राजवंशी, **लिच्छवि लिपि-संग्रह**, काठमाडौँ : वीर पुस्तकालय, २०२१, पृ.६८।

[4] शङ्करमान राजवंशी, **लिच्छवि लिपि-संग्रह**, काठमाडौँ : वीर पुस्तकालय, २०२१, पृ. घ।

अक्षरचिह्नहरूद्वारा लेखिएका पाइन्छन्भने १, २, ३ जस्ता कतिपय अङ्कहरू लेख्नका लागिचाहिँ अङ्कचिह्नहरूको नै प्रयोग भइरहेको पनि पाइन्छ ।

लिपिको विकासक्रम प्रत्येक शताब्दीपिच्छे अलि फरक हुँदै जाने हुन्छ । यसैले मानदेवका पालाका अङ्कचिह्नहरू जयदेव द्वितीयको पालासम्म आइपुग्दा फरक हुनु स्वाभाविक हो । त्यसकारण यसमा कुन शदीमा कस्तो चिह्न थियो, अर्को शदीमा विकसित हुँदै गएर कस्तो चिह्न हुन पुग्यो भन्ने दृष्टिकोणले सूक्ष्म अध्ययन गर्नुपर्ने हुन्छ ।

यहाँ १० को अङ्कचिह्न अर्थात् लिच्छवि लिपिको **ण्टा** वर्णजस्तै आकृतिको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१६) मा उत्कीर्ण **ततस्तस्थुषी** शब्दावलीपछि श्लोकसंख्या जनाउन लेखिएको १० को अङ्कचिह्नबाट लिइएको हो ।

तालिका नं. १३:२

लिच्छवि लिपिमा संख्यालेखन (११-२० सम्म)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
११			१२		
१३		रे. ९:१	१४		
१५			१६		
१७			१८		

१९			२०		रे.३४:४

माथिको तालिकामा ११ देखि २० सम्मका अङ्कचिह्नहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । लिच्छविकालमा शून्यलाई बुझाउने चिह्न नभएको हुनाले १० को अङ्कचिह्न अर्थात् लिच्छवि लिपिको **ण्टा** वर्णजस्तै आकृति र १ को अङ्कचिह्न अर्थात् एउटा सानो धर्को छड्के किसिमले लेखिएको आकृति मिलाएर ११ को अङ्कचिह्न लेखिने गरिन्थ्यो । लिच्छवि लिपिमा यही क्रमले दशको अङ्क र दुईको अङ्क मिलाएर १२ अङ्क बनाइन्थ्यो ।

आजभोलि दशको अङ्क र एकको अङ्क मिलाउँदा १०१ (एक सय एक) हुन्छ। अनि दशको अङ्क र दुईको अङ्क मिलाउँदा १०२ (एक सय दुई) हुन्छ। परन्तु लिच्छविकालमा शून्य चिह्नको विकास भइनसकेको कारणले गर्दा दशको अङ्क र एकको अङ्क मिलाएर ११ लेखिन्थ्यो। यही क्रम १९ अङ्कसम्म मिलाएर लेखिन्थ्यो। बीसको अङ्क जनाउनचाहिँ माथि तालिकामा प्रस्तुत गरेबमोजिम गोलाकार चिह्नको बीचमा तेर्सो धर्को जोडिएको हुन्थ्यो ।

यहाँ २० को अङ्कचिह्न अर्थात् गोलाकार चिह्नको बीचमा तेर्सो धर्को जोडिएको चिह्नको उदाहरण रामदेवको पालाको मृगस्थली जाने बाटोको अभिलेख (रे.३४:४) मा उत्कीर्ण **पिण्डक मा २० ८** शब्दावलीबाट लिइएको हो ।

तालिका नं.१३:३

लिच्छवि लिपिमा संख्यालेखन (२१-३०सम्म)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
२१			२२		

२३			२४		
२५			२६		
२७			२८		
२९			३०		रे.८० :२२

माथिको तालिकामा २१ देखि ३० सम्मका अङ्कचिह्नहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । लिच्छविकालमा शून्यलाई बुझाउने चिह्न नभएको हुनाले १० को अङ्क र १ को अङ्कलाई मिलाएर ११ को अङ्कचिह्न बनाएजस्तै २० को अङ्क र १ को अङ्कलाई मिलाएर २१ को अङ्कचिह्न बनाइन्थ्यो । यसै गरी २० को अङ्क र २ को अङ्कलाई मिलाएर २२ को अङ्कचिह्न बनाइन्थ्यो । लिच्छवि लिपिमा यही क्रम २९ अङ्कसम्म मिलाएर लेखिन्थ्यो । तीसको अङ्क जनाउनचाहिँ माथि तालिकामा प्रस्तुत गरेबमोजिम लिच्छवि लिपिको **ल** वर्ण लेखिएको हुन्थ्यो ।

यहाँ ३० को अङ्कचिह्न अर्थात् लिच्छवि लिपिको **ल** वर्णको उदाहरण अंशुवर्माको देउपाटनको अभिलेख (रे.८०:२२) मा उत्कीर्ण **संवत् ३० ९** शब्दावलीबाट लिइएको हो ।

तालिका नं. १३:४

लिच्छवि लिपिमा संख्यालेखन (३१-४०सम्म)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
३१			३२		
३३			३४		
३५			३६		
३७			३८		
३९			४०		रे.२५:७

माथिको तालिकामा ३१ देखि ४० सम्मका अङ्कचिह्नहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। लिच्छविकालमा शून्यलाई बुझाउने चिह्न नभएको हुनाले ३० को अङ्क र १ को अङ्कलाई मिलाएर ३१ को अङ्कचिह्न बनाइन्थ्यो। यसै गरी ३० को अङ्क र २ को अङ्कलाई मिलाएर ३२ को अङ्क बनाइन्थ्यो। यही क्रम लिच्छवि लिपिमा ३९ अङ्कसम्म मिलाएर लेखिन्थ्यो। ४० को अङ्क जनाउनचाहिँ माथि तालिकामा प्रस्तुत गरेबमोजिम लिच्छवि लिपिको **प्त** वर्ण लेखिएको हुन्थ्यो।

यहाँ ४० को अङ्कचिह्न अर्थात् लिच्छवि लिपिको **प्त** वर्णको उदाहरण किसिपिंडीको अभिलेख (रे. २५:७) मा उत्कीर्ण **संवत्** ४०० ४०९ शब्दावलीबाट लिइएको हो।

तालिका नं.१३:५

लिच्छवि लिपिमा संख्यालेखन (४१-५० सम्म)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
४१			४२		
४३			४४		
४५			४६		
४७			४८		
४९			५०		नो.५७:२४
५०		रा.०:५			

माथिको तालिकामा ४१ देखि ५० सम्मका अङ्कचिह्नहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । लिच्छविकालमा शून्यलाई बुझाउने चिह्न नभएको हुनाले ४० को अङ्क र १ को अङ्कलाई मिलाएर ४१ को अङ्कचिह्न बनाइन्थ्यो । यसै गरी ४० को अङ्क र २ को अङ्कलाई मिलाएर ४२ को अङ्कचिह्न लेखिन्थ्यो । यही क्रम लिच्छवि लिपिमा ४९ अङ्कसम्म मिलाएर लेखिन्थ्यो । ५० को अङ्क जनाउनचाहिँ माथि प्रस्तुत गरेबमोजिम लिच्छविकालको कुनै पनि वर्णलाई

जनाएको पाइँदैन अर्थात् यो चिह्न यस समयको कुनै पनि अक्षरसँग मिल्दोजुल्दो देखिँदैन।

यहाँ माथि तालिकामा ५० को अङ्कचिह्नका उदाहरण दुई किसिमका दिइएका छन्। पहिलो उदाहरण अर्थात् अङ्ग्रेजी वर्ण C को जस्तो आकारको अङ्कचिह्नको उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको अभिलेख (नो.५७:२४) मा उत्कीर्ण **संवत् ५० ७ फाल्गुनशुक्लसप्तम्याम्** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण मानदेवको पालामा विमलसङ्घले स्थापना गरेको शिवलिङ्गको जलहरीको अभिलेख (रा.०:५)[५] मा उत्कीर्ण **पञ्चाशतो भूमिः ५०** शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.९:३) मा रहेको ५० को अङ्कचिह्न आजभोलिको अङ्ग्रेजी वर्ण C को जस्तो आकारको देखिन्छ। यसै गरी दोस्रो उदाहरण (रा.०:५) मा रहेको ५० को अङ्कचिह्न आजभोलिको अङ्ग्रेजी वर्ण C को जस्तो आकारको ठीक उल्टो किसिमको पाइएको छ।

यहाँ ५० को अङ्कचिह्न अर्थात् अङ्ग्रेजी वर्ण C को जस्तो आकारको अङ्कचिह्नको उदाहरण भीमार्जुनदेव+विष्णुगुप्तको अभिलेख (नो.५७:२४) मा उत्कीर्ण **संवत् ५० ७** शब्दावलीबाट लिइएको हो। धेरैजसो अभिलेखहरूमा अहिलेको अङ्ग्रेजी वर्ण C को जस्तो आकृतिको ५० को अङ्कचिह्न नै प्रचलनमा रहेको पाइन्छ।

तालिका नं.१३:६

लिच्छवि लिपिमा संख्यालेखन (५१–६०सम्म)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
५१			५२		

---

[५] श्यामसुन्दर राजवंशी, "देवपाटनको विमलसंघको अभिलेख" **रोलम्ब Millennium Issue**, 2000, पृ.१८१।

५३			५४		
५५			५६		
५७			५८		
५९			६०		नो.६७:२४

माथिको तालिकामा ५१ देखि ६० सम्मका अङ्कचिह्नहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । लिच्छविकालमा शून्यलाई बुझाउने चिह्न नभएको हुनाले ५० को अङ्क र १ को अङ्कलाई मिलाएर ५१ को अङ्कचिह्न बनाइन्थ्यो । यसै गरी ५० को अङ्कचिह्न र २ को अङ्कचिह्नलाई मिलाएर ५२ को अङ्क लेखिन्थ्यो । यही क्रम लिच्छवि लिपिमा ५९ अङ्कसम्म मिलाएर लेखिन्थ्यो । ६० को अङ्क जनाउनचाहिँ माथि तालिकामा प्रस्तुत गरेबमोजिम लिच्छवि लिपिको ह्रस्व चु वर्ण लेखिएको हुन्थ्यो ।

यहाँ ६० को अङ्कचिह्न अर्थात् लिच्छवि लिपिको ह्रस्व चु वर्णको उदाहरण नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:२४) मा उत्कीर्ण संवत् ६० ७ शब्दावलीबाट लिइएको हो ।

तालिका नं.१३:७

लिच्छवि लिपिमा संख्यालेखन (६१-७०सम्म)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
६१			६२		
६३			६४		
६५			६६		
६७			६८		
६९			७०		रे.७७:८
७०		नो.१०:५			रे.३७:१४

माथिको तालिकामा ६१ देखि ७० सम्मका अङ्कचिह्नहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । लिच्छविकालमा शून्यलाई बुझाउने चिह्न नभएको हुनाले ६० को अङ्क र १ को अङ्कलाई मिलाएर ६१ को अङ्कचिह्न बनाइन्थ्यो । यसै गरी ६० को अङ्कचिह्न र २ को अङ्कचिह्नलाई मिलाएर ६२ को अङ्क लेखिन्थ्यो । यही क्रम लिच्छवि लिपिमा ६९ अङ्कसम्म मिलाएर लेखिन्थ्यो । ७० को अङ्क जनाउनचाहिँ लिच्छवि लिपिको दीर्घ चू वर्ण लेखिएको हुन्थ्यो ।

यहाँ माथिको तालिकामा दीर्घ **चू** वर्णको आकृतिको उदाहरण तीन किसिमका दिइएका छन्। पहिलो उदाहरण अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:८) मा उत्कीर्ण **पर्वतचूडा** शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण मानदेवको पालाको देउपाटनको अभिलेख (नो.१०:५) मा उत्कीर्ण **मानि ७०** २ शब्दावलीबाट लिइएको हो। तेस्रो उदाहरण गणदेवको फर्पिङ्गको अभिलेख (रे.३७:१४) मा उत्कीर्ण **संवत् ४०० ७० ९** शब्दावलीबाट लिइएको हो। यी तीनमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.७७:८) मा रहेको **च** वर्णमा लिच्छवि लिपिको किसिम नं. १ बमोजिमको दीर्घ ऊकारको मात्राचिह्न अर्थात् वर्णको अन्त्यको बिन्दुबाट बायाँपट्टि आजभोलिको देवनागरी लिपिको आधा त (त्) जस्तो ऊकारको मात्राचिह्न जोडिएको पाइन्छभने दोस्रो उदाहरण (नो.१०:५) मा रहेको **च** वर्णमा आजभोलिको देवनागरी लिपिको ह्रस्व उकारको चिह्नजस्तो मात्राचिह्न लगाइएको देखिन्छ। अनि तेस्रो उदाहरण (रे.३७:१४) मा रहेको **च** वर्णमाचाहिँ झण्डै झण्डै ऋकारको चिह्नजस्तो मात्राचिह्न लगाइएको देखिन्छ।

यहाँ ७० को अङ्कचिह्न अर्थात् लिच्छवि लिपिको दीर्घ **चू** वर्णको उदाहरण मानदेवको पालाको देउपाटनको अभिलेख (नो.१०:५) मा उत्कीर्ण **मानि ७० २** शब्दावलीबाट लिइएको हो।

तालिका नं.१३:८

लिच्छवि लिपिमा संख्यालेखन (७१-८०सम्म)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
७१			७२		रे.९:५
७३			७४		

७५			७६		
७७			७८		नो.६९:५
७९			८०		रे.४५:२

माथिको तालिकामा ७१ देखि ८० सम्मका अङ्कचिह्नहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । लिच्छविकालमा शून्यलाई बुझाउने चिह्न नभएको हुनाले ७० को अङ्क र १ को अङ्कलाई मिलाएर ७१ को अङ्कचिह्न बनाइन्थ्यो । यसै गरी ७० को अङ्कचिह्न र २ को अङ्कचिह्नलाई मिलाएर ७२ को अङ्क लेखिन्थ्यो । यही क्रम लिच्छवि लिपिमा ७९ अङ्कसम्म मिलाएर लेखिन्थ्यो । ८० को अङ्क जनाउनचाहिँ माथि प्रस्तुत गरिएबमोजिम करीब करीब गोलाकार चिह्नको बीचमा ठाडो धर्का दिइएको हुन्थ्यो ।

यहाँ ८० को अङ्कचिह्न अर्थात् करीब करीब गोलाकार चिह्नको बीचमा ठाडो धर्का दिइएको आकृतिको उदाहरण स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:२) मा उत्कीर्ण **संवत् ४०० ८० ७** शब्दावलीबाट लिइएको हो ।

तालिका नं. १३:९

लिच्छवि लिपिमा संख्यालेखन (८१-९०सम्म)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
८१			८२		

८३			८४		
८५			८६		
८७			८८		
८९			९०		रे.५:५

माथिको तालिकामा ८१ देखि ९० सम्मका अङ्कचिह्नहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् । लिच्छविकालमा शून्यलाई बुझाउने चिह्न नभएको हुनाले ८० को अङ्क र १ को अङ्कलाई मिलाएर ८१ को अङ्कचिह्न बनाइन्थ्यो । यसै गरी ८० को अङ्कचिह्न र २ को अङ्कचिह्नलाई मिलाएर ८२ को अङ्क लेखिन्थ्यो । यही क्रम लिच्छवि लिपिमा ८९ अङ्कसम्म मिलाएर लेखिन्थ्यो । ९० को अङ्क जनाउनचाहिँ माथि प्रस्तुत गरिएबमोजिम करीब करीब गोलाकार चिह्नको बीचमा धनचिह्न (+) को आकृति रहेको हुन्थ्यो ।

यहाँ ९० को अङ्कचिह्न अर्थात् करीब करीब गोलाकार चिह्नको बीचमा धनचिह्न (+) को आकृति भएको अङ्कको उदाहरण रानी क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:५) मा उत्कीर्ण **संवत्** ३०० ९० शब्दावलीबाट लिइएको हो ।

तालिका नं.१३:१०

लिच्छवि लिपिमा संख्यालेखन (९१-१००सम्म)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
९१			९२		
९३			९४		
९५			९६		
९७			९८		
९९			१००		नो.८१:३५

माथिको तालिकामा ९१ देखि १०० सम्मका अङ्कचिह्नहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। लिच्छविकालमा शून्यलाई बुझाउने चिह्न नभएको हुनाले ९० को अङ्क र १ को अङ्कलाई मिलाएर ९१ को अङ्कचिह्न बनाइन्थ्यो। यसै गरी ९० को अङ्कचिह्न र २ को अङ्कचिह्नलाई मिलाएर ९२ को अङ्क लेखिन्थ्यो। यही क्रम लिच्छवि लिपिमा ९९ अङ्कसम्म मिलाएर लेखिन्थ्यो। १०० को अङ्क जनाउनचाहिँ माथि प्रस्तुत गरिएबमोजिम लिच्छवि लिपिको अ वर्ण लेखिएको हुन्थ्यो।

अहिले दुई हजार पचहत्तर साल अङ्कमा लेख्नुपर्‍योभने हामी यसरी लेख्छौं - २०७५। यसैले यहाँ लेखिएको ५ अङ्कले एकस्थान जनाउँछ र ७

अङ्कले दशस्थानलाई जनाउँछ। यहाँ शतस्थानको अङ्कमा शून्य रहेको छ र २ अङ्कलेभने सहस्रस्थानलाई जनाइरहेको छ। जुन स्थानको अङ्क छैन, त्यस स्थानमा शून्य लेख्ने अहिलेको प्रचलनअनुसार माथि शतस्थानमा शून्य लेखिएको हो। लिच्छविकालमा शून्य लेख्ने प्रचलन नभएको हुँदा अहिलेको जस्तो जुन स्थानमा अङ्क छैनन्, त्यस स्थानमा शून्य लेख्न उतिखेर सकिँदैनथ्यो।

यहाँ नमूनाको रूपमा एकस्थानी, दशस्थानी एवं शतस्थानीहरू अङ्कहरू लिच्छविकालमा कसरी लेखिन्थे भन्ने कुरा प्रस्तुत गर्ने प्रयास गरिएको छ। नमूना प्रस्तुत गर्दा सकभर अभिलेखमा भएका उदाहरणहरूलाई नै समावेश गरिएको छ, कुनै कुनै अङ्क उही रूपमा अभिलेखहरूमा नपाइएको अवस्थामा प्रचलित रीतिअनुसार आफ्नो अभीष्ट अङ्क निकालेर पनि प्रस्तुत गरिएको छ। यस तालिकाअनुसार लिच्छवि लिपिमा १०१ अङ्क लेख्नको लागि १०० को एउटा अङ्क र १ को अर्को अङ्क गरी दुइटा अङ्क लेखिन्थे भन्ने कुरा स्पष्ट पारिएको छ। यसै गरी ११५ अङ्क लेख्नको लागि १०० को एउटा अङ्क अनि १० को अर्को अङ्क अनि त्यसपछि ५ को अर्को अङ्क गरी तीन ओटा अङ्क लेखिन्थे। लिच्छविकालमा अन्य अभीष्ट अङ्कहरू लेख्नका लागि पनि अङ्कविन्यासको प्रचलन यहीअनुरूप नै कायम गरिएको हुन्थ्यो।

यहाँ १०० को अङ्कचिह्नको उदाहरण जयदेवको पशुपतिको अभिलेख (नो.८१:३५) मा उत्कीर्ण **संवत्** १०० ५० ७ शब्दावलीबाट लिइएको हो।

तालिका नं.१३:११

लिच्छवि लिपिमा संख्यालेखन (२००-५००सम्म)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
२००		रा.०:५	३००		नो.१:१

४००		नो.९:१	४००		यो.०:२
५००		रे.६३:१८	५००		नो.६:३

माथिको तालिकामा २०० देखि ५०० सम्मका अङ्कचिह्नहरूलाई उदाहरणको रूपमा प्रस्तुत गरिएको छ। यसभन्दा अघिको तालिकामा १०० अङ्क जनाउनको लागि अ अक्षर लेख्ने प्रचलन रहेको कुराको विषयमा छलफल भइसकेको छ। यहाँ २०० देखिका अन्य अङ्कहरूका विषयमा स्पष्ट पार्ने प्रयास गरिएको छ।

लिच्छवि लिपिमा २०० अङ्क लेख्नुपर्‍योभने सयको अङ्कचिह्न अ मा दायाँपट्टि एकको अङ्कचिह्न जोड्ने गरिएको हुन्थ्यो। यसै गरी ३०० अङ्क लेख्नुपर्‍योभने सयको अङ्कचिह्न अ मा दायाँपट्टि दुईको अङ्कचिह्न जोड्ने गरिएको हुन्थ्यो। यसै गरी माथि तालिकामा २०० को अङ्क लेख्नका लागि अ अक्षरमा शिरोरेखाको दायाँपट्टि १ को अङ्क जोडिएको छ। त्यसै गरी ३०० को अङ्क लेख्नका लागि अ अक्षरमा शिरोरेखाको दायाँपट्टि १ को अङ्क जोडिसकेपछि त्यसको तल अर्थात् अ अक्षरको दायाँपट्टिको लम्बरेखाको बीचमा पर्ने गरी अर्को १ को अङ्क जोडेर अ अक्षरमा २ को अङ्कचिह्न जोडिएको छ। यसरी अ अक्षरको मान १०० अङ्क हुने र त्यसमा दायाँपट्टि १ को अक्षर थपिदिएपछि २०० को अङ्क जनाउँथ्यो। अनि त्यसै गरी अ अक्षरको दायाँपट्टि २ को अङ्कचिह्न थपिदिएमा ३०० को अङ्क बन्थ्यो।

अब ४०० अङ्कचिह्नको बारेमा छलफल गरौं। यहाँनिर एउटा विचारणीय कुरा छ, त्यो के होभने ४०० को अङ्क लेख्नका लागिचाहिँ यसअघि २०० अङ्कका लागि अ अक्षर लेखेपछि दायाँपट्टि १ को अङ्क जोडिने, ३०० अङ्कका लागि अ अक्षर लेखेपछि दायाँपट्टि २ को अङ्क जोडिने गरिएकोमा ४०० अङ्कका लागि अ अक्षर लेखेपछि दायाँपट्टि ३ को अङ्क जोडिने होइन कि ४ को अङ्क जोडिने गरेको देखिन्छ। यसै गरी ५०० को अङ्क लेख्नका लागि पनि अ अक्षर लेखेपछि दायाँपट्टि ५ को नै अङ्क जोडिएको हुन्छ।

यसैले अ अक्षर स्वतन्त्र रूपमा लेख्दा त्यसले १०० को अङ्कभारलाई स्पष्ट रूपमा बताउने, २०० अङ्क लेख्नुपरेमा अ अक्षर लेखेपछि त्यसको दायाँपट्टि १ को अङ्कचिह्न जोडिने, ३०० अङ्क लेख्नुपरेमा अ अक्षर लेखेपछि त्यसको दायाँपट्टि २ को अङ्कचिह्न जोडिने प्रचलन रहेको देखिन्छ। अब अन्य अङ्कहरू जस्तै ४००, ५००, ६००, ७००, ८०० एवं ९०० अङ्क लेख्नुपरेमाचाहिँ अ अक्षर लेखेपछि त्यसको दायाँपट्टि जति सय जनाउनुपर्ने हो, त्यत्तिको नै अङ्कचिह्न जोडिने प्रचलन रहेको देखिन्छ।

माथिको तालिकामा २०० अङ्कचिह्नको उदाहरण विमलसङ्घको देवपाटनको अभिलेख (रा.०:५) मा उत्कीर्ण **शतद्वयस्य भूमिः** २०० शब्दावलीबाट लिइएको हो। यसमा २०० अङ्क लेख्नको लागि अ अक्षर लेखेपछि त्यसको दायाँपट्टि १ को अङ्कचिह्न जोडिएको पाइन्छ। यसै गरी ३०० अङ्कचिह्नको उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१) मा उत्कीर्ण संवत् ३०० ८० ६ शब्दावलीबाट लिइएको हो। यसमा ३०० अङ्क लेख्नको लागि अ अक्षर लेखेपछि त्यसको दायाँपट्टि २ को अङ्कचिह्न जोडिएको पाइन्छ।

यहाँ ४०० अङ्कचिह्नको उदाहरण दुईओटा दिइएका छन्। पहिलो उदाहरण मानदेवको पालाको निरपेक्षको, चाँगुको अभिलेख (नो.९:१) मा उत्कीर्ण **संवत्** ४०० २० ७ शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण बासडोलको वसन्तदेवको अभिलेख (यो.०:२) मा उत्कीर्ण **संवत्** ४०० ३० ४ शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (नो.९:१) मा ४०० को अङ्कचिह्न लेख्दा अ अक्षरमा दायाँपट्टि समान शिरोरेखामा ४ को अङ्कचिह्न जोडिएको छभने दोस्रो उदाहरण (यो.०:२) मा ४०० को अङ्कचिह्न लेख्दा अ अक्षर लेखी त्यसको दाहिनेतर्फ शिरोरेखाभन्दा तल छुट्टै ४ को अङ्क लेखिएको देखिन्छ, यसलाई सानो रेखाले अ अक्षरमा जोडिएको पनि देखिँदैन। यस किसिमले ४०० लेख्नका लागि कहीं अ अक्षरको समान शिरोरेखामा ४ को अङ्क जोडिएको पाइन्छभने कतै अ अक्षरको शिरोरेखाबाट तल ४ को अङ्क लेखिएको पनि पाइन्छ।

यहाँ ५०० अङ्कचिह्नको उदाहरण पनि दुईओटा दिइएका छन्। पहिलो उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१८) मा उत्कीर्ण **संवत्** ५०० २० शब्दावलीबाट लिइएको होभने दोस्रो उदाहरण मानदेवको पालाको, रत्नसङ्घको देउपाटनको अभिलेख (नो.६:३) मा उत्कीर्ण **पञ्चानां शतानाम्भूमिः** ५०० शब्दावलीबाट लिइएको हो। यी दुईमा देखिएको विशेषताका विषयमा विचार गर्दा पहिलो उदाहरण (रे.६३:१८) मा ५०० को अङ्क लेख्दा **अ** अक्षरमा दायाँपट्टि समान शिरोरेखामा ५ को अङ्कचिह्न गाँसिएको छभने दोस्रो उदाहरण (नो.६:३) मा **पञ्चानां शतानाम्भूमिः** भनेर ५०० को अङ्कचिह्न लेख्दा **अ** अक्षर लेखी त्यसको दाहिनेतर्फ शिरोरेखाभन्दा तल छुट्टै ५ को अङ्क लेखी त्यसलाई सानो रेखाले **अ** अक्षरमा जोडिएको पाइन्छ। यस किसिमले ५०० लेख्नका लागि कहीं **अ** अक्षरको समान शिरोरेखामा ५ को अङ्क जोडिएको पाइन्छभने कतै **अ** अक्षरको शिरोरेखाबाट तल ५ को अङ्क लेखी त्यसलाई सानो रेखाले **अ** अक्षरमा जोडिएको पनि पाइन्छ। यसरी १०० को अङ्कचिह्न **अ** अक्षरमा अन्य अङ्कका चिह्नहरू जोड्ने विन्यासभने अलि अलि फरक रहेको पाइन्छ।

माथिको तालिकामा हेर्दा **अ** वर्णमा २ को अङ्कचिह्न जोडी बनाइएको ३०० अङ्कचिह्नको आकृति र **अ** वर्णमा ५ को अङ्कचिह्न जोडी बनाइएको ५०० अङ्कचिह्नको आकृति-विन्यासमा अलि समानता रहेको देखिन्छ। शिवदेव+भौमगुप्तको बूढानीलकण्ठनिर विष्णुपादुकाको फेदीको अभिलेखमा उत्कीर्ण ५०० को अङ्कचिह्नको विषयमा छलफल गर्दै प्रसिद्ध इतिहासकार धनवज्र वज्राचार्यले पनि "झ्वाट्ट हेर्दा यो अङ्क 'अ' लाई दुई मात्रा दिइएको ३०० लाई बुझाउने अङ्क हो कि जस्तो देखिन्छ।" भनी लेख्नुभएको छ।[६] यस-सम्बन्धमा पाठकहरूलाई पनि दुबिधा उत्पन्न हुन सक्ने सम्भावना भएकोले यहाँ तुलनात्मक दृष्टिकोणबाट हेरी यसलाई स्पष्ट पार्ने प्रयास गरिएको छ। अब लिच्छविकालका अभिलेखहरूमा पाइने ३०० अङ्कचिह्नको आकृति-विन्यास र ५०० अङ्कचिह्नको आकृति-विन्यासका केही उदाहरणहरूलाई हेरौं–

---

[६] धनवज्र वज्राचार्य, "लिच्छविकालका अभिलेखमा देखापरेका संवत्का अङ्कको निर्णय" **पूर्णिमा** पूर्णाङ्क २०, २०२५, पृ.२८०।

तालिका नं.१३:१२

लिच्छवि लिपिमा ३०० को अङ्कचिह्न र ५०० को अङ्कचिह्नका आकृतिको विषयमा

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
संवत् ३८१ मा ३०० को अङ्कचिह्न		रा.०:१	संवत् ५१२ मा ५०० को अङ्कचिह्न		रे.४९:१९
संवत् ३८६ मा ३०० को अङ्कचिह्न		नो.१:१	संवत् ५१६ मा ५०० को अङ्कचिह्न		रे.५४:१५
संवत् ३८९ मा ३०० को अङ्कचिह्न		नो.३:१	संवत् ५१६ मा ५०० को अङ्कचिह्न		रे.५५:१५
संवत् ३९० मा ३०० को अङ्कचिह्न		रे.५:५	संवत् ५१७ मा ५०० को अङ्कचिह्न		रे.५७:१४
संवत् ३९७ मा ३०० को अङ्कचिह्न		रे.७:१	संवत् ५२० मा ५०० को अङ्कचिह्न		रे.६२:२२

संवत् ३९९ मा ३०० को अङ्कचिह्न		रे.८:१	संवत् ५२० मा ५०० को अङ्कचिह्न		रे.६३:१८

माथिको तालिकामा लिच्छविकालका अभिलेखहरूमा पाइने ३०० अङ्कचिह्नको आकृति-विन्यास र ५०० अङ्कचिह्नको आकृति-विन्यासका केही उदाहरणहरूलाई प्रस्तुत गरिएको छ ।

यहाँ प्रस्तुत संवत् ३८१ मा रहेको ३०० अङ्कचिह्नको उदाहरण पशुपति मन्दिरमा प्राप्त अभिलेख (रा.०:१) बाट लिइएको होभने संवत् ५१२ मा रहेको ५०० अङ्कचिह्नको उदाहरण विष्णुपादुकाको फेदीमा रहेको शिवदेवको अभिलेख (रे.४९:१९) बाट लिइएको हो । प्रस्तुत संवत् ३८६ मा रहेको ३०० अङ्कचिह्न को उदाहरण मानदेवको चाँगुको अभिलेख (नो.१:१)बाट लिइएको होभने संवत् ५१६ मा रहेको ५०० अङ्कचिह्नको उदाहरण पाटन भीमसेनस्थानको शिवदेव+अंशुवर्माको अभिलेख (रे.५४:१५) बाट लिइएको हो ।

प्रस्तुत **संवत्** ३८९ मा रहेको ३०० अङ्कचिह्नको उदाहरण मानदेवको पशुपति तिलगङ्गाको अभिलेख (नो.३:१) बाट लिइएको होभने **संवत्** ५१६ मा रहेको ५०० अङ्कचिह्नको उदाहरण शिवदेव+ अंशुवर्माको भक्तपुर गोलमढीटोलको अभिलेख (रे.५५:१५) बाट लिइएको हो । प्रस्तुत **संवत्** ३९० मा रहेको ३०० अङ्कचिह्नको उदाहरण क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:५) बाट लिइएको होभने **संवत्** ५१७ मा रहेको ५०० अङ्कचिह्नको उदाहरण शिवदेव+अंशुवर्माको धर्मस्थलीको अभिलेख (रे.५७: १४) बाट लिइएको हो ।

संवत् ३९७ मा रहेको ३०० अङ्कचिह्नको उदाहरण विशालनगर टुँडालदेवीको अभिलेख (रे.७:१) बाट लिइएको होभने **संवत्** ५२० मा रहेको ५०० अङ्कचिह्नको उदाहरण (शिवदेव+अंशुवर्माको) धर्मपुरको अभिलेख (रे.६२:२२) बाट लिइएको हो । प्रस्तुत **संवत्** ३९९ मा रहेको ३०० अङ्कचिह्नको उदाहरण मानदेवको पालाको, रत्नसङ्घको देउपाटनको अभिलेख (रे.८:१) बाट लिइएको होभने **संवत्** ५२० मा

रहेको ५०० अङ्कचिह्नको उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१८) बाट लिइएको हो ।

अब फेरि ३०० को अङ्कचिह्न र ५०० को अङ्कचिह्नलाई राम्रोसँग नियालेर हेरौं –

३०० को अङ्कचिह्न



५०० को अङ्कचिह्न



५०० को अङ्कचिह्न



यताबाट ३०० को अङ्कचिह्न अ वर्णमा १ को अङ्कचिह्न र अर्को १ को अङ्कचिह्नसमेत २ को अङ्कचिह्न जोडिएको हुँदा अलि पातलो आकृतिको देखिन्छभने ५०० को अङ्कचिह्न अ वर्णमा ५ को अङ्कचिह्न जोडिएको हुँदा अलि मोटो आकृतिको देखिन्छ र दायाँतर्फ जोडिएको अङ्कचिह्नको आकृतिमा पनि केही फरकपन देखिन्छ। माथि प्रस्तुत भक्तपुर गोलमढीटोलको शिवदेव+अंशुवर्माको अभिलेख (रे.५५: १५) मा त अ वर्णमा ५ को अङ्कचिह्न देखिने गरेर नै जोडिएको पाइन्छ । यसैले, मुख्य कुरा, अ वर्णमा दायाँतर्फ कुन अङ्कचिह्न जोडिएको हो, त्यसैको आकृतिलाई ध्यानमा राखेर अनि समसामयिक अन्य अभिलेखउपर पनि दृष्टि दिएर पाठ-निर्धारण गर्नुपर्ने हुन्छ ।

तालिका नं.१३:१३

लिच्छवि लिपिमा संख्यालेखन (६००–१०००सम्म)

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
६००		रे.८:३	७००		

८००			९००		
१०००					

माथिको तालिकामा ६०० अङ्कचिह्नको उदाहरण मानदेवको पालाका रत्नसङ्घको, देउपाटन को अभिलेख (रे.८:२) मा उत्कीर्ण **षण्णां शतानां भूमिः ६००** शब्दावलीबाट लिइएको हो । यसमा ६०० को अङ्कचिह्न लेख्दा अ अक्षर लेखी त्यसको दाहिनेतर्फ शिरोरेखाभन्दा तल छुट्टै ६ को अङ्क लेखी त्यसलाई अ अक्षरमा जोडिएको पाइन्छ। अभिलेखहरूमा ७००, ८०० तथा ९०० अङ्कचिह्नहरूका उदाहरण देखिएका छैनन्, यसैले माथिको तालिकामा यही क्रमअनुसार अ अक्षर लेखी त्यसको दाहिनेतर्फ छुट्टै ७ को अङ्क, ८ को अङ्क तथा ९ को अङ्कचिह्न लेखी तिनलाई अ अक्षरमा जोडिएको मान्यता राखी अभीष्ट अङ्क निकालेर प्रस्तुत गरिएको छ ।

यहाँ माथि प्रस्तुत गरेबमोजिम एक हजारको अङ्क लेख्नका लागि लिच्छवि लिपिको थु वर्णजस्तो आकृति लेखिएको पाइएको छ। अनुसन्धानकर्ता काशीनाथ तमोटले राष्ट्रिय अभिलेखालयमा रहेको **विद्युज्ज्वालाकराली-स्वेदांबुज महाराक्षसी-तन्त्रराज** नामक ग्रन्थको पुष्पिकावाक्यमा र **सुभूतिचन्द्रकृत सुबन्तरत्नाकर व्याकरण ग्रन्थ**को पुष्पिकावाक्यमा रहेको सहस्रबोधक अक्षराङ्कको उल्लेख गरी सहस्रबोधक अक्षराङ्कको रूपमा थु वर्णजस्तो आकृति प्रचलनमा रहेको कुरा स्पष्ट पार्नुभएको छ। [७]

भलै, **विद्युज्ज्वाला कराली-स्वेदांबुज महाराक्षसी तन्त्रराज नामक ग्रन्थ** लक्ष्मीकामदेवको शासन कालमा ने.सं १४४ (वि.सं.१०८१) मा सारिएको हो,

---

[७] काशीनाथ तमोट, “पुरालेखमा सहस्रबोधक अक्षराङ्कप्राप्ति” अभिलेख पूर्णाङ्क ३०, २०६९, पृ. ६१-६३ ।

भए पनि यसले लिच्छविकालको अङ्कलेखन-पद्धतिको विषयमा परम्परागत रूपमा विकसित हुँदै आएको अङ्कविन्यासको रूपमा प्रकाश पारिरहेकै छ ।

तालिका नं.१३:१४

लिच्छवि लिपिमा संवत्लेखन (३००+)

देवनागरी	संवत् ३०० ८० १ वैशाखमासे शुक्ल(पक्षे)	स्रोत
लिच्छवि		रा.०:१
देवनागरी	संवत् ३०० ८० ६ ज्येष्ठमासे शुक्लपक्षे प्रतिपदि १	नो.१:१
लिच्छवि		
देवनागरी	संवत् ३०० ८० ८ ज्येष्ठमासे शुक्ल दिवा १४	नो.४:१
लिच्छवि		
देवनागरी	संवत् ३०० ८० ९ वैशाख शुक्लदिव २	नो.३:१
लिच्छवि		
देवनागरी	संवत् ३०० ९० ज्येष्ठमासे शुक्लपक्षे दिव ७	रे.५:५
लिच्छवि		

देवनागरी लिच्छवि	संवत् ३०० ९० ७ ज्येष्ठमासे शुक्लदिव २ 	नो.५:१
देवनागरी लिच्छवि	संवत् ३०० ९० ९ आषाढमासे शुक्ल दिव १० 	रे.८:१

माथिको तालिकामा लिच्छविकालका अभिलेखहरूमा पाइएका संवत् ३८१ देखि संवत् ३९९ सम्मका अङ्कचिह्नहरूलाई उदाहरणको रूपमा प्रस्तुत गरिएको छ। यसअघिको संवत् १०७ को जयवर्माको अभिलेख पनि पाइएको छ। यस अभिलेखको विषयमा यसै पुस्तकको अध्याय १० मा विस्तृत रूपमा छलफल गरिसकिएको हुनाले अहिलेको तालिकामा संवत् १०७ को अङ्कचिह्नलाई समावेश गरिएको छैन।

यहाँ १०० को अङ्कलाई जनाउने अ वर्णको दायाँपट्टि २ को अङ्क जोडेर ३०० को अङ्कचिह्न बनाइएको छ। त्यसपछि गोलाकार चिह्नको बीचमा ठाडो धर्का दिइएको ८० को अङ्कचिह्न लेखिएको छ र त्यसपछिको चिह्नचाहिँ १ को अङ्क जनाउने चिह्न हो। शून्यको प्रचलन नभएको उतिखेरको समयमा ३८१ लेख्नको लागि यसरी ३००, ८०, १ का अङ्कहरू छुट्टाछुट्टै लेख्नुपर्ने हुन्थ्यो। यसै क्रमले माथि तालिकामा लेखिएका ३९९ सम्मका संवत्का अङ्कहरूलाई पनि पढ्नुपर्ने हुन्छ।

यहाँ **संवत् ३८१ वैशाखमासे शुक्ल(पक्षे) प्रतिपदि १** भन्ने पदावली पशुपतिनाथ प्राङ्गणमा प्राप्त लिच्छविकालको अभिलेख (रा.०:१)[८] बाट लिइएको होभने **संवत्**

---

[८] श्यामसुन्दर राजवंशी, "पशुपतिनाथ प्राङ्गणमा प्राप्त अप्रकाशित लिच्छवि अभिलेख" प्राचीन नेपाल पूर्णाङ्क ११५ पृ.१।

३८६ ज्येष्ठमासे शुक्लपक्षे प्रतिपदि १ भन्ने पदावली चाँगुको मानदेवको अभिलेख (नो.१:१)बाट लिइएको हो। यिनमा ३८१ र ३८६ अङ्कचिह्नका उदाहरण छन्। **संवत् ३८८ ज्येष्ठमासे शुक्ल दिवा १४** भन्ने पदावली लाजिम्पाटको मानदेवको पालाको अभिलेख (नो.४:१) बाट लिइएको होभने **संवत् ३८९ वैशाख शुक्लदिव २** भन्ने पदावली पशुपति तिलगङ्गाको मानदेवको अभिलेख (नो.३:१) बाट लिइएको हो। यिनमा ३८८ र ३८९ अङ्कचिह्नका उदाहरण छन्।

संवत् ३९० ज्येष्ठमासे शुक्लपक्षे दिव ७ भन्ने पदावली लाजिम्पाटको क्षेमसुन्दरीको अभिलेख (रे. ५:५) बाट लिइएको होभने **संवत् ३९७ ज्येष्ठमासे शुक्लदिव २** भन्ने पदावली विशालनगर टुँडालदेवीको अभिलेख (नो.५:१) बाट लिइएको हो। यिनमा ३९० र ३९७ अङ्कचिह्नका उदाहरण छन्। **संवत् ३९९ आषाढमासे शुक्ल दिवा १०** भन्ने पदावली मानदेवको पालाको, रत्नसङ्घको देउपाटनको अभिलेख (रे.८:१) बाट लिइएको हो। यसमा ३९९ अङ्कचिह्नको उदाहरण दिइएको छ।

तालिका नं.१३:१५

लिच्छवि लिपिमा संवत्लेखन (४००+)

देवनागरी लिच्छवि	संवत् ४०० २ ज्येष्ठमास शुक्लपक्षदिव १३ 	स्रोत नो.१०:१
देवनागरी लिच्छवि	संवत् ४०० ७ आषाढमासे शुक्लपक्षदिवसे प्रतिपदि 	रा.०:१

देवनागरी लिच्छवि	संवत् ४०० १० माघपौर्ण्णमास्याम् 	व.१३:१
देवनागरी लिच्छवि	संवत् ४०० १० १ ज्येष्ठमासे शुक्लपक्षे तिथौ त्रयोदश्याम् 	रा.०:१
देवनागरी लिच्छवि	संवत् ४०० १० ३ 	नो.८:१
देवनागरी लिच्छवि	संवत् ४०० १० ९ ज्येष्ठशुक्लदिवा १३ 	रे.१३:१
देवनागरी लिच्छवि	संवत् ४०० २० १ महामाघवर्षे काले आषाढशु दिव १० 	प.०:६

देवनागरी लिच्छवि	संवत् ४०० २० ५ माघशुक्लपौर्ण्णमास्याम् 	रे.१४:१
देवनागरी लिच्छवि	संवत् ४०० २० ७ कार्त्तिके शुक्ल दिवा १३ 	नो.९:१
देवनागरी लिच्छवि	संवत् ४०० २० ८ मार्ग्गशीर्षे शुक्लदिव १ 	रे.२०:३०
देवनागरी लिच्छवि	संवत् ४०० ३० ४ 	यो.०:२
देवनागरी लिच्छवि	संवत् ४०० ३० ५ (आश्व)युजि शुक्लदिव १ 	नो.१३:२०
देवनागरी लिच्छवि	संवत् ४०० ३० ... 	रे.२४:१९

देवनागरी लिच्छवि	संवत् ४०० ४० ९ प्रथमाषाढ 	रे.२५:७

माथिको तालिकामा लिच्छविकालका अभिलेखहरूमा पाइएका संवत् ४०२ देखि संवत् ४४९ सम्मका अङ्कचिह्नहरूलाई उदाहरणको रूपमा दिइएको छ। यहाँ १०० को अङ्कलाई जनाउने **अ** वर्णको दायाँपट्टि सानो रेखाले ४ को अङ्क जोडेर ४०० को अङ्कचिह्न बनाइएको छ। त्यसपछिको चिह्नचाहिँ २ को अङ्क जनाउने चिह्न हो। शून्यको प्रचलन नभएको उतिखेरको समयमा ४०२ लेख्नको लागि यसरी ४००, २ का अङ्कहरू छुट्टाछुट्टै लेख्नुपर्ने हुन्थ्यो। यसै क्रमले माथि तालिकामा लेखिएका ४४९ सम्मका संवत्का अङ्कहरूलाई पनि पढ्नुपर्ने हुन्छ।

यहाँ संवत् ४०२ **ज्येष्ठमास शुक्लपक्षदिव** १३ भन्ने पदावली मानदेवको पालाको गुहमित्रको, टेवहालको अभिलेख (नो.१०:१) बाट लिइएको होभने **संवत् ४०७ आषाढमासे शुक्लपक्षदिवसे प्रतिपदि** भन्ने पदावली मानदेवको पालाको विमलसङ्घको, पशुपति देउपाटनको अभिलेख (रा.०:१) बाट लिइएको हो। यिनमा ४०२ र ४०७ अङ्कचिह्नका उदाहरण छन्। **संवत् ४१० माघपौर्ण्णमास्याम्** भन्ने पदावली पञ्चदेवलको अभिलेख (व.१३:१) बाट लिइएको हो। यसमा ४१० अङ्कचिह्नको उदाहरण दिइएको छ।

संवत् ४११ ज्येष्ठमासे शुक्लपक्षे तिथौ त्रयोदश्याम् भन्ने पदावली मानदेवको पालाको भीम गुप्तकी भार्या शीलवतीको, ललितपुर स्वथटोलको अभिलेख (रा.० :१) बाट लिइएको होभने **संवत् ४१३ ज्यैष्ठशुक्लदिवा** भन्ने पदावली मानदेवको पालाका ज़यलम्भको, पशुपतिको अभिलेख (नो.८:१) बाट लिइएको हो। यिनमा ४११ र ४१३ अङ्कचिह्नका उदाहरण छन्। **संवत् ४१९ ज्यैष्ठशुक्लदिवा** १३ भन्ने पदावली मानदेवकी रानी गुणवतीको, लाजिम्पाटको अभिलेख (रे.१३:१) बाट लिइएको होभने **संवत् ४२१ महामाघवर्षे काले आषाढशु दिव** १० भन्ने पदावली मानदेवको पालाका चावहिलको अभिलेख (प.०:६) बाट लिइएको हो। यिनमा ४१९ र ४२१ अङ्कचिह्नका उदाहरण छन्।

संवत् ४२५ माघशुक्लपौर्ण्णमास्याम् भन्ने पदावली मानदेवको पालाको विजयस्वामिनीको, पलाञ्चोकको अभिलेख (रे.१४:१) बाट लिइएको होभने **संवत् ४२७ कार्त्तिके शुक्ल दिवा १३** भन्ने पदावली मानदेवका पालाको निरपेक्षको, चाँगुको अभिलेख (नो.९:१) बाट लिइएको हो । यिनमा ४२५ र ४२७ अङ्कचिह्नका उदाहरण छन् । **संवत् ४२८ मार्ग्गशीर्षशुक्लदिव १** भन्ने पदावली वसन्तदेवको, थानकोटको आदिनारायणमन्दिरको अभिलेख (रे.२०:३०) बाट लिइएको होभने **संवत् ४३४** भन्ने पदावली वसन्त देवको, बाँसडोलको अभिलेख (यो.०:२)[९] बाट लिइएको हो । यिनमा ४२८ र ४३४ अङ्कचिह्नका उदाहरण छन् ।

संवत् ४३५ (आश्व)युजि शुक्लदिव १ भन्ने पदावली वसन्तदेवको, जैसीदेवलको अभिलेख (नो.१३:२०) बाट लिइएको होभने **संवत् ४०० ३०** ....भन्ने पदावली वसन्तदेवको, सीतापाइलाको अभिलेख (रे.२४:१९) बाट लिइएको हो । यिनमा ४३५ र ४०० ३० .... अङ्कचिह्नका उदाहरण छन् । यहाँ एकस्थानी अङ्कचिह्न फुटिसकेको छ । **संवत् ४४९ प्रथमाषाढ शुक्लदशम्याम्** भन्ने पदावली (वसन्तदेव) को, किसिपिंडीको अभिलेख (रे.२५:७) बाट लिइएको हो । यसमा ४४९ अङ्कचिह्नको उदाहरण दिइएको छ ।

तालिका नं.१३:१६

लिच्छवि लिपिमा संवत्लेखन (४५०+)

देवनागरी	(संवत्) ४०० ५० २ पौषशुक्लतिथौ तृतीयस्याम्	स्रोत
लिच्छवि		रे.२६:१

---

[९] योगेश राज, "बासडोलको वसन्तदेवको अप्रकाशित अभिलेख" पासुका पूर्णाङ्क ६७, पौष २०७५, पृ. ३ ।

देवनागरी लिच्छवि	संवत् ४०० ५० ४ ज्येष्ठकृष्णादिव ६ 	रे.२९:१७
देवनागरी लिच्छवि	संवत् ४०० ५० ५ चैत्रशुक्लदिवा १० 	रे.३०:१
देवनागरी लिच्छवि	संवत् ४०० ६० ज्येष्ठशुक्लदिवअष्टम्याम् 	रे.३२:१
देवनागरी लिच्छवि	संवत् ४०० ६० २ ज्येष्ठमासे तिथौ द्वितीयायाम् 	रे.३३:५
देवनागरी लिच्छवि	मार्गशीर्षेशुक्लत्रयोदश्याम् संवत् ४०० ६० ४ 	रा.०:३

देवनागरी लिच्छवि	संवत् ४०० ६० ७ वैशाखे शुक्लदिवपौर्णमास्याम् 	नो.१७:१
देवनागरी लिच्छवि	संवत् ४०० ७० २ फाल्गुणशुक्लदिव १२ 	रे.३६:२
देवनागरी लिच्छवि	संवत् ४०० ७० ९ वैशाखमासकृष्णपक्षे तिथौ द्वादश्याम् 	रे.३७:१४
देवनागरी लिच्छवि	संवत् ४०० ८० २ श्रावणशुक्लप्रतिपदि 	गो.प.० :१७
देवनागरी लिच्छवि	संवत् ४०० ८० ५ 	व.०:१७

देवनागरी लिच्छवि	संवत् ४०० ८० ७ प्रथमाषाढशुक्लद्वितीयायाम् 	रे.४५:२
देवनागरी लिच्छवि	संवत् ४०० ८० ९ श्रावण शुक्लदिवाद्वादश्याम् 	रे.४६:२३
देवनागरी लिच्छवि	संवत् ४०० ९० २ वैशाखशुक्लदिवा १३ 	शा.०:११
देवनागरी लिच्छवि	संवत् वर्षशत ४०० ९० ५ 	रे.४८:७

माथिको तालिकामा लिच्छविकालका अभिलेखहरूमा पाइएका ४५२ देखि माथि ४९५ सम्मका संवत्का अङ्कका प्रतिच्छविहरूलाई उदाहरणका रूपमा दिने प्रयास गरिएको छ। यहाँ १०० को अङ्कलाई जनाउने अ वर्णको दायाँपट्टि ४ को अङ्क जोडेर ४०० को अङ्कचिह्न बनाइएको छ। त्यसपछि आजभोलि को अङ्ग्रेजी वर्ण **C** को जस्तो आकारको ५० को अङ्कचिह्न लेखिएको छ र त्यसपछिको चिह्नचाहिँ २ को अङ्क जनाउने चिह्न हो। शून्यको प्रचलन नभएको

उतिखेरको समयमा ४५२ लेख्नको लागि यसरी ४००, ५०, २ का अङ्कहरू छुट्टाछुट्टै लेख्नुपर्ने हुन्थ्यो । यसै क्रमले माथि तालिकामा लेखिएका ४९५ सम्मका संवत्का अङ्कहरूलाई पनि पढ्नुपर्ने हुन्छ ।

यहाँ संवत् ४५२ पौषशुक्लतिथौ तृतीयस्याम् भन्ने पदावली खपिंछैंको वसन्तदेवको पालाको अभिलेख (रे.२६:१) बाट लिइएको होभने **संवत् ४५४ ज्येष्ठकृष्णदिव** ६ भन्ने पदावली पासिंख्यको वसन्तदेवको अभिलेख (रे.२९:१७) बाट लिइएको हो । यिनमा ४५२ र ४५४ अङ्कचिह्नका उदाहरण छन् ।

संवत् ४५५ चैत्त्रशुक्लदिवा १० भन्ने पदावली पशुपति भस्मेश्वरको अभिलेख (रे.३०:१) बाट लिइएको होभने **संवत् ४६० ज्येष्ठशुक्लदिवअष्टम्याम्** भन्ने पदावली साँखु दुगाहिटीको अभिलेख (रे.३२:१) बाट लिइएको हो। यिनमा ४५५ र ४६० अङ्कचिह्नका उदाहरण छन् । **संवत् ४६२ ज्येष्ठमासे तिथौ द्वितीयायाम्** भन्ने पदावली आभीरी गोमिनीको पशुपतिको अभिलेख (रे.३३:५) बाट लिइएको होभने **मार्गशीर्षे शुक्लत्रयोदश्याम् संवत्** ४०० ६० ४ भन्ने पदावली पाटन गुइतवहीको अभिलेख (रा.०:३) बाट लिइएको हो । यिनमा ४६२ र ४६४ अङ्कचिह्नका उदाहरण छन् ।

संवत् ४६७ वैशाखे शुक्लदिवपौर्ण्णमास्याम् भन्ने पदावली रामदेवको पालाको मृगस्थली जाने बाटोको अभिलेख (नो.१७:१) बाट लिइएको होभने **संवत् ४७२ फाल्गुणशुक्लदिव** १२ भन्ने पदावली भारविको हाँडिगाउँको अभिलेख (रे.३६:२) बाट लिइएको हो। यिनमा ४६७ र ४७२ अङ्कचिह्नका उदाहरण छन्। **संवत् ४७९ वैशाखमासकृष्णपक्षे तिथौ द्वादश्याम्** भन्ने पदावली (गणदेव)को फर्पिङ्गको अभिलेख (रे. ३७:१४) बाट लिइएको होभने **संवत् ४८२ श्रावणशुक्लप्रतिपदि** भन्ने पदावली गणदेव+भौमगुप्तको थानकोट आदिनारायण मन्दिरनजीकै रहेको अभिलेख (गो.प.२०६१।७।१७) बाट लिइएको हो। यिनमा ४७९ र ४८२ अङ्कचिह्नका उदाहरण छन् ।

संवत् ४८५ कार्त्तिकमासे शुक्लदिवा द्वादश्याम् १२ भन्ने पदावली गणदेव+भौमगुप्तको नुवाकोट ब्रह्मायणीस्थानको अभिलेख (व.०:१७)

बाट लिइएको होभने **संवत् ४८७ प्रथमाषाढशुक्लद्वितीयायाम्** भन्ने पदावली स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:२) बाट लिइएको हो । यिनमा ४८५ र ४८७ अङ्कचिह्नका उदाहरण छन् । **संवत् ४८९ श्रावणशुक्लदिवद्वादश्याम्** भन्ने पदावली गङ्गादेव+भौमगुप्तको बूढानीलकण्ठ चपलीगाउँको अभिलेख (रे.४६:२३) बाट लिइएको होभने **संवत् ४९२ वैशाख शुक्लदिवा १३** भन्ने पदावली भारविको मङ्गलबजारको अभिलेख (शा.०:११)[10] बाट लिइएको हो । यिनमा ४८९ र ४९२ अङ्कचिह्नका उदाहरण छन् ।

संवत् वर्षशत ४९५ भन्ने पदावली पाटन, शङ्खमूल सिकुवहीको अभिलेख (रे.४८:७) बाट लिइएको हो। यसमा ४९५ अङ्कचिह्नको उदाहरण दिइएको छ। पाटन, शङ्खमूल सिकुवहीको अभिलेख (रे. ४८:७) मा रहेको संवत्को अङ्कलाई गौतमवज्र वज्राचार्यले ४९९ पढ्नुभएको छ। यससम्बन्धमा यसै ग्रन्थको अध्याय १२ मा स्पष्ट पारिसकिएको छ।

तालिका नं.१३:१७

लिच्छवि लिपिमा संवत्लेखन (५००+)

देवनागरी	संवत् ५ ०० १० २ ज्यैष्ठशुक्लदशम्याम्	स्रोत
लिच्छवि		रे.४९:१९
देवनागरी	संवत् ५०० १० ५ फाल्गुनशुक्लदिवात्र (योदश्याम्)	रे.५१:११
लिच्छवि		

---

[10] हेमराज शाक्य, अभिलेखप्रकाश, पृ. ५ ।

देवनागरी लिच्छवि	संवत् ५०० १० ६ वैशाखमासे शुक्लदिवादशम्याम् 	रे.५४:१५
देवनागरी लिच्छवि	संवत् ५०० १० ७ प्रथमाषाढशुक्लदिवाद्वादश्याम् 	रे.५७:१४
देवनागरी लिच्छवि	५०० १० ९ प्रथम पौषशुक्लदिवाद्वादश्याम् 	रे.६०:१९
देवनागरी लिच्छवि	संवत् ५०० २० माघशुक्लद्वादश्याम् 	रे.६२:२२
देवनागरी लिच्छवि	संवत् ५०० २० ६ वैशाखशुक्लदिवापञ्चम्याम् 	रे.६४:१६

देवनागरी लिच्छवि	संवत् ५०० ३० ५ श्रावणशुक्लदिवासप्तम्याम् 	रे.६६:१८
देवनागरी लिच्छवि	संवत् ५०० ३० ६ द्वितीयपौषशुक्लपञ्चम्याम् 	रा.०:१६

माथिको तालिकामा लिच्छविकालका अभिलेखहरूमा पाइएका ५१२ देखि ५३६ सम्मका संवत्‌का अङ्कका प्रतिच्छविहरूलाई उदाहरणका रूपमा दिइएको छ। यहाँ १०० को अङ्कलाई जनाउने **अ** वर्णको दायाँपट्टि ५ को अङ्क जोडेर ५०० को अङ्कचिह्न बनाइएको छ। त्यसभन्दा दायाँपट्टि १० को अङ्क र त्यसभन्दा पनि दायाँपट्टि ५ को अङ्क लेखिएका छन्। शून्यको प्रचलन नभएको उतिखेरको समयमा ५१५ लेख्नको लागि यसरी ५००, १०, ५ का अङ्कहरू छुट्टाछुट्टै लेख्नुपर्ने हुन्थ्यो। यसै क्रमले माथि तालिकामा ५३६ सम्मका संवत्‌का अङ्कहरूलाई प्रस्तुत गरिएको छ।

यहाँ **संवत् ५१२ ज्येष्ठशुक्लदशम्याम्** भन्ने पदावली शिवदेव+भौमगुप्तको, बूढानीलकण्ठनजीकै विष्णुपादुकाको फेदीको अभिलेख (रे.४९:१९) बाट लिइएको होभने **संवत् ५१५ फाल्गुनशुक्लदिवा त्र(योदश्याम्)** भन्ने पदावली ललितपुर च्यासलटोलको अभिलेख (रे.५१:११) बाट लिइएको हो। यिनमा ५१२ र ५१५ अङ्कचिह्नका उदाहरण छन्। **संवत् ५१६ वैशाखमासे शुक्लदिवादशम्याम्** भन्ने पदावली शिवदेव+ अंशुवर्माको, पाटन भीमसेनस्थानको अभिलेख (रे.५४:१५) बाट लिइएको होभने **संवत् ५१७ प्रथमाषाढ शुक्लदिवाद्वादश्याम्** भन्ने पदावली शिवदेव+अंशुवर्माको, धर्मस्थलीको अभिलेख (रे.५७:१४) बाट लिइएको हो। यिनमा ५१६ र ५१७ अङ्कचिह्नका उदाहरण छन्।

संवत् ५१९ प्रथमपौषशुक्लदिवाद्वादश्याम् भन्ने पदावली शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:१९) बाट लिइएको होभने **संवत् ५२० माघशुक्लद्वादश्याम्** भन्ने पदावली शिवदेव+अंशुवर्माको, धर्मपुरको अभिलेख (रे.६२:२२) बाट लिइएको हो। यिनमा **५१९** र **५२०** अङ्कचिह्नका उदाहरण छन्। **संवत् ५२६ वैशाखशुक्लदिवापञ्चम्याम्** भन्ने पदावली शिवदेव+अंशुवर्माको, लेलेको अभिलेख (रे.६४:१६) बाट लिइएको होभने **संवत् ५३५ श्रावणशुक्लदिवासप्तम्याम्** भन्ने पदावली ज्यावहालनिरको अभिलेख (रे. ६६:१८) बाट लिइएको हो। यिनमा **५२६** र **५३५** अङ्कचिह्नका उदाहरण छन्।

संवत् ५३६ द्वितीयपौषशुक्लपञ्चम्याम् भन्ने पदावली महासामन्त अंशुवर्माको, गोकर्ण बालुवाको अभिलेख (रा.०:१६) बाट लिइएको हो। यसमा **५३६** अङ्कचिह्नको उदाहरण दिइएको छ।

तालिका नं.१३:१८

लिच्छवि लिपिमा संवत्लेखन (२०+)

		स्रोत
देवनागरी लिच्छवि	संवत् २० ९ ज्येष्ठशुक्लदशम्याम् 	रे.६८:१९
देवनागरी लिच्छवि	संवत् ३० ज्येष्ठशुक्लषष्ठ्याम् 	रे.६९:२२
देवनागरी लिच्छवि	संवत् ३० १ प्रथमपौष 	रे.७०:१५

देवनागरी लिच्छवि	संवत् ३० २ आषाढशुक्लत्रयोदश्याम् 	रे.७४:२३
देवनागरी लिच्छवि	संवत् ३० ४ प्रथमपौषशुक्लद्वितीयायाम् 	रे.७६:१६
देवनागरी लिच्छवि	संवत् ३० ७ फाल्गुनशुक्लदिवापञ्चम्याम् 	रे.७७:१६
देवनागरी लिच्छवि	संवत् ३० ९ वैशाखशुक्लदिवादशम्याम् 	रे.८०:२२

माथिको तालिकामा २९ देखिका संवत्का अङ्कचिह्नका केही उदाहरणहरू प्रस्तुत गरिएका छन् । यसमा २९ अङ्क लेख्नको लागि पहिले बीसको अङ्क जनाउने गोलाकार चिह्नको बीचमा तेर्सो धर्को जोडिएको अङ्कचिह्न लेखिएको छ र त्यसभन्दा दायाँपट्टि ९ को अङ्कचिह्न लेखिएको छ। यस किसिमले ३० को अङ्कचिह्न जनाउनको लागि **ल** वर्ण अर्थात् लिच्छविकालको ३० को अङ्कचिह्न

लेखिएको छ। अनि ३१ अङ्कको लागि पहिले ३० को अङ्कचिह्न, त्यसभन्दा दायाँपट्टि १ को अङ्कचिह्न लेखिएको छ। लिच्छविकालमा यसै गरी ३० को अङ्कचिह्न **ल** वर्ण र २ को अङ्कचिह्न दायाँपट्टि छड्के किसिमको दुई धर्काजस्तो अङ्कचिह्नलाई मिलाएर ३२ को अङ्क बनाइन्थ्यो। यही क्रमले ३९ सम्मका अङ्कचिह्नहरूलाई मिलाएर लेखिन्थ्यो।

यस अघिको तालिकामा प्रस्तुत **संवत् ५३५ श्रावणशुक्लदिवासप्तम्याम्** भन्ने पदावलीमा उत्कीर्ण संवत् शकसंवत् हो। महत्त्वाकांक्षी शासक अंशुवर्माले आफूले सोझै शासन चलाउन थालेपछि नयाँ संवत् चलाए। वि.सं. ६३३ देखि प्रारम्भ भएको यो नयाँ संवत्को अहिलेसम्म प्राप्त पहिलो उल्लेख बुङ्मतीको अंशुवर्माको अभिलेखमा लेखिएको **संवत् २९ ज्येष्ठशुक्लदशम्याम्** भन्ने पदावलीमा नै हो। यो संवत् दशस्थानदेखि उठेको पाइन्छ। माथिको तालिकामा संवत् २९ देखि संवत् ३९ सम्मका संवत्का अङ्कचिह्नहरूलाई यसै गरी प्रस्तुत गरिएको छ।

यहाँ **संवत् २९ ज्येष्ठशुक्लदशम्याम्** भन्ने पदावली अंशुवर्माको बुङ्मतीको अभिलेख (रे.६८:१९) बाट लिइएको होभने **संवत् ३० ज्येष्ठशुक्लषष्ठयाम्** भन्ने पदावली अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे. ६९:२२) बाट लिइएको हो। यिनमा २९ र ३० अङ्कचिह्नका उदाहरण छन्। यहाँ **संवत् ३१ प्रथमपौष** भन्ने पदावली अंशुवर्माको भटुवालको अभिलेख (रे.७०:१५) बाट लिइएको होभने **संवत् ३२ आषाढशुक्ल त्रयोदश्याम्** भन्ने पदावली अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२३) बाट लिइएको हो। यिनमा ३१ र ३२ अङ्कचिह्नका उदाहरण छन्।

संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम् भन्ने पदावली अंशुवर्माको पाटन सुन्धाराको अभिलेख (रे.७६:१६) बाट लिइएको होभने **संवत् ३७ फाल्गुनशुक्लदिवापञ्चम्याम्** भन्ने पदावली अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१६) बाट लिइएको हो। यिनमा ३४ र ३७ अङ्कचिह्नका उदाहरण छन्। यहाँ **संवत् ३९ वैशाखशुक्लदिवादशम्याम्** भन्ने पदावली अंशुवर्माको देउपाटनको

अभिलेख (रे.८०:२२) बाट लिइएको हो। यसमा ३९ अङ्कचिह्नको उदाहरण दिइएको छ।

तालिका नं.१३:१९

लिच्छवि लिपिमा संवत्लेखन (४०+)

		स्रोत
देवनागरी लिच्छवि	संवत् ४० श्रा शुदि ५ 	प.०:२
देवनागरी लिच्छवि	संवत् ४० ३ ज्येष्ठकृष्ण 	रे.८४:४
देवनागरी लिच्छवि	संवत् ४० ४ ज्येष्ठशुक्ल... 	नो.४८:१
देवनागरी लिच्छवि	संवत् ४० ५.....आषाढकृष्णद्वादश्याम् 	शा.०:१६
देवनागरी लिच्छवि	संवत् ४० ८ कार्त्तिकशुक्ल २ 	रे.९७:२१
देवनागरी लिच्छवि	संवत् ४० ९ (मा)घकृष्णद्वादश्याम् 	नो.५१:१५

माथिको तालिकामा ४० बाट शुरू भएका संवत्का अङ्कचिह्नका केही उदाहरणहरू प्रस्तुत गरिएका छन् । यसमा ४० अङ्क लेख्नको लागि पहिले चालीसको अङ्क जनाउने लिच्छवि लिपिको **प्त** वर्ण लेखिएको छ । यहाँ ४४ अङ्क लेख्नको लागि पहिले चालीसको अङ्क जनाउने लिच्छवि लिपिको **प्त** वर्ण, त्यसभन्दा दायाँपट्टि ४ को अङ्कचिह्न जनाउने लिच्छवि लिपिको **प्क** वर्ण लेखिएको छ । लिच्छविकालमा यसै गरी ४० को अङ्कचिह्न र ५ को अङ्कचिह्नलाई मिलाएर ४५ को अङ्क बनाइन्थ्यो । यही क्रमले ४९ सम्मका अङ्कचिह्नहरूलाई मिलाएर लेखिन्थ्यो ।

यहाँ **संवत् ४० श्रा शुदि ५** भन्ने पदावली साँखु साल्खाटोलको अभिलेख (प.०:२)[११] बाट लिइएको होभने **संवत् ४३ ज्येष्ठकृष्ण**... भन्ने पदावली फर्पिङको अभिलेख (रे.८४:४) बाट लिइएको हो । यिनमा ४० र ४३ अङ्कचिह्नका उदाहरण छन् । **संवत् ४४ ज्येष्ठशुक्ल**... भन्ने पदावली अंशुवर्माको पालाको टुँडिखेलको अभिलेख (नो.४८:१) बाट लिइएको होभने **संवत् ४५.....आषाढकृष्णद्वादश्याम्** भन्ने पदावली उदयदेवको चित्लाङको अभिलेख (शा.०:१६) बाट लिइएको हो । यिनमा ४४ र ४५ अङ्कचिह्नका उदाहरण छन् ।

संवत् ४८ कार्त्तिकशुक्ल २ भन्ने पदावली ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:२१) बाट लिइएको होभने **संवत् ४९ (मा)घकृष्णद्वादश्याम्** भन्ने पदावली ध्रुवदेव+जिष्णुगुप्तको मालटारको अभिलेख (नो.५१:१५) बाट लिइएको हो । यिनमा ४८ र ४९ अङ्कचिह्नका उदाहरण छन् ।

तालिका नं.१३:२०

लिच्छवि लिपिमा संवत्लेखन (५०+)

देवनागरी	संवत् ५० ५ आश्वयुजशुक्लपञ्चम्याम्	स्रोत
लिच्छवि		नो.५५:२०

---

[११] महेशराज पन्त र अरू, "लिच्छविकालका २ बौद्ध शिलालेख" **पूर्णिमा** पूर्णाङ्क १४१, २०७१, पृ. ७ ।

देवनागरी लिच्छवि	संवत् ५० ७ फाल्गुनशुक्लसप्तम्यां 	नो.५७:२४

माथिको तालिकामा ५५ बाट शुरू भएका संवत्का अङ्कचिह्नका केही उदाहरणहरू प्रस्तुत गरिएका छन्। यसमा ५० को अङ्कचिह्नलाई जनाउन लिच्छविकालको कुनै पनि वर्णलाई लिइएको पाइँदैन अर्थात् यो चिह्न यस समयको कुनै पनि अक्षरसँग मिल्दोजुल्दो छैन, त्यसैले ५० को अङ्क जनाउने यो अङ्कचिह्नचाहिँ आजभोलिको अङ्ग्रेजी वर्ण C को जस्तो आकारको देखिन्छ। कुनै कुनै अभिलेखमा ५० को अङ्क जनाउने यो अङ्कचिह्न ठीक उल्टो किसिमले लेखिएको पनि पाइएको छ। यहाँ ५५ अङ्क लेख्नको लागि पहिले आजभोलिको अङ्ग्रेजी वर्ण C को जस्तो आकृतिको ५० को अङ्कचिह्न लेखिएको छ र त्यसभन्दा दायाँपट्टि ५ को अङ्कचिह्न लेखिएको छ। यही क्रमले ५९ सम्मका अङ्कचिह्नहरूलाई मिलाएर लेखिन्थ्यो।

यहाँ **संवत् ५५ आश्वयुजशुक्लपञ्चम्याम्** भन्ने पदावली भीमार्जुनदेव+ जिष्णुगुप्तको बलम्बूको अभिलेख (नो.५५:२०) बाट लिइएको होभने **संवत् ५७ फाल्गुनशुक्लसप्तम्यां** भन्ने पदावली (भीमार्जुनदेव+ विष्णुगुप्त) को मालिगाउँको अभिलेख (नो.५७:२४) बाट लिइएको हो। यिनमा ५५ र ५७ अङ्कचिह्नका उदाहरण छन्।

तालिका नं. १३:२१

लिच्छवि लिपिमा संवत्लेखन (६०+)

देवनागरी लिच्छवि	संवत् ६० ४ फाल्गुनशुक्लद्वितीयायाम् 	स्रोत
		रे.१०८:२५

देवनागरी लिच्छवि	संवत् ६० ५ फाल्गुनशुक्लद्वितीयायाम् 	रे.१०९:२१
देवनागरी लिच्छवि	संवत् ६० ७ पौषशुक्लपञ्चम्याम् 	नो.६७:२४
देवनागरी लिच्छवि	संवत् ६० ९ ज्येष्ठकृष्णदिवासप्तम्याम् 	रे.११८:१

माथिको तालिकामा ६४ बाट शुरू भएका संवत्का अङ्कचिह्नका केही उदाहरणहरू प्रस्तुत गरिएका छन् । यसमा ६० अङ्क लेखनको लागि पहिले साठीको अङ्कचिह्नलाई जनाउने लिच्छवि लिपिको ह्रस्व **चु** वर्ण लेखिएको छ र त्यसभन्दा दायाँपट्टि ४ को अङ्कचिह्नलाई जनाउने लिच्छवि लिपिको **प्क** वर्ण लेखिएको छ । लिच्छविकालमा यसै गरी ६० को अङ्कचिह्न र ५ को अङ्कचिह्नलाई मिलाएर ६५ को अङ्क बनाइन्थ्यो । यही क्रमले ६९ सम्मका अङ्कचिह्नहरूलाई मिलाएर लेखिन्थ्यो ।

यहाँ **संवत् ६४ फाल्गुनशुक्लद्वितीयायाम्** भन्ने पदावली भीमार्जुनदेव+विष्णुगुप्तको यङ्गालहिटीको अभिलेख (रे.१०८:२५) बाट लिइएको होभने **संवत् ६५ फाल्गुनशुक्लद्वितीयायाम्** भन्ने पदावली भृङ्गारेश्वरको भीमार्जुनदेव+विष्णुगुप्तको अभिलेख (रे.१०९:२१) बाट लिइएको हो । यिनमा ६४ र ६५ अङ्कचिह्नका उदाहरण छन् । **संवत् ६७ पौषशुक्लपञ्चम्याम्** भन्ने

पदावली भन्सारचोकको नरेन्द्रदेवको अभिलेख (नो. ६७:२४) बाट लिइएको होभने **संवत् ६९ ज्येष्ठकृष्णादिवासप्तम्याम्** भन्ने पदावली नरेन्द्रदेवको पालाको देउपाटनको अभिलेख (रे.११८:१) बाट लिइएको हो। यिनमा ६७ र ६९ अङ्कचिह्नका उदाहरण छन्।

तालिका नं.१३:२२

लिच्छवि लिपिमा संवत्लेखन (७०+)

देवनागरी लिच्छवि	संवत् ७० १ कार्त्तिकशुक्लद्वितीयायाम् 	स्रोत नो.६८:२९
देवनागरी लिच्छवि	संवत् ७० ८ कार्त्तिकशुक्लनवम्याम् 	नो.६९:५

माथिको तालिकामा ७१ बाट शुरू भएका संवत्का अङ्कचिह्नका केही उदाहरणहरू प्रस्तुत गरिएका छन्। यसमा ७० अङ्क लेखनको लागि पहिले सत्तरीको अङ्कचिह्नलाई जनाउने लिच्छवि लिपिको दीर्घ **चू** वर्ण लेखिएको छ र त्यसभन्दा दायाँपट्टि १ को अङ्कचिह्न लेखिएको छ। लिच्छविकालमा यसै गरी ७० को अङ्कचिह्न र २ को अङ्कचिह्नलाई मिलाएर ७२ को अङ्क बनाइन्थ्यो । यही क्रमले ७९ सम्मका अङ्कचिह्नहरूलाई मिलाएर लेखिन्थ्यो।

यहाँ **संवत् ७१ कार्त्तिकशुक्लद्वितीयायाम्** भन्ने पदावली नरेन्द्रदेवको देउपाटन कसाइँटोलको अभिलेख (नो.६८:२९) बाट लिइएको होभने **संवत् ७८ कार्त्तिकशुक्लनवम्याम्** भन्ने पदावली नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:५) बाट लिइएको हो। यिनमा ७१ र ७८ अङ्कचिह्नका उदाहरण छन्।

तालिका नं. १३:२३

लिच्छवि लिपिमा संवत्लेखन (८०+)

		स्रोत
देवनागरी लिच्छवि	संवत् ८० ३ भाद्रपदशुक्लदिवा षष्ठ्याम् 	नो.७०:२९
देवनागरी लिच्छवि	संवत् ८० ८ पौषशुक्ल द्वितीयायाम् 	यो.०:१
देवनागरी लिच्छवि	संवत् ८० ९..दिवात्रयोदश्याम् 	नो.७१:२१

माथिको तालिकामा ८३ बाट शुरू भएका संवत्का अङ्कचिह्नका केही उदाहरणहरू प्रस्तुत गरिएका छन् । यसमा ८० अङ्क लेखनको लागि पहिले असीको अङ्कचिह्नलाई जनाउने करीब करीब गोलाकार चिह्नको बीचमा ठाडो धर्का दिइएको आकृति लेखिएको छ र त्यसभन्दा दायाँपट्टि ३ को अङ्कचिह्न लेखिएको छ । लिच्छविकालमा यसै गरी ८० को अङ्कचिह्न र ४ को अङ्कचिह्नलाई मिलाएर ८४ को अङ्कचिह्न बनाइन्थ्यो । यही क्रमले ८९ सम्मका अङ्कचिह्नहरूलाई मिलाएर लेखिन्थ्यो ।

यहाँ संवत् ८३ भाद्रपदशुक्लदिवा षष्ठ्याम् भन्ने पदावली नरेन्द्रदेवको ललितपुर गहिरीधाराको अभिलेख (नो.७०:२९) बाट लिइएको होभने **संवत् ८८** भन्ने पदावली भैरवस्थानको अभिलेख (यो.०:१) [12] बाट लिइएको हो । यिनमा

---

[12] यस अभिलेखको फोटो मित्रवर योगेशराजले उपलब्ध गराइदिनुभएको हो ।

८३ र ८८ अङ्कचिह्नका उदाहरण छन्। **संवत् ८० ९ ... दिवात्रयोदश्याम्** भन्ने पदावली वटुकभैरवको अभिलेख (नो.७१:२१) बाट लिइएको हो। यसमा ८९ अङ्कचिह्नको उदाहरण दिइएको छ।

तालिका नं.१३:२४

लिच्छवि लिपिमा संवत्लेखन (९०+)

		स्रोत
देवनागरी लिच्छवि	संवत् ९० वैशाखशुक्लदिवादशम्याम् 	रे.१२५:८
देवनागरी लिच्छवि	संवत् ९० ५ पौषशुक्लदिवादशम्याम् 	नो.७२:१९

माथिको तालिकामा ९० बाट शुरू भएका संवत्का अङ्कचिह्नका उदाहरणहरू प्रस्तुत गरिएका छन्। यसमा ९० अङ्क लेखनको लागि पहिले नब्बेको अङ्कचिह्नलाई जनाउने करीब करीब गोलाकार चिह्नको भित्रपट्टि बीचमा धनचिह्न (+) दिइएको आकृति लेखिएको छ। लिच्छविकालमा यसै गरी ९० को अङ्कचिह्न र ५ को अङ्कचिह्नलाई मिलाएर ९५ को अङ्कचिह्न बनाइन्थ्यो। यही क्रमले ९९ सम्मका अङ्कचिह्नहरूलाई मिलाएर लेखिन्थ्यो।

यहाँ **संवत् ९० वैशाखशुक्लदिवादशम्याम्** भन्ने पदावली बलम्बूको अभिलेख (रे.१२५:८) बाट लिइएको होभने **संवत् ९५ पौषशुक्लदिवादशम्याम्** भन्ने पदावली नरेन्द्रदेवको च्यासलटोलको अभिलेख (नो.७२:१९) बाट लिइएको हो। यिनमा ९० र ९५ अङ्कचिह्नका उदाहरण छन्। नरेन्द्रदेवको पाटन च्यासलटोलको यस अभिलेख (नो.७२:१९) मा रहेको संवत्को अङ्कचिह्नलाई

धनवज्र वज्राचार्यले पहिले ९८ पढ्नुभएको थियो।[१३] पछि **लिच्छविकालका अभिलेख** नामक ग्रन्थमा यो अभिलेख छाप्दा ९५ अङ्कको पाठ पढ्नुभएको छ। पूर्वपाठको विषयमाभने त्यहाँ कुनै चर्चा चलाउनुभएको छैन।[१४]

तालिका नं.१३:२५

लिच्छवि लिपिमा संवत्लेखन (१००+)

देवनागरी लिच्छवि	संवत् १०० ३ ज्यैष्ठशुक्लदिवात्रयोदश्याम् 	स्रोत रे.१२८:३७
देवनागरी लिच्छवि	संवत् १०० ९ 	व.०:१
देवनागरी लिच्छवि	संवत् १०० १० ३ 	व.०:४ क्लीभल्याण्ड

माथिको तालिकामा १०३ बाट शुरू भएका संवत्का अङ्कचिह्नका उदाहरणहरू प्रस्तुत गरिएका छन्। यसमा १०० अङ्क लेख्नको लागि पहिले सयको अङ्कचिह्नलाई जनाउने लिच्छविलिपिको **अ** वर्ण लेखिएको छ र त्यसभन्दा दायाँपट्टि ३ को अङ्कचिह्न लेखी १०३ को अङ्कचिह्न बनाइएको छ। लिच्छविकालमा यसै गरी १०० को अङ्कचिह्न र ९ को अङ्कचिह्नलाई मिलाएर १०९ को अङ्कचिह्न बनाइन्थ्यो। संवत् ११३ लेख्नको लागि चाहिँ पहिले १०० को अङ्कचिह्नलाई जनाउने लिच्छविलिपिको अ वर्ण लेखी त्यसभन्दा दायाँपट्टि १० को अङ्कचिह्न जनाउने लिच्छवि लिपिको **ण्टा** वर्ण लेखेर त्यसभन्दा पनि दायाँपट्टि

---

[१३] धनवज्र वज्राचार्य, "लिच्छविकालका अभिलेखमा देखा परेका संवत्का अङ्कको निर्णय" **पूर्णिमा** पूर्णाङ्क १९, २०२५, पृ.१८६।

[१४] धनवज्र, वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३, द्वितीय संस्करण, पृष्ठ ४९५।

३ को अङ्क लेखिएका छन्। लिच्छवि लिपिमा यही क्रमले अङ्कचिह्नहरूलाई मिलाएर लेखिन्थ्यो।

यहाँ संवत् १०३ ज्यैष्ठशुक्लदिवात्रयोदश्याम् भन्ने पदावली नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे. १२८:३७) बाट लिइएको होभने **संवत् १०९ वैशाखशुक्लदिव... द्वितीया** भन्ने पदावली राता मछिन्द्रनाथको मन्दिरनिरको अभिलेख (व.०:१) [१५] बाट लिइएको हो। यिनमा १०३ र १०९ अङ्कचिह्नका उदाहरण छन्।

प्रस्तुत **संवत्** ११३ भन्ने पदावली Standing Buddha को मूर्तिको पादपीठमा रहेको अभिलेख (व.०:४) बाट लिइएको हो। क्लीभल्याण्ड म्यूजियममा अवस्थित Standing Buddha को मूर्तिको पादपीठमा रहेको यस अभिलेखको संवत्‌को अङ्कलाई गौतमवज्र वज्राचार्यले ५१३[१६] भनी पढ्नुभएको छ, परन्तु लिपिको आधारमा हेर्दा संवत्‌को यो अङ्क ११३ देखिन्छ। अब यस विषयमा छलफल गरी उक्त संवत्‌को अङ्कचिह्न १०० को हो कि ५०० को हो भन्ने विषयमा निर्णय गर्नुपर्ने भएको छ। यसका लागि लिच्छविकालका अभिलेखहरूमा पाइने १०० अङ्कचिह्नको आकृति-विन्यास र ५०० अङ्कचिह्नको आकृति-विन्यासका केही उदाहरणहरूलाई हेर्नुपर्ने हुन्छ। ती आकृति-विन्यासहरू यस प्रकारका छन् –

तालिका नं.१३:२६

लिच्छवि लिपिमा १०० को अङ्कचिह्न र ५०० को अङ्कचिह्नका आकृतिको विषयमा

देवनागरी	लिच्छवि	स्रोत	देवनागरी	लिच्छवि	स्रोत
मानिकया १५० मा १००को अङ्कचिह्न		रे.२६:३	संवत् ५१२ मा ५०० को अङ्कचिह्न		रे.४९:१९

---

[१५] धनवज्र वज्राचार्य, “लिच्छविकालका अभिलेखमा देखा परेका संवत्‌का अङ्कको निर्णय” **पूर्णिमा** पूर्णाङ्क १९, २०२५, पृ.१८६।

[१६] Mary Shepherd Slusser and Gautamavajra Vajracharya, "On the Antiquity of Nepalese Metalcraft" **Archives of Asian Art** Vol. 29, 1975-76, p. 80-95.

संवत् ११३ मा १०० को अङ्कचिह्न		व.०:४	संवत् ५१६ मा ५०० को अङ्कचिह्न		रे.५४:१५
संवत् ११८ मा १०० को अङ्कचिह्न		रे.१३१:१	संवत् ५१६ मा ५०० को अङ्कचिह्न		रे.५५:१५
संवत् १४८ मा १०० को अङ्कचिह्न		रे. १४० :१८	संवत् ५२० मा ५०० को अङ्कचिह्न		रे.६२:२२
संवत् १५७ मा १०० को अङ्कचिह्न		नो.८१:३५	संवत् ५२० मा ५०० को अङ्कचिह्न		रे.६३:१८

माथिको तालिकामा प्रस्तुत **मानिकया १५० मा** रहेको १०० अङ्कचिह्नको उदाहरण वसन्तदेवको पालाको खपिंछेको अभिलेख (रे.२६:३) बाट लिइएको होभने संवत् ५१२ मा रहेको ५०० अङ्कचिह्नको उदाहरण शिवदेव+भौमगुप्तको विष्णुपादुकाको फेदीमा रहेको अभिलेख (रे.४९:१९) बाट लिइएको हो। प्रस्तुत **संवत् ११३** मा रहेको १०० अङ्कचिह्नको उदाहरण क्लीभल्याण्ड म्यूजियममा रहेको Standing Buddha को मूर्तिको पादपीठमा रहेको अभिलेख (व.० :४) बाट लिइएको होभने **संवत् ५१६** मा रहेको ५०० अङ्कचिह्नको उदाहरण शिवदेव+अंशुवर्माको पाटन भीमसेनस्थानको अभिलेख (रे.५४:१५) बाट लिइएको हो। प्रस्तुत **संवत् ११८** मा रहेको १०० अङ्कचिह्नको उदाहरण शिवदेव द्वितीयको पालाको नालाको अभिलेख (रे.१३१:१) बाट लिइएको होभने **संवत् ५१६** मा रहेको ५०० अङ्कचिह्नको उदाहरण शिवदेव+अंशुवर्माको भक्तपुर गोलमढीटोलको अभिलेख (रे.५५:१५) बाट लिइएको हो।

प्रस्तुत **संवत्** १४८ मा रहेको १०० अङ्कचिह्नको उदाहरण मीननाथको अभिलेख (रे.१४०:१८) बाट लिइएको होभने **संवत्** ५२० मा रहेको ५०० अङ्कचिह्नको उदाहरण शिवदेव+अंशुवर्माको) धर्मपुरको अभिलेख (रे.६२:२२) बाट लिइएको हो। प्रस्तुत **संवत्** १५७ मा रहेको १०० अङ्कचिह्नको उदाहरण जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३५) बाट लिइएको होभने **संवत्** ५२० मा रहेको ५०० अङ्कचिह्नको उदाहरण शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१८) बाट लिइएको हो।

यसरी माथिको तालिकामा लिच्छविकालका विभिन्न अभिलेखहरूमा उत्कीर्ण १०० को अङ्कचिह्न र ५०० को अङ्कचिह्नका आकृतिका उदाहरणहरू प्रस्तुत गरिएका छन्। यी उदाहरणहरूबाट के स्पष्ट हुन्छभने **अ** वर्ण एक्लै भएमा त्यसको मान १०० अङ्क हुन्छ। अ वर्णमा ५ को अङ्कचिह्न जोडेपछि त्यसको मान ५०० अङ्क हुन्छ।

यसलाई एरो दिएर यसरी अझ स्पष्ट पार्न सकिन्छ –





माथि देखाइएको प्रतिच्छविमा जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३५) मा संवत् १५७ लेख्दा अ वर्णको जुन मुख्य दण्ड छ, त्यसको बीचबाट दायाँपट्टि कुनै रेखा तानिएको देखिँदैन। शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१८) मा **संवत्** ५२० लेख्दा अ वर्णको जुन मुख्य दण्ड छ, त्यसको बीचबाट दायाँपट्टि ५ को अङ्कचिह्न जोडिँदा देखिने रेखाको स्वरूपको सानो रेखा तानेर तल अलिकति झुकाइएको देखिन्छ। यसैले माथि देखाइएका दुई अङ्कका प्रतिच्छविहरूबाट १०० को अङ्क र ५०० को अङ्क चिन्न सजिलैसँग सकिन्छ।

अब क्लीभल्याण्ड म्यूजियममा अवस्थित Standing Buddha को मूर्तिको पादपीठको अभिलेख (व. ०:४) मा रहेको संवत्को अङ्कचिह्नलाई हेरौं –



यसैले माथि देखाइएको प्रतिच्छविमा क्लीभल्याण्ड म्यूजियममा रहेको Standing Buddha को मूर्तिको पादपीठमा रहेको अभिलेख (व.०:४) मा संवत् लेख्नको लागि अ वर्ण लेख्दा त्यसको मध्यबिन्दुबाट बायाँपट्टिको चिह्नमा जोडिनको लागि कुनै पनि रेखा तानिएको देखिँदैन, सो ठाउँ खुलै छाडिएको छ भन्ने कुरा स्पष्टैसँग देखिन्छ। यसैले यहाँ १०० को अङ्कचिह्नमा ५ को अङ्कलाई जनाउने अङ्कचिह्न जोडिएको अवस्था नदेखिँदा यो अ वर्ण मात्र हो र यसको मान १०० को अङ्क हो भन्ने कुरा स्पष्टसँग भन्न सकिन्छ।

अब लिपिविकासको दृष्टिकोणबाट पनि (Paleographic point of view बाट) पनि विचार गरौं - लिपिविशेषज्ञ शङ्करमान राजवंशीले आफ्नो पुस्तक लिच्छवि लिपिसंग्रहमा “३ को अङ्क लिच्छविकालको लिपिमा छड्के तीन धर्का हुन्छन्, पछिल्लो कालमा गएर अहिलेको देवनागरी अक्षरको ३ अङ्क जस्तै भएको पनि पाइन्छ।” [१७] भनी लेख्नुभएको छ। लिच्छविकालका अभिलेखहरूलाई हेर्दा यो भनाइ ठीकै देखिन्छ। उदाहरणको लागि हेरौं -



हाँडिगाउँको अंशुवर्माको अभिलेख (रे.७४:१३) मा **देवस्य पु ३** लेख्दा ३ को अङ्कचिह्नको लागि छड्के तीन धर्का दिइएको छ। क्लीभल्याण्ड म्यूजियममा रहेको Standing Buddha को मूर्तिको पादपीठमा रहेको अभिलेख (व.० :४) मा **संवत् ११३** मा ३ को अङ्क लेख्दा अहिलेको देवनागरी अक्षरको ३ अङ्क जस्तै भइसकेको पाइन्छ। यताबाट पनि यो अभिलेख अलि पछिल्लो कालको हो भन्ने कुरामा बल मिल्छ।

यसैले माथिका उदाहरण एवं छलफलबाट Standing Buddha (Cleveland) को पादपीठको अभिलेखमा रहेको संवत्को अङ्कचिह्न अ अक्षर मात्र भएको, त्यसमा ५ को अङ्कचिह्न जोडिएको नदेखिएको हुनाले र लिपिको दृष्टिकोणबाट पनि अलि पछिको देखिएकोले गौतमवज्र वज्राचार्यले यस

---

[१७] शङ्करमान राजवंशी, *लिच्छवि लिपि-संग्रह*, काठमाडौं : वीर पुस्तकालय, २०२१, पृ.ध।

अभिलेखको संवत्को अङ्क ५१३ भनी पढ्नुभएकोमा त्यो ठीक होइन, यसको शुद्ध पाठ संवत् ११३ हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

तालिका नं.१३:२७

लिच्छवि लिपिमा संवत्लेखन (११८+)

		स्रोत
देवनागरी लिच्छवि	संवत् १०० १० ८ ज्येष्ठशुक्लदशम्याम् 	रे.१३१:१
देवनागरी लिच्छवि	संवत् १०० १० ९ फाल्गुनशुक्लदिवादशम्याम् 	रे.१३२:२३
देवनागरी लिच्छवि	संवत् १०० २० १ भाद्रपदशुक्लपञ्चम्याम् 	नो.७८:२६
देवनागरी लिच्छवि	संवत् १०० २० ९ ..पञ्चम्याम् 	रे.१३६:३०
देवनागरी लिच्छवि	संवत् १०० ३० ७ ज्येष्ठशुक्लपञ्चम्याम् 	रे.१३९:२९

देवनागरी	संवत् १०० ४० ८ पौषशुक्लदिवातृतीयस्याम्	रे.१४०:१८
लिच्छवि		

माथिको तालिकामा ११८ बाट शुरू भएका संवत्का केही नमूनाहरूलाई प्रस्तुत गरिएको छ। यसमा **संवत्** ११८ लेख्नका लागि पहिले १०० को अङ्कचिह्न लिच्छविलिपिको **अ** वर्ण लेखी त्यसभन्दा दायाँपट्टि १० को अङ्क जनाउन लिच्छवि लिपिको **ण्टा** वर्ण लेखी त्यसभन्दा पनि दायाँपट्टि ८ को अङ्कचिह्न लेखिएका छन्। उतिखेर यही क्रमले मिलाएर संवत् १४८ सम्मको अङ्कचिह्नलाई समेत लेख्ने प्रचलन थियो।

यहाँ संवत् ११८ ज्येष्ठशुक्लदशम्याम् भन्ने पदावली शिवदेव द्वितीयको पालाको नालाको अभिलेख (रे.१३१:१) बाट लिइएको होभने **संवत् ११९ फाल्गुनशुक्लदिवादशम्याम्** भन्ने पदावली नरेन्द्रदेवको च्यासलटोलको अभिलेख (रे.१३२:२३) बाट लिइएको हो। यिनमा ११८ र ११९ अङ्कचिह्नका उदाहरण छन्।

संवत् १२१ भाद्रपदशुक्लपञ्चम्याम् भन्ने पदावली शिवदेव द्वितीयको भृङ्गारेश्वरको अभिलेख (नो.७८:२६) बाट लिइएको होभने **संवत् १२९ ..पञ्चम्याम्** भन्ने पदावली शिवदेव द्वितीयको बलम्बूको अभिलेख (रे.१३६:३०) बाट लिइएको हो। यिनमा १२१ र १२९ अङ्कचिह्नका उदाहरण छन्। **संवत् १३७ ज्येष्ठशुक्लपञ्चम्याम्** भन्ने पदावली जयदेव द्वितीयको च्यासलटोलको अभिलेख (रे.१३९:२९) बाट लिइएको होभने **संवत् १४८ पौषशुक्लदिवातृतीयस्याम्** भन्ने पदावली मीननाथको अभिलेख (रे.१४०:१८) बाट लिइएको हो। यिनमा १३७ र १४८ अङ्कचिह्नका उदाहरण छन्।

तालिका नं.१३:२८

लिच्छवि लिपिमा संवत्लेखन (१५१+)

		स्रोत
देवनागरी लिच्छवि	संवत् १०० ५० १ 	व.०:१
देवनागरी लिच्छवि	संवत् १०० ५० ७ कार्त्तिकशुक्लनवम्याम् 	नो.८१:३५
देवनागरी लिच्छवि	संवत् १०० ६० ६ भाद्रपदशुक्लपौर्णमास्याम् 	व.०:१
देवनागरी लिच्छवि	संवत् १०० ७० 	व.०:१
देवनागरी लिच्छवि	संवत् १०० ७० ४ वैशाखशुक्लदिवापञ्चम्याम् 	गोरखापत्र २०४४।११।२८
देवनागरी लिच्छवि	संवत् १०० ८० २ 	कैलास
देवनागरी लिच्छवि	संवत् १०० ८० ७ 	व.०:१

देवनागरी लिच्छवि	संवत् १०० ९० ४ 	नो. परिशिष्ट ३

माथिको तालिकामा १५१ बाट शुरू भएका संवत्का केही नमूनाहरूलाई प्रस्तुत गरिएको छ। यसमा **संवत्** १५१ लेख्नका लागि पहिले १०० को अङ्कचिह्न लिच्छविलिपिको **अ** वर्ण लेखी त्यसभन्दा दायाँपट्टि ५० को अङ्क जनाउन अङ्ग्रेजी वर्ण **C** को जस्तो आकारको अङ्कचिह्न लेखी त्यसभन्दा पनि दायाँपट्टि १ को अङ्कचिह्न लेखिएका छन्। उतिखेर यही क्रमले मिलाएर संवत् १९४ सम्मको अङ्कचिह्नलाई समेत लेख्ने प्रचलन थियो।

यहाँ संवत् १५१ वैशाखशुक्लद्वितीयायाम् भन्ने पदावली जैसीदेवलनिरको अभिलेख (व.०:१) बाट लिइएको होभने[१८] **संवत् १५७ कार्त्तिकशुक्लनवम्याम्** भन्ने पदावली जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३५) बाट लिइएको हो। यिनमा १५१ र १५७ अङ्कचिह्नका उदाहरण छन्।

संवत् १६६ भाद्रपदशुक्लपौर्णमास्याम् भन्ने पदावली इन्द्रको पादपीठमा रहेको अभिलेख (व.०:१)[१९] बाट लिइएको होभने **संवत् १७० कार्त्तिकदिवादशम्याम्** भन्ने पदावली पाटन मङ्गलबजार, धाराको अभिलेख (व.०:१) बाट लिइएको हो । यिनमा १६६ र १७० अङ्कचिह्नका उदाहरण छन्।

संवत् १७४ वैशाखशुक्लदिवापञ्चम्याम् भन्ने पदावली मिति २०४४ फागुन २८ गतेको गोरखापत्रमा प्रकाशित हाँडिगाउँको अभिलेखको प्रतिच्छविबाट लिइएको होभने **संवत् १८२ आषाढशुक्ल त्रयोदश्याम्** भन्ने पदावली पाटन सुवहालको चैत्यको अभिलेख (व.०:२) बाट लिइएको हो। यिनमा १७४ र १८२ अङ्कचिह्नका उदाहरण छन्। **संवत् १८७ माघशुक्लदिवा ५** भन्ने पदावली पाटन

---

[१८] धनवज्र वज्राचार्य, "लिच्छविकालका अभिलेखमा देखा परेका संवत्का अङ्कको निर्णय" **पूर्णिमा** पूर्णाङ्क १९, २०२५, पृ.१८८।

[१९] Gautam V. Vajracharya, " Two Dated Nepali Bronzes and their Implications for the Art History of Nepal " **Indo-Asiatische Zeits Chrift** 16, 2012, 5-18.

सुवहालको जलद्रोणीको अभिलेख (व.०:१)[२०] बाट लिइएको होभने **संवत् १९४** भन्ने पदावली इचङ्गुनिरको डाँडाको अभिलेख (नोली परिशिष्ट) बाट लिइएको हो। यिनमा १८७ र १९४ अङ्कचिह्नका उदाहरण छन्।

तालिका नं.१३:२९

लिच्छवि लिपिमा संवत्लेखन (२००+)

		स्रोत
देवनागरी लिच्छवि	संवत् २०० ७ 	व.०:१
देवनागरी लिच्छवि	संवत् २०० ४० २ 	व.०:१
देवनागरी लिच्छवि	संवत् २०० ७० १ 	नो.८९:१

माथिको तालिकामा २०७ बाट शुरू भएका संवत्का केही नमूनाहरूलाई प्रस्तुत गरिएको छ। यसमा **संवत् २०७** लेख्नका लागि पहिले २०० को अङ्कचिह्न लिच्छविलिपिको **आ** वर्ण लेखी त्यसभन्दा दायाँपट्टि ७ को अङ्कचिह्न लेखिएको छ। उतिखेर यही क्रमले मिलाएर संवत् २७१ सम्मको अङ्कचिह्नलाई समेत लेख्ने प्रचलन थियो।

यहाँ **संवत् २०७** भन्ने पदावली हनूमान्ढोकाको अभिलेख (व.०:१)[२१] बाट लिइएको होभने **संवत् २४२ चैत्रशुक्लदिवासप्तम्याम्** भन्ने पदावली हाँडिगाउँ

---

[२०] धनवज्र वज्राचार्य, "लिच्छविकालका अभिलेखमा देखा परेका संवत्का अङ्कको निर्णय" **पूर्णिमा** पूर्णाङ्क १९, २०२५, पृ.१८८।

[२१] Gautamavajra Vajracharya, "Recently Discovered Inscriptions of Licchavi Nepal" Kailash (Journal of Himalayan Studies) Vol. 1 NO. 2, 1973, p. 112-135.

भीमननीको अभिलेख (व.०:१)[२२] बाट लिइएको हो। यिनमा २०७ र २४२ अङ्कचिह्नका उदाहरण छन्। **संवत् २७१ वैशाखशुक्लदिवपञ्चम्याम्** भन्ने पदावली चाँगुको अभिलेख (नो.८९:१) बाट लिइएको हो। यसमा २७१ अङ्कचिह्नको उदाहरण दिइएको छ।

यसरी यस अध्यायमा एकदेखि नौसम्मका नौ ओटा अङ्क; दश, बीस, तीस, चालीस, पचास, साठी, सत्तरी, असी र नब्बे जनाउने नौ ओटा अङ्क; एक सय, दुई सय, तीन सय, चार सय, पाँच सय, छ सय, सात सय, आठ सय र नौ सयका नौ ओटा अङ्क एवं एक हजारको एक अङ्क समेत जम्मा अठ्ठाईस किसिमका अङ्कचिह्नहरूद्वारा लिच्छविकालमा अङ्कलेखन-पद्धति प्रचलनमा रहेको थियो भन्ने कुराको विवेचना उदाहरणसहित प्रस्तुत गरिएको छ।

⁂

---

[२२] धनवज्र वज्राचार्य, "लिच्छविकालका अभिलेखमा देखा परेका संवत्‌का अङ्कको निर्णय" **पूर्णिमा** पूर्णाङ्क १९, २०२५, पृ.१८९।

अध्याय : चौथ

लिच्छविकालका अभिलेखमा विविध चिह्नहरू

लिच्छविकालका अभिलेखहरूको अध्ययन गर्दा तिनमा विविध किसिमका चिह्नहरू उत्कीर्ण गरिएका पाइन्छन्। यी अभिलेखहरूमा हलन्त चिह्न, अनुस्वारचिह्न, विसर्गचिह्न, काकपदचिह्न विरामचिह्न, एकदण्डचिह्न, द्विदण्डचिह्न, समाप्तिचिह्नहरू उत्कीर्ण गरिएका हुन्छन्। यसका अतिरिक्त अभिलेखहरूको शिरोभागमा कलश,शङ्ख, चक्र, वृष, मृग, पुष्प, रथचक्र लगायतका आकृतिसमेत कुँदिएका पाइन्छन्। यस अध्यायमा यस्तै चिह्नहरूको विषयमा प्रकाश पारिएको छ।

कुनै पनि शब्दको अन्त्यमा लगाइने स्वररहित व्यञ्जन वर्णलाई हलन्त भनिन्छ, खुलाएर भन्ने होभने हलन्त भन्नाले खुट्टा काटेको वर्णलाई जनाउँछ। संस्कृत साहित्यमा मघवान् (इन्द्र), सुहृद् (मित्र), राजन् (राजा) जस्ता पुंलिङ्गी हलन्त शब्दहरू तथा विद्युत् (बिजुली), विपद् (आपत्ति), सरित् (खोला) जस्ता स्त्रीलिङ्गी शब्दहरू एवं इदम् (यो), अहन् (दिन), तपस् (तपस्या) जस्ता नपुंसकलिङ्गी हलन्त शब्दहरू प्रचलित छन्। यस्ता शब्दहरूलाई तथा अन्य अवस्थामा हलन्त शब्दहरूलाई लेख्दासमेत लिच्छवि लिपिमा हलन्त चिह्न अहिलेको देवनागरी लिपिको जस्तो एकै किसिमको थिएन, फरक फरक आकृतिका हलन्त चिह्नहरू थिए।

यसका अतिरिक्त, यस अध्यायमा लिच्छवि अभिलेखहरूको शिरोभागमा रहेका चिह्नहरूको विषयमासमेत प्रकाश पार्ने प्रयास गरिएको छ। लिच्छविकालमा शासनसम्बन्धी व्यवस्था बाँधेर यसलाई जनताको माझमा पुऱ्याउन तथा यही बेहोरालाई चिरस्थायी बनाउनसमेत शासकहरूले राजाज्ञालाई शिलापट्टमा उत्कीर्ण गरेर राख्दथे। यसरी शासकीय व्यवस्थाको बेहोरालाई शिलामा उत्कीर्ण गरेर राख्ने प्रचलन भएको र शिलापट्टका अक्षरहरू धेरै कालसम्म टिकिरहनसक्ने हुनाले नै हामीहरू अहिले आएर शदियौं अघिदेखिको व्यवस्थाका विषयमासमेत अध्ययन गर्न सक्ने अवस्थामा भएका छौं। यस किसिमको व्यवस्था ताम्रपत्र, ताडपत्र लगायतका साधनहरूमामात्र लेखिराख्ने गरेको भए ती साधनहरू चाँडै नै मासिएर जाने थिए र अहिले पढ्न पाउने सम्भावना कमै हुने थियो। परन्तु लिच्छविकालमा यस्तो बेहोरा धेरैजसो शिलामा नै लेखेर राख्ने प्रचलन भएको हुनाले हामीलाई अहिले यस विषयमा अध्ययन गर्ने राम्रो अवसर प्राप्त हुन सकेको छ।

लिच्छवि अभिलेखहरूमा उत्कीर्ण हलन्त चिह्नहरूको बारेमा तलका तालिकाहरूमा स्पष्ट पारिएको छ –

तालिका नं.१४:१

लिच्छवि लिपिको वर्णमा हलन्तचिह्न – किसिम नं. १

वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण लेखी त्यस वर्णलाई बायाँपट्टिको वर्णमा सानो रेखाद्वारा जोडिएको

देवनागरी	लिच्छवि	स्रोत
द्गर्व्वितम्		नो.१:१८
र्ज्जगिमवान्		नो.१:१६
दिवम्		नो.१:१४

नदीम्		नो.१:२३
पण्डितान्		रे.५:१
माद्यम्		रे.२७:७१
रूपम्		रे.५:४
विपश्चितम्		रे.२७:६४
विराजितम्		प.०:३
संवत्		रे.५:५

माथिको तालिकामा लिच्छवि लिपिमा हलन्त लेख्नका लागि जुन वर्णले हलन्तको उच्चारण गर्नुपर्ने हो, सो वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण लेखी त्यस वर्णलाई बायाँपट्टिको वर्णमा सानो रेखाद्वारा जोडिएका शब्दहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ मानदेवको चाँगुको अभिलेख (नो.१:१८) मा **द्गर्व्वितम्** लेख्दा हलन्त **म्** वर्णलाई सानो आकृतिमा लेखी त्यस वर्णलाई बायाँपट्टिको वर्ण **त** मा सानो रेखाद्वारा जोडिएको पाइन्छभने यही अभिलेख (नो.१:१६) मा **ञ्जरिमवान्** लेख्दा हलन्त **न्** वर्णलाई सानो आकृतिमा लेखी त्यस वर्णलाई बायाँ पट्टिको वर्ण **वा** मा सानो रेखाद्वारा जोडिएको पाइन्छ । यही अभिलेख (नो.१:१४) मा **दिवम्** लेख्दा हलन्त **म्** वर्णलाई सानो आकृतिमा लेखी त्यस वर्णलाई बायाँपट्टिको वर्ण **व** मा सानो रेखाद्वारा जोडिएको पाइन्छभने यही अभिलेख (नो.१:२३) मा **नदीम्** लेख्दा हलन्त **म्** वर्णलाई सानो आकृतिमा लेखी त्यस वर्णलाई बायाँपट्टिको वर्ण

दी मा सानो रेखाद्वारा जोडिएको पाइन्छ। क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:१) मा **पण्डितान्** लेख्दा हलन्त **न्** वर्णलाई सानो आकृतिमा लेखी त्यस वर्णलाई बायाँपट्टिको वर्ण **ता** मा सानो रेखाद्वारा जोडिएको पाइन्छ।

हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:७१) मा **माद्यम्** लेख्दा पनि हलन्त **म्** वर्णलाई सानो आकृतिमा लेखी त्यस वर्णलाई बायाँपट्टिको वर्ण **द्य** मा सानो रेखाद्वारा जोडिएको पाइन्छभने क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:४) मा **रूपम्** लेख्दा यसै गरी हलन्त **म्** वर्णलाई सानो आकृतिमा लेखी त्यस वर्णलाई बायाँपट्टिको वर्ण **प** मा सानो रेखाद्वारा जोडिएको पाइन्छ।

हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:६४) मा **विपश्चितम्** लेख्दा हलन्त **म्** वर्णलाई सानो आकृतिमा लेखी त्यस वर्णलाई बायाँपट्टिको वर्ण **त** मा सानो रेखाद्वारा जोडिएको पाइन्छभने चावहिलको अभिलेख (प.०:३) मा **विराजितम्** लेख्दा हलन्त **म्** वर्णलाई सानो आकृतिमा लेखी त्यस वर्णलाई बायाँपट्टिको वर्ण **त** मा सानो रेखाद्वारा जोडिएको पाइन्छ।

क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:५) मा **संवत्** लेख्दा यसै गरी हलन्त **त्** वर्णलाई सानो आकृतिमा लेखी त्यस वर्णलाई बायाँपट्टिको वर्ण **व** मा सानो रेखाद्वारा जोडिएको पाइन्छ।

तालिका नं.१४:२

लिच्छवि लिपिको वर्णमा हलन्तचिह्न – किसिम नं. २

वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त वर्ण लेखेर उक्त वर्णको तलपट्टि बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको

देवनागरी	लिच्छवि	स्रोत
अष्टम्याम्		रे.७९:१३
त्रयोदश्याम्		रे.७४:२३

त्रयोदश्याम्		रे.१२८:३७
तृतीयस्याम्		रे.१४०:१८
दशाम्याम्		रे.१२५:८
पञ्चम्याम्		रे.७७:१६
पञ्चम्याम्		नो.८४:१२
पौर्णमास्याम्		व.०:२
र्भवितव्यम्		रे.७६:१६
संवत्		नो.८१:३५
संवत्		रे.१४०:१८
स्तुवन्		नो.८१:२७

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त वर्ण लेखेर उक्त वर्णको तलपट्टि बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएका शब्दहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्। यसरी शिरोरेखामा समान मिल्ने गरी लेखिएका हलन्त वर्ण कतै अन्य वर्णको तुलनामा

अलि सानो आकृतिका देखिन्छन्, कतै समान आकृतिका पनि देखिन्छन्। यी सबैलाई यहाँ एकै रूपमा वर्गीकरण गरिएको छ।

यहाँ अंशुवर्माको नक्साल भन्सारहिटीको अभिलेख (रे.७९:१३) मा **अष्टम्याम्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त **म्** वर्ण लेखी त्यस वर्णको तलपट्टि बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको छभने अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२३) मा **त्रयोदश्याम्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त **म्** वर्ण लेखी त्यस वर्णको तलपट्टि बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको छ। यसै गरी नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:३७) मा **त्रयोदश्याम्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त **म्** वर्ण लेखी त्यस वर्णको तलपट्टि बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको छभने मीननाथको अभिलेख (रे.१४०:१८) मा **तृतीयस्याम्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त **म्** वर्ण लेखी त्यस वर्णको तलपट्टि बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको छ।

बलम्बूको अभिलेख (रे.१२५:८) मा **दशम्याम्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त **म्** वर्ण लेखी त्यस वर्णको तलपट्टि बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको छभने अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१६) मा **पञ्चम्याम्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त **म्** वर्ण लेखी त्यस वर्णको तलपट्टि बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको छ। शिवदेवको नारायणचौरको अभिलेख (नो.८४:१२) मा **पञ्चम्याम्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त **म्** वर्ण लेखी त्यस वर्णको तलपट्टि बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको छभने इन्द्रको पादपीठको अभिलेख (व.०:२)[१] मा **पौर्णमास्याम्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त **म्** वर्ण लेखी त्यस वर्णको तलपट्टि बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको छ।

---

[१] Gautama V. Vajracharya, "Corrected Reading of a Nepali Inscription" **Burlin Indological Studies** no 22, 2015, p. 153.

अंशुवर्माको पाटन सुन्धाराको अभिलेख (रे.७६:१६) मा **र्भवितव्यम्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त **म्** वर्ण लेखी त्यस वर्णको तलपट्टि बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको छ। जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३५) मा **संवत्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त **त्** वर्ण लेखी त्यस वर्णको तलपट्टि बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको छभने मीननाथको अभिलेख (रे.१४०:१८) मा **संवत्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त **त्** वर्ण लेखी त्यस वर्णको तलपट्टि बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको छ। जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२७) मा **स्तुवन्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त **न्** वर्ण लेखी त्यस वर्णको तलपट्टि बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको छ।

तालिका नं.१४:३

लिच्छवि लिपिको वर्णमा हलन्तचिह्न - किसिम नं. ३

वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण लेखी उक्त हलन्त वर्णको शिरोभागमा बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको

देवनागरी	लिच्छवि	स्रोत
दशम्याम्		रे.५५:१५
द्वादश्याम्		रे.६०:१९
द्विश्वरूपम्		नो.५९:५
वारिप्रवाहाम्		रे.११०:४
शुक्लषष्ठ्याम्		रे.६९:२२

संवत्		रे.५४:१५
संवत्		रे.५५:१५
संवत्		रे.५७:१४
संवत्		रे.६३:१८
संवत्		रे.६६:१८
संवत्		रे.७७:१६
संवत्		नोः४१:२२

माथिको तालिकामा लिच्छवि लिपिमा हलन्त लेखनका लागि वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण लेखी उक्त हलन्त वर्णको शिरोभागमा बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएका शब्दहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे.५५:१५) मा **दशम्याम्** लेख्दा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण **म्** लेखी उक्त हलन्त वर्णको शिरोभागमा बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको

छभने शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:१९) मा **द्वादश्याम्** लेख्दा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण **म्** लेखी उक्त हलन्त वर्णको शिरोभागमा बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको पाइन्छ। पशुपति छत्रचण्डेश्वरको अभिलेख (नो.५९:५) मा **द्विश्वरूपम्** लेख्दा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण **म्** लेखी उक्त हलन्त वर्णको शिरोभागमा बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको पाइन्छभने चाँगुनारायणको विष्णुगुप्तको अभिलेख (रे.११०:४) मा **वारिप्रवाहाम्** लेख्दा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण **म्** लेखी उक्त हलन्त वर्णको शिरोभागमा बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको पाइन्छ।

अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.६९:२२) मा **शुक्लषष्ठयाम्** लेख्दा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण **म्** लेखी उक्त हलन्त वर्णको शिरोभागमा बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको पाइन्छभने शिवदेव+अंशुवर्माको पाटन भीमसेनस्थानको अभिलेख (रे.५४:१५) मा **संवत्** लेख्दा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण **त्** लेखी उक्त हलन्त वर्णको शिरोभागमा बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको पाइन्छ। यसमा हलन्त चिह्न अलि तलैसम्म तन्किएको पनि देखिन्छ। शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेख (रे.५५:१५) मा **संवत्** लेख्दा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण **त्** लेखी उक्त हलन्त वर्णको शिरोभागमा बायाँदेखि दायाँतर्फ झुकेको हलन्तचिह्न दिइएको पाइन्छभने शिवदेव+अंशुवर्माको धर्मस्थलीको अभिलेख (रे.५७:१४)मा **संवत्** लेख्दा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण **त्** लेखी उक्त हलन्त वर्णको शिरोभागमा बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको पाइन्छ।

शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:१८) मा **संवत्** लेख्दा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण **त्** लेखी उक्त हलन्त वर्णको शिरोभागमा बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको पाइन्छभने ज्यावहालनिरको अभिलेख (रे.६६:१८) मा **संवत्** लेख्दा यसै गरी वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण **त्** लेखी उक्त हलन्त

वर्णको शिरोभागमा बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको पाइन्छ। अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१६) मा **संवत्** लेख्दा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण **त्** लेखी उक्त हलन्त वर्णको शिरोभागमा बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको पाइन्छभने अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:२२) मा **संवत्** लेख्दा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण **त्** लेखी उक्त हलन्त वर्णको शिरोभागमा बायाँदेखि दायाँतर्फ झुकेको हलन्त चिह्न दिइएको पाइन्छ।

तालिका नं.१४:४

लिच्छवि लिपिको वर्णमा हलन्तचिह्न – किसिम नं.४

वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त वर्ण लेखेर उक्त वर्णको तलपट्टि लिच्छवि लिपिको किसिम नं. १ बमोजिमको दीर्घ ऊकारको मात्राचिह्नजस्तो हलन्त चिह्न दिइएको

देवनागरी	लिच्छवि	स्रोत
दिवादशम्याम्		नो.२९:२९
दिवाद्वादश्याम्		रे.५९:१८
पञ्चम्याम्		रे.५६:१८
शुक्लदशम्याम्		रे.६८:१४
शुक्लद्वादश्याम्		रे.६२:२२

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त वर्ण लेखेर उक्त वर्णको तलपट्टि लिच्छवि लिपिको किसिम नं.१ बमोजिमको दीर्घ ऊकारको मात्राचिह्नजस्तो हलन्त चिह्न दिइएका शब्दहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ शिवदेव+अंशुवर्माको टोखाको अभिलेख (नो.२९:२९) मा **दिवादशम्याम्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त वर्ण **म्** लेखेर उक्त वर्णको तलपट्टि लिच्छवि लिपिको किसिम नं. १ बमोजिमको दीर्घ ऊकारको मात्राचिह्नजस्तो हलन्त चिह्न दिइएको छभने शिवदेव+अंशुवर्माको बूढानीलकण्ठको अभिलेख (रे.५९:१८) मा **दिवाद्वादश्याम्** लेख्दा पनि वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त वर्ण **म्** लेखेर उक्त वर्णको तलपट्टि लिच्छवि लिपिको किसिम नं. १ बमोजिमको दीर्घ ऊकारको मात्राचिह्नजस्तो हलन्त चिह्न दिइएको छ।

शिवदेव+अंशुवर्माको धर्मस्थलीको अभिलेख (रे.५६:१८)मा **पञ्चम्याम्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त वर्ण **म्** लेखेर उक्त वर्णको तलपट्टि लिच्छवि लिपिको किसिम नं. १ बमोजिमको दीर्घ ऊकारको मात्राचिह्नजस्तो हलन्त चिह्न दिइएको छभने अंशुवर्माको बुङ्मतीको अभिलेख (रे.६८:१४) मा **शुक्लदशम्याम्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी **म्** हलन्त वर्ण लेखेर उक्त वर्णको तलपट्टि लिच्छवि लिपिको किसिम नं.१ बमोजिमको दीर्घ ऊकारको मात्राचिह्नजस्तो हलन्त चिह्न दिइएको छ। शिवदेव+अंशुवर्माको धर्मपुरको अभिलेख (रे.६२:२२) मा **शुक्लद्वादश्याम्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त वर्ण **म्** लेखेर उक्त वर्णको तलपट्टि लिच्छवि लिपिको किसिम नं. १ बमोजिमको दीर्घ ऊकारको मात्राचिह्नजस्तो हलन्त चिह्न दिइएको छ।

तालिका नं.१४:५

लिच्छवि लिपिको वर्णमा हलन्तचिह्न – किसिम नं.५

वर्णको शिरोरेखामा समान मिल्ने गरी अथवा अलि तल हलन्त वर्ण लेखेर उक्त वर्णको तलपट्टि देवनागरी लिपिको दीर्घ ऊकारको मात्राचिह्नजस्तो हलन्त चिह्न दिइएको

देवनागरी	लिच्छवि	स्रोत
द्वादश्याम्		रे.५७:१५
सप्तम्याम्		रे.६६:१९

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको शिरोरेखामा समान मिल्ने गरी अथवा अलि तल हलन्त वर्ण लेखेर उक्त वर्णको तलपट्टि देवनागरी लिपिको दीर्घ ऊकारको मात्राचिह्नजस्तो हलन्त चिह्न दिइएका शब्दहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ शिवदेव+अंशुवर्माको धर्मस्थलीको अभिलेख रे.५७:१५) मा **द्वादश्याम्** लेख्दा वर्णको शिरोरेखामा समान मिल्ने गरी हलन्त वर्ण **म्** लेखेर उक्त वर्णको तलपट्टि देवनागरी लिपिको दीर्घ ऊकारको मात्राचिह्नजस्तो हलन्त चिह्न दिइएको छ भने ज्यावहालनिरको अभिलेख (रे.६६:१९) मा **सप्तम्याम्** लेख्दा वर्णको शिरोरेखाभन्दा अलि तल हलन्त वर्ण **म्** लेखेर उक्त वर्णको तलपट्टि देवनागरी लिपिको दीर्घ ऊकारको मात्राचिह्नजस्तो हलन्त चिह्न दिइएको छ ।

तालिका नं.१४:६

लिच्छवि लिपिको वर्णमा हलन्तचिह्न - किसिम नं. ६

वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण लेखिएको, वर्णको तल-माथि कतै पनि हलन्त चिह्नचाहिँ नदिइएको

देवनागरी	लिच्छवि	स्रोत
तदव्यात्		रे.४५:८
देवकुलानाम्		रे.७४:१५
पञ्चम्याम्		रा.०:१६
व्यापिभावात्		रे.२७:६२
संवत्		रे.४१:१५

माथिको तालिकामा लिच्छवि लिपिमा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त वर्ण लेखिएका, वर्णको तल-माथि कतै पनि हलन्त चिह्नचाहिँ नदिइएका शब्दहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

यहाँ स्वामिवार्त्तको पशुपतिको अभिलेख (रे.४५:८) मा **तदव्यात्** लेख्दा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त त् वर्ण लेखिएको र वर्णको तल-माथि कतै पनि हलन्त चिह्नचाहिँ दिइएको देखिँदैनभने अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१५) मा **देवकुलानाम्** लेख्दा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त त् वर्ण लेखिएको र वर्णको तल-माथि कतै पनि हलन्त चिह्नचाहिँ दिइएको देखिँदैन। अंशुवर्माको गोकर्ण महाङ्कालस्थानको अभिलेख (रा.०:१६) मा **देवकुलानाम्** लेख्दा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा

हलन्त **म्** वर्ण लेखिएको र वर्णको तल-माथि कतै पनि हलन्त चिह्नचाहिँ दिइएको देखिँदैनभने हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:६२) मा **व्यापिभावात्** लेख्दा वर्णको शिरोरेखा भन्दा तल सानो आकृतिमा हलन्त **त्** वर्ण लेखिएको र वर्णको तल-माथि कतै पनि हलन्त चिह्नचाहिँ दिइएको देखिँदैन। गणदेव+भौमगुप्तको किसिपिँडीको अभिलेख (रे.४१:१५) मा **संवत्** लेख्दा वर्णको शिरोरेखाभन्दा तल सानो आकृतिमा हलन्त **त्** वर्ण लेखिएको र वर्णको तल-माथि कतै पनि हलन्त चिह्नचाहिँ दिइएको देखिँदैन।

यसरी लिच्छविकालका अभिलेखहरूमा हलन्त चिह्न ६ किसिमका देखिएका छन् भन्ने कुरालाई उदाहरणसहित प्रष्ट पारिएको छ।

तालिका नं.१४:७

लिच्छवि लिपिको वर्णमा अनुस्वारचिह्न - किसिम नं. १

वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको

देवनागरी	लिच्छवि	स्रोत
इत्येवं		रे.१२५:२
केषाञ्चिन्नेतुं		रे.९७:१३
ग्राह्यं		नो.७०:२२
तं वयन्न		रे.७७:१३
नियमितं		रे.८०:१६
परिमितं		रे.४५:३

पारम्पर्य्यमेवं		रे.१२५:५
मिथुनं		रे.४५:१
यथायं		नो.७४:४
युष्माकं		नो.५०:११
शरीरमात्रं		नो.७३:१०
संक्षेपतः		नो.१:२०
संस्कारादि		नो.७०:१६
संवत्		रे.१२५:९
संस्थाप्य		नो.१:१५

माथिको तालिकामा लिच्छवि लिपिमा अनुस्वार लेख्नका लागि वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएका शब्दहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ बलम्बूको अभिलेख (रे.१२५:२) मा **इत्येवं** लेख्दा **व** वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको छभने ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:१३) मा

केषाञ्चिन्नेतुं लेख्दा **त** वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको छ। यसै गरी नरेन्द्रदेवको ललितपुर गैह्रीधाराको अभिलेख (नो.७०:२२) मा **ग्राह्यं** लेख्दा **ह्य** वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको छभने नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.७७:१३) मा **तं वयन्न** लेख्दा **त** वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको छ।

अंशुवर्माको देउपाटनको अभिलेख (रे.८०:१६) मा **नियमितं** लेख्दा **त** वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको छभने स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:३) मा **परिमितं** लेख्दा **त** वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको छ। बलम्बूको अभिलेख (रे.१२५:५) मा **पारम्पर्य्यमेवं** लेख्दा **व** वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको छभने स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेख (रे.४५:१) मा **मिथुनं** लेख्दा **न** वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको छ।

नरेन्द्रदेवको यागवहालको अभिलेख (नो.७४:४) मा **यथायं** लेख्दा **य** वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको छभने ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (नो.५०:११) मा **युष्माकं** लेख्दा **क** वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको छ। नरेन्द्रदेवको वज्रघरको अभिलेख (नो.७३:१०) मा **शरीरमात्रं** लेख्दा **त्र** वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको छभने मानदेवको चाँगुको अभिलेख (नो.१:२०) मा **संक्षेपतः** लेख्दा **स** वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको छ।

नरेन्द्रदेवको ललितपुर गैह्लीधाराको अभिलेख (नो.७०:१६) मा **संस्कारादि** लेख्दा **स** वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको छभने बलम्बूको अभिलेख (रे.१२५:९) मा **संवत्** लेख्दा **स** वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको छ। मानदेवको चाँगुको अभिलेख (नो.१:१५) मा **संस्थाप्य** लेख्दा **स** वर्णको शिरोरेखामाथि सानो वृत्तको आकारको अर्थात् बीचमा प्वाल परेको अनुस्वारचिह्न दिइएको छ।

तालिका नं.१४:८

लिच्छवि लिपिको वर्णमा अनुस्वारचिह्न – किसिम नं. २

वर्णको शिरोरेखामाथि सानो बिन्दुको आकारको अनुस्वारचिह्न दिइएको

देवनागरी	लिच्छवि	स्रोत
क्रमाभ्यागतां		नो.६९:२
चरितं		नो.८१:१७
धर्म्मं		रे.२७:३३
मभिनवं		नो.८१:१९
मुचितकरं		रे.२५:४
मुल्लंघ्यान्यथा		रे.२०:२१

यं स्तौति		नो.८१:२६
यंत्रोदपानं		नो.६९:४
विष्टरं किं		नो.८१:१९
शुल्मुं		रे.२०:६
संवत्		रे.१४०:१८

माथिको तालिकामा लिच्छवि लिपिमा अनुस्वार लेख्नका लागि वर्णको शिरोरेखामाथि सानो बिन्दुको आकारको अनुस्वारचिह्न दिइएका शब्दहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:२) मा **क्रमाभ्यागतां** लेख्दा **त** वर्णको शिरोरेखामाथि सानो बिन्दुको आकारको अनुस्वारचिह्न दिइएको छभने जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१: १७) मा **चरितं** लेख्दा **त** वर्णको शिरोरेखामाथि सानो बिन्दुको आकारको अनुस्वारचिह्न दिइएको छ। हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७: ३३) मा **धर्म्मं** लेख्दा **र्म्म** वर्णको शिरोरेखामाथि सानो बिन्दुको आकारको अनुस्वारचिह्न दिइएको छभने जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१: १९) मा **मभिनवं** लेख्दा **व** वर्णको शिरोरेखामाथि सानो बिन्दुको आकारको अनुस्वारचिह्न दिइएको छ। किसिपिंडीको अभिलेख (रे.२५:४)मा **मुचितकरं** लेख्दा **र** वर्णको शिरोरेखामाथि सानो बिन्दुको आकारको अनुस्वारचिह्न दिइएको छभने वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:२१) मा **मुल्लंघ्यान्यथा** लेख्दा **ल्ल** वर्णको शिरोरेखामाथि सानो बिन्दुको आकारको अनुस्वारचिह्न दिइएको छ।

जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:२६) मा **यं स्तौति** लेख्दा **य** वर्णको शिरोरेखामाथि सानो बिन्दुको आकारको अनुस्वारचिह्न दिइएको छभने नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख (नो.६९:४) मा **यंत्रोदपानं** लेख्दा **य** वर्णको तथा **न** वर्णको शिरोरेखामाथि सानो बिन्दुको आकारको अनुस्वारचिह्न दिइएका छन् । जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:१९) मा **विष्टरं किं** लेख्दा **र** वर्ण तथा **कि** वर्णको शिरोरेखामाथि सानो बिन्दुको आकारको अनुस्वारचिह्न दिइएका छन्भने वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख (रे.२०:६) मा **शुल्मुं** लेख्दा **ल्मु** वर्णको शिरोरेखामाथि सानो बिन्दुको आकारको अनुस्वारचिह्न दिइएको छ । मीननाथको अभिलेख (रे.१४०:१८) मा **संवत्** लेख्दा **स** वर्णको शिरोरेखामाथि सानो बिन्दुको आकारको अनुस्वारचिह्न दिइएको छ ।

तालिका नं.१४:९

लिच्छवि लिपिको वर्णमा विसर्गचिह्न – किसिम नं.१

वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना वृत्तजस्तो अर्थात् बीचमा प्वाल परेको दुईओटा विसर्गचिह्न दिइएको

देवनागरी	लिच्छवि	स्रोत
गुणचन्द्रः		रे.६०:१८
तत्पूर्वजैः		नो.४१:१२
नरपतिः		रे.७३:३
निर्भीः		नो.१:१६
पाञ्चालिकेभ्यः		रे.७६:१२

पाञ्चाल्याः		रे.७४:१७
मम नृपाः		नो.१:८
म्मर्यादाबन्धः		रे.७४:२०
रियम्भूमिः		रे.७७:७
वार्त्तः		रे.४५:११
शनकैः		नो.१:१८
शार्ङ्गपाणेः		रे.११०:३

माथिको तालिकामा लिच्छवि लिपिमा विसर्ग लेख्नका लागि वर्णको दाहिनापट्टि तल माथि गरेर दुईओटा स-साना वृत्तजस्ता अर्थात् बीचमा प्वाल परेका विसर्गचिह्न दिइएका शब्दहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ शिवदेव+अंशुवर्माको सतुङ्गलको अभिलेख (रे.६०:१८) मा **गुणचन्द्रः** लेख्दा **न्द्र** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना वृत्तजस्ता अर्थात् बीचमा प्वाल परेका विसर्गचिह्न दिइएका छन्‌भने अंशुवर्माको देउपाटनको अभिलेख (नो.४१:१२) मा **तत्पूर्वजैः** लेख्दा **जै** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना वृत्तजस्ता अर्थात् बीचमा प्वाल परेका विसर्ग चिह्न दिइएका छन् । अंशुवर्माको चाँगुनारायणको अभिलेख (रे.७३:३) मा **न्नरपतिः** लेख्दा **ति** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना वृत्तजस्ता अर्थात् बीचमा प्वाल परेका विसर्गचिह्न

दिइएका छन्भने मानदेवको चाँगुनारायणको अभिलेख (नो.१:१६) मा **निर्भीः** लेख्दा **र्भी** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना वृत्तजस्ता अर्थात् बीचमा प्वाल परेका विसर्गचिह्न दिइएका छन् ।

अंशुवर्माको पाटन सुन्धाराको अभिलेख (रे.७६:१२) मा **पाञ्चालिकेभ्यः** लेख्दा **भ्य** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना वृत्तजस्ता अर्थात् बीचमा प्वाल परेका विसर्गचिह्न दिइएका छन्भने अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१७) मा **पाञ्चाल्याः** लेख्दा **ल्या** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना वृत्तजस्ता अर्थात् बीचमा प्वाल परेका विसर्गचिह्न दिइएका छन् । मानदेवको चाँगुको अभिलेख (नो.१:८) मा **मम नृपाः** लेख्दा **प** वर्णको दाहिनापट्टि तलमाथि गरेर स-साना वृत्तजस्ता अर्थात् बीचमा प्वाल परेका विसर्गचिह्न दिइएका छन्भने अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२०) मा **म्मर्यादाबन्धः** लेख्दा **न्ध** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना वृत्तजस्ता अर्थात् बीचमा प्वाल परेका विसर्गचिह्न दिइएका छन् ।

अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:७) मा **रियम्भूमिः** लेख्दा **मि** वर्णको दाहिनापट्टि तलमाथि गरेर स-साना वृत्तजस्ता अर्थात् बीचमा प्वाल परेका विसर्गचिह्न दिइएका छन्भने स्वामिवार्त्तको पशुपति देवपाटनको अभिलेख (रे.४५:११) मा **वार्त्तः** लेख्दा **र्त्त** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना वृत्तजस्ता अर्थात् बीचमा प्वाल परेका विसर्गचिह्न दिइएका छन् । मानदेवको चाँगुको अभिलेख (नो.१:१८) मा **शनकैः** लेख्दा **कै** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना वृत्तजस्ता अर्थात् बीचमा प्वाल परेका विसर्गचिह्न दिइएका छन्भने विष्णुगुप्तको चाँगुनारायणको अभिलेख (रे.११०:३) मा **शार्ङ्गपाणेः** लेख्दा **णे** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना वृत्तजस्ता अर्थात् बीचमा प्वाल परेका विसर्गचिह्न दिइएका छन् ।

तालिका नं.१४:१०

लिच्छवि लिपिको वर्णमा विसर्गचिह्न – किसिम नं.२

वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना दुई बिन्दुजस्ता विसर्गचिह्न दिइएको

देवनागरी	लिच्छवि	स्रोत
कालाप्रतीतेः		रे.२७:६१
कुटुम्विनः		रे.५९:४
कुतार्क्किकैः		रे.२७:४१
गणदेवः		रे.३९:२
न्दण्डः		रे.९७:१६
ददन्तः		रे.२५:४
निवासिनः		रे.५६:४
प्रसादः		रे.६३:८
प्रसादो वः		रे.५६:११

प्रावेश्यः		रे.५८:९
भूपतिभिः		रे.७५:१५

माथिको तालिकामा लिच्छवि लिपिमा विसर्ग लेख्नका लागि वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना दुई बिन्दुजस्ता विसर्गचिह्न दिइएका शब्दहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ हाँडिगाउँको सत्यनारायणस्थानको अभिलेख (रे.२७:६१) मा **कालाप्रतीतेः** लेख्दा **ते** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना बिन्दुजस्ता विसर्गचिह्न दिइएका छन्भने शिवदेव+अंशुवर्माको बूढानीलकण्ठस्थानको अभिलेख (रे.५९:४) मा **कुटुम्बिनः** लेख्दा **न** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना बिन्दुजस्ता विसर्गचिह्न दिइएका छन् । हाँडिगाउँको सत्यनारायणस्थानको अभिलेख (रे.२७: ४१) मा **कुताक्र्किकैः** लेख्दा **कै** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना बिन्दुजस्ता विसर्ग चिह्न दिइएका छन्भने गणदेव+भौमगुप्तको बलम्बूको अभिलेख (रे.३९:२) मा **गणदेवः** लेख्दा **व** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना बिन्दुजस्ता विसर्गचिह्न दिइएका छन् ।

ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको (रे.९७:१६) मा **न्दण्डः** लेख्दा **ण्ड** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना बिन्दुजस्ता विसर्गचिह्न दिइएका छन्भने वसन्तदेवको किसिपिंडीको अभिलेख (रे.२५:४) मा **ददन्तः** लेख्दा **न्त** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना बिन्दुजस्ता विसर्गचिह्न दिइएका छन् । शिवदेव+अंशुवर्माको तुलाछेँटोलको (रे.५६:४) मा **निवासिनः** लेख्दा **न** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना बिन्दुजस्ता विसर्गचिह्न दिइएका छन्भने शिवदेव+अंशुवर्माको खोपासीको अभिलेख (रे.६३:८) मा **प्रसादः** लेख्दा **द** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना बिन्दुजस्ता विसर्गचिह्न दिइएका छन् ।

शिवदेव+अंशुवर्माको तुलाछेँटोलको अभिलेख (रे.५६:११) मा **प्रसादो वः** लेख्दा **व** वर्णको दाहिना पट्टि तल माथि गरेर स-साना बिन्दुजस्ता विसर्गचिह्न दिइएका छन्भने शिवदेव+अंशुवर्माको बनेपाको अभिलेख (रे.५८:९) मा **प्रावेश्यः** लेख्दा **श्य** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना बिन्दुजस्ता विसर्गचिह्न दिइएका छन् । अंशुवर्माको साँगाको अभिलेख (रे.७५:१५) मा **भूपतिभिः** लेख्दा **भि** वर्णको दाहिनापट्टि तल माथि गरेर स-साना बिन्दुजस्ता विसर्गचिह्न दिइएका छन् ।

तालिका नं.१४:११

लिच्छवि लिपिमा काकपदचिह्न

देवनागरी	लिच्छवि	स्रोत
आभीरी		नो.१६:१
मनुत्तरज्ञनावाप्तये		रा.०:१
महासामन्ते		रा.०:२
शाक्यभिक्षुण्या		व.०:१
श्रावणशुक्ल		नो.१९ग:१६
संवत् वर्षशत		रे.४८:७

लिच्छवि अभिलेखहरूमा शब्दहरू उत्कीर्ण गर्दा कुनै वर्ण छुटेमा, काकपदचिह्न दिई वा नदिई छुटेको वर्णलाई पंक्तिको नजीकै, दायाँ बायाँ वा खाली ठाउँमा उत्कीर्ण गर्ने प्रचलन रहेको थियो। माथिको तालिकामा यस्तै किसिमले छुटेका वर्णहरूलाई काकपद चिह्न दिई वा नदिई थपिएका उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

आभीरी गोमिनीको पशुपतिको अभिलेख (नो.१६:१) मा ॐ वर्णपछि **आभीरी** लेख्दा **भी** वर्ण लेखन-क्रममा छुटेकोले **आ** तथा **री** वर्णको बीचमा काकपदचिह्न दिई छुटेको सो **भी** वर्ण **आ** वर्णको तल थपिएको छ। यसै गरी रामदेव+क्रमलीलको पाटन गुइतवहीको अभिलेखमा पनि यसका उदाहरणहरू पाइन्छन् ।[२] उक्त अभिलेख (रा.०:१) मा **मनुत्तरज्ञानावाप्तये** लेख्दा **त्त** वर्ण लेखन-क्रममा छुटेकोले छुटेको सो **त्त** वर्ण **नु** तथा **र** वर्णको बीचमा तलपट्टि थपिएको छ। यही अभिलेख (रा.०:२) मा **महासामन्ते** लेख्दा **म** वर्ण लेखन-क्रममा छुटेकोले छुटेको सो **म** वर्ण **सा** तथा **न्ते** वर्णको बीचमा तलपट्टि थपिएको छ।

हाल क्लिभल्याण्ड म्यूजियममा रहेको भगवान् बुद्धको उभिएको ढलोटको मूर्तिको पादपीठमा रहेको अभिलेख (व.०:१) मा[३] **शाक्यभिक्षुण्या** लेख्दा **क्य** वर्ण लेखन-क्रममा छुटेकोले छुटेको सो **क्य** वर्ण **शा** तथा **भि** वर्णको बीचमा तलपट्टि थपिएको छ।

गणदेव+भौमगुप्तको किसिपिँडीको अभिलेख (नो.१९ग:१६) मा **श्रावणशुक्ल** लेख्दा **व** वर्णपछि लेखन-क्रममा **ण** वर्ण छुटेकोले **व** तथा **शु** वर्णको बीचमा काकपदचिह्न दिई छुटेको सो **ण** वर्णलाई पंक्तिभन्दा तल थपिएको छ। शङ्खमूल सिकुवहीको अभिलेख (रे.४८:७) मा **संवत् वर्षशत** लेख्दा संवत्को **व** वर्णपछि लेखन-क्रममा हलन्त **त्** वर्ण छुटेकोले संवत्को व तथा वर्षशतको **व** को बीचमा काकपद चिह्न दिई छुटेको सो **त्** वर्णलाई पंक्तिभन्दा तल थपिएको छ।

---

[२] श्यामसुन्दर राजवंशी, “पाटन गुइतवहीको अप्रकाशित लिच्छविकालका अभिलेख” **अभिलेख** पूर्णाङ्क ३३, २०७२, पृ.७६ ।

[३] Cleveland Museum मा अवस्थित Standing Buddha को पादपीठमा रहेको अभिलेख।

तालिका नं.१४:१२

लिच्छवि लिपिमा संक्षिप्त शब्दरूप

देवनागरी	लिच्छवि	स्रोत
दिव ६		रे.२९:१८
दिव ७		रे.५:५
दिव १० ३		नो.९:१
प १		रे.७४:१३
पु ३		रे.७४:१३
भू ३०		रे.२६:३
मा २		नो.१७:५
मानि		रे.९:५
विं मा २		रे.९७:१८
शु दिव		रे.१२:७

शुक्ल २		रे.९७:२१
शुक्ल दिव ५		रे.२२:१७
श्रा शुदि ५		प.०:२

लिच्छवि अभिलेखहरूमा शब्दहरू लेख्दा यदाकदा शब्दको संक्षिप्त रूप पनि उत्कीर्ण गरिएको पाइन्छ। माथिको तालिकामा यस्तै किसिमले संक्षिप्त रूपमा लेखिएका वर्ण एवं शब्दांशहरूका उदाहरण प्रस्तुत गरिएका छन्।

यहाँ वसन्तदेवको पासिङ्ख्यको अभिलेख (रे.२९:१८) मा **षष्ठी** तिथि जनाउनका लागि **दिव ६** भनी ६ को अङ्कचिह्न दिइएको छ। यसै गरी क्षेमसुन्दरीको लाजिम्पाटको अभिलेख (रे.५:५) मा **सप्तमी** तिथि जनाउनका लागि **दिव ७** भनी ७ को अङ्कचिह्न लेखिएको छ।

मानदेवको पालाको, निरपेक्षको चाँगुको अभिलेख (नो.९:१) मा **त्रयोदशी** तिथि जनाउनका लागि **दिव १० ३** अङ्कको प्रयोग गरिएको छ। अनि अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:१३) मा **पण** शब्द जनाउनको लागि त्यसको संक्षिप्त रूप **प** मात्र लेखिएको छ। यही अभिलेख (रे.७४:१३) मा **पुराण** शब्द जनाउनको लागि त्यसको संक्षिप्त रूप **पु** मात्र लेखिएको छ। वसन्तदेवको पालाको खपिंछेको अभिलेख (रे.२६:३) मा **भूमि** शब्द जनाउनको लागि त्यसको संक्षिप्त रूप **भू** मात्र लेखिएको पाइन्छ। रामदेवको पालाको मृगस्थली जाने बाटोको अभिलेख (नो. १७:५) मा **मानिका** शब्द जनाउनको लागि त्यसको संक्षिप्त रूप **मा** मात्र लेखिएको छ।

यसै गरी मानदेवको पालाको देउपाटनको अभिलेख (रे.९:५) मा **मानिका** शब्द जनाउनको लागि त्यसको संक्षिप्त रूप **मानि** मात्र लेखिएको छ। ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:१८)मा **विंशतिकया**

मानिका शब्दावली जनाउनको लागि त्यसको संक्षिप्त रूप **विं मा** मात्र लेखिएको छ। चाबहिलको अभिलेख (रे.१२:७) मा **शुक्लदिव** शब्द जनाउनको लागि त्यसको संक्षिप्त रूप **शु दिव** मात्र लेखिएको छ। ध्रुवदेव+जिष्णुगुप्तको छिन्नमस्ताको अभिलेख (रे.९७:२१) मा **द्वितीया** तिथि जनाउनका लागि **शुक्ल २** भनी २ अङ्कको प्रयोग गरिएको छ। वसन्तदेवको पाटन बाहालुखाको अभिलेख (रे.२२: १७) मा **पञ्चमी** तिथि जनाउनका लागि शुक्ल दिव **५** भनी **५** को अङ्कचिह्न लेखिएको छ। साँखु साल्खाटोलको अभिलेख (प.०:२)[४] मा **श्रा शुदि ५** लेखी श्रावण महीना जनाउनको लागि त्यसको संक्षिप्त रूप **श्रा** मात्र लेखिएको छ।

तालिका नं.१४:१३

लिच्छवि लिपिमा विरामचिह्न

देवनागरी	लिच्छवि	स्रोत
कुशली,		नो.५२:७
खातकः,		नो.५५:१३
खातकः,		नो.५५:१४
पञ्चविङ्श,		प.०:३
प्रियजीवः,		नो.६७:२४
मनोभिर्भाव्यं,		रे.१४०:१६

---

[४] महेशराज पन्त र अरू, "लिच्छविकालका २ बौद्ध शिलालेख" **पूर्णिमा पूर्णाङ्क** १४१, २०७१, पृ. ७

मार्गखातकः,		नो.५५:१२
लच्छागोमी,		रे.६४:१६
वार्त्तेन,		रे.३०:२

आजभोलि नेपाली व्याकरणअनुसार पादविराम वा अल्पविराम, अर्द्धविराम तथा पूर्णविराम जस्ता विरामचिह्नहरू नेपाली भाषामा प्रयोग भइआएका छन्। **राम्रो रचना : मीठो नेपाली** नामक पुस्तकमा यी चिह्नहरूबारे यसरी परिभाषित गरिएको छ – “पादविराम चिह्न (,) पद, वाक्यांश वा खण्डवाक्य छुट्याउँदा र सम्बोधनमा छोटो अडानका निम्ति लाग्दछ। खास गरी लामो र मिश्रित वाक्यलाई छुट्याउन र वाक्यको सम्बन्ध अलि परको देखाउनुपरेमा वाक्यमा अर्द्धविराम चिह्न (;) को प्रयोग हुन्छ। वाक्य पूरा भएपछि अडानका निम्ति पूर्णविराम चिह्न (।) लाग्छ।”[५]

लिच्छविकालका अभिलेखहरूको अध्ययन गर्दा यस समयमा विरामचिह्नहरूको स्पष्ट परिभाषा गरिएको थियो भन्ने कुरा थाहा पाउन सकिएको छैन। भए पनि माथि तालिकामा प्रस्तुत गरिएअनुसार अहिले यहाँ पादविरामको चिह्नजस्तो आकृतिको विषयमा स्पष्ट पार्ने प्रयास गरिएको छ।

माथिको तालिकामा लिच्छवि लिपिमा पादविराम चिह्न (,) जनाउनका लागि वर्णको दाहिनापट्टि बीचमा तेर्सो परेको अनि दायाँपट्टि अलि घुमेको चिह्न भएका शब्दहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

लिच्छविकालका अभिलेख ग्रन्थका स्रष्टा धनवज्र वज्राचार्यले पनि यो विरामचिह्नलाई एकरूपले पढ्नुभएको देखिँदैन। ध्रुवदेव+जिष्णुगुप्तको

---

[५] कृष्णप्रसाद पराजुली, **राम्रो रचना : मीठो नेपाली**, काठमाडौँ : सहयोगी प्रेस, २०४२ (सातौँ संस्करण) पृ.१८४-१८५।

मीननारायणको अभिलेख (नो.५२:७) मा **कुशली**, लेख्दा **ली** वर्णको दाहिनापट्टि बीचमा तेर्सो परेको अनि दायाँपट्टि अलि घुमेको यस्तो चिह्न लगाइएको पाइन्छ। यस चिह्नलाई धनवज्रले पादविराम पाठ (,) पढ्नुभएको छ। पशुपति भस्मेश्वरको अभिलेख (रे.३०:२) मा **ध्रुवसङ्घवार्त्तेन**, लेख्दा **न** वर्णको दाहिनापट्टि बीचमा तेर्सो परेको अनि दायाँपट्टि अलि घुमेको चिह्न लगाइएको छ। यस चिह्नलाई धनवज्र वज्राचार्यले अङ्क १ को पाठ पढ्नुभएको छ र यसलाई नेपालीमा अनुवाद गर्दा केही अर्थ गर्नुभएको छैन।[६]

भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूको अभिलेखमा यस्तो चिह्न तीन ठाउँमा रहेका देखिन्छन्। पहिलो चिह्न (नो.५५:१२) मा **मार्गखातकः**, लेख्दा **क** वर्णको दाहिनापट्टि, दोस्रो चिह्न (नो.५५:१३) मा **दक्षिणखातकः**, लेख्दा **क** वर्णको दाहिनापट्टि अनि तेस्रो चिह्न (नो.५५:१४) मा **श्मशानखातकः**, लेख्दा **क** वर्णको दाहिनापट्टि बीचमा तेर्सो परेको अनि दायाँपट्टि अलि घुमेको चिह्न लगाइएका पाइन्छन्। यस चिह्नलाई धनवज्र वज्राचार्यले दुई ठाउँ (नो.५५:१२) मा र (नो.५५:१३) मा पादविरामको पाठ (,) पढ्नुभएको छभने एक ठाउँ (नो.५५:१४) माचाहिँ पूर्णविरामचिह्नको पाठ (।) नै पढ्नुभएको छ। नरेन्द्र देवको भन्सारचोकको अभिलेख (नो.६७:२४) मा **प्रियजीव** पछि यस्तो चिह्न आएको छ। यसलाईचाहिँ धनवज्र वज्राचार्यले केही पनि पढ्नुभएको छैन। पाटन मङ्गलबजारको अभिलेख (प.०:२?) मा **पञ्चविङ्श** पछि यस्तो चिह्न आएकोमा महेशराज पन्तले पनि यस चिह्नलाई १ अङ्कको पाठ पढ्नुभएको छ। परन्तु यो चिह्न १ को अङ्कचिह्न नभएर पादविरामचिह्न हो भन्ने कुरा सन्दर्भश्री पत्रिकामा स्पष्ट पारिसकिएको छ।[७]

लिच्छवि लिपिमा पादविरामचिह्न र १ को अङ्कचिह्न आकृतिमा उस्तै उस्तै देखिन्छन्। त्यसैले यसमा यदाकदा संशय हुने देखिन्छ। यसै ग्रन्थको

---

[६] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिविवि, २०३०, पृ.१५५, पृ.४०७, पृ.४२०।

[७] नयनाथ पौडेल, "इतिहास-संशोधन–एउटा लेख", **सन्दर्भश्री** (साउन, भदौ र असोज २०७२) पृ.१६।

लिच्छविकालको संख्यालेखनपद्धति भन्ने शीर्षक-अन्तर्गत १ अङ्कको विषयमा उपलब्ध प्रतिच्छविका आधारमा विस्तारपूर्वक प्रकाश पारिएको छ। खास गरेर यस सम्बन्धमा सम्झनुपर्ने कुरा के देखिन्छभने १ को अङ्क जनाउने चिह्नरेखा वर्णको दायाँपट्टि बीचमा तेर्सो परेको हुन्छ र विरामचिह्नको तुलनामा अलि सीधा पनि हुन्छ। अनि विरामलाई जनाउने चिह्नचाहिँ १ को अङ्कचिह्नको तुलनामा अलि छोटो हुन्छ र चिह्नरेखा दायाँपट्टि अलि घुमेको हुन्छ, अलि अलि झुकेको हुन्छ।

यहाँ ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणनजीकैको अभिलेख (नो.५२:७) मा **कुशली** शब्दपछि यस किसिमको पादविराम-चिह्न (,) लेखिएको छ। यसै गरी भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूको अभिलेख (नो.५५:१३)मा **खातकः** शब्दपछि यस किसिमको पादविराम-चिह्न (,) लेखिएको छ। यही अभिलेख (नो.५५:१४) मा अर्को **खातकः** शब्दपछि पनि यस किसिमको पादविराम-चिह्न (,) लेखिएको छ।

पाटन हःखागल्लीको अभिलेख (प.०:३) मा **पञ्चविङ्श** शब्दपछि यस किसिमको पादविराम-चिह्न (,) लेखिएको छ। नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:२४) मा **प्रियजीवः** शब्दपछि यस किसिमको पादविराम-चिह्न (,) लेखिएको छ। मीननाथको अभिलेख (रे.१४०:१६) मा **मनोभिर्भाव्यम्** शब्दपछि यस किसिमको पादविराम-चिह्न (,) लेखिएको छ।

भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूको अभिलेख (नो.५५:१२)मा **मार्गखातकः** शब्दपछि यस किसिमको पादविराम-चिह्न (,) लेखिएको छ। शिवदेव+अंशुवर्माको धापासीको अभिलेख (रे.६४:१६) मा **लच्छागोमी** शब्दपछि यस किसिमको पादविराम-चिह्न (,) लेखिएको छ। पशुपति भस्मेश्वरको अभिलेख (रे.३०:२) मा **वार्त्तेन** शब्दपछि यस किसिमको पादविराम-चिह्न (,) लेखिएको छ।

तालिका नं.१४:१४

लिच्छवि लिपिमा एकदण्डचिह्न – अहिलेको पूर्णविरामचिह्नजस्तो एउटा चिह्न।

देवनागरी	लिच्छवि	स्रोत
तथा चाह।		रे.१४०:१६
प्रतापो नृपः।		नो.८१:३५
विजयदेवः।		रे.१४०:१८

माथिको तालिकामा लिच्छवि लिपिमा एकदण्डचिह्न (अहिलेको पूर्णविरामचिह्न। जस्तो) चिह्न भएका शब्दहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन्।

लिच्छविकालका कतिपय अभिलेखहरूमा एकदण्डचिह्नको आकृति (अहिलेको पूर्णविरामचिह्न जस्तो एउटा चिह्न। भएको) पाइन्छन्। यी चिह्नहरू एकै किसिमको भए पनि तिनको प्रयोग विभिन्न प्रसङ्गमा भइआएको देखिन्छ।

पहिलो प्रसङ्ग –लिच्छविकालका अभिलेखहरूमा सिलसिलेवार लेखाइमा विषयान्तर हुन गएको कुरा अथवा अर्कै प्रसङ्ग आएको कुरालाई जनाउन एकदण्डचिह्नको आकृति प्रयोग भएको देखिन्छ।

मीननाथको अभिलेख (रे.१४०:१६) मा **तथा चाह** लेखिसकेपछि यस किसिमको (।) एकदण्ड चिह्नको आकृति लगाइएको देखिन्छ। यसमा पूर्वराजाहरूले बाँधेको स्थितिलाई भावी राजाहरूले पालना गर्नुपर्छ भनी आफ्नो तर्फबाट स्पष्ट पारी धर्मशास्त्रहरूमा पनि भनिएको छ भनी अर्को प्रसङ्ग जनाउनको लागि यो एकदण्डचिह्नको प्रयोग भएको देखिन्छ। यसै गरी यही

अभिलेख (रे.१४०:१८)मा **श्रीविजयदेवः** लेखिसकेपछि यस किसिमको (।) एकदण्ड चिह्नको आकृति लगाइएको देखिन्छ। यसमा राजाज्ञाको सबै बेहोरा लेखी यी सबै कार्य दूतक विजयदेवमार्फत भएका हुन् भन्ने कुरा स्पष्ट पारी अर्कै प्रसङ्ग आएको कुरालाई जनाउन अर्थात् संवत्को उल्लेख गर्नुभन्दा अगाडि यस किसिमको (।) एकदण्ड चिह्नको आकृति लगाइएको देखिन्छ।

दोस्रो प्रसङ्ग – यस समयका कतिपय अभिलेखहरूमा विभिन्न किसिमका छन्दहरूको प्रयोग गरिएको पाइन्छ। ती छन्दहरू लेख्दा चार पाउको छन्दमा दुई पाउ लेखेपछि यस्तो चिह्नको प्रयोग गरिएको देखिन्छ। जयदेव द्वितीयको पशुपतिको अभिलेख (नो.८१:३५) मा शार्दूलविक्रीडित छन्दमा लेखिएको श्लोकको दुई पाउ पूरा गरी **लब्धप्रतापो नृपः** लेखिसकेपछि यस किसिमको (।) एकदण्डचिह्नको आकृति लगाइएको देखिन्छ।

तालिका नं.१४:१५

लिच्छवि लिपिमा द्विदण्डचिह्न–अहिलेको पूर्णविरामचिह्नजस्तो दुइटा चिह्न ।। पहिलो थरी

देवनागरी	लिच्छवि	स्रोत
कारितमत्युदारं		नो.८१:३२
तदव्यात् ।।		रे.४५:८
त्युच्चकैः ।।		रे.११७:४
पुनरंशुवर्म्मा १ ।।		रे.७३:३

पुनरंशुवर्मा १ ॥		ख.०:३
मावसन्ति ॥		रे.४५:१०
यद्भक्तितः ॥		रे.४५:११
लिच्छवीनाम् ॥		नो.६७:३
वारिप्रवाहाम् ॥		रे.११०:४
शयानाम् ॥		रे.४५:७
शौरीश्वराय ॥		रे.४५:२

लिच्छविकालका कतिपय अभिलेखहरूमा द्विदण्डचिह्नको आकृति (अहिलेको पूर्णविरामचिह्न जस्तो दुइटा चिह्न ॥ भएको अर्थात् पहिलो रेखाको शिरमा बायाँपट्टि तथा दोस्रो रेखाको शिरमा दायाँपट्टि स-साना रेखा जोडिएको) पाइन्छन् । यी चिह्नहरू एकै किसिमको भए पनि तिनको प्रयोग विभिन्न प्रसङ्गमा भइआएको देखिन्छ ।

पहिलो प्रसङ्ग – चार पाउको श्लोक लेखिकेपछि आजभोलि जसरी द्विदण्डको चिह्न दिइन्छ, त्यसै गरी लिच्छविकालका अभिलेखहरूमा पनि चार पाउको श्लोक पूर्ण रूपमा लेखिसकेपछि द्विदण्ड चिह्नको प्रयोग भएको पाइन्छ ।

द्विदण्डचिह्नको दोस्रो प्रसङ्ग – द्विदण्डचिह्नको आकृति एकै किसिमको भए पनि लिच्छविकालका अभिलेखहरूमा सिलसिलेवार लेखाइमा विषयान्तर

हुन गएको कुरा अथवा अर्कै प्रसङ्ग आएको कुरालाई जनाउन द्विदण्डचिह्नको प्रयोग भएको देखिन्छ ।

द्विदण्डचिह्नको तेस्रो प्रसङ्ग – द्विदण्डचिह्नको आकृति एकै किसिमको भए पनि अभिलेखको पूरै बेहोरा सकिएपछि समाप्तिचिह्न जनाउन द्विदण्डचिह्नको प्रयोग भएको देखिन्छ । अभिलेखहरूलाई हेर्दा समाप्तिचिह्नको रूपमा यस चिह्नको प्रयोग भएपछि कहिले यत्तिमै सबै बेहोरा समाप्त गरिएको पाइन्छभने कहिले द्विदण्डचिह्न, त्यसपछि फूलबुट्टा त्यसपछि फेरि द्विदण्डचिह्न, त्यसपछि विभिन्न किसिमका समाप्तिचिह्नहरू पनि उत्कीर्ण गरिएका पाइन्छन् । जे भए पनि अभिलेखको समाप्तिमा द्विदण्डचिह्नको प्रयोगभने धेरै ठाउँमा पाइन्छन् ।

माथिको तालिकामा लिच्छवि लिपिमा द्विदण्डचिह्नको आकृति एकै किसिमको भए पनि पहिलो थरीको प्रसङ्गअनुरूप चार पाउको श्लोक लेखिकेपछि आजभोलि जसरी द्विदण्डको चिह्न दिइन्छ, त्यसै गरी लिच्छविकालका अभिलेखहरूमा पनि चार पाउको श्लोक पूर्ण रूपमा लेखिसकेपछि द्विदण्डचिह्नको प्रयोग भएका शब्द एवं चिह्नहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

जयदेव द्वितीयले वि.सं. ७९० मा भगवान् श्रीपशुपतिनाथमा चाँदीको आठ पात भएको सुनको केशर भएको कमल चढाई राख्न लगाएको अभिलेखमा जम्माजम्मी ३४ पद्य लेखिएका छन् । यी पद्यहरूमा श्लोकको चारौं पाउको समाप्तिपछि यस्तै द्विदण्डचिह्न दिइएको पाइन्छ । यहाँ नमूनाको लागि यस अभिलेखको एकतीसौं श्लोकको समाप्तिमा **कारितमत्युदारम्** (नो.८१:३२) लेखिसकेपछि छन्दको चारौं पाउ सकिएको जनाउन यस्तै प्रकारको द्विदण्डचिह्न (॥) दिइएको उदाहरण प्रस्तुत गरिएको छ ।

स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेखमा तेस्रो श्लोक मन्दाक्रान्ता छन्दको छ र त्यसको चार पाउको अन्तिम शब्दावली **तदव्यात्** (रे.४५:८) लेखिसकेपछि छन्दको चारौं पाउ सकिएको जनाउन यस्तै प्रकारको शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) दिइएको पाइन्छ । नरेन्द्रदेवको यज्ञालहिटीको अभिलेखमा पहिलो श्लोक शार्दूलविक्रीडित छन्दको छ र त्यसको चार पाउको

अन्तिम शब्दावली **त्युच्चकैः** (रे.११७:४) लेखिसकेपछि छन्दको चारौं पाउ सकिएको जनाउन यस्तै प्रकारको शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) दिइएको पाइन्छ।

अंशुवर्माको चाँगुनारायणको अभिलेखमा दुई पद्य लेखिएका छन्। पहिलो पद्य अनुष्टुभ् छन्दको होभने दोस्रो पद्य वसन्ततिलका छन्दको हो। यसमा पहिलो श्लोकको चारौं पाउको समाप्तिपछि अर्थात् **सवितुर्दिने** शब्दावलीपछि १ को अङ्कचिह्न दिइएको छ, द्विदण्डचिह्नचाहिँ देखिँदैन। दोस्रो श्लोकको चारौं पाउको अन्तिम शब्दावली **पुनरंशुवर्मा** (रे.७३:३) पछि २ को अङ्कचिह्न र त्यसपछि द्विदण्डचिह्न (॥) दिइएको देखिन्छ। लिपिविशेषज्ञहरूले अभिलेखको प्रतिच्छविलाई कति ध्यानपूर्वक परीक्षण गर्नुपर्ने हुन्छ भन्ने कुराको उदाहरणको रूपमा यो अभिलेख रहेको देखिन्छ। किनभने, डिल्लीरमण रेग्मीको पुस्तकमा छापिएको यस अभिलेखको प्रतिच्छवि सीसाकलमले लिएकोजस्तो देखिन्छ, त्यसैले यस अभिलेखको अन्तिम शब्दावली **पुनरंशुवर्मा** (रे.७३:३) शब्दावलीपछि रहेको द्विदण्डचिह्न यस प्रतिच्छविमा राम्रोसँग छुट्टिएको देखिँदैन। बरु यस प्रतिच्छविमा द्विदण्डचिह्न जोडिएर सानो बाकसकोजस्तो आकृतिको देखिन्छ। परन्तु मोहनप्रसाद खनालद्वारा सम्पादन गरिएको **चाँगुनारायणका ऐतिहासिक सामग्री** भन्ने ग्रन्थमा प्रकाशित फोटोमा **पुनरंशुवर्मा**(ख.०:३) शब्दावलीपछि २ को अङ्कचिह्न र त्यसपछि स्पष्टसँग नजोडिएको अवस्थामा द्विदण्डचिह्न (॥) रहेको देखिन्छ।[८]

स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेखमा चौथो श्लोक वसन्ततिलका छन्दको छ र त्यसको चार पाउको अन्तिम शब्दावली **मावसन्ति** (रे.४५:१०) लेखिसकेपछि छन्दको चारौं पाउ सकिएको जनाउन यस्तै प्रकारको शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) दिइएको पाइन्छ। यसै गरी यही अभिलेखमा अन्तिम श्लोक शार्दूलविक्रीडित छन्दको छ र त्यसको चार पाउको अन्तिम शब्दावली **यद्भक्तितः** (रे.४५:११) लेखिसकेपछि छन्दको

---

[८] मोहनप्रसाद खनाल, **चाँगुनारायणका ऐतिहासिक सामग्री**, काठमाडौँः नेपाल र एशियाली अध्ययन संस्थान, २०४०, चित्रसंख्या ११।

चारौं पाउ सकिएको जनाउन यस्तै प्रकारको शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) दिइएको पाइन्छ।

नरेन्द्रदेवको भन्सारचोकको अभिलेखको प्रारम्भमा नै वसन्ततिलका छन्दको मङ्गलाचरण श्लोक लेखिएको छ। यस श्लोकको चारौं पाउको समाप्तिपछि **लिच्छवीनाम्** (नो.६७:३) लेखिसकेपछि छन्दको चार पाउ सकिएको जनाउन यस्तै प्रकारको शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) दिइएको छ। विष्णुगुप्तको चाँगुनारायणको अभिलेखमा स्रग्धरा छन्दका तीन पद्यहरू लेखिएका छन्। यस अभिलेखमा ती तिनै पद्यहरूको चारौं-चारौं पाउको समाप्तिपछि यस्तै शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएका छन्। यहाँ दोस्रो श्लोकको चार पाउको अन्तिम शब्दावली **वारिप्रवाहाम्** (रे.११०:४) लेखिसकेपछि छन्दको चारौं पाउ सकिएको जनाउन यस्तै प्रकारको शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) दिइएको पाइन्छ।

स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेखमा दोस्रो श्लोक मन्दाक्रान्ता छन्दको छ, त्यसको चार पाउको अन्तिम शब्दावली **शयानाम्** (रे.४५:७) लेखिसकेपछि छन्दको चारौं पाउ सकिएको जनाउन यस्तै प्रकारको शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) दिइएको पाइन्छ। स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेखमा पहिलो श्लोक स्रग्धरा छन्दको छ र त्यसको चार पाउको अन्तिम शब्दावली **शौरीश्वराय** (रे.४५:२) लेखिसकेपछि छन्दको चारौं पाउ सकिएको जनाउन यस्तै प्रकारको शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) दिइएको पाइन्छ।

माथि स्वामिवार्त्तको पशुपति देउपाटनको अभिलेखमा वक्र आकृतिको द्विदण्ड चिह्न (॥) चार पाउको श्लोकको समाप्तिपछि पाँच ठाउँमा प्रयोग भएको कुरा उदाहरणसहित प्रस्तुत गरिएको छ। यस किसिमको वक्र आकृतिको द्विदण्ड चिह्न (॥) को पाठ पढ्ने प्रसङ्गमा धनवज्र वज्राचार्यले तीन ठाउँमामात्र द्विदण्डचिह्नको पाठ पढ्नुभएको छ, दुई ठाउँमाचाहिँ पढ्नुभएको छैन।[९]

---

[९] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिविवि, २०३०, पृ. १९८-१९९।

तालिका नं.१४:१६

लिच्छवि लिपिमा द्विदण्डचिह्न–अहिलेको पूर्णविरामचिह्नजस्तो दुइटा चिह्न ॥ दोस्रो थरी

देवनागरी	लिच्छवि	स्रोत
गुप्त इति ॥		नो.१३:२२
राज्ञः ॥		नो.८१:३१
वृषवर्म्मा ॥		रे.४६:२२
समाज्ञापना ॥		रे.६३:१७

माथिको तालिकामा लिच्छवि लिपिमा द्विदण्डचिह्नको आकृति (अहिलेको पूर्णविरामचिह्न जस्तो दुइटा चिह्न ॥ भएको अर्थात् पहिलो रेखाको शिरमा बायाँपट्टि तथा दोस्रो रेखाको शिरमा दायाँपट्टि स-साना रेखा जोडिएको) एकै किसिमको भए पनि दोस्रो थरीको प्रसङ्गअनुरूप लिच्छविकालका अभिलेखहरूमा सिलसिलेवार लेखाइमा विषयान्तर हुन गएको कुरा अथवा अर्कै प्रसङ्ग आएको कुरालाई जनाउन द्विदण्ड चिह्नको प्रयोग भएका शब्द एवं चिह्नहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

यहाँ वसन्तदेवको जैसीदेवलको अभिलेख (नो.१३:२२) मा **गुप्त इति** लेखिसकेपछि शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) दिइएको देखिन्छ । यो अभिलेख वसन्तदेवले स्थानीय शासन-सम्बन्धी व्यवस्था बाँधेर राजाज्ञाको रूपमा राख्न लगाएका थिए । त्यसैले राजाज्ञाको सबै बेहोरा लेखी यी सबै कार्य दूतक रविगुप्तमार्फत भएको हो भन्ने कुरासमेत जनाई यस समयमा मुद्दामामिला हेर्ने व्यक्ति महीशील थिए भन्ने अर्कै प्रसङ्गको कुराको जानकारी

गराउनुभन्दा अगाडि यो शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) को प्रयोग भएको देखिन्छ।

जयदेव द्वितीयको पशुपतिको अभिलेखमा ३४ पद्य रहेका छन्। यी पद्यहरूमध्ये ५ पद्य राजा आफैंले बनाएका र अरू पद्य कवि बुद्धकीर्त्तिले बनाएका थिए भन्ने कुरा यसै अभिलेखमा उल्लेख गरिएको छ। यस अभिलेखमा राजाले बनाएको पद्य भन्ने कुरा खुलाउनको लागि **राज्ञः** ॥ भनी प्रसङ्ग छुट्ट्याइएको छ। यहाँ **राज्ञः** (नो.८१:३२) लेखेपछि द्विदण्ड चिह्न (॥) दिइएको छ। यसैले अभिलेखहरूको लेखाइमा विषय परिवर्तन भएपछि सो द्विदण्डचिह्न लगाउने गरिन्थ्यो भन्ने कुरालाई यहाँ स्पष्ट पार्न सकिन्छ।

गङ्गादेवको चपलीगाउँको अभिलेख (रे.४६:२२) मा **वृषवर्म्मा** लेखिसकेपछि शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) दिइएको देखिन्छ। यो अभिलेख गङ्गादेवले स्थानीय शासन-सम्बन्धी व्यवस्था बाँधेर राजाज्ञाको रूपमा राख्न लगाएका थिए। त्यसैले राजाज्ञाको सबै बेहोरा लेखी यी सबै कार्य दूतक वृषवर्म्मामार्फत भएको हो भन्ने कुरा जनाई त्यसपछि संवत् उल्लेख गर्नुभन्दा अघि यस किसिमको शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको देखिन्छ। यहाँ दूतकको नाम दिइसकेपछि संवत् लेखिएको कुरालाई हेर्दा क्रमबद्ध लेखाइमा अर्कै प्रसङ्ग आएको कुरालाई जनाउन लिच्छविकालका अभिलेखहरूमा द्विदण्ड चिह्न लगाउने गरिएको स्पष्ट देखिन्छ।

शिवदेव+अंशुवर्माको खोपासीको अभिलेखमा खोपासी गाउँका बासिन्दाहरूलाई प्रशासन-सम्बन्धी अधिकार सुम्पिई जारी गरिएको राजाज्ञामा, **समाज्ञापना** (रे.६३:१७)(अर्थात् यस आज्ञाको राम्रोसँग पालना गर्नुपर्छ) भन्ने कुरा लेखेपछि शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) दिइएको छ। यसपछि कुन अधिकारीमार्फत यो कार्य सम्पन्न गरिएको हो भन्ने कुरा बुझाउन **दूतकश्चात्र** लेखिएको छ। यसैले क्रमबद्ध लेखाइमा विषयान्तर हुन गएको कुरा अथवा अर्कै प्रसङ्ग आएको कुरालाई जनाउन पनि लिच्छविकालका अभिलेखहरूमा द्विदण्ड चिह्न (॥) लगाउने गरिएको पाइन्छ।

तालिका नं.१४:१७

लिच्छवि लिपिमा द्विदण्डचिह्न–अहिलेको पूर्णविरामचिह्नजस्तो दुइटा चिह्न ॥ तेस्रो थरी

देवनागरी	लिच्छवि	स्रोत
त्रयोदश्याम् ॥		रे.७४:२३
दशम्याम् ॥		रे.२५:८
दशम्याम् ॥		रे.१२५:८
दशम्याम् ॥		नो.२९:२९
द्वादश्याम् ॥		रे.५७:१५
पञ्चम्याम् ॥		रे.७७:१६
पञ्चम्याम् ॥		नो.६७:२४
परमेण ॥		रे.२७:७३

श्रीधरगुप्तः ॥		नो.५७:२५
षष्ठ्याम् ॥		नो.७०:३०
सप्तम्याम् ॥		रे.६६:१९

माथिको तालिकामा लिच्छवि लिपिमा द्विदण्डचिह्नको आकृति (अहिलेको पूर्णविरामचिह्न जस्तो दुइटा चिह्न ॥ भएको अर्थात् पहिलो रेखाको शिरमा बायाँपट्टि तथा दोस्रो रेखाको शिरमा दायाँपट्टि स-साना रेखा जोडिएको) एकै किसिमको भए पनि तेस्रो थरीको प्रसङ्गअनुरूप अभिलेखको पूरै बेहोरा सकिए पछि समाप्तिचिह्न जनाउन द्विदण्डचिह्नको प्रयोग भएका शब्द एवं चिह्नहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

लिच्छविकालका अभिलेखहरूलाई हेर्दा समाप्तिचिह्नको रूपमा यस द्विदण्डचिह्नको प्रयोग भएपछि कहिले यत्तिमै सबै बेहोरा समाप्त गरिएको पाइन्छभने कहिले द्विदण्डचिह्न, त्यसपछि फूलबुट्टा, त्यसपछि फेरि द्विदण्डचिह्न, त्यसपछि विभिन्न किसिमका समाप्तिचिह्नहरू उत्कीर्ण गरिएका पनि पाइन्छन् । जे भए पनि अभिलेखको समाप्तिमा द्विदण्डचिह्नको प्रयोगभने धेरै ठाउँमा पाइन्छ ।

यहाँ अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे.७४:२३) मा **त्रयोदश्याम्** लेखेपछि पूरै अभिलेख समाप्त भएको कुरा जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ र त्यो चिह्नपछि ठूलो, लामो फूलबुट्टाको चिह्न पनि दिइएको छ ।

किसिपिंडीको अभिलेख (रे.२५:८)मा **दशम्याम्** लेखेपछि पूरै अभिलेखको समाप्ति भएको जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ, त्यसपछि फूलबुट्टा लगाइएको छ अनि त्यसपछि फेरि शिरोभागमा

वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ। बलम्बूको अभिलेख (रे.१२५:८) मा **दशम्याम्** लेखेपछि पूरै अभिलेख समाप्त भएको कुरा जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ।

शिवदेव+अंशुवर्माको टोखाको अभिलेख (नो.२९:२९) मा **दशम्याम्** लेखेपछि पूरै अभिलेखको समाप्ति भएको जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ। त्यस चिह्नपछि भित्रपट्टि बिन्दु भएको वृत्तचिह्न अनि त्यसपछि फेरि शिरोभागमा वक्र आकृति भएको द्विदण्ड चिह्न (॥) लगाइएको छ र अन्त्यमा लामो फूलबुट्टाको चिह्न पनि दिइएको छ। शिवदेव+अंशुवर्माको धर्मस्थलीको अभिलेख (रे.५७:१५) मा **द्वादश्याम्** लेखेपछि पूरै अभिलेखको समाप्ति भएको जनाउन शिरोभागमा दुवैतिर वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ। त्यस चिह्नपछि भित्रपट्टि बिन्दु भएको र अन्त्यमा दायाँपट्टि सानो हलन्तचिह्नजस्तो जोडिएको वृत्तचिह्न, अनि त्यसपछि फेरि शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ र अन्त्यमा लामो फूलबुट्टाको चिह्न दिइएको छ। अंशुवर्माको तौखेलको अभिलेख (रे.७७:१६) मा **पञ्चम्याम्** लेखेपछि पूरै अभिलेख समाप्त भएको कुरा जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ।

नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:२४) मा **पञ्चम्याम्** लेखेपछि पूरै अभिलेख समाप्त भएको कुरा जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ। त्यसपछि फूलबुट्टाको चिह्न अनि त्यसपछि फेरि शिरोभागमा वक्रआकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ र अन्त्यमा लामो फूलबुट्टाको चिह्न दिइएको छ। हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:७३) मा **मनुपरमेण** लेखेपछि पूरै अभिलेखको समाप्ति भएको जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्ड चिह्न (॥) लगाइएको छ र त्यसपछि फूलबुट्टा दिइएको छ।

विष्णुगुप्तको मालिगाउँको अभिलेख (नो.५७:२५) मा **श्रीधरगुप्तः** लेखेपछि पूरै अभिलेख समाप्त भएको कुरा जनाउन शिरोभागमा वक्र आकृति

भएको द्विदण्डचिह्न (॥) लगाइएको छ र त्यस पछि ठूलो फूलबुट्टाको चिह्न दिइएको छ। नरेन्द्रदेवको ललितपुर गैह्नीधाराको अभिलेख (नो.७०:३०) (**ष**) **छ्याम्** लेखेपछि पूरै अभिलेख समाप्त भएको कुरा जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ, त्यसपछि ठूलो फूलबुट्टाको चिह्न अनि त्यसपछि फेरि शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ र अन्त्यमा लामो फूलबुट्टाको चिह्न दिइएको छ। ज्यावहालनिरको अभिलेख (रे.६६:१९) मा **सप्तम्याम्** लेखेपछि पूरै अभिलेख समाप्त भएको कुरा जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ। त्यस चिह्नपछि फूलबुट्टाको चिह्न अनि त्यसपछि फेरि द्विदण्डचिह्न (॥) लगाइएको छ र अन्त्यमा लामो फूलबुट्टाको चिह्न दिइएको छ।

तालिका नं.१४: १८

लिच्छवि अभिलेखको शिरोभागमा रहेका चिह्नहरू

अभिलेखको शिरोभागको बीचमा चक्रचिह्न र त्यसको दायाँ बायाँ शङ्खचिह्न रहेका

शासकको नाम	चिह्न र अभिलेखको विवरण	स्रोत
वसन्तदेव	 टिष्टुङ्ग गाउँमा पाठशालाको सामुन्नेको चौरमा रहेको अभिलेखको शिरोभागमा	रे.२१

वसन्तदेव	 काठमाडौं जैसीदेवलमा रहेको अभिलेखको शिरोभागमा	रे.२३
वसन्तदेव	 बलम्बूनजीकै चौकीटारमा रहेको अभिलेखको शिरोभागमा	नो.१५
वसन्तदेव	 बलम्बू पासिङ्ख्यमा रहेको अभिलेखको शिरोभागमा	रे.२९
गणदेव+ भौमगुप्त	 बलम्बूनजीकै चौकीटारमा रहेको अभिलेखको शिरोभागमा	नो.१९

गणदेव+ भौमगुप्त	 बलम्बू लुकुमहाद्यनजीकै रहेको अभिलेखको शिरोभागमा	नो.१९क
गणदेव+ भौमगुप्त	 किसिपिंडी कुलाछैंटोलमा रहेको अभिलेखको शिरोभागमा	नो.१९ख
गणदेव+ भौमगुप्त	 किसिपिंडीमा रहेको अभिलेखको शिरोभागमा	नो.१९ग
गङ्गादेव+ भौमगुप्त	 बूढानीलकण्ठ जाने बाटोमा अवस्थित चपलीगाउँमा रहेको अभिलेखको शिरोभागमा	रे.४६

शिवदेव+ अंशुवर्मा	 बनेपा शहरको बीचमा देवमन्दिरनजीकै रहेको अभिलेखको शिरोभागमा	रे.५८
शिवदेव+ अंशुवर्मा	 भक्तपुर गोलमढीटोलको देवमन्दिरनजीकै रहेको अभिलेखको शिरोभागमा	नो.२४
शिवदेव+ अंशुवर्मा	 भक्तपुर तुलाछेँटोलमा रहेको अभिलेखको शिरोभागमा	नो.२५
शिवदेव+ अंशुवर्मा	 काठमाडौं धर्मस्थलीमा रहेको अभिलेखको शिरोभागमा	रे.५७

शिवदेव+ अंशुवर्मा	 काठमाडौं टोखामा रहेको अभिलेखको शिरोभागमा	नो.२९
शिवदेव+ अंशुवर्मा	 खोपासीको देवस्थलमा रहेको अभिलेखको शिरोभागमा	रे.६३
शिवदेव+ अंशुवर्मा	 काठमाडौं धापासीमा रहेको अभिलेखको शिरोभागमा	रे.६४
शिवदेव+ अंशुवर्मा	 भक्तपुर भौखेलमा रहेको अभिलेखको शिरोभागमा	पन्त

माथिको तालिकामा लिच्छविकालका अभिलेखहरूको शिरोभागको बीचमा चक्रचिह्न र त्यसको दायाँ बायाँ शङ्खचिह्न रहेका उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

शिरोभागको बीचमा चक्रचिह्न र त्यसको दायाँ बायाँ शङ्खचिह्न रहेका अभिलेखहरूमध्ये शासकहरूको नाममा वर्गीकरण गर्दा वसन्तदेवको समयका ४ ओटा, गणदेव+भौमगुप्तका समयको ४ ओटा, गङ्गादेव+भौमगुप्तको समयको १ ओटा, शिवदेव+अंशुवर्माको समयका ८ ओटा, समेत गरी जम्मा १७ उदाहरणहरू रहेका देखिन्छन् ।

तालिका नं.१४:१९

लिच्छवि अभिलेखको शिरोभागमा रहेका चिह्नहरू

अभिलेखको शिरोभागको बीचमा चक्रचिह्न र त्यसको दायाँ बायाँ शङ्खचिह्न रहेका

शासकको नाम	चिह्न र अभिलेखको विवरण	स्रोत
अंशुवर्मा	 हाँडिगाउँ, थटोलमा रहेको अभिलेखको शिरोभागमा	रे.७४
अंशुवर्मा	 पाटन सुन्धारामा रहेको अभिलेखको शिरोभागमा	रे.७६

अंशुवर्मा	 तौखेलमा रहेको अभिलेखको शिरोभागमा	रे.७७
ध्रुवदेव+ जिष्णुगुप्त	 काठमाडौं मीननारायण नजीकै रहेको अभिलेखको शिरोभागमा	रे.९९
भीमार्जुनदेव+ जिष्णुगुप्त	 काठमाडौं यज्ञालहिटीमा रहेको अभिलेखको शिरोभागमा	नो.५८
भीमार्जुनदेव+ जिष्णुगुप्त	 थानकोट नारायणटोल नजीकै रहेको अभिलेखको शिरोभागमा	नो.५६

विष्णुगुप्त	 काठमाडौँ मालीगाउँमा रहेको अभिलेखको शिरोभागमा	नो.५७
भीमार्जुनदेव+ विष्णुगुप्त	 काठमाडौँ यज्ञालहिटीमा रहेको अभिलेखको शिरोभागमा	रे.१०८
नरेन्द्रदेव	 पाटन दरबार भन्सारचोकमा रहेको अभिलेखको शिरोभागमा	नो.६७
नरेन्द्रदेव	 काठमाडौँ यज्ञालहिटीमा रहेको अभिलेखको शिरोभागमा	नो.६६

नरेन्द्रदेव	 पशुपति वज्रघरमा रहेको अभिलेखको शिरोभागमा	रे.१२८
जयदेव	 पाटन मीननाथको मन्दिरनजीकै रहेको अभिलेखको शिरोभागमा	रे.१४५

माथिको तालिकामा लिच्छविकालका अभिलेखहरूको शिरोभागको बीचमा चक्रचिह्न र त्यसको दायाँ बायाँ शङ्खचिह्न रहेका उदाहरणहरू प्रस्तुत गरिएका छन् । यसअघिको तालिकामा शिवदेव+अंशुवर्माको समयसम्मको प्रस्तुत गरिएकोमा यस तालिकामा त्यसपछिको चिह्न दिइएका छन् ।

शिरोभागको बीचमा चक्रचिह्न र त्यसको दायाँ बायाँ शङ्खचिह्न रहेका अभिलेखहरूमध्ये शासकहरूको नाममा वर्गीकरण गर्दा अंशुवर्माको समयका ३ ओटा, ध्रुवदेव+जिष्णुगुप्तका समयको १ ओटा, भीमार्जुनदेव+जिष्णुगुप्तको समयका २ ओटा, विष्णुगुप्तको समयको १ ओटा, भीमार्जुनदेव+ विष्णुगुप्तको समयको १ ओटा, नरेन्द्रदेवको समयका ३ ओटा र जयदेवको समयको १ ओटासमेत गरी जम्मा १२ ओटा उदाहरणहरू रहेका देखिन्छन् ।

तालिका नं.१४:२०

लिच्छवि अभिलेखको शिरोभागमा रहेका चिह्नहरू –

अभिलेखको शिरोभागको बीचमा चक्र र दुईतिर फूलबुट्टासहित शङ्खको चिह्न रहेका

शासकको नाम	चिह्न र अभिलेखको विवरण	स्रोत
अंशुवर्मा	 टिष्टुङ्ग, भटुवालनजीकै खेतमा रहेको अभिलेखको शिरोभागमा	रे.७०

माथिको तालिकामा अंशुवर्माको शासनकालको अभिलेखको शिरोभागको बीचमा चक्रचिह्न र त्यसको दुईतिर फूलबुट्टासहित शङ्खको चिह्न रहेको उदाहरण प्रस्तुत गरिएको छ।

तालिका नं.१४:२१

लिच्छवि अभिलेखको शिरोभागमा रहेका चिह्नहरू

अभिलेखको शिरोभागको बीचमा कलशचिह्न र त्यसको दायाँ बायाँ चक्र र शङ्खका चिह्नहरू रहेका

शासकको नाम	चिह्न र अभिलेखको विवरण	स्रोत
अंशुवर्मा	 ललितपुर, बटुकभैरव मन्दिरनजीकै रहेको अभिलेखको शिरोभागमा	रे.६९

अंशुवर्मा	 टिष्टुङ्ग गाउँको चौरमा रहेको अभिलेखको शिरोभागमा	रे.७१

माथिको तालिकामा अंशुवर्माको शासनकालका अभिलेखको शिरोभागको बीचमा कलशचिह्न र त्यसको दायाँ बायाँ चक्र र शङ्खका चिह्नहरू रहेका दुईओटा उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

तालिका नं.१४:२२

लिच्छवि अभिलेखको शिरोभागमा रहेका चिह्नहरू

अभिलेखको शिरोभागको बीचमा धर्मचक्रचिह्न र त्यसको दायाँ बायाँ मृगचिह्नहरू रहेका

शासकको नाम	चिह्न र अभिलेखको विवरण	स्रोत
शिवदेव+ अंशुवर्मा	 वुग्मतीको मछिन्द्रनाथको मन्दिरनजीकै रहेको अभिलेखको शिरोभागमा	रे.६८
अंशुवर्मा	 मङ्गलबजारको अभिलेखको शिरोभागमा	कान्तिपुर

नरेन्द्रदेव	 वटुकभैरवको अभिलेखको शिरोभागमा	नो.७१

माथिको तालिकामा शिवदेव+अंशुवर्माको[१०] र नरेन्द्रदेवको शासनकालको अभिलेखको शिरोभागको बीचमा धर्मचक्रचिह्न र त्यसको दायाँ बायाँ मृगचिह्नहरू रहेका तीनओटा उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

तालिका नं.१४:२३

लिच्छवि अभिलेखको शिरोभागमा रहेका चिह्नहरू

अभिलेखको शिरोभागको बीचमा बसाहाको चिह्न र त्यसको दायाँ बायाँ त्रिशूलचिह्न रहेका

शासकको नाम	चिह्न र अभिलेखको विवरण	स्रोत
ध्रुवदेव+ जिष्णुगप्त	 इचङ्गुनारायणस्थाननजीकै आदेश्वरको मन्दिरमा रहेको अभिलेखको शिरोभागमा	हेमराज

---

[१०] वि. सं.२०७८ पुस ८ गतेको कान्तिपुर पत्रिकामा प्रमुख समाचारको रूपमा प्रकाशित ।

माथिको तालिकामा ध्रुवदेव+जिष्णुगप्तको शासनकालको अभिलेखको शिरोभागको बीचमा बसाहाको चिह्न र त्यसको दायाँ बायाँ त्रिशूलचिह्न रहेको उदाहरण प्रस्तुत गरिएको छ।

तालिका नं.१४:२४

लिच्छवि अभिलेखको शिरोभागमा रहेका चिह्नहरू

अभिलेखको शिरोभागको बीचमा परशुको चिह्न र त्यसको दायाँ बायाँ चक्र चिह्न रहेका

शासकको नाम	चिह्न र अभिलेखको विवरण	स्रोत
महासामन्त अंशुवर्मा	 साँगाको बजारनजीकै खेतमा रहेको अभिलेखको शिरोभागमा	हेमराज

माथिको तालिकामा महासामन्त अंशुवर्माको शासनकालको अभिलेखको शिरोभागको बीचमा परशुको चिह्न र त्यसको दायाँ बायाँ चक्रचिह्न रहेको उदाहरण प्रस्तुत गरिएको छ। यस अभिलेखको शिरोभागमा रहेको चिह्नको विषयमा धनवज्र वज्राचार्यले[११] तथा हरिराम जोशीले[१२] दुई चक्र अङ्कित छन् भनी लेख्नुभएको छ। परन्तु छापामा अलि गहिरिएर हेरेको खण्डमा बीचमा परशुको चिह्न स्पष्टसँग देख्न सकिन्छ।

---

[११] धनवज्र, वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३ द्वितीय संस्करण, पृष्ठ ३३६।

[१२] हरिराम जोशी, **नेपालको प्राचीन अभिलेख**, काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३०, पृ.२९९।

तालिका नं.१४:२५

लिच्छवि अभिलेखको शिरोभागमा रहेका चिह्नहरू

अभिलेखहरूको शिरोभागमा एक वा दुई चक्रचिह्न रहेका

शासकको नाम	चिह्न र अभिलेखको विवरण	स्रोत
शिवदेव+ अंशुवर्मा	 ललितपुर, लेलेमा रहेको अभिलेखको शिरोभागमा	रे.६५
नरेन्द्रदेव	 देउपाटन कसाईंटोलमा रहेको अभिलेखको शिरोभागमा	नो.६८

माथिको तालिकामा शिवदेव+अंशुवर्मा, एवं नरेन्द्रदेवको शासनकालको अभिलेखको शिरोभागमा एक वा दुई चक्रचिह्न रहेका दुईओटा उदाहरण प्रस्तुत गरिएका छन् ।

तालिका नं.१४:२६

लिच्छवि अभिलेखको शिरोभागमा रहेका चिह्नहरू

अभिलेखको शिरोभागको बीचमा कलश चिह्नमा पुष्पहरू र दायाँ बायाँ मूसाको चिह्न रहेका

शासकको नाम	चिह्न र अभिलेखको विवरण	स्रोत
शिवदेव+ अशुवर्मा	 चाँगुनारायणमन्दिरनजीकै गरुडको पछाडि रहेको अभिलेखको शिरोभागमा	नो.३४

माथिको तालिकामा शिवदेव+अंशुवर्माको शासनकालको अभिलेखको शिरोभागको बीचमा पुष्प सहितको कलश चिह्नमा दायाँ बायाँ मूसाको चिह्न रहेको उदाहरण प्रस्तुत गरिएको छ।

तालिका नं.१४:२७

लिच्छवि अभिलेखहरूको शिरोभागमा रहेका चिह्नहरू

अभिलेखहरूको शिरोभागमा कमलपुष्प अथवा पुष्पविशेषको चिह्न रहेका

शासकको नाम	चिह्न र अभिलेखको विवरण	स्रोत
शिवदेव+ अशुवर्मा	 बूढानीलकण्ठस्थाननजीकै रहेको अभिलेखको शिरोभागमा	रे.५९

भीमार्जुनदेव+ विष्णुगुप्त	 सुनागुठी भृङ्गारेश्वरमन्दिर नजीकै रहेको अभिलेखको शिरोभागमा	रे.१०९
शिवदेव	सुनागुठी भृङ्गारेश्वरमन्दिर नजीकै रहेको अभिलेखको शिरोभागमा	नो.७८
जयदेव	 पशुपतिनाथको मन्दिरनजीकै दक्षिण पश्चिम कुनामा रहेको अभिलेखको शिरोभागमा	रे.१४२

माथिको तालिकामा लिच्छविकालका अभिलेखहरूको शिरोभागमा कमलपुष्प अथवा पुष्पविशेषको चिह्न रहेका उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

शिरोभागको बीचमा कमलपुष्प अथवा पुष्पविशेषको चिह्न रहेका अभिलेखहरूमध्ये शासकहरूको नाममा वर्गीकरण गर्दा शिवदेव+अंशुवर्माको

समयका १ ओटा, भीमार्जुनदेव+विष्णुगुप्तको समयको १ ओटा, शिवदेवको समयको १ ओटा तथा जयदेवको समयको १ ओटा समेत गरी जम्मा ४ ओटा उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

तालिका नं.१४:२८

लिच्छवि अभिलेखहरूको शिरोभागमा रहेका चिह्नहरू

अभिलेखहरूको शिरोभागमा बसाहाको चिह्न रहेका

शासकको नाम	चिह्न र अभिलेखको विवरण	स्रोत
अंशुवर्मा	 नक्साल भन्सारहिटीको पर्खालमा रहेको अभिलेखको शिरोभागमा	रे.७९
अंशुवर्मा	 पशुपति देउपाटनमा गणेशको मूर्तिनजीकै रहेको अभिलेखको शिरोभागमा	नो.४१
अंशुवर्मा	 किसिपिंडी लाछीटोलमा रहेको अभिलेखको शिरोभागमा	नो.४४

ध्रुवदेव+ जिष्णुगुप्त	 इचङ्गु नारायणस्थाननजीकै आदेश्वरमा रहेको अभिलेखको शिरोभागमा	नो.५३
ध्रुवदेव+ जिष्णुगुप्त	 केवलपुर, बसाहाडाँडोमा रहेको अभिलेखको शिरोभागमा	नो.५४
नरेन्द्रदेव	 ललितपुर, गैह्रीधारानजीकै रहेको अभिलेखको शिरोभागमा	नो.७०
नरेन्द्रदेव	 भक्तपुर, अनन्तलिङ्गेश्वरमा रहेको अभिलेखको शिरोभागमा	रे.१२२

नरेन्द्रदेव	 ललितपुर, च्यासलटोलको गणेशस्थाननजीकै रहेको अभिलेखको शिरोभागमा	नो.७२
शिवदेव	 काठमाडौँ, लगनटोलको विष्णुमन्दिरमा रहेको अभिलेखको शिरोभागमा	रे.१३२
शिवदेव	 बलम्बूनजीकै इन्द्रमती खोल्साको किनारमा रहेको अभिलेखको शिरोभागमा	नो.७६
शिवदेव	 नक्साल, नारायणचौरमा रहेको अभिलेखको शिरोभागमा	नो.८४

माथिको तालिकामा लिच्छविकालका अभिलेखहरूको शिरोभागमा बसाहाको चिह्न रहेका उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

शिरोभागको बीचमा बसाहाको चिह्न रहेका अभिलेखहरूमध्ये शासकहरूको नाममा वर्गीकरण गर्दा अंशुवर्माको समयका ३ ओटा, ध्रुवदेव+जिष्णुगुप्तको समयका २ ओटा, नरेन्द्रदेवको समयका ३ ओटा तथा शिवदेवको समयका ३ ओटा समेत गरी जम्मा ११ ओटा उदाहरणहरू उदाहरणहरू प्रस्तुत गरिएका छन् ।

तालिका नं.१४:२९

लिच्छवि अभिलेखहरूको शिरोभागमा रहेका चिह्नहरू

अभिलेखहरूको शिरोभागमा माछाको चिह्न रहेका

शासकको नाम	चिह्न र अभिलेखको विवरण	स्रोत
ध्रुवदेव+ जिष्णुगुप्त	 ललितपुर, छिन्नमस्ता देवीको मन्दिरनजीकै रहेको अभिलेखको शिरोभागमा	रे.९७

माथिको तालिकामा ध्रुवदेव+जिष्णुगुप्तको शासनकालको अभिलेखको शिरोभागमा माछाको चिह्न रहेको उदाहरण प्रस्तुत गरिएको छ ।

तालिका नं.१४:३०

लिच्छवि लिपिमा समाप्तिचिह्न

देवनागरी	लिच्छवि	स्रोत
समाप्तिचिह्न		रे.२५:८
समाप्तिचिह्न		रे.२७:७३
समाप्तिचिह्न		रे.५७:१५
समाप्तिचिह्न		नो.२९:२९
समाप्तिचिह्न		रे.६६:१९
समाप्तिचिह्न		रे.७४:२३
समाप्तिचिह्न		नो.५७:२५
समाप्तिचिह्न		नो.६७:२४

समाप्तिचिह्न		नो.७०:३०
समाप्तिचिह्न		रे.१२८:३७

माथिको तालिकामा लिच्छवि लिपिका अभिलेखहरूमा लेखको बेहोरा सकिएपछि समाप्तिचिह्न लगाइएका केही उदाहरणहरू प्रस्तुत गएिका छन् ।

यहाँ (वसन्तदेवको) किसिपिँडीको अभिलेख (रे.२५:८) मा **प्रथमाषा(ढ) शुक्लदशम्याम्** लेखेपछि पूरै अभिलेखको समाप्ति भएको जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ र त्यसपछि फूलबुट्टा लगाइएको छ अनि त्यसपछि फेरि शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ। यसलाई समाप्तिचिह्नको रूपमा लिनुपर्ने हुन्छ। यसै गरी हाँडिगाउँ सत्यनारायणस्थानको अभिलेख (रे.२७:७३) मा **कृतमनुपरमेण** लेखेपछि पूरै अभिलेखको समाप्ति भएको जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥)लगाइएको छ र त्यसपछि फूलबुट्टा लगाइएको छ। यसलाई पनि समाप्तिचिह्नको रूपमा लिनुपर्ने हुन्छ।

शिवदेव+अंशुवर्माको धर्मस्थलीको अभिलेख (रे.५७:१५) मा **शुक्लदिवाद्वादश्याम्** लेखेपछि पूरै अभिलेखको समाप्ति भएको जनाउन शिरोभागमा दुवैतिर वक्रआकृति भएको द्विदण्डचिह्न(॥) लगाइएको छ, त्यसपछि भित्रपट्टि बिन्दु भएको फूलबुट्टा, त्यसपछि फेरि शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न, भित्रपट्टि बिन्दु भएको र अन्त्यमा दायाँपट्टि सानो हलन्तचिह्नजस्तो जोडिएको वृत्तचिह्नजस्तो लेखिएको, फेरि शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न लगाइएको छ र अन्त्यमा सर्पाकृतिको लामो फूलबुट्टाको समाप्तिचिह्न दिइएको छ। शिवदेव+अंशुवर्माको टोखाको अभिलेख (नो.२९: २९) मा **शुक्लदिवादशम्याम्** लेखेपछि पूरै अभिलेखको समाप्ति भएको जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ, त्यसपछि

भित्रपट्टि बिन्दु भएको वृत्तचिह्न, अनि त्यसपछि फेरि शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न लगाइएको छ र अन्त्यमा सर्प गुँडुल्किएको आकृतिजस्तो चिह्नपछि दायाँपट्टि तेर्सो रेखासहित समाप्तिचिह्न दिइएको छ।

ज्यावहालनिरको अभिलेख (रे.६६:१९) मा **शुक्लदिवासप्तम्याम्** लेखेपछि पूरै अभिलेख समाप्त भएको कुरा जनाउन शिरोभागमा दुवैतिर वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ, त्यसपछि फूलबुट्टाको चिह्न अनि त्यसपछि फेरि शिरोभागमा दुवैतिर वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ र अन्त्यमा सर्पाकृतिको समाप्तिचिह्न दिइएको छ। अंशुवर्माको हाँडिगाउँको अभिलेख (रे. ७४:२३) मा **शुक्लत्रयोदश्याम्** लेखेपछि पूरै अभिलेख समाप्त भएको कुरा जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ र त्यसपछि ठूलो, लाम्चो पुष्पाकृतिको समाप्तिचिह्न दिइएको छ।

विष्णुगुप्तको मालिगाउँको अभिलेख (नो.५७:२५) मा **श्रीयुवराज श्रीधरगुप्तः** लेखेपछि पूरै अभिलेख समाप्त भएको कुरा जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ र त्यसपछि समाप्तिचिह्नस्वरूप ठूलो फूलबुट्टा उत्कीर्ण गरिएको छ। नरेन्द्रदेवको भन्सारचोकको अभिलेख (नो.६७:२४) मा **पौषशुक्लपञ्चम्याम्** लेखेपछि पूरै अभिलेख समाप्त भएको कुरा जनाउन शिरोभागमा द्विदण्डचिह्न (॥)लगाइएको छ, त्यसपछि फूलबुट्टाको चिह्न अनि त्यसपछि फेरि शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न लगाइएको छ र अन्त्यमा सर्पाकृतिको लाम्चो समाप्तिचिह्नसहित फूलबुट्टा दिइएको छ।

नरेन्द्रदेवको ललितपुर, गैह्रीधाराको अभिलेख (नो.७०:३०) **माघशुक्लदिवा(ष)ष्ठ्याम्** लेखेपछि पूरै अभिलेख समाप्त भएको कुरा जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ, त्यसपछि ठूलो फूलबुट्टाको चिह्न अनि त्यसपछि फेरि शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ र अन्त्यमा लाम्चो सर्पाकृतिको समाप्तिचिह्न दिइएको छ। नरेन्द्रदेवको वज्रघरको अभिलेख (रे.१२८:३७) मा **शुक्लदिवात्रयोदश्याम्** लेखेपछि पूरै अभिलेखको समाप्ति जनाउन शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न (॥) लगाइएको छ, त्यसपछि अलिकति खाली

ठाउँ छाडेर फेरि शिरोभागमा वक्र आकृति भएको द्विदण्डचिह्न समाप्तिचिह्नको रूपमा लगाइएको छ।

यसरी यस अध्यायमा लिच्छविकालका अभिलेखहरूमा देखिएका हलन्तचिह्न, अनुस्वारचिह्न, विसर्गचिह्न, काकपदचिह्न, विरामचिह्न, एकदण्डचिह्न, द्विदण्डचिह्न, समाप्तिचिह्नहरूका साथै अभिलेखहरूको शिरोभागमा रहेका कलश, शङ्ख, चक्र, वृष, मृग, पुष्प, रथचक्र लगायतका आकृति एवं चिह्नहरूको विषयमासमेत उदाहरणसहित विवेचना प्रस्तुत गरिएको छ।

⁂

अध्याय : पन्ध्र

प्राचीन अभिलेख अध्ययन गर्ने परम्परा

आजभन्दा २०० वर्षअगाडिको कुरा गर्ने होभने नेपालमा लिच्छविकालका शिलालेखहरू उपलब्ध भए तापनि तिनीहरूको वैज्ञानिक किसिमले अध्ययन एवं अनुसन्धान गर्ने कार्य गर्न त्यति सहज थिएन। हुनत, उपत्यकाका मन्दिर, विहार एवं मठहरूमा रहेका, प्राचीन लिपिमा लेखिएका धार्मिक ग्रन्थहरू बुद्धिजीवीहरूले परम्परागत रूपमा पढ्दै आइरहेका त थिए। परन्तु, उनीहरूमा आधुनिक किसिमले लिच्छवि शिलालेखहरू पढ्ने, त्यसको व्याख्या गर्ने क्षमताको विकास भइसकेको थिएन।

भारतमा त अझ त्यति पनि थिएन। भारतवासीहरूले आफ्नो देशको पुराना लिपिहरू पढ्ने ज्ञान भुसुक्कै बिर्सिसकेका थिए। आफ्नै देशमा धेरै शदीअगाडिदेखि चलिआएको ब्राह्मी लिपि तथा गुप्त लिपिहरू पढ्न सक्ने ज्ञान भारतीयहरूमा लोप भइसकेको थियो।

मुगल शासक फिरोज शाह तुगलकले वि.सं. १४१३ मा हरियाणाको मेरठ एवं अम्बाला जिल्लाको टोपरा नामक स्थानमा रहेका सम्राट् अशोकका दुईओटा स्तम्भलेखहरूलाई उठाएर आफ्नो दरबार दिल्लीमा लगे। फिरोज शाहलाई यी स्तम्भलेखमा के-कस्तो कुरा लेखिएको होला भन्ने कुरा थाहा पाउने जिज्ञासा भएको हुँदा उनले त्यस समयका संस्कृत भाषाका प्रसिद्ध विद्वान्हरूलाई आमन्त्रण

गरी उक्त अभिलेख पढ्नको लागि अनुरोध गरे। परन्तु उक्त स्तम्भमा उत्कीर्ण ब्राह्मी लिपिलाई कसैले पनि पढ्न सकेनन्। यी अभिलेखहरू कसका थिए र त्यसमा के लेखिएको थियो भनी जान्न चाहने फिरोज शाहको इच्छा अधूरै रहेको थियो। यसै गरी मुगल सम्राट् अकबरले पनि त्यतिखेरका प्रतिष्ठित विद्वान्‌हरूलाई बोलाई यी अभिलेखहरूलाई पढ्नको निमित्त धेरै प्रयास गरेका हुन्। यस समयमा पनि उक्त स्तम्भलेखमा लेखिएका अक्षरहरू खुट्ट्याएर कसैले पनि पढ्न सकेनन् र सोह्रौं शदीमासमेत यो प्रयास सफल हुन सकेन; सम्राट्‌को इच्छा अपूरै रह्यो।[1]

भारतमा प्राच्यविद्याको विभिन्न विधाहरूमा अध्ययन अनुसन्धान गर्ने उद्देश्यले वि.सं. १८४० मा एशियाटिक सोसाइटीको स्थापना गरियो। यस संस्थाको पहिलो अध्यक्षको रूपमा भारतका गभर्नर जनरल वारेन हेष्टिङ्ग आफैं रहेका थिए। परन्तु केही महिनापछि यस संस्थाको अध्यक्षता न्यायाधीश सर विलियम जोन्सको काँधमा आइपुग्यो। विद्वान् जोन्सको नेतृत्वमा रहेको यस संस्थाबाट प्राचीन ग्रन्थ, अभिलेख एवं मुद्राहरूको अध्ययन अनुसन्धान गर्ने जस्ता महत्त्वपूर्ण कार्य निरन्तर रूपमा भइरहे। धेरै विद्वान्‌हरूले वर्षौं वर्षसम्म अथक परिश्रम गरी आर्जन गरेको ज्ञानलाई समष्टिगत रूपमा समेटेर एशियाटिक सोसाइटीका सचिव जेम्स प्रिन्सेपले आफ्नो ३८ वर्षको उमेरमा वि.सं. १८९४ मा ब्राह्मी लिपिमा लेखिएका अभिलेख राम्ररी पढ्न सके। यो कार्य यस क्षेत्रमा लागेका विद्वान्‌हरूको निमित्त ठूलो सफलता थियो। त्यसपछि भारतीय इतिहास एवं संस्कृति-सम्बन्धी विषयमा अध्ययन गर्ने महत्त्वपूर्ण प्रवेशद्वार नै खुल्यो। अध्ययन अनुसन्धान गर्ने यही परम्परालाई निरन्तरता दिँदै जेम्स बुर्गेस, एलेक्जेण्डर कनिङ्घम, जे.एफ् फ्लीट, गौरीशंकर हीराचन्द ओझा, जर्ज बूलर, ए. फुहरर लगायतका विद्वान्‌हरूबाट गुप्त लिपिका अभिलेखहरूको अध्ययन गरी व्याख्यासहित विभिन्न ग्रन्थहरू प्रकाशमा आएपछिभने भारतमा प्राचीन अभिलेखहरू पढ्ने कार्यमा महत्त्वपूर्ण उपलब्धि हासिल हुन सक्यो।[२]

---

[1] गौरीशङ्कर हीराचन्द ओझा, **भारतीय प्राचीन लिपिमाला**, नयाँ दिल्लीः मुंशीराम मनोहरलाल, १९९३ (पुनर्मुद्रण) पृ.भूमिका।

[२] Dilip K. Chakrabarti, **A History of Indian Archaeology from the beginning to 1947**, New Delhi : Munshiram Manoharlal Publishers, 2001, P.15.

यही परम्परालाई अनुसरण गर्दै भारतीय विद्वान् भगवान्‌लाल इन्द्रजीले आजभन्दा १४१ वर्ष पहिले वि.सं. १९३७ मा सर्वप्रथम १५ ओटा लिच्छविकालका अभिलेख प्रकाश गरेपछि नेपालमा लिच्छविकालका अभिलेखहरूको अध्ययन गर्ने कार्यको शुभारम्भ भएको हो। यसपछि बेलाइती विद्वान् सेसिल वेण्डाल, फ्रान्सका विद्वान् सिल्भां लेभी, इटालीका विद्वान् रेनिइरो नोलीहरूले यस कार्यलाई अगाडि बढाउँदै लगे। नेपालमा पनि इ.शि.बाबुराम आचार्य, प्राज्ञ पं.नयराज पन्त, योगी नरहरिनाथ, संशोधन मण्डलका अध्यक्ष भोलानाथ पौडेल, सचिव धनवज्र वज्राचार्यलगायतका अन्य सदस्यहरू, डिल्लीरमण रेग्मी, हरिराम जोशी, मोहनप्रसाद खनाल, श्यामसुन्दर राजवंशीलगायत विभिन्न विद्वान्‌हरूको ठूलो साधना एवं योगदानबाट हालसम्ममा २४० ओटा[३] लिच्छविकालका अभिलेखहरूको प्रकाशन एवं अध्ययन कार्य सम्पन्न हुन सकेको छ। यस कार्यमा भारतीय विद्वान् कृष्णदेव अग्रवाल, लल्लनजी गोपाल, टी.पी.वर्मा, श्रीराम गोयलहरूको योगदान पनि प्रशंसनीय रहेको छ।

लिच्छविकालको कुनै पनि विधाको इतिहासलेखनमा महत्त्वपूर्ण स्रोतको रूपमा यिनै शिलालेखहरू नै रहेका छन्। यस समयको सामाजिक, राजनीतिक, आर्थिक, कला एवं वास्तुकला आदि जुनसुकै विधामा इतिहास लेख्नका लागि यिनै शिलालेखहरूकै आधारमा कलम चलाउनुपर्ने हुन्छ। शिलापत्रमा कुँदिएका एक-एक शब्दले हाम्रा पूर्वज हरूको अस्तित्वलाई सूक्ष्म रूपले बताइरहेका हुन्छन्। यसैले हाम्रा पुर्खाहरूको जन-जीवनका विषयमा गहन रूपमा अध्ययन गर्नका लागि यी शिलालेखहरू अतीव महत्त्वका छन् भन्ने कुरा यस क्षेत्रमा लागेका सबैलाई थाहा भएकै कुरा हो। यस्ता प्राचीन अभिलेखहरू पढ्न सक्ने ज्ञान भारतमा हराए पनि नेपालमाचाहिँ पूरै हराइसकेको थिएन; कुनै-न-कुनै रूपमा विद्यमान नै थियो। परम्परादेखि नै यस्ता प्राचीन लिपिमा लेखिएका धार्मिक ग्रन्थहरू पढ्न सक्ने विद्वान् तथा बुद्धिजीवीहरू उपत्यकाका मन्दिर, विहार एवं मठहरूमा रहिआएका थिए।

अब यस सम्बन्धमा संक्षिप्त चर्चा गरौं। वि.सं.को सत्रौं शदीको पूर्वार्द्धमा ललितपुरमा विष्णुसिंह नाम गरेका चतुर शासक थिए। ललितपुरमा

---

[३] श्यामसुन्दर राजवंशी, कान्तिपुर, २०७८ पुस।

निकै पहिलेदेखि चलिआएको सप्तकुटुम्बज महापात्रको संयुक्त शासनलाई हटाई आफ्नो एकलौटी शासन कायम गर्न उनी सफल भएका थिए। यी राजाले ललितपुर सुनागुठीमा भृङ्गारेश्वरको मन्दिरको जीर्णोद्धार गरी भव्य मन्दिर बनाए।

विष्णुसिंहको विषयमा चर्चा चलाउनुपूर्व निजले स्थापना गरेको मन्दिरनजीकै रहेको यस शिलालेखको छोटो अंश उद्धृत गर्नु उपयुक्त हुनेछ – "यी महादेव के नाउँ भएका होलान् भनी ज्यादै आकुल-व्याकुल मन भएका राजा विष्णुसिंहले यहाँ कूवा किन रहेको होला भनी झ्वाट्ट तर्कना गर्नुभयो र हे मानिसहरूहो, 'खोज त खोज' भन्नुभयो। त्यसपछि कूवाबाट अक्षरसहितका तामाका घडाहरू बाहिर निस्के। ती घडाहरूमा यी 'श्रीभृङ्गारेश्वर महादेव हुन्' भनी लेखिएको देखेर राजा खुशी हुनुभयो।[४]

यसरी हेर्दा यी राजा विष्णुसिंहको समयमा यी देवता भृङ्गारेश्वर महादेव हुन् भन्ने कुरा समेत जनताले बिर्सिसकेका थिए। इनारबाट निकालिएका तामाका घडाहरूमा 'श्रीभृङ्गारेश्वर महादेव' भनी लेखिएको देखेपछि राजा विष्णुसिंह खुशी भए भन्ने कुराको वर्णन यहाँ गरिएको छ।

लिच्छविकालमा भृङ्गारेश्वरको मन्दिर प्रसिद्ध थियो। उपत्यकाबाट तराईतिर जाने बाटोमा पर्ने भृङ्गारेश्वर महादेव विराजमान भएको क्षेत्र भृङ्गारेश्वर पाञ्चाली भनी कहलिएको थियो। राजा भीमार्जुनदेव+विष्णुगुप्तको तथा राजा शिवदेव (द्वितीय) को गरी दुईओटा लिच्छविकालका अभिलेख यस क्षेत्रमा पाइएका छन्।

यहाँ विष्णुसिंह र प्राचीन अक्षर लेखिएका तामाको घडाको प्रसङ्ग किन प्रस्तुत गरिएको होभने उक्त तामाको घडा अवश्य पनि केही शदी पुरानो हुनुपर्छ; किनभने लिच्छविकालमा त्यति प्रसिद्ध भृङ्गारेश्वर महादेवको नाम मल्ल कालमा आइपुग्दा बिर्सिसक्नुपर्ने अवस्था आइपर्नको लागि केही शदी अवश्य पनि बितिसकेको हुनुपर्छ। यसैले तामाका घडामा कोरिएका अक्षरहरू पक्कै पनि

---

[४] धनवज्र वज्राचार्य, **मध्यकालका अभिलेख**, काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५६, पृ. १५।

तत्पश्चात्ताम्रकुम्भाः किल बहिरभवन् साक्षराः कूपतस्त-
च्छ्रीभृङ्गारेश्वरोयं शिव इति लिखितन्तेषु दृष्ट्वा ह्यहर्षि ॥

लिच्छविकालको नै हुनुपर्छ। यतिखेर ती प्राचीन अक्षरहरूलाई पढेर राजाको जिज्ञासालाई शान्त पारेको देखिएकोले मल्ल कालमा प्राचीन लिपि पढ्न सक्ने ज्ञान विद्यमान थियो भन्न सकिन्छ।

हुन त यस सम्बन्धमा धनवज्र वज्राचार्यले यस्तो लेख्नुभएको छ – "जे होस् लिच्छविकालमा भृङ्गारेश्वरको अस्तित्व राम्ररी कायम थियो भन्ने कुरा त्यहाँ रहेका लिच्छविकालका दुई अभिलेखबाट थाहा पाइन्छ, तर पछि मध्यकालको उत्तरार्द्धमा पुग्दा भृङ्गारेश्वर महादेव हुन् भन्ने कुरा समेत जनताले बिर्सिसकेको देखिन्छ। यो कुरा विष्णु सिंहको यस अभिलेखबाट थाहा पाइन्छ। यहाँ यी महादेव के नाउँ भएका होलान् भनी ज्यादै आकुल मन भएका राजा विष्णु सिंहले यहाँ कूवा किन रहेको होला भनी खोज्न लाउँदा कूवाबाट अक्षरसहितका तावाका घडाहरू बाहिर निस्के, ती घडामा 'श्रीभृङ्गारेश्वर महादेव' भनी लेखेको देखेर राजा खुशी हुनुभयो भन्ने कुरा कुँदाइएको छ। यसबाट विष्णु सिंहको पालामा यी श्रीभृङ्गारेश्वर महादेव हुन् भन्ने कुरा समेत जनताले बिर्सेको देखिन्छ। एउटा कुरा – तामाको घडामा श्रीभृङ्गारेश्वर महादेव लेखिएको देखेर मात्र यी भृङ्गारेश्वर महादेव हुन् भन्ने थाहा भयो भन्ने यस उक्तिबाट विष्णु सिंहहरूले त्यहाँ रहेका लिच्छविकालका दुई शिलालेखचाहिं नपढेको बुझिन्छ। किनभने भृङ्गारेश्वरस्थानमा रहेका उपर्युक्त दुवै शिलालेखमा भृङ्गारेश्वरको उल्लेख परेको छ। ती अभिलेख पढेका भए, यी भृङ्गारेश्वर महादेव हुन् भन्ने सजिलै थाहा पाउने थिए। स्थानीय लिच्छविकालमा पञ्चायत नै भृङ्गारेश्वर पाञ्चाली कहलाएको हुनाले जनतासम्म पनि यो कुरा भिजेको हुनुपर्थ्यो। भृङ्गारेश्वर नामको ठाउँमा सुनागुठी नाम मध्यकालमा प्रचलित हुँदा जनताले उक्त कुरा बिर्से होलान् भनी मान्न सकिन्छ तर सामुन्ने रहेका दुई-दुई शिलालेखमा पनि दृष्टि दिन छाडेको यस घटनाले त्यस बेला बौद्धिक चेतना घटेको कुरामाचाहिं सन्देह छैन"।[५]

यसरी यस समयमा बौद्धिक चेतना घटेको कुरा धनवज्रले उल्लेख गर्नुभएको छ। जे भए पनि तामाको घडामा उत्कीर्ण पुरानो लिपि पढिएको यस घटनाले ललितपुरका राजा विष्णुसिंहको समयमा पुराना लिपि पढ्न सक्ने ज्ञानचाहिँ हराइसकेको थिएन भन्ने कुराचाहिँ थाहा पाउन सकिन्छ।

---

[५] धनवज्र वज्राचार्य, मध्यकालका अभिलेख, काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५६, पृ. १९।

राष्ट्रिय अभिलेखालयमा रहेको **चतुष्पीठमण्डलोपायिकायाः चतुर्थः पटलः मन्त्रोद्धारलक्षणस्य पञ्जिका** भन्ने ग्रन्थको पुष्पिकावाक्यमा यस्तो लेखिएको छ – **श्रेयो ऽ स्तु संवत् आ चु ३ आश्विन शुक्ल प्रतिपदादित्यदिने श्रीमद्राजाधिराज परमेश्वरः श्र्यानन्ददेवस्य महाविजयराज्ये लिखितमिति ॥** इत्यन्तलेखयुतात् प्राचीन नेवाराक्षर लिखितात् प्राचीन ताडपत्रपुस्तकादुद्धृत्य १९८७ वैक्रमाब्दे लिखितमिदं पुस्तकम् ।[६]

यस पुष्पिकावाक्यबाट राजा आनन्ददेवको शासनकालमा ने.सं.२७३ (वि.सं.१२१०) मा **चतुष्पीठमण्डलो पायिकायाः चतुर्थः पटलः मन्त्रोद्धारलक्षणस्य पञ्जिका** भन्ने ग्रन्थ सारिएको थियो भन्ने देखिन्छ। वि.सं. १२१० मा प्राचीन नेवारी अक्षरमा लेखिएको यही पुस्तकलाई हेरेर उक्त पुस्तक फेरि वि.सं. १९८७ मा सारिएको देखिएकोले पहिले लेखिएको पुस्तकको पुराना अक्षर पढ्न सक्ने योग्यता ७७७ वर्ष पछिसम्म पनि नेपालीहरूमा बाँचिरहेको देखिन्छ।

राष्ट्रिय अभिलेखालयमा रहेको **अग्निवेश्यरामायणम्** भन्ने ग्रन्थको पुष्पिकावाक्यमा यस्तो लेखिएको छ – **प्राचीनताडपत्रपुस्तकाद् वैक्रमाब्दे १९८७ आश्विने श्रीमद्गुरुराज शर्मणामाज्ञया स्वकीयभारतीभवनार्थ लिखितमिदम् पुस्तकम् ॥**[७] (वि.सं. १९८७ मा राजगुरु हेमराजको आज्ञाले आफ्नो भारतीभवन पुस्तकालयको निमित्त प्राचीन ताडपत्रको पुस्तकबाट यो पुस्तक सारिएको हो।)

यताबाट प्राचीन ताडपत्रबाट पुस्तक सारेर पढ्ने प्रचलन रहेको देखिन्छ। पुरानो लिपि पढ्न नजानीकन यो कुरा सम्भव हुने होइन।

राष्ट्रिय अभिलेखालयमा रहेको **कालीतत्त्वम्** भन्ने ग्रन्थको पुष्पिकावाक्यमा यस्तो लेखिएको छ – **संवत् १७१९ वर्षे शाके १५८५ वैशाखमासे। इति संवत् १९५४ साल मिति पौषवदि १० तद्दिने जीर्णोद्धारं समाप्तम्** ।[८]

यताबाट वि.सं.१७१९ मा सारिएको पुस्तकको कतिपय पाना हराएकोले वि.सं.१९५४ मा जीर्णोद्धार (अर्थात् हराएको पानाको ठाउँमा नयाँ पाना सारी

---

[६] राष्ट्रिय पुस्तकालयबाट वि.सं २०२४ मा प्रकाशित बौद्धसूचिपत्र भाग ४, पृ.४६।

[७] राष्ट्रिय अभिलेखालयबाट वि.सं २०२५ मा प्रकाशित बृहत्सूचीपत्रम् पुराणेतिहासविषयक भाग ८, पृ.२३२।

[८] वीर पुस्तकालय (हाल राष्ट्रिय अभिलेखालय) बाट वि.सं २०२० मा प्रकाशित बृहत्सूचीपत्रम् तन्त्रविषयक भाग ४, पृ.४३।

पढ्न हुने गरी थपेर मिलाई राख्ने काम) गरिएको कुरा थाहा पाउन सकिन्छ। यसरी समाजमा पुराना पुस्तकहरूको जीर्णोद्धार गर्ने परम्परा चलिआएको देखिन्छ। कुन कुन पाना छुटेको हो भन्ने पत्ता लगाएर नयाँ पाना थप्ने काम पुरानो लिपि पढ्न नजानीकन सम्भव हुने कुरा होइन।

पूर्वराजाले शाके १०११ मा संकल्प गरिदिएको जग्गा बझाङ थलहराका राजा जितारिसिंहले शाके १५९६ मासे ४ तिथौ १५ वासरे ३ मा थामी ताम्रपत्र गरिदिएका थिए।[९] यताबाट वि.सं. ११४६ को ताम्रपत्र वि.सं. १७३१ मा अर्थात् ५८५ वर्ष पनि पढ्न सक्ने ज्ञान उतिखेरका जिज्ञासुहरूमा विद्यमान थियो भन्ने देखिन्छ।

ललितपुरकोसमेत राजा भएका जयप्रकाश मल्लले अघिका राजा श्रीश्रीजयसिंह मल्ल देवको शासनकालमा श्रीभगवान् पशुपतिनाथलाई चढाइराखेको बुल्हुदेश (चापागाउँनजीकै) को सम्पत्तिको विषयमा पछि कचिंगल उठ्दा पहिलेकै व्यवस्थाअनुसार बुल्हुदेशको सम्पत्ति देवताकै हुन्छन् भनी निर्णय गरी त्यसको व्यवस्था मिलाएर ताम्रपत्र राखिदिएका थिए। राजा जयप्रकाश मल्लले पहिलेको व्यवस्था सदर गरी राखिदिएको वि.सं. १८१७ माघको यस ताम्रपत्रमा " **ह्नापा तयाओ तया सम्वत् ५४९ वैशाखशुक्लदशमी कह्नु**। पहिले राख्ताको संवत् ५४९ (वि.सं. १४८६) वैशाख शुक्लदशमीका दिन" भनेर उल्लेख गरेका छन्[१०]।

यताबाट आफ्नो समयभन्दा ३३१ वर्ष पुरानो ताम्रपत्र पढेर सोहीअनुसारको व्यवस्थालाई जयप्रकाश मल्लले थामिदिएको देखिन्छ। यसैले पुराना लिपिमा लेखिएका लेखहरू पढ्ने परम्परा यस समयमा चलिआएको देखिन्छ।

राष्ट्रिय अभिलेखालयमा रहेको नेवारी लिपिमा लेखिएको **नृत्येश्वरीरहस्यतन्त्रम्** नामक पुस्तकको पुष्पिका वाक्यमा "मध्ये मध्ये त्रुटितस्थलेषु

---

[९] राजाराम सुवेदी, **कर्णालीप्रदशको मध्यकालीन इतिहास**, पृ.४१८।

[१०] धनवज्र वज्राचार्य (सं.), **त्रिरत्न सौन्दर्य गाथा**, पण्डित सुन्दरानन्द विरचित, काठमाडौ : नेपाल सांस्कृतिक परिषद्, २०१९, (पाटन राजदरबार मूलचोकको जय प्रकाश मल्लको वि.सं. १८१७ को ताम्रपत्रबाट। पृ.२६६।)

पश्चाद्देवनागर्या लिखित्वा ग्रन्थः पूरितो दृश्यते[11]" (बीच-बीचमा छुटेको ठाउँमा पछिबाट देवनागरी लिपिमा लेखेर ग्रन्थलाई पूर्णता दिइएको देखिन्छ) भनी उल्लेख गरिएको छ। यताबाट पुराना लिपिमा लेखिएका पुस्तकहरूको पाना हराएमा पछिबाट जुन लिपि चलिरहेको छ, सोही लिपिमा सारेर पाना थपी ग्रन्थको पूर्णता दिने चलन रहेको देखिएकोले समाजमा पुराना लिपि पढ्न सक्ने क्षमता उतिखेर भएको देखिन्छ।

राष्ट्रिय अभिलेखालयमा रहेको नेवारी लिपिमा लेखिएको **रामायणम्** नामक पुस्तकको पुष्पिका वाक्यमा "ने.सं. ८०५ जयजितामित्र मल्ल देवस आज्ञान ..... प्रधानाङ्गया वेलस उत्तरकाण्ड संपूर्ण याङा दिन जुरो। .... संवत् ८४७ **फागुन रणजित्मल्ल देव प्रभु ठाकुरसन बांख**"[12] (ने.सं.८०५ (वि.सं. १७४१) मा जितामित्र मल्लको आज्ञाले (भागीराम प्रधानाङ्ग चौतारा भएको) वेलामा उत्तर काण्ड सम्पूर्ण लेखिसिद्धियो। ...(ने.सं.८४७ (वि.सं. १७८३) मा रणजित् मल्लको समयमा नाच नचाएको हो।) भनी उल्लेख गरिएको छ। यताबाट बाजेको शासन-कालमा लेखाएको रामायण नाटकलाई नाति राजा रणजित् मल्लको समयमा पनि नचाएको देखिन्छ।

राष्ट्रिय अभिलेखालयमा रहेको नेवारी लिपि एवं नेवारी भाषामा लेखिएको **अश्ववैद्यक** नामक पुस्तकको पुष्पिका वाक्यमा "संवत् ७१३ ज्येष्ठ ...जयदत्त नाम शलंया शास्त्र चोयाधुङदिनजुरो। श्रीश्रीजगज्ज्योतिर्मल्ल देव ... श्रीश्रीसुमति जय जितामित्र मल्लदेवसन थ्व पुस्तक भागिराम परमानया वेरस। सम्वत् ८०८ श्रावण"[13] (संवत् ७१३ (वि.सं. १६५०) जेठमा जगज्ज्योतिर्मल्लका समयमा जयदत्तले घोडाको शास्त्र (अश्ववैद्यक) लेखिसिद्ध्याए। उक्त पुस्तक राजा जितामित्र मल्ल एवं भागीराम परमान भएको वेलामा।) भनी उल्लेख गरिएको छ।

---

[11] वीर पुस्तकालय (हाल राष्ट्रिय अभिलेखालय) बाट वि.सं २०२० मा प्रकाशित बृहत्सूचीपत्रम् तन्त्रविषयक भाग ४, पृ.२३२।

[12] वीर पुस्तकालय (हाल राष्ट्रिय अभिलेखालय) बाट वि.सं २०१८ मा प्रकाशित बृहत्सूचीपत्रम् साहित्यकाव्यविषयक भाग २, पृ.१५३।

[13] वीर पुस्तकालय (हाल राष्ट्रिय अभिलेखालय) बाट वि.सं २०२१ मा प्रकाशित बृहत्सूचीपत्रम् आयुर्वेदविषयक भाग ५, पृ.९५।

यताबाट बाजेको पालाको लिपि नातिको पालमा पढ्न सक्नु सामान्यै कुरो भए पनि प्राचीन लिपि पढ्ने परम्परा रहेको देखाउन यति उल्लेखसम्म गरिएको हो।

राष्ट्रिय अभिलेखालयमा रहेको नेवारी लिपि एवं ताडपत्रमा लेखिएको **क्रियाकाण्डक्रमावलिः** नामक पुस्तकमा "पत्रसंख्या २,३,४,३६,३७,३८,३९,४० पत्राणि त्रुटितानि पुनर्नेपालीयपत्रेषु लिखित्वा पूरितानि।[१४]" (पत्रसंख्या २,३,४,३६, ३७,३८,३९,४० हराएको हुनाले फेरि नेपाली कागतमा लेखेर पूरा गरिएको।) भनी उल्लेख गरिएको छ। यताबाट ताडपत्रमा नेवारी लिपिमा लेखिएको पुस्तकका पानाहरू हराएको हुनाले पछि नेपाली कागतमा लेखेर पूरा गर्नको लागि अवश्य पनि पहिलेको प्राचीन लिपि पढ्न सक्ने व्यक्तिहरू उतिखेर थिए भन्ने देखिन्छ।

राष्ट्रिय अभिलेखालयमा रहेको नेवारी लिपिमा लेखिएको **ताराभक्तिसुधार्णव** नामक पुस्तकमा "इति संवत् १९५३ साल मिति चैत्रवदि १० रोज १ तद्दिने जीर्णोद्धारः समाप्तः।[१५]" (इति संवत् १९५३ साल मिति चैत्रवदि १० रोज १ का दिन जीर्णोद्धार समाप्त भयो।) भनी उल्लेख गरिएको छ। यताबाट पुराना लिपिमा लेखिएका पुस्तकहरूको पाना हराएमा पछिबाट पाना थपी ग्रन्थको पूर्णता दिने परम्परा भएको कुरा यताबाट थाहा पाइन्छ।

राष्ट्रिय अभिलेखालयमा रहेको **कातन्त्रवृत्तिपञ्जिका** नामक पुस्तकमा **"शकाब्दे १५८६ प्रतिलिखद्। नैपाले विधुवाणरत्नकलितेऽद्रीभे भवेत् वैक्रमे शाके क्ष्माभुजशैलभूमिमिलिते चोर्णे च राकातिथौ। बंगाक्षरतो धिसारितमिदं कातन्त्रटीकामिधः।**[१६]" भनी उल्लेख गरिएको छ। यसरी बङ्गाली लिपिमा लेखिएका किताबहरू देवनागरी लिपिमा तथा नेवारी लिपिमा सार्ने त्यसै गरी मैथिली लिपिमा लेखिएका ग्रन्थहरू नेवारी लिपिमा एवं देवनागरी लिपिमा सार्ने

---

[१४] वीर पुस्तकालय (हाल राष्ट्रिय अभिलेखालय) बाट वि.सं २०२० मा प्रकाशित **बृहत्सूचीपत्रम् तन्त्रविषयक** भाग ४, पृ.९५।

[१५] वीर पुस्तकालय (हाल राष्ट्रिय अभिलेखालय) बाट वि.सं २०२० मा प्रकाशित **बृहत्सूचीपत्रम् तन्त्रविषयक** भाग ४, पृ.१६३।

[१६] वीर पुस्तकालय (हाल राष्ट्रिय अभिलेखालय) बाट वि.सं २०२१ मा प्रकाशित **बृहत्सूचीपत्रम् व्याकरणविषयक** भाग ६, पृ.१४।

प्रचलन पहिले थियो भन्ने कुरा थाहा पाइन्छ। यताबाट विभिन्न लिपिहरू पढ्न सक्ने ज्ञान नेपालीहरूमा पहिलेदेखि नै भइआएको देखिन्छ।

चाँगुनारायणको मन्दिरभित्र अवस्थित नारायणको पादपीठको रूपमा रहेको कलात्मक चाँदीको पद्मासनमा उत्कीर्ण अभिलेखमा प्रताप मल्लले चाँगुनारायणमा पद्मासन चढाएको कुरा यसरी उल्लेख गरिएको छ –

“नेपाल सम्बत् ७८३ आषाढ शुक्ल १५ रोजस श्री ३ महाराज जय प्रताप मल्ल देवन तवगु सिजले लुं सियागु पद्मासन सेनाव श्री ३ महाराज जय विरसम्शेर्जङ्गबहादुर्या हुकुम बमोजिम भक्तपुर चोछे टोलया केशवराज वैद्यन, वहया पद्मासन दयका श्रीचाँगुनारायण प्रिति याङा जुल इति सम्वत् १९५३ साल मिति माघ वदि १४ रोज १ शुभम्।”[१७]

यताबाट कान्तिपुरका राजा प्रंतापमल्लले वि.सं. १७२० मा चाँगुनारायणमा पद्मासन चढाएकोमा सो बिग्रिएको हुनाले वि.सं. १९५३ मा श्री ३ वीर शमशेरको हुकूमबमोजिम भक्तपुर चोछैं टोलका केशवराज वैद्यले उक्त पद्मासन पुनः निर्माण गरी चाँगुनारायणलाई चढाएका थिए भन्ने कुरा थाहा पाइन्छ। यसरी २३३ वर्षअघि प्रताप मल्लले राखेको अभिलेख पढी उनकोसमेत नाम उल्लेख गरी शाह कालमा पद्मासन चढाएको देख्दा यस समयमा पनि पुराना अभिलेखहरू पढ्न सक्ने परम्परा रहेकै देखिन्छ।

राष्ट्रिय अभिलेखालयमा रहेको, ताडपत्रमा लेखिएको **वृषसारसङ्ग्रह शिवधर्मशास्त्र** नामक पुस्तकको पुष्पिका वाक्यमा यस्तो लेखिएको छ –

“आकाशग्रहहस्तसंज्ञिनि गते नेपालसम्वत्सरे
पौषे माषे तिथौ च पञ्चदशमेशुक्ले रवेर्वासरे।
कीर्त्तिस्फूर्त्तितिरस्कृतेन्दुकिरणे श्रीरुद्रदेवे नृपे
श्रीरामाह्वयलेखितं शिवमतं शास्त्रं समाप्तं तदा॥ ”

यताबाट **वृषसारसङ्ग्रह शिवधर्मशास्त्र** नामक पुस्तक राजा रुद्रदेवको समयमा ने.सं. २९० (वि.सं. १२२६) पौषमा सारिसिद्धयाइएको थियो भन्ने कुरा

---

[१७] मोहनप्रसाद खनाल, **चाँगुनारायणका ऐतिहासिक सामग्री**, काठमाडौं : नेपाल र एसियाली अध्ययन संस्थान, २०४०, पृ. ५३४।

थाहा पाउन सकिन्छ। सोही पुस्तकको २५४ ख पत्रको किनारामा नेवारी लिपिमा यस्तो लेखिएको छ –

श्रीश्रीजयप्रतापमल्लदेवेन एकादशदिवसाभ्यन्तरेन पारायनेन समाप्तं कृतं॥ सम्वत् ७७२ कार्त्तिक शुक्लः॥ पूर्णामास्यान्तिथौ अश्विनि नक्षत्र सुद्धिजो शनैश्चरवासरे एतद्दिनेन संपूर्णं कृतम्॥ शुभमस्तु सर्वदा॥”[१८] ।

यताबाट ने.सं.७७२ (वि.सं.१७१८) कार्तिकपूर्णिमाको दिन राजा प्रताप मल्लले एघार दिन लगाएर पारायण पूरा गराएका थिए भन्ने कुरा देखिन्छ। वि.सं.१२२६ मा सारिएको **वृषसारसङ्ग्रह शिवधर्मशास्त्र** नामक ग्रन्थको पारायण प्रताप मल्लले वि.सं. १७१८ मा ११ दिन लगाएर सम्पन्न गरेको देखिएबाट वि.सं. १२२६ मा प्राचीन अक्षरमा, ताडपत्रमा लेखिएको लिपिलाई करीब पाँच सय वर्षपछि पनि राम्ररी पढ्न सक्ने विशेषज्ञहरू नेपालमा थिए भन्ने स्पष्ट हुन्छ। यसरी आफ्नो परम्परागत ज्ञानलाई सुरक्षित राखी प्राचीन लिपि पढ्ने यी विद्वान्हरूलाई भारतमा जस्तो प्राचीन लिपि पढ्न एसियाटिक सोसाइटीको स्थापना हुन्जेलसम्म पर्खनुपरेको थिएन र विदेशी विद्वान्हरूको मुख ताक्न पनि परेको थिएन।

प्रसिद्ध ज्योतिषी वराहमिहिरले बनाएको **अश्वमेधीय** यात्रा नामक पुस्तक पहिले राजगुरु हेमराज पाण्डेको भारती भवन पुस्तकालयमा संकलित थियो। पछि उक्त पुस्तकालय सरकारलाई बिक्री गरिएपछि नेपाल राष्ट्रिय पुस्तकालयमा आइपुगेको थियो। यसपछि हस्तलिखित पुस्तकहरू सबै राष्ट्रिय अभिलेखालयमा सुरक्षित गरी राख्ने नीति अनुरूप उक्त पुस्तक अहिले राष्ट्रिय अभिलेखमा सुरक्षित छ।

ज्योतिषी वराहमिहिरद्वारा रचित भट्टोत्पलको विवरण सहितको यो ग्रन्थ राष्ट्रिय अभिलेखालयबाट प्रकाशित गरिएको छ। सो पुस्तक तीन सय वर्ष अगाडि लेखिएको, एकदम जीर्ण अनि अक्षरसमेत उड्न लागिसकेको पुरानो प्रतिबाट

---

[१८] महेशराज पन्त, “वि.सं. १२२६ देखि १५१३ सम्मका पन्ध्रवटा पुष्पिका” **पूर्णिमा**, २०४३, पूर्णाङ्क ६९, पृ. ३१।

सारिएको हो भनी त्यहाँ उल्लेख गरिएको छ[१९]। यताबाट यस समयमा तीन सय वर्षअघि लेखिएका ग्रन्थहरू सजिलैसँग पढ्न सक्ने क्षमता थियो भन्न सकिन्छ।

वि.सं. १५०३ मार्गमा आफ्नी आमा संसारदेवीको निधन भएपछि राजा यक्ष मल्लले भाई जीव मल्लसहित भएर आमाको प्रतिमा बनाई पशुपतिनाथको देवलभित्र स्थापना गरेका थिए। उक्त प्रतिमाको गौरीसहित नित्यपूजा एवं विशेष पूजाको व्यवस्था मिलाउन जग्गा गुठी राखिदिएको ताम्रपत्र राजा यक्ष मल्लले पशुपतिनाथको मन्दिरको भित्तामा किला ठोकेर राखेका थिए। पछि वि.सं. १९३६ मा प्रधानमन्त्री रणोद्दीप सिंहले पशुपतिनाथको मन्दिरको तल्लो तलाको चारै तर्फको भित्तामा सिंगमरमर छाप्न लगाए। यस समयमा विभिन्न शासक एवं व्यक्तिहरूले भिन्न-भिन्न उद्देश्यले राखिएका सुवर्णपत्र एवं ताम्रपत्रहरू भित्ताबाट उखेलिन पुगे। यसैले सो सुनको जलप लगाएको राजा यक्ष मल्लले राखेको मूल ताम्रपत्र हाल पशुपति गोश्वराको भण्डारमा रहन पुगेको छ।

---

[१९] “वराहमिहिरद्वारा लिखित ‘अश्वमेधीय यात्रा’ अश्वमेध यज्ञ गर्न इच्छा गर्ने राजालाई दिग्विजय गर्नाका निमित्त दिइने साइतका सम्बन्धमा लेखिएको छ।.... यस पुस्तकको एक प्रति पाण्डुलिपि राष्ट्रिय अभिलेखालयमा छ। यस पुस्तकमा प्रथमाध्यायदेखि मिश्राध्यायसम्म ५५ पत्र र गुह्यकसहायाध्यायदेखि समाप्तिपर्यन्त ३९ पत्र छन्। जम्मा ९४ पत्र छन्। ....हरिताल नलाएको नेपाली कागत (यो कागत हाल चल्तीमा आइरहेको नेपाली कागत हैन। पहिले मोरङ्मा बन्ने कागत हो। यो कागत वर्तमान कालमा चलनचल्तीमा पाइने नेपाली कागत र भारतीय कागतभन्दा भिन्न छ।) मा देवनागरी लिपिमा दुवैपट्टि लेखिएको छ। यसको अन्तिममा यस्तो लेखिएको छ -

अतीव जीर्णात् त्रिशताब्दितीर्णाद् पत्राग्रपृष्ठाक्षरभाविशीर्णात् ।
पाश्चात्यमोढाक्षरतो ऽ वकीर्णात् संपादितं कष्टत इत्थमेव ॥

अत्यन्त जीर्ण शीर्ण (धूलो प्राय) भएको ३०० वर्ष पुरानो अक्षर सबै उडिसकेका, त्यसमा पनि विदेशी मोढाक्षरमा लेखिएको सबै प्रकीर्ण पत्रहरू मिलाएर कष्टसाथ संपादन गरें भनेर लेखेको छ। यस पुस्तकको लिपि र कागतको विचार गर्दा लगभग २००-२५० वर्ष पुरानो देखिन्छ। उक्त श्लोकका बारेमा विचार गर्दा यस पुस्तकका प्रतिलिपिकारको नभै जुन पुस्तकबाट यो पुस्तक सारियो, त्यसका प्रतिलिपिकारको हुनुपर्छ। जेसुकै भए पनि उक्त मोढाक्षरको समय ६००- ६५० वर्षभन्दा यताको हैन।”

श्रीवराहमिहिराचार्य **अश्वमेधीय यात्रा**, भट्टोत्पलविरचिता विवरणसहिता, सं. देवीप्रसाद लम्साल, काठमाडौंः राष्ट्रिय अभिलेखालय, २०२६, पृ. ग बाट।

कालान्तरमा उक्त गुठी जग्गाको विषयमा कचिंगल उठेको हुँदा देउपाटन बस्ने चेतानन्द वैद्यहरूले "जछे मल्लले आफ्ना मुमा संसारदेवीको प्रतिमा बनाई श्री पशुपतिनाथको देवलभित्र राखी श्रीपशुपतिनाथलाई नित्य भोग, पूजा इत्यादिको गुठी चलाउनु ... भंन्या ताबापत्र श्रीपशुपतिनाथका देवालयभित्र टासी हाम्रा पुर्षालाई गुठीयार गरी गुठी बक्स्याको थियो ...... चार सये चौबीस वर्ष भयो सो गुठी हामीले चलाईरह्याको छु" भनी प्रधानमन्त्री जङ्गबहादुर राणासमक्ष गुठी थमौतीको लागि बिन्तीपत्र दिएका थिए। यसमा जङ्गबहादुरले देउपाटनका वैद्यहरूलाई संसारदेवी गुठी थामिदिई वि.सं. १९३१ आषाढ कृष्ण पञ्चमी (जेठ २४ गते) रुक्का गरिदिएका थिए[२०]।

यताबाट ४२८ वर्ष अगाडिको लिपि एवं भाषा पढ्न बुझ्न सक्ने ज्ञान नेपाल उपत्यकाका निवासीहरूमा परम्परागत रूपमा आइरहेको थियो भन्ने कुरा अवगत हुन्छ।

मल्लकालमा ताडपत्रमा लेखिएका हस्तलिखित ग्रन्थहरूमा पृष्ठसंख्या दिंदा पहिले अर्थात् ग्रन्थको शिरोभागमा अक्षरबाट अंकहरूलाई जनाउने अक्षर चिह्नहरू लेख्ने र त्यसको मुनिबाट अंक लेख्ने प्रचलन रहिआएको देखिन्छ। यताबाट प्राचीन कालदेखि चलिआएको अक्षरबाट अंकहरू लेख्ने परिपाटीलाई धेरै पछिका वर्षसम्म पनि मानिसहरूले पढ्ने, लेख्ने र बुझ्ने गरिआएको देखिन्छ ।

---

[२०] जछे मल्लले आफ्ना मुमा संसारदेवीको प्रतिमा बनाई श्रीपशुपतिनाथका देवलभित्र राखी श्रीपशुपतिनाथलाई नीत्ये भोग पुजा ईत्यादिको गुठी चलाउनु सेष रह्याको षानु लेषीया बमोजींका गुठी नचलाया श्रीपशुपतिनाथका नीग्रह लाग्ला भंन्या ताबापत्र श्रीपशुपतिनाथका देवालयेभित्र टासी हाम्रा पुर्षालाई गुठीयार गरी गुठी बक्स्याको थियो ६३ सालमा गुठी जाँच हुदामा पनी हामीलाई थामीदीयाकै थियो तामापत्रमा हाम्रा पुर्षाको नाउ लेषीयाको थीयेन चार सये चौबीस वर्ष भयो सो गुठी हामीले चलाई रह्याका छु ताबापत्रमा सेष षानु भंन्या भयापछी २४ सालदेषी गुठी छुट्ट्का सनद गरी पाउन्या हु भनी चेतानन्द सदानंद हर्ष सीरीदत्त कुलानंद इन्द्रानंद गौरीनंद बाबुलाल गोपाल काजीचा धीजदत्त नुंनारां कुलमानसीं वीरमान, धनराज हर्षमान्, चक्रानंद वैद्दहरूले श्री ३ सर्कारका हजुरमा बीन्तीपत्र चधाउदा"
महेशराज पन्त, "संसारदेवीगूठीसम्बन्धी, अहिलेसम्म प्रकाशमा नआएका ५ वटा पत्र" **पूर्णिमा**, २०६२, पूर्णाङ्क ११८, पृ. ५८-५९।

नेपाल-अंग्रेज युद्धमा पराजयको सामना गर्नुपरेपछि नेपालका प्रधानमन्त्री भीमसेन थापा कसरी आफ्नो र देशको भविष्य सपार्न सकिन्छ भन्ने कुरामा चिर्(न्तत हुन थाले। बाँकी रहेको मुलुकलाई पनि अंग्रेजले खाला कि भन्ने डरले भीमसेन थापालाई सताउन थाल्यो। यसैले अंग्रेजका विरोधी मुलुकहरूसँग सम्पर्क बढाउने र त्यहाँको नीति नियम, राजकाज एवं इतिहास विषयमा लेखिएका पुस्तक एवं जानकारीहरूको संग्रह गरी पढ्ने प्रयासमा उनी लागे। आफ्नै मुलुकका पनि राजनीतिका विषयमा संस्कृत भाषामा लेखिएका ग्रन्थहरूलाई नेपालीमा अनुवाद गराई उनी पढ्न र सुन्न प्रयासरत रहे। यसै प्रसङ्गमा पाटन महाबौद्धका पण्डित सुन्दरानन्द बाँडाले भीमसेन थापालाई खुशी पार्न पृथ्वीनारायण शाहदेखि राजेन्द्रविक्रम शाहसम्मका आफूले जानेको इतिहासका कुरा पारी **त्रिरत्नसौन्दर्य गाथा** भन्ने पुस्तक तयार पारेका थिए। त्यस पुस्तकको मुख्य उद्देश्य राजा, रानी तथा मन्त्रीलाई त्रिरत्नको रूपमा वर्णन गरी उनीहरूलाई खुशी पार्नु थियो।

वि.सं. १४१७ मा ताडपत्रमा भुजिमल लिपिमा लेखिएको **भारतीय नाटयशास्त्र** नामक ग्रन्थ पं. सुन्दरानन्द बाँडाले विद्वान् पण्डित पद्मनिधि पाँडेका निमित्त सारिदिएका थिए[२१]। यतिखेर पण्डितहरू पनि ग्रन्थ सार्ने पेशामा संलग्न

---

[२१] महापुण्यं प्रशस्तं च लोकानां नयनोत्सवं
नाटयशास्त्रं समाप्तेदं भरतस्य यशोवहं ॥२॥
इति भारतीये नाट्यशास्त्रे तत्त्वनिधानो नामाध्यायः पञ्चत्रिंशदिति ॥
समाप्तं भारतीयं नाट्यशास्त्रं ॥ शुभमस्तु ॥
स्वस्ति श्रीमज्जनरलभीमसेनाज्ञया त्वरा
तद्भारतीयं नेपालसंवदद्रियुगांकगा
चैत्री राका बुधदिनं मेषसंक्रमणं यदा
चतुःशताधिकाशीत्या श्रीमन्नेपालहायने
लिखिता ताडपत्रीया भोजिम्मोलाभिधा लिपिः ॥
दृष्ट्वा तामलिखद् बौद्धः ससुतः सुन्दराभिधः
भूयात्समृद्धिदं राज्ये मंत्रिकुले विवृद्धिकृत्
आयुरारोग्यजननं क्षेमकारि च सर्वथा
शुभमस्तु ॥ श्रीगुर्वर्पणमस्तु ॥ श्रीसरस्वती प्रसन्नास्तु ॥
विद्वान् पद्मनिधिस्तावत्तत्पुस्तकशोधक :
भीमसेनप्रीतिपात्रं तदास्ते तस्य पुस्तकम् ॥
लिखापयंति तत्तदा ॥१॥ पाठः ॥

हुन्थे। अहिले यस कुराको यहाँ उद्धरण गर्नुको मनसाय वि.सं. १४१७ मा लेखिएको मुजिमोल लिपिलाई त्यसको ४६७ वर्षपछि पनि नेपाली विद्वान्हरू राम्रोसँग पढ्न सक्थे भन्ने कुरा देखाउनु हो।

भारतमा धेरै विद्वान्हरूले वर्षौं-वर्षसम्म अथक परिश्रम गरी आर्जन गरेको ज्ञानलाई समष्टिगत रूपमा समेटेर एशियाटिक सोसाइटीका सचिव जेम्स प्रिन्सेपले वि.सं. १८९४ मा मात्र बल्ल ब्राह्मी लिपि पढ्न सफल भएका थिए। यसरी भारतमा विद्वान्हरूले ब्राह्मी लिपि पढ्नुभन्दा अगाडिदेखि नै नेपालमा प्राचीन भुजिमोल लिपि पढ्न सक्ने विद्वान्हरू भएको कुरा माथिको उद्धरणबाट स्पष्ट हुन्छ। भुजिमोल लिपि पढ्नको लागि भारतीय विद्वान्हरूको सम्पर्कबाट नेपाली विद्वान्हरूले सहायता लिनुपरेको होइन, नेपालीहरूले परम्परागत रूपमा जोगाई ल्याएको ज्ञानको विन्दुले नै यसरी पुराना लिपिमा लेखिएका ग्रन्थहरू पढ्न सकेका हुन्। सबै कुरा विदेशबाटै आएको हो, हाम्रो त के छ र भन्ने हीन भावनाले ग्रस्त मानिसहरूका लागि यस्ता कुराहरूले अवश्य पनि जबाफ दिइरहेका छन्।

वि.सं. १३६९ देखि १३८३ सम्म लगभग १४ वर्ष नेपाल उपत्यकामा हालीमुहाली गरी शासन चलाउने रुद्र मल्ल आफ्ना बाबु तुङ्ग मल्ल स्वर्गारोहण हुँदा मात्र १६ वर्षका थिए। आफ्ना विरुद्धमा उठेका भक्तपुरको त्रिपुर दरबारका बनेपाका तथा साँगाका शासकहरूलाई आफ्नी आमा पदुमलदेवीको सहयोगले

ठूलो हुने, असल, मानिसहरूको आँखाको उत्सव भएको, कीर्ति ल्याउने, भरतको यो नाट्यशास्त्र सिद्धियो। भारतीय नाट्यशास्त्रमा तत्त्वनिधान भन्ने नाउँ भएको पैतीसौं अध्याय सिद्धियो। भारतीय नाट्यशास्त्र सिद्धियो। कल्याण होस्। स्वस्ति श्रीजनरल भीमसेन थापाको आज्ञाले नेपाल संवत् ९४७ (वि.सं.१८८४) चैत्र पूर्णिमा बुधवारको दिन जब मेषसङ्क्रान्ति भयो, (तब) त्यो भारतीय (नाट्यशास्त्र) हडबडले सारियो। श्रीनेपाल संवत् चार सय असी (वि.सं.१४१७) मा ताडपत्रमा भोजिमोल्ल भन्ने लिपिले लेखिएको पुस्तक छ। त्यो हेरेर छोरा समेतका सुन्दर भन्ने बौद्धले सारे। राज्यमा समृद्धि दिने होओस्। मन्त्रीको वंशमा बढिबढाउ गर्ने, आयु र आरोग्य पैदा गर्ने, सबै तरहले कल्याण गर्ने होओस्। कल्याण होओस्। श्रीगुरुलाई अर्पण होओस्। श्रीसरस्वती प्रसन्न होऊन्। भीमसेनका प्रीतिपात्र थरीथरीका पुस्तक शोध्ने विद्वान् पद्मनिधि हुनुहुन्छ, त्यो पुस्तक उहाँको हो।)

महेशराज पन्त, "भारतीय नाट्यशास्त्रको एक अंश, नेपाली लेखोट पुस्तकहरूबाट " **पूर्णिमा** पूर्णाङ्क ६८, २०४३, ८।

यी रुद्र मल्लले दबाउन सफल भए। यस विद्रोहमा उस समयका ठूला ठूला भारदारहरू र सैनिकसमेत करीब ६० जनाको ज्यान गएको थियो। यसपछि शक्तिसम्पन्न भएका रुद्र मल्लले पहिलेदेखि चलिआएको एक वंशको राजा हुने र अर्को वंशको युवराज हुने प्रचलनलाई तोडेर आफ्ना नातेदार अरि मल्ललाई राजसिंहासनमा राखेर मुलुकको खास बागडोरचाहिं आफ्नो हातमा लिएका थिए।

वि.सं. १६२९ को भक्तपुर बोलाछैंटोलको अभिलेखमा महारानी गंगादेवी तथा उनका दुई छोराहरू त्रैलोक्य मल्ल र त्रिभुवन मल्लले संयुक्त शासन चलाइरहेको वेलामा मल्लिकार्जुनदेवले नीलकण्ठेश्वरको प्रीतिको लागि गुठीको जग्गाको व्यवस्था मिलाइको कुरा उल्लेख गरिएको छ। हामीलाई यस प्रसङ्गमा चासो परेको विषय के हो भने यस अभिलेखमा "**पूर्व्वकालस थ्व लावड मथ दयकव, जय रुद्र मल्लदेवस मामजुस दुन्ता** [२२]" (उहिले यो रावल मठ बनाएर जय रुद्र मल्लदेवकी माताज्यूले अर्पण गर्नुभयो) भन्ने उल्लेख गरिएको छ। गोपाल राजवंशावलीमा रुद्र मल्लकी माता पदुमलदेवीको निधन वि.सं. १३८९ आश्विनमा भएको हो भन्ने उल्लेख आएकोले भक्तपुरको यो रावल मठ यसभन्दा अगाडि नै बनेको भन्ने कुरा स्पष्टै छ।

यताबाट वि.सं. १६२९ मा यो शिलापत्र राख्दा "पूर्व्वकालस थ्व लावड मथ दयकव, जय रुद्र मल्लदेवस मामजुस दुन्ता" भन्ने कुरा उल्लेख गर्दा रुद्र मल्लको पालाको पुरानो अभिलेख नपढीकन सम्भव भएन।

---

[२२] श्री विश्वमल्लनृपतेर्गङ्गादेवी सुतौ सुषुवे
त्रैलोक्य मल्लभूपं, त्रिभुवन मल्लं च भूपालम् ॥.....
पुत्राभ्यां सह भक्तपत्तनधुरामस्या वहन्त्याः कृपां
प्राप्तः श्रीयुतमल्लिकार्जुनकृती शैवः शिवप्रीतये।
शैवं वृत्तिमिमाञ्च दैववशतो नष्टां पुनः सृष्टवान्
सृष्ट्वा चापि शिवार्प्पितां प्रतिदधे शैवागमाचारतः ॥
पुनः देशभाषा ॥ पूर्व्वकालस थ्व लावडमथ दयकव, जयरुद्र मल्लदेवस मामजुस्यं दुन्ता थ्वनलि रत्नादेवीस्यं, तव चपाड यंतास, सतर दयकाव दुंतानं जयदेवरुन खेयकाव थुलि लाक रोव २०० थ्वते बु लिलाचकाव श्रीनीलकण्ठेश्वरप्रीतिन मल्लिकार्जुनदेवरुन न दुतां जुरो।
महेशराज पन्त, "जङ्गमठसम्बन्धी ८ वटा पत्र" **पूर्णिमा** पूर्णाङ्क ११०, २०६०, पृ.४५।

त्यसैले गंगा महारानी तथा त्रैलोक्य मल्ल र त्रिभुवन मल्लको समयमा पुरानो लिपि पढ्न सक्ने योग्यता नेपाली बुद्धिजीवीहरूमा परम्परागत रूपमा रहिआएको थियो भन्ने स्पष्ट हुन्छ। अझ यसभन्दा पनि राम्रो कुरा त राजा रणजित् मल्लले यही शिलालेखको समाप्तिपछि आफ्नो अभिलेख कुँदाएका छन्। वि.सं.१७९८ को यस अभिलेखमा "**स्वस्ति पूर्व्वकालस थ्व मथया बु कचंगल दाङाव श्री २ जयरणजित्मल्ल महाराजया पर्य्यायस, शिवलिंदेवरुण विचाल याङाव रो १५५ वर्ष ३ बु कचंगल दाङाव श्री २ जयरणजित्मल्ल महाराजयज पर्य्यायस, शिवलिंदेवरुण विचाल याङाव रो १५५ कर्ष ३ बु अधिकन लुयकाव श्री ३ नीलकंठ श्री ३ वीरभद्रप्रीतिन शिवलिंदेवरुण सेवा याङा**" भनी उल्लेख गरेका छन्। यसरी यस शिलालेखमा २८ पंक्तिसम्म महारानी गंगादेवी र राजाहरू त्रैलोक्य मल्ल तथा त्रिभुवन मल्लहरूको समयको वि.सं. १६२९ को लेख उत्कीर्ण गरिएको छभने यही शिलालेखको पंक्ति २८ देखि नै प्रारम्भ गरेर पंक्ति ३७ सम्म राजा रणजित् मल्लको वि.सं. १७९८ को लेख उत्कीर्ण गरी पूर्ण गरिएको छ। यसैले गङ्गामहारानीहरूले २४० वर्षअघिको रुद्र मल्लका समयको अभिलेख पढेको र राजा रणजित् मल्लले आफ्नो समयको भन्दा १६९ वर्ष अघिको अभिलेख पढी त्यसमा भएको व्यवस्थालाई आधार मानेर जग्गामा उठेको कचिंगलको समस्या समाधान गरेको देखिन्छ। यो एउटै अभिलेखमा उल्लेख गरिएका मितिहरूलाई ध्यानपूर्वक हेर्ने होभने रणजित् मल्लको समयमा चार सय वर्षभन्दा पनि पुरानो रुद्र मल्लको पालाको लिपिलाई पनि पढ्न सक्ने व्यक्तिहरू थिए भन्न सकिन्छ।

प्रधानमन्त्री जुद्धशमशेरले वि.सं. १९८९ मा भक्तपुरका तात्कालिक प्रशासक धनशमशेरको जाहेरीअनुसार भक्तपुरको राजकुलोको जीर्णोद्धार गरी ताम्रपत्र राख्न लगाएका थिए। उक्त ताम्रपत्रमा सो धारा मल्ल कालका राजा जितामित्र मल्लले वि.सं. १७३५ मा बनाएको, पछि वि.सं. १७६० मा राजा भूपतीन्द्र मल्लले उक्त धारा जीर्णोद्धार गरेको कुरा उल्लेख गरिएको छ[२३]। यताबाट मल्लकालमा

---

[२३] श्रीश्रीश्रीमहाराज जुद्धशमशेर जङ्गबहादुर राणाकस्य .... रुक्का – नेपाली राजा सुमति जयजितामित्र मल्ल देवले विक्रम सम्वत् १७३५ साल आषाढ शुक्ल १० रोज ४ मा राजकुलो तयार गरी ढुङ्गे धाराहरू चलाउनुभएको थियो। वाहाँपछि नेपाली राजा भूपतीन्द्र मल्लदेवले विक्रम सम्बत् १७६० सालमा ठाउँ-ठाउँमा धारा कुलाहरू भत्के-बिग्रेको बनायी जीर्णोद्धार गर्नुभयो। वाहाँपछि विक्रम सम्वत् १८७५ सालमा "भादगाउँ चार वर्ण छत्तीस जातले कुलोनजीक चपरी नकाट्नु गायी भैंसी नचडाउनू बेकाइदा गर्नेलाई दण्ड लाग्छ" भन्ने व्यहोराको लालमोहोर

नेवारी भाषा एवं नेवारी लिपिमा लेखिएका पुस्तक तथा कागतपत्रहरूलाई पछि राणाकालसम्म पनि पढ्न सक्ने परम्परा रहेको थियो भन्ने देखिन्छ।

यसरी भारतवर्षमा विदेशी शासकहरूले दास बनाएपछि प्राचीन लिपिमा लेखिएका ग्रन्थहरू पढ्न सक्ने ज्ञान लोप भइसकेको थियो। पछि शिक्षाको ज्योति खुल्दै आएपछि ब्राह्मी एवं गुप्त लिपिहरू पढ्न भारतीयहरूलाई धेरै समय लागेको थियो। नेपाल कहिल्यै पनि विदेशी शक्तिहरूको अधीनमा नरही स्वतन्त्र कायम भइरहन सकेको हुनाले नै प्राचीन लिपिहरू पढ्न सक्ने ज्ञान यहाँ लोप हुन पाएको थिएन र विभिन्न प्राचीन मठ-मन्दिर एवं विहारहरूमा प्राचीन लिपिमा लेखिएका ग्रन्थहरू पढ्ने परम्परा रहिआएको थियो/छ। यो स्वतन्त्रताको निशानी हो भन्न सकिन्छ।

⁂

काजी भीमसेन थापाद्वारा हुन गयि कुलोको जीर्णोद्धार भयो। वाहाँपछी हाम्रा श्री ६ बुबाज्यू श्रीमद्राजकुमार कुमारात्मज श्रीकम्यांडर इन चीफ जनरल धीरशम्शेर जंगबहादुर राणाबाट विक्रम सम्वत् १९१२ सालमा साविक ६ जना ढलपाले मद्दत नपुगेको हुनाले फेरि ३ जना ढलपा थपीबक्सी नाइके ढलपाहरूलाई "सनातनपर्यन्त सो काम चलायी खानू" भन्ने उक्त अक्त्यारीको दस्तखत् समेत गरीबक्सेको रहेछ। वाहाँपछि भत्के-बिग्रेको मर्मत भएको रहेनछ र धाराहरू बन्ध भयिरहेका रहेछन्। कोही कोही धारोहरू पुरियीकन बेपत्तासमेत भयीशकेका रहेछन्। ... सो सबै व्यहोरा हाम्रा हजुर्मा श्रीनानी मेजर जनरल धनशमशेर जंगबहादुर राणाले जाहेर गरेको हुनाले ... राजकुलो मुहान धाराहरू भत्के-बिग्रेको मर्मत गरायी बेपत्ता भएका धाराहरू समेत पत्ता लगायी खुलायी हामीबाट जीर्णोद्धार गरीबक्स्यौं"
रामजी तिवारी र अरू, अभिलेख संग्रह (आठौं भाग) काठमाडौः संशोधन मण्डल, २०१९, पृ.८।

अध्याय : सोह्र

प्राचीन कालका लेखन-सामग्री

प्राचीन समयमा विभिन्न किसिमका प्रस्तर (ढुङ्गा)हरू, धातुका पाताहरू, पोलेका माटोका साधनहरू, भुर्जपत्र, ताडपत्र, रूखका बोक्राहरू, छाला (Vellum & Parchment), रेशम (सिल्क) का कपडाहरू लेखन-कार्यमा प्रयोग हुन्थे। नेपालमा उपलब्ध प्राचीन अभिलेखहरू बढी प्रस्तरमा नै लेखिएका पाइन्छन्। विभिन्न किसिमका लेखन-सामग्रीहरूमध्ये प्रस्तर टिकाउका दृष्टिकोणले धेरै वर्षसम्म चल्ने हुँदा लिच्छवि शासकहरूले आफ्नो राजकीय आदेश प्रसारण गर्न र देव-देवीका मन्दिरहरूको निर्माण आदि धार्मिक कार्य सम्पन्न गरेको कुराको लागि तथा तात्कालिक जनताले आफूले गरेको धर्मकार्य चिरस्थायी भइरहुन् भन्ने कामनाले प्रस्तरलाई नै लेखन-सामग्रीको रूपमा लिइआएको पाइन्छ। उतिखेर ताम्रपत्रमा लेखिने प्रचलन नभएको त होइन, परन्तु ताम्रपत्रहरू केही समयपछि गल्दै गालिँदै जाने भएको र स्थानान्तर गर्न पनि सजिलो हुने भएकोले लिच्छविकालमा राजाज्ञा प्रसारण गर्ने लेखन-सामग्रीको रूपमा प्रस्तरले बढी मान्यता पाएको देखिन्छ। हुन पनि निरन्तर घाम-पानी सहेर पनि अभिलेख-उत्कीर्ण यी प्रस्तरहरूले हामीहरूलाई हाम्रा पुर्खाहरूको जन-जीवन, शिक्षा, धर्म, संस्कृति आदि विषयका बारेमा यथार्थ जानकारी गराउँदै आइरहेका छन्।

१. प्रस्तर (ढुङ्गा)

प्राचीन कालदेखि नै मानवले प्रयोग गरिआएका लेखन-सामग्रीहरूमध्ये प्रस्तर ज्यादै महत्त्वपूर्ण एवं चिरस्थायी अर्थात् धेरै टिकाउ साधनको रूपमा प्रयोग भइआएको पाइन्छ। कुनै अभिलेख कुँद्नुभन्दा अघि विशेष प्रकारको प्रस्तरलाई आवश्यकता-अनुसारको साइजमा काटेर त्यसलाई घोटेर चिल्लो बनाइन्थ्यो। यसरी तयार पारिएको प्रस्तरमा पहिलेबाट कुशल कलाकारले सीधा रेखा तानेर कुँद्न लागिएको अभिलेखको बेहोरा लेख्थे। त्यसपछि प्रस्तरमा काम गर्ने शिल्पीले पहिले लेखिएको ठाउँमा नै छिनोले बिस्तारै बिस्तारै अभिलेख कुँद्ने काम गर्थे।

शिलास्तम्भ

शिलास्तम्भ प्राचीन अभिलेखका स्रोतको रूपमा रहेका पाइन्छन्। सम्राट् अशोकका स्तम्भलेखहरू पाषाणमा नै कुँदिएका पाइएका छन्। उच्च कलाकारिताको नमूनाको रूपमा रहेका अशोकका स्तम्भहरू गोलो, चिल्लो अनि टलक्क टल्कने पालिश लगाइएको अवस्थामा पाइएका छन्। नेपालमा अशोकका स्तम्भहरू तीनओटा पाइएका छन्। १. लुम्बिनीमा, २. निग्लिहवामा र ३. गोटिहवामा। गोटिहवामा पाइएको स्तम्भलेखमा अभिलेख हुनसक्ने भाग हराइसकेको भए पनि अन्य अशोक स्तम्भहरूमा जस्तै यो स्तम्भको टुक्रामा पनि पालिश देखिएको र मोटाइको आकारमा पनि समानता रहेकोले यस स्तम्भलाई पनि इतिहासकारहरूले अशोककै हुन् भनी ठहऱ्याएका छन्। लुम्विनीको अशोकस्तम्भ ईसापूर्व २४५ सालको होभने निग्लिहवाको चाहिँ ईसापूर्व २४९ को हो।[1]

काठमाडौं उपत्यकामा चारपाटे स्तम्भहरू पाइएका छन्। लिच्छवि राजा मानदेवले चाँगुमा नारायणमन्दिरको अगाडि स्थापना गरेको वि.सं. ५२२ को शिलास्तम्भको तीन पाटामा अभिलेख कुँदिएको छ। यस अभिलेखमा मानदेवले आफू राजा भएपछि पूर्व एवं पश्चिमका सामन्तहरूलाई वशमा लिई देशमा

---

[1] भुवनलाल प्रधान, **नेपालमा बौद्धधर्म**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४५, पृ.४७।

अमनचैन कायम गरेको कुरा वर्णित छ।[२] काठमाडौँ, हाँडिगाउँ सत्यनारायणस्थानको गरुडस्तम्भलाई पनि यसको उदाहरणको रूपमा लिन सकिन्छ।[३]

शिलापत्र

प्राचीन कालमा ढुङ्गामा लेखहरू कुँदाएर राख्ने प्रचलन विश्वमा सबैतिर रहेको पाइन्छ। नेपालको इतिहास हेर्दा पनि राजाज्ञा-लगायतका सनदहरूलाई शिलापत्रमा नै उत्कीर्ण गर्ने परम्परा रहिआएको देखिन्छ। प्राचीन कालमा राजाज्ञाको बेहोरा प्रजाको जानकारीको लागि शिलालेखमा उत्कीर्ण गरेर सबैले देख्ने ठाउँमा राख्ने प्रचलन थियो। राजा वसन्तदेवले थानकोट आदिनारायणस्थानमा राखेको वि.सं. ५६३ को शिलालेख राजाज्ञा जारी गरिएको पहिलो सनद-शिलापत्रको रूपमा रहिआएको छ।[४] लिच्छविकालमा यस्तै शिलापत्रमा लेखिएका सनदहरूलाई **शिलापट्टकशासन** भनिएको पाइन्छ। फर्पिङ्गको गणदेवको अभिलेखमा[५] र पाटन भीमसेन स्थानको शिवदेव+अंशुवर्माको अभिलेखमा **शिलापट्टकशासन** भनिएको छभने चौकीटारको गणदेव+भौमगुप्तको अभिलेखमा[६] **स्थितिपट्टकः** भनिएको छ। यसै गरी विष्णुपादुकाको फेदीको शिवदेवको अभिलेखमा[७] र अन्य कतिपय अभिलेखहरूमा **शिलापट्टक** भनिएको छ।

शिलापत्रको शिरोभागमा दायाँ-बायाँका दुवै कुना मोरेर अर्धचन्द्राकारको स्वरूप बनाइएको हुन्छ। यस्तो यो गोलाकार भागमा यसका अतिरिक्त अभिलेखहरूको शिरोभागमा कलश, शङ्ख, चक्र, कमल, वृष, मृग, पुष्प, रथचक्र, परशु लगायतका आकृतिसमेत कुँदिएका पाइन्छन्। कुनै-कुनै शिलापत्रमा गोलो भागको किनारामा फूलबुट्टा वा ज्वालावलीसमेत बनाइएको हुन्छ। कुनै-कुनै

---

[२] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, २०३०, पृ. १०-३०।

[३] वज्राचार्य, उही, पृ.१५०।

[४] वज्राचार्य, उही, पृ. ९१-१०९।

[५] वज्राचार्य, उही, पृ.१८२।

[६] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, २०३०, पृ. १८७।

[७] वज्राचार्य, उही, पृ.२१५।

शिलापत्रमाचाहिँ पूरै शिलापत्रको किनारामा पनि ज्वालावली बनाइएको हुन्छ। यस किसिमका शिलापत्रहरू आकृतिमा कुनै ठूला, कुनै साना पनि पाइएका छन्।

लिच्छविकालका शिलापत्रहरूमध्ये राजा जयदेवको पशुपतिको शिलालेख अलि विशाल आकृतिको देखिन्छ। जयदेवले भगवान् पशुपतिनाथलाई सुनको केसर भएको अष्टदल कमल चढाई राखेको यस अभिलेखमा उनका पुर्खाहरूको पनि विस्तृत वर्णन गरिएको छ। त्यसैले यो शिलापत्र लिच्छविकालका शिलापत्रहरूमध्ये सबैभन्दा ठूलो देखिएको छ।[८]

मूर्तिपादपीठ

प्रस्तरका अभिलेख पाइने अन्य साधनहरूमा मूर्तिपादपीठहरू पनि उल्लेखनीय रूपमा रहेका छन्। यसको उदाहरणको रूपमा मालिगाउँमा प्राप्त महाराज जय वर्माको नामोल्लेख भएको संवत् १०७ को पुरुषमूर्तिको पादपीठको अभिलेख,[९] पशुपति वाग्वतीपारि तिलगङ्गानिर राजा मानदेवले स्थापना गरेको वि.सं. ५२४ को वामनमूर्तिको पादपीठको अभिलेखलाई लिन सकिन्छ। वामनमूर्तिको पादपीठको अभिलेखमा राजा मानदेवले आफ्नी आमा राज्यवतीको पुण्य बढोस् भन्ने अभिप्रायले विक्रान्तमूर्ति स्थापना गरिएको कुराको वर्णन गरेका छन्।[१०] यसै गरी राजा मानदेवको शासनकालमा सार्थवाह गुहमित्रले वि.सं. ५३७ मा इन्द्रनामक भगवान् श्री सूर्यको स्थापना गरी राखिएको, हाल काठमाडौं राजकृतिमहाविहार (टेवहाल) भित्र पस्ने ढोकैनिर बायाँपट्टिको पसलभित्र रहेको मूर्तिको पादपीठलाई लिन सकिन्छ।[११] काठमाडौं ब्रह्मटोलको बीच बाटोको एउटा सानो मन्दिरभित्र पश्चिमाभिमुख भई अवलोकितेश्वरको पादपीठमा रहेको वि.सं.६१५ को अभिलेख,[१२] राजा मानदेवको शासनकालमा धर्मजीवले पाटन

---

[८] वज्राचार्य, उही, पृ.५४८-५६२।

[९] लैनसिंह बाङ्देल, **जयवर्माको मूर्ति र नेपालको वर्मावंश**, काठमाडौंः मण्डला प्रकाशन, २०६२, पृ. १०।

[१०] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, २०३०, पृ. ३५।

[११] वज्राचार्य, उही, पृ.५९।

[१२] वज्राचार्य, उही, पृ.१८५।

यङ्गबहालमा स्थापना गरेको अवलोकितेश्वरको पादपीठमा रहेको वि.सं. ८१३ को अभिलेख[१३] यसका उदाहरण हुन् ।

पाषाण-जलहरी

प्राचीन कालमा निर्मित पाषाण-जलहरीहरू पनि लेखन-सामग्रीका प्रमुख स्रोतको रूपमा रहिआएका छन् । यसको उदाहरणको रूपमा राजा मानदेवको समयमा वि.सं. ५२४ मा लाजिम्पाट धोबीचौरमा स्थापना गरिएको शिवलिङ्गको जलहरीमा उत्कीर्ण अभिलेख, राजा मानदेवकी रानी क्षेमसुन्दरीले वि.सं. ५२६ मा लाजिम्पाट धोबीधारामा स्थापना गरेको शिवलिङ्गको जलहरीमा उत्कीर्ण अभिलेख, राजा मानदेवले वि. सं. ५३४ मा बूढानीलकण्ठ नारायणस्थानको पश्चिमोत्तरतिर विष्णुपादुका डाँडाको फेदीमा स्थापना गरेको शिव लिङ्गको जलहरीमा उत्कीर्ण अभिलेख, राजा मानदेवको शासन कालमा वि.सं. ५३४ मा सार्थवाह रत्नसङ्घले स्थापना गरेको हाल पशुपति देउपाटनमा दक्षिणामूर्तिको पश्चिमपट्टि अलिकति उकालो चढेर गएपछि रूखमुनि अवस्थित रत्नेश्वर शिवलिङ्गको जलहरीमा उत्कीर्ण अभिलेख, राजा मानदेवको शासनकालमा वि.सं. ५३८ मा सार्थवाह रत्नसङ्घले स्थापना गरेको, हाल पशुपति देउपाटनमा रहेको प्रभुकेश्वर शिवलिङ्गको जलहरीमा उत्कीर्ण अभिलेख, राजा मानदेवको शासनकालमा वि.सं. ५४३ मा विमलसङ्घले पशुपति देउपाटनमा स्थापना गरेको शिवलिङ्गको जलहरीमा उत्कीर्ण अभिलेखलाई लिन सकिन्छ ।

यसै गरी पशुपतिनाथको मन्दिरदेखि दक्षिणपट्टि पञ्चदेवलभित्र रहेको शिवलिङ्गको जलहरीमा उत्कीर्ण वि.सं. ५४५ को अभिलेख, पशुपतिनाथको मन्दिरसँगै उत्तरपट्टि अवस्थित त्रिशूलको आसनरूपमा रहेको जलहरीमा उत्कीर्ण वि. सं. ५४९ को अभिलेख, राजा मानदेवकी रानी गुणवतीले आफ्ना पिता किन्नरवर्माको पुण्य बढोस् भनी वि. सं. ५५५ मा स्थापना गरेको लाजिम्पाटमा रहेको शिवलिङ्गको जलहरीमा उत्कीर्ण अभिलेख, मानदेवकी छोरी विजयवतीले वि.सं. ५६२ मा स्थापना गरेको, हाल पशुपति कैलासबाट सूर्यघाट तिर ओर्लंदा बाटोमा बायाँपट्टि रहेको विजयेश्वर शिवलिङ्गको जलहरीमा उत्कीर्ण अभिलेख,

---

[१३] वज्राचार्य, उही, पृ. ५९१ ।

पशुपतिनाथको मन्दिरदेखि दक्षिण-पूर्वपट्टि भस्मेश्वर शिवलिङ्गको जलहरीमा उत्कीर्ण वि.सं. ५९० को अभिलेख, लिच्छविकालका प्रसिद्ध व्यक्ति अनुपरमकी श्रीमती आभीरीले आफ्ना स्वर्गवासी पतिको पुण्यवृद्धिका लागि वि.सं. ५९८ मा स्थापना गरिएको, हाल पशुपतिनाथको मन्दिरदेखि दक्षिणपट्टि चौसट्ठी लिङ्गदेखि अलि तलतिर वत्सलाको मन्दिरभन्दा पश्चिमतर्फ रहेको अनुपरमेश्वर शिवलिङ्गको जलहरीको अभिलेखलाई लिन सकिन्छ ।

जलद्रोणी

जनतालाई दैनिक उपभोगका निमित्त नभई नहुने आवश्यक तत्त्वहरूमध्ये पानी एक हो । मुहानदेखि नै धाराको लागि छुट्टै कुलो बनाएर ल्याउनुपर्ने हुनाले जो कोहीले जहाँ चाह्यो, त्यहीं धारा ल्याउन उतिखेर सम्भव थिएन । त्यसैले उतिखेर बटुवाहरूलाई पानी खानको निमित्त जलद्रोणी बनाई बटुवाहरूले हिंड्ने बाटोको बीचमा राखी त्यसमा नियमित रूपले पानी भर्ने व्यवस्था मिलाइएको हुन्थ्यो । जनताले यही जलद्रोणी अर्थात् टुटेधाराको टुटो खोलेर टन्न पानी खाएपछि फेरि त्यही टुटाले धारा बन्द गरी जाने व्यवस्था पुरातन समाजमा विद्यमान थियो । यसरी बाटामा हिंड्दा-हिंड्दै तिर्खा लागिहाल्योभने बटुवाहरूलाई तिर्खाले छटपटिएको बेलामा कलकल पानी खानको निमित्त जलद्रोणी (टुटेधारा, जह्रु) बनाई त्यसको नियमित रूपमा सञ्चालन गर्नको निमित्त गुठी राखिदिने प्रचलन नेपालमा प्राचीनकालदेखि नै चलिआएको हो । यिनै लेखसहितका पाषाण-जलद्रोणीहरू पनि प्राचीन लेखन-सामग्रीका साधनको रूपमा रहिआएका छन् ।

लिच्छविकालमा बनाइएको पाषाणको एउटा जलद्रोणी अहिले काठमाडौं टेबहालभित्र दक्षिणपट्टि पर्खालमा रहेको छ । त्यसमा 'आमाबाबुको कल्याण होस् भनी एकजना प्रियपाल नाम भएका शाक्य भिक्षुले उज्ज्वल कीर्ति भएका उहाँ ठूला रत्नत्रय (बुद्ध धर्म, संघ) लाई लख गरेर प्राणीहरूको उपभोगको निमित्त कूवा र जलद्रोणी (टुटेधारा) बनाएको'[१४] कुरा उल्लेख गरिएको छ ।

यसै गरी लिच्छविकालमा बनेको अर्को पाषाणको जलद्रोणी हाल काठमाडौं जैसीदेवलबाट केही पूर्वतिर बाटोमा रहेको छ । यसमा वि.सं. ७८४

---

[१४] वज्राचार्य, उही, पृ.४५४ ।

मा अतीतलम्भकी भार्या भोजमतीले 'लञ्जग्वल् पाञ्चालीका वासिन्दाहरूले सधैँ पानी खान पाऊन्' भन्ने कामना गरी जलद्रोणी बनाएर राखिएको कुरा[१५] उल्लेख गरिएको छ।

त्यस्तै पाटन गावहालमा अवस्थित कृष्णमन्दिरको भित्तामा टाँसिराखिएको लिच्छविकालको अर्को जलद्रोणीमा 'आमा-बाबुलगायत सारा प्राणीको पुण्य बढोस् भनी श्रद्धापूर्वक जलद्रोणी बनाइएको' कुरा[१६] उल्लेख गरिएंको छ। पाटन सुवहालबाट पूर्वपट्टि इनारको अगाडि भित्तामा टाँसी राखिएको वि.सं. ८२० को लिच्छविकालको जलद्रोणीले पनि यही कुराको संकेत गरेको छ[१७]। हनूमान्ढोका नासलचोकको दक्षिण-पश्चिम कुनामा रहेको वि.सं. ८४० को जलद्रोणी[१८] र पाटनबाट लुभुतिर जाँदा बाटोमा मोतीटार-नजीकै डङ्गोल भन्ने ठाउँमा रहेको वि.सं. ८८३ को जलद्रोणीमा रहेका लेखहरू[१९] पनि प्राचीन लिपिको अध्ययनका लागि आवश्यक पर्ने महत्त्वपूर्ण स्रोतको रूपमा रहिआएका छन्।

यसरी प्राचीन समयदेखि नै जनहितकार्यमा राजा एवं प्रजाले मिलिजुली जलद्रोणीलाई स्थापना गर्ने र यिनै जलद्रोणीहरूमा अंकित अभिलेखहरू लेखन सामग्रीको प्रमुख स्रोतको रूपमा अहिलेसम्म रहिआएका छन् भन्ने कुरा थाहा पाइन्छ।

धातु

हाम्रो देशमा विभिन्न किसिमका धातुहरू, जस्तै – सुवर्ण, रजत (चाँदी), ताम्र, पित्तल, काँस र फलामका वस्तुहरूमा अभिलेखहरू लेखाएर राख्ने प्रचलन प्राचीन कालदेखि नै रहिआएको देखिन्छ।

---

[१५] वज्राचार्य, उही, पृ.५४७।

[१६] धनवज्र वज्राचार्य, उही, पृ.५८९।

[१७] वज्राचार्य, उही, पृ. ५९३।

[१८] वज्राचार्य, उही, पृ. ५९४।

[१९] वज्राचार्य, उही, पृ. ५९४।

सुवर्णलेख

चाँगुनारायणको मन्दिरभित्र रहेको अंशुवर्माको वि.सं. ६६४ को सुवर्णपत्र लिच्छविकालको सुवर्ण पत्रको नमूनाको रूपमा रहेको छ। मन्दिरभित्र भएर होला, चाँगुनारायणको मन्दिरभित्र रहेको अंशुवर्माको वि.सं. ६६४ को सुवर्णपत्र[२०] भने अहिलेसम्म लिच्छविकालमा धातुमा लेखिएका अभिलेखहरूको नमूनाको रूपमा सुरक्षित रहिआएको छ। भगवान् चाँगुनारायणलाई समर्पण गरिएका देव-देवीका केही सुवर्ण-प्रतिमाहरू पनि चाँगुनारायणको भण्डारमा रहेका छन्।

धातु-मूर्तिपादपीठ

अभिलेख पाइने अन्य साधनहरूमा धातुका मूर्तिपादपीठहरू पनि उल्लेखनीय रूपमा रहेका छन्। यसको उदाहरणको रूपमा वि.सं.८०० को इन्द्रको पादपीठमा रहेको अभिलेख एवं राजा शिंवदेवको शासन कालमा जयधरले स्थापना गरेको विष्णुमूर्तिको पादपीठमा रहेको वि.सं. ८५९ को अभिलेखलाई[२१] लिन सकिन्छ।

ताम्रपत्र

लिच्छवि राजा नरेन्द्रदेवले देउपाटनमा राख्न लगाएको शिलापत्रमा "**या च व्यवस्था ताम्रशासने लिखिताभूत्**" अर्थात् 'सनद ताम्रपत्रमा जुन व्यवस्था लेखिएको थियो' भन्ने उल्लेख गरेर पहिलेदेखि यहाँ चलिआएको शासन-व्यवस्थालाई थमौती गरिएको कुरा लेखिएको छ[२२]। यताबाट तात्कालिक जनजीवनमा परिआउने समस्या समाधान गर्नको लागि राजाज्ञाहरूलाई ताम्रपत्रमा लिपिबद्ध गरी स्थानीय सरकारी निकायहरूमा राख्ने प्रचलन रहेको देखिन्छ। यसो भए पनि धातुहरूलाई गालेर जलाएर अन्य वस्तुहरू बनाउने प्रचलन भएकोले लिच्छविकालका धातुका लेखन सामग्रीहरू विरलै उपलब्ध हुनसकेका छन्।

---

[२०] वज्राचार्य, उही, पृ. ३१७।

[२१] Gautam V. Vajracharya, " Two Dated Nepali Bronzes and their Implications for the Art History of Nepal " **Indo-Asiatische Zeits Chrift** 16, 2012, 5-18.

[२२] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, २०३०, पृ.४७५।

लिच्छविकालको अभिलेखमा **ताम्रशासन** भन्ने शब्द आएको हुनाले उतिखेर राजाज्ञा अर्थात् सनद सवाल जारी गर्नको लागि ताम्रपत्रको प्रयोग गरिन्थ्यो भन्ने कुरा थाहा पाइए तापनि ताम्रपत्रहरूलाई गालेर अर्कै नयाँ वस्तु वा सामान बनाउन सकिने भएर होला, लिच्छविकालको प्रशासकीय बेहोरा लेखिएको ताम्रपत्रचाहिं अहिले पाउन सकिएको छैन ।

ताडपत्र

ताडवृक्ष खास गरेर भारतको दक्षिण प्रदेशमा समुद्रको किनारमा पाइन्छन् । समुद्री किनारामा पाइने यिनै ताडवृक्षको पातलाई टिपेर पहिले घाममा सुकाउँछन् । सुकाइएको ताडपत्रलाई केही बेर पानीमा उमाल्छन् र फेरि सुकाउँछन् । त्यसपछि शंख अथवा चिप्लो ढुङ्गाले घोटेर लेख्नको लागि उपयुक्त हुने बनाउँछन् । यस किसिमले तयार पारिएका ताडपत्रहरूमा महत्त्वपूर्ण ग्रन्थहरू सारिएका वा लेखिएका हुन्छन् । यस्तोखालको ताडपत्रमा राजाज्ञाहरू पनि प्रसारित गरिएका हुन्छन् ।

धेरै कालसम्म टिक्ने भएर नै होला, यिनै ताडपत्रहरूमा जनताको जनजीवनको महत्त्वपूर्ण अंगको रूपमा रहिआएको भूमि-सम्बन्धी स्वामित्व जनाउने तमसूकजस्ता लिखतहरूलाई प्रमाणीकरण गरेर राख्ने प्रचलन पनि प्राचीन कालमा थियो। आजभोलिको लालपुर्जाजस्तो जग्गासम्बन्धी स्वामित्वका लिखतको रूपमा प्राचीन कालमा ताडपत्रहरूको प्रयोग गरिन्थ्यो । यस्ता ताडपत्रहरू आकारमा चौडाइतर्फ करीब १ इन्च र लम्बाईतर्फ २ फुट चानचुनसम्मका पाइएका छन् । यति लामो ताडपत्रको टुक्रालाई सीधा राख्दा नाशिने बिग्रिने डर भएकोले यसलाई बेरेर मात्र राख्ने प्रचलन रहिआएको हो। यसरी बेर्दा ताडपत्र प्रारम्भ गरिएको सिरानमा माटोको सील छाप लगाइएको हुँदा सो छापलाई नफुट्ने नबिग्रने गरी बायाँबाट दायाँतर्फ बेरिएको हुन्थ्यो । सिरानमा माटोको छाप लगाउनुभन्दा अघि ताडपत्रको खाली रहेको ठाउँलाई अलिकति दोब्र्याएर भनौं पट्याएर सुइरोले प्वाल पारी ताडपत्रकै वा टुक्रा रेशाले बाँधी सो बाँधेको ठाउँमा माटोको सील छाप लगाइएको हुन्थ्यो । यस्तो सील छाप विभिन्न किसिमका पाइएका छन्,

परन्तु धेरैजसोमा चाहिँ **श्री** अंकित गरिएको पाइएको छ। यस्ता ताडपत्रहरूमा पछाडिपट्टिको भागमा भने खासै लेखिएको पाइँदैन। यदाकदा जग्गाको जानकारी दिने छोटो नामभने ताडपत्रको पछाडिपट्टिको भागमा लेखिएको पाइन्छ।

ताडपत्रमा लेख्ने तरीका प्राचीन कालदेखि नै दुई किसिमको रहिआएको देखिन्छ – १. मसीले लेख्ने २. मसिनो कीलाको टुप्पा (शलाका) ले कोरेर लेख्ने; भनौँ न उत्कीर्णाक्षर। मसीले लेख्दा ताडपत्रमा कलमले लेखे भइहाल्यो। शलाकाले लेख्दाचाहिँ ताडपत्रमा कीलाको टुप्पाले कोरेर बनाइएको गहिरो रेखामा गाजलले भरिदिइन्थ्यो। यसो गरेपछि अक्षर काला र स्पष्ट देखिने हुन्छन्। राष्ट्रिय अभिलेखालयमा रहेको **स्कन्दपुराण पुरुषोत्तममाहात्म्य** भन्ने पुस्तकलाई ताडपत्रमा उत्कीर्णाक्षरद्वारा लेखिएको ग्रन्थको उदाहरणको रूपमा लिन सकिन्छ। नेपाल राष्ट्रिय अभिलेखालयमा रहेका स्कन्दपुराण, परमेश्वरतन्त्र, सहोत्तरतन्त्र जस्ता पुस्तकहरूलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ।

त्यसैले यस किसिमले ताडपत्रमा लेखिएका ग्रन्थ एवं लिखतहरू नेपालको अभिलेख-विद्याको अध्ययनको स्रोतको लागि महत्त्वपूर्ण मानिएका छन्।

भुर्जपत्र

भुर्जपत्र विशेष गरेर हिमाली प्रदेशमा पाइन्छ। यही वृक्षको भित्री तहको बोक्रा केही पातलो र लेखनका लागि उपयुक्त हुन्छ। अमरकोशमा भुर्जपत्रको उल्लेख वनौषधिवर्गमा गरिएको छ।[२३] यो लम्बाईमा एक गज लामोसम्म पनि पाइन्छ। यस किसिमको भुर्जवृक्षको बोक्रालाई ताछेर बलियो पार्नका लागि तेल लगाएर सुकाइन्थ्यो र अनि यसलाई शंखले बिस्तारै घोटेर चिल्लो बनाइन्थ्यो। यसलाई आफ्नो आवश्यकता अनुसार तथा रुचिअनुसार निश्चित आकारको टुक्रो बनाएर काटेपछि लेखनको लागि तयार पारिन्थ्यो। यसरी यसमा ग्रन्थ लेखेर त्यसको सुरक्षाको लागि बीचमा आधा अक्षर दुई तीन ठाउँमा प्वाल पारेर धागो वा मसिनो डोरीले बाँधी टन्न कसेर सुरक्षित बनाइन्थ्यो।

---

[२३] भूर्जे चर्मि मृदुत्वचौ २।४।४६।

काष्ठपत्रलेख

ताम्रपत्रमा लेखिएका ग्रन्थहरू नबिग्रिउन् भन्ने उद्देश्यले अर्थात् काठको पातलो पाटीजस्तो टुक्रालाई किताबको आकार अनुसारको रूपमा काटेर पाना अर्थात् जिल्दको रूपमा प्रयोग गर्ने प्रचलन प्राचीनकाल देखिकै हो। यस्ता पानाहरू राख्दा उक्त पुस्तक जुन धर्मको हो पानामा पनि सोही धर्मअनुसारका देवदेवी हरूको चित्र पनि लेखिएको हुन्छ।

केटाकेटीहरूलाई बाह्रखरी (वर्णमाला) चिनाउनको लागि पनि काठको पाटी प्रयोग गर्ने प्रचलन प्राचीनकालदेखिकै हो। हिमाली क्षेत्रका गुम्बाहरूमा काठको पाटीहरूमा नै लेखिएका ग्रन्थ पाइएका छन्। नेपालमा पनि काष्ठमा लेखिएका अभिलेखहरू मूर्तिका पादपीठ, देव-देवीका मन्दिरका तोरणहरू, ढोका, झ्याल आदिमा पनि पाइएका छन्।

मृत्तिका लेख (माटो)

लिच्छवि राजा अंशुवर्माको नाम उल्लेख गरिएको माटाको पाको ईंट हाँडिगाउँमा पाइएको छ।[२४] लिच्छवि शिलालेखमा मृत्तिका-सप्तमातृकाको उल्लेख आएको छ। लिच्छविकालमा नै अमरदेव उल्लेख गरिएको ईंट पनि पाइएको छ।[२५]

चट्टान अभिलेख

काठमाडौं, नागार्जुनको फस्कुमा पहिलो चट्टान अभिलेख भेटिएको छ। यहाँ सातकन्या माई तथा पञ्चकन्यामन्दिरको परिसरमा यस किसिमका चट्टान अभिलेखहरू फेला परेका हुन्। तिनमध्ये एक ठाउँमा लिच्छवि लिपिमा ॐ **दीनारवर्मा** लेखिएको छ।[२६] यसको प्रतिच्छवि यस्तो छ –

---

[२४] Sudarshan Raj Tiwari, **Ancient Bricks and Verma of Nepal**, p.4.

[२५] गोविन्द टण्डन, **इतिहासका थप पृष्ठहरू**, काठमाडौं : साङ्ग्रिला पुस्तक प्रा.लि.,२०७७, पृ. ९४।

[२६] श्यामसुन्दर राजवंशी, **गोरखापत्र**, २०७८ फाल्गुन, २६ गते।



ॐ दीनारवर्मा



न्भोगवर्मा

लिच्छवि लिपिमा साधारणतया रेफसहितको वर्णमा मात्रा लगाउँदा पहिले वर्णको शिरोरेखामा रेफको चिह्न लगाउने अनि त्यही रेफको चिह्नमा मात्राचिह्नहरू लगाउने गरिएको पाइन्छ। चाँगुनारायणको विष्णु गुप्तको अभिलेख (रे.११०:३) मा **नीतवान्भोगवर्मा** लेख्दा दुइटा भुजा भएको म वर्णको बायाँ भुजामा शिरोरेखाबाट माथि रेफको चिह्न लगाई त्यसपछि रेफको चिह्नबाट दायाँपट्टि आकारको मात्राचिह्न लगाइएको पाइन्छ।

परन्तु यस चट्टानको अभिलेखमा ॐ **दीनारवर्मा** लेख्दा दुइटा भुजा भएको म वर्णको बायाँ भुजामा शिरोरेखा बाट माथि रेफको चिह्न लगाई आकारको मात्राचिह्नचाहिँ दुइटा भुजा भएको म वर्णको दायाँ भुजामा लगाइएको पाइन्छ।

यसरी यस अध्यायमा पाषाणलेख, सुवर्णलेख, ताम्रलेख, विविध धातुलेख, चट्टानलेख, ताडपत्र, भुर्जपत्र, काष्ठलेख, मृत्तिकालेखहरू प्राचीन समयदेखि नै हाम्रो देशको लिपिको अध्ययनको लागि महत्त्वपूर्ण स्रोतको रूपमा रहिआएका छन् भन्ने विषयमा छलफल गरी प्रकाश पारिएको छ।

❖❖

सन्दर्भ-सामग्री

Basak, R.G. **History of North Eastern India**, Calcutta: Sambodhi Publications, 1967.

Beal, S. Trans. Si-yu-ki: **Buddhist Records of the Western World,** 2 vols. London, 1884. (reprint, New Delhi : Oriental Books Reprint Corporation, 1969).

Bendall, Cecil **Catalogue of Buddhist Sanskrit Manuscripts in the University Library**, Cambridge : 1883.

--- **A journey of Literary and Archaeological Research in Nepal and Northern India During the Winter of 1884-85**, Cambridge : 1885.

--- "Manuscripts and Inscriptions from Nepal", **Proceeding of the Asiatic Scciety of Bengal**, 1899.

Berma, T.P. and Singh, Arvind Kumar **A Corpus of the Lichchhavi Inscriptions of Nepal**, New Delhi : Ramananda Vidya Bhawan, 1994.

Bidari, Basanta **Lumbini A Heaven of Sacred Refuge,** Kathmandu : Author, 2007 (Fourth publication).

Bidari, Basanta (Compilation) **The Buddha's Natal Landscape as interpreted by the Pioneers – A. Fuhrer, Babu Purna Chandra Mukherji and Gen. Khada Shumsher Rana, Nepal** : Lumbini Development Trust, 2019.

Chakrabarti, Dilip. **A History of Indian Archaeology from the beginning to 1947**, New Delhi : Munshiram Manoharlal Publishers Pvt. Ltd. 2001.

Dani, Ahamad Hasan. **Indian Paleography**, New Delhi : Munshiram Manoharlal Publishers Pvt. Ltd., 1986.

Das Gupta, Rajatananda. **Nepalese Miniatures**, Varanasi: Bharatiya Vidya Prakashan, 1968.

Diringer, David. **The Alphabet, A Key to the History of the Mankind**, London, 1949, Second Ed., London, 1953.

Fleet, J.F. ed. **Corpus Inscriptionum Indicarum**, Vol. III, Inscriptions of the Early Gupta Kings. Calcutta, 1888. reprint. Varanasi: Indological Book House, 1963.

Fuhrer, A. **Antiquities of the Buddha's Birth Place in the Nepalese Terai.** 1897 reprint. Delhi: Idological Book House, 1972.

Gelb, I.J. **A Study of Writing**, Chicago: Chicago Press, Second impression, 1965.

Gnoli, Raniero, ed. **Nepalese Inscriptions In Gupta Characters**, Parts I & 2. (with 85 plates). Roma: Is.M.E.O., 1956.

Gupta, S.P. and K.S. Ramachandran ed. **The Origin of Brahmi Script**, Delhi: D.K. Publications, 1979.

Indraji, B. **Twenty-Three Inscriptions from Nepal** Together with Some Considerations on the Chronology of Nepal" (Trans.from Gujarati by G. Buhler), Bombay : 1885.

Indraji, Bhagwanlal and J.G. Buhler. "Inscriptions from Nepal" **Indian Antiquary**, 9 (June-August 1880). 163-94.

Jayaswal, K.P. **Chronology and History of Nepal**, Patna: M.N. Burman and Co., 1937.

Jha, H.N. **The Licchavis (of Vaishali)**, Varanasi: Chowkhamba Sanskrit Series, 1970.

Kirkpatrick, W.J. **An Account of the Kingdom of Nepaul**, Being the Substance of Observations Made During a Mission to That Country in the Year 1793. London : William Miller, 1811. reprint, New Delhi: Manjusri Publications, 1969.

Kolver, Bernhard and Shakya, Hemaraj **Documents from the Rudravarna-Mahavihar, Patan**, Germany : VGH Wissenschaftsverlag Sankt Augustin, 1985.

Mukherji, P.C. **A Report of Tour of Exploration of the Antiquities in the Terai, Nepal, the Region of Kapilvastu, During February and March 1899**, Delhi : Indological Book House, 1969 (reprint of Archaeological Survey of India publication of 1901).

Petech, L. **Medieval History of Neplal.** (c. 750-1482) Roma. Is. M.E.O, 1984.

Rastogi, Naresh Prasad **Origin of Brahmi Script**: The Beginning of Alphabet in India, Chowkhamba Saraswatibhawan, Varasasi, 1980.

Regmi, D.R. **Inscriptions of Ancient Nepal**, 1-3 parts, New Delhi : Abhinava Publications, 1983.

Regmi, D.R. **Medieval Nepal** Part I. Calcutta : Firma K.L. Mukhopadhyay, 1961.

Richter-Ushanas Egbert **The Indus Script and the Rg-veda**, New Delhi : Motilal Banarasidas, 1997.

Sachau, E.C. trans. **Alberuni's India** Vol 1. London, 1910.

Salomon, Richard **Indian Epigraphy**, Delhi : Munshiram Manoharlal Publishers Pvt. Ltd., 1998.

Shankar, K.G. "The Early Chronology of Nepal", **Indian Historical Quarterly**, XI. 1935.

Shastri, H.P. **Report on the Search of Manuscripts (1895 to 1900)**, Calcutta : Asiatic Society of Bengal.

- - -, **A Catalogue of Palm-leaf and Selected Paper Manuscripts Belonging to the Durbar Library Nepal, to Which Has Been Added a Historical Introduction by Prof. Cecil Bendall**, Calcutta : Bapist Mission Press, 1905-1915.

Sircar, D.C. **Select Inscriptions, bearing on Indian History and Civilization**, Vol I. Calcutta : University of Calcutta, 1965.

- - -, **Indian Epigraphy**, New Delhi : Motilal Banarasidas, 1965.

- - -, **Indian Epigraphical Glossary**, New Delhi : Motilal Banarasidas, 1966.

Tiwari Sudarshan Raj, **The Ancient Settlements of the Kathmandu Valley**, Kathmandu : Centre for Nepal and Asian Studies, T.U., 2001.

Tucci, Giuseppe **Preliminary Report on Two Scientific Expenditions in Nepal**, Roma : Is.M.E.O., 1956.

Vajracharya, D.V. and Malla, K.P. ed. **The Gopala rajavamsavali**, Wiesbaden : Franz Steiner Verlag GMBH, 1985.

Weise, Kai (Compilation) **The Sacred Garden of Lumbini Perceptions of Buddha's Birthplace** France : UNESCO, 2013.

Wright, D. **History of Nepal, Trans. from Parbatira by Munshi Shew Shunkar Singh and Pandit Sri Gunanand, with an Introductory Sketch of the Country and People**, Calcutta : Ranjan Gupta, reprint, 1966.

अग्रवाल, कृष्णदेव **नेपाली संस्कृत-अभिलेखों का हिन्दी अनुवाद**, दिल्ली : ईस्टर्न बुक लिंकर्स, १९८५ ।

आचार्य, महेशकुमार **प्रागइतिहास र पुरातत्वको सामान्य परिचय**, काठमाडौं : रत्न पुस्तक भण्डार, २०५६ ।

उपाध्याय, वासुदेव **गुप्त अभिलेख**, पटना : विहार हिंदी ग्रंथ अकादमी, १९७४ ।

उप्रेती, डिल्लीराज (अनु.) सिल्भाँ लेभी **नेपाल हिन्दू राज्यको इतिहास** (१-२ खण्ड), ललितपुर : हिमाल किताब, २००५ ।

ओझा, गौरीशंकर हीराचन्द **भारतीय प्राचीन लिपिमाला** (प्रथम प्रकाशित १८९४), दिल्ली : मुन्शीराम मनोहरलाल, १९५९ ।

खतिवडा, सोमप्रसाद **नेपालका लिपि र मुद्राहरूको परिचय**, काठमाडौं : एम्. के. पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स, २०५८ ।

खनाल, मोहनप्रसाद **चाँगुनारायणका ऐतिहासिक सामग्री**, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, २०४० ।

खनाल, मोहनप्रसाद **नेपाली मूर्तिकला** (प्रारम्भदेखि उत्तर-मध्यकालसम्म), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार (दोस्रो) २०७४ ।

गुप्त, परमेश्वरीलाल **प्राचीन भारत के प्रमुख अभिलेख** (१-२ भाग), वाराणसी : विश्वविद्यालय प्रकाशन, (तृतीय संस्करण), १९९६, १९९९ ।

गोयल, श्रीराम **प्राचीन नेपाल का राजनीतिक और सांस्कृतिक इतिहास**, वाराणसी : भारतीय-विद्या-प्रकाशन, १९७३ ।

चालिसे, पुष्पराज **नेपालको इतिहास र सभ्यता** (प्राचीन र मध्यकाल), काठमाडौं : रत्न पुस्तक भण्डार, २०५८ ।

जोशी, पन्नाप्रसाद **नेपाल देशया अक्षरबोध**, काठमाडौं : पन्नाप्रसाद जोशी, २००७ ।

जोशी, सत्यमोहन **नेपाली राष्ट्रिय मुद्रा**, ललितपुर : जगदम्बा प्रकाशन, २०१९ ।

जोशी, सत्यमोहन **पुरातत्त्व एक रोचक कथा**, ललितपुर : जगदम्बा प्रकाशन, २०१९ ।

जोशी, हरिराम (सं.) **नेपालको प्राचीन अभिलेख**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३० ।

---, **उत्तर प्राचीनकालीन मुद्रा**, काठमाडौं : साझा प्रकाशन, २०३३ ।

टण्डन, गोविन्द **इतिहासका थप पृष्ठहरू**, काठमाडौं : साङ्ग्रिला पुस्तक प्रा.लि., २०७७ ।

ढकाल, वेणीमाधव **लिच्छविकालिकानामभिलेखानां साहित्यिकमनुशीलनम्**, काठमाडौं : प्रभालक्ष्मी राणाा, २०५९ ।

ढुङ्गेल, रमेश **प्राचीन अर्थव्यवस्था**, काठमाडौं : शारदाप्रसाद उपाध्याय ढुङ्गेल, २०४३ ।

तेवारी, रामजी र अन्य (सं.) **अभिलेखसङ्ग्रह**, भाग १-१२. काठमाडौं : संशोधनमण्डल, वैशाख २०१८ - माघ २०२० ।

दत्त, बी. बी. एण्ड सिंह, ए. एन्. शुक्ल, कृपाशंकर (अनु.) **हिन्दू गणितशास्त्रका इतिहास**, लखनऊ : हिन्दी समिति, १९७४ ।

नेपाल, ज्ञानमणि **नेपाल निरुक्त**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४० ।

नीहारिका, **प्राचीन भारतीय पुरातत्त्व अभिलेख एवं मुद्राएँ**, वाराणसी : विश्वविद्यालय प्रकाशन, २०१७ ।

पन्त, दिनेशराज **बुद्धदेखि पहलमानसम्म**, काठमाडौं : साझा प्रकाशन, २०४९ ।

पन्त, नयराज र अरू **लिच्छविसंवत्को निर्णय**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४३ ।

पन्त, नयराज र अरू **सुमतितन्त्रम्** (सुमतितन्त्र), काठमाडौं : त्रि.वि. पाठ्यक्रमविकासकेन्द्र, २०३५ ।

पन्त, महेशराज **जनैपूर्णिमादेखि रानीपोखरीसम्म**, काठमाडौँ : खिलशर्म राजीवलोचन जोशी स्मारक प्रतिष्ठान, २०७४ ।

पन्त, महेशराज **नेपाली इतिहासको परिवेश केही ऐतिहासिक र मसीजीवी**, काठमाडौं : मार्टिन चौतारी, २०७७ ।

पाण्डेय, राजबली **भारतीय पुरालिपि**, इलाहाबाद : लोकभारती प्रकाशन, १९९८ ।

पौडेल, गुहनाथ (सं.) पौडेल, भोलानाथ **भक्तपुरको राजकुलो**, काठमाडौं : आगम प्रकाशन, २०७५ ।

पौडेल, नयनाथ **एक दामको चार माना चामल**, काठमाडौं : आगम प्रकाशन, वि.सं. २०६३ ।

पौडेल, नयनाथ (सं.) **भाषावंशावली** (भाग १). काठमाडौं : श्री ५ को सरकार, पुरातत्व विभाग, २०२० ।

पौडेल, भोलानाथ, वज्राचार्य, धनवज्र **गल्लीमा फ्याँकिएका कसिङ्गर**, ललितपुर : जगदम्बा प्रकाशन, २०१८ ।

प्रचलित नेपाल लिपिया वर्णमाला, काठमाडौं : नेपाल लिपि गुथि, २०४९ ।

प्रधान, भुवनलाल **नेपालको इतिहास र संस्कृतिका केही पक्ष**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५ ।

प्रधान, भुवनलाल **नेपालमा बौद्धधर्म**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४५ ।

बन्धु, चूडामणि **नेपालमा प्रचलित प्रमुख लिपिहरू : स्थिति, समस्या र सम्भावना**, काठमाडौं : अक्षर सदन, २०७४ ।

बाङ्गदेल, लैनसिंह **प्राचीन नेपाली चित्रकला**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३४ ।

बाङ्गदेल, लैनसिंह **जय वर्माको मूर्त्ति र नेपालको वर्मा वंश**, काठमाडौं : मण्डला प्रकाशन, २०६२ ।

बूलर जर्ज, अनु. सिंह, मंगलनाथ **भारतीय पुरालिपिशास्त्र**, दिल्ली : मोतीलाल बनारसीदास, १९६६ ।

बृहत्सूचीपत्रम्, विभिन्न भागहरू, काठमाडौं : राष्ट्रिय अभिलेखालय, विभिन्न समय ।

भट्टराई, कृष्णप्रसाद **अगस्त्यसंहिता बुद्धभट्टरचिता च**, काठमाडौं : वीरपुस्तकालय, वि.सं. २०२० ।

भट्टराई, कृष्णप्रसाद (सं.) **श्रीशुभंकरविरचिता हस्तमुक्तावली**, काष्ठमण्डप : राष्ट्रिय अभिलेखालय, २०२६ ।

भट्टराई, कृष्णप्रसाद (सं.) **स्कन्दपुराणस्य अम्बिकाखण्ड**, दाङ्ग : महेन्द्र संस्कृत विश्वविद्यालय, २०४५ ।

भट्टराई, कृष्णप्रसाद (सं.) **श्रीमाधुकधीरसहायपण्डितविरचिता हरमेखला सटीका** (पूर्वखण्ड-उत्तरखण्डः), काष्ठमण्डप : राष्ट्रिय अभिलेखालय, २०२९ र २०३० ।

महास्थविर, भिक्षु सुदर्शन **लुम्बिनीको काखमा**, ललितपुर : हिमाली बौद्ध प्रशिक्षण संस्थान, २०५५ ।

मिश्र, विन्ध्येश्वरीप्रसाद 'विनय' **वातायन** (भारतीय लिपिशास्त्र एवम् इतिहास के कुछ नवीन-सन्दर्भ), दिल्ली : परिमल पब्लिकेशन्स, २००५ ।

मिश्र, गिरिजाशंकरप्रसाद (अनु.) जोन फेथफुल फ्लीट **भारतीय अभिलेखसंग्रह**, जयपुर : राजस्थान हिन्दी ग्रंथ अकादमी, १९०४ ।

मुनंकर्मी, पूर्णराम **संवत् सन्दर्भ छ्गू दुवाला**, नेपालभाषा एकेदमि, काठमाडौँ : ने.सं. ११४१ (वि.सं.२०७७) ।

मुले, गुणाकर **भारतीय लिपियों की कहानी**, दिल्ली : राजकमल प्रकाशन, सन् १९७४ ।

रञ्जना लिपिवर्णमाला, काठमाडौं : लिपि थपू गुथि, २०५१ ।

राजवंशी, शङ्करमान **प्राचीन लिपि वर्णमाला**, काठमाडौं : श्री ५ को सरकार, पुरातत्व र संस्कृति विभाग, २०१७ ।

राजवंशी, शंकरमान **लिच्छवि लिपि-संग्रह**, काठमाडौं : श्री ५ को सरकार, वीरपुस्तकालय, वि.सं. २०२१, नेपाल ।

राजवंशी, शङ्करमान **नेपाली लिपिविकास**, काठमाडौं : श्यामसुन्दर राजवंशी, दोस्रो संस्करण, वि.सं. २०५९ ।

राजवंशी, शङ्करमान **लिच्छविसंवत्को निष्कर्ष**, काठमाडौं : दिलीपमान राजवंशी, २०३० ।

राजवंशी, श्यामसुन्दर **लिच्छविकालीन सम्वत्को निश्चय**, काठमाडौं : श्रीगिरीन्द्रमान राजवंशी र श्रीचन्द्रकिरण राजवंशी, २०५२ ।

राणा हेमन्त, वज्राचार्य धनवज, (सं.) **टिष्टुङ् चितलाङ् भेकको ऐतिहासिक सामग्री**, काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, २०२९ ।

राय, सिद्धेश्वरीनारायण **भारतीय पुरालिपि एवं अभिलेख**, इलाहाबाद : शारदा पुस्तक भवन, २००८ ।

राही, ईश्वर चन्द्र **लेखनकला का इतिहास** (१-२ खण्ड), लखनऊ : उत्तर प्रदेश हिन्दी संस्थान, सन् १९८३ ।

रेग्मी, जगदीशचन्द्र प्राचीन **नेपालको राजनीतिक इतिहास**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३५ ।

रेग्मी, जगदीशचन्द्र **लिच्छवि इतिहास** (नेपालको चौथो शताब्दीदेखि आठौं शताब्दीसम्मको छोटकरी इतिहास), काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. २०५३ ।

रेग्मी, दिनेशचन्द्र **पुरालेखन परिचय नेपाल**, काठमाडौं : श्रीमती सुशीला रेग्मी, २०४८ ।

रेग्मी, दिनेशचन्द्र **पुरालेखन र अभिलेख**, काठमाडौं : हिमालय बुक स्टल, २०६० ।

लंसाल, देवीप्रसाद **अश्वमेधीययात्रा** (भट्टोत्पलविरचिता विवरणसहिता), काष्ठमण्डप : राष्ट्रिय अभिलेखालय, २०२६ ।

वज्राचार्य, गणेश (अनु.) तमोट काशीनाथ, शंखधरकृत **नेपालसंबत्**, विराटनगर : राष्ट्रिय विभूति शंखधर साख्वा प्रतिष्ठान, ने.सं. ११४१ ।

वज्राचार्य, धनवज्र **पूर्वमध्यकालका अभिलेख**, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०६८ ।

वज्राचार्य, धनवज्र, **मध्यकालका अभिलेख**, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, २०५६ ।

वज्राचार्य, धनवज्र **मध्यकालका अभिलेख** (पाटनखण्ड), काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., २०५६ ।

वज्राचार्य, धनवज्र **लिच्छविकालका अभिलेख**, काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, द्वितीय संस्करण. २०५३ ।

वज्राचार्य, धनवज श्रेष्ठ, टेकबहादुर **नुवाकोटको ऐतिहासिक रूपरेखा**, काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, २०३२ ।

वज्राचार्य, धनवज्र, (सं.) सुन्दरानन्द बाँडा, **त्रिरत्नसौन्दर्यगाथा**, काठमाडौं : नेपाल सांस्कृतिक परिषद्, २०१९ ।

वाशिष्ठ, केदार **नेपाल विद्या**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०७७ ।

शरण, महेशकुमार **कम्बुज देश का राजनैतिक और सांस्कृतिक इतिहास**, वाराणसी : विश्वविद्यालय प्रकाशन, १९९५ ई. ।

शाक्यवंश, हेमराज **नेपाल लिपि संग्रह**, काठमाडौं : मानदास एण्ड सुगतदास, ने.सं. १०७३ (वि.सं.२००९) ।

शाक्य, हेमराज **वर्ण-परिचय**, काठमाडौं : पुरातत्त्व र संस्कृति विभाग, २०१७ ।

शाक्य, हेमराज **नेपाल लिपि-प्रकाश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३० ।

शाक्य, हेमराज **लिपिविकासतालिका**

श्रेष्ठ, ओमकारेश्वर **नेपाल लिपि वर्णमाला**, काठमाडौं : सँझ्या साहित्यपाला, ने.सं.१११८ (२०५४/५५ ।

सहाय, शिवस्वरूप, **भारतीय पुरालेखों का अध्ययन**, दिल्ली : मोतीलाल बनारसीदास, २०१४.

स्थापित, ज्वाला र तमोट, काशीनाथ **नेपाल लिपिविज्ञान- सामान्य परिचय**, काठमाडौं : नेपालमण्डल घःचाःधुकू, त्रि.वि.नेपाल भाषा केन्द्रीय विभाग, ने.सं. ११२० (वि.सं. २०५७) ।

तत्सम्बन्धी पत्रिकाहरू

अभिलेख – अभिलेखालय

नेपाली – मदन पुरस्कार गुठी

पूर्णिमा – संशोधन मण्डल

प्रज्ञा – नेपाल प्रज्ञाप्रतिष्ठान

प्राचीन नेपाल – पुरातत्त्व विभाग

मधुपर्क – गोरखापत्र संस्थान

मर्यादा – महेन्द्र संस्कृत विश्वविद्यालय

रचना – विविध अङ्क

रोलम्ब – जोशी रिसर्च इन्स्टिच्युट

सन्दर्भ – विविध अङ्क

सन्दर्भश्री – राधाकृष्ण भक्तिसाधना आध्यात्मिक प्रतिष्ठान

हिमाल – हिमाल मेडिया प्रा.लि.

* * *

ग्रन्थकारको परिचय

पिता: भोलानाथ पौडेल

माता: लीलादेवी पौडेल

जन्ममिति: २००२, माघ १४ गते

जन्मस्थान: ठूलाघर गाउँ, लामाटार, लुभु, ललितपुर

शिक्षा:
- विद्यावारिधि– त्रिभुवन विश्वविद्यालय, नेपाल, २००९
- पि.जी. डिप्लोमा इन हेल्थ म्यानेजमेन्ट– बर्मिङ्घम विश्वविद्यालय, बेलाइत, १९९३
- मास्टर्स अफ पब्लिक हेल्थ, हवाइ विश्वविद्यालय, संयुक्त राज्य अमेरिका, १९८४
- मास्टर्स अफ आर्ट्स, इतिहास, संस्कृति एवं पुरातत्त्व, त्रिभुवन विश्वविद्यालय, नेपाल, १९७५

अनुभव: स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, वीर अस्पताल तथा अन्य स्वास्थ्यसम्बन्धी संस्थाहरूमा करीब ४० वर्षको कार्य अनुभव तथा इतिहास संशोधन मण्डलको संस्थापक सदस्य

पदक: नेपाल विद्याभूषण 'क'

मानपदवी: प्रबल गोरखा दक्षिणवाहु

भ्रमण: नेपालका ६० भन्दा बढी जिल्लाहरू, भारत, बङ्गलादेश, थाइल्याण्ड, हङ्कङ, बेलाइत, मेक्सिको, संयुक्त राज्य अमेरिका

प्रकाशित कृतिहरू:

१. प्रशस्ति- रत्नावली *(पं.वाणीविलास पाँडेको)*
२. भाषा- वंशावली
३. अटलबहादुर नाटक *(पहलमानसिंह स्वाँरको)*
४. अभिलेख- सङ्ग्रह *(चौथो भाग)*
५. हवल्दार देवीप्रसाद
६. लिच्छविकालको प्रशासनिक रूपरेखा
७. वाल्मीकीय रामायण बालकाण्डको भावानुवाद
८. एक दामको चार माना चामल

अरूसँग मिलेर:

१. इतिहास-संशोधनको प्रमाण प्रमेय
२. अभिलेख-सङ्ग्रह *(१-१२ भाग)*
३. कलाकार रत्नदास प्रकाश
४. अभिलेख-माला
५. प्रा.डा. तुलसीराम वैद्यः अभिव्यक्ति र उद्गार

यसका अतिरिक्त पूर्णिमा, इन्दु, जयतु संस्कृतम्, रोलम्ब, जनमत, रचना, गोरखापत्र, अन्नपूर्ण पोष्ट आदि विभिन्न पत्रपत्रिकाहरूमा कृतिहरूको प्रकाशन।

ग्रन्थकार :

डा. नयनाथ पौडेल

प्रकाशक :

प्रमिला पौडेल

001200 00
9 789937 116305